
# उधिनेका समाचार



सम्पादक
हस्त गुरुङ

# उधिनेका समाचार

सम्पादक

**हस्त गुरुङ**

**खोज पत्रकारिता केन्द्र, नेपाल**

**उधिनेका समाचार**
प्रथम संस्करण, २०७१ माघ
खोज पत्रकारिता केन्द्र, नेपाल (खोपके)

**सम्पादकः** हस्त गुरुङ
**भाषा सम्पादनः** धर्मराज दाहाल
**आवरण कलाः** रविन सायूमि
**लेआउट डिजाइनः** कामसिंह चेपाङ
**टाइप सेटिङः** उमाकान्त नेपाल
**सर्वाधिकार ©** : खोज पत्रकारिता केन्द्रमा सुरक्षित

ISBN: 978-9937-2-9097-5
**Udhineka Samachar**

**खोज पत्रकारिता केन्द्र, नेपाल**
पो.ब.नं. २४८४६, जावलाखेल, ललितपुर, नेपाल
फोनः ५५३१४३४
इमेलः mail@cijnepal.org
www.cijnepal.org.np

मुद्रणः सिटी अफसेट प्रेस, ललितपुर

यो पुस्तक लेखन र प्रकाशनका लागि Foundation of Open Society Institute (FOSI, Switzerland) नेपालले सहयोग गरेको हो । यसमा व्यक्त भएका विचारसँग FOSI को सहमति छ भन्ने होइन ।

# प्राक्कथन

# उधिनेका समाचार

**खोज पत्रकारिता केन्द्र नेपाल**ले खोज पत्रकारिता विधालाई निरन्तर अघि बढाउँदै आएको छ। पत्रकारहरूलाई आफैंले रोजेको विषयमा खोज समाचार बनाउन उत्साह र प्रशिक्षण दिंदै आएको छ। विश्लेषणात्मक वा गहन समाचार बनाउन चाहने सक्रिय पत्रकारिता गरिरहेका पत्रकारहरू हुन् वा स्वतन्त्र पत्रकार हुन्, दुवैलाई खोज पत्रकारिता केन्द्रले सम्पादकीय सहयोग दिएर, सूचनामा पहुँच बनाउन सघाएर, तिनका समाचार प्रकाशन योग्य बनाउन थप सूचनाहरू खोजी दिएर प्रत्यक्ष सहयोग पु¥याउँदै आएको छ। यस बाहेक पत्रकारहरूले तयार पारेका सामग्रीहरू विभिन्न मिडियामार्फत सार्वजनिक गर्न, प्रकाशन, प्रसारण वा वितरण गर्न पनि सहयोग गर्दै आएको छ। खोज समाचार तयार पार्ने जागरुक पत्रकार र त्यस्ता समाचारहरू खोजी खोजी प्रकाशन, प्रसारण गर्ने वा गर्न चाहने सहृदयी सम्पादकहरूबीच आपसी समन्वय गराउन खोज पत्रकारिता केन्द्र नेपालले एक विश्वसनीय सेतुको काम गर्दै आएको छ।

वर्ष २०१०–१४ मा प्रकाशित (तथा केही प्रसारित) खोज पत्रकारिता केन्द्रका सामग्रीहरूले समाजमा धेरै चर्चा पाए। धेरैजसो समाचारले दीर्घकालीन प्रभाव देखाए। कतिपय समाचारले नीति परिवर्तन गर्न रुकरुक्याए भने कतिपयले परिवर्तनको कार्य सहज पार्न मद्दत पु¥याए। तिनैमध्ये छानिएका खोज समाचारहरूको संकलन हो, यो संग्रह।

समाचार सामग्रीहरू किताबको रूपमा पुनः प्रकाशन गर्नुको कारण चाहिं यी सामग्रीहरू प्रकाशित/प्रसारित भएका बेला पढ्ने/सुन्ने वा हेर्ने मौका नपाएका अनेकन् पाठक, श्रोता तथा दर्शकहरूले ढिलै भए पनि यस्ता सामग्रीहरू पढ्न/सुन्न वा हेर्न पाउन् भनेर किताबी माध्यमबाट समाचार सामग्री वितरण गरिएको हो। यसरी संकलन गरी पुनः प्रकाशित सामग्रीहरू, पत्रकारिताका विद्यार्थी, अध्येता तथा शिक्षक/प्रशिक्षकहरूका लागि उदाहरणका रूपमा प्रयोग गर्न मिल्ने शैक्षिक सामग्री र पत्रकारिता क्षेत्रको सन्दर्भ सामग्रीको भण्डार

बढाउँदै लैजानका लागि पनि सहायक हुँदै आएका छन् । अर्थात्, यसो गर्नुको खास प्रयोजन चाहिं खोज समाचारका लागि विस्तृत भूमि तयार पार्नु हो ।

खोज समाचारमार्फत, दृष्टि फराकिलो पार्न भरमग्दुर मिहिनेत गर्नुभएका पत्रकार साथीहरूलाई थप उत्साहित बनाउन र उहाँहरूले गरेका कामको कदर गर्नका लागि खोज पत्रकारिता केन्द्रले छानिएका समाचारहरूको सङ्कलन प्रकाशन गरी समाजको ठूलो फलकमा उपलब्ध गराउँदै आएको छ । यसरी दोस्रो वा तेस्रो तहको वितरण प्रक्रियाले एकातर्फ समाचारको विषयलाई जीवन्त राखिरहन मद्दत पुऱ्याउँछ भने तेस्रो/चौथो तहका सरोकारवाला र विद्यार्थीको माग्ग्मा सूचना पुऱ्याएर थप भूमि निर्माण गर्दछ ।

यस्ता प्रकाशनहरूबाट पत्रकारिताका विद्यार्थीले शैक्षिक सामग्रीको रूपमा प्रयोग गर्न पाउँछन् भने अन्यले विषयगत समाचारले दिएका सूचनाबाट लाभ लिन्छन् । यसैले यसपटक विषयगत समाचारहरूको खण्ड बनाएर त्यसै अनुरूपका समाचारहरूको सङ्कलन तयार पारेर प्रस्तुत गरिएको छ ।

## शिक्षा क्षेत्र

वर्ष दिनभन्दा बढी समय लगाएर शिक्षा मन्त्रालयको नीतिगत कार्य विश्लेषणदेखि निरक्षर मानिसका पीडासम्मका जानकारीहरू उधिनपाधिन गरेपछि नेपालको शिक्षा क्षेत्रमा विभिन्न स्वरुपका धमिराका विशाल थुप्राहरू जतातत्तै भेटिए ।

देशको कुल जनसंख्या भन्दा सरकारी विद्यालयमा पढ्ने विद्यार्थी धेरै रहेछन् भन्ने कुरा पत्रकार बाबुराम विश्वकर्माले देखाइदिए । पैसाको बलमा जस्केलाबाट संविधानसभामा पुगेका शिक्षाका व्यापारीहरूले अभिभावकहरूलाई लगातार चुसिरहेको कुरा पत्रकार सुदर्शन घिमिरेले प्रष्ट्याइदिए । निरक्षर ग्रामीणहरूलाई साक्षर बनाउने नाममा उच्च शिक्षित कर्मचारीहरूले निरन्तर ठगिरहेका प्रमाणित गरिदिए–बझाङका पत्रकार वसन्तप्रताप सिंहले ।

## स्वास्थ्य क्षेत्र

एम्बुलेन्स चालकले अस्पताललाई विभिन्न मोलमा बिरामी बेचेर रोगीका अभिभावक ठग्ने व्यापारलाई पत्रकार प्रमोद आचार्यले स्टिंग अपरेशन मार्फत् उधिनिदिए । परोपकार प्रसूति गृहले प्रसूति आमाहरूको ज्यान जाने गरी गरिरहेको दुष्प्रभावी औषधि व्यापारको खेललाई पत्रकार देवकुमार सुनुवारले सतहमा ल्याइदिए । पैसा कमाउनका लागि गर्भिणी आमाको पेट अनावश्यक रूपमा चिर्ने अस्पताल र चिकित्सकहरूको खेलो फड्कोलाई पत्रकार इन्दिरा अर्यालले उजागर गरिदिइन् । देशका अस्पताल र चिकित्सकहरूले सेवाग्राहीलाई लाग्दै नलागेको रोगको उपचार गरेर औषधिको व्यापार गर्दा उपचार गराई माग्नेको शरीरमा औषधिको दुष्प्रभाव पर्न गई अर्को रोगले थला पर्नु परेको कथा पनि उधिनिए । अस्पताल र चिकित्सकले स्वास्थ्य सेवा भन्दा बढी बिरामीकै शिकार गर्ने प्रवृत्ति चलाएको तथ्यलाई पत्रकार रामु सापकोटाले उदाङ्ग पारे ।

## राजनीति र अपराध

राजनीति र अपराधको साङ्गोपाङ्ग सम्बन्धलाई केलाउन र उधिन्न खटिनुभएका पत्रकार मित्रहरूले राजनीतिको छहारीमा सतहमुनिका अनेकन् अमानवीय खेलहरूलाई उदाङ्ग पारे। राजनीति संरक्षित मानव तस्करका फन्दामा परेर बेचिएका एक युवाले घाँस खाएर जीवन धान्नु पर्‍यो। हङकङ बसेर नेपालबाट मानव तस्करी गर्ने माफियाको अनुहार जेबी पुन मगर र बाबुराम विश्वकर्माले चिनाइदिए। जनकपुरको रामानन्दचोकमा बम विस्फोट गरेर सर्वसाधारणको हत्या गर्ने समूहको पर्दापछाडि रहेका दबङ्ग राजनीतिकर्मीलाई पत्रकार नवीन झाले जेलको ढोका देखाइदिए।

प्रथम संविधानसभाका सांसद्, अल्पसंख्यक जातिका नेता सदरुल हकको रहस्यमय हत्या भयो। उनको परिवारलाई जेल हालियो। तर पत्रकार विजयप्रसाद मिश्रले खोजबीन गर्दा मुख्य हत्यारा नै पक्राउ नपरेको खुलासा भयो। प्रहरीले मुख्य हत्यारालाई पक्राउ गर्न नसक्नु कमजोरी मात्र थिएन, अल्पसंख्यक नेताको उपेक्षा पनि थियो।

दोस्रो संविधानसभाको निर्वाचन अघि तराईका धेरै जिल्लामा गैर नागरिकहरूले मतदाता परिचयपत्र पाए भन्ने चर्चा चल्यो, यस विषयमा पत्रकार नवीन झाले खोजबीन गर्दा, धेरै गैर नागरिकहरूले नागरिकता लिएको भेट्टाए। उनीहरू दुई देशका नागरिक र दुवै देशका मतदाता थिए।

तराईमा साना हतियारको आतङ्क चलिरहेको बेला पत्रकार राकेश चौधरीले खोजबीन गर्दा, शान्ति सुरक्षा कायम राख्न भनी बनाइएको हातहतियार तथा खरखजाना ऐन, (२०१९) लाई गृह प्रशासनका कर्मचारीहरूले व्यापक दुरुपयोग गरेको पाए। नियन्त्रणकारी ऐनको दुरुपयोग हुनाले नै देशभित्र अवैध तथा साना हतियारको आतङ्क बढेको देखियो।

देशको राजनीतिमा आगो सरह निल्नु न ओकल्नु बनेको पहिचानवादको राजनीतिमा पत्रकार हस्त गुरुङ र बाबुराम विश्वकर्माले संयुक्त रूपमा छानबीन गर्दा अनेकन् दातृ निकायले गरेका 'पहिचानमैत्री लगानी' का कारण यो आगोको राप रहिरहेको हो भन्ने कुरा उदाङ्ग पारे। संविधान बनाउने होहल्ला संसद्मा भन्दा सडकमा बढी देखिन थालेपछि पत्रकार ओजस्वी गौतमले खोजबीन गर्दा संविधान बनाउने नाममा हुने खर्चको ठूलो हिस्सा गैरसरकारी संस्थाहरूले परिचालन गरिरहेको पाए। यस्ता गैससहरूले पहिचानवादका विषयलाई लगातार पोषण गर्दै आएको पनि खुलासा गरे।

अर्कोतिर मधेशलाई स्वर्ग बनाउने आशा देखाउँदै हुलाकी राजमार्ग निर्माणमा खर्चिएको रकम जति नेता र ठेकेदारहरूकै वरिपरि घुमिरहेको हुनाले तराई–मधेशको भविष्य नै अन्धकारमा परेको तथ्य पत्रकार श्रीलाल साहले उजागर गरे। देशमा विकास निर्माणको काम अलपत्र परेको अवस्थामा केही नेताहरू चाहिं लागू पदार्थको कारोबारमा लागिरहेको खुलासा गरे, पत्रकार वसन्तप्रताप सिंहले।

## महिला हिंसा

महिला तथा बालबालिका बेचबिखन जस्ता समस्या बढिरहेको अवस्थामा मध्यपश्चिम क्षेत्रमा कार्यरत पत्रकार तुफान न्यौपाने र पूर्वाञ्चल क्षेत्रमा कार्यरत पत्रकार टीकाराम नेतीले आ-आफ्नो क्षेत्रको स्थलगत अध्ययन गरे । मध्यपश्चिम क्षेत्रमा यो समस्या बढाउनुमा प्रहरीको साथ र सहयोग रहेको प्रमाण पाइयो भने पूर्वी क्षेत्रमा यो समस्या बढाउने काम काठमाडौंका व्यापारीहरूले गरिरहेको पाइयो ।

शत्रुघनकुमार साहले मध्य तराईको अवस्था केलाउँदा यस क्षेत्रमा गाउँका गन्यमान्य र प्रहरीले नै बलात्कारीहरूप्रति नरम व्यवहार देखाएको कारण तराईमा बलात्कारको आतङ्क फैलिइरहेको दर्पण देखाए। बलात्कृत र बलात्कारीबीच मिलापत्र गराउने अधिकार स्थानीय तहमा दिनु नै समस्या हुन गएको देखिन आयो । यसमाथि बोक्सी प्रथाले थप समस्या बल्झाइरहेको र बोक्सी प्रथाले ग्रामीण महिलालाई अत्यन्त कमजोर तुल्याएको पाइयो ।

## पारदर्शिता र सुशासन

देशमा पारदर्शिता र सुशासनको डङ्का बजिरहेको बेला पत्रकार एकल सिलवालले स्थानीय सुशासन र गरीबी न्यूनीकरण गर्न सञ्चालित ‘एलजीसीडीपी’ को बजेट र विकासको सम्बन्धको खोजबीन गर्दा रु.५ अर्बभन्दा बढी रकमको किर्ते विकास गरिएको तथ्य फेला पारे । यसैबेला नेपालका गाविस सचिवहरू र स्थानीय राजनीतिक संयन्त्रको मिलेमतोमा विकासको बजेट जति कागजी प्रमाण बनाएरै सक्ने गरिएको पाइयो। त्यति मात्र होइन, फर्जी कागज बनाउने उद्योग गर्ने कर्मचारीहरू लगातार पुरस्कृत भइरहेको पनि पाए । स्थानीय गैरसरकारी संस्थाहरूले पनि भ्रष्टाचारको बहती गंगामा हात चोबलेर मह काढेको पाइयो ।

पत्रकार दिनेश सुनारले शान्ति तथा पुन:निर्माण मन्त्रालयको बजेट र कार्यक्रमको छानबीन गर्दा यस मन्त्रालयमा झन् बढी भ्रष्टाचार भएको पाए । माओवादी लडाकूलाई दिइएको सहयोग राशीमा महालूट थियो भने पुनर्निर्माणको नाममा रु.२८ अर्बको भ्रष्टाचार गरेर ब्रम्हलूट नै गरेको देखियो ।

यसैबेला सरकारले नयाँ अभियान शुरु गर्न स्थापित गरेको युवा तथा साना व्यवसायी स्वरोजगार कोषको बजेट हेर्न पत्रकार सेन्छेलुङ लिम्बू लागे। उनले सानो क्षेत्रमा एकसरो छानबीन गर्दा कोषको झन्डै रु.१३ करोड रकमको दुरुपयोग भएको भेट्टाए। यही कोषको रकमबारे चितवनका पत्रकार जनक अर्याल र मोरङका पत्रकार मोहन मानन्धरले आ-आफ्नो क्षेत्रमा खोजबीन गर्दा गरीबले पाउनुपर्ने रकम जति धनीका हातमा पुगेको तथ्य सतहमा आयो ।

## वन र वातावरण

सुदूरपश्चिमको घना वनभित्र डोजर लगाएर राजमार्ग नै बनाएर काठ कटानी भयो । तर सामुदायिक वन उपभोक्ता महासंघ र वन मन्त्रालयका कर्मचारीहरूले रोक्ने प्रयास

गरेनन् । यस्तो किन भैरहेछ भनेर पत्रकार तृष्णा कुँवरले अनेकन् खतरा मोलेर खोजबीन गर्दा काठ तस्करहरू तत्कालीन प्रधानमन्त्रीको संरक्षणमा रहेको पत्ता लाग्यो । देशका प्रम, काठ तस्करीका अनेकन् मुद्दा लागेका एक तस्करको निजी वाहनमा यात्रा गरिरहेको तस्बीर पाइयो । अर्का पत्रकार चित्राङ्ग थापाले वनको विनाश गर्नेहरू र तिनले गरेको विनाशका कारण सुदूरपश्चिमका बासिन्दामा परेको असरबारे खोजबीन गरे । वनको काठ तस्करी गरेर धन कमाउने नेताहरू र तिनका कारण उजाड बन्न पुगेको बस्तीको लेखाजोखा प्रकाशित गरे । कैलालीका पत्रकार गणेश चौधरीले कैलाली क्षेत्रमा व्यापक वन विनाश गर्ने तस्करहरूको नाम सतहमा ल्याए । पत्रकार कृष्णमुरारी भण्डारीले वनमा भ्रष्टाचार कसरी हुन्छ भन्ने बारे खोजबीन गरे ।

धनकुटाका पत्रकार नागेन्द्र राई र काठमाडौंका पत्रकार एम.डी. कुलुङले देशको विस्तृत भूभागमा पाइने सुन्दर र सोझो प्राणी सालकको व्यापक तस्करी भैरहेको तथ्य बाहिर ल्याए । यसरी सालक तस्करी गर्नेहरूमा विशेष गरी चिनियाँ नागरिकहरू रहेको तथ्य देखियो ।

जलवायु परिवर्तनको बारेमा नेपालमा अनेकन् गोष्ठी तथा कार्यक्रम भइरहेका हुन्छन् । त्यसका लागि विभिन्न दातृ निकायबाट रकम सहयोग पनि आएको छ । तर त्यो रकम कसरी आउँछ र कहाँ जान्छ भन्ने जानकारी दिन पत्रकार सौरभ ढकालले निकै मिहिनेत गरे । वास्तवमा नेपालका लागि छुट्याइएको जलवायु परिवर्तन सम्बन्धी बजेट विचौलिया मार्फत आउँदा ठूलै अंश चुहिएर जाने रहेछ, अनि जे जति रकम आइपुग्छ, त्यसमा पनि अनेकन् तहको प्रशासनिक खर्च कटाउँदा थोरै रकम मात्र कामका लागि प्रयोग हुने देखियो । यस्ता रकमहरू आवश्यकता परेको ठाउँमा भन्दा पनि कनिका छरिए झैं छरिने गरेको पाइयो ।

## नून र विषादी

नून जस्तो जीवनको लागि अत्यन्त आधारभूत पदार्थमा पनि राजनीति पसेको समाचार ल्याए पत्रकार प्रवीण अधिकारीले । यस्ता समाचारहरू मूलधारका पत्रकारहरूले लेख्तैनन् । त्यसैले नूनको कमाई खान पल्केकाहरू सधैं सुरक्षित रहन्छन् । संविधानसभाको चुनाव जित्ने होडबाजी गरेका राजनीतिकर्मीहरूकै कारण नूनको मूल्य अनावश्यक रूपमा बढ्न गयो । इलामका पत्रकार तोथानाथ भट्टराईले पूर्वी पहाडका किसानहरूमाऊ नयाँ परिचय बनाए । उनले इलामे किसानलाई विषयुक्त बनाउने विभिन्न खालका व्यापारीहरूको व्यापारको भण्डाफोर गरे । यसो गरेकाले उनलाई किसानहरूले साथी बनाए । यसपछि भट्टराईले विषादी सम्बन्धी धेरै समाचार लेखे । इलाममा परिवर्तनको लहर चलाइदिए ।

माथि उल्लिखित समाचारहरूले देशमा नीतिगत तहदेखि व्यक्तिगत तहसम्म हुने विभिन्न किसिमका अनियमितता र दुर्व्यवहारहरूलाई प्रमाण र सन्दर्भसहित उजागर गरे । ती समाचारहरूको गहिरो प्रभाव परेका छन् । शिक्षा, स्वास्थ्य, राजनीति र अपराध, महिला हिंसा, सुशासन र पारदर्शिता, वन र वातावरणदेखि नूनदेखि विषादीसम्मका उधिनिएका

समाचारहरू तयार पार्न लागिपरेका सबै पत्रकार साथीहरू, तिनलाई मद्दत गर्न सहयोग गर्ने पत्रकार बाबुराम विश्वकर्मा र एकल सिलवाल तथा प्रशासनिक तथा आर्थिक विषयमा सहयोग गर्ने अनुराग आचार्य र पूजा थापा विशेष धन्यवादका पात्र हुनुहुन्छ ।

पुस्तकको सामग्री सङ्कलन गर्ने उमाकान्त नेपाल, लेआउट गर्ने कामसिंह चेपाङ, प्रुफिङ धर्मराज दाहाल र आवरण चित्र बनाइदिने रविन सायमिप्रति अनुगृहीत छु। खोज पत्रकारिता केन्द्र, नेपालको कार्यसमिति तथा साधारण सदस्यहरूप्रति विशेष कृतज्ञता प्रकट गर्दछु ।

**हस्त गुरुङ**
सम्पादक
(खोज पत्रकारिता केन्द्र नेपाल)

# विषय सूची

## शिक्षा


| | | | |
|---|---|---|---|
| १. | जनसंख्या भन्दा विद्यार्थी धेर : फर्जी संख्या बजेट खाने खेल | *-बाबुराम विश्वकर्मा* | १ |
| २. | 'मास्टर' बने सभासद् : शिक्षामा व्यापारीकरण | *-सुदर्शन घिमिरे* | ११ |
| ३. | कागजी साक्षरता : नागरिक ल्याप्चे युगमै | *-वसन्तप्रताप सिंह* | २१ |


## स्वास्थ्य


| | | | |
|---|---|---|---|
| ४. | एम्बुलेन्स-अस्पताल व्यापार : तिम्रो बिरामी लैनो कि बकेर्नो ? | *-प्रमोद आचार्य* | ३३ |
| ५. | प्रसूति गृहको संक्रमण काण्ड : गैर जिम्मेवारीको नमूना | *-देवकुमार सुनुवार* | ४१ |
| ६. | सुत्केरीका शिकारी : पैसाका लागि शल्यक्रियाको व्यापार | *-इन्दिरा अर्याल* | ४९ |
| ७. | अस्पताल र चिकित्सकका शिकार | *-रामु सापकोटा* | ५५ |


## राजनीति/अपराध


| | | | |
|---|---|---|---|
| ८. | मानव तस्करीका माफिया | *-जेबी पुन मगर र बाबुराम विश्वकर्मा* | ६७ |
| | फलोअप : मानव तस्करको छटपटी | *-जेबी पुन मगर र बाबुराम विश्वकर्मा* | ७३ |
| ९. | जनकपुर विस्फोटको रहस्य : पर्दा पछाडि सक्रिय अपराधी | *-नवीन झा* | ७५ |
| १०. | सेतो नूनमा कालो दृष्टि | *-प्रवीण अधिकारी* | ८३ |

११. जाली नोटको धारले सदरुलको हत्या *-विजयप्रसाद मिश्र* ८९
१२. दुई देशका नागरिक : दुवैतिरका मतदाता ! *-नवीन झा* ९७
१३. नियन्त्रणकारी ऐनको दुरुपयोग : तराईमा आतङ्क र अपराध निरन्तर *-राकेश चौधरी* १०३
१४. 'पहिचान–मैत्री' लगानी *-हस्त गुरुङ र बाबुराम विश्वकर्मा* १११
१५. संविधानका नाममा गैरसरकारी संस्था मोटाए -ओजश्वी गौतम ११९
१६. हुलाकी राजमार्ग ! मधेशलाई स्वर्ग बनाउने योजना संकटमा *-श्रीलाल साह* १२५
१७. 'अत्तर' को नाममा चरेसको व्यापार *-वसन्तप्रताप सिंह* १२९

## महिला हिंसा

१८. मध्यपश्चिम : महिलाका शिकारी *-तुफान न्यौपाने* १३७
१९. विपन्न र निरक्षर महिला : भेडाबाखासरि बिक्रीमा *-टीकाराम नेती* १४७
२०. महिलामाथिको हिंसा : मिथिलाको सीमाहीन पीडा *-शत्रुधनकुमार साह* १५५
२१. बलात्कार र मिलापत्र : उर्लंदो व्यवसाय *-शत्रुधनकुमार साह* १६३
२२. बोक्सी आरोप : महिलालाई कमजोर बनाउने हतियार *-शत्रुधनकुमार साह* १७३

## पारदर्शिता/सुशासन

२३. किर्ते कागज : नक्कली विकास *-एकल सिलवाल* १७९
२४. ढाँट्नेलाई पुरस्कार *-एकल सिलवाल* १८५
२५. गैरसरकारी संस्थाको ठगी धन्धा *-एकल सिलवाल* १९५
२६. माओवादी लडाकूका नाममा लूटैलूट *-दिनेश सुनार* २०९
२७. पुनर्निर्माणमा २८ अर्बको खेल *-दिनेश सुनार* २१५
२८. सरकारी रकम : करोडौंको महाभोज *-सेन्छेलुङ लिम्बु* २२१
२९. धाउने गरीब : पाउने धनी *-जनक अर्याल र मोहन मानन्धर* २३३

## वन/वातावरण

३०. तस्करका साथमा प्रधानमन्त्री *-तृष्णा कुँवर* २४१
३१. वन माफियाको धन्धा *-चित्रांग थापा* २४९
३२. यसरी हुँदोरहेछ वनमा भ्रष्टाचार *-कृष्णमुरारी भण्डारी* २५५
३३. कैलाली : वनमाथि वक्रदृष्टि *-गणेश चौधरी* २५९
३४. सुन्दर सालकको तस्करी *-नगेन्द्र राई र एमडी कुलुङ* २६५
३५. नेपाल जलवायु परिवर्तन : हिमालमा खतरा, बजेट जति अलपत्र *-सौरभ ढकाल* २७१
३६. विषादीमा विषालु खेल *-तोयानाथ भट्टराई* २८१

बाबुराम विश्वकर्मा

१

# जनसंख्या भन्दा विद्यार्थी धेर : फर्जी संख्या बजेट खाने खेल

शिक्षा मन्त्रालयको मापदण्डमा विद्यालय जाने बालबालिकाको सामान्य उमेर प्राथमिक तह (कक्षा १-५) को ५ देखि ९ वर्ष, निमावि (कक्षा ६-८) को ९ देखि १२ वर्ष, मावि (कक्षा ९-१०) को १३ र १४ वर्ष तथा उमावि (कक्षा ११-१२) को १५ र १६ वर्ष हो । यस आधारमा कक्षा १ देखि १२ सम्मका बालबालिकाको सामान्य उमेर समूह ५ देखि १६ वर्ष हुनुपर्छ ।

तर, वास्तविकतामा उमेरको यो मापदण्ड मिल्दैन । निमावि तहसम्म उमेरको यो वर्गीकरण लगभग मिल्छ भने मावि र उमावि तहका धेरै बालबालिकाको उमेर मापदण्डभन्दा बढी छ । निमावि तहमै पनि बढी उमेरका बालबालिका भएकोले शिक्षा विभागले कक्षा १-८ को अधिकतम उमेर अनौपचारिक रूपमा १३ वर्ष मानेको छ । विभागको शैक्षिक अनुसन्धान तथा सूचना शाखाका उपसचिव शंकरबहादुर थापा कक्षा ८ सम्म तह र उमेरबीच धेरै सन्तुलन मिलेको बताउँछन् । थापा थप्छन्, “मावि र उमावि तहका लागि तोकिएको उमेर मिल्दैन, उमाविमा त २० वर्षसम्मका छात्रछात्रा छन् ।”

शिक्षा विभागले यही मापदण्डका आधारमा वर्षको दुई पटक कक्षा तथा तहगत भर्ना, विद्यालय बाहिर रहेका बालबालिका, कक्षा दोहोर्‍याउने, छाड्ने तथा माथिल्लो कक्षामा जाने छात्रछात्राको तथ्यांक निकाल्दै आएको छ । यसलाई फ्ल्यास रिपोर्ट भनिन्छ । पछिल्लो फ्ल्यास रिपोर्ट वान २०६८ अनुसार कक्षा १ देखि ८ अर्थात् निमावि तहसम्म भर्ना भएका ५ देखि १३ वर्ष उमेर समूहका बालबालिकाको संख्या ६५ लाख ९५ हजार ५६५ छ । उक्त उमेर समूहका ७ लाख १६ हजार ६०२ (१३.१४ प्रतिशत) बालबालिका विद्यालय बाहिर रहेको विभागको आकलन छ । यी अंक जोड्दा ५ देखि १३ वर्ष उमेर समूहका नेपाली बालबालिकाको कुल संख्या ७३ लाख १२ हजार १६७ रहेको देखिन्छ । तर, मंसीर २०६९ मा सार्वजनिक भएको केन्द्रीय तथ्यांक विभागको *नेसनल पपुलेशन एण्ड हाउजिङ*



जम्मा २४, दावी २२० ! १९ फागुन २०६८ मा नेपालगञ्जको सल्यानीबाग निमाविमा उपस्थित कुल छात्रछात्रा र शिक्षक ।



कैलालीको भजनी–४ स्थित केदारनाथ प्राविको पढाइ ।



*सेनसस २०११ (नेसनल रिपोर्ट)* मा ५ देखि १३ वर्ष उमेर समूहको जनसंख्या जम्मा ६० लाख ३ हजार १७८ मात्र छ। यो संख्या शिक्षा विभागको आँकडाभन्दा १३ लाख ८ हजार ९८९ कम हो।

२०६६ साल यताका शिक्षा विभागका सबै फ्ल्यास रिपोर्टमा छात्रछात्राको संख्या जनसंख्या भन्दा बढी छ। *फ्ल्यास वान रिपोर्ट २०६७* मा कक्षा १ देखि ८ सम्म विद्यालय भर्ना भएका विद्यार्थीको संख्या ६६ लाख ५१ हजार ८८२ छ। त्यस्तै *फ्ल्यास वान रिपोर्ट २०६६* मा उक्त संख्या ६५ लाख ५ हजार ८५ छ। यो संख्यामा विद्यालय बाहिरका बालबालिका समेटिएका छैनन्।

सामान्य अवस्थामा विद्यार्थी संख्याभन्दा जनसंख्या बढी नै हुन्छ। प्राध्यापक भीमप्रसाद सुवेदीका अनुसार मापदण्डभन्दा बढी वा कम उमेर समूहका धेरै बालबालिका स्कूलमा भर्ना भएको स्थितिमा मात्र विद्यार्थी संख्याले जनसंख्यालाई जित्न सक्छ। तर, निर्धारित मापदण्डभन्दा कम वा बढी उमेर समूहका धेरै बालबालिका विद्यालय भर्ना भएकाले यत्रो बेमेल देखिएको होइन। शिक्षा मन्त्रालयले २०६४ सालदेखि प्रति विद्यार्थी लागत अनुदान (पीसीएफ) अर्थात् विद्यार्थी संख्या अनुसार अनुदान दिने नीति लागू गरेदेखि बढी बजेट पाउन सरकारी विद्यालयले फ्ल्यासमा नभएका विद्यार्थी थप्न थालेका हुन्। यस बाहेक छात्रवृत्ति आदि सुविधा पाउनका लागि एउटै विद्यार्थी दुई तीन वटा स्कूलमा भर्ना हुने गरेको पनि भेटिन्छ। सरकारी अवसर पाउन निजी स्कूलमा पढ्ने विद्यार्थी समेत सरकारी विद्यालयमा भर्ना हुने गरेका कारण पनि यसरी जनसंख्यालाई विद्यार्थी संख्याले उछिनेको हो।

यो तथ्यलाई शिक्षा विभागको फ्ल्यास र तथ्यांक विभागको सेन्सस रिपोर्टले मात्र होइन, शिक्षा विभाग र जिशिकाको आँकडाले पनि पुष्टि गरेको छ। शिक्षा विभागको फ्ल्यास रिपोर्टभन्दा जिल्ला शिक्षा कार्यालयले अनुगमन गरी किटान गरेको विद्यार्थी संख्या धेरै कम छ। *फ्ल्यास वान रिपोर्ट २०६८* मा सुनसरीमा कक्षा १-१० का छात्रछात्राको संख्या १ लाख ९६ हजार ५६२ छ। तर, २०६८ को जनगणना अनुसार त्यहाँ कक्षा १-१० का ५-१४ वर्ष उमेर समूहका बालबालिकाको संख्या १ लाख ८२ हजार ७१ मात्र छ। जिशिका सुनसरीले अनुगमन गरेर *फ्ल्यास वान रिपोर्ट २०६८* को संख्याबाट ८१ हजार ५६३ छात्रछात्रा कटौती गरी विभागको फ्ल्यासको आँकडालाई गलत साबित गरेको छ। जिशिअ बीरबहादुर खड्काका अनुसार गत आर्थिक वर्षमा स्कूलले थपेका विद्यार्थीका नाममा निकासा भएको रकममध्ये ९ लाख सम्बन्धित स्कूलबाट असूल गरिएको छ। उनले भने, “गएको शैक्षिक सत्रमा काल्पनिक विद्यार्थीका नाममा गएको पैसा असुल्न थालिएको छ। तर, पहिलेदेखि त्यसरी गएको रकम भने फर्काउन सकिँदैन। एउटै जिल्लामा वर्षमा ८० हजार विद्यार्थी बढाइनु सानो गडबढी होइन, यसबाट देशले नै ठूलो पाठ सिक्नुपर्छ ।”

विद्यार्थी संख्या बढाउने खेलमा सिरहाका स्कूलहरू पनि निकै अगाडि देखिएका छन्। जिशिका सिरहाले स्कूलहरूले भरेको *फ्ल्यास वान रिपोर्ट २०६८* बाट ५७ हजार ४९० जना विद्यार्थी घटाएको छ। सिरहाका जिशिअ हरिहर वस्ती भन्छन्, “हरेक स्कूलले तथ्यांक ढाँटेका छन्।”

### एक वर्षमै दोब्बर

सप्तरीका स्कूलहरूले त एकै शैक्षिक सत्रमा झण्डै दोब्बर विद्यार्थी बढाएका छन्। शैक्षिक सत्रको शुरूमा भरिने *फ्ल्यास वान रिपोर्ट २०६७* मा सप्तरीको विद्यार्थी संख्या ८४ हजार ३२२ थियो भने सोही वर्षको शैक्षिक सत्रको अन्त्यमा वार्षिक परीक्षामा सामेल छात्रछात्राको संख्याका आधारमा भरिने फ्ल्यास टुमा सो संख्या दोब्बर भएर १ लाख ४९ हजार १०० पुग्यो। भर्ना हुनेभन्दा परीक्षामा बस्ने विद्यार्थी धेरै हुनै सक्दैनन्, तर ठीक उल्टो, सप्तरीका प्राय: स्कूलहरूले फ्ल्यास वानमा भन्दा टुमा धेरै विद्यार्थी चढाएका छन्। *फ्ल्यास वान रिपोर्ट २०६५* मा ९१ हजार १२७ जना देखिएको विद्यार्थी संख्या *फ्ल्यास टु रिपोर्ट २०६५* मा १ लाख ३१ हजार ५८ पुग्यो। जबकि सो वर्ष देशभरिको विद्यार्थी संख्या चाहिं फ्ल्यास वानको भन्दा टुमा करीब १५ लाख घटेको छ।

दोलखा जिशिकाले स्कूलहरूले भरेको फ्ल्यासबाट १४ हजार ४८८ जना विद्यार्थी बढी भएको ठहर गर्दै जिल्लाको कुल विद्यार्थी संख्या ४९ हजार ९७६ कायम गरेको छ। जिशिअ शिवकुमार सापकोटा पाँच वर्षयता जिल्लामा विद्यार्थीको तथ्यांक बढाएर अनुदान हासिल गर्ने प्रवृत्ति जारी रहेकोले जिशिकाले सही तथ्यांक निकाल्ने प्रयास थालेको बताउँछन्। उनको कथन छ, "विद्यार्थी संख्याका आधारमा स्कूलमा रकम जान थालेदेखि फ्ल्यासमा ओभर रिपोर्टिङ भएको छ।"

## यसरी तयार हुन्छ फ्ल्यास

२०६१ सालदेखि प्रकाशन हुन थालेको फ्ल्यास रिपोर्टकै आधारमा स्कूलहरूलाई शिक्षा विभागले बजेट दिने गरेको छ। शिक्षा मन्त्रालयले सन् २००४ मा सबैका लागि शिक्षा परियोजना लागू भएपछि सोही परियोजनाले विद्यालय सूचनालाई फ्ल्यास रिपोर्टमा समेट्न थालेको हो। वर्षमा दुई पटक प्रकाशित हुने फ्ल्यास वानमा शैक्षिक सत्र शुरू भएपछि जेठ ७ गतेसम्मका सूचना समेटिन्छन् भने फ्ल्यास टुमा शैक्षिक सत्रको अन्त्य अर्थात् २३ चैतसम्मका सूचना राखिन्छ।

फ्ल्यास रिपोर्टलाई शिक्षा मन्त्रालयले विद्यालय शिक्षाको योजना, अनुगमन, मूल्यांकन र सहयोग कार्यक्रम निर्माण र कार्यान्वयनको प्रमुख आधार मान्दै आएको छ। सरकारले बनाउने शिक्षा योजना, कार्यक्रम र बजेट फ्ल्यासकै आँकडाका आधारमा निर्धारण हुने गरेका छन्। विद्यालय सुधार योजना, गाउँ शिक्षा योजना, जिल्ला शिक्षा योजना र वार्षिक रणनीतिक कार्ययोजना पनि फ्ल्यास रिपोर्टकै आधारमा तय हुन्छ। दातृ राष्ट्र र संस्थाले नेपालको शिक्षामा गर्ने सहायताको मुख्य आधार पनि फ्ल्यास नै हो।

## जति विद्यार्थी, त्यति अनुदान

*फ्ल्यास वान रिपोर्ट २०६८* को विद्यार्थी संख्याका तुलनामा यो खोजका लागि र्‍याण्डम स्याम्पलिङका आधारमा छानिएका देशका ८ जिल्लाका स्कूलहरूले न्यूनतम १४ हजार ४८८ (दोलखा) देखि अधिकतम ८१ हजार ५६३ सम्म (सुनसरी) बढाएका छन्। एउटा जिल्लाले न्यूनतम १४ हजार ४८८ विद्यार्थी मात्र बढाएको मान्दा पनि ७५ जिल्लाबाट न्यूनतम १० लाख ८६ हजारभन्दा बढी छात्रछात्राको फर्जी संख्या फ्ल्यासमा थपिन्छ। सरकारी बजेट हात पार्ने उद्देश्यले बढाइएको यो फर्जी आँकडालाई पीसीएफले गुणा गर्दा स्थिति अरू भयावह हुन्छ। शिक्षा विभागको बजेट शाखाका उपसचिव सुशीलबाबु खनालका अनुसार, २०६४ साल यता हरेक वर्षको फ्ल्यास वानको विद्यार्थी संख्याका आधारमा वर्षमा एक जना विद्यार्थीलाई छात्रवृत्ति, पोशाक, पाठ्यपुस्तक, विद्यार्थी सहयोग आदि शीर्षकमा औसत रु.१,६२६ का दरले पीसीएफको बजेट जाने गरेको छ। फ्ल्यास रिपोर्टमा स्कूलहरूले बढाएको कम्तीमा १० लाख ८६ हजार विद्यार्थीका नाममा प्रतिव्यक्ति रु.१,६२६ का दरले अनुमानित वार्षिक रु.१ अर्ब ७६ करोडभन्दा बढी अनुदान गएको छ। २०६४ सालयता यही अनुपातमा लगानी हुँदा राज्यको अनुमानित ८ अर्बभन्दा बढी नक्कली विद्यार्थी संख्यामा लगानी भएको आकलन गर्न सकिन्छ। सहप्राध्यापक डा. विनय कुशियैत भन्छन्, "सुविधा पाउनका लागि सरकारी र निजी दुवैतिर भर्ना हुने अनि विद्यार्थी संख्याका आधारमा बजेट पाउन स्कूलहरूले यथार्थभन्दा बढी विद्यार्थी

विद्यालय सूचनाको सर्वाधिक महत्त्वपूर्ण स्रोत भन्दै फ्ल्यास रिपोर्ट तयार पार्न शिक्षा विभागले केन्द्रीयस्तरमा उच्च अधिकारीको नेतृत्वमा स्थायी संरचना बनाएको छ। विभागको महानिर्देशकको प्रत्यक्ष निगरानीमा अनुगमन तथा योजना महाशाखाका प्रमुखको अध्यक्षतामा फ्ल्यासको तयारी तथा प्रकाशन गर्न स्थायी प्रकृतिको कोर कमिटी बनाइएको छ। उक्त कमिटीमा विभागको योजना शाखाका उपनिर्देशक, अनुसन्धान तथा शैक्षिक सूचना व्यवस्थापन शाखाका उपनिर्देशक एवं दुई कर्मचारी, अनुगमन तथा निरीक्षण शाखाका उपनिर्देशक र कार्यक्रम तथा बजेट शाखाका उपनिर्देशक रहेका छन्। उक्त कमिटीले फ्ल्यास फारम तयार गर्ने, सूचना संकलन विधि, फ्ल्यास रिपोर्टको ढाँचा, तथ्यांक तालिकीकरण, प्रतिवेदन लेखन तथा प्रबोधीकरण आदि काम गर्ने गरेको दाबी गर्दै आएको छ। फ्ल्यास रिपोर्टको मस्यौदा तयार भएपछि सो मस्यौदा हरेक वर्षको डिसेम्बरमा शिक्षामा लगानी गर्दै आएका दाताहरूबीच सार्वजनिक गरिन्छ भने दाताको स्वीकृतिपछि रिपोर्ट छाप्ने गरिन्छ। शिक्षा विभागको गाउँदेखि केन्द्रीय तहसम्मको प्रशासनिक संयन्त्र र स्रोत परिचालन गरेर हरेक वर्ष फ्ल्यास रिपोर्ट प्रकाशित गरिन्छ।

रिपोर्टिङ गरेका कारणले यस्तो विकृति सृजना भएको हो। यसलाई रोक्न र सुधार गर्न विद्यार्थी संख्या अनुसार अनुदान दिने पीसीएफ नीति नै बदल्नुपर्छ।"

हरेक वर्ष शिक्षामा लगानी बढ्दै आएको छ। अघिल्लो आर्थिक वर्षमा सरकारले शिक्षामा सबैभन्दा बढी रु.६४ अर्ब बजेट विनियोजन गरेको थियो। त्यसमध्ये करीब रु.५१ अर्ब सीधै विद्यालय शिक्षामा गएको थियो। शिक्षाको कुल बजेटमध्ये दातृ राष्ट्र र दातृ संस्थाको हिस्सा २२ प्रतिशत छ भने बाँकी राष्ट्रिय ढुकुटीबाट खर्च हुन्छ। सरकारी स्कूल सुधारका लागि सन् २००९ मा शुरू गरिएको विद्यालय सुधार योजनामार्फत विश्व ब्याङ्क, एशियाली विकास ब्याङ्क, युरोपियन युनियन, डीएफआईडी, नर्वे, फिडल्याण्ड, डेनमार्क, अष्ट्रेलियन एड, युनिसेफ र ग्लोबल एजुकेशन पार्टनरसीपले अनुदान दिंदै आएका छन्। तैपनि शिक्षकका पेशागत संस्थाले शिक्षामा बजेट अपुग भएको भन्दै शिक्षा बजेट कुल बजेटको २० प्रतिशत पुऱ्याइनुपर्ने माग छाडेका छैनन्। स्कूलमा नभएका विद्यार्थीको नाममा दुरुपयोग भएको करीब ८ अर्बभन्दा बढी रकमका बारेमा भने दाता, शिक्षा मन्त्रालय, शिक्षकका पेशागत संस्था र सरोकारवाला मौन प्रायः देखिन्छन्।

फ्ल्यास फारम भरेर स्रोत केन्द्रमा पठाउने जिम्मेवारी प्रअलाई दिइएकोले छात्रछात्राको तथ्यांक बढाएर पैसा खाने खेलमा मुख्य हात पनि स्कूलका प्रअको हुन्छ। प्रअले हस्ताक्षर

## ढाडै भाँच्छन् स्कूल

**कैलालीको** भजनी गाविस-४ पडरियास्थित केदारनाथ प्राविले *विद्यालय तथ्यांक विवरण फारम फ्ल्यास वान २०६८* मा आफ्नो विद्यालयमा कुल २३२ जना छात्रछात्रा रहेको विवरण भरेर शिक्षा विभागमा पठाएको छ। तर, यथार्थमा त्यहाँ त्यति विद्यार्थी छैनन्। विद्यालयको भर्ना रजिष्टर, दैनिक हाजिरी र २०६८ को अन्तिम परीक्षाको रेकर्डले उक्त स्कूलमा १४६ भन्दा बढी विद्यार्थी देखाउँदैनन्। गएको शैक्षिक सत्रको १६ फागुन २०६८ मा सबै छात्रछात्रालाई विद्यालयको प्राङ्गणमा जम्मा पारेर नाम बोलाउँदै कक्षागत विद्यार्थी संख्या रुजु गर्दा केही नाम गरेका छात्रछात्रालाई सम्बन्धित कक्षाका विद्यार्थीले पहिचान गर्न सकेनन्। हाजिर रजिष्टरमा नाम भएका केही विद्यार्थी स्कूलमा कहिल्यै देखा नपर्ने हुनाले नियमित छात्रछात्राले उनीहरूलाई नचिनेका हुन्। यस्तो समस्याको शिकार हरेक कक्षा भएको छ। प्रअ शिवराम चौधरीले विद्यार्थी संख्या बढाएको स्वीकार गरे। उनले भने, "मेरो स्कूलको विद्यार्थी संख्या १४६ मात्र हो।"

बाँकेको नेपालगञ्ज-५ स्थित कक्षा ७ सम्म चलेको निमावि सल्यानीबागमा कहिल्यै ७१ जनाभन्दा बढी विद्यार्थी हुँदैनन्। १९ फागुन २०६८ मा सबै कक्षामा २४ छात्रछात्रा मात्र थिए। छात्रछात्राको अभावमा सुनसान भए पनि उक्त विद्यालयले


गरेको फ्ल्यास फारममा विद्यालय व्यवस्थापन समितिका अध्यक्षले पनि हस्ताक्षर गर्ने प्रावधान रहेकोले उनीहरूलाई फर्जी फ्ल्यास फारमका मतियार मान्नुपर्छ।


प्रअ र स्कूल अध्यक्षले सही गरेर पठाएको फ्ल्यासको संख्या यकिन हो कि होइन भनेर हेर्ने जिम्मेवारी शिक्षा मन्त्रालयले स्रोतव्यक्तिलाई दिएको छ । तर, स्रोतव्यक्तिले स्कूलले भरेको फ्ल्यास फारम परीक्षण गरे/नगरेको कुरा जिल्ला शिक्षा कार्यालयले हेरेको पाइँदैन । स्रोतव्यक्तिले स्कूलमा फारम वितरण गर्ने र स्कूलले भरेका फारम जस्ताको तस्तै जिशिकामा पठाउने मात्र काम गरेकाले नै स्कूलले पठाएको फर्जी आँकडा जिशिका हुँदै शिक्षा विभागसम्म आइपुग्छ र अन्ततः फ्ल्यास रिपोर्टमा छापिन्छ। शिक्षा विभागको शैक्षिक अनुसन्धान तथा सूचना शाखाका उपसचिव शंकरबहादुर थापाले भने, "जिशिकामा राखिएको माइस्क्वल सफ्टवेयर र स्रोतव्यक्तिबाट सही तथ्यांक आउँछ भन्ने हाम्रो मान्यता हो, तर त्यस्तो भएको छैन। विभाग आफैंले सबै स्कूलको तथ्यांक जाँच्न सम्भव नहुने भएकोले विद्यार्थी संख्या बढाउने प्रवृत्ति रोक्न सकिएको छैन।"

विद्यार्थी संख्या बढाएर सरकारी स्कूलले बढी अनुदान हात पारेको गुनासो बढ्दै गएपछि शिक्षा विभागले यो खेलमा संलग्नलाई कारबाही गर्न एउटा सार्वजनिक सूचना प्रकाशित गरेको छ। "जिल्ला शिक्षा कार्यालयले विद्यालयमा भएको वास्तविक तथ्यांकभन्दा

फ्ल्यास वान २०६८ मा भने आफ्नो विद्यालयमा २२० जना विद्यार्थी रहेको तथ्यांक शिक्षा विभागमा पठाएर विभागको करीब रु.१९ लाख ८३ हजार ८१६ बजेट पाएको छ । फ्ल्यासमा बढी विद्यार्थी भरेर पठाएकोले आ.व. २०६७/६८ मा उक्त स्कूलमा गएको सरकारी बजेटको आधा अर्थात् रु.११ लाख ७ हजार ४६८ मात्र खर्च भएको छ। स्कूलका सहायक प्रअ बुधेशकुमार जयसवाल स्कूल टिकाउनका लागि वरिपरिका विद्यालयमा पढ्ने छात्रछात्राको संख्या पनि जोडेर फ्ल्यास भर्ने गरेका कारण विद्यार्थी संख्या बढी देखिएको धारणा राख्छन्। "७०/७२ जना चाहिं यथार्थ हो", उनले भने।

सप्तरीको राजविराज ६ स्थित राप्रावि खैरसालमा १० वैशाख २०६९ का दिन विद्यार्थीभन्दा शिक्षक धेरै थिए। त्यस दिन उक्त स्कूलमा जम्मा दुई जना विद्यार्थी थिए भने शिक्षक चाहिं सात जना। प्रायः १३/१४ जनाभन्दा बढी विद्यार्थी नआउने उक्त विद्यालयले २०६८ को फ्ल्यास वानमा आफ्नो स्कूलको विद्यार्थी संख्या ३०७ जना भरेको छ। हुँदै नभएका विद्यार्थी थपेर फ्ल्यासलाई फर्जी बनाएको तथ्य छल्नका लागि प्रअ सुरेन्द्रलाल कर्णले नयाँ तर्क निकालेका छन्। उनको तर्क अनुसार भर्ना भएका विद्यार्थी सबै स्कूल नआउने र धेरैजसो छात्रवृत्ति लिन मात्र स्कूल आउने भएकोले फ्ल्यासको संख्या र यकिन आँकडा मिल्दैन। तर, उनले सरकारी अनुदान खानैका लागि विद्यार्थी संख्या ढाँटेका कारण जिशिका सप्तरीले गएको शैक्षिक सत्रमा उक्त स्कूलको कुल विद्यार्थी संख्या ९० मात्र कायम गरेको छ।












फरक तथ्यांक प्रस्तुत गर्ने विद्यालयहरूका प्रअ र विद्यालय व्यवस्थापन समितिका अध्यक्षलाई र त्यस्तो प्रमाणित गर्ने स्रोतव्यक्तिलाई स्पष्टीकरण सोधी नियम अनुसारको कारबाही गर्ने र त्यस्ता विद्यालयले पाउने सुविधा, सम्बन्धितको तलब भत्ता रोक्का गर्ने साथै सोको जानकारी क्षेत्रीय शिक्षा निर्देशनालय र शिक्षा विभागमा पठाउने ।" विभागले पाँचै वटा क्षेशिनि र ७५ वटा जिल्ला शिक्षा कार्यालयका नाममा १ असार २०६८ मा *गोरखापत्र* दैनिकमार्फत जारी गरेको यो सार्वजनिक निर्देशन हो । तर, अब शिक्षा विभागले विद्यालय तहका जिम्मेवारलाई कारबाही गरेर मात्र उन्मुक्ति पाउने आधार सकिएको छ। किनभने फ्ल्यासमा जनसंख्याभन्दा बढी विद्यार्थी संख्या छापेर सबैलाई झुक्याउने अनि काल्पनिक विद्यार्थी नाममा अर्बौं खर्च गर्ने काममा शिक्षा मन्त्रालय र विभागको नेतृत्व र कर्मचारीसमेत संलग्न छन्।

विद्यार्थी संख्या बढाउने खेलमा संलग्न स्कूलका प्रअ, स्रोतव्यक्ति र अध्यक्षलाई कारबाही गर्न गाह्रो भने छैन । यस्तालाई कारबाही गर्ने नै हो भने शिक्षा विभागको प्रभावहीन निर्देशनभन्दा बलियो कानूनी बाटो छ । तिनलाई मुलुकी ऐनको कीर्ते कागजको महल अनुसार तीन वर्ष कैद र बिगो अनुसार जरिवाना गर्न सकिन्छ। प्रअले भ्रष्टाचार निवारण ऐनको दफा ४ अनुसार आरोप प्रमाणित भएमा आफ्नो अधिकार दुरूपयोग गरी विद्यार्थी संख्या बढाएर खाएको रकम बराबरको जरिवाना र चार वर्षसम्म कैद सजाय पाउन सक्छन् भने भ्रष्टाचार ठहर भएपछि स्वतः पदमुक्त हुन्छन् । त्यसैले विद्यार्थीको कृत्रिम संख्यामा बजेट दिने र लिने दुवै निकाय र व्यक्ति कानूनी कारबाहीको समान हकदार छन् । किनभने यो फर्जी कामका कारण मुलुकमा जन्मँदै नजन्मेका बालबालिकाले दाता र राज्यको लगानीमा शिक्षा पाएको लज्जास्पद रेकर्ड बनिसकेको छ ।

## विद्यार्थी उही, आँकडा फरक

| सुनसरी | | | |
|---|---|---|---|
| **तह** | **फ्ल्यास वान २०६८** | **जिशिकाको संख्या २०६८** | **बढाइएको संख्या** |
| प्रावि | १,२५,२३९ | ६९,०५६ | ५६,१८३ |
| निमावि | ४६,७४८ | ३०,०९९ | १६,६४९ |
| मावि | २४,५७५ | १५,८४४ | ८,७३१ |
| **कुल** | **१,९६,५६२** | **१,१४,९९९** | **८१,५६३** |
| **सिरहा** | | | |
| प्रावि | १,१०,४७९ | ६२,९९४ | ४७,४८५ |
| निमावि | ३२,६८७ | २७,४५० | ५,२३७ |
| मावि | १२,६७१ | ११,९०३ | ७६८ |
| उमावि | ६,६२९ | २,९३० | ३,६९९ |
| **कुल** | **१,६२,४६६** | **१,०५,२७७** | **५७,१८९** |
| **सप्तरी** | | | |
| प्रावि | १,०८,९३८ | ७१,५३३ | ३७,४०५ |
| निमावि | ३१,७७० | २८,०८० | ३,६९० |
| मावि | १३,६८८ | १२,१८० | १,५०८ |
| **कुल** | **१,५४,३९६** | **१,११,७९३** | **४२,६०३** |
| **मोरङ** | | | |
| प्रावि | १,२२,३६५ | १,०६,६९६ | १५,६६९ |
| निमावि | ५०,५७९ | ३०,०९९ | २०,४८० |
| मावि | २५,९६६ | २४,४९८ | १,४६८ |
| **कुल** | **१,९८,९१०** | **१,६१,२९३** | **३७,६१७** |
| **रूपन्देही** | | | |
| प्रावि तह | १,२९,९४३ | १,०५,८०७ | २४,१३६ |
| निमावि | ५१,३३१ | | |
| मावि | २५,४८२ | | |
| **कुल** | **२,०६,७५६** | **१,०५,८०७** | **२४,१३६** |

| | | | |
|---|---|---|---|
| **पाँचथर** | | | |
| प्रावि | ४५,२८१ | ३३,६०४ | ११,६७७ |
| निमावि | २०,३२० | १६,८३८ | ३,४८२ |
| मावि | ९,५९५ | ८,२२२ | १,३७३ |
| **कुल** | **७५,१९६** | **५८,६६४** | **१६,५३२** |
| **दोलखा** | | | |
| प्रावि | ३८,८८८ | २७,५५४ | ११,३३४ |
| निमावि | १७,३३७ | १४,७६८ | २,५६९ |
| मावि | ८,२३९ | ७,६५४ | ५८५ |
| **कुल** | **६४,४६४** | **४९,९७६** | **१४,४८८** |
| **संखुवासभा** | | | |
| तह | फ्ल्यास वान २०६७ | जिशिकाको संख्या २०६७ | बढाइएको संख्या |
| प्रावि | ३६,८२१ | २५,४७१ | ११,३५० |
| निमावि | १२,९२७ | १०,०३६ | २,८९१ |
| मावि | ५,६३१ | ४,६१७ | १,०१४ |
| **कुल** | **५५,३७९** | **४०,१२४** | **१५,२५५** |

**स्रोतः शिक्षा विभागको फ्ल्यास रिपोर्ट वान २०६८ र २०६७ तथा जिशिकाहरू (२०६९ पुस महीनाको *शिक्षक* मासिकमा प्रकाशित)**

■ सुदर्शन घिमिरे

२

# 'मास्टर' बने सभासद् :
# शिक्षामा व्यापारीकरण

**नेपालका ८५ प्रतिशत बालबालिका सार्वजनिक विद्यालयमा पढिरहँदा उच्च र मध्यमवर्गीय अभिभावकका केवल १५ प्रतिशत बालबालिका पढ्ने निजी विद्यालयले समाजमा सर्वाधिक महत्त्व र प्राथमिकता पाएका छन्। शिक्षाको व्यापार गरेर व्यक्तिगत सम्पत्ति आर्जन गर्न सफल भए पनि निजी स्कूल सार्वजनिक शिक्षाको विकल्प कहिल्यै हुन सक्दैन। तर, नेतालाई पैसा दिएर सभासद् बनेका निजी स्कूलका सञ्चालकले देशको शिक्षा नीति-निर्माणमा भने प्रभाव पारेर सार्वजनिक शिक्षालाई अरू हतोत्साहित र निजी क्षेत्रलाई उत्साहित तुल्याउने खतरा भने बढेको छ। २०२८ सालको शिक्षा ऐन संशोधन हुन नसकेको बेला निजी स्कूलका लागि छुट्टै शिक्षा ऐनको माग गर्नु अनि सभासद्का रूपमा निजी स्कूलका 'मास्टर' संसद्मा पुग्नु यसकै पूर्व संकेत हो।**

मोहन वैद्य नेतृत्वको नेकपा–माओवादीका कार्यकर्ता पैसा खाँचो पर्दा निजी स्कूलका ढोका चहार्न पुग्छन्। मैतीदेवीको सूर्योदय स्कूलका सञ्चालक तथा निजी स्कूल सञ्चालकहरूको संस्था प्याब्सनका अध्यक्ष लक्ष्यबहादुर केसी यसको प्रत्यक्ष साक्षी हुन्। उनले भने, "संविधानसभाको दोस्रो चुनाव बहिष्कार गर्न कडा कदम चाल्न लागेको भन्दै माओवादीका कार्यकर्ताले पोहोर दशैंमा रु.५० हजार चन्दा मागेको पत्र थमाए।" केसीले बढीमा एक हजारसम्म दिन सक्ने बताएपछि, माग्नेले धम्क्याउँदै "जसरी भए पनि रु.२५ हजार त दिनैपर्छ" भने। केसीले खुलासा गरे, "अनि आफूले चिनेका माओवादीका ठूला नेतालाई फोन गरेर उजुरी गरें। तर, नेताले उल्टो रु.२५ हजार पनि दिन नसक्नेले किन स्कूल चलाएको भनेर पो हप्काए।" केसीले धेरै रकम दिन नसक्ने अडान लिएपछि माओवादी कार्यकर्ता रु.१५ हजार दिए मान्ने मनस्थितिमा पुगे। फेरि मोलमोलाइ भयो।



लक्ष्मण राजवंशी ।



गीता राना ।



उमेश श्रेष्ठ ।

केसी भन्छन्, "अन्त्यमा पाँच हजार दिएर विदा गरें। तर रसीदमा रु.५ हजार प्राप्त, रु.१० हजार बाँकी भनेर जनाउन लगाएँ।"

सार्वजनिक स्कूल चलाउन अभिभावकसँग चन्दा माग्ने परम्परा भएको नेपालमा निजी विद्यालयले चाहिं करोडौं चन्दा दिने गरेका छन्। प्याब्सनका अध्यक्ष केसीले भने, "निजी स्कूलहरूले राम्रो चन्दा दिने गरेकाले नै माग्नेलाई पनि बानी परेको छ। ३० वर्षको अवधिमा, मैले बढीमा रु.३,५०० सम्म चन्दा दिएको थिएँ। अहिले त्यति दिएर पुग्दैन।" उनले थपे "वैद्य माओवादीलाई धेरै दिनुपर्छ, त्यसपछि एमाओवादीलाई। एमालेको अनेरास्ववियुले वर्षको एकपटक ठूलै रकम माग्छ। नेविसंघ आक्कलझुक्कल आउँछ, तर सबैलाई दिनैपर्छ।"

केसीको अनुमानमा, उपत्यकाका रातो बंगला, युलेन्स, लिटिल एन्जल्स, जेम्स, शुभतारा, भीएस निकेतन, एलआरआई, रुपिज, डीएभी जस्ता 'ठूला' भनिएका निजी स्कूलहरूले वर्षमा कम्तीमा रु.१ लाखदेखि बढीमा रु.४/५ लाख राजनीतिक दलका संगठनलाई चन्दा दिने गरेका छन्। उनी भन्छन्, "मेरो जस्तो मध्यम स्कूलले पनि वर्षमा रु.२५ हजारदेखि रु.१ लाखको हाराहारीमा राजनीतिक दल र तिनका भ्रातृ संस्थालाई चन्दा दिनु परेको छ।"

यस्तै अनुभव अरू स्कूलहरूको पनि छ। गएको वर्ष मात्रै करीब रु.२ लाख चन्दा दिनु परेको ललितपुर खुमलटारस्थित युलेन्स स्कूलका प्रिन्सिपल मेदिन लामिछानेले बताए। उनले दुःखेसो पोखे, "अब त पार्टी र तिनका भ्रातृ संस्थालाई मात्रै होइन स्थानीय क्लबहरूलाई पनि चन्दा दिनुपर्छ। तिनलाई सानोतिनो रकमले चित्त बुझाउन सकिंदैन।" निजी गुठी अन्तर्गत सञ्चालित उक्त स्कूलको नाफा व्यक्तिको खल्तीमा जानुको सट्टा स्कूलकै उन्नतिमा खर्च हुन्छ।

बालबालिकाको सुरक्षालाई स्कूलले बेवास्ता गर्न मिल्दैन। युलेन्स स्कूलका प्रिन्सिपल मेदिन लामिछाने भन्छन्, "हामीले चन्दा दिएनौं भने कुन बेला आक्रमण हुने हो भन्न सकिंदैन। प्रहरीको सुरक्षामा भर पर्न सकिन्न। त्यसैले सक्दो चन्दा दिएर सुरक्षित बाटो रोज्नु परेको छ।"

चन्दा स्वेच्छिक कुरा हो। बाध्य तुल्याएर लिइने रकम चन्दा होइन, जबर्जस्ती असुली हो। जबर्जस्ती असुलीलाई कानूनतः दण्डनीय अपराध मानिन्छ। निजी स्कूलका सञ्चालकहरू कानूनी उपचार नखोजेर किन खुरुखुरु 'चन्दा' दिन्छन् त ? यही प्रश्नमा अहिले निजी स्कूलका सञ्चालक सभासद् बनेको कुरा निहित छ। राजनीतिक पार्टीमा खासै नलागेका निजी स्कूलका सञ्चालक रातारात सभासद् अरू कुनै कारणले होइन दलका नेतालाई मोटो रकम बुझाएकोले बनेका हुन्।

काठमाडौंको जोरपाटीमा दश वर्षअघिदेखि सेलेब्रेसन को–एड नामक निजी विद्यालय सञ्चालन गर्दै आएका संस्थापक प्रिन्सिपल महेन्द्र भट्टराई भन्छन्, "हामीले सरकारका सबै नियम र मापदण्ड पूरा गरेका हुँदैनौं। राजनीति गर्नेहरूलाई यस्ता छिद्र थाहा हुन्छ। नाइँनास्ति गर्ने बित्तिकै घाँटी समात्न आइपुग्छन्। तिनीहरूबाट छुटकारा पाउन पनि मागे जति पैसा दिनुपर्छ। अर्को वर्ष उही नियति दोहोरिन्छ। आफैंले पल्काएका झिल्केहरू किन मान्थे !"

ललितपुर, झम्सीखेलको डीएभी स्कूलमा गत वर्ष एक जना शिक्षकले विद्रोह गर्दा नेकपा–माओवादी सम्बद्ध भ्रातृ संस्थाहरूले राष्ट्रियताको मुद्दा उठाएर विद्यालय नै बन्द

गराए । उनीहरूलाई विद्यालयले मोटो रकम उपलब्ध गराएपछि मामिला टुंगियो । विद्यालयको उच्च स्रोत भन्छ, “एक करोडको हाराहारीमा ‘चन्दा’ दिएपछि माओवादीले विद्यालयमा गरेको आन्दोलन रोकियो ।” यो कुरा वैद्य माओवादीका केन्द्रीय सदस्य एवं अखिल क्रान्तिकारीका पूर्व अध्यक्ष लेखनाथ न्यौपाने पनि स्वीकार गर्छन् । न्यौपाने अचेल आफ्नो पार्टीका तर्फबाट पैसाका लागि भएका नाजायज क्रियाकलापहरूको सार्वजनिक रूपमा विरोध गर्न थालेका छन् । उनी भन्छन्, “हामी राजनीतिक कार्यकर्ताहरू कति धेरै गिरिसक्यौं भने अघिल्लो दिन माग राख्ने, भोलिपल्ट दबाब दिने, पर्सिपल्ट वार्ता गर्ने र बढीभन्दा बढी पैसा झार्नमा मात्र केन्द्रित हुन थाल्यौं ।” न्यौपानेका अनुसार ठूला राजनीतिक दल र तिनका भ्रातृ संस्था संगठित शक्तिको दुरुपयोग गरेर पैसा कमाउने ध्याउन्नमा लिप्त छन् । “राजनीति भनेको समाजसेवा हो भन्ने भावना मरिसक्यो भने पनि हुन्छ”, उनले थपे ।

# ‘प्याब्सनको एजेण्डा लवी गर्न सभासद् भएको हुँ’



**–डा. बाबुराम पोखरेल**, पूर्व अध्यक्ष, प्याब्सन

**कांग्रेस निकट व्यक्ति मधेशी फोरममा किन प्रवेश गर्नुभएको त ?**

फोरम त कांग्रेसकै भाइ हो *(हाँसो)* । यसमा धेरै त कांग्रेसबाटै आएका छन् । यो पार्टीले लोकतान्त्रिक मूल्यमान्यतालाई अंगीकार गरेको छ । म त निजी इच्छाबाट होइन, प्याब्सनको निर्णय अनुसार फोरमको सभासद् भएको हुँ ।

**प्याब्सनले के निर्णय गरेको थियो र ?**

प्याब्सनले आफ्ना पाँच जना उच्च नेताहरूलाई सभासद् बनाउन पहल गर्ने निर्णय लिएको थियो ।

**किन हो ?**

आजसम्म निजी शैक्षिक संस्थाको लगानीको सुरक्षा र पहिचान स्थापित हुन सकेन । कहिले राष्ट्रियकरण, कहिले सहकारीकरण भनेर हाम्रो लगानीमाथि सधैं प्रश्न उठाइयो । हामीले वर्षौंदेखि निजी विद्यालयको छुट्टै ऐन हुनुपर्छ भनेर आवाज उठायौं । मुख्य दलका नेताहरूले हुन्छ भनेर आश्वासन दिए । तर कहिल्यै पूरा भएन । हामीबाट सबैले फाइदा लिन्छन्, तर हाम्रो भावनाको कदर कहिल्यै गर्दैनन् । सबै पार्टीका

### सिक्काको अर्को पाटो

निजी विद्यालयका सञ्चालकलाई राजनीतिक दल र तिनका भ्रातृ संस्थाबाट चन्दाका लागि सताइएको कुरा सिक्काको एउटा पाटो मात्र हो। सिक्काको अर्को पाटोमा चाहिं उनीहरू स्वयं अग्रसर भएर राजनीतिक दलहरूलाई चन्दा दिइरहेका छन्। शिक्षालाई व्यापार र उद्योगको रूपमा सञ्चालन गर्दै आएका निजी विद्यालयका 'नेता' सञ्चालकहरूले संविधानसभाको दोस्रो निर्वाचनमा आफैं अग्रसर भएर राजनीतिक पार्टीलाई चन्दा दिए। उनीहरूमध्ये सबैभन्दा बढी चन्दा कसले दियो होला भन्ने जिज्ञासा राख्दा धेरै स्कूलका प्रिन्सिपलहरूले लिटिल एन्जल्स स्कूलका मालिक उमेश श्रेष्ठको नाम लिए।

निजी स्कूल चलाएरै अर्बपति बन्न पुगेका उनी भन्छन्, "निजी विद्यालयका सञ्चालकहरूमध्ये सबैभन्दा बढी चन्दा दिने मानिस म नै हुनुपर्छ। संविधानसभाको

सभासद्लाई राम्ररी कुरा बुझाउन र हाम्रो अजेण्डामा लवी गर्न हामीलाई सभासद् बनाउने निर्णय प्याब्सनले गरेको हो।

**सदनमा तपाईंहरू पार्टीको होइन, निजी शिक्षण संस्थाका लगानीकर्ताका लागि काम गर्नुहुन्छ ?**

*(हाँसो)* होइन, होइन। पार्टीबाट सभासद् बनेपछि पार्टीको हित त पहिलो प्राथमिकता हो। त्यसपछि शिक्षा क्षेत्रको हितको कुरा गर्छौं अनि निजी क्षेत्रको हितको संरक्षणमा लागिपर्छौं।

**तपाईं फोरममा कहिले प्रवेश गर्नुभएको हो नि ?**

गत वर्ष (२०७०) साउनको पहिलो सातामा पार्टी प्रवेश गरेको हुँ।

**पार्टीमा लामो समय काम गरेकाहरू र अरू स्थापित नेतालाई पन्छाएर तपाईंलाई नै फोरमले सभासद् किन बनाएको होला ?**

त्यो त पार्टीका नेताहरूले नै बताउनुहोला। तर जहाँसम्म मलाई लाग्छ, मेरो व्यक्तित्व, समाजमा मेरो योगदान र पार्टीलाई पुग्नसक्ने फाइदा सब कुरालाई विचार गरेर नै पार्टीले मलाई समानुपातिकबाट सभासद् बनाएको होला।

**मोटै रकम चन्दा दिनुभएकोले सभासद्मा पर्नुभयो भन्ने प्याब्सनकै नेताहरूको भनाइ छ नि ?**

म यत्रो राष्ट्रियस्तरको संस्थाको अध्यक्ष बनेको मानिसलाई चन्दा दिएर सभासद् बन्नुपर्ने कुनै खाँचो छैन।

**तपाईंले पार्टीलाई चन्दा पनि दिनुभएन ?**

सभासद् बापत संसद् सचिवालयबाट पाउने सबै रकम पार्टीलाई दिन्छु। म एक पैसा पनि लिन्न। पार्टीलाई आर्थिक सहयोग गरिरहेको छु।

चुनावमा मैले एकदेखि डेढ करोड जति चन्दा दिएँ हुँला।" कांग्रेस, एमाले, एमाओवादीका १०० भन्दा बढी उम्मेदवारहरूलाई सहयोग गरेको बताउने श्रेष्ठ भन्छन्, "प्रत्येकलाई थोरैमा रु.२५ हजार र बढीमा रु.१ लाखसम्म चन्दा दिएँ।"

**किन्न सकिने पद** !

शिक्षक सेवा आयोगले प्रतिस्पर्धाबाट राम्रा शिक्षक छान्न थालेपछि अब सार्वजनिक विद्यालयका शिक्षकको पद किन्न नसकिने भएको छ। तर, मिश्रित प्रणालीमा चुनाव हुने व्यवस्था भएपछि, समानुपातिक कोटामा जाने सभासद्को पद भने किन्न सकिने भएको छ। अरू उद्योगी/व्यापारी र धनाढ्यले झैं पैसाकै बलमा निजी विद्यालय सञ्चालकहरूले पनि मास्टरबाट 'माननीय' बन्ने अवसर पाएका छन्। २०७० असोज १० को प्याब्सन केन्द्रीय समितिको बैठकले आफूहरूमध्येकै पाँच जना 'मूल मास्टर' सभासद् हुनै पर्ने प्रस्ताव पारित गर्‍यो। "सोझो बाटोबाट लक्ष्य हासिल गर्न सकिएन भने टेढो बाटो हिंडेर भए पनि लक्ष्य भेदन गर्नुपर्छ भन्ने मान्यता राखिन्छ, बिजनेसमा। हामीले शिक्षा क्षेत्रमा गरेको लगानी असुरक्षित भयो। त्यसलाई कानूनी, नीतिगत र व्यावहारिक दृष्टिले सुरक्षा दिन पनि नीतिनिर्माण तहमा पुग्नै पर्ने भयो", प्याब्सनका एक नेताले भने।

व्यवसायी र व्यापारीले निजी स्वार्थ विना कतै लगानी गर्दैन। यो संसारभर स्थापित सत्य हो। विधायिकामै व्यवसायीहरू पुग्न खोज्नुको कारण के त? यही बाटोबाट सभासद् बनेका प्याब्सनका पूर्व अध्यक्ष एवं भीएस निकेतन स्कूल/कलेजका मालिक डा. बाबुराम पोखरेल भन्छन्, "शिक्षामा निजी क्षेत्रको लगानी सुरक्षा गर्न नीतिगत लवी गर्न संसद्मै पुग्नुपर्ने भयो। हामीबाट सबैले फाइदा लिन्छन्, तर हाम्रो भावनाको कदर कहिल्यै गर्दैनन्। सबै पार्टीका सभासद्लाई राम्ररी कुरा बुझाउन र हाम्रो अजेण्डामा लवी गर्न हामीलाई सभासद् बनाउने निर्णय प्याब्सनले गरेको हो।"

पोखरेल विजय गच्छदारले नेतृत्व गरेको मधेशी जनअधिकार फोरम लोकतान्त्रिकबाट समानुपातिक कोटामा धेरैलाई चकित तुल्याउने गरी सभासद् बन्न सफल भए। पोखरेलसँगै ग्यालेक्सी स्कूलकी मालिक गीता राना पनि सोही दलको तर्फबाट समानुपातिक कोटामा सभासद् बनिन्। मन्त्रिपरिषद्को बैठकले नेपाली कांग्रेसको कोटाबाट लिटिल एञ्जल्स स्कूलका मालिक उमेश श्रेष्ठ हालै मात्र सभासद् मनोनीत भएका छन्।

'पहाडे' पहिचान बोकेका अनि गैर राजनीतिक व्यक्तित्व पोखरेल र रानालाई तराई केन्द्रित क्षेत्रीय दलले सभासद् बनाउँदा गच्छदारका कार्यकर्ताले विरोध नगरेका होइनन्। विद्यार्थी संगठनका अध्यक्ष कपलेश्वर यादव लगायतले पार्टी कार्यालयमा धर्ना पनि दिए। उनले भने, "मधेशी राजनीतिमा कुनै योगदान नभएका, मधेशलाई नबुझेका र मधेशी भावनाको प्रतिनिधित्व पनि नगर्ने मानिसलाई सभासद् बनाउने प्रस्तावको जमेरै विरोध गरें, तर विजय दाइले चुनाव खर्च जुटाउनका लागि र हाम्रो दलमा पहाडेहरू पनि समावेश छन् भन्ने सन्देश दिन यिनलाई भित्र्याएको हो भन्नुभएपछि छाडिदिएँ।" विद्यार्थी नेता कपलेश्वरले थपे, "पोखरेल र राना पार्टीका साधारण सदस्य पनि थिएनन्, तर उनीहरूसँग

पैसा थियो। त्यसैले रातारात सदस्यता दिएर सभासद् बनाइयो। देख तमासा रुपैयाँका !"

पैसाको बलमा निजी स्कूल सञ्चालकहरू राज्यलक्ष्मी गोल्छा, छाया शर्मा र लक्ष्मण राजवंशीहरू पनि विभिन्न दलबाट सभासद् बन्न सफल भए। नाइटिङ्गेल स्कूल, कुपण्डोल ललितपुरका सञ्चालक टीएल चौधरीले त नेपाली कांग्रेसको तर्फबाट सप्तरीमा प्रत्यक्षमा चुनावै जिते।

प्याब्सन अध्यक्ष लक्ष्यबहादुर केसीका अनुसार निजी स्कूलका सञ्चालकमध्ये पाँच जना मुख्य नेतालाई सभासद् नबनाई नहुने तीन वटा कारण थिए। एक, निजी विद्यालयलाई राष्ट्रियकरण गर्ने चर्चा चलिरहेको छ, त्यसैले निजी लगानीलाई असुरक्षित बनाएको छ। निजी विद्यालयको व्यवस्थापन सम्बन्धी छुट्टै ऐन ल्याएर प्रभावकारी कार्यान्वयन गराउन प्याब्सन नेतृत्व सभासद् हुनैपर्थ्यो। दुई, बाबुराम भट्टराईको सरकारले नचलेका खण्डमा निजी स्कूलको सम्पत्ति राष्ट्रियकरण गर्ने प्रावधानसहितको शिक्षा ऐन संशोधनको मस्यौदा तयार पारेपछि त्यसलाई रोक्न पनि सभासद् हुनुपर्ने भयो। तेस्रो, २०६५ सालमा सरकारले निजी विद्यालयलाई पाँच प्रतिशत कर लगाउने नीति ल्यायो। राज्यको दायित्व मानिने विद्यालय शिक्षामा राज्यले कानो कौडी खर्च नगरेर उल्टै कर लगाउन चाहेपछि विरोध गरियो। यसको फाइदा निजी विद्यालयले उठाए। सरकारले तिनको नाफामा अंकुश लगाउन र खास सञ्चित रकम जान्नको लागि त्यो नीति ल्याएको थियो। त्यो नीति लोकप्रिय भएन। यो नीति पनि फर्केर आउन सक्ने त्रास प्याब्सन पदाधिकारीहरूलाई छ। यी खतरा कम गर्न र निजी स्कूलमैत्री नीति बनाउन सकिने भएकोले शिक्षा व्यवसायीहरूले जसरी पनि सभासद् बन्ने रणनीति लिएका हुन् भनेर सहजै बुझ्न सकिन्छ।

देशका 'कमाउ मास्टरहरू' अहिले शिक्षाको गुणस्तरतिर भन्दा पनि पोल्टामा आएको धन सुरक्षित गर्ने अभियानमा लागेका छन्। यस्ता नाफाखोर मास्टरहरूको प्रभावबाट शिक्षालाई बचाउन सहकारीको अवधारणा पनि आइरहेको छ, जसलाई माओवादीदेखि कांग्रेससम्मले सिद्धान्ततः स्वीकार गरिसकेका छन्। यो पनि निजी स्कूलका सञ्चालकका लागि ठूलो खतरा भएको छ। शिक्षा मन्त्रालयले तयार पारेको शिक्षा ऐन संशोधनको पछिल्लो मस्यौदामा पनि सहकारीमार्फत नयाँ विद्यालय खोल्न पाउने प्रावधान राखिएको छ।

## विशेष सुविधाको खोजी

प्याब्सनका पूर्व अध्यक्ष डा. बाबुराम पोखरेलले भने, "शिक्षा ऐन २०२८ मा सार्वजनिक र निजी स्कूलको व्यवस्थापन सम्बन्धी प्रावधान एकै ठाउँमा भएकाले गन्जागोल भयो। हामीले अनावश्यक रूपमा धेरै तनाव बेहोर्नुपर्छ। निजी विद्यालयको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी छुट्टै ऐन भयो भने हामीलाई सहज हुन्छ।"

विद्यालय निरीक्षकदेखि शिक्षा मन्त्रालयको सहसचिवको रूपमा शिक्षा प्रशासनमा लामो अनुभव हासिल गरी गत वैशाखमा मात्र गृह सचिवबाट सेवा निवृत्त भएका जनार्दन नेपाल भन्छन्, "तिनले कमाएको सम्पत्तिको रक्षा र निर्वाध भोगचलनको लागि छुट्टै ऐनको माग गरेका हुन्। ऐन नै छुट्टै बनाउनुपर्ने केही छैन।"

शिक्षा मन्त्रालयका अर्का पूर्व सहसचिव भन्छन्, "२०५८ सालमा, राजनीतिक दबाबमा विद्यालयलाई पनि कम्पनीमा लैजान पाउने प्रावधान राखियो। यस्तो कानून बनाउन तिनै मास्टरहरूले लवी गरेका थिए। विगत १३ वर्षमा धेरै पुराना निजी स्कूलहरूले सम्पत्ति बेचेर आफ्नो र नातेदारको नाममा कम्पनी बनाए। विद्यालयको सम्पत्ति निजी सम्पत्तिसरह भोगचलन गर्न पाउने व्यवस्था ऐनमा राख्नु नै उनीहरूको मुख्य नियत थियो। विद्यालयको धन निजी सम्पत्तिमा रूपान्तरित गरे। तर विद्यालय सकियो। विद्यालयको सम्पत्तिको रूपमा डेस्क, बेञ्च र कम्प्युटर मात्र बाँकी छन्।"

एमाओवादीबाट शिक्षामन्त्री बनेका दीनानाथ शर्माले सार्वजनिक मञ्चबाटै निजी विद्यालय राज्यभन्दा माथि भएको अभिव्यक्ति दिएका थिए। उनले भनेका थिए, "सरकार निजी विद्यालयका गैरकानूनी र अवाञ्छित गतिविधि रोक्न या तिनलाई ट्र्याकमा ल्याउन सक्षम छैन। किनभने उनीहरू राज्यभन्दा पनि बलिया छन्।"

सार्वजनिक विद्यालय कमजोर र निजी बलियो हुँदै जानुको ठोस कारण छ। २०४६ पछि शिक्षा विकासमा प्रष्ट 'भिजन' आएन। विद्यालय र कलेज विस्तारमा ध्यान दिइयो। सस्तो लोकप्रियताको लागि नि:शुल्क शिक्षाको नारा उरालियो। सरकारले विद्यालयलाई पर्याप्त आर्थिक स्रोत उपलब्ध नगराउने र उठाउन पनि नदिने गरेर क्रमश: माध्यमिक तहसम्म नि:शुल्कको घोषणा गरिदियो। अनि सार्वजनिक विद्यालयहरू खस्कन थाले। जो अद्यापि जारी छ। थोरै मात्र शुल्क उठाउन पाउँदा पनि गुणस्तर कायम राख्न सफल भएका सार्वजनिक विद्यालयहरू शुल्क उठाउने बाटो बन्द भएपछि क्रमश: धरासायी बन्दै गए। यसमाथि शिक्षकको छनोटदेखि व्यवस्थापन समितिको निर्माणमा समेत राजनीतिक हस्तक्षेप हुन थालेपछि सार्वजनिक शिक्षामा काम गर्ने वातावरण तहसनहस नै भयो।

तर यस विपरीत निजी विद्यालयहरूलाई भने खुला छूट दिइयो। उनीहरूले शैक्षिक मात्र होइन, व्यवस्थापन शुल्क पनि कसेरै लिए। अंग्रेजीले लोभ्याए। आफ्ना बालबालिकाका लागि राम्रो शिक्षालयको खोजीमा भौंतारिएका केही अभिभावकका लागि उनीहरू एक मात्र विकल्प ठहरिए।

शहरिया मध्यम वर्गीय अभिभावकहरूको यही विवशताको फाइदा उठाउँदै निजी विद्यालयका कतिपय सञ्चालकहरूले शुल्कमा मनोमानी बढोत्तरी गर्दै गए। एक दशकमै नयाँ शक्ति बन्न पुगे। उनीहरूले पैसा कमाए, तर कर तिरेनन्। धेरैपछि सरकारले कसिकसाउ गर्न खोज्यो। शिक्षा ऐनमा नै सातौं संशोधन गरेर कर सम्बन्धी व्यवस्था राख्न खोजियो। यही मौकाको फाइदा उठाउँदै उनीहरूले भन्न थाले, "हामी कर तिर्छौं, हाम्रो विद्यालयलाई कम्पनीमा जाने बाटो खुला गरिदिनुपर्‍यो।"

सत्तारुढ कांग्रेस र प्रमुख विपक्षी एमालेका प्रमुख नेताहरू तिनका कुरामा 'कन्भिन्स' भए। शिक्षा ऐनको सातौं संशोधन हुँदा निजी विद्यालयलाई कम्पनीमा लैजान सकिने गरियो। शिक्षा ऐनमा विद्यालयको सम्पत्ति सार्वजनिक हुन्छ भनेर प्रष्ट लेखिएकोमा त्यसलाई परिवर्तन गरी सार्वजनिक सम्पत्तिको रूपमा रहेको विद्यालय र त्यसले आर्जन गरेको सम्पत्ति कम्पनीमा दर्ता भए। त्यसबेला रुण्डै ५० अर्बको सम्पत्ति एउटै निर्णयबाट रातारात

व्यक्तिको नाममा सारियो । यसपछि निजी विद्यालयका सञ्चालकहरू राज्य भन्दा बलिया बन्न पुगे । कम्पनीमा नजानेले गैरनाफामूलक संस्थाका रूपमा गुठीमा जानसक्ने प्रावधान त ऐनमा थियो । तर नाफामूलक कम्पनी र सामाजिक सेवा भावको गुठी विद्यालयका बीच कुनै भेद गरिएन । दुवैलाई राज्यका तर्फबाट दिइने सुविधामा कुनै फरक छैन । राज्यको नीतिले नै विद्यालयको सम्पत्ति निजीमा लैजान बाटो खुला गरिदिएपछि अधिकांश सञ्चालकहरूले यही बाटो पछ्याउनु अस्वाभाविक होइन ।

शिक्षा मन्त्रालयका एक सहसचिव भन्छन्, “शिक्षामन्त्री निजी विद्यालयका संरक्षक र मन्त्रालयका कर्मचारी कारिन्दा जस्ता भएका छन् । ऐन-नियमको पालना नगर्ने निजी विद्यालयलाई कारबाही गर्न सक्दैनन् । मन्त्री र सरकार निर्माण गर्ने दलहरू नै निजी विद्यालय सञ्चालकका संरक्षक बनिदिन्छन् । राजनीतिक नेतृत्वले कुनै लाभ नलिई निजी विद्यालयका गैरकानूनी र गलत कामको संरक्षण गर्छन् र ?”

पूर्व सचिव जनार्दन नेपाल थप्छन्, “राजनीतिक नेतृत्व भ्रष्ट हुँदा कर्मचारीतन्त्र कमजोर हुन्छ । नीतिनिर्माणदेखि कार्यान्वयनको प्रमुख नेतृत्व त मन्त्रीले नै गर्ने हो । मन्त्री इमानदार र प्रतिबद्ध भए मात्र कर्मचारीतन्त्रले नियम-कानूनको कार्यान्वयन गर्न सक्छ ।”

## शिक्षाका नाममा व्यापार

पोखरेल, राना, श्रेष्ठ लगायतका निजी विद्यालयका व्यवसायीहरूको आर्थिक सबलीकरण एक मात्र आधार भनेको तिनले सञ्चालन गरेको निजी स्कूलको आय हो । डा. बाबुराम पोखरेल भन्छन्, “मैले यो (भीएस निकेतन) स्कूल खोलेर काम गर्न थालेको ३७ वर्ष भइसक्यो । गोरखाको साधारण किसानको छोरो मैले नाम, प्रतिष्ठा र दाम जे-जति कमाएँ, विद्यालयबाटै कमाएको हुँ ।”

निजी विद्यालयको आम्दानीको एक मात्र स्रोत भनेको विविध शीर्षकमा लिइने शुल्क हो, जो अभिभावककै थाप्लामा पर्दछ । निजी स्कूलहरूको मनोमानी कतिसम्म छ भन्ने बुझ्न सभासद् रानाको ग्यालेक्सी स्कूलको एउटा दृष्टान्त नै पर्याप्त हुन्छ । २०६७ सालमा यस स्कूलले पूर्व प्राथमिक तह (नर्सरीदेखि अपर केजी) को निम्ति मासिक शुल्क (रु.२ हजार ४००) बाहेक जाँच, कम्प्युटर, कक्षा क्रियाकलाप, स्टेशनरी आदि भनेर हरेक विद्यार्थीसित मासिक रु.५ हजार ५०० लिएको थियो । अतिरिक्त क्रियाकलाप, पुस्तकालय, विज्ञान प्रयोगशाला, मर्मतसम्भार भनेर छुट्टै थप रु.४ हजार ८०० पनि लिन्थ्यो । २०७१ सालमा आइपुग्दा स्टेशनरी, कक्षा क्रियाकलाप, जाँच शुल्क आदिमा तीन गुणा वृद्धि गरेर मासिक रु.१५ हजार पुऱ्याएको छ । अतिरिक्त क्रियाकलाप र विज्ञान प्रयोगशाला, पुस्तकालयका नाममा रु.३०० बढाएर रु.५ हजार १०० पुऱ्याएको छ । एक शिक्षक भन्छन्, “स्कूलले धेरै नाफा कमाउने ठाउँ नै विविध शुल्क हो । यसरी उठाइएको अधिकांश रकम खर्चै हुँदैन, सोझै नाफा हुन्छ । स्टेशनरीको व्यापार गरेर पनि ८० प्रतिशत बचत हुन्छ ।”

काठमाडौं उपत्यकाका अधिकांश ठूला र मझौला निजी विद्यालयहरूमा ठ्याक्कै यही प्रवृत्ति भेटिन्छ । केही वर्ष काठमाडौं र ललितपुरमा विद्यालय निरीक्षणको अनुभव सँगालेर

हाल शिक्षा मन्त्रालयमा उपसचिव पदमा कार्यरत गुरुप्रसाद मैनाली भन्छन्, "मासिक शुल्क सबै विद्यालयमा कम राखिएको हुन्छ । तर पुस्तकालय, कम्प्युटर, अतिरिक्त क्रियाकलाप, स्टेशनरी आदिको नाममा राम्रै पैसा असुल्ने काइदा अपनाइएको हुन्छ ।"

यता आएर खाना पनि निजी विद्यालयको नयाँ व्यापार बनेको छ, जसको भित्री अभिप्राय: थप नाफा कमाउनु हो। निजी स्कूलहरूले अमूक लेखक या प्रकाशन गृहसित राम्रै दरमा कमिशन लिएर पाठ्यपुस्तकलाई अनिवार्य गरिदिन थालेपछि सरकारले नै लोकलाजको लागि भए पनि त्यसो नगर्न उर्दी जारी गरेको छ ।

## फितलो अनुगमन

त्यसो त शुल्कमा मनोमानी भयो भन्ने गुनासो व्यापक रूपमा बढिरहँदा २०६० सालमा पहिलोपल्ट शुल्क निर्धारणबारे अध्ययन गरी सुझाव पेश गर्न सरकारीस्तरमा एक कार्यदल बनेको थियो । तर त्यो कार्यदलको प्रतिवेदन कार्यान्वयनमा आउन सकेन । ढिलो गरी २०६८ सालमा शिक्षा मन्त्रालयले निजी विद्यालयको शुल्क निर्धारणलाई अलि व्यवस्थित बनाउन निर्देशिका बनाएको थियो। तर त्यो पनि कार्यान्वयन भएन। यसपटक नमूनाका रूपमा अनुगमन गरिएका भनिएका काष्ठमण्डप मावि, युरो किड्स, काव्य, रोजवर्ड, चेल्सी, पाठशाला लगायतका केही स्कूललाई बढाएको शुल्क फिर्ता गर्न शिक्षा विभागले आदेश दियो। ती स्कूलहरूले भने संभावित झन्झटबाट बच्न शुल्क मिलान गरिएको लिखित कागज जिशिकामा बुझाएका छन् ।

शिक्षा विभागका निर्देशक एवं शुल्क अनुगमन समितिका संयोजक टेकनारायण पाण्डे भन्छन्, "उच्च प्रशासक, नेतादेखि समाजमा प्रभाव राख्ने सबैका छोराछोरी निजी विद्यालयमा पढ्ने भएकाले चाहेर पनि मनोमानी शुल्क लिने विद्यालयलाई कारबाही गर्न सकिएको छैन ।"

पाण्डेकै नेतृत्वमा भएको निरीक्षणमा जिल्ला शिक्षा कार्यालय शुल्क नियमनमा उदासीन भएको फेला परेपछि शिक्षा कार्यालयलाई सचेत गराइएको थियो । उनी भन्छन्, "निजी विद्यालयहरूले मनोमानी शुल्क वृद्धि गर्ने आधार बनाएका छन्। विभिन्न दलका प्रभावशाली नेतालाई नै संरक्षक बनाएका हुनाले कर्मचारी संयन्त्रले जोखिम मोलेर कारबाही गर्न गाह्रो हुँदोरहेछ ।"

निर्देशक पाण्डेको अनुभवमा, शिक्षा ऐन र कम्पनी ऐनमध्ये कुन बढी प्रभावी हुने भन्ने सैद्धान्तिक अन्योल छ। "विद्यालयलाई कम्पनीमा जान दिनुहुँदैनथ्यो। किनभने शिक्षा सेवा हो, व्यापार होइन। अब त्यो गल्ती नसच्याएसम्म हामीले निजी विद्यालयलाई रेगुलेट गर्ने र समस्या समाधान गर्ने नैतिक र सामाजिक आधार प्राप्त गर्दैनौं।" पाण्डे भन्छन्, "कम्पनीका विद्यालयलाई गुठी वा सहकारीमा लगेरै त्यहाँ स्थानीय निकायको पनि अर्थपूर्ण उपस्थिति सुनिश्चित गर्नुपर्छ ।"

(**२०७१ असोज महीनाको *शिक्षक* मासिकमा प्रकाशित**)

■ वसन्तप्रताप सिंह **३**

# कागजी साक्षरता : नागरिक ल्याप्चे युगमै

बझाङका जिल्ला शिक्षा अधिकारी जगन्नाथ उपाध्यायले जिल्लाका २१ वटा गाविसलाई 'पूर्ण साक्षर' भनी घोषणा गरिसकेका छन् । जिल्लामा आयोजना हुने साना-ठूला कार्यक्रममा बझाङ जिल्लाका २१ वटा गाविस पूर्ण साक्षर भइसकेको र बाँकी २६ गाविसलाई सन् २०१४ भित्र साक्षर बनाएर बझाङ जिल्लालाई पूर्ण साक्षर जिल्ला घोषणा गर्न प्रतिबद्ध रहेको भाषण गर्दै हिंड्छन। उनका भाषणले स्थानीय पत्रपत्रिका भरिएका छन्।

'पूर्ण साक्षर' घोषित यी गाविसहरूमा लेखपढ गर्न नजान्नेकाहरूकै बाहुल्य रहेको पाइएको छ ।

जिशिअ भन्छन्, "जसले नेपाली भाषामा सजिलैसँग लेखपढ गर्न, कम्तीमा एकलाखसम्मको हिसाबकिताब, ब्याङ्किङ कारोबार, इन्टरनेटमा कुराकानी गर्न र मोबाइल फोन आफैं चलाउन सक्छन् तिनलाई साक्षर भएको मानिन्छ ।"

शिक्षा मन्त्रालय, अनौपचारिक शिक्षा केन्द्रका निर्देशक बाबुराम पौडेलका अनुसार, मातृभाषा वा राष्ट्रिय भाषामा लेखिएका सरल शब्द वा वाक्य पढ्न, बुझ्न र लेख्न तथा दैनिक व्यवहारमा आइपर्ने सामान्य गणितीय समस्या समाधान गर्न सक्नेलाई साक्षर भएको मान्ने गरिएको छ ।

बझाङ जिशिअले 'पूर्ण साक्षर' भनी घोषणा गरिदिएको गाविसका मानिसहरूलाई भेट्दा भने माथिका यी दुवै परिभाषा उल्टो पर्न जान्छन् ।

साक्षर नेपाल अभियान अन्तर्गत बझाङ जिल्लाका लामातोला, पौवागढी, कोटभैरव, चौधारी, पीपलकोट, धमेना, गडराय, मेलविसौना, सुवेडा, कोटदेवल, कैलास, हेमन्तवाडा, लुयाटा, सुनिकोट, ब्यासी, मालुमेला, कालुखेती, कोइरालाकोट, भैरवनाथ भामचौर र देउलेक गाविसलाई जिल्ला शिक्षा कार्यालयले पूर्ण साक्षर गाविस भनेर घोषणा गरिसकेको छ ।

देउलेक गाविसकी बिर्मादेवी कामी (३१) ले भनिन्, "बिहे गरेर यहाँ आएको १५ वर्ष




'पूर्ण साक्षर' घोषित लेख छापिए पनि यी गाविसहरूमा लेखपढ गर्न नजान्नेहरूकै बाहुल्य रहेको पाइएको छ ।



एक स्वयंसेवकको घरको करेसामा भेटिएका पाठ्यपुस्तक तथा पाठ्यसामग्री ।





सदरमुकाम चैनपुरस्थित एक निरीक्षकको डेरा नजीकै फोहोर फाल्ने ठाउँमा फालिएका निरीक्षकले भर्ने फारम ।



साक्षर को भयो ? हामी त ल्याप्चे लगाउँदैछौं ।



भयो। यहाँ प्रौढ कक्षा आएको र पढाएको सुन्न पाएकी छैन। माइतीमा पढन पाइएन। घरमा पनि पढ्न पाइएन। म त जिन्दगीभरी अन्धी।"

तर जिल्ला शिक्षा कार्यालयको अभिलेखमा भने यिनको नाम पनि 'पूर्ण साक्षर' भएका भनिएकाहरूको सूचीमा राखिएको छ। यो कुरा थाहा पाउने बित्तिकै बिर्मादिवीले आक्रोश पोखिन्– हामीलाई कसले पढाए ? गरीबको नाम बेचेर खाने ? कुन फटाहाले दियो मेरो नाम ?

उनले विरह बोलिन्– लेख्न पढ्न जानेको भए त गाउँको मिटिङमा जान पाउँथें। मिटिङमा जाने मान्छेले लेख्नुपर्छ रे ! हामी त ल्याप्चे। त्यै भएर मिटिङमा जान लाज लाग्छ। बिर्मादिवीले थप अनुरोध गरिन्– सरकारले नाम मात्र लेख्न सिकाइदेओस्। आफ्नो नाम लेख्न कत्रो रहर छ !

## साक्षरताको कागजी प्रतिवेदन

बझाङ जिल्ला शिक्षा कार्यालयले आर्थिक वर्ष २०६९/७० मा देउलेक गाविसका यी बिर्मादिवीसहित ५५५ जना महिला र २३६ जना पुरुषले साक्षरता कक्षामा अध्ययन गरेर साक्षर बनेको अभिलेख राखेको छ। यसै आधारमा देउलेक गाविस पनि 'पूर्ण साक्षर' को सूचीमा परेको छ। यो प्रतिवेदन शिक्षा विभागमा पेश गरिसकिएको छ।

'पूर्ण साक्षर' को सूचीमा परेको गडराय गाविस–८ गोर्खालीकी २५ वर्षीय खिरु खड्का पनि लेखपढ गर्न जान्ने भनेर शिक्षा कार्यालयको अभिलेखमा परेकी छिन्। तर खड्कालाई, यो कुरा साँचो हो भनी प्रश्न गर्दा उनले शिक्षा कार्यालयका कर्मचारीलाई गाली गर्न थालिन् र भनिन्, "नाम लेख्न नजानेको हुनाले गाउँलेको हेलाँमा पर्नु परेको छ। प्रौढ कक्षा आउला र पढ्न जाउँला भन्ने धोको पूरा नहुने भयो। कर्मचारी कति बद्मास होलान् !"

खिरुदेवी खड्का (२५) लाई पात्रोको १, २ अंक चिन्न लगाउँदा अक्क न वक्क भइन्। उनको नाम भने साक्षर भएको सूचीमा परेको सुन्दा त झन् कालोनीलो भइन्। उनले भनिन्– साउँ अक्षर सिक्न पाएको छैन। पात्रो कसरी हेर्नु। उनलाई प्रौढ कक्षाको किताब नयाँ गोरेटो देखाएर यो किताब चिन्नुहुन्छ भनेर सोध्दा अप्ठ्यारो मान्दै भनिन्– खै थाहा छैन। तपाईंले पनि पढ्न जान्नु हुन्छ भनेर शिक्षा कार्यालयले नाम चढाएको छ नि भनेर सोध्दा उनले रिसाउँदै भनिन्– "मलाई नजिस्काउ है। मलाई कहिले पढायौ ?"

पढ्न पाए पढ्नु हुन्छ ? भन्ने प्रश्न गर्दा उनी खुशी भइन् र भनिन्– "पढ्छु नि ! अक्षर लेख्न र पढ्न कति रहर लाग्छ। म त जिन्दगीभरि अन्धो हुने भएँ भन्ने पीर लाग्छ। पढाउन आए त एक दिन नछुटाई पढ्नेथिएँ।"

बझाङ जिल्ला शिक्षा कार्यालयले आर्थिक वर्ष २०६९/७० मा १४ गाविसका ९ हजार २४६ महिला र २ हजार ७५४ जना पुरुष गरी १२ हजार व्यक्ति साक्षर भएको प्रतिवेदन दिएको छ। जसमा बिर्मादिवी र खिरुदेवी खड्का लगायत धेरैको नाम समावेश छ।

गडराय–८ की २७ वर्षीया जुन्कु खड्काको नाम पनि साक्षर भइसकेको छ। साक्षर नेपाल अभियान अन्तर्गत प्रौढ शिक्षाका लागि तयार पारिएको पुस्तक *नयाँ गोरेटो* पढ्न

दिंदा उनी लाजले रातोपीरो भइन्। उनको प्रतिक्रिया थियो, “पढ्न पाएको भए पो जान्नु ? कालो अक्षर भैंसी बराबर !”

बझाङका १६ गाविसमा शिक्षा सम्बन्धी काम गरिरहेका सामाजिक कार्यकर्ता मंगलबहादुर खड्का भन्छन्, “यहाँ साक्षरता बजेट आउँछ, तर पढाइ हुँदैन। यस्तै चलिआएको छ। यहाँ सबै नपढिकनै साक्षर हुन्छन्। जिल्ला शिक्षा कार्यालयले घोषणा गरेपछि साक्षर भएको मान्नै पऱ्यो।”

### हामीलाई कसैले पढाएनन्

गत वर्ष हेमन्तवाडा गाविसमा प्रौढ शिक्षा सहयोगी कार्यकर्ताका रूपमा कार्यरत ५८ जना महिला स्वयंसेवकमार्फत ८७१ जनालाई साक्षर बनाएको नामावली जिल्ला शिक्षा कार्यालयको ढड्डामा चढाइएको छ।

यसै ढड्डाको आधारमा यस गाविसले पनि ‘पूर्ण साक्षर’ गाविसको तक्मा पाएको छ। स्थानीय बासिन्दाहरू भन्छन्– यहाँ पढ्न लेख्न नजान्ने बग्रेल्ती छन्। महिला त अन्धा नै छन्। खोई कसैले पढाइदिएनन्। पुस्तक, कापी-कलम, मास्टर केही पनि देख्न पाइएन।”

## अक्षर चिन्दिनँ

**–खिरुदेवी खड्का, गडराय**



गडराय गाविस-८ कि खिरुदेवी खड्का (२५) लाई क्यालेन्डरमा भएका अंकहरू खुट्याउन दिंदा अक्क न वक्क भइन्। छिमेकी जिल्ला बाजुराको डोगडी गाविस माइती भएकी उनलाई १६ वर्षको उमेरमा बाबुआमाले विवाह गरिदिएका थिए। त्यतिबेला उनको गाउँमा छोरीलाई पढाउने चलन थिएन। तपाईंले प्रौढ कक्षा पढ्नुभएको छ ? भनेर सोध्दा उनी छक्क परिन्। तर उनको नाम भने साक्षर भइसकेको छ। एक छोरा र दुई छोरीकी आमा खिरुलाई साउँ अक्षर सिक्ने रहर छ।

**(प्रौढ कक्षाको किताब *नयाँ गोरेटो* देखाएर) यो किताब के हो भन्नुस् त ?**

(अप्ठ्यारो मान्दै) खै थाहा छैन। हामी अनपढ मान्छेलाई कागजका कुरा के थाहा हुन्छ। पढेका मान्छेले पो चिन्छन् त।

**तपाईंले पनि पढ्न जान्नु हुन्छ रे नि ! प्रौढ कक्षा पढ्नुभएको रै’छ !**

मैले कहिले पढें ? मलाई नजिस्काऊ है !

**हैन, तपाईंको नाम त साक्षर भनेर शिक्षा कार्यालयमा लेखिएको छ नि ?**

पार्वती ओलीले पोल खोल्दै भनिन्– यहाँका स्वयंसेवक (प्रौढ कक्षा शिक्षक) ले स्कूल नै खोलेनन् ।

गडराय गाविसकी एक महिला स्वयंसेवकले नाम उल्लेख नगर्ने शर्तमा भनिन्, "सबैले नपढाएरै पैसा खान्छन् । मैले मात्र किन दुःख गर्ने ? पढाए पनि नपढाए पनि भत्ता पाइहालिन्छ ।"

अहिलेसम्म तीन पटक प्रौढ शिक्षा पढाउने जिम्मा पाएर पनि कहिल्यै कक्षा संचालन नगरेको बताउने ती स्वयंसेविकाले भनिन्– गाउँमा पढ्ने मान्छे छैन, छोराछोरीको कापी र सिसाकलम किन्न नपरेको तीन वर्ष जति भयो ।

साक्षरता कक्षाका सहभागीलाई बाँड्नुपर्ने कापी र सिसाकलम जति स्वयंसेवकहरूले नै खर्च गर्छन् । पाठ्यपुस्तक *नयाँ गोरेटो* समेत तातो भाँडा समाउन र सानोतिनो सामान पोको पार्न प्रयोग गर्छन् । यी स्वयंसेविकाले भनिन्, "किताब जति गाउँका पसलेले लगे ।"

गडराय–८ की २६ वर्षीया बेलुदेवी खड्का भने साक्षरता कक्षा पर्खेर बसेकी छिन् । उनले भनिन्, "हामी जस्ता अनपढलाई पढाउन प्रौढ कक्षा आउँछ भनेको सुन्छु, पढाउनै आएनन् । महिला स्कूल खुले पनि, त्यहीं गएर पढ्थें ।"

मलाई कसले पढायो ? नपढेको मान्छेको नाम लेख्ने कस्ता बद्मास रै'छन् !

**लेखपढ गर्न जान्ने हुन पाए हुन्थ्यो भन्ने लाग्छ ?**

लाग्छ नि ! नाम लेख्न जानेकै छैन । हेलाँ भइएको छ । नाम लेख्न जान्ने भए त बैठकमा जान पाउने थिएँ । दुई चार कुरा सिक्ने थिएँ । नाम लेख्न जान्नेहरू बैठकमा जान्छन् । यस्तो सिक्यौं, छलफल गऱ्यौं भन्छन् । मलाई पनि जान रहर लाग्छ, तर आफू अनपढ परियो ।

**नाम लेख्न नजान्नेलाई बैठकमा जान दिंदैनन् र ?**

अरू दिदीबहिनीले जाऊँ त भन्छन् तर मलाई नै अप्ठ्यारो लाग्छ । त्यहाँ गए पछि नाम लेख्नुपर्छ ।

**कसैले प्रौढ कक्षा पढाए भने पढ्नुहुन्छ ?**

पढ्छु नि ! अक्षर लेख्न र पढ्न कति रहर लाग्छ । अरू दिदीबहिनीले नाम लेखेको, बैठकमा गएको देख्दा म त जिन्दगीभरि अन्धी हुने भएँ भन्ने पीर लाग्छ । स्कूल जान मन लाग्छ *(हाँस्दै)* । हामी जस्तै उमेरका मान्छे पढ्ने स्कूल भए त एक दिन नछुटाई पढ्नेथिएँ ।

**छोराछोरीकी आमा भइसक्नुभयो, अब पढेर के गर्नुहुन्छ र ?**

छोराछोरीले यो के हो आमा सिकाइदिनुस् भन्छन् । आफूलाई कालो अक्षर भैंसी बराबर । पढेको भए त उनीहरूलाई सिकाइदिन्थें । अरू दिदीबहिनीसँग बैठकमा जान्थें, आफ्ना कुरा भन्थें । पढेको भए के खेर जान्थ्यो र !

यसरी साक्षर हुन चाहना राखेर अवसरको खोजी गर्नेहरू यहाँ प्रशस्त छन्। कैलाश–४ का लोकपाल सिंहले प्राथमिक कक्षा पढिरहेका आफ्ना छोराछोरीको सहयोगमा आफ्नो नाम लेख्न सिकेका छन्। उनले दु:खेसो गरे, "प्रौढ पढ्न पाइएन, आफ्नै बच्चाहरूसँग नाम लेख्न सिकियो। पढ्ने धोको अधूरै रहने भयो।"

यिनको वडामा गत वर्ष मात्र तीन वटा प्रौढ कक्षा संचालन भएको रेकर्ड देखिन्छ। यिनको नाम पनि साक्षरको सूचीमा परेको छ। त्यो साँचो होइन र भन्ने प्रश्न गर्दा उनी जङ्गिन थाले, "मलाई त कसैले पढाएनन्। यहाँ कक्षा नै खुलेन। मेरो नाम कसले लेखेछ ? मैले त होइन।"

**दोष जति निरक्षरकै थाप्लोमा**

यहाँका धेरैजसो गाविसका स्वयंसेवक शिक्षकले प्रौढ कक्षा नै खोलेनन्। केही स्वयंसवेकहरूले विद्यार्थी नै नआएको निहुँ पारेर एक दुई दिनमा बन्द गरे। वडाको १५ जना महिलालाई साक्षर बनाउने जिम्मा लिएकी कैलाश–८ की स्वयंसेवक शिक्षिका पुष्पा जेठाराले भनिन्, "कक्षा खोलेको हो, तर पढ्ने नै आएनन्। अनि बन्द गरें।"

उनले गुनासो गरिन्, "केही दिन त घरघरमा गएर पढ्ने ल्याएँ। कोही आज मेरो काम छ भन्थे, कोही चाहिं पढेर के हुन्छ र भन्थे। १० दिनसम्म एक/दुई जना आए। त्यतिलाई पढाएर के हुन्छ भनेर मैले पनि कक्षा बन्द गरें।"

कैलाश–७ की स्वयंसेवक शर्मिला सिंहले पनि "पढ्ने नआएपछि कक्षा बन्द गरेको"

## आफ्नो नाम लेख्न ठूलो रहर छ

–**बिर्मा देवी कामी**, देउलेक गाविस



**तपाईं लेखपढ गर्न सक्नुहुन्छ ?**

आउँदैन। स्कूल नपढेका मान्छेलाई कसरी पढ्न लेख्न आउँछ !

**प्रौढ कक्षा पढ्नुभएको छ रे नि ?**

छैन। हाम्रो बेलामा छोरीले स्कूल पढ्ने चलन नै थिएन। ८/१० वर्ष त भयो छोरीहरूलाई स्कूल पढ्न पठाउन थालेको।

**हैन। प्रौढ कक्षा भनेको तपाईं जस्ता स्कूल जाने उमेर कटिसकेका मानिसलाई गाउँमै पढाउँछन् नि ! त्यही के त...**

खै बिहे गरेर यो गाउँमा आएको १५ वर्ष भइसक्यो। गाउँमा पढाएको त

बताइन् । "बिहानैदेखि बोलाउन घरघरै चहार्नुपर्ने । अनि दुई/चार जना आएपछि कसलाई जाँगर चल्नु ?"

स्वयंसेवक शिक्षिकाहरूले यस्तो बयान दिए तापनि जिल्ला शिक्षा कार्यालयले भने कैलाश गाविसमा ४३ जना स्वयंसेवकमार्फत ३९७ महिला र २६० पुरुष गरी ६५७ जनालाई गत वर्ष साक्षर बनाएको दाबीसहितको प्रतिवेदन बनाएर गाविसलाई 'पूर्ण साक्षर' घोषणा गरिसकेको छ ।

कैलाश गाविसका पूर्व अध्यक्ष सुरतबहादुर सिंहले भने– यहाँ एक हजार भन्दा बढी निरक्षर छन् । महिलाहरूले केही दिन पढे । पुरुषहरू त पढ्नै गएनन् ।

पढ्न नजानुको कारण खोज्दा सिंहले भने– "नियमित कक्षा हुँदैन । स्वयंसेवकले मनपरी गरेपछि को जान्छ !"

जिल्ला शिक्षा अधिकारी जगन्नाथ उपाध्याय अनुसार– कोही मान्छे छुटेको हुनसक्छ । तर २१ गाविसका अधिकांश मानिस साक्षर भैसकेकोले ती गाविसलाई 'पूर्ण साक्षर' घोषणा गरिएको हो ।

उपाध्याय भन्छन्, "८५ प्रतिशत मानिस साक्षर भएपछि गाविसलाई 'पूर्ण साक्षर' घोषणा गर्न मिल्छ । अन्तर्राष्ट्रिय मान्यता यही हो । हाम्रो तथ्याङ्कले पनि यही देखाउँछ ।"

सिद्धान्त र तथ्यांकले देखाए पनि साक्षर भनी नाम परेका मानिसहरू त निरक्षर नै देखिए नि भन्ने प्रश्न गर्दा उनको जवाफ थियो– "हामीले डकुमेन्टलाई मान्ने हो । कसले पढ्यो, कसले पढेन भनेर जिल्ला शिक्षा अधिकारीले थाहा पाउँदैन ।"

आजसम्म देखेकी/सुनेकी पनि छैन ।

**तपाईंलाई त प्रौढ कक्षा पढेर लेखपढ गर्न जान्ने भैसकेको भनेर तपाईंको नाम लेखेको देख्या'थें जिल्ला शिक्षा कार्यालयमा ?**

हामी जस्तालाई कसले पढाउँदा हुन् । जो पनि गरीबको नाम बेचेर खाने त हुन् । कुनै फटाहाले दियो होला मेरो नाम । पढ्न नजाने पनि नाम लेख्न जाने पनि कति हुन्थ्यो !

**नाम लेख्न जानेर के हुन्छ र ?**

आजभोलि समाजमा गए पनि नाम लेख्नुपर्छ । अचेलका मान्छे खरर्र लेख्छन् हामी भने सधैं औंठा छाप; त्यै भएर लाज लाग्छ । नाम लेख्न जान्नेको र नजान्नेको एउटै दाँजो कहाँ हुन्छ र !

**तपाईंको गाउँमा पढाउने मान्छे आए भने पढ्नुहुन्छ त ?**

कामको बेला त सकिंदैन होला हामी गरीब मान्छे छोराछोरी पाल्नु पर्‍यो । हिउँदतिर अलि फुर्सत हुन्छ । हिउँदको महीनामा पढाए भने त किन नपढ्नु नि ! नाम लेख्न सिक्ने कत्रो रहर छ ।

गत वर्ष भैरवनाथ गाविसमा साक्षरता उन्मूलन गर्ने जिम्मा पाएको दलित सहयोग समाजका अध्यक्ष सुनिल नेपालीले भने– "शिक्षा अधिकारीलाई धेरै मानिस निरक्षर रहेको जानकारी गराएका थियौं। तर उहाँले यस गाविसलाई पनि 'पूर्ण साक्षर' घोषणा गर्नुभयो। कसरी गर्नुभयो, उहाँले जान्ने कुरा हो; हामीलाई थाहा भएन।"

**कहाँ गयो साक्षरताको बजेट**

जिल्ला शिक्षा कार्यालयको प्रतिवेदन अनुसार, बझाङ जिल्लामा साक्षरताको नाममा हालसम्म रु.८ करोडभन्दा केही बढी रकम खर्च भइसकेको छ। जिल्ला शिक्षा अधिकारी जगन्नाथ उपाध्यायले बताए– गत वर्ष र यस वर्षमा गरी करीब रु.३ करोड खर्च भएको छ। यो बजेट साक्षर नेपाल अभियान अन्तर्गत खर्च भएको हो।

साक्षरता अभियान संचालन गर्ने जिम्मा तीन किसिमका संस्थाहरूले पाउने गरेका छन्। पहिलो समूहमा विद्यालयहरू नै पर्छन्। बझाङको सरस्वती विद्या मन्दिर रनाडाले कोटदेवल गाविसमा, शान्ति उच्च माध्यमिक विद्यालय चौधानपाटाले व्यासी गाविसमा र चन्द्रोदय उच्च माध्यमिक विद्यालय भाट्सैनले भामचौर गाविसमा साक्षरता कक्षा चलाउने जिम्मा पाएका थिए।

दोस्रो समूहमा स्थानीय गैरसरकारी संस्थाहरू पर्छन्। बन्धु मिलन युवा समाजले सुवेडा गाविसमा, दलित सहयोग समाज चैनपुरले भैरवनाथ गाविसमा, जिल्ला हलिया मुक्ति समाज चैनपुरले मालुमेला गाविसमा र समुन्नत समाज देउलेकले देउलेक गाविसको जिम्मा पाएका थिए।

# जिशिअ संवाद



**–जगन्नाथ उपाध्याय**
जिल्ला शिक्षा अधिकारी, बझाङ

**अहिलेसम्म कति गाविसलाई साक्षर भनेर घोषणा गर्नुभयो ?**

२१ गाविस।

**अघिल्लो वर्ष** (आ.व.२०६९/७०) **मा १४ गाविसलाई साक्षर भनेर घोषणा गर्नुभयो। तर ती गाविसका मान्छे अझै औंठाछाप छन्। किन यस्तो ?**

जिम्मा लिने संस्थाहरूले गल्ती गरे। निरीक्षकहरूले गल्ती गरे। ती निरीक्षक अनौपचारिक शिक्षाका हुन्।

**उनीहरूलाई कारबाही गर्नु पर्दैन त ?**

अब सुधार गर्ने हो।

तेस्रो समूहमा सामुदायिक अध्ययन केन्द्रहरू पर्छन् । कालिका सामुदायिक अध्ययन केन्द्रले मेलविसौना गाविसमा, सुनिकोट सामुदायिक अध्ययन केन्द्रले सुनिकोट गाविसमा, मष्टा कालाढुङ्गा बहुउद्देश्यीय सामुदायिक अध्ययन केन्द्रले कैलाश गाविसमा, भवानी सामुदायिक अध्ययन केन्द्रले हेमन्तवाडा गाविसमा, लुयाँटा सामुदायिक अध्ययन केन्द्रले लुयाँटा गाविसमा, लोककल्याणकारी सामुदायिक अध्ययन केन्द्रले कालुखेती गाविसमा र जयपृथ्वी सामुदायिक अध्ययन केन्द्रले कोइरालाकोट गाविसमा साक्षरता कक्षा चलाउने जिम्मा पाएका थिए ।

नियम अनुसार, यी संस्थाहरूले कक्षा संचालन गर्ने स्वयंसेवक (शिक्षक) लाई पाँच दिनको अभिमुखीकरण तालीम दिनुपर्दछ । तर जिल्लाका १४ वटै गाविसमा दुई/दुई दिन मात्र तालीम भए । तालीमका सहभागीले दैनिक रु.२०० का दरले भत्ता पाउनुपर्नेमा रु.१०० मात्र पाएका थिए भने निरीक्षकहरूले दैनिक रु.३०० पाउनुपर्नेमा रु.१५० मात्र पाए । सुवेडा गाविसमा संचालन भएको निरीक्षक तालीमका सहभागी राजेन्द्र सिंहले भने, "शिक्षा कार्यालयको प्रतिनिधि आएका थिए । बजेट घटेको हुनाले भत्ता कम भएको हो भनेपछि हामीले चित्त बुझायौं ।"

शिक्षा कार्यालयले प्रकाशित गरेको शैक्षिक स्थिति प्रतिवेदनमा उल्लेख गरिए अनुसार, ७९१ जना स्वयंसेवक र ४५ जना निरीक्षकलाई तालीम दिइएको थियो । जसको खर्च रु.१८ लाख ५० हजार देखाइएको छ । तालीम संचालन गर्नेहरू विद्यालय निरीक्षक र स्रोतव्यक्ति थिए ।

**१४ वटै गाविसमा धेरैले त पाठ्यपुस्तक र स्टेसनरी पनि वितरण गरेनछन् । कक्षा चलाउनेले पनि १५ दिनभन्दा बढी चलाएनछन् । मानिस कसरी साक्षर भए ?**

प्रतिवेदनमा सबै ठाउँमा कक्षा चलाएको, सबैले हेरेको, अनुगमन गरेको देखिन्छ । मैले त देख्या छैन । शिक्षा कार्यालयले त प्रतिवेदनको आधारमा बोल्ने हो ।

**अघिल्लो वर्ष बजेट घटाइएको हो ?**

होइन । संस्थाहरूले काटे भनेर गुनासो आएको छ । तर आधिकारिक उजुरी आएको छैन ।

**अनि तालीम पनि पाँच दिन चलाउनुपर्ने थियो हैन र ?**

हो । पाँच दिनको तालीम हो ।

**पाँच दिन त कतै पनि चलेन दुई दिनमै सम्पन्न भयो नि !**

त्यो कुरा मेरो जानकारीमा रहेन ।

**अघिल्लो वर्ष सबैभन्दा राम्रो कसले गरेको थियो ?**

हामीले मूल्याङ्कन गरेका छैनौं ।

## साक्षरताको खर्च

**साक्षर** हुन चाहने नेपाली प्रौढहरूका लागि नेपाल सरकारले वर्षेनि साक्षरता अभियान संचालन गर्दछ। अनौपचारिक शिक्षा केन्द्रका निर्देशक बाबुराम पौडेलका अनुसार, सरकारले यो रकम नागरिकसँग उठाएको करबाट खर्च गर्दछ। गत वर्ष यस अभियानका लागि नेपाल सरकारले रु.६३ करोड खर्च गरेको थियो। सन् २०१४ मा संचालन हुने साक्षरता अभियानको लागि भने रु.९९ करोड ९० लाख ५० हजार बजेट बनाएको छ। यस अभियानमा चीन सरकारले ५१ प्रतिशत खर्च बेहोर्ने प्रस्ताव राखेको छ।

सुवेडा गाविसको जिम्मा पाएको गैरसरकारी संस्था बन्धु मिलन युवा समाजका अध्यक्ष गोकुल सिंहले भने, “बजेट घटेको छ भनेर जिल्ला शिक्षाका विनि र स्रोतव्यक्तिहरूले नै हामीलाई थोरै बजेट दिए।”

बजेटको खर्च विवरण माग्दा समय लाग्ने भन्दै जिल्ला शिक्षा अधिकारीले सूचना दिएनन्।

सामुदायिक अध्ययन केन्द्रमाफत स्वयंसेवक (शिक्षक) लाई दिइएको प्रोत्साहन भत्तामा अनियमितता भएको पाइएको छ। तीन महिना प्रौढ कक्षा संचालन गर्ने स्वयंसेवकलाई प्रति महीना रु.२ हजारका दरले भत्ता दिनुपर्नेमा रु.१ हजार मात्र पाएको भनी स्वयंसेवकहरूले बताउँदै आएका छन्।

कैलाश गाविसकी स्वयंसेवक पुष्पा जेठाराले भनिन्, “महीनाको रु.२ हजार दिने भनेर काममा लगाए। दिने बेलामा रु.१ हजार मात्र दिए।”

निरीक्षकहरूलाई पनि महीनाको रु.३ हजारका दरले भुक्तानी दिनुपर्ने थियो। सुवेडा गाविसका १८ वटा कक्षा निरीक्षणको जिम्मा पाएका राजेन्द्र सिंहले भने, “तीन महीनाको रु.९ हजार पाउनुपर्नेमा रु.६ हजार ८०० मात्र दिए।”

जिल्लाका २१ वटै गाविसमा कार्यरत १४ वटै सामुदायिक अध्ययन केन्द्र, विद्यालय र गैरसरकारी संस्थाहरूका स्वयंसेवक र निरीक्षकहरूले यही हिसाबमा रकम बुझेका थिए।

यी १४ वटै गाविसका स्वयंसेवक र निरीक्षकहरूले पूरा अवधि कक्षा संचालन नगरेका हुनाले कुनै विवाद गरेनन्। कक्षा निरीक्षणको लागि १५ दिन जति गाउँ घुमेका सुवेडाका निरीक्षक राजेन्द्र सिंहले भने, “पूरा अवधि कक्षा संचालन नभएपछि, हामीले कसको निरीक्षण गर्नु?”

शैक्षिक स्थिति प्रतिवेदन अनुसार, स्वयंसेवक प्रोत्साहन भत्ताबापत रु.६० लाख खर्च भएको छ। जिल्ला शिक्षा अधिकारी जगन्नाथ उपाध्यायले ‘तोकिए बमोजिम’ नै भुक्तानी

दिएको बताए। तर कसले कति भुक्तानी पाए भन्ने फाँटवारी उपलब्ध गराएनन्।

भैरवनाथ गाविसलाई साक्षर बनाउने जिम्मा पाएको दलित सहयोग समाजका अध्यक्ष सुनिल दमाईले हिसाब खुलाउँदै भने– संस्थालाई मसलन्द खर्च भनेर शिक्षा कार्यालयले रु.३ हजार दिएको थियो। प्रोत्साहन भत्ताको केही रकम संस्थाले मसलन्दमा खर्च गर्‍यो। बाँकी रकम दामासाहीले स्वयंसेवकलाई भाग लगाउँदा रु.१/१ हजार पर्न गयो। निरीक्षकको बजेट पनि घटेको हुनाले प्रति निरीक्षक रु.६ हजार दियौं।

जिल्ला शिक्षा अधिकारी जगन्नाथ उपाध्याय भन्छन्– साक्षरता अभियानमा सहभागी हुने संस्थाले केही प्रतिशत रकम आफ्नै संस्थाको तर्फबाट पनि बेहोर्ने प्रतिबद्धतासहित प्रस्ताव पेश गरेका छन्। तिनले मसलन्द तथा अन्य नाममा स्वयंसेवक र निरीक्षकको प्रोत्साहन भत्ता कटाउन मिल्दैन।

गत वर्ष कक्षा निरीक्षणको लागि रु.७ लाख ५० हजार, स्टेसनरी खर्चबापत रु.२० लाख, ढुवानी खर्चबापत रु.२० लाख तथा पाठ्पुस्तक शीर्षकमा रु.१० लाख ८० हजार खर्च भएको कुरा शैक्षिक स्थिति प्रतिवेदनमा उल्लेख गरिएको छ।

## किताब र मूल्याङ्कन फारम जति खाल्डोमा

तर धेरैजसो स्वयंसेवकहरूले साक्षरता कक्षाका लागि आएको कापी, कलम र पाठ्यपुस्तक वितरण नै गरेनन्। शिक्षा कार्यालयले गत वर्ष वितरण गरेका साक्षरता कक्षाका पाठ्यपुस्तकहरू सदरमुकाम चैनपुरका साना होटल र चियापसलमा जिलेबी, समोसा र पकौडा पोको पार्ने काममा प्रयोग हुँदै आएका छन्। केही पुस्तकहरू बाटोका खाल्डोमा र स्वयंसेवकको करेसाबारीमा पनि फेला परेका छन्।

जिल्ला शिक्षा अधिकारी जगन्नाथ उपाध्यायलाई फोटो लगेर देखाउँदा यस विषयमा आफूलाई केही जानकारी नभएको बताए। कक्षा मूल्याङ्कन र सहभागी मूल्याङ्कन फारम पनि किराना पसलमा प्रयोग भैरहेको छ। स्वयंसेवक र निरीक्षकहरूका घर वरिपरि यस्ता फारमहरू मिल्किएका छन्।

स्थानीय तहमा कक्षा निरीक्षण गर्ने निरीक्षककहरूले अनुगमनका क्रममै मूल्याङ्कन फारम भर्नुपर्दछ। स्वयंसेवकहरूले पनि कक्षामै सहभागी मूल्याङ्कन फारम भर्नुपर्दछ। तर जिल्ला शिक्षा कार्यालयले फारम सकिएको भन्दै मूल्याङ्कन फारम नै उपलब्ध गराएन। निरीक्षक र स्वयंसेवकहरूले मूल्याङ्कन फारम र अनुगमन फारम भरेर बुझाएपछि मात्र प्रोत्साहन भत्ता निकासा दिने व्यवस्था छ। तर जिल्ला शिक्षा कार्यालयले भने बजेट निकासा दियो।

## साक्षरताका ठेकेदार

जिल्लाका सामुदायिक अध्ययन केन्द्र, विद्यालय र गैरसरकारी संस्थाहरूले साक्षरताको ठेक्का पाउने गरेका छन्। तर शिक्षा कार्यालयले तिनको अनुगमन गर्ने गरेको छैन।

गत वर्ष मेलविसौना गाविसमा कालिका सामुदायिक अध्ययन केन्द्र, सुनिकोटमा सुनिकोट सामुदायिक अध्ययन केन्द्र, कोटदेवलमा सरस्वती विद्या मन्दिर निमावि रनाडा,

कैलाशमा मष्टा कालाढुङ्गा बहुउद्देश्यीय सामुदायिक अध्ययन केन्द्र, हेमन्तवाडामा भवानी सामुदायिक अध्ययन केन्द्र, लुयाँटामा लुयाँटा सामुदायिक अध्ययन केन्द्र, सुवेडामा बन्धु मिलन युवा समाज, व्यासीमा शान्ति उच्च मावि चौधानपाटा, कालुखेतीमा लोककल्याणकारी सामुदायिक अध्ययन केन्द्र, भैरवनाथमा दलित सहयोग समाज, मालुमेलामा जिल्ला हलिया मुक्ति समाज, कोइरालाकोटमा जयपृथ्वी सामुदायिक अध्ययन केन्द्र, भामचौरमा चन्द्रोदय उच्च मावि भाट्सैन र देउलेक गाविसमा समुन्नत समाज नामक सामुदायिक अध्ययन केन्द्रले १४ वटै गाविसमा साक्षरता कक्षा संचालन गर्ने जिम्मेवारी पाएका थिए। तर यी कुनैले पनि गाविसमा पूर्ण अवधिको साक्षरता कक्षा चलाएनन्। यिनले १४ वटै गाविसमा दिनको एक घण्टाका दरले नियमित तीन महीनासम्म पढाउनुपर्ने थियो। तर कसैले एक हप्ता र कसैले १५ दिन कक्षा चलाएर 'तोकिएको भत्ता' बुझेका थिए।

## चुच्चे ढुङ्गो, उही टुङ्गो

यस वर्ष २६ गाविसका २८ हजार ११७ महिला र ६ हजार २८५ पुरुषसहित ३४ हजार ४०२ जनालाई साक्षर बनाउन करीब रु.२ करोड बजेट स्वीकृत छ। सन् २०१४ को अन्त्यमा बझाङलाई साक्षर जिल्ला घोषणा गर्ने लक्ष्यसहित २६ वटा संस्थालाई २६ गाविस जिम्मा दिइसकिएको जानकारी जिल्ला शिक्षा अधिकारीले दिएका छन्। तर यस पटक जिम्मा लिनेहरू पनि उही पुरानै संस्थाहरू छन्।

अघिल्लो वर्ष यिनले गरेको कामको मूल्याङ्कन नै नगरी पुनः तिनै संस्थालाई जिम्मेवारी दिनुले जिल्ला शिक्षा कार्यालय र कार्यक्रम पाउने संस्थाबीच सुमधुर सम्बन्ध रहेको देखिन्छ। उही संस्थाहरूबाट उही परिणाम दोहोऱ्याउने खेलमा जिल्ला शिक्षा कार्यालय लागिपरेको छ।

यहाँ साक्षरता सम्बन्धी नेपालमा चलेका सबै अभियान चलेका छन्। यस वर्षको समेतको गरी १२ करोडभन्दा बढी रुपैयाँ साक्षरताको नाममा खर्च भइसकेको छ। तर बझाङ जिल्लाका आधासरो मानिस भने ल्याप्चै नै लगाउँदैछन्।

(२०७० **माघ ६ गतेको** ***अन्नपूर्ण पोष्ट*** **दैनिकमा प्रकाशित**)

प्रमोद आचार्य



# एम्बुलेन्स–अस्पताल व्यापार : तिम्रो बिरामी लैनो कि बकेर्नो ?

स्याङ्जा पकवादीका मधुमेहका रोगी ६७ वर्षीय पूर्णबहादुर रानाको खुट्टा नचल्ने भएपछि लुम्बिनी मेडिकल कलेज पाल्पाले अप्रेसन गरिदियो। मधुमेहको कारण घाउ निको भएन। थप उपचारका लागि एक महीनापछि शिक्षण अस्पताल महाराजगन्जको इमर्जेन्सीमा भर्ना भए। त्यहाँ केही दिनपछि डिस्चार्ज गरेर ओपीडीमा बोलायो। ओपीडीले चाहिं 'अवस्था नाजुक छ' भनेर फेरि भर्ना गरिदियो। अस्पतालको शौचालय जान लाग्दा अचेत भएर लडेपछि चिकित्सकले आईसीयुमा भर्ना गर्न रेफर गरे। तर अस्पतालले आईसीयु खाली नभएको भन्दै ब्लुक्रस लैजान सुझाए।

ब्लुक्रसले रु.३० हजार धरौटी लिएर आइसीयुमा भर्ना गरिदियो। तर बिल भने रु.२५ हजार लेखिएको दियो। पूर्णबहादुरका छोरा अरुणले– "रु.५ हजार कमको बिल किन नि ! भनेर सोध्दा त्यो भेन्टिलेटरको शुल्क हो लेख्नु पर्दैन भने। हामीलाई आइसीयु पाइयो, पैसा तिरियो।"

अरुणलाई अस्पताल प्रशासनले, धरौटी बाहेक आइसीयुको दैनिक रु.६ हजार, चेकअप र औषधिको छुट्टै चार्ज लाग्छ भनेका थिए। तर तेस्रो दिन भेन्टिलेटरको लागि थप रु.६ हजार लाग्छ भने। अरुणले दु:खेसो गरे– पछि त दैनिक रु.१५ हजारका दरले बिल दिए। दश दिनको रु.१ लाख ७५ हजार जति तिरें। तर बाबा बाँचेनन्।

धादिङ कटुन्जेका लालबाबु सुनारलाई पत्थरी भयो। धादिङको शहीद मेमोरियल अस्पतालमा लैजाँदा अस्पतालले 'दुई वटा पत्थरी छ, यहाँ साधन छैन' भनेर फर्काएपछि राजधानीको मनमोहन मेमोरियल अस्पताल आए। त्यहाँबाट कलंकीको सिटी सेन्टर हस्पिटलमा पठाइदियो। श्रीमती सुनिता सुनारले भनिन्– त्यहाँ आइसीयुको धरौटी रु.२० हजार लियो। चारदिन राख्दा रु.७५ हजार तिरियो।

स्याङ्जाका अरुण र धादिङकी सुनिता मात्र होइनन्, निजी अस्पतालमा उपचार गराउन आउने जो कोहीले पनि यसरी नै धेरै पैसा खर्च गर्नुपर्छ। महँगो धरौटी तिर्न नसक्नेले उपचारै पाउँदैनन्।

निजी अस्पतालहरू किन यति महँगा छन् ? खोज्दै जाँदा अस्पतालले बिरामीलाई चार्ज गर्ने पैसा एम्बुलेन्स, ड्राइभर र 'दलाल' सम्म पुगेको पाइयो ।

## लैनो कि बकेर्नो

पहिले डाँकूहरूले सुराकी लगाएर लैनो (दुधालु, धनी) कि बकेर्नो (थोरै दूध दिने, गरीब) भन्ने सोधेर शिकारलाई टाढैबाट पहिचान गर्थे रे ! निजी अस्पतालहरूले पनि बाटैमा बिरामीको आर्थिक अवस्था पहिचान गर्न एम्बुलेन्स ड्राइभरलाई सोध्छन्- बिरामी कस्तो हो ? ड्राइभरलाई फकाउँछन्- लिएर आउनुस्, बिरामी हेरेर रु.५ हजारदेखि रु.१० हजारसम्म दिन्छौं ।

बिरामी लैनो परे एम्बुलेन्स ड्राइभरलाई रु.१० हजार, बकेर्नो परे रु.५ हजार । यसरी अस्पतालले बिरामीलाई कस्तो उपचार दिने भन्दा पनि उसलाई कति दुहुन सकिन्छ भनेर 'अग्रिम पहिचान' गर्छन् ।

**अडियो-१**

रिसेप्सन : हेलो, लाइफकेयर हस्पिटल ।
पत्रकार : म चितवनको एम्बुलेन्स ड्राइभर हो । बिरामी ल्याउँदा कस्तो व्यवस्था हुन्छ भनेर ।
रिसेप्सन : लिएर आउनुस् । बिरामी हेरेर रु.५ हजारदेखि रु.१० हजारसम्म दिन्छौं ।
पत्रकार : सधैं त्यहीं ल्यायो भने कस्तो हुन्छ नि ?
रिसेप्सन : सधैं ल्याउन थाल्यौ भने बढाइदिँदै पनि जानुहुन्छ ।
पत्रकार : क्यास दिनुहुन्छ कि ?....
रिसेप्सन : बिरामीको आफन्तले डिपोजिट नगरेको अवस्थामा एक-दुई दिन पछि जान्छ । नत्र ल्याउने बेलामै दिन्छौं ।
पत्रकार : राति आइपुगियो भने के गर्ने ? रिसेप्सन बन्द हुन्छ होला ?
रिसेप्सन : यहाँ आएर मलाई सोध्दा पनि हुन्छ । मेरो नाम जसना शाक्य । नत्र हाम्रो देवश्री श्रेष्ठ दिदी हुनुहुन्छ । उहाँसँग कुरा गर्दा पनि हुन्छ ।



**अडियो–२**
देवश्री श्रेष्ठ : हेलो ।
पत्रकार : दिदी नमस्कार । म ड्राइभर । नयाँ परें । कस्तो व्यवस्था हुन्छ थाहा छैन मलाई । भर्खरै रिसेप्सनमा फोन गर्दा हजुरलाई फोन गर्न भने ।
देवश्री श्रेष्ठ : केही समस्या हुँदैन । भाइ तपाइँ जानुस् । म फोन गरिदिन्छु ।
पत्रकार : कति हुन्छ भन्नु न दिदी ।
देवश्री श्रेष्ठ : कति बेरमा पुग्नुहुन्छ ?
पत्रकार : अब हिंड्न लागेको ।
देवश्री श्रेष्ठ : ५/६ घण्टा पछि ?
पत्रकार : त्यस्तै । कति पाउँछु बिरामी लगें भने ?
देवश्री श्रेष्ठ : तपाइँ जानेवित्तिकै डिपोजिट गराउनु । पाइहाल्नुहुन्छ ।
पत्रकार :कति ?
देवश्री श्रेष्ठ : रु.१० हजार ।
पत्रकार : सधैं बिरामी ल्याएँ भने कस्तो व्यवस्था छ ?
देवश्री श्रेष्ठ : अहिले घरमा छु, बोल्न मिल्दैन के । भोलि फोन गर्छु नि !
पत्रकार : हुन्छ ।

## आईसीयु व्यापार

निजी अस्पतालहरूले आईसीयुको व्यापार चलाउन कर्मचारी र एजेन्ट खटाएका हुन्छन् । तिनको काम एम्बुलेन्स चालकहरूसँग लगातार सम्पर्कमा रहनु हुन्छ । राजधानी बाहिरबाट बिरामी ल्याउँदै गरेका एम्बुलेन्स चालकले पनि अस्पतालसँग कमिसनको बार्गेनिङ गरिरहेका हुन्छन् ।

**अडियो–३**
(ग्रीन सिटी हस्पिटल) रिसेप्सन : हजुर भन्नुस् त ।
पत्रकार : चितवनबाट बिरामी ल्याउँदैछु, आईसीयूको लागि । कति दिनुहुन्छ भनेर !
रिसेप्सन : आईसीयुको लागि हो भने वान थाउजेण्ड (एक हजार) हुन्छ । बिरामी कहाँ भर्ना हुन्छ, त्यसमा भर पर्छ ।
पत्रकार : जम्मा ? अन्यत्र त धेरै दिन्छन् नि !
रिसेप्सन : त्यसो भए म बुझ्छु, एकैछिन् ल ।
रिसेप्सन : बिरामी आईसीयुमै ल्याउने हो नि ?
पत्रकार : हो, हो ।
रिसेप्सन : त्यसो भए थ्री थाउजेण्ड पाउँछ रे ! ल्याउँदा हुन्छ । क्यास नै दिन्छौं ।

**अडियो–४**
(अन्तर्राष्ट्रिय बाल मैत्री अस्पताल) फोन काउन्टर : हजुर ।
पत्रकार : बिरामी ल्याए कति पाउँछु भनेर ।
काउन्टर : आईसीयुमा हो भने पाँचसय ।
पत्रकार : अन्त त धेरै दिन्छन् नि ?
काउन्टर : यहाँ त यत्ति नै हो रेट ।
पत्रकार : त्यहाँ आएर कसलाई भेट्ने ?
काउन्टर : यहाँ काउन्टरमा आउनुस्, भैहाल्छ ।

थापाथलीको 'नर्भिक इन्टरनेशनल हस्पिटल' र त्रिपुरेश्वरको 'ब्लुक्रस हस्पिटल' ले आईसीयुमा एक जना बिरामी ल्याइदिएबापत एम्बुलेन्स चालकलाई रु.३/४ हजारसम्म कमिसन दिन्छन् ।

**अडियो–५**
पत्रकार : दिदी नमस्कार ।
रिसेप्सन : नमस्कार ।
पत्रकार : म एम्बुलेन्स ड्राइभर । त्यहाँ बिरामी ल्याउँदा के छ व्यवस्था ?
रिसेप्सन : एकछिन है । म सेक्युरिटीमा दिन्छु ।
फेरि कल गर्न भनियो
पत्रकार : दिदी अघि फोन गरेको थिएँ ।
रिसेप्सन : ए । चितवनबाट होइन ?
पत्रकार : अँ ।
रिसेप्सन : त्यहाँ हाम्रो अंकित सर हुनुहुन्छ । उहाँलाई कुरा गरिदिएको छु । उहाँले फोनमा कुरा गराइदिनु भन्नुभएको छ । उहाँको नम्बर म दिन्छु तपाईंलाई । उहाँसँग कुरा गर्नु न ।
पत्रकार :नम्बर दिनु न ।
रिसेप्सन : ९८५१०५००८६, यो अंकित सरको नम्बर हो । उहाँलाई भन्नुस् ।
पत्रकार : अंकित के दिदी ?
रिसेप्सन : अंकित अग्रवाल ।
पत्रकार : ल ।
*अंकितलाई फोन गर्दा*
पत्रकार : सर नमस्कार ।
अंकित : नमस्कार ।
पत्रकार : हजुरलाई फोन गर्न भनेर गरेको । म ड्राइभर हो ।
अंकित : यातायातको हो कि अरू बिरामी ?
पत्रकार : मुटु सम्बन्धी हो । रेफर गरेको ।
अंकित : कहाँ रेफर गरेको ?
पत्रकार : त्यहाँ ल्याउँदा के कस्तो छ हामीलाई भनेर ।
अंकित : बढी त हुँदैन । मिलाएर गर्दिउँला नि !
पत्रकार : कति हो भन्ने थाहा नभई कसरी ल्याउनु ?
अंकित : रोग हेर्नु पऱ्यो । पेसेन्ट भर्ना नै भएन भने के गर्ने !
पत्रकार : आईसीयुकै बिरामी हो के ।
अंकित : मिलाएर गर्दिउँला नि हजुरलाई ।
पत्रकार : कति दिनुहुन्छ त ?
अंकित : हजुरको आश कति छ ?
पत्रकार : अन्त रु.६/७ हजार दिंदारै'छन् ।
अंकित : रु.६/७ हजार त हुँदैन ।
पत्रकार : कति दिने भन्नु न ।
अंकित : म रु.३/४ हजारसम्म गराइदिन्छु ।

**अडियो–६**
रिसेप्सन : नमस्ते ब्लुक्रस हस्पिटल
पत्रकार : नमस्ते ।
रिसेप्सन : भन्नुस् ।
पत्रकार : सर म चितवनबाट, एम्बुलेन्स ड्राइभर हो। एउटा बिरामी छ आईसीयुमा लैजानुपर्ने।
रिसेप्सन : आईसीयुमा कुरा गरिसक्नुभयो र ?
पत्रकार : गरेको छैन ।
रिसेप्सन : तपाईं आउनुस् । बिरामी भर्ना होस् । आईसीयुमा ल्याउन ड्यूटी डाक्टरसँग कुरा गर्नुपर्छ । तपाईंको सेल नम्बर दिनुस् न ।
पत्रकार : आईसीयु खाली छ भने त म ल्याइहाल्छु । तर कति दिने त भन्नु पर्‍यो नि !
रिसेप्सन : तपाईंलाई हेरिहाल्छौं नि हामी ।
पत्रकार : अन्यत्र पनि दिन्छन्, त्यहाँ कति हुन्छ त्यही अनुसार ल्याउने कुरा भयो नि त ।
रिसेप्सन : बिरामी भर्ना भएपछि सक्दो गरिहाल्छौं नि !
पत्रकार : यति हो भन्ने भए पो ।
रिसेप्सन : एक हजार हो ।
पत्रकार : जम्मा ? अन्त त धेरै दिन्छन् नि !
रिसेप्सन : हाम्रो त त्यही अनुसार हो ।
*केही समयपछि श्रीप्रसाद तिवारीले कलब्याक गरे*
श्रीप्रसाद : गुरुजी बोल्नुभएको होइन ?
पत्रकार : हो ।
श्रीप्रसाद : म ब्लुक्रस हस्पिटलबाट के ।
पत्रकार : अँ भन्नु त ।
श्रीप्रसाद : अघि फोन गर्नुभएको रै'छ हैन ।
पत्रकार : हो गरेको थिएँ ।
श्रीप्रसाद : चितवनबाट ल्याउने भन्नु भा ?
पत्रकार : हो, हो ।
श्रीप्रसाद : ए, म पनि चितवनकै हो । यहींको स्टाफ हो म । लिएर आउनु न त । मिलाएर गरौंला नि !
पत्रकार : कति दिने भन्ने नै भएन ! जम्मा हजार भन्छन् ।
श्रीप्रसाद : मिलाउँला नि ! रु.४ हजारसम्म दिउँला ।
पत्रकार : अघि फोन गर्दा जम्मा हजार भने ।
श्रीप्रसाद : यहाँ हजार नै दिने प्राक्टिस छ । तपाईंलाई मिलाउँला नि ! लिएर आउनुस् पछिलाई पनि रिलेसन हुन्छ ।

कलंकीको 'यती अस्पताल' र 'सिटी सेन्टर अस्पताल', बल्खुको 'स्टार हस्पिटल' र 'शिवज्योति अस्पताल' ले आईसीयुमा राख्ने बिरामीका लागि रु.५-५ हजार दिएर एम्बुलेन्स चालकलाई नै किन्छन् । बसुन्धराको 'ग्रीन सिटी हस्पिटल' ले रु.३ हजार, जावलाखेलको 'अल्का अस्पताल' ले रु.१ हजार, 'दियाज अस्पताल' र 'अन्तर्राष्ट्रिय बालमैत्री' अस्पतालले रु.५-५ सय रुपैयाँ दिन्छन् ।

## गम्भीर रोगीको व्यापार

बिरामीको अवस्था गम्भीर भए एम्बुलेन्स चालकको बार्गेनिङ शक्ति बढ्छ । आईसीयुमा बिरामी ल्याउन लागेको थाहा पाउने बित्तिकै अस्पतालले चालकलाई फकाउन थाल्छन् । बिरामी सिकिस्त भए कमिसन पनि बढ्छ ।

**अडियो–७**
रिसेप्सन : गुड इभिनिङ्ग, सिटी सेन्टर हस्पिटल ।
पत्रकार : म एम्बुलेन्स ड्राइभर । बिरामी ल्याउँदा के कस्तो व्यवस्था छ भनेर !
रिसेप्सन : के केस हो ?
पत्रकार : लङस् (फोक्सो) सँग सम्बन्धित हो ।
रिसेप्सन : एकैछिन ल । इमर्जेन्सीमा ट्रान्सफर गर्छु ।
पत्रकार : हुन्छ ।
*इमर्जेन्सीमा दिएपछि*
इमर्जेन्सी : हजुर दाइ ।
पत्रकार : कस्तो व्यवस्था हुन्छ भनेर फोन गरेको के ।
इमर्जेन्सी : कहाँ आइपुग्नुभयो ?
पत्रकार : मुग्लिन ।
इमर्जेन्सी : एकैछिन ल । म डाक्टरलाई नै दिन्छु ।
*फेरि रिसेप्सनमा*
रिसेप्सन : कतिदिने गरेको छ त्यो हामीलाई थाहा हुँदैन । बिरामी ल्याइसकेपछि सरहरूले कुरा गरेर विलिङ्गबाट दिने गर्नुभएको छ ।
पत्रकार : सरहरूलाई फोन गरेर बुझ्न सकिँदैन ?
रिसेप्सन : त्यसो भए म बुझेर कल गर्छु नि ल ।
पत्रकार : हुन्छ ।
**नवराज थापाले कल ब्याक गरे**
नवराज : रिसेप्सनमा फोन गर्नुभएको रै'छ !
पत्रकार : हो, कति व्यवस्था छ भनेर ?
नवराज : चण्डिभन्ज्याङ्गको नवराज थापा मै हो । म पनि एम्बुलेन्स चलाउँछु के ।
पत्रकार : कति व्यवस्था हुन्छ ?
नवराज : आउनु न । फरकै पर्दैन । के केस हो ?
पत्रकार : फोक्सोको हो ।
नवराज : आउनुस् । चित्त बुझाएर पठाइदिम्ला ।
पत्रकार : कति हो ? थोरै भए अन्तै लैजान्छु ।
नवराज : रु.५ हजारसम्म दिन्छु ।

**अडियो–८**
रिसेप्सन : नमस्ते, यती हस्पिटल
पत्रकार : म एम्बुलेन्स ड्राइभर । बिरामी ल्याउन खोजेको । कस्तो व्यवस्था छ ।
रिसेप्सन : व्यवस्था त छ । यहाँ सरसँग कुरा गर्नु न ।
*सुरेन्द्रले बोले*
सुरेन्द्र : कहाँबाट हो हजुर ?
पत्रकार : फोक्सो सम्बन्धी हो । मलाई कति आउँछ ?
सुरेन्द्र : आउनुस् न । डा. सुनिल यहीं हुनुहुन्छ । दिउँला नि चार, साढे चार हजार ।

## बम्पर उपहार

आईसीयुमा बिरामी ल्याइदिएबापत 'बम्पर उपहार' दिने गरेको सुन्धाराको लाइफकेयर अस्पतालले एम्बुलेन्स चालकलाई थप 'पुरस्कार' को पनि व्यवस्था गरेको छ। अस्पतालले ल्याएको 'नयाँ स्किम' अनुसार तीन महीनामा १० वटा बिरामी ल्याए एम्बुलेन्स चालकले एउटा मोटरसाइकल पाउँछ।

**अडियो–८**

पत्रकार : हेलो।

देवश्री श्रेष्ठ : म लाइफकेयरबाट। हिजो बिरामी ल्याएनछौ त?

पत्रकार : बिरामीका आफन्तले अन्तै लग्ने भने। अनि ल्याउन पाइनँ।

देवश्री श्रेष्ठ : ल भाइ ठीकै छ। हिजो घरमा कुरा गर्न मिलेन के। एकपटक मलाई भेट्न आउनु। अहिले कुरा गर्न मिल्छ तपाईंसँग?

पत्रकार : अँ मिल्छ।

देवश्री श्रेष्ठ : यस्तो छ के भाइ। तपाईं आउने वित्तिकै हामीले १० हजार रुपैयाँ दिन्छौं। अहिले हामीले एउटा स्किम ल्याएका छौं के। त्यो भनेको के भने- फागुन, चैत र वैशाख भित्रमा एउटै ड्राइभरले १० केस पुऱ्यायो भने एउटा मोटरसाइकल दिन्छौं।

पत्रकार : कुन मोटरसाइकल नि?

देवश्री श्रेष्ठ : खै, मोटरसाइकलको नाम त मलाई आउँदैन। जेहोस् एउटै गाडीको १० केस पुग्यो भने दिन्छौं।

पत्रकार : हुन्छ दिदी।

## अस्पतालको चिटिङ

बिरामीको खडेरी परेमा अस्पतालले रेट बढाएर कमिसन दिन्छन्। यो रकम बिरामीबाट असुलिन्छ। बिरामी भर्ना हुनुअघि नै कमिसन समेत जोडेर डिपोजिट गर्न लगाउँछन्। चितवनको कलेज अफ मेडिकल साइन्सेसले आकस्मिक र आईसीयुमा एउटा बिरामी ल्याउने चालकलाई रु.४०० दिन्छ। बिरामी लिएर आएपछि चालकहरूले सुरक्षा गार्डबाट स्लीप पाउँछन्। त्यो स्लीप काउन्टरमा देखाएपछि चालकले रु.४०० पाउँछ। चितवनको एनपीआई नारायणी सामुदायिक अस्पतालले एम्बुलेन्स चालकलाई वार्षिक कमिसन दिन्छ। चालकहरू भन्छन्, "बिरामी पिच्छे लिनुभन्दा वार्षिक लिनु राम्रो भो।"

## लूट गर्ने छूट

धेरै अस्पतालले बिरामी किन्न उपहार कार्यक्रम समेत चलाएर नेपाल मेडिकल काउन्सिलको हुर्मत लिइरहेको देखियो।

मेडिकल काउन्सिलका अध्यक्ष डा. दामोदर गजुरेलले यो विषय व्यक्तिमा भन्दा संस्थासँग जोडिएकोले आफूहरूले केही गर्न नसक्ने बताए। "चिकित्सकले इन्डिभिज्यूल रूपमा यस्तो क्रियाकलाप गरेको हो भने हामीले कारबाही गर्न सक्थ्यौं" डा. गजुरेलले भने, "यो म्यानेजमेन्टसँग जोडिएकोले स्वास्थ्य मन्त्रालयको जिम्मेवारी हो।"

वीर अस्पतालका निर्देशक डा. बुलन्द थापाले भने, "सरकारले स्पष्ट मापदण्ड ल्याउन नसकेको हुनाले अस्पतालहरूले मनपरी गरेका छन् । अस्पतालहरूले बिरामी भर्ना लिंदा वा नियमित परीक्षण गर्दा कति चार्ज लिने भन्ने कुराको स्पष्ट मापदण्ड छैन। सरकारले उचित मापदण्ड बनाएर कार्यान्वयन गर्नुपर्ने थियो, गरेको छैन।"

स्वास्थ्य सेवा विभागका निमित्त महानिर्देशक डा. बाबुराम मरासिनी गुनासो गर्छन्, बिरामीहरू मर्कामा परिरहेका छन् तर मापदण्ड बनाउन विभागलाई मन्त्रालयले नै स्वीकृति दिएको छैन।

स्वास्थ्य मन्त्री खगराज अधिकारी भन्छन्, "कमिसनको खेलले निजी अस्पताल महँगा भएका हुन् भनेको सुनेको छु, तर प्रमाण पाइएको छैन। स्वास्थ्य जस्तो संवेदनशील क्षेत्रमा खेलबाड गर्नेलाई छूट दिइने छैन।"

अस्पतालको अनुगमन गर्ने विधि बनाउन नसक्ने स्वास्थ्य मन्त्रालयको यही कमजोरीको फाइदा उठाएर अस्पतालले बिरामीहरूलाई अनेक तरहले लुटिरहेका छन् । मन्त्रालयसँग यसको निदान छैन।

(२०७० **जेठ** २१ **गतेको** ***अन्नपूर्ण पोष्ट*** **दैनिकमा प्रकाशित**)

■ देवकुमार सुनुवार

५

# प्रसूति गृहको संक्रमण काण्ड : गैर जिम्मेवारीको नमूना

गत २५ देखि २८ भदौसम्म थापाथलीस्थित प्रसूति गृहमा अपरेशन गरी बच्चा निकालिएका नौ जना सुत्केरी आमा एकाएक संकटमा परे। उनीहरूमा टाउको दुख्ने, वाक्वाकी लाग्ने, मुन्टो बटारिने, लठ्याउने सुई दिएको ठाउँ ढाडमा दुख्ने, उच्च ज्वरो आउने, थरथरी काम्ने, छट्पटी हुने, आँखा धमिलो हुने, बेसुरका कुरा गर्ने जस्ता डरलाग्दा समस्या देखिए।

अस्पतालका डाक्टरहरूले कडा एन्टिबायोटिक र दुखाइ कम गर्ने इन्जेक्सन दिँदै गए। तर सुत्केरी आमाहरूको अवस्था झन् बिग्रँदै गयो। त्यसपछि बिरामीलाई उपचारका लागि निजी अस्पताल पठाउन थालियो। यस क्रममा दीपा थापालाई सिनामंगलको काठमाडौं मेडिकल कलेज पुऱ्याइएको थियो।

दीपाको उपचारमा संलग्न डा. देवकुमार न्यौपानेले भने, “यहाँ रिसिभ गर्दा उहाँको गिदी सुन्निएर सबैतिर फैलिएको रिपोर्ट पनि सँगै पाएका थियौं। दिमागसम्म ब्याक्टेरिया संक्रमण भएकै कारणले बिरामीको हालत बिग्रिएको थियो।” आमा र नवजात शिशुमा आइपर्ने समस्या र खतराको निदानको लागि ५४ वर्षअघि स्थापना भएको यो अस्पतालमा यसपटक आमा र नवजात शिशुको ज्यानै जाने गरी समस्या उत्पन्न भएको थियो। यो समस्या झन् गम्भीर हुँदै थियो।

तर प्रसूति गृहको व्यवस्थापन पक्षले यसलाई सामान्य समस्या मानेर अपरेशन थिएटरमा एकाएक संक्रमण भएको भनी ३० भदौदेखि १ असोजसम्म तीन दिनका लागि थिएटर बन्द गर्ने निर्णय गऱ्यो। रातारात बैठक गरेर ‘थप अनुसन्धान गर्ने’ निर्णय गरेको विवरण पनि सार्वजनिक गरियो।

प्रसूतिको व्यवस्थापनले अपरेशन थिएटरमा प्रयोग भएको पञ्जा र अन्य उपकरणबाट संक्रमण फैलिएको बताएका थिए। तर त्यहाँ प्रयोग गरिएका सम्पूर्ण (३८ थरीका) औजार



प्रसूति गृह ।




चन्द्रकुमारी काफ्ले स्टार अस्पतालमा उपचार गराउँदै ।



दीया श्रेष्ठ स्टार अस्पतालमा उपचार गराउँदै ।




बुपीट्रोय इन्जेक्सन ।




ट्रोइका बुपी इन्जेक्सनको खोल र डेट एक्स्पायर रेक्टिफाइड स्प्रीट ।

र उपकरणहरूको जाँच प्रसूति गृहकै प्रयोगशालामा गर्दा उनीहरूले फैलाएको हल्ला गलत साबित भयो । यसैबीच अस्पताल प्रशासनले शल्यक्रियामा प्रयोग गरिएका सबैखाले औषधि आफ्नो स्टोरबाट हटाउन थाल्यो । प्रसूति गृहले यस्ता क्रियाकलाप गरिरहेको बेला २ असोज २४ वर्षीया सुत्केरी लता गुरुङको मृत्यु भयो । त्यसअघि एक नवजात शिशुको मृत्यु भयो । अर्की सुत्केरी दीपा थापामा मानसिक समस्या देखियो । बाँकी सुत्केरीहरू जटिल समस्यामा पर्न थाले ।

## अस्पतालको संवेदनहीनता

कलंकी, स्युचाटारकी लता गुरुङलाई प्रसूति गृहले २८ भदौ मध्यरातमा शल्यक्रिया गरेको थियो, तर चार घण्टा नबित्दै उनी बेहोश थिइन् । त्यसको भोलिपल्टै २९ भदौ प्रसूति गृहले उनलाई तीनकुनेस्थित कान्तिपुर अस्पताल पठाइदिएको थियो । लताका पति सुमन केसीले भने, "२९ भदौ बिहान पाँच बजेतिर नै लताको अवस्था नाजुक भइसकेको थियो । सास लिन गाह्रो भैरहेको देखेर म आत्तिएको थिएँ। तर त्यहाँ नर्स मात्र थिए। दिउँसो तीन बजेतिर डाक्टरहरू आए। मलाई केही जानकारी नदिई बिरामी निकालेर तीनकुनेको कान्तिपुर अस्पतालमा पठाइदिए । त्यसको चार दिनपछि २ असोजमा उनको त्यहीं मृत्यु भयो ।"

लताको उपचारमा संलग्न डाक्टर युवराज शर्माका अनुसार, कान्तिपुर अस्पतालमा ल्याइपुऱ्याउँदा उनको 'दिमागी अवस्था शून्य' मा पुगिसकेको थियो । ब्लडप्रेसर र मुटुको धड्कन ज्यादै कम भइसकेको थियो ।

यसैगरी २५ भदौ प्रसूति गृहमा शल्यक्रिया भएको मकवानपुर, पालुङकी २० वर्षीया भगवती अमात्यको अवस्था पनि नाजुक हुन पुगेको थियो। अपरेशन गरेको पाँच घन्टापछि नै उनको अवस्था पनि संकटपूर्ण भएको थियो । उनलाई पनि प्रसूतिले सानेपास्थित स्टार अस्पताल पठाएको थियो । यिनको अवस्था बिग्रँदा उनको नवजात शिशुको ३० भदौ मृत्यु भयो ।

उता, त्रिपुरेश्वरस्थित ब्लुक्रस अस्पताल पठाइएकी २६ वर्षीय दीपा श्रेष्ठ एक हप्तापछि घर फर्किइन् । त्यसको पाँच दिनपछि, १३ कात्तिक उनको बच्चाको मृत्यु भयो । दीपाका जेठाजु राजेन्द्र श्रेष्ठ जो प्रसूति गृहले यही काण्डमा गठन गरेको छानबीन समितिका सदस्य पनि हुन्; भन्छन्, "आमा बाँचे पनि बच्चा बचाउन सकिएन ।"

स्टार अस्पताल पुऱ्याइएकी २१ वर्षीया दिया श्रेष्ठ र ३७ वर्षीया चन्द्रकुमारी काफ्लेलाई अपरेशन गरेको घाउ पाक्ने, सुई लगाएको ठाउँ (ढाड) मा दुख्ने, टाउको दुख्ने जस्ता समस्याले सताइरहेको छ । दुवैजना डाक्टरहरूकहाँ धाइरहेका छन् ।

चन्द्रकुमारीका श्रीमान् अर्जुन काफ्ले भन्छन्, "प्रसूति गृहमा हुँदा पीडाले यति छटपटाइन् कि डाक्टरहरूले बौलाहालाई झैं चारै हातगोडा बाँधेर राखेका थिए ।"

उपचारपछि घर फर्के पनि भगवतीको ढाड र टाउको दुख्ने समस्या गएको छैन । उनी आफ्नो बच्चा के कारणले मरेको हो भन्नेसम्म जानकारी नपाएकीले दुःखी छिन् । प्रसूतिबाटै सिनामंगलस्थित काठमाडौं मेडिकल कलेजमा पठाइएकी भक्तपुरकी २४ वर्षीया

दीपा थापालाई करीब एक महीना भेन्टिलेटरमा राखेर उपचार गर्नुपऱ्यो। उनी बेसुरका कुरा गर्छिन्, बेलाबेलामा पागलपन आएर घरबाट भाग्ने गरेकोले 'फलोअप' का लागि नियमित अस्पताल लैजाने गरिएको छ। सँगै लगिएकी २४ वर्षीया सपना पराजुली भने एकहप्ताको उपचारपछि घर फर्किइन्।

कान्तिपुर अस्पतालमा पठाइएकी २८ वर्षीया सुशीला शर्मा र १९ वर्षीया बिन्दा घिमिरेलाई लामो समयसम्म उपचार गर्नुपऱ्यो।

**दोष औषधिमा**

प्रसूतिका सुत्केरीहरूले अस्पतालमा पाउनु परेको पीडाको रहस्य भने ३ मंसीर छानबीन समितिले प्रतिवेदन दिएपछि खुलेको छ। प्रतिवेदनले भनेको छ, "पीडितहरूको उपचारको क्रममा प्रयोग भएका औषधि तथा अन्य सामग्री गुणस्तरहीन थिए।" समितिले औषधि खरीद प्रक्रिया 'पारदर्शी गर्नू' भन्ने सुझाव पनि दिएको छ।

पीडितका आफन्तहरूले आवाज उठाएपछि प्रसूतिले त्यहींका डा. अमीरबाबु श्रेष्ठको संयोजकत्वमा 'छानबीन समिति' गठन गऱ्यो। यस समितिले ७ असोज त्यहाँ प्रयोग गरिएका ११ किसिमका औषधि परीक्षणका लागि औषधि व्यवस्था विभागमार्फत राष्ट्रिय औषधि प्रयोगशाला पठाएको राष्ट्रिय औषधि प्रयोगशाला प्रमुख मोहनप्रसाद अमात्यले बताए। उनले भने "हामीले ती औषधिहरू दुई हप्ता लगाएर परीक्षण गऱ्यौं। शंका लागेका नमूनाहरूको दोहोऱ्याएर समेत जाँच गरियो। त्यसपछि दुई वटा औषधिहरू ऱ्यानिटिडिन इन्जेक्सन र

# इन्जेक्सनले फेरि अर्को मृत्यु

**५ फागुन** धापाखेल-७ ललितपुरकी रीता अधिकारीलाई सुत्केरी गराउन ललितपुरको पाटन अस्पताल भर्ना गरियो। त्यसको भोलिपल्ट उनलाई शल्यक्रिया गर्नका लागि बुपिभकाइन इन्जेक्सन दिएको छिनभरमै उनमा छारेरोगको जस्तो लक्षण देखापऱ्यो। उनी त्यत्तिकैमा बेहोश भइन्। उपचारमा संलग्न चिकित्सकहरूले उनलाई भेन्टिलेटरमा राखेर एन्टिवायोटिक दिए तर उनको अवस्था झनै बिग्रँदै गयो। उनका शरीरका अंगहरूले एकपछि अर्को गर्दै काम गर्न छाडे। किड्नीले काम गर्न छाडेपछि अस्पतालले उनको डायलासिस समेत गरेको थियो। बेहोश भएको तीन दिनमा उनको पेटमा रहेको बच्चाको पेटभित्रै मृत्यु भएपछि ८ फागुन शल्यक्रिया गरी निकालियो। अन्तत: १० फागुन रीताको पनि आईसीयुमै मृत्यु भयो।

पाटन अस्पतालका निर्देशक डा. पवनकुमार शर्माले बुपिभकाइन इन्जेक्सनको असरको कारण उनको मृत्यु भएको जानकारी दिए। उनलाई भारतको अहमदावादस्थित

अक्सिटोसिन इन्जेक्सनमा कीटाणु र ढुसी रहेको तथा तिनलाई स्टेरायल नगरिएको पायौं। त्यही रिपोर्ट हामीले प्रसूति गृहलाई दिएका छौं।"

## चिकित्सकको स्वीकारोक्ति

प्रसूति गृहका एनेस्थेसियोलोजिस्ट (औषधिद्वारा निश्चित समयका लागि बेहोश गराउने) डा. छत्रकृष्ण श्रेष्ठले भने, "शल्यक्रिया गरिएका र समस्या देखिएका ती नौ जना सुत्केरी महिलालाई ऱ्यानिटिडिन र अक्सिटोसिन इन्जेक्सन प्रयोग गरिएको थियो।" उनले प्रष्ट पार्दै बताए, "ऱ्यानिटिडिन इन्जेक्सन शल्यक्रियाका क्रममा दिइएका एन्टिबायोटिक औषधिको रियाक्सनबाट ग्यास्टिक नहोस् भनेर दिइन्छ भने अक्सिटोसिन इन्जेक्सन पाठेघरबाट हुने रक्तस्राव रोक्न दिइन्छ। प्रसूति गृहले यी दुवै इन्जेक्सनहरू प्रयोग गरिआएको छ।"

तर प्रयोगशालाले यी दुवै औषधिमा कीटाणु र ढुसी फेला परेको प्रतिवेदन दिएको छ। विभागले ती औषधिका आयातकर्ताहरूलाई पनि बजारबाट ती ब्याच नं. का इन्जेक्सनहरू तुरून्त फिर्ता लिन पत्र पठाएको छ।

ऱ्यानिटिडिन इन्जेक्सनको बालुवाटारस्थित आयातकर्ता 'इन्जेक्सन नेपाल' का अध्यक्ष शेषकान्त सुवेदीले भने, "औषधि व्यवस्था विभागले हामीले आयात गरेको ब्याच नं. एसआरए ११३ ऱ्यानिटिडिन इन्जेक्सन कीटाणुयुक्त भएको र स्टेरायल नभएकोले फिर्ता मगाउन भनी हामीलाई पत्र पठाएको थियो। त्यसैको आधारमा हामीले सो ब्याचको इन्जेक्सन सबै फिर्ता मगायौं।"

क्लारिस लाइफसाइन्स लिमिटेडले उत्पादन गरेको ब्याच नं. ए ०१०७४७ बुपिभकाइन इन्जेक्सन दिइएको थियो।

## डा. सुन्दरमणि दीक्षित

प्रसूति गृहमा भएको घटनाका सम्बन्धमा केही कुरा गलत देखिन्छ। त्यो के भने कुन डाक्टरको निगरानीमा बिरामीको उपचार गरिंदैछ भन्ने सामान्य खालको अग्रिम सूचना पनि बिरामीका आफन्तहरूलाई दिइएन। यसरी डाक्टरहरूले मनोमानीपूर्वक निजी अस्पतालहरूमा रेफर गरिदिएको देखिन्छ। यसो गर्नु 'अनइथिकल' अभ्यास हो।

अस्पतालबाट राम्रो काउन्सिलिङ पाउनु सबै बिरामी र तिनका आफन्तको अधिकार हो। बिरामी बेहोश छ वा शल्यक्रिया गर्न अपरेशन थिएटरमा लगिएको छ भने झन् राम्ररी काउन्सिलिङ गरिनुपर्छ। बिरामीलाई के भइराखेको छ भन्ने कुरा आफन्तलाई बताइरहनुपर्छ। बिरामीको उपचार शुरू गर्नुअघि, औषधि र उपचारको साइड इफेक्ट के के हुन्छ भन्ने कुरा बताउनुपर्छ। अरू देशमा यसो गरिएन भने डाक्टर र स्वास्थ्यकर्मीहरू सबैलाई कठघरामा उभ्याइन्छ।

त्यसैगरी अक्सिटोसिन नामक अर्को इन्जेक्सनको क्षेत्रपाटीस्थित आयातकर्ता 'मिन्को फर्मास्युटिकल्स' का प्रोप्राइटर मृगेन्द्र श्रेष्ठले भने, "औषधि व्यवस्था विभागबाट 'औषधिमा खराबी भएकोले बजारबाट फिर्ता मगाऊ' भन्ने पत्र पाएपछि हामीले आयात गरेको ब्याच नं. ४०२ अक्सिटोसिन इन्जेक्सन करीब '८०० एम्पुल' इन्जेक्सन बजारबाट फिर्ता गरिसकेका छौं ।" प्रसूति गृहकी निर्देशक डा. शीला वर्माले भनिन्, "मलाई यसबारेमा केही थाहा छैन, म केही भन्न सक्दिनँ ।" उता, प्रसूति गृह विकास समितिका अध्यक्ष डा. श्यामसुन्दर मिश्र पनि आफूलाई 'केही थाहा नभएको' भनेर पन्छिए ।

## इन्जेक्सनबाट संक्रमण

समस्यामा परेका सबै सुत्केरी आमाहरूको 'डिस्चार्ज शीट'मा शल्यक्रियापछि मेनेन्जाइटिस वा मेनेन्गिस्मस भएको विवरण दिइएको छ । प्रसूतिका डा. अमीरबाबु श्रेष्ठले बताए, "उनीहरू शल्यक्रिया गर्नु अघिसम्म सामान्य थिए तर मेरुदण्डमा दिइने लठ्याउने औषधि 'बुपिभकाइन' दिएपछि समस्या देखापरेको थियो ।"

ट्रोइका फर्मास्युटिकल्स (भारत) बाट निर्मित बुपिट्रोए नामक बी १५१५२ ब्याच नं. को 'बुपिभकाइन' इन्जेक्सन क्षेत्रपाटीको संघाई फर्मास्युटिकल्सबाट प्रसूति गृह अस्पतालले २६ भदौमा खरीद गरेको देखिएको छ। तर अहिले बन्द गरेको छ ।

लता गुरुङ, सुशीला शर्मा र बिन्दा घिमिरेको उपचारमा संलग्न कान्तिपुर अस्पतालका वरिष्ठ डा. युवराज शर्मा भन्छन्, "मकहाँ ल्याइएका तीनै जना बिरामीमा मेनेन्गिस्मस्को लक्षण देखिएको थियो। मेरुदण्डमा दिइने इन्जेक्सनमार्फत दिमागमा यस्तो असर पर्न सक्छ।"

स्टार अस्पतालका डाइरेक्टर डा. अनिल पोखरेल र त्रिपुरेश्वरस्थित ब्लुक्रस अस्पतालका न्युरोलोजिस्ट दिनेशविक्रम शाहले आफूकहाँ पठाइएका सुत्केरीहरूमा भने मेनेन्जाइटिसको लक्षण देखिएको बताए । भने- मेरुदण्डको नशामा दिइएको इन्जेक्सनबाट यस्ता कीटाणु दिमागमा पुगेर असर गर्न सक्छन् । जनस्वास्थ्य विशेषज्ञ डा. शरदराज वन्तले पनि मेरुदण्डमा दिएको इन्जेक्सनमा हुने खराबीका कारण सोझै दिमागमा असर पुग्न सक्ने बताए।

लता गुरुङसमेत शल्यक्रियामा संलग्न प्रसूति गृहका एनेस्थेसिस्ट डा. अमीरबाबु श्रेष्ठ भन्छन्, "बुपिभकाइन इन्जेक्सन स्पाइनल एनेस्थेसिया हो, यो औषधि ढाडको नसामा दिंदा तत्काल दिमागमा पुगेर असर गर्छ । प्रसूति गृहका सुत्केरीमा यो समस्या देखापरेपछि हामीले प्रयोग गरिरहेको औषधिको ब्रान्ड परिवर्तन गर्‍यौं, त्यसपछि भने यस्तो समस्या आएको छैन ।"

## खराब बुपिभकाइनको असर

३१ भदौ काठमाडौं मेडिकल कलेजले प्रसूति गृहले चलाएकै ब्याच (बी १५१५२) को बुपिभकाइन इन्जेक्सन प्रयोग गरेर एक सुत्केरीको शल्यक्रिया गरेको थियो । उनमा पनि उही समस्या देखा परेपछि कलेजले तत्काल बिरामीको 'लम्बरपम्चर' (ढाडको तरल पदार्थ निकालेर) परीक्षण गरेको थियो । त्यस परीक्षणमा बिरामीलाई ब्याक्टेरियल मेनेन्जाइटिस

भएको पाइएको थियो। कलेजकी प्रसूति विभाग प्रमुख डा. चन्दा कार्कीले बताइन्, "यो घटनापछि अस्पतालले ट्रोइका फर्मास्युटिकल्स (भारत) बाट निर्मित उक्त इन्जेक्सन प्रयोग गर्न रोक लगाएको छ।"

तर प्रसूति गृह व्यवस्थापनले भने यस्ता औषधिबारे कुनै 'एक्सन' लिएको छैन। प्रसूति गृहकी निर्देशक डा. शीला वर्मा भने यसबारे कुरा गर्न तयार भइनन्। अस्पतालका प्रशासन प्रमुख अमर अमात्यको जवाफ थियो, "छानबीन समितिले प्रतिवेदन दिएपछि केही गरौंला। तर आजसम्म कुनै काम भएको जानकारी पाइएको छैन।"

प्रसूति गृहमा ट्रोइका फर्मास्युटिकल्स (भारत) बाट निर्मित सो ब्याचको 'बुपिभकाइन' किन्ने र आदेश दिने अधिकार यी दुईलाई दिइएको छ। त्यही अधिकार प्रयोग गरेर क्षेत्रपाटीस्थित संघाई फर्मास्युटिकल्ससँग प्रसूति गृहले २६ भदौमा २५ एम्पुल विवादास्पद बुपिभकाइन इन्जेक्सन खरीद गरेको थियो। प्रसूति गृहले विगत दशकदेखि नै विना टेण्डर नै औषधि खरीद गर्दै आएको छ। अस्पतालले आमा सुरक्षा कार्यक्रमबाट पनि औषधि किन्न अनुदान पाउने गरेको छ। तर औषधि भने आफूखुशी किन्ने गरेको छ। ठूलो विवाद आएपछि बुपिभकाइन इन्जेक्सन आयात गर्ने श्रेया मेडिसिन डिस्ट्रिब्युटर्स, क्षेत्रपाटीका प्रबन्ध निर्देशक सुशील दाहालले भने, "प्रसूति गृहमा समस्या देखा परेपछि कम्पनीले बजारबाट 'बुपिभकाइन' फिर्ता गरिसकेको छ।"

## कमजोर प्रयोगशाला गैरजिम्मेवार प्रशासक

राष्ट्रिय औषधि प्रयोगशाला प्रमुख मोहनप्रसाद अमात्य भन्छन्, "औषधिमा गलत र हानिकारक केमिकल मिसावट भए/नभएको पत्ता लगाउने साधन, स्रोत र क्षमता हामीसँग छैन।"

छानबीन समितिले पठाएका औषधि जाँच गरेर दुई वटा इन्जेक्सनमा कीटाणु, ढुसी र ब्याक्टेरिया उत्पन्न भएको पाएपछि तिनको प्रयोग नगर्न राष्ट्रिय औषधि प्रयोगशालाले ५ मंसीरमै प्रसूति गृहलाई निर्देशन दिएको थियो। प्रयोगशाला प्रमुख अमात्य भन्छन्, "हामीले गर्न सक्ने त्यत्ति हो।"

यसैबीच, ट्रोइका फर्मास्युटिकल्स (भारत) बाट निर्मित ब्याच नं. बी १५१५२ का विवादित बुपिभकाइन इन्जेक्सन खोज पत्रकारिता केन्द्रले फेला पारेको छ। औषधि व्यवस्था विभागका प्रमुख राधारमण प्रसादले यस कम्पनीको औषधिलाई २०६६ सालमा नेपाल भित्र्याउन अनुमति दिइएको बताए। उनले थपे, "पहिले ल्याब टेस्ट गरेपछि मात्र कुनै ब्रान्डलाई प्रवेश अनुमति दिन्छौं। तर प्रत्येक ब्याचको चाहिं टेस्ट गरिंदैन।" उनको यस्तो जवाफलाई गैरजिम्मेवारीको पराकाष्ठा मान्छन् उपभोक्ता हित संरक्षण मञ्चका सचिव तथा अधिवक्ता रामचन्द्र सिंखडा। भन्छन्, "विश्वका कुनै पनि मुलुकमा प्रत्येक ब्याचको औषधि टेस्ट गरेपछि मात्र बजारमा लैजाने अनुमति दिइन्छ। अत्यावश्यक सेवा संचालन ऐन, २०१४ को प्रावधान अनुसार हामीकहाँ पनि त्यसै गरिनुपर्छ। यसो नगरेर सेवाग्राहीको स्वास्थ्यप्रति खेलबाड गर्ने सबै सजायका भागी हुन्छन्।"

## गैर जिम्मेवारी र दण्डहीनताको बोलवाला

उपभोक्ताको हितमा देशमा कानूनै नभएका होइनन् । उपभोक्ता संरक्षण ऐन, २०५४ र मुलुकी ऐन, २०२० का सम्बन्धित प्रावधानहरूलाई मात्र कार्यान्वयन गरिने हो भने पनि प्रसूति गृहको संक्रमण काण्डमा प्रयोग गरिएका तीनवटै घातक इन्जेक्सनका उत्पादक, आयातकर्ता, बिक्रेता, बिक्रीको अनुमति दिने संस्था र व्यक्ति तथा सबै तहका सेवा प्रदायकहरू (अस्पतालको व्यवस्थापन, प्रशासन, सम्बन्धित डाक्टरहरू, औषधि निर्माता, आयातकर्ता र आपूर्तिकर्ताहरू) लाई केही रोगीहरूको केसमा रु.५ लाखसम्म जरिवाना र १४ वर्षसम्म कैद तथा रोगीको ज्यान गएको केसमा सर्वस्वसहित जन्मकैदको सजाय हुन सक्छ।

सरकार नै वादी भएर चलाउनुपर्ने यस्ता मुद्दाहरू सरकारी पक्षले उठाइनदिएपछि उपभोक्ता हितका नाममा गठित गैसस र तिनका पदाधिकारीले उपचार खोज्न अदालत जानुपर्ने हो। तर कसलाई फुर्सद छ र ?

महिला हिंसा विरुद्ध चर्का नारा जुलूस, भाषण र राजनीति गर्नेहरूलाई गर्भवती महिलाले भोग्नु परेका यस्ता गम्भीर समस्यातिर ध्यान दिन फुर्सत जुरेको देखिंदैन।

औषधि र उपचारको 'व्यवसाय' भित्र हुने यस प्रकारका हिंसा र अपराधका जिम्मेवारहरूलाई कानूनको कठघरामा नल्याउने हो भने देशभरि थुप्रै लताहरूको अकालमा मृत्यु भइरहने र असंख्य चन्द्रकुमारीहरूको जिन्दगी यातनाको पर्याय बनिरहने निश्चित छ। मूल प्रश्न एउटै छ- हामी के चाहन्छौं ? हाम्रो समाज र राज्य के चाहन्छ ?

(२०६९ **चैत अंकको *स्वास्थ्यखबर* पत्रिकामा प्रकाशित**)

■ इन्दिरा अर्याल

६

# सुत्केरीका शिकारी :
# पैसाका लागि शल्यक्रियाको व्यापार

काठमाडौं थापाथलीस्थित प्रसूति गृहमा शल्यक्रियाबाट शिशुलाई जन्म दिएपछि गोरखाकी ३० वर्षीया कल्पना कँडेलको मृत्यु भयो। २०६८ पुस ११ गते अस्पताल भर्ना भएकी उनलाई शल्यक्रिया गरेर बच्चा जन्माउन सिजरिन सेक्सन (सी-सेक्सन) लगिएको थियो। तर शल्यक्रियापछि अचानक जटिलता थपिएर भोलिपल्ट फेरि शल्यक्रिया गरियो। त्यसपछि कल्पनाका धेरै अङ्गहरूले काम गर्न छाडे। पुस १३ गते प्रसूति गृहका डाक्टरहरूले उनलाई थप उपचारका लागि वीर अस्पताल लैजान रिफर गरे। तर, त्यहाँ उपचार शुरु हुन नपाउँदै उनको मृत्यु भयो।

शल्यक्रियाबाट बच्चा जन्माउने क्रममा आमाको मृत्यु भएको यो प्रतिनिधि घटना हैन। तापनि, मातृ-मृत्युका यस्ता घटना एकदमै दक्ष जनशक्ति र आधुनिक उपकरणहरू भएका अस्पतालहरूमा समेत हुने गर्छन् जहाँ गर्भवती महिला सुरक्षित सुत्केरी गराउन र गुणस्तरीय स्वास्थ्य सेवा लिन आउँछन्। प्रसूति गृहकी निर्देशक डा. शीला वर्मा भन्छिन्, "सबै अपरेसन सफल हुँदैनन्।"

"दिदीको मृत्यु सी-सेक्सनका प्रक्रियाहरूका कारण नभई डाक्टरहरूको बेवास्ता र लापरबाहीले गर्दा भएको हो", कल्पनाकी बहिनी विमला भन्छिन्। डाक्टरहरूको लापरबाहीका विरुद्ध विमलाले जिल्ला प्रशासन कार्यालयमा उजुरी दर्ता गराएकी छन्।

अस्पताल स्रोतहरू यस्ता घटनामा पर्ने कल्पना एक्ली नभएको बताउँछन्। कल्पनाको उपचारमा संलग्नमध्येकी एक डा. वर्माका अनुसार दोस्रो शल्यक्रिया गरेपछि उनमा जटिलताहरू देखा परे। उनलाई सघन उपचार कक्ष लगिए पनि स्थिति सुध्रिएन। एकपल्ट रगत बान्ता भएपछि असह्य पीडा भयो। त्यसको केही घण्टापछि दोस्रो शल्यक्रियाका लागि लगियो। डाक्टरहरूले उनको तल्लो पेटबाट दुई लीटर रगत निकाले। दोस्रो शल्यक्रियापछि

कल्पनाका धेरै अङ्गले काम नगरेको पाइयो। मिर्गौला र कलेजोमा समस्या थियो र ती दुवैले काम गर्न छोडेका थिए। उनी भन्छिन्, "धेरै प्रयास गऱ्यौं, तर केही सीप लागेन।"

विमलाको गम्भीर प्रश्न छ, "सी-सेक्सनमा लैजानुअघि डाक्टरहरूले मिर्गौला र कलेजोको परीक्षण किन गरेनन् ?" बिरामीको स्वास्थ्यस्थिति नै नहेरी शल्यक्रिया गर्ने विवेकहीन निर्णयका कारण दिदीले ज्यान गुमाउनु परेको विमलाको ठहर छ। कल्पनाको मृत्युपछि उनकी दुई वर्षकी छोरी छुन्नु र नवजात बालक बाबु र हजुरबुबासँग बसिरहेका छन्।

जनसङ्ख्या तथा स्वास्थ्य मन्त्रालयका वरिष्ठ स्वास्थ्य अधिकृत डा. बाबुराम मरासिनीका अनुसार शल्यक्रियाबाट बच्चा जन्माउने राष्ट्रिय औसत दर ५ प्रतिशतभन्दा तल छ। तर, काठमाडौंका प्रमुख अस्पतालहरूमा यो दर २५ प्रतिशतभन्दा बढी रहेको छ। यो तथ्याङ्कले स्थिति कति भयावह छ भन्ने देखाउँछ।

अस्पताल स्रोतहरूका अनुसार, काठमाडौं उपत्यकाका प्रमुख अस्पतालहरू त्रिवि शिक्षण अस्पताल, पाटन अस्पताल, प्रसूति गृह र नेपाल मेडिकल कलेजबाट हरेक वर्ष ४० हजार महिलाले प्रसूति सेवा लिने गरेका छन् जसमध्ये १० हजार जति अर्थात् २५ प्रतिशतलाई बच्चा जन्माउन शल्यक्रिया गरिन्छ। तीमध्ये विश्व स्वास्थ्य सङ्गठनले यस्तो शल्यक्रिया विश्वभर १० देखि १५ प्रतिशतभन्दा माथि पुग्न नहुने सिफारिस गरेको छ।

साधारण तरिकाले प्रसूति गराउँदा बच्चा वा आमाको स्वास्थ्य खतरामा पर्छ भन्ने लागेको अवस्थामा मात्र शल्यक्रिया प्रविधि अपनाइन्छ। तर यसको जथाभावी प्रयोग गर्ने क्रम बढ्दो छ। नेपाल मेडिकल कलेजकी वरिष्ठ स्त्री तथा प्रसूति रोग विशेषज्ञ डा. वीणा श्रीवास्तव भन्छिन्, "सी-सेक्सन प्रक्रिया प्रसूतिमा समस्या हुँदा गरिने ठूलै अप्रेसन हो। तर प्रायः यसलाई त्यसो हो भनेर बताइन्न।"

झापाकी ३० वर्षे मीरा राईले २०६८ चैत २ गते पाटन अस्पतालमा आफ्नो नवजात शिशु गुमाइन्। डा. पवनकुमार शर्माले उनी गर्भवती भएपछि प्रसवपूर्वको अवस्थासम्मै नियमित रूपमा स्वास्थ्यस्थिति हेर्दै आएका थिए। त्यस दिन उनले मीरालाई सामान्य प्रसूतिका लागि अस्पताल भर्ना हुन सुझाव दिए। भर्ना गराउनुअघि उनको बच्चा स्वस्थ र सामान्य अवस्थामा रहेको बताइएको थियो। तर, भर्ना भएपछि डाक्टरहरूले बच्चामा केही जटिलता रहेको बताए। "डा. शर्माले मलाई सी-सेक्सनमा जान भन्नुभयो", मीराले भनिन्, "मसँग कुनै विकल्प थिएन र जान राजी भएँ। तर, बच्चा मरेको छ भनेपछि त मेरो होशै हरायो।" एउटा प्रतिष्ठित अस्पतालमा आफू डाक्टरबाटै ठगिएको मीराको आरोप छ।

अस्पतालका प्रसूति तथा स्त्री रोग विभाग प्रमुख डाइरेक्टर समेत रहेका डा. शर्मा भन्छन्, "यो एउटा दुर्घटना थियो। कहिलेकाहीं यस्तो हुने गर्छ।"

विराटनगरकी २६ वर्षे सीता गिरीले पनि उस्तै समस्या झेल्नु पऱ्यो। उनले पाँच वर्षअघि बच्चा जन्माउन थापाथलीस्थित प्रसूति अस्पतालमा सी-सेक्सन जानु परेको थियो। तर, त्यसको पीडा अहिले पनि उनले भोग्नु परिरहेको छ। जाडो याममा उनलाई पाठेघरमा असह्य दुख्छ। पसलमा काम गर्ने उनले यही दुखाइका कारण काम नै छोड्नुपर्ने हुन्छ। सीता भन्छिन्, "शल्यक्रियाले मेरो स्वास्थ्य नराम्ररी बिगारेको छ, अब म धेरै खप्न सक्दिनँ।"

काठमाडौं उपत्यकामा सी-सेक्सनका शिकार हुनेको सङ्ख्या बढ्दो छ । शल्यक्रिया गरी बच्चा जन्माएका अधिकांश महिलाहरू त्यसको साइड इफेक्ट भएको बताइरहेका छन्।

पाटन अस्पतालमा प्रसूतिपूर्वको स्वास्थ्य परीक्षणका क्रममा स्याङ्जाकी २७ वर्षे वविता भट्टराईलाई उनको बच्चा कम तौलको छ भनिएको थियो। सुत्केरी हुने वेला डाक्टरहरूले उनलाई सी-सेक्सन लैजाने निधो गरे। २०६६ फागुन २१ का दिन बच्चा जन्माइयो। तर बच्चाको तौल सामान्य (२.८ केजी) थियो। "यो सरासर लापरबाही थियो। म अप्रेसन गरेर बच्चा जन्माउने पक्षमा थिइनँ। त्यसो गरेपछि मैले अस्पतालको बेडमा १८ दिन बस्नुपर्‍यो", बबिता भन्छिन्, "अहिले म एकदमै कमजोर भएकी छु। अब दोस्रो गर्भधारण गर्ने आँट पनि ममा छैन।"

नेपाल जनसंख्या तथा स्वास्थ्य सर्वेक्षण २०११ का अनुसार मुलुकमा डाक्टर, नर्स वा मिडवाइफको सहायताले बच्चा पाउने महिला ३६ प्रतिशत छन्। सन् २००६ मा यसरी बच्चा पाउने १८ प्रतिशत मात्र थिए। यसले मातृशिशु सेवा एकदमै बढेको देखाउँछ। दक्ष जनशक्तिबाट सुत्केरी गराउने क्रम बढेसँगै खासगरी शहरका अस्पतालहरूमा शल्यक्रियाबाट बच्चा जन्माउनेहरूको सङ्ख्यासमेत वृद्धि भएको छ।

२०६८ पुसदेखि वैशाखसम्म अनुसन्धान गर्दा सी-सेक्सनबाट बच्चा पाउने दर डरलाग्दो गरी बढेको पाइयो। पाटन अस्पतालका अनुसार त्यहाँबाट हरेक वर्ष करीब ८ हजार महिलाले प्रसूति सेवा लिन्छन्। तीमध्ये २५ देखि ३० प्रतिशत सी-सेक्सनका हुन्छन्। यसको मतलब पाटन अस्पतालमा मात्र हरेक वर्ष झण्डै २५ सय गर्भवती महिलाले यो प्रक्रियाबाट गुज्रनुपर्छ र उनीहरू जीवनभर त्यसको पीडा भोग्न बाध्य हुन्छन्।

नेपाल मेडिकल कलेजका अनुसार त्यहाँ एक वर्षमा प्रसूतिका ४ हजार ५०० घटना हुने गर्दछन्। अस्पतालको रेकर्ड अनुसार तीमध्ये ३० प्रतिशत (करीब १ हजार ३०० महिला) को शल्यक्रिया गरिएको थियो। प्रसूति गृहमा हरेक वर्ष २३ हजार महिलाले सुत्केरी सेवा लिन्छन् र तीमध्ये २५ प्रतिशतको शल्यक्रिया गरिन्छ। त्रिवि शिक्षण अस्पताल स्रोतका अनुसार त्यहाँ सुत्केरी गराउनेको सङ्ख्या ४५ हजार रहेकोमा ३० देखि ४० प्रतिशतको शल्यक्रिया हुने गरेको छ।

शल्यक्रिया गरिएपछि जटिलता आउने बिरामीहरूको सङ्ख्या पनि बढ्दो छ। त्रिवि शिक्षण अस्पतालकी डा. नीलम प्रधान भन्छिन्, "हरेक वर्ष १५ सयदेखि ३ हजारसम्म महिला सी-सेक्सन प्रक्रियापछिका जटिलता लिएर आउने गरेका छन्।" यसरी बच्चा जन्माउनेमा ब्लड क्लट, कार्डियाक अरेस्ट, जटिल संक्रमण आदिको संभावना तीन गुणा बढी हुन्छ।

## नीति र मन्त्रालय

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका वरिष्ठ स्वास्थ्य अधिकृत डा. बाबुराम मरासिनी भन्छन्, "काठमाडौंका अस्पतालहरूमा सजिलोका लागि सी-सेक्सन लैजाने प्रवृत्ति छ। यो काम पैसा कमाउनका लागि गरिदैछ भन्ने कुरामा हामी सचेत छौं तापनि प्रमाणित गर्न

गाह्रो छ। सरकारले यसलाई रोक्न सक्दैन। डाक्टरहरूबाट आमा र बच्चा सुरक्षित राख्न शल्यक्रिया गर्नु आवश्यक थियो भन्ने जवाफ आउन सक्छ। त्यो होइन भनेर कसरी प्रमाणित गर्ने ?"

डा. मरासिनी यसको अनुगमन नेपाल मेडिकल काउन्सिल र नेपाल प्रसूति तथा स्त्री रोग विशेषज्ञ समाज (नेसोग) को जिम्मेवारी हो भन्छन्। उनले भने, "उनीहरूले यसको अनुगमन गरेर मन्त्रालयलाई जानकारी दिनुपर्छ।" तर, नेपाल मेडिकल काउन्सिलका अध्यक्ष डा. दामोदर गजुरेल भने काउन्सिलका सामु सी-सेक्सनलाई भन्दा पनि ध्यान दिनुपर्ने महत्त्वपूर्ण सवालहरू अरू नै रहेको बताउँछन्। संस्थाको स्थापना भने नेपाली महिलाको प्रजनन् स्वास्थ्य स्थिति सुधार्न भनेर गरिएको हो।

## सुरक्षित मातृत्व कार्यक्रम : सहयोग कि द्वन्द्व ?

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले सन् २००८ मा मुलुकका सबै प्रमुख अस्पतालहरूलाई सुरक्षित मातृत्व कार्यक्रम चलाउन आग्रह गऱ्यो। यस अन्तर्गत आमालाई केही आर्थिक सहायतासहित नि:शुल्क सुत्केरी सेवा उपलब्ध गराउने र त्यसका निम्ति अस्पतालहरूलाई छुट्टै बजेट उपलब्ध गराउने मन्त्रालयको योजना थियो।

डा. मरासिनी भन्छन्, "तर, साधारण स्वास्थ्यका लागि सरकारबाट वर्षेनि करोडौं रुपैयाँ अनुदान पाइरहेका पाटन अस्पताल र त्रिवि शिक्षण अस्पतालले त्यो बजेट स्वीकारेनन्। तिनले सुरक्षित मातृत्व कार्यक्रम लागू गर्न नमानेको कारण खुलस्त पार्दै मन्त्रालय अन्तर्गत परिवार स्वास्थ्य विभागका निर्देशक डा. नरेशप्रताप केसीले भने, "उनीहरू प्रसूति सेवा नै आफ्नो मुख्य आयस्रोत भएको बताउँछन्।"

पाटन अस्पतालका कार्यवाहक मेडिकल डाइरेक्टर डा. पवन शर्मा पनि यो तथ्य स्वीकार्छन्। "पाटन अस्पताल बिरामीहरूकै पैसाबाट सञ्चालित छ", उनी भन्छन्, "अस्पताललाई टिकाउने मुख्य स्रोत मातृसेवा नै हो। सरकारको सुरक्षित मातृत्व कार्यक्रम लागू गर्ने हो भने आर्थिक रूपमा हामी टिक्नै सक्दैनौं।"

## प्रविधिको 'विवेकहीन' उपयोग

सामुदायिक शिक्षा तथा जनस्वास्थ्य विभागका प्रमुख प्रा. डा. शरद वन्त भन्छन्, "समस्याको मुख्य कारण स्वास्थ्य क्षेत्रमा भएको अनियन्त्रित निजीकरण हो। सी-सेक्सनको उपयोग आर्थिक उद्देश्यले गरिनुहुँदैन। डाक्टर र अस्पतालको सुविधा र लाभका लागि गरिने यस्तो शल्यक्रिया केही हदसम्म आर्थिक कारणले प्रेरित छ। उनीहरू प्रविधिको प्रयोग विवेकहीन ढङ्गले गर्छन्।"

डा. वीणा श्रीवास्तवको तर्क भने अलि बेग्लै छ। उनी भन्छिन्, "दुर्भाग्यवश कुनै आमाको मृत्यु भयो भने उनका परिवारले १० लाख रुपैयाँभन्दा पनि बढी क्षतिपूर्ति माग्छन्। शायद यसैले गर्दा सी-सेक्सन उपयोगको क्रम बढेको हो। डाक्टरहरू सुत्केरी गराउँदा कुनै जोखिम मोल्न चाहँदैनन्।" उनी भन्छिन्, "सामान्य प्रसूतिभन्दा शल्यक्रिया पाँच गुणा

जोखिमपूर्ण छ। यो विवेकपूर्ण काम होइन। निजी नर्सिङ होमहरूमा यसलाई कुनै न कुनै रूपमा व्यापारीकरण गरिएको छ। शल्यक्रिया गरेर बच्चा जन्माउँदा उनीहरूलाई साधारण प्रसूतिबाट भन्दा चार गुणा बढी कमाइ हुन्छ।"

सी-सेक्सनमार्फत अर्थात् शल्यक्रिया गरेर बच्चा जन्माउने प्रविधि जटिल अवस्थाका गर्भवतीहरूका निम्ति एउटा वरदान हो। तर यसको अत्यधिक दुरुपयोग भइरहेको छ- चिकित्सकीय नैतिकतालाई पाखा लगाएर, केवल पैसा कमाउनका लागि। विडम्बना के भने सबै कुरा थाहा हुँदाहुँदै पनि सरकार र स्वयं डाक्टरका जिम्मेवार निकायहरू चिकित्सा क्षेत्रलाई अपराधसँग मितेरी लगाइदिने यो दुष्चक्र समाप्त पार्न उत्सुक देखिएका छैनन्। यस स्थितिमा सी-सेक्सन दुरुपयोगको 'ग्राफ' भविष्यमा झन्झन् उकालो लाग्दै गयो भने अस्वाभाविक हुने छैन।

(२०६९ **पुस महीनाको *नारीश्वर* मासिकमा प्रकाशित**)




दिकेश, वर्ष ४।




निशाल, वर्ष ३।



निलिशा, वर्ष २०।



कृष्णप्रसाद, वर्ष ६२।



रामु सापकोटा

८

# अस्पताल र चिकित्सकका शिकार

**नेपालका अस्पताल र चिकित्सकहरूका लागि बिरामीहरूको शरीर नै प्रयोगशाला हुँदै आएको छ। नेपाल मेडिकल काउन्सिल मूकदर्शक भएकोले अस्पतालमा मर्ने–मार्ने खेल नियमित रूपमा चलिरहेको छ।**

## अक्सिजन एक्सिडेन्ट

ललितपुर वडा नं. ९ सप्तखेलका दिकेश बज्राचार्यको चार वर्षको उमेरमै ज्यान गयो। उनका पिता दीपकराज बज्राचार्य भन्छन्, "पाटन अस्पतालको लापरबाहीले मेरो छोराको कलिलो उमेरमै मृत्यु भयो।"

२७ वैशाख २०६७ को राति दिकेशलाई स्वाँ-स्वाँ हुन थाल्यो। उनका आमाबाबुले हतारमा अस्पताल पुऱ्याएर बिहान साढे तीन बजे आकस्मिक कक्षमा भर्ना गरे। ड्यूटीका डाक्टरले बच्चालाई गम्भीर समस्या भएको बताएर बिहान चार बजेदेखि अक्सिजन दिए। ब्लड कल्चर र एक्सरेको रिपोर्टपछि इन्टेन्सिभ केयर युनिट (आईसीयु) मा राख्न सिफारिस गरे।

दिकेशकी आमा ऐश्वर्यप्रभा बज्राचार्य भन्छिन्, "इमर्जेन्सीमा अक्सिजन र सलाइन दिइरहेको थियो। बच्चाको वार्ड (पेडियाट्रिक) मा सार्दा पनि अक्सिन र सलाइन चढाएरै लगिएको थियो। आईसीयुमा लैजाँदा नर्स देवी अधिकारीले अक्सिजन र सलाइनको पाइप झिकिदिइन्। त्यसपछि बच्चा छटपटाउन थाल्यो।"


दीपकले थपे, "आईसीयुका डाक्टरले पनि अक्सिजन खोइ भनेर सोध्दा नर्सले थाहा छैन भनेर टारिदिइन्। अक्सिजन हटाएको केही समयपछि बच्चा आत्तिएर 'पानी' माग्न थाल्यो। केही क्षणमा उसको प्राण गयो।"

पाटन अस्पताल ललितपुरको व्यवस्थापन पक्षले घटनामा अस्पतालको लापरबाही भएको स्वीकार गरेको छ। अस्पताल व्यवस्थापनको तर्फबाट तत्कालीन निर्देशक डा. पारसकुमार आचार्यले २८ वैशाखमै प्रतिबद्धता पत्र लेखेर भनेका छन्– दिकेशलाई आईसीयुमा लैजाने क्रममा एकाएक अक्सिजन झिकेर लापरबाहीपूर्वक सार्ने क्रममा बच्चाको स्वास्थ्य स्थिति बिग्रन गई देहान्त भएको कुरा प्रारम्भिक अनुसन्धानबाट खुल्न आएको हुँदा पाटन अस्पताल प्रशासन गहिरो दुःख व्यक्त गर्दछ।

## अस्पतालको दोहोरो चाल

दिकेशको मृत्युपछि पाटन अस्पतालका डा. इमरान अन्सारी र डा. नीलम अधिकारीले मृतकका आफन्त रूपाप्रभा शाक्य, ज्वयली शाक्य र चैत्य प्रभालाई डाक्टरको कोठामा लगेर इमर्जेन्सीमा जाँच गर्ने डाक्टरले लापरबाही गरेका कारण बच्चाको ज्यान गएकोमा दुःख व्यक्त गरे। दोषीलाई कारबाही गर्छौं भनेर आश्वासन पनि दिए। तर चार वर्ष बितिसक्दा पनि अस्पतालले न दोषीको खोजी गऱ्यो न पीडित पक्षलाई कुनै जानकारी नै दियो।


पीडित दीपकले ललितपुरका प्रमुख जिल्ला अधिकारीलाई ३० वैशाखमा निवेदन दिएका थिए। जिप्रकाले तीन महीनापछि ११ साउनमा जिल्ला क्षतिपूर्ति समिति ललितपुरलाई मामिला हस्तान्तरण गरिदिए। जिल्ला क्षतिपूर्ति समितिले बयान लिंदा नर्स देवी अधिकारीले बच्चालाई दिएको अक्सिजन ठूलो भएकोले सानो सिलिण्डर लिन जाँदा दुई-तीन मिनेट मात्र


जिल्ला स्वास्थ्य कार्यालय

तनहुँ

विषय :- बुझाई पठाइएको बारे।

श्री जिल्ला प्रशासन कार्यालय,
दमौली, तनहुँ।


नेपाल सरकार

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

(आन्तरिक प्रशासन शाखा)

काठमाडौं, नेपाल।

विषय:- छानबिन गरी कारवाही गर्ने बारे।

अक्सिजन हटेको बयान दिइन्। तत्कालीन निर्देशक डा. पारसकुमार आचार्यले ‘अस्पतालको तर्फबाट कुनै गल्ती नभएको’ दाबी गरेर २८ वैशाख २०६७ को सहमति पत्र बाध्यतामा परेर गरेको बताए।

क्षतिपूर्ति समितिले अर्को दुई महीनापछि, ११ असोजमा प्रजिअ रत्नराज पाण्डेयको अध्यक्षतामा बैठक राखेर प्राविधिक परामर्श आवश्यक भएको ठहर गरी नेपाल मेडिकल काउन्सिलमा केस पठाइदियो।

नेपाल मेडिकल काउन्सिलमा केस पुगेको पनि चार वर्ष भयो। छानबीन गर्न गठन भएको ६ सदस्यीय विशेषज्ञ समितिले दिएको सुझावको आधारमा काउन्सिलले जिल्ला क्षतिपूर्ति समितिलाई २६ मंसीर २०६७ मा विस्तृत विवरणसहितको पत्र पठायो। सो रिपोर्टको तीन नम्बर बुँदामा भनिएको छ, “मृत्युको कारण रिपोर्टमा खुलाइए पनि पोष्टमार्टम जाँच भने नभएको देखिन्छ। पोष्टमार्टम जाँचबाट मृत्युको कारण पत्ता लगाउन धेरै हदसम्म सहयोग मिल्छ।”


विशेषज्ञ समितिले पोष्टमार्टम नगरिएकोले मृत्युको थप कारण पत्ता लगाउन नसकेको राय दियो। पीडित दीपक भन्छन्, “हामीले तत्काल पोष्टमार्टम गरिदिन अस्पतालमा अनुरोध गरेका थियौं। तर डाक्टरहरूले गर्नु पर्दैन भनेर पन्छाइदिए। अहिले पोष्टमार्टम नगराएको कारण देखाएर हामीलाई उल्लु बनाउँदै छन्। हामीले न्याय पाउने बाटो नै रोकियो।”

## रगत फरक पर्दा

२० चैत २०६९ मा २० वर्षीय निलिशा कार्की बिरामी परिन्। आमा अनिता कार्कीले विभिन्न अस्पतालमा उपचार गराइन्। तर उपचारकै सिलसिलामा नोवेल अस्पतालमा म्याच नहुने रगत परेर, १८ वैशाख २०७० मा उनको मृत्यु भयो।

निलिशा रगत कम हुने आईटीपी (आईडियोप्याथिक थ्रोम्बोसाइटोपेनिक पुरपुरा) रोग लागेको थियो। यसअघि सिद्धार्थ नर्सिङ होम भैरहवा, स्किन केयर अस्पताल काठमाडौं र


Patan Hospital


Nobel Hospital


Diagnosis

Date:

शिक्षण अस्पतालमा उपचार गराइएको थियो। शिक्षणका डाक्टरले निलिशाको शरीरमा रगतको कमी भएको बताएका थिए। अनिता कार्की सम्झिन्छिन्– उनको शरीरमा रगत चढाउने बित्तिकै सिद्धिन्थ्यो। निलिशा ओ-नेगेटिभ रक्त समूहकी थिइन्।

रोग बढ्दै गएपछि निलिशालाई काठमाडौंको ग्राण्डी अस्पताल लगियो। ग्राण्डीले नोबेल हस्पिटल एण्ड रिसर्च सेन्टरमा लैजान सिफारिस गरिदियो। ३ वैशाख २०७० मा निलिशा नोबेल अस्पताल भर्ना भइन्। त्यहाँ हेमाटोलोजिष्ट डा. विशेष पौडेलले उपचार शुरू गरे।

झण्डै दुई हप्ताको उपचारपछि घरमै औषधि खानु भनेर १५ वैशाख अस्पतालले घर पठायो। तर तेस्रो दिन निलिशालाई ज्वरो आयो। अनिता कार्की भन्छिन्, "उनलाई सास फेर्न गाह्रो हुने, दिसा कालो हुने, शरीरमा नीलडाम देखिने, ओछ्यानमै पिसाब फेर्ने र हिंडडुल गर्न नसक्ने भएपछि १८ वैशाख २०७० मा पुन: नोबेल अस्पतालमै भर्ना गरियो।"

निलिशाका बाबु खिमबहादुर भन्छन्, "बिहान ९:३० मा इमर्जेन्सीमा भर्ना गरिएको बिरामी हेर्न दिउँसो ४:१० मा डा. विशेष पौडेल आए। उनले निलिशाको स्वास्थ्य गम्भीर रहेको र शरीरमा रगत कम भएकाले तत्काल रगत दिनुपर्ने भनेर रगत चढाउने व्यवस्था गर्न थाले।"

अनिता भन्छिन्, "रगतको खोजी भएपछि हामीले ओ-नेगेटिभ रगत चाहिन्छ भने हामीसँगै छ भन्यौं, तर उनले वास्तै गरेनन्।"

## न्याय पाइँदैन

**–अनिता कार्की**, पीडित



**जिल्ला** प्रशासन काठमाडौंमा ५ जेठ २०७० मा छानबीनको लागि उजुरी दिएपछि महीना-महीनामा उपस्थित हुन तारेख दिन थाल्यो। मेडिकल काउन्सिलको विशेषज्ञ समितिको रिपोर्ट पछि आउनु भनेको थियो। हामी धाइरह्यौं। मेडिकल काउन्सिलले डाक्टरको गल्ती नभएको रिपोर्ट दियो। जिल्ला क्षतिपूर्ति समितिले पीडितका पक्षबाट अस्पताल र डाक्टरलाई जिम्मेवार बनाइने छैन भन्ने कागज गरेकाले अर्को निर्णय हुन सकेन भन्यो।

समितिले सम्बन्धित डाक्टर, अस्पताल र पीडितलाई राखेर कुरा गराएन। हामी क्षतिपूर्तिका लागि नभएर गल्ती गर्ने डाक्टरलाई कारबाही हुनुपर्छ भनेर न्याय माग्न गएका थियौं। जिम्मेवार निकायहरू पन्छिएर क्षतिपूर्ति समितिमा लगेर अड्काइदिए। अब कहाँ जाने ? यहाँ न्याय पाइँदो रहेनछ।

डा. पौडेलले इमर्जेन्सीमै रगत चढाउन थालेको दुई मिनेटपछि निलिशा शिथिल भइन् र आँखा बन्द गर्न थालिन् । अनि डा. पौडेलले हतारमा आईसीयुमा लगे । आईसीयुमा लगेको केहीछिनमै निलिशाको प्राण गयो ।

### चिकित्सकको संवेदनहीनता

अनिता भन्छिन्– डाक्टरले विवेक पुऱ्याएनन् । निलिशालाई ओ-नेगेटिभ रगत दिनुपर्नेमा ओ-पोजेटिभ रगत दिएछन् । त्यो रगत दिनासाथ निलिशाका आँखा बन्द भए ।

पीडित पक्षले जिल्ला प्रशासन कार्यालय काठमाडौंमा घटनाको छानबीन गरी दोषीलाई कारबाही गरिपाऊँ भनेर ५ जेठ २०७० मा निवेदन दर्ता गराए ।

छानबीनको क्रममा नोबेल अस्पतालले जिल्ला प्रशासन कार्यालय काठमाडौंलाई लिखित स्पष्टीकरण दियो । पत्रमा 'निजकै नातेदारसँग अनुमति लिई यस अस्पतालको आकस्मिक कक्षमा ओ-पोजेटिभ समूहको रगत चढाएर सघन उपचार कक्षमा सिफ्ट गरिएको थियो' भनेर पीडितले नै गल्ती गरेको जवाफ दियो । *(हे. तलको पत्र)*

वास्तवमा अस्पतालले ओ-नेगेटिभ समूहकी निलिशालाई क्रसम्याच नगरी ओ-पोजेटिभ रगत दिएको थियो ।

अस्पतालको स्पष्टीकरणको पाँचौं बुँदामा भनिएको छ– आफन्तले बिरामीकै रक्त समूहको ओ-नेगेटिभ रगत ल्याएपछि दिइरहेको ओ-पोजेटिभ समूहको बाँकी रगत दिन बन्द गरी ओ-नेगेटिभ समूहकै रगत दिइएको थियो ।

## उपभोक्ताको व्यापार



**–मुकेशकुमार उपाध्याय**, पीडित

क्षतिपूर्ति समितिमा केस आइसकेपछि प्रमुख जिल्ला अधिकारी, घरेलु तथा साना उद्योगको प्रमुख, उपभोक्ताको प्रतिनिधि र डाक्टरहरू बसेर छलफल गर्छन् । तर पीडितलाई बाहिरै राख्छन् ।

उपभोक्ताका प्रतिनिधिले एउटा वकील खडा गरिदिन्छ । वकील चाहिं मिलपत्र गराउनतिर लाग्छ । एकजना उपभोक्तावादीले मलाई फोन गरेर के भन्नुभयो भने, हाम्रो मिडिया हाउस छ । त्यहाँ पत्रकार सम्मेलनका लागि चिया र हलको लागि १५-१६ हजार खर्च लाग्छ । पत्रकार सम्मेलन गरौं भने । मैले प्रमाणसहित, दुईपक्ष बसौं न त भन्दा उहाँहरूले चासो देखाउनु भएन । उपभोक्तावादीले व्यापार चलाउने त हैन नि !

### अस्पतालको लापरबाही

अस्पतालको रेकर्ड अनुसार, १८ वैशाख २०७० को १०:३० मा निलिशा आकस्मिक कक्षमा भर्ना भइन्। दिउँसो १२ बजे हेमाटोलोजीको रिपोर्ट आयो। जसमा निलिशाको शरीरमा ७००० प्लेटलेट्स रहेको देखियो। *(हे. रिपोर्ट तल)*

रगत रोग विशेषज्ञ डा. अजयकुमार झा भन्छन्, "बिरामीको शरीरमा १० हजार जति प्लेटलेट्स हुँदा पनि त्यो खतरनाक अवस्था हुन्छ। यस्ता बिरामीलाई तत्काल प्लेटलेट्स बढाउने उपचार दिनुपर्छ। तत्काल रगत चढाइदिनुपर्छ।"

निलिशाको प्लेटलेट्स घटेर ७ हजार भइसकेको रिपोर्ट त १२ बजे नै आइसकेको थियो। डा. विशेष पौडेलले पाँच घण्टा ढिला गरेर, ४:१० बजेतिर हतार हतारमा ओ-नेगेटिभ रक्त समूहकी निलिशालाई ओ-पोजेटिभ रगत चढाइदिएका थिए।

### को सही, को गलत ?

नेपाल मेडिकल काउन्सिलले विशषज्ञ समितिको राय समेटेर २१ कात्तिक २०७० मा जिल्ला प्रशासन कार्यालय काठमाडौंलाई पठाएको पत्रमा "ओ नेगेटिभ समूहको रगत अभाव

## नेपालको स्वास्थ्य क्षेत्रमा समस्या छ



**डा. सतिस देव**, संयोजक, इथिकल कमिटि
नेपाल मेडिकल काउन्सिल

**नेपाल** मेडिकल काउन्सिलले चिकित्सकका कामकारबाही र आचारसंहिताका बारेमा निगरानी राख्छ। काउन्सिलले नेपाल सरकार र स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको समन्वय र निर्देशनमा काम गर्छ। तर अहिले तोकिएका कार्यभारहरू पूरा गर्न नसक्दा समस्या आएको छ।

**गैरकानूनी अभ्यास भएको थाहा पाउँदा पनि काउन्सिलले सम्बन्धित डाक्टरलाई कारबाही गर्न सकेको छैन। स्वास्थ्य मन्त्रालय पनि आँखा चिम्लिएर बसेको छ। चिकित्सकबाट उपचार गर्दा बिरामीलाई नकारात्मक असर परेमा त्यसको जिम्मा कसले लिने ?**

जिम्मेवार निकायले आवश्यक कदम चाल्न नसक्दा नेपालको स्वास्थ्य क्षेत्रमा समस्या आएको छ। भविष्य कस्तो होला? विचार पुऱ्याउनु आवश्यक छ। नेपालको स्वास्थ्य क्षेत्रले नकारात्मक बाटो लिएमा त्यसको असर उपचारका लागि अस्पताल आउने बिरामीमा पर्न जान्छ।

भएमा र बिरामीको जीवन बचाउनका लागि रगत नदिई नहुने अवस्था आएमा ओ-पोजेटिभ समूहको रगत दिएमा केही हानि हुँदैन" भनिएको छ ।

तर काउन्सिलको विशेषज्ञ समितिमा रगत रोग विशेषज्ञ रहे-नरहेको जानकारी दिइएको छैन। नेपालमा रगत रोग विशेषज्ञ भनेर डा. विशेष पौडेल र डा. अजयकुमार झा मात्र चिनिन्छन् ।

रगत तथा क्यान्सर रोग विशेषज्ञ डा. अजयकुमार झा भन्छन्, "ओ-नेगेभिट ब्लड समूहको मान्छेलाई ओ-पोजेटिभ समूहको रगत दिन मिल्दैन। मेडिकल साइन्सले यसै भनेको छ। ओ-नेगेटिभ रगत सबैलाई दिन सकिन्छ तर ओ-नेगेटिभका बिरामीलाई ओ-नेगेटिभ नै चाहिन्छ। ओ-नेगेटिभ रगत भएको बिरामीलाई ओ-पोजेटिभ रगत दिइयो भने, त्यो मर्छ।

को सही, को गलत भन्ने कुरा जिल्ला प्रशासन कार्यालय काठमाडौंले छुट्याउन सकेको छैन। अस्पताल र चिकित्सकले यस्तै कमजोरीको लाभ लिइरहेका छन् ।

निलिशाका बाबु खिमबहादुरले भने, "हाम्रो मान्छे त फिर्ता आउँदैन। तर अस्पताल र डाक्टरले पनि आफ्नो गल्तीको नैतिक जिम्मेवारी लिनुपर्‍यो।"

## बच्चासँग खेलबाड

८ भदौ २०७० मा तीन वर्षीय बालक निश्चललाई ज्वरो आउने र पखाला चल्ने भएपछि आमा विनिताले दमौली बजारको भण्डारी मेडिकल क्लिनिकमा लगिन् । त्यहाँ ज्वरो घटाउन र पखाला रोक्न भनेर अजिथ्रो, मेट्रोन र ब्रुसेट औषधि दियो। ज्वरो कम नभएपछि भोलिपल्ट बिहानै तनहुँ दमौलीको रत्नहरि मेमोरियल अस्पताल लगिन्। विनिता भन्छिन्, "अस्पतालले बिहान ६ बजेतिर सलाइन पानी र बान्ता रोक्ने औषधि दियो। ज्वरो घटाउन फ्लेक्सन भन्ने औषधि पनि दिए। तर १५ मिनेटसम्म पनि अवस्था नसुध्रिएपछि डा. रामकुमार श्रेष्ठले ड्यूटीकी नर्सलाई डिक्लोफेनिक (इन्जेक्सन) लगाइदिन अह्राए। नर्सले तीनवर्षे बच्चालाई डिक्लोफेनिक झोल लगाइदिइन्। त्यसको १० मिनेटपछि बच्चा सुस्त हुँदै गयो।"

डाक्टर रामकुमारले फेरि जाँच गरेर बच्चाको मिर्गौला र फोक्सोले काम गर्न छोडेको बताउँदै अरू अंगमा पनि समस्या देखिन थालेको भनेर पोखरा अस्पताल लैजान भने।

विनिता भन्छिन्, "डाक्टरले भनेपछि एम्बुलेन्समा राखेर पोखरा लैजाँदै थियौं, कोत्रे भन्ने ठाउँमा आइपुग्दा बच्चाको प्राण गयो। चालकले जबर्जस्ती गण्डकी अस्पताल पुर्‍यायो। बिहान १०:४५ मा गण्डकी अञ्चल अस्पताल, पोखराले बच्चालाई मृत घोषणा गरिदियो।"

## डिक्लोफेनिक विवाद

विनिताले भनिन्, "गण्डकी अञ्चल अस्पताल, पोखराका डाक्टरहरूले निश्चललाई दिइएको औषधिको रिपोर्ट हेरेर बच्चालाई दिनै नहुने इन्जेक्सन दिइएछ भनेर दुःखमनाउ गरे। निश्चलका बाबु रमेश श्रेष्ठ भन्छन्, "बच्चाको घाँटी र सुई लगाइदिएको ठाउँ नीलो भएको थियो।"

रमेशले निश्चलको लाशको पोष्टमार्टमका लागि कास्कीको मुद्दा शाखाका डीएसपी चक्रराज जोशीलाई गुहारे। तर जोशीले पोष्टमार्टम गर्नु नपर्ने बताएर फर्काइदिए। रमेशले भने, "त्यसैदिन बच्चाको अन्त्येष्टि गरिदिएँ।"

अन्त्येष्टि गरेको भोलिपल्ट रमेशका भाइ सुरेश श्रेष्ठ जिल्ला प्रशासन कार्यालय, तनहुँ पुगे। जिप्रकाले जिल्ला स्वास्थ्य कार्यालय, तनहुँलाई सम्बोधन गरी डिक्लोफेनिक इन्जेक्सन कस्तो प्रकृतिको औषधि हो र कस्तो बिरामीलाई दिन मिल्ने/नमिल्ने हो भनेर जानकारी मागे। जिल्ला जनस्वास्थ्य कार्यालय, तनहुँका प्रमुख डा. विवेककुमार लालले डेक्लोफेनिक नामक औषधि नन्–स्टेरोइडल एन्टी–इनफ्लामेटरी ड्रग समूह अन्तर्गत पर्ने औषधि हो भन्ने जानकारी दिए।

तनहुँ जिल्ला प्रशासनले अन्य चिकित्सकसँग पनि परामर्श लिंदा उनीहरूले डाइक्लोफेन इन्जेक्सन बच्चालाई पनि लगाउन मिल्ने राय दिए। रत्नहरि मेमोरियल अस्पतालका डा. रामकुमार श्रेष्ठले स्पष्टीकरणमा लेखे– "बिरामी निश्चलले अन्य मेडिकलबाट अजिथ्रो र मेट्रोन औषधि खाएको थियो। अस्पताल आइपुग्दा अक्सिजनको मात्रा एसपीओ टु ७७ प्रतिशत र पानीको मात्रा एकदम कम थियो। ज्वरो आएकोले १० मिली फ्लेक्सन दिइएको थियो। फ्लेक्सन दिएको १५ मिनेटसम्म पनि दुखाइले छटपटाएपछि त्यही दुखाइ कम गर्न, बच्चाको तौल १२ किलो मात्र भएकाले ०.५ एमएल डाइक्लोफेनिक इन्जेक्सन दिइएको थियो।"

रत्नहरि अस्पतालले दिएको रिपोर्टमा भनिएको छ– बिहान ८:३० बजे रगत र दिसाको रिपोर्ट आयो। बिरामीको रगतमा कीटाणु भेटिएको र मिर्गौला तथा फोक्सोमा असर परेको थियो। विशेषज्ञ चिकित्सकहरू भन्छन्– मिर्गौला र फोक्सोमा असर देखिएका बिरामीलाई डिक्लोफेनिक प्रयोग गर्नुहुँदैन।

त्रि.वि शिक्षण अस्पताल महाराजगञ्जका बाल शल्यरोग विशेषज्ञ डा. गेहराज दाहाल भन्छन्, मिर्गौलामा असर परेका बिरामीलाई डिक्लोफेनिक इन्जेक्सन प्रयोग गर्नुहुँदैन। सामान्यत: बालबालिकामा यो औषधि दिइँदैन, दिनै पर्ने भए पनि खास अवस्था खुलाउनुपर्ने हुन्छ। अन्तर्राष्ट्रिय वेबसाइट सी हेल्थले पनि डिक्लोफेनिक औषधि १६ वर्षभन्दा मुनिका मानिसलाई प्रयोग गर्नुहुँदैन भनेको छ। *(हे. बक्स)*

रत्नहरि मेमोरियल अस्पतालका डा. रामकुमार श्रेष्ठ एमडीजीपीका चिकित्सक हुन्। बालरोग विशेषज्ञ नभएको उक्त अस्पतालले बाल रोगका जटिल समस्याहरूको पनि उपचार गर्ने गरेको छ।

डिक्लोफेनिकको विवाद देखिएपछि रमेशले स्वास्थ्य मन्त्रालय र मेडिकल काउन्सिल पुगेर २१ भदौ २०७० मा नेपाल मेडिकल काउन्सिलमा निवेदन दिए। तर काउन्सिलले छानबीन प्रक्रिया नै अघि बढाएन।

पीडित रमेश भन्छन्, "न्याय पाउनु त परै जाओस्, जानकारी पाउने बाटो पनि बन्द भयो।"

## डिक्लोफेनिक इन्जेक्सन प्रयोग गर्नुहुँदैन

- डिक्लोफेनिक तथा अन्य औषधिहरूको कारण एलर्जी भएमा।
- स्तनपान गराइरहेको अवस्थामा।
- वर्तमान समयमा अन्य नन्स्टेरियोडल एन्टी इन्फाल्मेटरी औषधिहरू लिइरहेको भएमा।
- महिला गर्भवती भएको २८ हप्ता पुगेमा।
- मुटुको बाइपास सर्जरी गरेका वा गर्ने तयारीमा रहेमा।
- १६ वर्षभन्दा कम उमेरमा।
- वर्तमान समयमा र तत्काल पेटका रोगी तथा इन्टेस्टाइनका बिरामी।
- मस्तिष्कमा रगत बग्ने अथवा रगत बग्ने समस्या भइरहने व्यक्ति।
- शरीरमा एलर्जी भएमा।
- रगतमा पोटासियमको मात्रा अत्यधिक रहेमा।
- अनियन्त्रित रूपमा हार्ट फेलियर भएमा।
- मिर्गौलाले काम नगर्ने र त्यसमा असर देखिएमा।
- कलेजो रोगी तथा कलेजोमा असर देखिएमा।




स्रोतः सी. हेल्थ

### औषधिको नकारात्मक असर

ललितपुर, लामाटार बस्दै आएका गोरखाका कृष्णप्रसाद पोखरेल २९ चैत २०६९ को बिहान शौचालय जाँदा लडे। उनको दायाँ करङको तीन वटा हड्डी भाँचियो, एउटा हड्डी बाङ्गियो। एक हप्ता जति वाफले सेकेर ४ वैशाखदेखि अल्का अस्पताल जावलाखेलका हाडजोर्नी विशेषज्ञ डा. किशोरलाल श्रेष्ठसँग उपचार शुरू गराए। पोखरेल भन्छन्, "डा. श्रेष्ठले एक महीनाको औषधि दिए।"

कृष्णप्रसाद भन्छन्, औषधि खाएको पाँच दिनपछि नाक र दिसाबाट रगत आयो। अनि एन्टिबायोटिक (Bestocef CV, tab) खान छाडें। अरू औषधि खाइरहें। औषधि खाएको १५/१६ दिनपछि एउटा चिजलाई तीनोटा देख्न थालें।

१ जेठ २०७० मा तिलगंगा आँखा अस्पतालमा जँचाए। अस्पतालले काठमाडौं मेडिकल कलेजका डा. रवीन्द्र श्रेष्ठकहाँ पठाइदियो। डा. रवीन्द्रले आँखा जाँच गरेर, "तपाईंको आँखाको सेतो भागमा घाउ भएछ। कालो भाग चाहिं देब्रेतिर सरेछ। यो आँखा डेढो भएछ। दायाँ आँखाको सेतो भाग ब्लक भएछ" भनिदिए। औषधिको साइड इफेक्टले मेरो आँखा पनि बिग्रिएछ, पोखरेलले गुनासो गरे।

रगतको परीक्षण गराउँदा अस्पतालले दिएको बायोकेमेस्ट्री रिपोर्टमा उनको शरीरमा सुगरको मात्रा ६० देखि १४० सम्म देखियो। पोखरेलले गुनासो गरे– अल्का अस्पतालका डाक्टरले मेरो रक्तचाप, रगत र मधुमेहको जाँच नगरी औषधि दिएर गडबड गरेछन्। अचेल हेल्थपोष्टमा पनि ४० नाघेको मानिसको रक्तचाप हेरेर मात्र औषधि दिइन्छ। विशेषज्ञ डाक्टरले नै गल्ती गरेछन्।

पीडित पोखरेलका अनुसार, "लडेको सात दिनपछि जँचाउन आउँदा घाउमा इन्फेक्सन भएको छ कि छैन भनेर रगत, रक्तचाप र मधुमेहको जाँच गराउनुपर्ने रहेछ । तर डाक्टरलाई धेरै बिरामी हेर्न आत्तुरी भयो । मलाई मर्कामा पारिदिए ।"

कृष्णप्रसाद स्वास्थ्य जाँचको लागि १ असार २०७० मा पुन: अल्का अस्पताल पुगे । अस्पतालको हेमाटोलोजी र बायोकेमेस्ट्रीको रिपोर्टमा उनको ब्लड सुगरको स्तर १४५ देखियो । मधुमेह र उच्च रक्तचापको समस्या पनि देखियो ।

कृष्णप्रसादले अल्का अस्पतालका निर्देशकलाई भेटेर समस्या बताए। अस्पतालका अध्यक्ष कुमार थापाले पोखरेललाई डा. किशोर श्रेष्ठसँग भेट्टाइदिए। डा. किशोर पुन: स्वास्थ्य जाँच गर्ने तयारीमा लागे । यसपटक जाँच गरेर कृष्णप्रसादको गर्धन पछाडिको नसा चुँडिएको हुनाले आँखामा समस्या आएको बताए। चिकित्सकले नौलो कुरा गरेपछि कृष्णप्रसाद तर्सिए। अनि गैरजिम्मेवार चिकित्सकलाई कारबाही गराउनका लागि मानवअधिकार आयोग, नेपाल मेडिकल काउन्सिल र जिल्ला प्रशासनतिर उजुरी लिएर धाउन थाले ।

## मेडिकल साइन्सका कुरा

मेडिकल साइन्स भन्छ– मधुमेह र उच्च रक्तचाप भएका बिरामीलाई एन्टिबायोटिक दिन मिल्दैन । विशेषज्ञ चिकित्सकहरू भन्छन्– हड्डीमा घाउ भएका बिरामीको उच्च रक्तचाप र सुगर जाँच गरेपछि मात्र औषधि दिनुपर्छ। तर डा. किशोरले मधुमेह र उच्च रक्तचाप भएका, हड्डीमा घाउ भएका कृष्णप्रसादलाई एन्टिबायोटिक दिए ।

कृष्णप्रसादले नेपाल मेडिकल काउन्सिल र जिल्ला प्रशासन कार्यालय ललितपुरमा निवेदन दिएर न्याय मागे । कृष्णप्रसाद भन्छन्– निवेदन दिएको सात महीना बितिसक्यो । काउन्सिलले वास्तै गरेन ।

कृष्णप्रसाद ओछ्यान परिसकेका छन् । उनी भन्छन्, "मानिसको स्वास्थ्यलाई त डाक्टरले प्रयोगशाला बनाउँदा रहेछन् । अब त डाक्टर देखेरै तर्सिन्छु ।"

## नलागेको रोगको औषधि खाँदा

काठमाडौं बुद्धनगर बस्ने, विराटनगरका मुकेशकुमार उपाध्यायलाई घुँडाको जोर्नी दुख्ने समस्या थियो । त्यो जँचाउन २ असोज २०६८ मा अल्का अस्पताल पुगे । अस्पतालका हेमाटोलोजिष्ट डा. विशेष पौडेलले जाँच गरेर छाती सम्बन्धी विशेषज्ञ डा. पुष्पा मल्लकहाँ पठाइदिए । डा. मल्ल नेपाल क्षयरोग केन्द्रकी अध्यक्ष हुन् । डा. मल्लले डा. विशेष पौडेलको रिपोर्ट हेरेर सिटी स्क्यान गराएर क्षयरोगको औषधि लेखिदिइन् ।

सामान्यत: क्षयरोग थाहा पाउन स्पोटुम पीसीआर मोन्टेक्स टेष्ट गराउनुपर्ने हुन्छ । मुकेशले एक महीना अगाडि परीक्षण गराउँदा पनि स्पोटुम पीसीआर पोजेटिभ देखिएको थियो ।

## कच्चा डाक्टर, ज्यानको खतरा

डा. मल्लले खकार र रगतको परीक्षण विना नै क्षयरोगको इन्जेक्सन र औषधि लेखिदिएपछि मुकेशले टीबीको उपचार गराउन थाले। तर औषधि र इन्जेक्सन लगाएको भोलिपल्टै मुकेशलाई चिलाउने, टाटा आउने, घाउ देखिने र सुत्न अप्ठ्यारो हुन थाल्यो। उनी फेरि डा. मल्लकहाँ पुगे। डा. मल्लले क्षयरोगको औषधि खाँदा यस्तै चिलाउने, टाटा हुने गर्दछ, डराउनु पर्दैन, सेवन गरिरहनुहोस् भनिन् र छालारोग विशेषज्ञकहाँ जान सल्लाह दिइन्। क्षयरोग केन्द्रमा बोलाएर क्षयरोगको इन्जेक्सन पनि लगाइदिएर विराटनगरको नाटा डट्स क्लिनिकमा सम्पर्क गर्न भनिन्।

मुकेश असोज १० गते विराटनगरको डट्स क्लिनिक गएर परीक्षण गराउँदा डा. ज्ञानु शाह र टेक्निसियन घनश्याम खतिवडाले क्षयरोगका कीटाणु नदेखिएकोले औषधि खान नहुने बताए।

मुकेश भन्छन्, “तर डा. मल्लले औषधि नछोड्नु भनिन्। थप दुई हप्ता औषधि र सुई लिएँ। छाला फुटेर अलकत्रा जस्तै कालो भयो। जीउ सुन्नियो, सास लिन गाह्रो भयो।”

त्यसपछि मुकेश दिल्लीको मेदान्त अस्पताल पुगे। उनी भन्छन्, “मेदान्तका डाक्टरहरूले ‘मेडिसिन रियाक्सन, मेडिसिन रियाक्सन’ भने। त्यहाँ क्षयरोगको परीक्षण गर्दा क्षयरोग देखिएन।

मेदान्त अस्पतालका डा. हिमांशु गर्गले ‘नो एभिडेन्स अफ पल्मोनरी ट्युबरक्लोसिस फाउण्ड’ भनी लेखिएको पुर्जा दिए। तर क्षयरोगको औषधिले किड्नीमा नकारात्मक असर पारेको बताएर तुरुन्त शल्यक्रिया गर्नुपर्ने बताए। मुकेश भन्छन्, “मेरो किड्नी त सकिनै लागेको रहेछ। मेदान्तका डाक्टरले ६ महीना लगाएर औषधिको रियाक्सन हटाइदिएका हुनाले म बाँचें।”

## उपचार गराउनेकै दोष

नेपाल फर्केपछि चिकित्सकलाई कारबाहीको माग गर्दै जिल्ला प्रशासन कार्यालय, मोरङमा २७ मंसीर २०६८ मा उजुरी दिए। मेडिकल काउन्सिल र राष्ट्रिय उपभोक्ता मञ्चमा गुहार लगाए।

मामिला ललितपुर जिल्ला क्षतिपूर्ति समितिमा आयो। क्षतिपूर्ति समितिले अस्पताललाई मागेको स्पष्टीकरण पत्रको जवाफ दिँदै अल्का अस्पतालले दोष जति मुकेशकै थाप्लोमा बजारिदियो। अस्पतालले सोध्यो, “भारतमा उपचार गराउन जानुअघि बिरामीले सम्बन्धित चिकित्सकलाई किन भेट्नु भएन ?”

पीडित मुकेश गुनासो गर्छन्, “मेडिकल काउन्सिलले छानबीन गरिदिएन। अब म कहाँ जाऊँ ? अदालत धाएर थप दुःख पाऊँ ?”

(**२०७१ जेठ महीनाको *स्वास्थ्यखबर* पत्रिकामा प्रकाशित**)



तेजप्रकाश पुन

## शक्ति र सत्ताका खेलाडी

- वीरेन्द्र ऐश्वर्य पदक र गोर्खा दक्षिणबाहु चौथोबाट सम्मानित
- एनआरएनको अन्तर्राष्ट्रिय को-अर्डिनेशन कमिटीका पूर्व कोषाध्यक्ष
- म्याग्दी ओभरसिज नेप्लीज एसोसिएसन (मोना) को अन्तर्राष्ट्रिय संयोजक
- एनआरएन लिवियाको प्रमुख सल्लाहकार



कसैलाई छाडिएन
लिवियाबाट उद्धार गरिएका पीडित



डोलेन्द्रबहादुर खत्री



पुनको म्याग्दीस्थित महल ।



पुनको राजधानीको बङ्गला ।

■ जेबी पुन मगर
बाबुराम विश्वकर्मा

८

# मानव तस्करीका माफिया

**१०८ नेपाली कामदारलाई लिबिया लगेर अलपत्र पार्ने धवलागिरि म्यानपावरका तेजप्रकाश पुन हङकङ बसेर मानव तस्करीको सञ्जाल चलाइरहेका छन् ।**

"धवलागिरि इन्टरनेशनल म्यानपावर सञ्चालक तेजप्रकाश पुन नाताले मेरा ससुरा हुन् । उनले मसहित ३५ जनालाई जनही रु.१ लाख ८० हजार लिएर ४ जुलाइ २००७ मा मकाउ पुऱ्याए । त्यहाँ मासिक ४ हजार मकाउ डलरमा निर्माण कम्पनीमा काम गर्नुपर्छ भनिएको थियो । मकाउमा मैले एक वर्ष लुकेर काम गरें । त्यसपछि भिसा समस्याका कारण हामी १२ जनालाई चीनको ग्वाङ्जाउ लगेर एउटा कोठामा तीन महीना राखियो । फेरि मकाउ फर्काएर तीन महीना काम गराएपछि लिबिया लैजाने भन्दै ३१ डिसेम्बर २००८ मा नेपाल ल्याइयो । नेपालमा पुनकी श्रीमती टीकादेवी गुरुङले लिबियाका लागि भन्दै थप रु.३० हजार लिइन् । मासिक ५०० अमेरिकी डलरमा काम गर्ने सम्झौतापत्रमा १९ मे २००९ मा हस्ताक्षर भयो । तर, लिबियामा ३०० अमेरिकी डलर मात्र भनियो । भनेको काम र खाने सुविधा नभएपछि 'काम गरेको पैसा दिनुस् म घर फर्किन्छु' भन्दा तेजप्रकाशले आफूलाई अपहरण गर्न खोजेको आरोप लगाई मसहित २३ जनालाई प्रहरी खोरमा हाले । प्रहरीले चरम यातना दियो ।"

तेजप्रकाश पुन र टीकादेवी गुरुङ (पुन) को नाममा ११ वैशाख २०६० मा कम्पनी रजिस्ट्रारको कार्यालय काठमाडौंमा दर्ता (नं. २३४९५) भएको धवलागिरि इन्टरनेशनल म्यानपावर प्रालिको फन्दामा परेका भैरहवाका डोलेन्द्रबहादुर खत्रीको माथिको बयानले लिबियाबाट उद्धार गरिएका १०८ नेपालीको कथा-व्यथा बताउँछ ।

हङकङलाई अखडा बनाएर सन् १९९५ देखि मानव तस्करी गर्दै आएका केशबहादुर गुरुङ (आइडी नं. पी ४९६४२९-६) र राधिका गुरुङ (आइडी नं. पी ३९११८८-१) नै

तेजप्रकाश पुन र टीकादेवी गुरुङ हुन्। शुरूमा हङकङ र मकाउमा मात्र नेपाली कामदार पठाएका यो दम्पती सन् १९९७ मा हङकङमा गुर्खाज कन्स्ट्रक्सन लिमिटेड (दर्ता नं. ७९३१९१) खोलेपछि मानव तस्करीको अन्तर्राष्ट्रिय सञ्जालमा पसेका हुन्। यिनीहरूमाथि हङकङ अध्यागमन विभागको निगरानी बढेपछि २००८ देखि यो दम्पतीको कारोबार अफ्रिकी देश लिवियातिर सरेको हो।

नक्कली नागरिकता, विवाह दर्ता र पासपोर्टको आधारमा मानव तस्करी गरेको प्रमाण फेला पारेपछि १० डिसेम्बर १९९८ मा तेजप्रकाशलाई हङकङ अध्यागमनका तत्कालीन निर्देशक टम होङ चुङले हङकङ छाड्न आदेश जारी गरेका थिए। त्यतिवेला तेजप्रकाश र अध्यागमनबीच हङकङका चार वटै अदालतमा लामो समय चलेको कानूनी लडाइँ चर्चित छ।

## घाँस खाएर बाँचियो



**–लालबहादुर क्षेत्री,** (४०) कास्की, घान्द्रुक-८

**खाने**-बस्ने सुविधासहित रु.२५ हजार मासिक तलबमा बहराइन जाने तयारीमा रहेको वेला धवलागिरि म्यानपावरकी टीकादेवी गुरुङ र उनकी भतिजी कमला गुरुङसँग भेट हुनपुग्यो। मैले आफ्नो घर घान्द्रुक भनेपछि उनीहरूले माइती गाउँका रहेछौ, बहराइन होइन लिविया जानुपर्छ, काम राम्रो छ, धेरै तलब पाइन्छ भन्न थाले। मैले पासपोर्ट अर्को म्यानपावरमा दिइसकेको छु भन्दा हामी निकालिदिन्छौं धन्दा मान्नुपर्दैन भने। उनीहरूले धेरै फकाएपछि म लिविया जान तयार भएँ। बूढा बाउलाई खेतीपाती र गाईभैंसीको हेरचाह गर्न भ्याईनभ्याई थियो। श्रीमती प्यारालाइसिस भएकी आमाको सेवामा थिइन्।

सयकडा तीनको ब्याजमा रु.१ लाख बोकेर पोखराबाट धवलागिरि म्यानपावर आउँदा कमला र टीका उतै गएका रहेछन्। २६ साउन २०६५ मा फेरि पोखरा नै पुगेर रु.१ लाख र ९ पुस २०६५ मा रु.३० हजार टीकादेवीलाई दिएँ। पैसा दिएको एक वर्षसम्म झुलाए। हाम्रो टिकट र भिसाको सबै खर्च सिकेजी कम्पनीले बेहोरेको कुरा चाहिं लिविया पुगेपछि मात्र थाहा पाइयो। त्यहाँ खान नपाएर गाईभैंसीले खाने झार खाएर एकहप्ता बाँचियो। बल्लबल्ल नेपाल त फर्किएँ तर साहूको रु.८० हजार तिर्न बाँकी नै छ। सास्ती सम्झिँदै जाँदा रीस मात्रै उठ्छ।

## राक्षसबाट उम्किएँ

**–सूर्य लिम्बू, संखुवासभा**



**लिवियामा** कामै दिइएन । १५ दिन मात्र काम पाइन्थ्यो । प्रकाशले राति सुटुक्क पर्खाल नघाएर अलवयेल कम्पनीमा लगेर १५ दिन काम गराउँथ्यो। त्यसरी नगरे पासपोर्ट दिन्न भन्थ्यो । पासपोर्ट सिकेजीले नै राखेको थियो । पछि कम्पनी र प्रकाशबीच के ठाकठुक पर्‍यो, त्यहाँ पनि काम गर्न दिएन। हामीलाई पैसा चाहिँदैन घर फर्काइदेऊ भन्दा मुखै देखाउँथेन । मैले कतारबाट भाइसँग अनि तुलबहादुर तामाङ र नोर्बु भोटेले घरबाट एक-एक हजार दिनार मगाएर घर फर्कने टिकट काट्न दिएको पैसा समेत पचाइदियो । अहिले यहाँ आइपुग्दा त राक्षसैबाट उम्केजस्तो भएको छ ।

### नटवरलालको उदय

म्याग्दीको ताकम-५ मा जन्मिएका मेजरमान खत्री दायाँबायाँ बुझ्ने भएपछि तेजप्रकाश खत्री भए । त्यसपछि तेजबहादुर खत्री क्षेत्री बनेका तिनै मेजरमान अहिलेका चर्चित नटवरलाल तेजप्रकाश पुन हुन् । आठ कक्षामा पुग्दा मेजरमानबाट तेजप्रकाश खत्री भएका उनले एसएलसी परीक्षाको फर्ममा आफ्नो नाम तेजबहादुर खत्री क्षेत्री (रजिस्ट्रेशन नं. २५००२) लेखे । प्रकाश मावि बेनीबाट २०३६ सालमा एसएलसीको टेष्ट परीक्षा दिएका उनको जन्ममिति स्कूल रेकर्डमा ८ मंसीर २०१८ छ । उनले हङकङ पस्न प्रयोग गरेका तीन वटा पासपोर्टमा भने तीभन्दा पछाडिका फरक जन्ममितिहरू छन्। तेजबहादुर खत्री क्षेत्रीलाई पहिलो पटकको टेष्ट परीक्षामा पाँच विषय लागेको उनका पुराना शिक्षकहरू सम्झन्छन्। दोस्रो टेष्टमा चिट चोर्न नपाएको झोंकमा उत्तरपुस्तिका च्यातेर परीक्षा हलबाट बाहिरिएका उनी त्यसपछि कहिल्यै स्कूल फर्केनन् ।

गाउँलेहरूले त्यसपछि उनी ब्रिटिश लाहुरे भएको सुने। ५ असोज २०३६ मा म्याग्दी जिप्रकाबाट तेजप्रकाश पुनको नाममा नागरिकता निकालेपछि उनी सन् १९८१ मा बेलायती सेनामा भर्ती भएका थिए (आर्मी नम्बर २११६५०४७)। सन् १९९४ मा सिपाही दर्जाबाट अवकाश पाएका उनको नेपाली नागरिकताको प्रमाणपत्र (दर्ता नं. १५२) मा बुबाको नाम नासु दलबहादुर पुन छ । जबकि नापी शाखा बेनीको नापी किताबको पाना नं. २७२७ मा बेनी-२ स्थित कित्ता नं. २८३ को ३ आना २ दाममा बनेको चारतले घरको स्वामित्व अहिले पनि प्रकाशका बुबा स्व. दलबहादुर केसी (खत्री) को नाममा छ ।

नक्कली कागजात बनाउँदै हङकङमा मानव तस्करी गरेको आशङ्कामा सन् २००० मा प्रहरीले उनको चिम्सासुइस्थित कार्यालयमा छापा मार्दा खाली नेपाली राहदानी, नक्कली कागजात बनाउने मेशीन र छापहरू बरामद गरेको थियो। त्यसबेला उनले नेपालीलाई हङकङमा प्राप्त अनअराइभल भिसा सुविधाको सक्दो दुरुपयोग गरेका थिए। परिणाम, ६ जून २००५ देखि हङकङ अध्यागमनले नेपालीहरूलाई सबैखाले प्रवेशाज्ञा बन्द गरिदियो। त्यसपछि मकाउलाई खेलखोर बनाएका तेजप्रकाशको धन्दा १ जुलाई २०१० देखि त्यहाँ पनि बन्द छ। मकाउ अध्यागमनले पनि नेपालीलाई भिसा बन्द गरेको छ।

शाही शासनकालमा दरबारको विश्वासपात्र भएका तेजप्रकाश पुनको पहुँच नेपालका सबै दलका नेतासम्म छ। शक्तिकेन्द्रलाई रिझाउन खप्पीस उनलाई तत्कालीन राजा ज्ञानेन्द्रले त वीरेन्द्र-ऐश्वर्य पदक र गोर्खा दक्षिणबाहु चौथोबाट सम्मानित गरेका थिए। गैरआवासीय नेपाली संघ (एनआरएन) को अन्तर्राष्ट्रिय समन्वय समितिका निवर्तमान कोषाध्यक्ष रहेका उनी अहिले पनि एनआरएन लिवियाका प्रमुख सल्लाहकार र म्याग्दी ओभरसिज नेप्लीज एशोसिएसन (मोना) का अन्तर्राष्ट्रिय संयोजक हुन्।

## हङकङ अध्यागमनको टाउको दुखाइ



**पुन जेठीसँग म्याग्दीमा।**

- नम्बर २११६५०४७ राइफलम्यान तेजप्रकाश पुनले बेलायती सेनाबाट अवकाशपछि २ अक्टोबर १९६१ जन्ममितिको सोही नामको नेपाली पासपोर्टबाट १ फेब्रुअरी १९९४ मा हङकङ गएर 'इम्प्लायमेन्ट भिसा'का निम्ति आवेदन गरे पनि आवश्यक कागजपत्र नपुगेको भन्दै अध्यागमनले भिसा दिएन।
- १८ अक्टोबर १९९४ मा फेरि हङकङ जाँदा उनीसँग तेजप्रकाश पुनकै नामको २६ डिसेम्बर १९६१ जन्ममिति लेखिएको पासपोर्ट थियो। यसपटक उनले हङकङमा व्यापारिक भिसाका लागि आवेदन दिए जुन जनवरी १९९५ मा अस्वीकृत भयो।
- उनी २१ मार्च १९९५ मा तेस्रोपटक केशबहादुर गुरुङको नामको नयाँ पासपोर्ट लिएर हङकङ छिरे। यसपटक भने उनले हङकङ आइडी भएकी राधिका गुरुङको पतिको रूपमा ८ जून १९९५ मा १२ महीनाको डिपेन्डेन्ट भिसा पाए। अध्यागमनमा पुनले पेश गरेको विवाह दर्ता प्रमाणपत्रमा राधिकासँग नोभेम्बर १९९४ मा दोस्रो विवाह गरेको देखिन्छ। उनको पहिलो विवाह १९९२ मा भएको हो। अध्यागमनले २ जुलाई १९९६ मा तीन वर्ष अर्थात् ९ जनवरी १९९९ सम्मका लागि पुनको भिसा बढायो।

## खुराफातको सुरुआत

तेजप्रकाशले आफू ब्रिटिश लाहुरे भए पनि हङकङमा 'कारोबार' थाल्न आइडी होल्डर महिलालाई प्रयोग गरेका छन् । यसनिम्ति उनले कास्कीको घान्द्रुक-८ का आफू जस्तै पूर्व लाहुरे तेजमान गुरुङ (घोताने साहिंला) की श्रीमती टीकादेवीसँग दोस्रो विवाह गरे । कास्की घाचोक-५ को ठेगानामा २०३४ सालमा ८०६ नम्बरको नागरिकता लिएकी टीकादेवीसँग राधिका गुरुङको नाममा हङकङ आइडी छ । यसरी तेजप्रकाश पुन राधिकाको पति केशबहादुर गुरुङ बनेर तेस्रो प्रयासमा हङकङ छिरेका थिए ।

मानव तस्करीमा तेजप्रकाशको सहयात्री बनेकी राधिका अहिले हङकङको यूमातेईस्थित पब्लिक स्क्वायर स्ट्रिटमा रहेको आफ्नै फ्ल्याट (फ्लोर १९, ब्लक १, प्रोस्परस गार्डेन ३) मा बस्छिन् । उनी हङकङ नमोबुद्ध आमा समूहकी उपाध्यक्षको रूपमा धार्मिक/सामाजिक कार्यमा पनि लागेकी छन् । राधिकाको पहिलो पतिबाट २३ वर्षकी एक र तेजप्रकाशबाट ७ वर्षकी अर्की छोरी छन् । तेजप्रकाशकी जेठी पत्नी र १९ वर्षीय छोरा भने बेलायतमा छन् ।



पुन कान्छीसँग हङकङमा ।

- २८ अक्टोबर १९९७ मा नेपाल फर्किएका उनी ४ नोभेम्बर १९९७ मा पविता घिमिरेलाई लिएर ब्याङ्कक हुँदै हङकङ छिर्न लाग्दा हङकङ विमानस्थलमा पक्राउ परे । अध्यागमन अधिकारीले पविता घिमिरेलाई केरकार गरेर केशबहादुर गुरुङले मोटो रकम लिएर हङकङ ल्याएको थाहा पाए । पविताले केशबहादुरले आफूसँग नक्कली विवाह गरेको बयान पनि दिइन् ।
- जनवरी १९९७ मा हङकङ अध्यागमन विभागको नियन्त्रणमा परेकी रामकुमारी गुरुङले ६ हजार हङकङ डलर (करीब ६० हजार नेपाली रुपैयाँ) लिएर आफू र नगेन्द्र गुरुङको नक्कली विवाह गराई हङकङ बस्ने चाँजोपाँचो मिलाउने एजेन्ट केशबहादुर गुरुङ भएको बयान दिइन् ।
- फेब्रुअरी १९९७ मा भिजिट भिसामा हङकङ छिरेर डिपेन्डेन्ट भिसा अप्लाई गरेकी मीनाकुमारी गुरुङको कागजात नक्कली देखिएपछि अध्यागमनले उनलाई केरकार गर्‍यो । त्यसक्रममा मीनाकुमारीले एउटा दलालले पैसा लिएर सबै कागज बनाइदिएको बताइन् । त्यसपछि अध्यागमनले १२ जना दलालको फोटो देखाउँदा मीनाले केशबहादुर गुरुङ अर्थात् तेजप्रकाश पुनलाई चिनाइन् ।

**स्रोतः हङकङ अध्यागमनले केशबहादुर गुरुङविरुद्धको मुद्दामा अदालतमा पेश गरेको दस्तावेज ।**

तेजप्रकाशले मानव तस्करीबाट मनग्ये सम्पत्ति जोडेका छन् । काठमाडौं महाराजगञ्जको लोसालमा २६ आना जग्गामा बनेको 'रुपहाउस' उनैको हो । गुर्खाज कन्स्ट्रक्सन लिमिटेडमा केशबहादुर र राधिकाको नाममा ५०/५० हजार हङकङ डलर शेयर छ । नेपालमा तेजप्रकाश र टीकादेवीको नाममा दर्ता धवलागिरि इन्टरनेशनल म्यानपावरको अधिकृत पूँजी रु.४० लाख र चालु पूँजी रु.३० लाख छ ।

तर, तेजप्रकाशको 'लिबिया प्रोजेक्ट' भने असफल भएको छ। तेजप्रकाशले सन् २००८ मा १२०० आवासगृह बनाउने ठेक्का पाएको ओडीएसी कम्पनीले छानेको इन्डोनेसियाली कम्पनी सिकेजीबाट गुर्खा कन्स्ट्रक्सनमार्फत निःशुल्क भिसा र टिकटमा १८० जना दक्ष जनशक्ति लिबिया पठाउने मेसो मिलाएका थिए। यस अनुसार तेजप्रकाश र टीकादेवीले प्रतिव्यक्ति रु.१ लाख ३० हजारदेखि रु.२ लाख ७० हजारसम्म असुलेर हङकङबाट २५ र बाँकी नेपालबाट गरी १०८ कामदार लिबिया लगे।

लिबियाबाट फर्किएका म्याग्दीका मौसम रोकाका अनुसार त्यहाँ मासिक ५०० अमेरिकी डलर दिइने सम्झौता गरेर ३०० डलर पनि दिइएन। यसरी, लिबियामा सात महीनादेखि बिचल्लीमा परेकाहरूलाई उद्धार गरेर नेपाल फर्काइएको छ । तेजप्रकाश पुन भने कहाँ छन्, कसैलाई थाहा छैन ।

## लज्जाजनक स्थिति

नेपाललाई विश्वले मानव तस्करीको स्रोत देशको रूपमा चित्रण गर्न थालेको छ । अमेरिकाको डिपार्टमेन्ट अफ स्टेटले २०१० जूनमा सार्वजनिक गरेको 'ट्राफिकिङ इन पर्सन' को रिपोर्टमा नेपाललाई मानव तस्करीको हिसाबले अति जोखिमपूर्ण देशको सूचीमा राखेको छ। उक्त रिपोर्टमा भनिएको छ, "शुरूमा इच्छापूर्वक गए पनि काम गर्ने देशमा पुगेपछि कामदारलाई थोरै रकममा श्रम गर्न बाध्य पारिएको छ। त्यस्ता कामदार स्वतन्त्र रूपमा हिंडडुल गर्नबाट बञ्चित छन्, शारीरिक यातना र धम्की सहन बाध्य छन् । खान र सुत्न पाइरहेका छैनन् ।"

मलेशिया, हङकङ र दक्षिणकोरियामा नेपाली महिलालाई वेश्यावृत्तिमा समेत संलग्न गराइएको प्रतिवेदनमा उल्लेख छ ।

साथमा **देव पचभैया**, पाल्पामा

**(२०६७ भदौ १६–३१ को *हिमाल* खबरपत्रिका पाक्षिकमा प्रकाशित)**

लिबिया लगिएका कामदारले पारिश्रमिक माग्दा प्रहरी लगाई निर्घात चुटियो ।



# मानव तस्करको छटपटी

किर्ते कागजातबाट कानून छल्दै मानव तस्करीको अन्तर्राष्ट्रिय सञ्जाल चलाइरहेका छद्म भेषी तेजप्रकाश पुन (मेजरमान, तेजप्रकाश खत्री, प्रकाश पुन र केशबहादुर गुरुङ)ले आफ्नो कृत्य सार्वजनिक भएपछि हङकङका नेपाली सामाजिक संघसंस्थालाई दुरुपयोग गरेका छन् । हङकङस्थित गैरआवासीय नेपाली संघ, नमोबुद्ध आमा समूह, म्याग्दी प्रवासी नेपाली संघ, पर्वत मञ्च र माछापुच्छ्रे घाच्चोक सेवा समितिद्वारा जारी विज्ञप्तिमा भनिएको छ, "गोर्खाज कन्स्ट्रक्सन लिमिटेड हङकङका अध्यक्ष प्रकाश पुन र निर्देशक टीकादेवी गुरुङसम्बन्धी समाचारले हाम्रो गम्भीर ध्यानाकर्षण गरेको छ। त्यसप्रकारको अपमानजनक र निन्दनीय समाचारप्रति आपत्ति जनाउँदै आउँदा दिनमा यस्ता विवादास्पद समाचारले निरन्तरता नपाओस् भनी आग्रह गर्दछौं ।"

तर, हङकङको कम्पनी रजिस्ट्रारको कार्यालयमा दर्ता भएको 'गुर्खाज कन्स्ट्रक्सन लिमिटेड' को निर्देशक केशबहादुर गुरुङ र राधिका गुरुङ हुन्, जसलाई विज्ञप्तिमा अध्यक्ष प्रकाश पुन र निर्देशक टीकादेवी गुरुङ भनिएको छ। कम्पनी रजिस्ट्रार कार्यालय काठमाडौंमा दर्ता भएको धवलागिरि इन्टरनेशनल म्यानपावर कम्पनी लिमिटेड भने तेजप्रकाश पुन र टीकादेवी गुरुङको नाममा छ। यो दम्पतीले हङकङ र नेपालमा फरक परिचय बनाएर मानव तस्करीको धन्दा चलाइरहेको खोजपूर्ण समाचार *(हिमाल खबरपत्रिका १६-३१ भदौ २०६७)* मा सार्वजनिक भएको थियो।

आफ्ना कर्तुतहरू सार्वजनिक भएलगत्तै टीकादेवी (राधिका) गुरुङले 'पत्रिकाले व्यक्तिगत स्वतन्त्रता हनन् गऱ्यो, यसको विरुद्ध बोलिदिनुपऱ्यो' भन्दै हङकङका नेपाली संघसंस्थामा संलग्न व्यक्तिहरूलाई गुहार्न थालेकी थिइन्। समाचार सत्य भए पनि फोन गरेर हैरान पारेपछि पिछा छुटाउन विज्ञप्तिमा सही गरिदिएको तीमध्ये एकले भने। 'मानव तस्करीका माफिया' शीर्षकको *हिमाल* को खबर साभार गर्ने *एभरेष्ट साप्ताहिक* का सम्पादक किसन राईले टीकादेवी र विज्ञप्ति निकाल्नेमध्येका केहीले आफूलाई माफी माग्न भनेको बताए।

यता नेपाल राष्ट्र ब्याङ्कले धवलागिरि म्यानपावरको ब्याङ्क खाता र भूमिसुधार तथा व्यवस्था मन्त्रालयले पुन दम्पतीको घर-जग्गा रोक्का गरेको छ। तर त्यसपछि, तेजप्रकाश पुनले *नागरिक दैनिक* (२१ भदौ २०६७) मा विज्ञापन-विज्ञप्ति प्रकाशित गरेर कम्पनी टाट पल्टे पनि लिबिया लगिएका कामदारलाई चल-अचल सम्पत्ति बन्धकी राखेर तलब दिएको दाबी गरेका छन्। लिबियामा बिजोग भएर फर्किएका १०८ कामदारले भने तलब नपाएको भन्दै पुनबाट रु.२ करोड ८५ लाख ६ हजार असुल गरी पाउन १८ भदौमा श्रम विभागमा निवेदन दिएका छन् र विभागले तेजप्रकाश पुन र टीकादेवी गुरुङलाई पक्राउ गर्न प्रहरीलाई भनेको छ।

पुनले छपाएको विज्ञापनमा कामदारलाई मासिक ३५० अमेरिकी डलर दिने सम्झौता भएको दाबी गरे पनि लिबियाको सिकेजी कम्पनी र नेपाली कामदारबीच भएको सम्झौतामा ५०० अमेरिकी डलर उल्लेख छ। पुनले प्रति कामदार मासिक १५० डलर ठग्न यो खेल खेलेको प्रष्टै छ। लिबियामा नेपाली कामदारलाई दिइएको परिचयपत्रमा 'गुर्खाज कन्स्ट्रक्सन' को म्यानेजिङ डाइरेक्टरको रूपमा तेजप्रकाशले हस्ताक्षर गरेका छन्, यद्यपि कम्पनीको प्रबन्ध निर्देशकमा केशबहादुर गुरुङको नाम छ। हङकङलाई अखडा बनाएर मानव तस्करी गरिरहेका तेजप्रकाशले काम गरेको पारिश्रमिक माग्ने २३ जना नेपाली कामदारलाई अपहरण गर्न खोजेको गम्भीर आरोपसहित लिबिया प्रहरीमा बुझाएका थिए। चरम शारीरिक यातनाका साथ शुरू भएको अनुसन्धानमा आरोप झूटो साबित भएपछि उनीहरू मुक्त भए।

**जेबी पुन मगर र बाबुराम विश्वकर्मा**

**(२०६७ असोज १-१५ को *हिमाल* खबरपत्रिकामा प्रकाशित)**

■ नवीन झा

# ९

# जनकपुर विस्फोटको रहस्य : पर्दा पछाडि सक्रिय अपराधी

धनुषा प्रहरीले मिथिला विस्फोटका महत्त्वपूर्ण कडी मानिएका मध्येका राजन मुक्ति उर्फ रञ्जित झा र मुकेश चौधरी उर्फ अर्जुन सिंह भनिने प्रकाश विद्यार्थीलाई कानूनको घेरा भित्र पारिसकेको छ। घटनामा प्रत्यक्ष संलग्न रहेको भन्दै प्रहरीले सप्तरीका जयप्रकाश चौधरी, धनुषाका सुरेशकुमार कर्ण, महोत्तरीका रिपेन्द्र झा र धनुषाका मुकेशकुमार कर्णलाई जलेश्वर कारागारमा राखेको छ। रिपेन्द्र झा केही वर्षअघिसम्म जनकपुर–काठमाडौं चल्ने रात्रि बस सारस ट्राभल्समा काम गर्थे। उनी जनकपुरको रामानन्द चोकमा उक्त गाडीको टिकट काउन्टरमा बस्ने गर्थे।

मिथिला विस्फोटको सन्दर्भमा यति धेरै मानिस दायरामा आइसके पनि मिथिलावासीले खोजेको खास 'त्यो मान्छे' फेला पर्न सकेको छैन। 'त्यो मान्छे' को सन्दर्भमा *"जनकपुर टुडे* को मार्च ८ को अनलाइन संस्करणमा अनुसन्धान गर भन्ने शीर्षकमा सम्पादकीय लेखेर भनेको छ– (मुकेश) चौधरी योजनाकारका सहयोगी भएर घटना गर्ने आपराधिक पात्र हुन्। ....नेपाल प्रहरीले अभियुक्त पक्राउ गरिसकेपछि, अब बयान लिएर वास्तविक अपराधीसम्म पुगेर उनीहरूलाई समेत कानूनी दायरामा ल्याउन सक्नुपर्दछ।"

एनेकपा माओवादीले पहिलो संविधानसभामा संघीय राज्यबारे प्रस्ताव प्रस्तुत गर्दा मिथिला राज्यको नाम उल्लेख नगरिदिएपछि जनकपुरमा सक्रिय रहेको मिथिला राज्य संघर्ष समितिले चरणबद्ध आन्दोलन शुरू गरेको थियो। आन्दोलनले लोकप्रियता बढ्दै गएको अवस्थामा १८ वैशाख २०६९ को सोमबार बिहान १०:३० तिर मुख्य धर्नास्थल रामानन्द चोकमा एकाएक शक्तिशाली बम विस्फोट भएको थियो। घटनामा मिथिलाकी लोकप्रिय रंगकर्मी रञ्जु झासहित झगरु दास, विमल शरण, सुरेश उपाध्याय र दीपेन्द्र दास समेत पाँच जनाको ज्यान गएको थियो भने ३२ जना सख्त घाइते भएका थिए।



राजन मुक्ति ।



विस्फोटपछिको स्थल ।



मुकेश चौधरी



पक्राउपछि सन्जय साह ।




हतियारका साथ सन्जय साह ।

मिथिला राज्यको माग गर्दै संघर्ष गरिरहेका अगुवाहरूको मिथिलाको राजधानीमै हत्या हुँदा देशभरिका नागरिकहरू मर्माहत भएका थिए ।

विस्फोटपछि अनुसन्धानमा खटिएको नेपाल प्रहरीको विशेष टोलीले घटनामा सशस्त्र समूहका मुकेश चौधरी र राजनमुक्ति संलग्न रहेको किटानी प्रतिवेदन सार्वजनिक गरेको थियो।

प्रहरी अनुसन्धानले किटानी गरेका दुवै अभियुक्त पक्राउ परिसकेका छन्। यी दुईमध्ये १ मंसीरमा पक्राउ परेका राजन मुक्तिले प्रहरीलाई बयान दिंदै थप आधार दिएपछि मुकेश चौधरी १९ फागुनमा पक्राउ परेपछि मिथिलावासीमा 'त्यो मान्छे' पक्राउ पर्ने आशा जागेको छ ।

धनुषा प्रहरीलाई राजन मुक्तिले दिएको बयानमा भनिएको छ– मेरो नेतृत्वमा रहेको जनतान्त्रिक तराई मुक्ति मोर्चा (राजन समूह), अर्जुन सिंह प्रकाश विद्यार्थी भनिने मुकेश चौधरीको तराई जनतान्त्रिक पार्टी, विद्यार्थी लिबरेसन फ्रन्ट, नागराज भन्ने उमेश तिवारीको तराई कोब्रा, राजन प्रताप भन्ने प्रफुल यादवको मधेश मुक्ति टाइगर समेतको संयुक्त बैठक लखनऊको दयालपुरस्थित मुकेश चौधरीको कोठामा (बस्यो)। (त्यहाँ) बैठक बसी (आपसमा) कार्यगत एकता गर्ने तर एकआपसमा विलय नहुने गरी कार्यगत एकताका (लागि) सहमति गरी (हालसम्म) भए गरेका कामहरूको सामूहिक जिम्मेवारी लिने निर्णय भएकोमा सोही क्रममा तराईमा भूमिगत पार्टीको अस्तित्व देखाउन र आतंक मच्चाउनको लागि धनुषामा बम विस्फोट गराउने कुरा उठी हामीहरूले बम विस्फोट गराउने निर्णय गरेका थियौं । योजना मुताविक म समेत मुकेश चौधरीले विस्फोटक पदार्थ पठाई हाम्रा कार्यकर्ताहरू परिचालन गरी मिति १८ वैशाख २०६९ को रामानन्द चोकमा भएको शान्तिपूर्ण धर्नामा बम विस्फोट गराएकोमा सो विस्फोटमा पाँच जनाको मृत्यु, ३२ जना घाइते भएका थिए। घटनापश्चात् समाज (जनकपुरमा) आतङ्क मच्चाउन सकिएकोले, मैले तत्काल प्रयोग गरेको ००९१८५२१४२७५५५ (मोबाइल) नम्बरबाट जनकपुरका पत्रकारहरूलाई फोन गरी घटनाको जिम्मेवारी लिएको थिएँ, उक्त घटना पश्चात् हाम्रा कार्यकर्ता र विस्फोटक पदार्थ समेत बरामद र पक्राउ गरियो ।

राजन मुक्तिले दिएको यही बयानको आधारमा धनुषा प्रहरीले मुकेश चौधरीलाई अभियुक्त बनाई सार्वजनिक समेत गरिसकेको छ ।

हाल प्रहरीको नियन्त्रणमा रहेका यिनै मुकेश चौधरीले जनकपुर विस्फोट काण्ड भएको तीन महीनापछि जनकपुर बजारमा तीनवटा अडियो रेकर्ड वितरण गरेका थिए । उनले आफूसँग वार्ता गर्ने मानिसप्रति प्रहरी र जनकपुरवासीको ध्यानाकर्षण गर्न खोजेका थिए ।

त्यसमध्येको पहिलो अडियो रेकर्डमा एकातर्फ मुकेश बोलेको प्रष्ट चिनिन्छ भने अर्को तर्फबाट बोल्ने मानिसलाई पहिचान गर्न प्रहरी लागिपरेको छ। जनकपुर विस्फोटमा पर्दा पछाडि सक्रिय रहेको 'त्यो को हो ?' र त्यसले विस्फोटमा खत्तम पार्न चाहेको 'ऊ' को हो ? यही प्रष्ट पार्नु नै नेपाल प्रहरीको गहन जिम्मेवारी देखिएको छ ।

विस्फोट हुनुभन्दा केही दिन अगाडि मैथिली भाषामा गरिएको संवादको अडियो रेकर्डको नेपाली रूपान्तरणमा मुकेशले सङ्केतमा 'ऊ' भनेर मुख्य शिकारलाई टार्गेटमा पार्ने प्रयास

गरेका छन् र त्यहाँ 'मिस' हुने अर्थात् 'ऊ' फुत्कने संभावना भएको चर्चाका साथै धेरै क्षति हुनसक्ने चिन्ता पनि गरिएको छ।

**संवादको पूर्णांशः**

मुकेश चौधरी : उसलाई समान लिएर त्यहाँ जानु भन्या छु, चेकसेक त गर्दैन ? पक्रने सम्भावना त हुँदैन ?

दोस्रो वक्ता : उसलाई तपाईंले के के भन्नुभयो ?

मुकेश : पछाडिबाट जानु भन्या छु। चारैतिर गेट छ। त्यहींबाट 'ऊ' भएकोतिर गएर उनको छेउमा राखिदिनु भन्या छु।

दोस्रो वक्ता : साइडबाट गर्नु भन्नु। भीडमा नराख्नु, क्षति धेरै हुन जान्छ।

मुकेश : त्यसो भए कि त ब्याक गर्नुपर्‍यो कि त भीडबाटै जानुपर्छ। एउटा कुरा गर्नुपर्‍यो। नत्र ऊ पनि कन्फ्यूज हुन्छ।

दोस्रो वक्ता : होइन, त्यहाँबाट 'ऊ' निस्केपछि उसको छेउमा गएर राख्नु भन्नु न।

मुकेश : त्यसरी कसरी हुन्छ, ऊ जहाँ छ, त्यही भीडमा गएर राख्न लगाइदिन्छु।

दोस्रो वक्ता : होइन होइन, त्यो ठीक हुँदैन। त्यसले धेरै क्षति हुन्छ।

मुकेश : त्यसरी कहाँ हुन्छ ? त्यसलाई कुनै एउटा कुरा भन्नु पर्‍यो। नत्र ऊ पनि सशंकित हुन जान्छ।

दोस्रो वक्ता : त्यसरी हुँदैन, तपाईं वीरेन्द्रसँग इन्फरमेशन लिनु त।

## को हुन् सञ्जय साह ?



धनुषा, लोहनाको सामान्य परिवारका सञ्जय साह कबाडी संकलन गर्थे। प्रमाणपत्र तह उत्तीर्ण गरेका साह २०५४ सालमा एमालेका रामचरित्र साह जिविस सभापति भएपछि ठेक्कापट्टातिर लागे। जातीय निकटताका कारण उनले त्यतिबेला चुंगीकरको ठेक्का पाए। प्रहरीलाई रिझाएर सडकमा ढाट लगाई कर उठाउन पाएपछि आर्थिक रूपमा सम्पन्न बनेका साहले जिविस, सडक विकासका निर्माणसम्बन्धी ठेक्कासँगै प्रहरीको रासनको पनि ठेक्का हात पारे।

पैसाले उनलाई गुन्डा पाल्न सक्ने बनायो भने गुन्डाको त्रास देखाउँदा थप ठेक्का पनि दिलायो। सबै ठेक्का आफूले नभ्याउने भएपछि उनले अरूलाई पनि ठेक्का दिलाए। गुन्डागर्दीको अभियोगमा प्रहरीले चारपटक पक्राउ गरी सार्वजनिक अपराधको मुद्दा

मुकेश : म वीरेन्द्रसँग लगातार सम्पर्कमा छु ।
दोस्रो वक्ता : वीरेन्द्रसँग तपाईं सम्पर्कमा रहनु । उसलाई त्यहाँ स्ट्यान्डबाई, त्यहीं राख्नु । सिक्वेन्स मिलेपछि म भन्छु ।
मुकेश : यसरी त 'मिस' हुने सम्भावना धेरै हुन्छ ।
दोस्रो वक्ता : हो, 'मिस' हुने चान्स धेरै छ ।
मुकेश : घटनाको जिम्मा लिंदा हुँदैन ?
दोस्रो वक्ता : होइन, होइन । त्यस्तो काम गर्नुहुँदैन । तपाईंले कस्तो गलत कुरा गर्नुभयो ।
मुकेश : छेउमा रिमोट छ, एक सेकेन्डको खेला हो । के गरौं ? त्यहाँ कम से कम १५० भन्दा बढी मानिसहरू छन् ।
दोस्रो वक्ता : छोड्दिनु आज ।
मुकेश : त्यही त 'ऊ' त्यहाँबाट निस्केपछि सीधै होटल पसिहाल्छ नि !
दोस्रो वक्ता : छोडदिनु, धेरै क्षति हुन जान्छ । यिनीहरू फेरि भोलि बसिहाल्छन् नि !
मुकेश : उसो भए आइतबार गरौंला ... ।
दोस्रो वक्ता : भोलि नै बस्ला नि फेरि । मिलाएर कति बेला उपयुक्त हुन्छ, त्यही अनुसार गर्नुपर्छ ।

यस संवादमा विस्फोट गराउनेहरूले कुनै एक जना 'ऊ' लाई मात्र मार्न चाहेको बुझिन्छ । यो योजना आइतबार अघिकै थियो भन्ने पनि बुझिन्छ । तर आदेशकर्ता दोस्रो वक्ताले चाहेको जस्तो 'सिक्वेन्स' मिल्न नगएर धेरै जनाको ज्यान गएको देखिन्छ । त्यति

चलाए पनि उनी धरौटीमा छुट्न सफल भए । बिस्तारै उनी ठेक्काको कामै नगरी कागजी प्रक्रिया पूरा गरेर रकम असुल्न सक्ने भए । अथाह पैसा कमाएपछि उनी सक्रिय राजनीतिमा आएका हुन् । संविधानसभाको पहिलो चुनावमा मधेशी जनअधिकार फोरम विभाजन भएपछि उनी विजय गच्छदारको पछि लागे र भौतिक योजना राज्यमन्त्री भए ।

गैरकानूनी रूपमा अकुत सम्पत्ति कमाएको र पदमा रहँदा भ्रष्टाचार गरेको भन्दै ३० फागुन २०६८ मा उनीमाथि अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरी परेको छ । उजुरीमा १० वर्षअघिसम्म १० धुर जग्गा मात्र भएको उनको सम्पत्ति अहिले पाँच अर्ब रुपैयाँभन्दा बढी रहेको उल्लेख छ । उनी र उनका आफन्तका नाममा जनकपुर, हेटौंडा, वीरगन्जलगायतका शहरमा जग्गा छ भने ६ वटा पजेरो गाडी छ । दोस्रो संविधानसभा निर्वाचनमा पनि उनी सद्भावना पार्टीका तर्फबाट धनुषा-४ बाट विजयी भएका हुन् । हाल उनी राजेन्द्र महतो नेतृत्वको सद्भावना पार्टीका वरिष्ठ उपाध्यक्ष हुन् ।

(२०७० **चैत ४ को** ***अन्नपूर्ण पोष्ट*** **दैनिकमा प्रकाशित**)

मात्र होइन, आदेशकर्ताको चाहना चाहिं धर्ना कार्यक्रमलाई नै उपयोग गर्ने रहेको देखिन्छ। आदेश माग्ने मुकेशले चाहिं बमले मानिस उडाउनुलाई सामान्य काम ठानेको देखिन्छ। 'घटनाको जिम्मेवारी लिए त पुगिहाल्छ नि' भनेर मुकेशले आदेशकर्तालाई सम्झाउनुलाई चानचुने आपराधिक मानसिकता मान्न सकिंदैन। अन्त्यमा उनीहरूबीच आइतबार काम फत्ते गर्ने सहमति हुन्छ।

जनकपुर विस्फोट १८ वैशाख २०६९ को सोमबार हुन गयो। त्यस दिन रामानन्द चोकमा १५० जना भन्दा बढी मानिस शान्तिपूर्ण धर्नामा बसिरहेका थिए। उनीहरू मिथिला राज्यको समर्थनमा हस्ताक्षर संकलन गरिरहेका बेला विस्फोट हुन गएर मिथिलाका होनहार सपूतहरूको ज्यान गयो। घटना हुनुभन्दा केही समयअघि माथिका दुवै पात्रले फेरि संवाद गरेका छन्। यस संवादमा पनि उही आवाज छ। जसमा मुकेश चौधरीले 'घटना हेर्न टीभी खोलेर बसिरहनू' भनेर 'त्यो मान्छे' लाई आग्रह गरेको छ।

## जनकपुर बमकाण्डः बम पड्काउन ६० लाखको 'डिल'

**जनकपुर** बमकाण्ड गराउन सभासद् एवं सद्भावना पार्टीका वरिष्ठ उपाध्यक्ष सञ्जय साह र मुकेश चौधरीबीच ६० लाख रुपैयाँको 'डिल' भएको खुलासा भएको छ। सशस्त्र समूहका नाइके मुकेश चौधरी एक महीनाअघि पक्राउ परेपछि बमकाण्डमा सभासद् साहको संलग्नता खुलेको थियो।

मुकेशको बयानका आधारमा प्रहरीले ओमप्रकाश यादवलाई पक्राउ गरेको थियो। यादवले विस्फोट योजनाकै सिलसिलामा साहले दिएको आठ लाख रुपैयाँ मुकेशलाई भारतमा गएर दिएको बयान दिएका छन्। स्रोतका अनुसार साहले धनुषा जिविसका सहलेखापाल जीवनाथ चौधरीलाई 'समाप्त' पार्ने गरी बम विस्फोट गराउने योजना बनाएका थिए। त्यसबापत साहले मुकेशलाई ६० लाख रुपैयाँ दिने बाचा गरेका थिए। तर घटनामा जीवनाथ 'समाप्त' नभएपछि साहले बाचा गरेको रकम नदिएका कारण विस्फोट योजना बनाउने क्रममा साह र मुकेशबीच भएको टेलिफोन वार्ताको अडियो चुहिएको थियो। विस्फोटपछि साह र मुकेशको सम्बन्ध बिग्रिएको हो।

मुकेशले विस्फोटको केही समयपछि साहले धोका दिएको र आफ्ना मान्छे पक्राउ गराइदिएको भन्दै उनलाई 'सिद्ध्याइदिने' चेतावनी दिएका थिए। साहले पनि आफूलाई मुकेशले फसाउन खोजेको बताउँदै आएका थिए। उनीहरूको टेलिफोन वार्ता समेटिएको समाचार अन्नपूर्ण पोष्टमा प्रकाशित भएपछि प्रहरीले अनुसन्धान गरी उक्त वार्ता सभासद् साह र मुकेशकै भएको प्रमाणित गरेको थियो। त्यसपछि प्रहरीले सभासद् साहविरुद्ध पक्राउ पुर्जी जारी गरेको हो। उनी फरार भएको भन्दै प्रहरीले पक्राउ गर्न भने

**दोस्रो अडियो रेकर्डको पूर्णांश:**

त्यो व्यक्ति: म कति बजेसम्म टीभीनेर बसिरहुँ ?

मुकेश: आज तपाईं कन्टिन्यू बसिराख्नु, कन्टिन्यू... ।

दोस्रो अडियो रेकर्डले कोही मान्छे टीभीमा घटना हेर्न उत्ताउलो भैरहेको देखिन्छ । उसको उत्ताउलोपनलाई शान्त पार्न मुकेशले 'आज' शब्द प्रयोग गरेर शान्त पारेको छ । मुकेशले प्रहरीलाई 'त्यो मान्छे' बारे अब के बोल्छ, कसैलाई थाहा छैन, तर उसले यसअघि नै बोल्नुपर्ने जति बोलिसकेको छ । 'त्यो मान्छे'को खोजी गर्न मिथिला राज्य संघर्ष समितिले जिल्ला प्रशासन कार्यालय धनुषामार्फत प्रधानमन्त्रीलाई ज्ञापनपत्र पठाइसकेका छन् । घटनाले कुन मोड लिने हो, प्रतीक्षा छ ।

(**यससँग सम्बन्धित अडियो रेकर्ड www.cijnepal.org मा उपलब्ध छ ।**)

(**२०७० चैत २७ गतेको *अन्नपूर्ण* पोष्टमा प्रकाशित**)

सकेको छैन । गत फागुन १९ गते प्रहरीले मुकेशलाई भारतीय सुरक्षा निकायको सहयोगमा भारतबाटै पक्राउ गरेर ल्याएको थियो। मुकेशको साथबाट प्रहरीले आठवटा सीमकार्ड, एउटा ट्याब्लेट, एउटा पेस्तोल र भूमिगत संगठनसम्बन्धी केही दस्तावेज बरामद गरेको थियो ।

प्रहरी अनुसन्धानबाट सभासद् साह र मुकेशबीच पुरानो सम्बन्ध रहेको देखिएको छ । कल डिटेललगायत केही प्रमाणका आधारमा साह नै सशस्त्र समूहको सञ्चालक रहेको निष्कर्ष प्रहरीले निकालेको छ। प्रहरी अनुसन्धान अनुसार साहले प्रयोग गरेका मोबाइल नम्बर ९८५४०२०२०७, ९७२१५४९८३८ र ९८१६८८४५५१ तथा मुकेश चौधरीले प्रयोग गरेका भारतीय फोन नम्बर ८०९०३७५५६९ र ९१२५३१४७९९ बीच दुई सय ४० मिनेटभन्दा बढी कुरा भएको छ । विस्फोट भएको दिन उनीहरूबीच सातपटक कुरा भएको थियो । त्यस बेला एक सातामा ६५ पटक साहले चौधरीसँग कुरा गरेका थिए ।

२०६९ पुस ४ गते सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागमा साहविरुद्ध परेको उजुरीमा उल्लेख छ, 'सञ्जय साहले मधेशमा रहेका भूमिगत आपराधिक समूह र पार्टीसँग समेत साँठगाँठ रोखका छन् । त्यसमा प्रमुख हुन्– आकाश त्यागी भनिने श्रीराम दायव, पृथ्वी सिंह भनिने श्याम यादव, अर्जुन सिंह र प्रकाश विद्यार्थी भनिने मुकेश चौधरी । मुकेश र श्रीरामले भूमिगत हुनुभन्दा अगाडि पनि सञ्जयकै फर्ममा कार्य गरेका थिए ।'

रामानन्दचोकमा मिथिला राज्य संघर्ष समितिले शान्तिपूर्ण धर्ना दिइरहेका बेला २०६९ वैशाख १८ गते बम विस्फोट गराउँदा पाँच जनाको ज्यान गएको थियो ।







विजय गच्छदारको चुनावी क्याम्पेनमा मतदातालाई एक पोका नून र एउटा चुनावी पर्चा ।

# सेतो नूनमा कालो दृष्टि

२०७० मंसीरको पहिलो सातातिर ललितपुर कुसुन्ती निवासी लक्ष्मी गजुरेललाई एककिलो नून खोज्न चार दिन लाग्यो । उनले भनिन्– पहिलो दिन पसलेले नुन सकिएको छ, भोलि आउनुस् भन्यो । दोस्रो दिन जाँदा आज पनि छैन भनेर फर्काइदियो । तेस्रो दिन बजारका अरू पसल चहारें, नून भेटिएन । चौथो दिन एउटा पसलेले १०० रुपैयाँ लिएर नून बेचेको सुईंको पाएँ। अनि १०० रुपैयाँमा एक पोका नून लिनु पर्दा पो रुसंग भएँ ।

अनामनगरका सन्तोष ज्ञवालीले सुनाए– त्यसबेला नून नपाएर गाह्रो पऱ्यो नि ! एउटा, दुइटा पसल गर्दै बिहानैभरि अनामनगरका सारा पसल चहारें । तर नून पाइएन । साँझपख ६० रुपैयाँका दरले दुई प्याकेट नून पाइयो ।

साल्ट ट्रेडिङका नून विभाग प्रमुख कुमार राजभण्डारी भन्छन्, “त्यसबेला नाफाखोर व्यापारीहरूले नूनको कृत्रिम अभावको सिर्जना गरेर उपभोक्तालाई ठग्ने काम गरेका हुन् ।” तर उपभोक्ता भन्छन्– नूनको अभाव हुनुमा साल्ट ट्रेडिङका कर्मचारी पनि कम जिम्मेवार छैनन् । नूनमा समेत खेलबाड गर्नु त देशभरि नै ठगीको महामारी चलाउनु हो ।

दोस्रो संविधानसभाको निर्वाचनको मुखैमा, मंसीरको पहिलो सातातिर काठमाडौं उपत्यका र पूर्वी तराईमा एकाएक नूनको अभाव हुन गयो । त्यसबेला उपत्यकाका उपभोक्ताले समेत एक किलो नूनलाई १०० रुपैयाँसम्म तिर्नु पऱ्यो भने पूर्वी तराईका उपभोक्ताले १५० सम्म तिरे । तर साल्ट ट्रेडिङको वितरण विभागले नूनको कालोबजारी रोक्न कुनै तत्परता देखाएन । २०४६ सालको परिवर्तनपछि देशले खुल्ला अर्थनीति लिए पनि, आयोडिनयुक्त नूनको आपूर्ति गर्ने एकाधिकार साल्ट ट्रेडिङ कर्पोरेसनलाई दिइएको छ । साल्ट ट्रेडिङको एकाधिकारमा रहेका अन्य अत्यावश्यकीय उपभोग्य वस्तुहरूको आपूर्तिमा पनि यस्ता समस्या आइरहेका छन् ।

नेपाल उद्योग वाणिज्य महासंघका उपाध्यक्ष प्रदीपजंग पाण्डे भन्छन्– नूनमा साल्ट्र ट्रेडिङको एकाधिकार तोड्नुपर्ने बेला आइसक्यो। कुनै पनि व्यापारमा एकल मनोमानी हुँदा यस्ता समस्या आइरहन्छन्। साल्ट ट्रेडिङका नायव महाप्रबन्धक तथा नून विभाग प्रमुख कुमार राजभण्डारी पनि बजार अनुगमन गर्दा साल्ट ट्रेडिङका केही आधिकारिक बिक्रेताले बदमासी गरेको स्वीकार गर्छन्। उनले भने, समस्या हामीमा होइन, निजी क्षेत्रले उब्जाएका हुन्। साल्ट ट्रेडिङका बिक्रेतालाई त हामीले तुरुन्त नियन्त्रणमा लियौं। तर निजी क्षेत्रले अवाञ्छित हल्लाको फाइदा उठाउँदै बजारमा अभाव सिर्जना गरिदियो। तिनलाई नियन्त्रण गर्ने काम सरकारको थियो।

साल्ट ट्रेडिङका २२ सयभन्दा बढी आधिकारिक बिक्रेताहरू छन्। राजधानीमा मात्रै ६०० जति छन्। नून विभाग प्रमुख भने आफ्नै आधिकारिक बिक्रेताप्रति शंका गर्छन्। उनले भने– "अनुगमन गर्दा केही डिलरले बद्मासी गरेको भेटियो।" उनले आरोप त लगाए तर तिनको नाम सार्वजनिक गर्न चाहेनन्। त्यति मात्र होइन, बद्मासी गर्नेलाई कारबाही पनि गरेका छैनन्।

उपत्यकाका नून डिलरहरू चाहिं, "साल्ट ट्रेडिङको शंका र आरोप हावादारी हो" भनिरहेका छन्। पाटनका नून डिलर देवेन्द्र श्रेष्ठले सबै दोष उपभोक्तामाथि नै थुपारे। उनले भने– नूनको अभाव भएको हल्लाको पछि लागेर उपभोक्ताले आवश्यकता भन्दा बढी नून किनेर राखिदिनाले त्यो समस्या आएको हो।

## नाफा खाने मुख

साल्ट ट्रेडिङले डिलरहरूलाई १३ रुपैयाँ ५० पैसामा प्रतिकिलो नून उपलब्ध गराउँछ। डिलरहरूले प्रतिकिलो नूनमा १ रुपैयाँ ५० पैसा नाफा लिएर साधारण बिक्रेतालाई १५ रुपैयाँमा बेच्छन्। सामान्य बिक्रेताले उपभोक्तासँग १६ रुपैयाँ लिन्छ। यसरी साल्ट ट्रेडिङको कालीमाटीको गोदामबाट कालीमाटीकै किराना पसलमा आइपुग्दा एक किलो नूनमा रु.२.५० मूल्य बढिसकेको हुन्छ। निजी क्षेत्रका व्यापारीहरूले नूनको मूल्य बढाउन र नाफा बढी लिन खोजिरहेका छन्। उनीहरू भन्छन्– विगत चार वर्षदेखि नूनको मूल्य बढेको छैन।

त्यसैले नूनको मूल्य बढ्ने हल्ला चलिरहन्छ। संविधानसभा निर्वाचनको समयमा पनि नूनको मूल्य बढ्ने हल्ला फैलियो। मूल्य बढ्ने आशामा केही डिलर र बिक्रेताहरूले नून लुकाएको आरोप साल्ट ट्रेडिङले लगाउँदै आएको छ। तर कुन डिलरले के कति नुन लुकाए भन्ने बारेमा केही बताएको छैन। नायव महाप्रबन्धक तथा नून विभाग प्रमुख कुमार राजभण्डारी भन्छन्- बजारमा नूनको मूल्य बढ्ने हल्ला चलिरहन्छ। तर साल्ट ट्रेडिङलाई नूनको मूल्य निर्धारण अधिकार छैन। वाणिज्य मन्त्रालयको सहसचिवको संयोजकत्वमा रहेको समितिले सिफारिस गरेपछि मात्र सरकारले नूनको भाउ बढाउने निर्णय गर्छ।

**सबै जोगी कानै चिरेका**

संविधानसभाको निर्वाचनको मुखमा बिहार राज्यको केही स्थानहरूमा नून अभाव हल्ला चल्यो। त्यसैको फाइदा उठाएर नेपालका व्यापारीहरूले पनि नूनको कृत्रिम अभाव सिर्जना गरिदिए। मंसीरको पहिलो साताभरि राजधानीलगायत मुलुकका धेरै स्थानमा उपभोक्ताहरू नराम्ररी ठगिए।

यसै समयमा पूर्वी तराई र राजधानीका व्यापारीले राम्रै फाइदा उठाए। यसै मेसोमा ठूला राजनीतिकर्मीहरूले पनि नूनलाई राजनीतिक हतियार बनाए। निर्वाचनको मुखमा, पूर्वी तराईमा नूनको यति ठूलो हाहाकार भयो कि सामान्य किराना पसलहरूका त के कुरा ठूला पसल र डिपार्टमेन्ट स्टोरहरूबाट समेत नून गायब भए।

निर्वाचनको समय भएकोले प्रशासक, कर्मचारी र प्रहरी समेत व्यस्त थिए। नूनको विषयमा पसले र उपभोक्ताबीच विवाद हुन्थे। तर सर्वसाधारणले गुनासो गर्ने ठाउँ कहीं थिएन। यसबेला सिरहा बजारमा भने नून खोज्नेहरूको घुईंचो लागेको थियो। स्थानीय खुद्रा पसलेहरू नून सकिएको भनेर ग्राहकको भीड पन्छाउँदै थिए। ग्राहकहरू चाहिं जनकपुरमा नून पाइन्छ रे, किलोको १५० रुपैयाँमा बेचिरहेको छ रे भनेर सूचना साटासाट गर्दै थिए।

रेडियो मिथिलाका समाचार प्रमुख सुजित कुमार झाले स्मरण गर्दै भने– मंसीर १ गते त जनकपुरमै नूनको हाहाकार भयो। संचारमाध्यमहरूले पनि नून अभावको समाचार

## बजार हल्लाको प्रभाव

**कुमार राजभण्डारी,** नायव महाप्रबन्धक तथा नून विभाग प्रमुख, साल्ट ट्रेडिङ कर्पोरेशन

**चुनावका समयमा तराईमा नूनको हाहाकारै भयो त ?**

हामीसँग ६ महीनालाई पुग्ने नूनको स्टक हुन्छ। हामीले ६ महीनाका लागि मुलुकभरलाई चाहिने नूनको मौज्दात राख्नै पर्छ।

**सर्वसाधारणले किन सहजै पाएनन् त ?**

हल्लाका पछि लागे। चुनावको समयमा भारतीय बजारमा नून अभावको हल्ला फैलियो। त्यसको प्रभाव हामीकहाँ पनि पर्‍यो।

**मोरङका उपभोक्ताले चाहिं नपाउने, नेताले चाहिं स्टक राखेर नून वितरण गरेको पाइयो नि ?**

त्यो त राम्रो काम भएन नि !

**नेताले मात्र कहाँबाट नून पाएछन् ? तपाईंले अनुगमन गर्नु भएन ?**

बजारमा नून थियो। कसैले लुकाएको थाहा पाएनौं।

फैलाए। रेडियोबाट समाचार सुनेका सर्वसाधारणहरूले जहाँ पायो त्यहींबाट सकेजति नून उठाइरहेका थिए। साना पसलेहरूले पनि नून पनि लुकाइरहेका थिए। मौकामा चौका हान्न पल्किएका व्यापारीहरूले भने एक किलो नूनको १०० देखि १५० रुपैयाँसम्म लिइरहेका थिए। हप्तादिनसम्म उपभोक्ता ठगिंदा पनि प्रशासनले कुनै कदम चालेको थिएन।

साल्ट ट्रेडिङ कर्पोरेशन जनकपुर शाखा प्रमुख जगदीश नारायण चौधरी भन्छन्– "हामीसँग नून पर्याप्त थियो, तर यहाँका रेडियोहरूले भने नून छैन भनिरहेका थिए। रेडियोको समाचार सुनेर म त छक्क परिरहेको थिएँ।"

चौधरीले भने– रेडियोले हल्ला गर्न थालेपछि, प्रमुख जिल्ला अधिकारीलाई जानकारी दिएर साल्ट ट्रेडिङमा नून प्रर्याप्त मात्रामा छ भन्ने सूचना जारी गर्दा न त रेडियोले पत्यायो न उपभोक्ताले। शाखा प्रबन्धक चौधरीले जनकपुरमा नूनको अभाव नरहेको जिकिर गरे पनि स्थानीय सञ्चारकर्मीहरू जनकपुरमा तीन दिनसम्म नूनको हाहाकार भएको दाबी गर्छन्। जनकपुर टुडेका सम्पादक वृजकिशोर यादवले भने– सक्दो नाफा खाएर व्यापारीले नून बेचिसकेपछि बजार अनुगमन भएको हो।

अर्का सम्पादक सुजित झाले थपे– व्यापारीले अनुगमन टोलीलाई नून छ भने तर सर्वसाधारणलाई दिएनन्। अनुगमन टोलीले व्यापारीका कुरा पत्याउने कि उपभोक्ताका ? बजारमा नून भएको भए साल्ट ट्रेडिङ आफैंले बिक्री केन्द्र खोल्नुपर्थ्यो !

# हल्लाले नून खायो

–**जगदीश नारायण चौधरी**, शाखा प्रबन्धक, साल्ट ट्रेडिङ, जनकपुर

**जनकपुरमा नूनको अभाव भएछ नि ?**

अभावको हल्ला भइदिनाले केही समस्या देखियो। सञ्चारमाध्यमहरूले कुरै नबुझी नूनको अभाव भएको समाचार दिएकाले असर देखिएको हो।

**सर्वसाधारण त मर्कामा परे नि ?**

सर्वसाधारण पनि हल्लाकै पछि लागे। चाहिने भन्दा बढी नून किनेर झन् अभाव बनाइदिए। हामीसँग यथेष्ट नूनको स्टक थियो। बजारमा पनि नून थियो। तर उपभोक्ताले नून नपाउनु छक्क पर्ने कुरा थियो।

**बजार अनुगमन गर्नुभयो र ?**

गर्‍यौं नि ! स्थानीय प्रशासनसँग मिलेर तीन दिन अनुगमन गर्‍यौं। पसलमा नून थियो। हामीले नूनको कमी छैन भनेर स्थानीय संचारमाध्यमलाई पनि बतायौं। हल्लाको पछाडि नलाग्न आग्रह पनि गर्‍यौं। तर यहाँका रेडियोले हाम्रो कुरै सुनेनन्।

## नूनमा राजनीति

मधेशी जनअधिकार फोरम लोकतान्त्रिकका अध्यक्ष विजयकुमार गच्छदार मोरङ ७ बाट निर्वाचन लडिरहेका थिए। उनले आफ्नो पक्षमा भोट तान्न नूनको राजनीति गरे। आफ्नो निर्वाचन क्षेत्रमा नूनको अभाव रहेको थाहा पाउने बित्तिकै एक पोका नूनसँगै आफ्नो पर्चा बाँडेर भोट मागेका थिए।

विराटनगर-१४ को चुनाव प्रचार कार्यालयमा नून लिनेको भीड जम्मा गराए। नून अभावको चुनावी लाभ लिन खोजेका गच्छदार, देशको उपप्रधानमन्त्री र गृह जस्ता महत्वपूर्ण मन्त्रालय सम्हालिसकेका व्यक्ति हुन्। यिनको सिको गरेर बिहार राज्यसँग सीमा जोडिएका जिल्लाहरूमा पनि विभिन्न दलका नेताहरूले भोट तान्नका लागि नूनलाई माध्यम बनाए।

मोरङ, सुनसरी, बारा, पर्सा, रौतहट, सिरहा, सर्लाही, धनुषा, सप्तरीका साथै पूर्वका केही पहाडी जिल्लाहरूमा समेत नून अभावको हल्ला फिंजाएर कमाउने व्यापारीलाई राजनीतिक दलका ठूला नेताहरूले राम्रैसँग साथ दिए। त्यसैले ती व्यापारीहरूले कुनै कारबाही भोग्नु परेन।

साल्ट ट्रेडिङको तथ्याङ्क अनुसार, मंसीर १, २ र ३ गते गरी तीन दिनमा काठमाडौंबाट २२ हजार बोराभन्दा बढी नून बिक्री भएको थियो। उपत्यकामा एक महीनामा खपत हुने नूनको परिणाम हो यो। यत्रो नून, तीन दिनसम्म कहाँ हरायो भनेर साल्ट ट्रेडिङले खोजी गरेको छैन।

यसैगरी वीरगंजमा ८ हजार २२८ बोरा, विराटनगरमा ६ हजार ८०० बोरा, बिर्तामोडमा २५०० बोरा र नारायणगढमा १ हजार ४३८ बोरा नून तीन दिनमा बिक्री भएको देखिएको छ। महीना दिनलाई पुग्ने नून तीन दिनमै बिक्री हुँदा पनि साल्ट ट्रेडिङले भने कुनै गडबडी भएको देखेको छैन।

## तैं चूप, मैं चूप

नायव महाप्रबन्धक तथा नून विभाग प्रमुख कुमार राजभण्डारीको कुनै तर्क काम नलागेपछि उनले दोष जति अदृश्य कालो बजारमाथि थोपरिदिए। यसै क्रममा उनले यसो पनि भन्न भ्याए– बजार अनुगमन गर्दा साल्ट ट्रेडिङकै आधिकारिक बिक्रेताले पनि बदमासी गरेको देखियो। व्यापारीहरूमा मौकाको फाइदा उठाउने प्रवृत्ति देखियो।

उपभोक्ता अधिकारकर्मीहरू भने साल्ट ट्रेडिङका कर्मचारीको मिलेमतो विना व्यापारीले कालोबजारी गर्न सक्तैनन्। उपभोक्ता हित संरक्षण मञ्च काठमाडौंका अध्यक्ष जगन्नाथ मिश्र भन्छन्, “साल्ट ट्रेडिङसँग सेटिङ मिलाएरै कालोबजारी भएको हो। प्रशासनले छानबीन किन गरेन ? त्यो चाहिं रहस्यमा छ। जिम्मेवार निकाय तैं चूप, मैं चूपको खेलमा लाग्ने अनि निर्धा उपभोक्ता सधैं मर्कामा पर्ने ?”

## निर्धालाई सरकार छैन

देशको मध्य र सुदूरपश्चिम पहाडका बासिन्दाहरू, जीवनको लागि अत्यावश्यकीय वस्तु नूनको अभावमा छटपटिइरहेका छन् । यस क्षेत्रमा चामल किन्नेको लाइन भन्दा नून माग्नेको लाम लामो हुँदैछ । काठमाडौं उपत्यकाका उपभोक्ता खानेपानीको लागि जसरी तड्पिन्छन्, मारामार गर्छन्, ठीक त्यसैगरी मध्य र सुदूरपश्चिम पहाडका उपभोक्ताहरू नूनका लागि तड्पिइरहेका छन् ।

यस बाहेक नून पाउन सफल उपभोक्ताले चाहिं आयो नूनको गुणस्तर र नूनिलोपन खस्किएको गुनासो गरिरहेका छन् । नून नपाएर महीनौं अलिनो खान बाध्य भएका उपभोक्ताहरू भन्छन्– साल्ट ट्रेडिङको नाममा नून बार्नुपर्ने दिन आएछ । एक त नून पाईंदैन, अर्को पाइएको नून पनि कमसल र अलिनो छ। निर्धालाई सरकारै छैन। हामीलाई कसले हेर्ने ?

(२०७० **चैत ६ गतेको** ***नेपाल समाचारपत्र*** **दैनिकमा प्रकाशित**)

# जाली नोटको धारले सदरुलको हत्या

२०७० जेठ ६ गते हत्या गरिएका सप्तरी क्षेत्र नं ५ का प्रथम संविधानसभाका सभासद् सदरुल मियाँ हकको धेरै जनासँग दुश्मनी थियो । तीमध्ये बंगलादेशी नागरिक सुब्रतो विनसँगको आर्थिक लेनदेन र आफ्नै सालो असलमसँगको व्यापारिक कारोबारमा भएको हेराफेरी नै सबैभन्दा ठूलो विवाद थियो । यसबाहेक श्रीमती नूरजहाँ र विसनपुर मस्जिदका मौलाना नूरजमानबीचको सम्बन्धका कारण उठेका पारिवारिक विवाद पनि ठूलै मामिला बनेका थिए ।

बंगलादेशी नागरिक सुब्रतो विनले सुनसरीबाट अलि असरफको नाममा नक्कली नागरिकता लिएका थिए। सोही काण्डमा सुनसरीको झुम्का जेल परेका बेला, विनले आफ्नी श्रीमतीमार्फत सभासद् सदरुलसँग सम्बन्ध बनाएका थिए । नेपाल प्रहरीले विनको नाम इन्टरपोलमा राख्न खोजेपछि, त्यस प्रक्रियालाई रोक्न विनले सभासद् सदरुललाई प्रयोग गरेका थिए । विनको नाम र फोटो पहिलेदेखि नै इन्टरपोलको मोस्ट वान्टेड सूचीमा थियो । नेपालले विनको फोटो र नाम (नक्कली नै भए पनि) सार्वजनिक गरेमा उसको पहिचान खुल्न जान्थ्यो । त्यसैलाई रोक्नका लागि विनले श्रीमतीमार्फत सदरुललाई १८ लाख (भारु) दिएका थिए । तर सदरुलले पैसा लिएर पनि काम गर्न नसकेपछि, विनले पैसा फिर्ता मागे। सदरुलले पैसा फिर्ता गर्न आनाकानी गरेपछि विवाद लम्बिँदै गयो। र, उनलाई बारम्बार मार्ने धम्की आउन थाल्यो ।

### सदरुल, सुब्रतो र धीरेन्द्र यादव

स्वतन्त्र सभासद् भए पनि एकीकृत माओवादी पार्टीलाई समर्थन गरेका कारण सदरुलको प्रचण्डसँग राम्रो सम्बन्ध थियो । त्यसैले सदरुलले उनलाई सहयोग गर्न सक्ने विश्वास विनलाई थियो। झुम्का जेल तोडेर विनसँगै फरार भएका अर्का अभियुक्त धीरेन्द्र यादवले



सदरुल मियाँको हत्या भएको पेट्रोल पम्प ।



सुब्रतो विन



सदरुल मियाँ



सदरुल विश्वेन्द्र

स्थानीय संचारकर्मीहरूलाई बताएका थिए– इटहरीमा बसिरहेकी विनकी श्रीमतीले सदरुललाई पटक पटक गरी १८ लाख भारु दिएकी थिइन्। यी धीरेन्द्र यादव पनि नेपाली नागरिकता लिएर नेपालमा बसिरहेका थिए। उनी भारतको मोस्ट वान्टेड अपराधीको सूचीमा परेका थिए। यी यादवले २०६३ माघ ८ गते कृषि विकास बैंक राजविराज शाखाका प्रबन्धक विक्रम साहको हत्या गरेका थिए। त्यसैको सजाय काट्न काठमाडौंमा जेल भोगिरहेका थिए। २०६८ कात्तिक ३० गते यादवलाई काठमाडौंबाट सरुवा गरेर झुम्का जेलमा राखिएको थियो। यहाँ विन र यादवको संयुक्त अपराध मोर्चा बनेपछि, झुम्का जेल तोड्ने योजना बनेको थियो। धीरेन्द्र भन्छन्, "झुम्का जेल तोड्ने तारतम्य मिलाउन मात्र तीन करोड जति खर्च भयो।"

यसअघि सुब्रतो विन र धीरेन्द्र यादवले सदरुल हकमार्फत माओवादीकी सभासद् उमा भुजेलसँग सम्पर्क गरे। धीरेन्द्र यादवले खुलासा गरे, माओवादी सभासद् उमा भुजेलले उनीहरूलाई जेलबाट छुटाइदिन तत्कालीन गृहमन्त्री कृष्णबहादुर महराकहाँ कुरो पुऱ्याइन्। तर महराले ठाडै अस्वीकार गरेपछि सभासद् सदरुल हक संकटमा परे। सदरुलले पैसा लिएर पनि काम गराउन सकेनन्। यसपछि नेपाल प्रहरीले पनि विनलाई इन्टरपोलको मोस्ट वान्टेड सूचीमा राखिदिएपछि मामिला झन् बिग्रन गयो। सुब्रतो विन, अण्डरवर्ल्ड डन दाउद इब्राहिमको बंगलादेश हेर्ने प्रतिनिधिको रूपमा कार्यरत रहेको र उनले बंगलादेशमा ठूला अपराध गरेका समाचारहरू बंगलादेशमा प्रकाशित भैरहेका थिए। सुब्रतो विनको संकट गहिरिँदै थियो।

यसैबीच २०६९ कात्तिक २३ गते राति सुनसरीको झुम्का जेल तोडियो। त्यसै रात जेलबाट सुब्रतो विन र धीरेन्द्र यादवसहित ८ अपराधी भागे। धीरेन्द्र यादव सुनसरीको सीमा क्षेत्रबाट तुरुन्तै पक्राउ परे भने सुब्रतो विनलाई चाहिं भारतीय प्रहरीले १९ दिनपछि कलकत्तामा पक्राउ गऱ्यो। यसपछि भारत बंगलादेशबीच अपराधी साटासाट गर्ने कूटनैतिक पहल शुरू भयो। भारत सरकार र बंगलादेश सरकारबीच गृहमन्त्री स्तरमा सुब्रतो विन र असमका उल्फा महासचिव अनुप चैत्यको साटासाट गर्ने सहमति भयो। तर दुवै देशको मन्त्रिपरिषद्ले कुनै निर्णय लिएको छैन।

भारतले सुब्रतोलाई जाली भारुको कारोबार गरेको अभियोग लगाएर जेलमा राखेपछि सदरुल हकलाई काकडभिट्टा नजिकको भारतीय सीमाबाट (बंगलादेश सीमा क्षेत्र) लगातार फोनमा मार्ने धम्की आउन थाल्यो। नेपालमा नक्कली भारु कारोबार गरेको आरोपमा तीन वर्ष सिरहा जेलमा बसिसकेका सिरहा चतरीका ऐनुल शेखा पनि सदरुल हत्यामा संलग्न रहेको देखिएपछि मामिलाले गम्भीर मोड लियो। यी ऐनुल शेखको सम्बन्ध धीरेन्द्र यादव र सुब्रतो विनसँग पनि थियो।

## सदरुलका हत्यारा

सदरुल मियाँ हक (६०) को हत्या राति सुतेकै अवस्थामा ओछ्यानमै धारिलो हतियार प्रयोग गरेर घाँटी रेटेर (हलाल गरेर) भएको थियो।

यस हत्याको आरोपमा राजविराज जेलमा रहेका चाँदबाबु भन्ने अब्दुल रउफले बताए– म साउदीबाट २०७० सालको वैशाखमा घर फर्कें। मेरो, ऐनुल र जमिरुल शेखको घर एउटै गाउँमा छ। घटनाको दिन हामी तीनैजना एउटै मोटरसाइकल चढेर विसनपुरा गयौं। घटनापछि राति १ बजेतिर, जमिरुल र ऐनुल शेख मोटरसाइकलबाटै लहान गए। म चाहिं रात्रि बस चढेर लहानको घर आएँ। खुट्टीखोलामा जमिरुल र ऐनुलसँग भेट गरें। ऐनुलले केही पैसा र एउटा फुटेको मोबाइल दिएर मलाई विराटनगर पठाए। त्यहाँको चाँदनी होटलमा ७ दिन लुकेर बसें। पछि लहान जाँदा पक्राउ परें।

रउफलाई उनकी प्रेमिका बसन्तीले लहानचोकमा बोलाएकी थिइन्। बसन्तीलाई उपचार खर्च भनेर दुई हजार रुपैयाँ दिन रिक्सा चढेर गइरहेको बेला, घटना भएको २३ दिनपछि, रउफ प्रहरीको कब्जामा परे। प्रहरीले रउफको परिवारलाई भने जाली भारुको कारोबार गरेको आरोपमा पक्राउ गरेको बताएको थियो। जाली भारु खोज्ने सिलसिलामा रउफको घरमा छापा मार्दा प्रहरीले सदरुलले प्रयोग गर्ने मोबाइल सेट फेला पारे। यसपछि रउफलाई सदरुल हत्याको आरोपमा पक्राउ गरी राजविराज जेलमा राखियो। रउफकी श्रीमती रुखसाना भन्छिन्– भारतीय जाली नोटको काम गर्ने ऐनुलले मेरो श्रीमान्लाई फसाइदियो। ऐनुलले घटना हुनुभन्दा १०/१२ दिनअघिदेखि नै लगातार घरमा आएर रउफलाई कता कता लैजाने गर्थ्यो।

रुउफकी प्रेमिका बसन्ती भन्छिन्, "विसनपुराको ठूलो मानिसले रउफको साथीको धेरै पैसा ठगेको थियो रे। रउफले त्यसलाई छोड्नुहुँदैन भन्थ्यो। ऐनुल र जमिरुल त सँगै उठबस गर्थे।"

बसन्तीले थपिन्, सदरुल घटनाको भोलिपल्टै मलाई रउफले बोलाएर विराटनगरको चाँदनी लजमा एक हप्ता श्रीमती बनाएर राखेको थियो। उसको चारवटा मोबाइल थियो। नबुझिने भाषामा को-कोसँग कुरा गरिरहन्थ्यो। ठूलो मान्छेको ठूलै दुश्मन हुन्छ, सदरुलको हत्या पनि ठूलै मान्छेले गराएको हो भन्थ्यो। बसन्तीका अनुसार, सदरुलको हत्या भएपछि रउफले चिन्ता प्रकट गर्दै भनेको थियो, "सब बेकार भयो, पैसा फिर्ता आएन।"

## ऐनुलको रेटाइ

ऐनुल शेख, बाबा भनिने जमिरुल शेख र अब्दुल रउफ एकै गाउँका थिए। यी तीनै जना घटनाको दिन एउटै मोटरसाइकल चढेर विसनपुरा गएका थिए। प्रहरीले जेठ २३ गते पक्राउ गरेको अब्दुल रउफका अनुसार, सदरुल मियाँको घाँटी रेट्ने काम ऐनुलले गरेको थियो।

इस्लामिक संघ नेपालका अध्यक्ष नजरुल हुसैनले बताए, सदरुलले ६ महीना अघिदेखि नै आफ्नो ज्यानको खतरा रहेको बताएका थिए। यो हत्या बाहिरकै मानिसको योजनाबाट भएको हो। अपराधी प्रवृत्तिका जमिरुललाई सदरुलको घरमा भित्र्याउने काम तिनै योजनाकारले बनाएका हुन्। जमिरुलले छोरीलाई प्रेमजालमा फसायो। अनि घटनाको दिन जमिरुलले सदरुलकी छोरी रुवेदा खातुनसँग पटक पटक सम्पर्क गरेर बुबा कहाँ हुनुहुन्छ भनेर सोधेको थियो।

जमिरुलकी प्रेमिका रुवेदाले भनिन्, घटनाको दिन राति १० बजेतिर, बुबा पेट्रोल पम्पमा एक्लै सुत्न गएको कुरा मैले बाबालाई बताइदिएकी थिएँ। जमिरुलले दिउँसो, साँझ र रातितिर पनि लगातार सोधखोज गरिरहेको थियो।

सदरुलकी श्रीमती नुरजहाँ भन्छिन्– विसनपुरा मदरसाका मौलाना नुरजमानले जेठी छोरीको झारफुक गराउन जमिरुललाई हाम्रो घर ल्याएका थिए। छोरीको झारफुक गरेकोले जमिरुललाई रु.४० हजार दिएकी थिएँ। उसले हाम्रो परिवारसँग राम्रो सम्बन्ध बढाएको थियो।

जमिरुललाई सदरुलको घरमा भित्र्याइदिने, मौलाना नुरजमानलाई धेरै वर्षअघि सदरुलले बेइज्जती गरेर नराम्रोसँग कुटपीट गरेका थिए। स्थानीय बासिन्दाहरू भन्छन्, आफ्नी श्रीमती र नुरजमानबीचको सम्बन्ध शंकास्पद लागेपछि सदरुलले दुवै जनालाई नराम्रोसँग कुटपीट गरेका थिए। यसपछि नुरजमान सप्तरी जिल्ला छोडेर गए।

सदरुलका छोरा हेमायूँ भन्छन्, “जमिरुललाई झारफुक गर्न मेरो घरमा ल्याउने नुरजमानसँग बुबाको झगडा परेको थियो। आमा र बहिनीले कुरा बुझेनन्। उसको बचाउ गरिरहे।”

## जमिरुलको धावा

लहान नगरपालिका वडा नं ५ मा स्थायी घर भएका पाँच छोराछोरीका बुबा ४० वर्षीय मोहम्मद जमिरुल शेख झारफुक गर्दै हिंड्ने हुनाले स्थानीयहरूले ‘बाबा’ भनेर चिन्दथे। ऊ लहानको मस्जिदको नाममा चन्दा उठाउँदै हिंड्थ्यो। घटना हुनुभन्दा दुई वर्षअघि विसनपुर मस्जिदका मौलाना नूरजमानको साथ लागेर यो बाबा सदरुलको घर पुगेको थियो। बाबा भनिने जमिरुल र ऐनुल दुवै जना जाली भारुको कारोबार पनि गर्दथे। सिरहा प्रहरीको रेकर्डमा पनि जमिरुललाई ‘शंकास्पद क्रियाकलापमा संलग्न’ रहेको भनी जनाइएको थियो। किनभने ऊ तराईका सशस्त्र समूहको सदस्य भएर अपहरण र फिरौती लिने काममा पनि संलग्न थियो।

जनकपुरमा विवाह भएकी सदरुलकी जेठी छोरीको सन्तान नभएकोले उसलाई छोराछोरी हुने बनाइदिने भनेर विसनपुराका मौलवी नूरजमानले जमिरुललाई सदरुलको घरमा भित्र्याइदिएका थिए। जमिरुल स्थानीयस्तरमा मौलवी (इस्लामिक धर्मगुरु) भनेर पनि चिनिन्थ्यो। मस्जिदको लागि उठाएको चन्दाबाट आधा लिन्थ्यो।

बसन्ती भन्छिन्, “रउफलाई विदेशबाट झिकाउने र घटनामा प्रयोग गर्ने काम त्यही बाबाले गरेको थियो।”

स्थानीय बासिन्दा भन्छन्, “हत्या हुनुभन्दा एक साताअघि साँझ ७ बजेतिर दुई जना अपरिचित मानिस सदरुलको विसनपुराको इँटा भट्टामा आएर उनैलाई सदरुल हक कता छन् भनेर सोधेछन्। सदरुल आफैंले उनीहरूलाई ऊ त यहाँ छैन, बाहिर गएको छ भनेर फर्काएका रहेछन्। यसरी खोजी गर्ने मानिस एउटा कालो र अर्को गोरो र अग्लो व्यक्ति थियो। उनीहरूले आफ्नो घर सिरहा बताएकाले शंका लागी सदरुलले प्रहरीलाई खबर

गरेका थिए। तर कोही पक्राउ परेनन्। धेरैले यो मानिसमध्ये एक सिरहा चतरीका ऐनुल हुनसक्ने शंका गरेका थिए। ऐनुल शेख फरार छन्। उनी सुब्रतो विनको जाली नोट कारोबारका सहयोगी थिए।

फरार जमिरुलले आफ्ना परिवारलाई दिएको जानकारी अनुसार, उनीहरू भारतको मधुवनी जिल्लाको ग्रामीण भेगमा बसिरहेका छन्। मधुवनीमै सदरुलका साला असलमको घर पनि छ। नुरजमान भने नेपालकै सुनसरीको दक्षिणी भेगमा बसिरहेका छन्।

## भित्री दुश्मनी

सदरुलको परिवार गरीब थियो। मामा रहिमुद्दिनले उनलाई सानै उमेरमा दिल्ली लगेर लेदर सिलाइको काम सिकाएर सात वर्षभित्रै लेदर मास्टर बनाइदिएका थिए। त्यसपछि सदरुलले कानपुर र मुम्बईमा काम गरे। मजदूरी गर्न कोरिया पनि गए। कोरियामा २-३ वर्ष बसेर फर्केपछि कल्याणपुर गाविस–३ मा हेमायू काष्ठ मील खोले। रहिमुद्दिनको आर्थिक साझेदारीमा कल्याणपुर गाविस–२ मा स्टील ईंटा उद्योग पनि खोले। तर यस ईंटा भट्टामा मामा भाञ्जाबीच किचलो हुँदा सदरुलले भट्टा नै एकलौटी बनाए।

यसपछि सदरुलले साला असलमलाई मिलाएर बिहार कुशमाही भन्ने गाउँमा पनि ईंटा भट्टा खोले। त्यहाँ पनि आर्थिक झमेला भएपछि सालालाई हटाइदिए। आफूलाई उद्धार गरिदिने मामा रहिमुद्दिन र साला असलमसँग कटाक्ष परेपछि उनले सुनसरीमा पनि ईंटा भट्टा खोले। तर यसमा घाटा लाग्यो। भट्टा नै बन्द भयो। यसपछि कृषि विकास बैंक कल्याणपुर र सनराइज बैंक राजविराजबाट ऋण लिएर पेट्रोलपम्प खोलेर चलाइरहेका थिए, त्यही पेट्रोल पम्पको घरमा उनी मारिए।

मामा रहिमुद्दिन र साला असलमले हिसाब माग्दा सदरुलले क्रूर व्यवहार गरेका थिए। यसै घटनाले सदरुल र उनकी श्रीमती नूरजहाँबीच पनि वैमनस्य बढेको थियो। नूरजमानसँगको मामिलामा नूरजहाँको बेइज्जती गरेपछि र भाइको पैसा पचाएपछि श्रीमती पनि विद्रोह गरिरहेकी थिइन्। यसैबीच सदरुलका साला असलम अवैध हतियारसहित भारतमा पक्राउ परी जेल परे। उनी भारतीय जेलमा छँदै सदरुल माथि विभिन्न आपत् आइपरे।

आजाद काष्ठ उद्योगका मालिक विसनपुराका मोहम्मद इसराइल भन्छन्, "हत्या हुनुभन्दा चार महीनाअघि, घरकै खाना खाँदा सदरुललाई उल्टी भयो। लहानको अस्पतालमा उपचार हुन नसकेपछि विराटनगरको नोबेल अस्पताल लगियो। त्यहाँका डाक्टरले 'फूड प्वाइजनिङ केस' हो भने। बेहोश भएकाले भेन्टिलेटरमा राखेर उपचार गरिँदै थियो। यसैबेला तत्कालीन प्रधानमन्त्री डा. बाबुराम भट्टराई सदरुललाई हेर्न विराटनगर आए। त्यसै दिन राति काठमाडौं लैजान खोजे, तर मौसम खराब हुनाले प्लेन आएन। भोलिपल्ट बिहान नेपाली सेनाको हवाईजहाज मगाएर काठमाडौं लगियो। सदरुललाई हेर्न गृहमन्त्री विजयकुमार गच्छदार, परराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठ र प्रधानमन्त्री डा. बाबुराम भट्टराई पनि आए। नर्भिकमा तीन दिन भेन्टिलेटरमा राखेर डा. रावल र जेपी जयसवालले उपचार गरेपछि उनी स्वस्थ भए।

सप्तरीका अधिवक्ता अवधेशकुमार सिंहकी श्रीमती र सदरुललाई नर्भिक अस्पतालको एउटै कोठामा राखिएको थियो। श्रीमतीको हेरचाह गर्न बसेका सिंहले जिल्लावासी भएकाले सदरुलसँग कुराकानी गरिरहन्थे। अवधेश भन्छन्- एक दिन म हुँदा नै सदरुलको मोबाइलमा फोन आयो। उनी तनावमा थिए। फोन गर्नेलाई आक्रोशित हुँदै उनले भनेका थिए, 'तुम क्या देखोगे, हम् भी काट् देङ्गे तुमको, आओ एकवार देखें, कौन क्या करता है !'

अवधेशको अनुमानमा त्यसबेला सदरुललाई कतैबाट मार्ने धम्की आएको थियो। त्यसैले उनले म पनि कम छैन भनेर धम्की दिनेलाई तर्साइरहेका थिए। अवधेश सम्झन्छन्– यही फोन संवादपछि सदरुल मानसिक रूपमा अस्वस्थ र चिन्तित हुन थाले।

कल्याणपुरका ३५ वर्षीय अयूफ राइन भन्छन्– मारिनुभन्दा ६ महीनाअघिदेखि नै सदरुलले 'म मारिन्छु होला' भनिरहेका थिए। उनी राजनीति गर्ने मान्छे। त्यसबेला नेपालमा मुसलमानहरूको लगातार हत्या भइरहेको थियो। केहीअघि मात्र सुनसरीका फैजान अहमद काठमाडौंको घण्टाघर नजिक दिउँसै मारिएका थिए। उनी मुस्लिमहरूको संस्था इस्लामिक संघ नेपालका केन्द्रीय सचिव थिए।

संविधानसभा विघटन हुनुभन्दा तीन महीनाअघि सदरुल मुश्लिम इत्तेहाद संघर्ष समितिको संयोजक बनेका थिए। यो संस्था मुसलमानको पहिचानको लागि संघर्षरत थियो। अयूफ राइन भन्छन्– यो हत्या राजनीतिक पनि हुन सक्छ।

## खोरमा श्रीमती र छोरी

बुबाको हत्यारालाई सघाएको आरोपमा थुनामा रहेकी सदरुलकी छोरी रुवेदाले भनिन्, बाबा भनिने जमिरुलले मलाई ठग्यो। मैले त दिलैदेखि प्रेम गरेकी थिएँ। पापाको हत्या भएको राति उसलाई मैले घरबाट लुकाएर लगेको खाना खुवाएकी थिएँ। यसैगरी हत्यामा सहयोगी रहेको आरोपमा राजविराज जेलमा रहेकी सदरुलकी श्रीमती ५० वर्षीया नुरजहाँ भन्छिन्– मलाई केही मालुम छैन।

तर नुरजहाँ खातुनको पक्षबाट मुद्दा हेरिरहेका अधिवक्ता नविन सिंह भन्छन्, "प्रहरीले घटनाको जरिया छोरीको प्रेमलाई मानेको छ। प्रेममा तत्काल आक्रोशमा घटना हुन सक्छ, तर योजनाबद्ध ढंगले पटक पटक धाएर मार्न खोजिंदैन।"

छोरा हेमायूँको जाहेरीमा पनि घटनाको दिन राति ९:२० मा बुबा घरबाट पेट्रोल पम्पमा सुत्नका लागि गएको भन्ने उल्लेख छ। तर, हत्याको आरोप लागेका मानिसहरूको मोबाइलको कल डिटेल्स हेर्दा उनीहरू लहानबाट ७:१५ बजे नै हिंडेको र ७:३० बजेतिर विसनपुरा चोकमा उनीहरूको मुभमेन्ट देखिन्छ। अधिवक्ता सिंह भन्छन्, "घरका मानिसले भन्दा धेरैअघिदेखि रेकी गर्न आउनेले नै पुरानो रीसईवी फेरेको देखिन्छ।"

## सदरुलको व्यवहार

सप्तरी क्षेत्र नं ५, रायपुर गाविस, रूपनीका ७० वर्षीय ध्रुवलाल यादव, सदरुललाई सानैदेखि चिन्दथे। उनका अनुसार, सदरुल लडाकू स्वभावको थियो। पन्चेतीमा कुटपीट गर्थ्यो।

उसको एक धुर जग्गा पनि थिएन। भगवानले उसमाथि पैसा बर्साइदियो। चुनावमा ५० लाखभन्दा बढी खर्च गऱ्यो होला। एकाएक त्यत्रो पैसा कहाँबाट आयो, कसैलाई थाहा छैन। उसको अनुयायी कोही थिएन, तर पनि चुनाव जित्यो।

सप्तरी जस्तो सचेत जिल्लामा पहिलो क्रमटमै स्वतन्त्र उम्मेदवारको रूपमा चुनाव जितेर आएपछि यिनको राजनीतिक र आर्थिक आधारबारे निकै चर्चा चलेको थियो। मधेशको राजनीतिमा पनि उति परिचित थिएनन्। पैसाको बलमा चुनाव जितेको कुरा चाहिं व्यापक चर्चामा थियो। संविधानसभामा पनि यिनको खासै भूमिका थिएन। त्यसैले भनिन्थ्यो– सदरुलले संविधानसभाको 'उपयोग' गरिरहेका छन्।

घटना हुनुभन्दा एकसाताअघि नै आफ्नो हत्या हुने शंका लागेपछि, सदरुलले मकालु सेक्युरिटी एजेन्सी इटहरीबाट दुई जना सुरक्षा गार्ड मगाएका थिए। सेक्युरिटी एजेन्सीले घटनाको दिन साँझ ५ बजे आएर सदरुललाई भेटे। तर सदरुलले उनीहरूलाई भोलिदेखि पेट्रोल पम्पमा बस्ने व्यवस्था मिलाउँछु आज ईंटा भट्टामै बस्नु भनेर उतै राखिदिए। सदरुलले सुरक्षाको प्रबन्ध गरिसकेको थाहा पाएपछि हत्याराहरूले त्यसै दिन आक्रमण गरेर उनको हत्या गरिदिए।

## प्रहरीको कमजोरी

हत्यामा संलग्न रउफ ज्यादै बलियो मानिस थियो। ऐनुल शेख चोरी डकैती गर्ने चतुर र क्रूर मानिस थियो। ऐनुलले त जाली नोटको कारोबार र तस्करी समेत गर्थ्यो। जमिरुल नक्कली मौलवी हो, सशस्त्र समूहमा हिंड्थ्यो। स्थानीय अयुफ राइन भन्छन्– हत्या हुनुभन्दा १०-१२ दिनअघि जमिरुलले विसुनपुराका मानिसहरूसँग सम्पर्क बढाइरहेको थियो। ऐनुल र जमिरुल पक्राउ नपरेसम्म सदरुल हत्याकाण्डको रहस्य खुल्न सक्दैन। प्रहरीले चाहेमा उनीहरूलाई पक्राउ गर्न सक्छ।

(२०७० **साउन १२ गतेको *नयाँ पत्रिका* दैनिकमा प्रकाशित**)

# दुई देशका नागरिक : दुवैतिरका मतदाता !

एकसाथ दुई देशको नागरिक र दुवै देशको मतदाता हुन पाउनु भाग्यको कुरा हो। नानपारा (भारत) घर भएका भूरे जोलाहा र राजु हलवाई यस्तै 'भाग्यमानी' मध्ये पर्दछन्। नेपालगन्जसँग जोडिएको जैसपुर गाविसमा उनीहरूको आफ्नो घर छैन, तर यसले केही फरक पार्दैन। नेपाल सरकारले उनीहरूलाई त्यहींको बासिन्दा भनेर नागरिकता प्रदान गरेको छ अनि निर्वाचन आयोगले आफ्ना तर्फबाट नक्कली घरधुरी नम्बर समेत राखेर फोटोसहितको मतदाता परिचयपत्र उपलब्ध गराएको छ । केही महीनाअघि उत्तरप्रदेश राज्यको चुनावमा मतदान गरेका उनीहरू आउँदो निर्वाचनमा नेपालमा पनि मतदान गर्न तयार छन्।

जैसपुर गाविसबाट सरकारले २०६३ सालमा ५२४ जनालाई जन्मसिद्ध नागरिकता प्रदान गरेको थियो, जसमध्ये २६१ जनाको त्यस गाविसमा अस्तित्व छैन । त्यसैले, २०६८ माघमा 'फोटोसहितको मतदाता परिचयपत्र' वितरण गर्न त्यहाँ पुगेको निर्वाचन आयोगको टोलीलाई गाउँलेहरूले 'गाउँमा कहिल्यै नदेखिएका मानिसलाई परिचयपत्र नदिन' दबाब दिएका थिए । फलस्वरूप टोलीले शुरूमा त्यस्ता मान्छेको मतदाता परिचयपत्र बनाइदिएन । यसपछि नेपालगञ्जमै हलचल उत्पन्न हुने गरी राजनीतिक दबाब र खिचातानी चल्न थाल्यो। स्थानीय नेताहरूले मतदाता आयोगको टोलीलाई फोनबाट रात-विरात धम्क्याउन थाले। धम्कीको सिलसिला नेपालगञ्जमा मात्र सीमित रहेन, निर्वाचन आयोगका आयुक्तहरू कहाँसम्म आइपुग्यो।


निर्वाचन आयोग, केन्द्रीय कार्यालय स्रोतका अनुसार बाँके जिल्लाका मधेशी राजनीतिक दलका प्रभावशाली नेताहरूले 'आयोगको काम नागरिकता भएकालाई मतदाता परिचयपत्र उपलब्ध गराउनु हो, अनावश्यक छानबीन गर्नु होइन' भनेर बारम्बार दबाब दिन थाले।





नाम : भूरे जोलाहा (५० वर्ष)
ठेगाना : घर नम्बर ७७३, पुरानो बजार, नानपारा
मतदाता परिचयपत्र नम्बर : १११ (सन् २०१२)
जिल्ला : बहराइच, उत्तरप्रदेश, भारत ।
नेपाली नागरिकता नं. : ६६३०३१/८४ (वि.सं. २०६३ मा जारी)
नागरिकताको ठेगाना : जैसपुर-१, बाँके, नेपाल
व्यवसाय : तरकारी बिक्रेता, धम्बोजी चोक, नेपालगन्ज ।

नाम : राजु हलवाई (३० वर्ष)
ठेगाना : घर नं. ७८१, कबरिया टोल, नानपारा
मतदाता परिचयपत्र नं. : १७५ (सन् २०१२)
जिल्ला : बहराइच, उत्तरप्रदेश, भारत ।
नेपाली नागरिकता नं. : ६६०३३१/३९२ (वि.सं. २०६३ मा जारी)
नागरिकताको ठेगाना : जैसपुर-८, बाँके, नेपाल
व्यवसाय : मिठाई पसल, भन्सार एरिया, नेपालगन्ज ।




जिप्रका बाँकेमा नक्कली नागरिकता विरुद्ध प्रमाण सहित परेको उजुरी ।

यसपछि दुवै पक्षबीच वार्ता भएर मतदाता परिचयपत्र दिने सम्झौता भयो। आयोगको टोलीले छुट्टै समय तोकेर विवादमा परेका मानिसलाई मतदाता परिचयपत्र लिन आउन सूचना जारी गर्‍यो। यसपछि २६१ मध्ये १३४ जनाले मतदाता परिचयपत्र लिए, १२७ जना भने सम्पर्कमै आएनन्। उनीहरूलाई नागरिकता २०६३ साल फागुन १० देखि १३ गतेभित्र वितरण भएको थियो। भूरे जोलाहा र राजु हलवाई तिनै १३४ जनामध्येका हुन्।

## राहदानी लिएर विदेशतिर

५० वर्षीय भूरेले आफूसँगै तीन छोरा, नूर मोहम्मद (ना.नं. ६६३०३१/८३), अमिर मोहम्मद (ना.नं. ६६३०३१/८४), र सफी मोहम्मद (ना.नं. ६६३०३१/८२) को पनि नागरिकता बनाएका छन्। २०६९ भदौ १२ गते धम्बोजी चोकमा तरकारी बेचिरहेको अवस्थामा यो संवाददातासँग कुरा गर्दै उनले भने, "घर नानपारा भए पनि अब हामीहरू यहींका नागरिक भइसकेका छौं र यतै बढी बस्न थालेका छौं। कारोबार यतै छ। श्रीमती सहरुन्निसाको पनि जैसपुरबाटै नागरिकता बनाइसकेको छु।"

जैसपुर गाविसबाट उक्त दिनहरूमा सहरुन्निसा जोलाहा नामका दुईवटा नागरिकता जारी भएको छ। एउटी सहरुन्निसाको उमेर ३० वर्ष रहेको छ जसकी आमाको नाम पलवा र बाबुको नाम मेहँदी हसन लेखाइएको छ। अर्की सहरुन्निसाको उमेर ३४ वर्ष देखिन्छ जसको आमाको नाम फातमा र बाबुको नाम अहमद अली लेखाइएको छ। यीमध्ये कोही पनि जैसपुरका बासिन्दा होइनन्। थप रमाइलो कुरा के भने भूरेको जेठो छोरा नूर मोहम्मदकै उमेर ३० वर्ष छ।

नेपाली नागरिकता दिलाएपछि भूरेले त्यसैको आधारमा आफ्ना दुई छोरा नूर मोहम्मद र अमिर मोहम्मदलाई डेढ वर्षअघि राहदानी दिलाएर काम गर्न मलेशिया पठाइसकेका छन्। त्यसको कथा सुनाउँदै भूरेले भने, "राहदानी बनाउँदा चाहिं धेरै लफडा भयो।" भएछ के भने, छोराहरूलाई लिएर राहदानी बनाइदिन सिडिओ कार्यालय पुगेका बेला कर्मचारीले केरकार गर्दा भूरेको मुखबाट आफ्नो घर नानपारा हो भन्ने सत्य खुस्केछ। त्यसपछि सिडिओ कार्यालयले नूर मोहम्मदलाई तत्कालै पक्राउ गरी हिरासतमा राखेछ। भूरे भन्छन्, "जसोतसो गरेर केस सल्ट्याएर दुई दिनपछि छोरालाई बाहिर निकालें।" पहिला कागजी प्रक्रिया मिलेको छैन भनेर झमेला गरिरहेका कर्मचारीसँग १० हजार रुपैयाँमा सेटिङ मिलाएपछि छोरो मात्र होइन राहदानी पनि सजिलै निस्केको सुनाउँदै उनी हाँस्छन्, "घर नानपारा भन्ने थाहा पाइसकेपछि पैसा नलिई के काम गर्थे !"

उता, राजु हलवाईको परिवारका अन्य सदस्य भने आफूहरूले बेलामा बुद्धि नपुर्‍याएकोमा थक्क-थक्क गर्दैछन्। रूपैडिहा वारि नेपालगन्ज भन्सार छेउमा रहेको राजुको कोठामा भदौ १२ गते यो संवाददाता पुग्दा उनी भेटिएनन्। कोठामा भेटिएका उनका दाजु कल्लू हलवाईले भने, "नेपालगन्जमा नागरिकता टोली आएको बेला हामीले वास्ता गरेनौं, ठूलो गल्ती भयो। राजुले मात्र नागरिकता लिएर बुद्धिमानी गर्‍यो। अब ऊ नेपालगन्जमै घडेरी किन्ने बन्दोबस्त मिलाउँदैछ।" पाँच वर्षदेखि भन्सारछेउमै मिठाई पसल चलाएर बसेका

कल्लूले थप जानकारी दिए, “हाम्रो परिवार सबै नानपारामै छ। बेलाबेला हामी पनि घर जान्छौं। हामी यहाँ कमाई गर्छौं, उनीहरू उता खेतीपाती गर्छन्।”

भूरे र राजु जस्तै नानपारा क्षेत्रमा मूल घर भएका, भारतका मतदाताहरू रोजिया जोलाहा, मोहम्मद हनिफ जोलाहा, सहरून शेष, सुवरातन अन्सारी, इब्राहिम जोलाहा, जिब्राइल जोलाहा, सत्तार जोलाहा, चुन्नू जोलाहा, लक्ष्मीनारायण वैश्य आदिले पनि जैसपुरबाटै नेपाली नागरिकता लिएका छन्। यीमध्ये कोही नोकरी गर्छन्, कसैले पसल थापेका छन्, कोही अन्य पेशामा छन्। नागरिकता लिएर नेपालमा जग्गा किन्ने र राहदानी बनाएर काम गर्न विदेश जाने उनीहरूको प्रमुख आकर्षण रहेको छ।

## नक्कली ‘जन्मसिद्ध’

२०६३ सालमा गृह मन्त्रालय अन्तर्गत नागरिकता टोलीहरूले देशैभरि २३ लाख ४५ हजार वंशज, एक लाख ७० हजार जन्मसिद्ध, एक लाख वैवाहिक र पाँच सय अंगीकृत समेत गरी २६ लाख १५ हजार ६१५ नागरिकता वितरण गरेका थिए। तीमध्ये १२ लाख तराईमा र बाँकी पहाडी तथा हिमाली भेगमा बाँडिएका थिए। त्यसै क्रममा बाँके जिल्लामा ३२ हजार वंशज, आठ हजार ४०० जन्मसिद्ध र दुई हजार ७०० वैवाहिक गरी ४३ हजार २२५ नागरिकता वितरण गरिएको थियो। तीमध्ये दोहोरो र फर्जी नागरिकतामा हालसम्म देखिएको सबै समस्या जन्मसिद्ध नागरिकतामा रहेको केन्द्रीय निर्वाचन आयोग स्रोतले बताएको छ।

निर्वाचन आयुक्त डा. अयोधीप्रसाद यादवका अनुसार फर्जी नागरिकताको समस्या भारतसँग जोडिएका मधेशका जिल्लाहरूमा सबैभन्दा बढी देखिएको छ। यसै कारण मतदाता परिचयपत्र बाँड्ने आयोगको कार्यक्रम मधेशका जिल्लाहरूमा निकै दिन ठप्प हुन पुगेको थियो।

नेपालगञ्जमा मतदाता परिचयपत्र वितरणको काम रोकिंदा स्थानीय र केन्द्रीयस्तरका मधेशी नेताहरूले पनि केन्द्रका निर्वाचन आयुक्तसहित जिल्लातहका अधिकारीहरूलाई बारम्बार धम्की र दबाब दिएका थिए। आयोग स्रोतका अनुसार, यसरी दबाब दिनेहरूमध्ये उपेन्द्र यादव नेतृत्वको मधेशी जनअधिकार फोरमका केन्द्रीय नेता तथा पूर्व श्रम तथा यातायात मन्त्री इस्तियाक राई अग्रणी थिए। राईले रात-विरात फोन गरेर तत्काल सबैलाई परिचयपत्र बाँड्नू भन्दै, अन्यथा निर्वाचन आयोगको नेपालगञ्ज कार्यालय नै बन्द गराइदिने चेतावनी समेत दिएका थिए।

यसै क्रममा तराई मधेश लोकतान्त्रिक पार्टी (तमलोपा) बाँकेका उपाध्यक्ष ललितकुमार रौनियारले पत्रकार सम्मेलन गरेर निर्वाचन आयोगलाई धम्काएका थिए। प्रकाशित प्रेस विज्ञप्तिमा रौनियारले आफूहरूले भनेको नमानेमा निर्वाचन आयोगलाई बाँकेमा कुनै पनि हालतमा परिचयपत्र बाँड्न नदिने चेतावनी दिएका थिए।

यस्तै दबाब र धम्कीमूलक राजनीतिका कारण बाँके र कपिलवस्तुमा १८ महीनासम्म मतदाता परिचयपत्र वितरण गर्ने काम रोकिन पुगेको स्मरण गर्दै, निर्वाचन आयुक्त अयोधीप्रसाद यादवले बताए, “यी जिल्लामा नक्कली नागरिकता अलि बढी नै वितरण

भएकाले यस्तो समस्या आएको हो । तर के गर्ने ? हामीसँग नागरिकता छानबीन गर्ने अधिकार छैन, नागरिकताका आधारमा मतदाता परिचयपत्र दिनुको विकल्प थिएन ।"

बाँके जिल्ला निर्वाचन कार्यालय प्रमुख लोकबहादुर रानाको भनाइ थियो, "नक्कली नागरिकताको छानबीन गृह प्रशासनले गर्नुपर्ने हो । हामीले उसलाई जानकारी पनि दिएका हौं । तर कारबाही नभएपछि मतदाता परिचयपत्र कसरी रोक्न सकिन्थ्यो ?"

## प्रक्रियामै जालसाजी

२०६३ सालमा, नेपाली नागरिकता भएका पाँचजना नागरिक र सर्वदलीय संयन्त्रमा रहेका स्थानीय नेताहरूको सिफारिसका आधारमा गाविस सचिवले नागरिकताका निम्ति अन्तिम सिफारिस गर्ने नियम बनाइएको थियो ।

त्यसबेलाका जैसपुर गाविसका सचिव दीपक पौडेल (आज पनि त्यहीं छन्) भन्छन्, "म बाहिरको मान्छे परें, मैले अनुहारका आधारमा को जैसपुरको बासिन्दा हो, को होइन भनेर चिन्न सक्ने कुरै भएन । त्यसमाथि पाँच जना नागरिकताधारी र सर्वदलीय संयन्त्र समेतको सिफारिस आएपछि त्यसलाई इन्कार गर्न सक्ने अवस्था नै थिएन । माओवादीहरू शान्ति प्रक्रियामा प्रवेश गर्न लागेका बेला गाउँका सरकारी कर्मचारीको सुरक्षा अवस्था एकदमै दयनीय थियो । कर्मचारीले राजनीतिक संयन्त्रको सिफारिसमा प्रश्न उठाउन सक्ने अवस्था पनि थिएन ।" सचिव पौडेल भन्छन्, "नागरिकता सिफारिसमा जालसाजी भइरहेको देखेपछि मैले तत्कालीन प्रमुख जिल्ला अधिकारी नरेन्द्रराज शर्मालाई तत्कालै जानकारी गराएको थिएँ । तर उहाँबाट 'अवस्था अत्यन्तै संवेदनशील भएकोले सिफारिस आएका जतिलाई अघि बढाइदिनू, पछि छानबीन हुँदै गर्ला' भन्ने आदेश पाएँ ।"

त्यसबेला जैसपुर, वडा नम्बर ३ का नइम दर्जी नेपाली कांग्रेसका तर्फबाट सर्वदलीय संयन्त्रमा रहेका थिए । उनी भन्छन्, "हेर्नोस्, हामीले जानाजान गल्ती गरेका छैनौं । लाइसेन्स वा रिक्साको सरकारी कागज लिएर आएका मानिसलाई हामीले रोक्न सक्ने कुरै थिएन । देशका कर्मचारीहरू भ्रष्ट छन्, तिनले पैसा खाएर सरकारी कागज बनाइदिएपछि हामीले मात्र कसरी पन्छाउन सक्छौं ? त्यसमाथि पाँच जना नागरिकले सिफारिस गरिसकेपछि हामीले कसैसँग दुश्मनी किन मोल्ने ?'

तराई मधेश लोकतान्त्रिक पार्टीका महामन्त्री गोविन्द चौधरी पनि त्यसबेला नक्कली मानिसलाई नागरिकता वितरण गरिएको स्वीकार्छन् तर त्यसको दोष जति 'प्रक्रिया' लाई दिन्छन् । भन्छन्, "२०६३ को नागरिकता वितरण प्रक्रिया कति कमजोर थियो भने त्यसले गलत काम गर्नेलाई हौसला दियो ।"

## उजुरीको थुप्रो लागेको छ, कारबाही छैन

झूटो जानकारी दिएर नागरिकता लिएको, दोहोरो नम्बरको नागरिकता लिएको र एउटै नम्बरको नागरिकता पाँच जनाले लिएको प्रमाण समेत पुगेका उजुरीहरूको बाँके जिल्ला प्रशासन कार्यालयमा डङ्गुर लागेको छ ।

त्यो डङ्गुरमा, मतदाता परिचयपत्र वितरण गर्ने बेलामा कै-ऋमेला खडा गर्ने तमलोपा बाँकेका उपाध्यक्ष ललितकुमार रौनियारले दुई ओटा नागरिकता लिएको उजुरी पनि परेको छ । उनले २०४५ सालमा ११८५८ नम्बरको नागरिकता लिएका थिए । यस पटक निर्वाचन आयोगमा मतदाता परिचयपत्र लिनका लागि भने उनले अर्कै नम्बरको नागरिकता (ना.नं ११८५१) पेश गरेका छन् । जसमा उनको जन्ममिति २०२७ साल रहेको छ ।

अर्को उजुरी वीरेन्द्रप्रसाद गुप्ताको नाममा परेको छ । उनले नेपालगञ्ज नगरपालिका वडा नम्बर ३ बाट निकालेको ६६३०१८/५८ नम्बरको नागरिकता उनीसहित पाँच जनाले उपयोग गरिरहेका छन् । उक्त नागरिकतालाई 'फोटोकपी' गरेर आ-आफ्नो फोटो टाँसी वीरेन्द्रप्रसादका आफन्तहरू अशोकचन्द्र गुप्ता, सहजराम गुप्ता, उमेशचन्द्र गुप्ता र सुष्मा गुप्ता समेतले प्रयोग गरिरहेका छन् ।

यीमध्ये अशोकचन्द गुप्ता वसुदेवपुरमा काठ व्यवसाय गर्दछन् । उनले ३२२६५५८ नम्बरको मतदाता परिचयपत्र लिएका छन् । तर यसका लागि उनले अर्कै नम्बरको नागरिकता पेश गरेको निर्वाचन आयोगको रेकर्डले देखाउँछ ।

उजुरीमाथि छानबीन गरेर दोषीलाई कारबाही गर्ने काम जिल्ला प्रशासनको हो । तर बाँकेका प्रजिअ ढुण्डीराज पोखरेलले यस्ता काममा टाउको दुखाएका छैनन् । आफ्नो कार्यालयमा परेका उजुरीबारे अत्तोपत्तो नपाएको छनक दिंदै उनले भने, "२०६३ सालमा हचुवाको भरमा थुप्रै नागरिकता बाँडिएको थियो भन्दा हुन्छ । दोषीलाई हामी कुनै हालतमा छोड्दैनौं तर उजुरी नपरेसम्म मेरो केही लाग्दैन । छानबीन शुरू गर्न उजुरी त पर्नुपर्‍यो नि !"

निर्वाचन आयुक्त अयोधीप्रसाद यादव भन्छन्, "यस्तो काम बाँकेको जैसपुरमा मात्र होइन तराईका सबैजसो जिल्लामा भएको छ । गलत विवरण लेखाएर नेपाली नागरिकताको परिचयपत्र लिएका घटनाहरू छिमेकी देश भारतसँग सीमा जोडिएका मधेशका जिल्लाहरूमा प्रशस्त छन् । यसको छानबीन गरी दोषीहरूलाई कारबाही गर्न कडा अभियान चलाउन नसक्ने हो भने वनसाङ्लाले घरसाङ्लालाई खाइदिए झैं रैथाने मधेशी समुदायको रोजगारी र व्यवसायका अवसरहरू बाहिरबाट आएका नक्कली नागरिकले खाइदिने प्रष्टै छ । देशलाई पर्ने नोक्सान त आफ्नो ठाउँमा छँदैछ ।"

(**२०६९ असोज २० गतेको *नागरिक* दैनिकमा प्रकाशित**)

राकेश चौधरी



# नियन्त्रणकारी ऐनको दुरुपयोग : तराईमा आतङ्क र अपराध निरन्तर

धेरै पहिले डाँकूहरूबाट सुरक्षित हुनका लागि तराईका जमीनदारहरूले घरेलु हतियार राख्दथे। राजा महेन्द्रले 'कु' गरेपछि तराईमा राजनीति गर्नेहरूले अवैध हतियार भित्र्याए। तराईको राजनीतिक माग पूरा गराउन उसबेला रामजी मिश्र समेतले तराई मुक्ति मोर्चाको गठन गरेर अवैध हतियार भित्र्याएका थिए। उनी जून १९६३ मा प्रहरीद्वारा मारिए। यसपछि अवैध हतियार र तराईको राजनीतिबीच गहिरो नाता गाँसियो। तराईमा हतियार प्रयोग गर्नेहरूमा नेताहरूसँगै अपराधीहरू पनि थपिए। खोपकेको अनुसन्धानमा सार्वजनिक शान्ति सुरक्षा कायम राख्न बनाइएको हातहतियार तथा खरखजाना ऐन (२०१९) तराईमा प्रभावकारी हुन नसकेपछि हत्या, अपहरण, लागू औषध कारोबार र अवैध हातहतियार आतङ्कका कारण तराईका १३ जिल्ला पीडित र प्रताडित छन्।

२०७० चैत २८ गते बिहारको सीतामढीमा अवैध हतियार तथा लागूऔषध कारोबार नियन्त्रण गर्ने विषयमा नेपाल–भारत सीमा प्रहरीबीच बैठक बस्यो। त्यस बैठकमा भाग लिएर फर्केका महोत्तरीका एक प्रहरी अधिकृतले भने, "अवैध हतियार कारोबार वा प्रयोग गर्नेले छूट पाए भने समाजमा आतङ्क फैलन्छ भन्ने निष्कर्षमा दुवै देशका प्रहरी पुगेका छन्। दुवै देशका प्रहरी अवैध हतियार र लागू पदार्थको कारोबार रोक्न प्रतिबद्ध हुने निष्कर्ष निकालिएको छ।" सीमाका प्रहरीबीच यस्ता बैठकहरू नियमित रूपमा हुन्छन्। निष्कर्ष उही निस्कन्छ।


तर २०५७ देखि यताका वर्षमा नेपालको सीमा क्षेत्रका कपिलवस्तुदेखि मोरङसम्मका १३ जिल्लामा ज्यान मार्ने, अपहरण गर्ने, लागूऔषध भित्र्याउने र अवैध हातहतियारको कारोबार गर्ने अपराध ६ हजार भन्दा बढी भए।



जलेश्वरमा घाइते भएका फोरम कार्यकर्ता रामप्रगास साह तथा असार २ गते मनरामा घाइते भएका शैलेन्द्रकुमार मण्डल र विकासकुमार सिंह ।




घरेलु हतियार ।



ऐनको प्रतिलिपि ।



घरेलु हतियार ।




प्रेश विज्ञप्ती

श्रीमान् प्रत्रकार बन्धुहरू,

प्रहरी संगको दोहरो भिडन्तमा मेरो भाई मरेको भन्ने भ्रामक खबर पाएपछि म तथा हाम्रो परिवार स्तब्ध भएका छौं । मेरो भाई वर्ष २५ को मो. सेराजुल मंसुरी प्रहरी संगको दोहरो भिडन्तमा मरेको होइन । मेरो भाइलाई गाउँकै केही व्यक्तिहरूले सुराकी गरी बिभिन्न मुद्दामा फसाउँदै आएका थिए । हामीलाई हाम्रो गाउँबाट भगाउने षडयन्त्र स्वरूप बिभिन्न मुद्दामा फसाउँदै मिति २०७०।१०।२३ गते राती प्रहरी र प्रहरीका मेलियाहरूले पक्राउ गरी गोली प्रहार गरी हत्या गरेको छ । कानून बमोजिम बाहेक कसैलाई पनि ज्यान मार्न पाउने छैन भन्ने कानूनी मान्यता बिपरित भएको यो घटनाको न्यायिक छानबिन गरी दोषी देखिएका व्यक्ति तथा संस्थालाई आवश्यक कानूनी कार्यवाहीको माग गर्दछु । साथै मैले प्रहरी कार्यालयको विरूद्धमा ज्यान मुद्दामा जाहेरी पनि दिएको छु ।

अतः सम्पूर्ण मानवअधिकारवादी संघ संस्था, पत्रकार, प्रशासन समेतलाई आग्रह गर्दछु कि यस किसिमको गैर न्यायिक हत्याको छानबीन गरी दोषी प्रहरी र व्यक्तिलाई कानूनी कार्यवाही गरी हाम्रो परिवारका सदस्यहरूको शान्ति सुरक्षा गरी दोषी उपर कानूनी कार्यवाहीका लागि अपील गर्दछौं ।

इसराफिल मंसुरी
मृतकका दाजु
बन्चौरी-१-२



बयान

सुनसरी, रूपन्देही, नवलपरासी र मोरङमा ज्यान मार्ने अपराध बढी छ भने सप्तरी, महोत्तरी, मोरङ र रौतहट अपहरणमा। पर्सा, रूपन्देही, मोरङ र सुनसरी लागूऔषधको व्यापारमा र पूर्वी तराईका पाँच जिल्ला–मोरङ, धनुषा/सर्लाही, सिरहा र सुनसरी अवैध हतियारको कारोबारमा। मोरङ जिल्ला यी चारै किसिमका अपराधले पीडित छ। सप्तरी, महोत्तरी, बारा र रूपन्देहीलाई अपराधकर्मीहरूले सुरक्षित सेल्टरका रूपमा प्रयोग गरेका छन्। पीडितहरू भन्छन्– अवैध हतियारका कारण तराईमा अपराध र आतङ्क बढेको हो। प्रहरी भन्छन्- सुरक्षा गस्ती बढाएका छौं।

## गम्भीर मामिला : नरम व्यवहार

तराईमा अवैध हातहतियारको कारोबार र अपराधको सम्बन्धको अध्ययन गरिरहेका अधिवक्ता बिकरु यादव भन्छन्– हातहतियार तथा खरखजाना ऐन प्रभावकारी नहुँदा तराईमा धेरै समस्या आएको छ। प्रजिअले यो ऐन चलाउँदासम्म तराईमा अपराध नियन्त्रण सम्भव देखिँदैन। किनभने प्रजिअ र स्थानीय नेता अनि नेता र अपराधीबीच नङ–मासुको सम्बन्ध हुन्छ।

२०६१ भदौ २६ गते, महोत्तरीका प्रहरी सहायक निरीक्षक हेमकुमार ढुंगेलको विशेष टोलीले जलेश्वर ५ सारी जाने बाटोबाट महोत्तरी बनौटा गाविस वडा नं ६ का विशेषकुमार यादवलाई कटुवा पेस्तोल एक थान र त्यसको तीन वटा गोली समेत साँझ ६:३० बजे पक्राउ गरे। सरकारी वकीलसमक्ष बयान दिंदा यादवले आफ्नो साथबाट कटुवा पेस्तोल र त्यसको गोली पक्राउ परेको हो, तर पेस्तोल र गोली भुवन महतोले दिएको हो भनी बयान दियो। *(हे. बयान तस्बीरमा)*

यसै बयानको आधारमा प्रहरीले हतियार र गोलीसहित पक्राउ परेको विशेष यादव र निजले पोलेको भुवन महतोलाई हदैसम्मको कारबाहीको माग गरी महोत्तरीका तत्कालीन प्रमुख जिल्ला अधिकारी जयमुकुन्द खनाल (हाल कृषि सचिव) समक्ष पेश गर्‍यो।

विशेष यादवले प्रजिअ खनालसमक्ष प्रहरीले झूटो कागज गराएको हो भनी बयान दियो। यस बयानलाई आधार मानेर २०६२ फागुन २५ गते बसेको प्रजिअ जयमुकुन्द खनालको इजलासले, “विशेष यादवले हातहतियार खरखजाना ऐनको दफा ५ (१) र ३ (२) अनुसार कसूर गरेको ठहर गर्दै ‘रु.१ हजार जरिवाना’ लिएर छाडिदिनू” भनेर फैसला दियो।

प्रजिअ जयमुकुन्द खनालले आधार लिएको ऐनको दफामा, हातहतियार तथा खरखजाना मामिलामा कसूरवार ठहरिएको मानिसलाई ‘रु.१ हजार जरिवाना’ गरेर उन्मुक्ति दिने प्रावधान छैन। ऐनको दफा २० मा गरिएको दण्ड-सजायको व्यवस्था अनुसार, उपरोक्त कसूर गर्नेलाई तीन वर्षदेखि पाँच वर्षसम्मको कैद वा रु.६० हजारदेखि रु.१ लाखसम्मको जरिवाना वा दुवै सजाय हुने व्यवस्था गरिएको छ।

प्रजिअले हजार रुपैयाँ दण्ड तिराएर छोडेपछि, विशेष यादवलाई हदैसम्मको कारबाहीको माग गरी जाहेरी दिने प्रहरीले पनि चित्त बुझायो। अधिवक्ता विकरु भन्छन्– हतियार तथा खरखजाना मामिलामा कसूरवार ठहर्‍याएपछि रु.१ हजार जरिवाना गर्नु भनेको कारबाही

गरेको जस्तो गर्नु मात्र हो। यसरी अवैध हतियार जस्तो गम्भीर मुद्दाहरू पनि फासफुस हुन पुग्छन्।

## प्रहरीको उदासीनता

विशेष यादवलाई हतियार दिएको आरोप लागेको भुवन महतो प्रजिअको इजलासमा उपस्थित नै भएनन्। भुवन महतो जनकपुरको सम्राट लजमा बस्छ भनेर विशेष यादवले दिएको बयान प्रहरी रेकर्डमै उल्लेख भए तापनि प्रहरीले खोजी गरेन। प्रजिअले भुवनलाई भगौडा अपराधी भएको फैसला गरी दुई वर्ष कैद र रु.६ हजार जरिवाना हुने फैसला सुनाए पनि महोत्तरी प्रहरीले खोजी गरेन।

प्रहरीले झूटो मुद्दा लगाएर दुःख दिएको भनेर प्रजिअको फैसला विरुद्ध महतो पुनरावेदन जनकपुर गए। पुनरावेदनले रु.४८ हजार ५०० धरौटी लिएर तारेखमा छोडिदियो। फौजदारी कानूनविद् भन्छन्– प्रजिअले हातहतियार तथा खरखजाना मुद्दामा कसूरवार ठहऱ्याएको व्यक्तिले सजाय भोग्नुपर्ने हो। तर विशेष यादव र भुवन महतो दुवै खुला छन्।

## धेरै उम्कन्छन्

महोत्तरी जिल्ला प्रशासन कार्यालयबाट हातहतियार तथा खरखजानाका मुद्दामा भएका फैसलाहरू धेरै विवादित छन्। वैशाख २०७१ मा सरुवा हुनुभन्दा अघि प्रजिअ रामप्रसाद थपलियाले हातहतियार तथा खरखजाना मामिलाका धेरै आरोपीको मुद्दा फैसला गरे। प्रजिअ थपलियाले दाबी गरे– पहिले अधिकारको दुरुपयोग भयो होला। तर मैले धेरै कडाइ गरेको छु। महोत्तरी प्रजिअले फैसला गरेका ६ वटा मुद्दामा जिल्ला सरकारी वकील गोविन्दराज गौलीले पुनरावेदन गरेका छन्।

१३ पुस २०७० मा महोत्तरी सशस्त्र प्रहरीले धीरापुरका जमालुद्दिन अन्सारी (२८) र हलखोरीका मो. कमर रजा (३५) लाई सानो साइजको एयरगनसहित मटिहानीबाट पक्राउ गरेर जिल्ला प्रहरी कार्यालयमा बुझायो। प्रहरीले जिल्ला सरकारी वकीलमार्फत २५ पुसमा हातहतियार तथा खरखजाना ऐनको दफा २० (२) बमोजिम हदैसम्मको सजायको माग

## ५० रुपैयाँमा छिनोफानो

२०७० साल असार १ गतेको महोत्तरी जिल्ला प्रशासनको फैसलामा साजिद नदाफलाई हातहतियार तथा खरखजाना ऐन (२०१९) को दफा १८ बमोजिम कसूर गरेको प्रमाणित गरेर ५० रुपैयाँ जरिवाना तिराएर सफाइ दिएको छ। हातहतियार तथा खरखजाना ऐनको दण्ड सजायको महल दफा २०(२) ले कम्तीमा तीन वर्ष कैद वा ६० हजार जरिवाना वा दुवै सजायको व्यवस्था गरेको छ। यसभन्दा न्यूनतम जरिवाना वा कैदको व्यवस्था ऐनमा छैन।

दाबी गरेर प्रजिअ रामप्रसाद थपलियाको इजलासमा प्रस्तुत गरे। त्यसको तीन दिनपछि, २८ पुसमा फैसला हुँदा, हतियारसहित पक्राउ परेका मो. कमर रजाले सफाइ पाए।

२९ माघ २०६८ मा महोत्तरी सुन्दरपुर बस्ने जयनारायण महतोलाई एक थान नलकटुवासहित प्रहरीले पक्राउ गरेर हदैसम्मको कारबाहीको माग गर्दै मुद्दा दर्ता गरे। ९ भदौ २०७० मा प्रजिअ रामप्रसाद थपलियाको इजलासले रु.६० हजार जरिवाना गरेर छाडिदिए। ७ चैत २०६८ मा नलकटुवासहित पक्राउ परेका गौशाला-९ बस्ने विहारी महतोलाई पनि ५ माघ २०७० मा बसेको प्रजिअ थपलियाको इजलासले रु.६१ हजार जरिवाना तिराएर छाडिदिए। पेस्तोलसहित पक्राउ परेका शिवकुमार महतो र रामबाबु ठाकुर विरुद्ध प्रहरीले २७ जेठ २०७० मा मुद्दा दर्ता गर्‍यो। प्रजिअ थपलियाको २४ असोज २०७० को इजलासले शिवकुमार महतोलाई सफाइ दिए। बर्दिबासका लालबहादुर भुजेलसहित पाँच जनालाई पेस्तोलसहित जंगलमा पक्राउ गरेर प्रहरीले ६ जेठ २०६७ मा मुद्दा चलायो। प्रजिअ थपलियाको १६ साउन २०७० को इजलासबाट भुजेलबाहेक अन्य चार जनाले सफाइ पाए।

**फैसलाको प्रभाव**

महोत्तरी सीमा चौकीका एक प्रहरी अधिकृतले गुनासो गरे– अवैध हतियार र लागूपदार्थ कारोबारीलाई पक्राउ गरेर कारबाहीको लागि बुझायो, उनीहरू सामान्य जरिवाना तिरेर छुट्छन्। अनि कसरी नियन्त्रण हुन्छ? जिल्ला प्रशासन कार्यालयका एक कर्मचारीले थपे, “हतियारसहित पक्राउ पर्ने बित्तिकै उसलाई सामान्य तारिख वा धरौटीमा छोड्न सिडिओ र प्रहरी प्रमुखलाई राजनीतिक दबाब आउँछ। पैसा तिरेर उम्कन पाएपछि, अपराध गर्नेहरूको साहस बढिहाल्छ नि !”

## प्रजिअबाट समाधान छैन



**विकरु यादव**, अधिवक्ता

प्रजिअले ४०० भन्दा बढी ऐन-कानून प्रयोग गर्छन्। हातहतियार तथा खरखजाना मुद्दा प्रमुख जिल्ला अधिकारीले सुन्ने र फैसला गर्ने व्यवस्था नै समस्याको मूल हो। जिल्लाका नेता र प्रजिअको सम्बन्ध नङ र मासुको जस्तै हुन्छ। यस्ता मुद्दामा नेता, कार्यकर्ता र अपराधकर्मीहरूले प्रत्यक्ष प्रभाव पार्ने हुनाले अपराधीहरू उम्कन्छन्। यस्ता मुद्दाहरूमा प्रजिअको तजबीज चल्ने हुनाले हतियार व्यापारी र अन्य अपराधीलाई नेताहरूले संरक्षण दिन पाएका छन्। प्रजिअको अधिकार क्षेत्रबाट हटाएर न्यायालयको परिधिभित्र नल्याएसम्म यसको समाधान छैन।

जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रहरी नायव उपरीक्षक राजेन्द्रबाबु रेग्मी भन्छन्– यहाँ पटके अपराधी बढ्दैछन्। प्रहरीको काम प्रमाण जुटाएर मुद्दा पठाइदिने हो। प्रजिअको इजलासबाट भएका फैसलालाई चुनौती दिन मिल्दैन। अर्कोतिर जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला समूह) का पूर्व केन्द्रीय सदस्य तुलसीदास भन्ने सखीचन्द्र यादव भन्छन्– प्रहरीले मलाई दुईचोटि फसाउन खोज्यो। तर प्रजिअसमक्ष सिद्ध गर्न सकेन। म रिहा भएँ।

## भयरहित अपराधी

सीमा क्षेत्रका घर, कारागार र राजमार्ग पनि असुरक्षित छन्। कोल्हुवा वगेयाका दिपु भन्ने विमलेन्द्रकुमार शर्माले आफ्नै घरमा बुबालाई गोली हाने। उनी पक्राउ परेपछि, बाबु र छोराबीच अवैध हतियारको मामिलामा कुरा नमिल्दा उक्त घटना भएको रहस्य खुल्यो।

जलेश्वर कारागारमा सजाय काटिरहेकी ललिता सिंह (पत्रकार उमासिंहकी भाउजू)सँग भेट गर्न १३ फागुन २०७० मा बिहार महुआहीका नवीनकुमार सिंह र मरहाकी रीता सिंह आए। जेल प्रशासनले रीता सिंहको हातेब्याग जाँच गर्दा पेस्तोलमा लाग्ने गोली फेला पर्‍यो। तर केही कारबाही भएन।

१६ कात्तिक २०७० मा सर्लाही जिल्लाको सीमा नजिक विशम्भरपुरमा भारतीय सीमा सुरक्षा बलले दुई जना हतियारधारीबाट नौ थान पेस्तोल, दुई थान राइफल र ४६ थान गोली बरामद गर्‍यो। तर उनीहरूलाई पक्राउ गरेन। २० कात्तिक महोत्तरीको सुगा गाउँबाट इटालियन ट्याग लगाइएको पेस्तोल र त्यसको गोलीसहित बिहार श्रीखण्डी भिठ्ठाका मिथिलेशकुमार सिंह र दिवारीका रत्नेशकुमार यादव पक्राउ परे। दुवै जनाले महोत्तरी पिपराका जयगोविन्द मिश्राले हतियार मगाएको हुनाले ल्याइदिएको बयान दिए। मिश्रा धरौटी बुझाएर छुटे।

२८ कात्तिकमा भारतीय नागरिक विजय साह अवैध हतियार र लागूऔषधसहित पक्राउ परे। तर मुद्दा चलेन। संविधानसभाको मतदानको दिन सर्लाहीको धनकौल र बलरा गाउँमा

## प्रजिअमै समाधान छ

**रामप्रसाद थपलिया**, प्रमुख जिल्ला अधिकारी, महोत्तरी

हतियार सम्बन्धी मुद्दामा झूटो आरोप र राजनीतिक प्रतिशोधको सम्भावना रहन्छ। नगरेको अपराधमा सजाय दिन मिल्दैन। अपराधी भए धरौटीमा छाड्दा पटके अपराध बढ्छ। तत्काल शान्ति सुरक्षा कायम गर्ने हतियारसँग सम्बन्धित मुद्दा प्रशासनकै मातहतमा रहनुपर्छ। शक्तिको दुरुपयोग हुन सक्छ। तर म आएदेखि कडाइ गरेको छु।

दिउँसो ११ बजे गोलीकाण्ड हुँदा १२ जना घाइते भए। पीडितहरूले गोली हान्ने मानिसहरू अमरेशकुमार सिंहका कार्यकर्ता हुन् भनेपछि प्रहरीले उजुरी नै लिएन। त्यसै दिन महोत्तरीको पर्सादिवाडमा गोली चलाउनेहरूका विरुद्ध घाइतेहरूले नामै किटेर उजुरी दिए। पीडित युवकले गुनासो गरे–प्रहरीले चुनावी मामिला भनेर अवैध हतियारको मामिला दबाइदियो। ८ मंसीर राति धनुषाको रामानन्द चोकमा हवाई फायर गर्ने ३६ वर्षीय प्रकाश मिश्र एक राउण्ड गोली र दुईनाले बाह्रबोर बन्दूकसहित पक्राउ परेका थिए, तर तत्कालै छुटे।

हातहतियार तथा खरखजाना मुद्दामा सजाय काटेर हाल हतियार व्यापारी बनेका एक युवकले भने– सीमा क्षेत्रमा साना हतियार र लागू पदार्थको व्यापार राम्रो चल्छ। यता कसैको डर छैन। सीमापारि सुरसण्डका व्यापारीहरू भन्छन्– नेपालका नेताहरू साना पेस्तोल रुचाउँछन्। त्यहाँ एउटै पेस्तोल धेरैचोटि बिक्छ।

२ असार २०७० मा मधेशी जनअधिकार फोरम नेपालको जलेश्वरस्थित पार्टी कार्यालय र मनरा गाउँमा एक समूहले आक्रमण गरेर शैलेन्द्रकुमार मण्डल र विकासकुमार सिंहलाई गोली हाने। त्यसको लगत्तै अभयकुमार सिंह र सोनमकुमारी सिंहलाई गोली हाने। यो समूहले चार दिनमा तीन वटा घटना गरे पनि प्रहरीको फन्दामा पर्नु परेन। त्यसपछि यसै समूहले सरपल्लोका विक्रम सहनीलाई अपहरण गरेर हत्या नै गरिदिए।

यी भयरहित अपराधीहरूले धनुषा र महोत्तरीमा अवैध हतियार र लागूऔषध कारोबार गर्ने केन्द्र नै खडा गरे। यी दुई जिल्ला सशस्त्र समूहको सुरक्षित सेल्टरको रूपमा चिनिन्छ।

| **२०५७/५८ देखि २०६९/७० सम्मका मुख्य आपराधिक क्रियाकलाप** | | | | | |
|---|---|---|---|---|---|
| **जिल्ला** | **ज्यान मार्ने** | **अपहरण** | **लागूऔषध** | **हतियार** | **जम्मा** |
| मोरङ | ३०१ | १६ | २७९ | ६३ | ६५९ |
| सुनसरी | ४०४ | १३ | २३६ | ४४ | ६९७ |
| सप्तरी | २२५ | २५ | ४३ | २९ | ३२२ |
| सिरहा | १९४ | १५ | ५५ | ४८ | ३१२ |
| धनुषा | २९६ | ११ | १५६ | ५० | ५१३ |
| महोत्तरी | १९० | १७ | ५१ | ३१ | २८९ |
| सर्लाही | २०० | ५ | ७१ | ५० | ३२६ |
| रौटहट | १२३ | १५ | ४५ | ३७ | २२० |
| बारा | १६८ | ९ | ९६ | २५ | २९८ |
| पर्सा | १२६ | ४ | ७३४ | ३४ | ८९८ |
| नवलपरासी | ३२६ | ३ | ५४ | १४ | ३९७ |
| रूपन्देही | ४०३ | ७ | ५९० | २१ | १०२१ |

| २०५७/५८ देखि २०६९/७० सम्मका मुख्य आपराधिक क्रियाकलाप | | | | | |
|---|---|---|---|---|---|
| **जिल्ला** | **ज्यान मार्ने** | **अपहरण** | **लागूऔषध** | **हतियार** | **जम्मा** |
| कपिलवस्तु | १२८ | २ | ८६ | २४ | २४० |
| **जम्मा** | | | | | ६१९२ |
| | | | | | **स्रोत : नेपाल प्रहरी** |

## इन्काउन्टर कि भिडन्त !

सीमा क्षेत्रका प्रहरीहरू भन्छन्– राजन मुक्ति, दीपक सिंह, मुकेश चौधरी जस्ता सशस्त्र समूहका नेता पक्राउ परे तापनि तिनका धेरै कार्यकर्ताहरू अझै पनि सक्रिय छन् । जिल्लामा अवैध हतियार र लागू पदार्थका व्यापारीहरू बढेकाले तिनीहरूसँग सोझो भिडन्त हुन थालेको छ ।

महोत्तरीको दुर्गमभेग हलखोरीमा १९ माघ २०७० मा र सोनमा गाउँको उखुबारीमा २३ माघमा प्रहरी र अवैध हतियारधारीबीच सोझो भिडन्त हुँदा रामगोपालपुर दोलाठीका जकाउल्लाह नदाफ र बदिया बन्चौरीका सेराजुल मंसुरी मारिए । यी दुवै घटना राति दुई बजे भएको थियो । प्रनाउ राजेन्द्रबाबु रेग्मी भन्छन्– प्रहरीसँगको भिडन्तमा मारिएका दुवै जनाको संलग्नता हतियारको कारोबारमा थियो । रात्रि गस्ती गर्दा भिडन्त हुन गएको हो ।

तर मृतकका आफन्तले तत्कालै जलेश्वरमा पत्रकार सम्मेलन गरेर भने– “मो. सेराजुल मंसुरीलाई गाउँमै हत्या गरिएको हो, भिडन्तमा होइन ।” उनीहरूले प्रहरीमाथि गैरकानूनी हत्या गरेको आरोप लगाउँदै मानवअधिकार आयोग, प्रहरी तथा प्रशासन र अन्य निकायमा उजुरी दिएका छन् । स्थानीय बासिन्दाहरू भन्छन्– दुइटै घटना राति दुई बजे नै हुनु शंकालाग्दो कुरा हो ।

**द्रष्टव्य : (इजलासमा बसेर फैसला गर्ने अधिकारी न्यायाधीश समान हुने हुनाले प्रजिअहरूको थप प्रतिक्रिया लिन नमिल्ने हुनाले यहाँ फैसलालाई नै आधार लिइएको छ ।)**

(**२०७१ भदौ २८ गतेको *नागरिक* दैनिकको पूर्वेली पृष्ठमा प्रकाशित**)

■ हस्त गुरुङ
बाबुराम विश्वकर्मा



# 'पहिचान–मैत्री' लगानी

**एकल जातीय पहिचानको राजनीतिमा घुसेको विदेशी रकमले नेपालको हिमाल 'तताएको' छ, पहाडको 'सिङ' उमारेको छ र तराईमा 'लू' चलाएको छ । जातीय पहिचानको खोजीले राजनीतिक 'छलाङ' ल्याएको छ । एकल पहिचानसहितको जातीय राज्यको बहसले संविधानसभामा 'आँधीबेहरी' र 'ज्वारभाटा' उठाएको छ ।**

समाज कल्याण परिषद् ऐन र नियमावली (२०४९) को व्यवस्था अनुसार, नेपालका संघसंस्थाले विदेशी सहयोग लिन र खर्च गर्न समाज कल्याण परिषद्को अनिवार्य पूर्व स्वीकृति लिनुपर्छ। आकस्मिक सेवा वा उद्धारका लागि समेत यही नियम लागू हुन्छ। तर, परिषद्का सदस्यसचिव रवीन्द्रकुमार भन्छन्, "परिषद्मा आवद्ध ३९ हजार संघसंस्था मध्ये ६०० जतिले मात्र यो नियम पालना गरेका छन्। बाँकी संस्थाहरू नियमको परिधि बाहिर छन्।"

परिषद्को परिधि बाहिर रहेका १८७ आईएनजीओ र ३८ हजार ४०० जति संघसंस्थाले नयाँ नेपालको संविधान बनाउनेदेखि जातीय राजनीतिको मोर्चा खोलेर अर्बौं खर्च गरेका छन्। अपारदर्शी तरीकाले खर्च गरिएको विदेशी रकमका कारण देशमा आर्थिक अनियमितताको बाक्लो जालो फैलिएको छ।

एकल जातीय पहिचानको राजनीतिमा घुसेको विदेशी रकमले नेपालको हिमाल 'ताताएको' छ, पहाडको 'सिङ' उमारेको छ र तराईमा 'लू' चलाएको छ । जातीय पहिचानको खोजीले राजनीतिक 'छलाङ' ल्याएको छ । एकल पहिचानसहितको जातीय राज्यको बहसले संविधानसभामा 'आँधीबेहरी' र 'ज्वारभाटा' उठाएको छ।

यसै मुद्दाको निर्क्योल गर्न नसकेर पहिलो संविधानसभाले संविधान दिन सकेन। फेरि दोस्रो संविधानसभाको पहिलो बैठकमै यस मुद्दाले पुन: प्रवेश पाएको छ।




नेपालका ५९ वटा आदिवासी जनजाति समूह लगातार एकल जातीय पहिचानसहितको संविधानको पक्षमा उभिएका छन्। तर दातृसंस्थाहरूले भने आफूहरूले गरीब उत्थानका लागि सहयोग उपलब्ध गराएको बताउँदै आएका छन्।

नेपाल आदिवासी जनजाति महासंघलाई ठूला दाताहरूले निरन्तर आर्थिक सहयोग गर्दै आएका छन्। अध्यक्ष नगेन्द्र कुमाल भन्छन्, "महासंघको केन्द्रले विगत एक दशकमा ३५ करोड जतिको सहायता पाएको छ। जिल्लास्तरसम्म सहयोग उपलब्ध छ।"

२०६२/६३ को दोस्रो जनआन्दोलनपछि जनजाति सशक्तिकरण परियोजनाका लागि डिफिडले महासंघलाई रु.१९ करोड सहयोग दिएको थियो। महासचिव पेम्बा गुरुङ भोटे भन्छन्, "आदिवासी जनजाति सशक्तिकरण परियोजनाले महासंघको अभियानलाई तल्लो तहका जनतासँग जनजातिका मुद्दाका बारेमा घनीभूत छलफल चलाउन सम्भव बनाइदियो। त्यही छलफलले महासंघलाई 'पहिचानसहितको संघीयताको नेतृत्व गर्न' सहयोग पुगेको हो। परियोजनाको दोस्रो चरणमा थप रु.२ करोड आर्थिक सहयोग पाइएको थियो।"

पहिलो संविधानसभाको चुनावपछि युरोपियन युनियन र केयर नेपालले जनसीप परियोजनाका लागि महासंघलाई रु.४ करोड सहयोग गरेका थिए। एशियन इन्डिजिनियस पिपुल्स प्याक्ट र संयुक्त राष्ट्रसंघीय पर्मानेन्ट फोरम अन इन्डिजिनियस ईस्यू (युएनपीएफआईआई) को सदस्य भएकोले महासंघलाई २०६६ सालदेखि एशियन इन्डिजिनियस पिपुल्स प्याक्ट

(एआईपीपी) ले वार्षिक रु.२ करोड दिँदै आएको छ। एआईपीपीमार्फत महासंघले हालसम्म रु.८ करोडभन्दा बढी आर्थिक सहयोग पाइसकेको छ।

एआईपीपीको सहयोगमा महासंघले जातीय संघ/संस्थामार्फत जलवायु परिवर्तन तथा साझेदारी कार्यक्रम सञ्चालन गरेको थियो। महासचिव पेम्बा गुरुङ भोटेले बताए, "यस परियोजनाको मुख्य लक्ष्य आदिवासी जनजातिले प्रयोग गरेका जल, जमीन र जंगलको संरक्षण र उपयोग गर्ने विधि तथा प्रक्रियाबारे उनीहरूसँग छलफल गर्ने र त्यस्ता सम्पदामा आदिवासी जनजातिको हक स्थापित गराउन कानूनी उपचारको बाटो पहिल्याउने रहेको छ।" उनले थपे, "आदिवासी जनजातिले प्रयोग गरेको जल, जंगल र जमीनमा उनीहरूकै अग्राधिकार हुनुपर्छ भन्ने यो परियोजनाको मान्यता हो।"

## विदेशी पैसाले उब्जाएको कलह र फूट

तर विदेशी सहायता ओइरिन थालेपछि महासंघमा कलह चर्कियो। २०६६ सालमा काठमाडौंमा सम्पन्न सातौं महाधिवेशनले थारू समुदायका युवानेता राजकुमार लेखीलाई महासंघको अध्यक्षमा चुनेपछि शुरू भएको कलहले महासंघलाई नै दुई चिरा पारिदियो। लेखी भन्छन्, "मेरो नेतृत्वमा महासंघमा एकल जातीय राज्यको विपक्षमा प्रस्ताव पेश भएपछि ठूला दाताहरूले आर्थिक सहयोग बन्द गरिदिए। उनीहरू महासंघमार्फत नभएर जातीय संघ/संस्थामार्फत लगानी गर्न लागे।"

लेखीसँग खटपट भएपछि डिफिड र महासंघबीच सम्झौता भइसकेको जनजाति सशक्तिकरण परियोजनाको तेस्रो चरणको लागि छुट्याइएको बजेट रोकियो। लेखीले भने, "मैले डिफिडका शर्तहरू स्वीकार गर्न नसकेकोले स्वीकृत भइसकेको रु.११ करोड रोकियो।"

## रोजाइमा जीएट समूह

लेखी समूहको विरोधमा ८ वटा जातीय संस्थाहरू विकल्पका रूपमा आए। जो अनौपचारिक रूपमा ग्रुप–एट (जीएट) भनेर चिनिए। समाजशास्त्री तथा आदिवासी जनजाति आन्दोलनकर्मी डा. कृष्ण भट्टचनले समर्थन गरिदिएपछि यो समूह दाताको रोजाइमा पर्न गयो।

२०७० सालमा चितवनमा आयोजित महासंघको आठौं महाधिवेशनमा लेखी पक्षले उठाएको नगेन्द्रकुमार कुमाललाई चुनौती दिँदै जीएट समूहले चन्द्रविक्रम राईलाई अध्यक्षको प्रत्यासी बनायो। सीमान्तीकृत समुदायका प्रतिनिधि नगेन्द्र कुमालले चुनाव जिते। कुमालले भने, "म अध्यक्ष भएपछि कुनै पनि दाताले महासंघलाई सहयोग गरेनन्।"

तर जीएट समूहका शेर्पा, तामाङ, मगर, गुरुङ, राई, लिम्बू, थारू र नेवार (शेतामगुरालिथाने) ले भने 'आर्थिक सहयोग' पाइरहेका छन्। यस समूहले एकल जातीय राज्यको प्रखर वकालत गर्दै आएको छ।

संघीय समाजवादी पार्टी र जीएट समूहबीच एकल जातीय पहिचानवादको मुद्दामा कार्यगत एकता देखिन्छ। संघीय समाजवादी पार्टीको वेबसाइटमा लिम्बुवान, खम्बुवान,

नेवा, तमुवान, मगराँत आदि जातीय राज्यका खाका राखिएका छन् । पार्टीका अध्यक्ष अशोक राईले नवगठित संविधानसभाको पहिलो बैठकमा बोल्दै भने, "पहिचान एकल हुन्छ, बहुपहिचान हुँदैन। एकल जातीय पहिचानसहितको राज्यको मागलाई तुहाउने कार्य गरिएमा नेपालमा द्वन्द्व समाप्त हुने छैन, रुन् बढेर जानेछ।"

पहिले महासंघले चलाउँदै आएको आदिवासी जनजाति 'सबलीकरण' कार्यक्रम अहिले जीएट समूहको पोल्टामा परेको छ । यस समूहले आ-आफ्नो जातिको प्रभाव भएका जिल्लामा जातीय पहिचानवादी विशेष संवाद सञ्चालन गरिरहेका छन् ।

यस समूहको किरात राई यायोक्खाले स्वायत्त किराँत राज्यको माग गर्दै आएको छ। महासचिव दिवस राईका अनुसार, संस्थाले क्यानेडियन कूपरेशन अफिस (सीसीओ) मार्फत करीब रु.५० लाख बजेट पाएको थियो। त्यसबाट किराँत–राई बहुल १४ जिल्लामा नयाँ संविधानमा किराँत राईको अधिकार सुनिश्चित गराउने र किराँत स्वायत्त प्रदेश स्थापित गराउने विषयमा समुदायसँग संवाद चलाएको थियो । यस अभियानलाई युएनडीपीले डेमोक्रेटिक डाइलग कार्यक्रम अन्तर्गत रु.१५ लाख सहयोग दिएको थियो । महासचिव राई भन्छन्, "दाताहरूको सहयोगमा राई किराँतीहरूको पहिचानको मुद्दा स्थापित गर्न टेवा पुगेको छ।"

जीएटको अर्को घटक किराँत याक्थुम चुम्लुङले लिम्बुवान स्वायत प्रदेशको वकालत गर्दै आएको छ । युएनडीपीको डेमोक्रेटिक डाइलग कार्यक्रम अन्तर्गत प्राप्त भएको रु.५० लाख सहयोगमार्फत लिम्बू बहुल मेची र कोशीका ८ जिल्लामा राई तथा लिम्बू पहिचानवादबारे छलफल गरेर लिम्बुवान स्वायत्त प्रदेशको माग अघि बढाएको थियो।

चुम्लुङले जनवकालत कार्यक्रम र अनौपचारिक शिक्षा कार्यक्रमका लागि एमएस नेपालबाट रु.२ करोड र क्यानेडियन कूपरेशन अफिसबाट करीब रु.६ लाख सहयोग पाएको छ। चुम्लुङ अध्यक्ष उत्तमसिंह थाङ्देन भन्छन्, "लिम्बुवान स्वायत्त राज्य स्थापना गराउने जनजागरण कार्यक्रम सञ्चालन गर्न थप स्रोत जुटाइरहेका छौं।"

चुम्लुङको छैटौं महाधिवेशनले पारित गरेको लिम्बुवान स्वायत्त राज्यको प्रस्तावलाई २७ पुस २०७० को अठारौं राष्ट्रिय परिषद्को बैठकले सशक्त रूपमा अघि बढाउने निधो गरिसकेको छ।

## रु.१६ अर्बको डायलग

राई किराती र लिम्बू संघ/संस्थालाई जसरी नै जीएटको ठूलो घटक नेपाल तामाङ घेदुङले डेमोक्रेटिक डायलग कार्यक्रम अन्तर्गत २०६५ सालमा रु.१ करोड ८० लाख सहयोग पाएको थियो। यसले ताम्सालिङ स्वायत्त प्रदेश भनी प्रस्ताव गरिएका १० जिल्ला काभ्रे, धादिङ, रसुवा, नुवाकोट, रामेछाप, सिन्धुली, सिन्धुपाल्चोक, चितवन, मकवानपुर र दोलखामा नयाँ संविधानमा ताम्सालिङ राज्य सुनिश्चित गर्नका लागि जातीय समुदायबीच सघन छलफल चलाएको थियो। युएनडीपीको एशिया क्षेत्रीय कार्यालयले घेदुङलाई २०६४ सालमा आदिवासी जनजातिको तथ्यांक विश्लेषणका निम्ति करीब रु.२० लाख सहयोग दिएको थियो।

तामाङ, गुरुङ र चेपाङ संस्कृतिको जर्गेना गर्न २०६७ सालमा युरोपियन युनियनबाट रु.५ करोड सहयोग पाएको कुरा नेपाल तामाङ घेदुङका लागि डेमोक्रेटिक डायलग कार्यक्रमका परियोजना संयोजक तेजेन्द्र लामाले बताए। लामाले भने, "महासंघमा आबद्ध जातीय संस्थामा युएनडीपीले करीब रु.८ करोड खर्च गरेको छ भने युएनडीपीले डेमोक्रेटिक डायलगका लागि रु.१६ अर्ब जति खर्च गरेको छ।"

नेपाल मानव विकास प्रतिवेदनमा उच्च स्थानमा रहेको नेवार समुदायको संस्था नेवा: देय: दबुले सबलीकरण र डेमोक्रेटिक डायलग कार्यक्रम अन्तर्गत रु.४० लाख सहयोग पाएको थियो। दबुका अध्यक्ष नरेश ताम्राकारले भने, "युएनडीपीमार्फत डेमोक्रेटिक डायलग कार्यक्रमका लागि पाएको बजेटबाट नेवार बहुल भक्तपुर, ललितपुर र काठमाडौमा छलफल आयोजना गरेर नेवार स्वायत प्रदेश तथा नयाँ संविधानमा नेवार समुदायको अधिकारबारे चर्चा गरियो।"

दोस्रो जनआन्दोलनपछि देशका २० जिल्लामा चुनाव प्रणाली सम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गर्न क्यानेडियन कूपरेशन अफिसले यस संस्थालाई रु.१ करोड सहयोग गरेको थियो। त्यसअघि स्वीस र जीटीजेडको सहयोग पाएको पनि अध्यक्ष ताम्राकारले जानकारी दिए।

थारू कल्याण कारिणी सभा, नेपाल मगर संघ र तमु ह्यूल छौंज धीले पनि युएनडीपीको डेमोक्रेटिक डायलग कार्यक्रम अन्तर्गत सहयोग पाएका थिए।

तमुवान राज्यको माग गर्दै आएको तमु ह्यूल छौंज धीको २२ माघ २०६८ मा झापामा सम्पन्न दोस्रो महाधिवेशनले 'नयाँ संविधानमा आत्मनिर्णयको अधिकारसहितको जातीय स्वशासनको ग्यारेन्टी गर्दै तमुवान राज्य सुनिश्चित गरिनुपर्ने प्रस्ताव पारित गरेको छ। महासचिव रमेश तमुले महाधिवेशनमा पेश गरेको प्रतिवेदनमा भनिएको छ, "गुरुङ जातिको हकअधिकारसहित पहिचानसहितको संघीयता र संघीयतासहितको संविधान निर्माण गर्नको लागि हरेक क्षेत्रबाट जोडदार पहल र संघर्ष गरिनेछ।"

## नयाँ नयाँ जातीय महासंघ

दाताको सहयोग बढ्न थालेपछि नयाँ नयाँ जातीय महासंघहरू खुल्न थाले। २०६१ सालमा आदिवासी जनजाति गैरसरकारी संस्था महासंघ (आजगैसंम) स्थापना भयो। आदिवासी जनजाति एनएजीओहरूको महासंघ भनिएको यस संस्थामा सूचीकृत ५९ जनजाति र सूचीकृत नभएका अन्य जनजातिले चलाएका गैरसरकारी संस्था गरी कुल १८५ वटा संस्था आबद्ध रहेको देखाइएको छ।

आजगैसंमले एशिया इन्डिजिनियस पिपुल्स प्याक्टको रु.६५ हजार आर्थिक सहयोगमा जनजातिको मानवअधिकार अवस्था सम्बन्धी प्रतिवेदन तयार गरेर आफ्नो काम शुरू गरेको थियो। स्थापनाको छोटो अवधिमै यसले दाताहरूको राम्रै सहयोग पाउन थाल्यो। पहिलो संविधानसभाअघि नै युएनडीपीले यस महासंघलाई डेमोक्रेटिक डायलगका लागि रु.६५ लाख सहयोग दियो।

आजगैसंमलाई राम्रो बजेट दिने दाता चाहिं डानिडा ह्युगो (डेनिस दूतावास अन्तर्गतको मानवअधिकार तथा सुशासन कार्यक्रम) हुन पुगेको छ। जनजाति सशक्तिकरण, समावेशीकरण तथा रणनीतिक साझेदार परियोजनामा डानिडा ह्युगोले आजगैसंमलाई हालसम्म रु.४ करोड ६४ लाख ७५ हजार आर्थिक सहयोग उपलब्ध गराइसकेको छ। अध्यक्ष कृष्णकुमारी वाइबा भन्छिन्, "ह्युगोको परियोजनाले आदिवासी जनजातिलाई सरकारी स्रोतमा पहुँच बनाउन र कानूनी सशक्तिकरण कार्यक्रम सञ्चालन गर्न राम्रो सहयोग गरेको छ।"

ईएसपीको आरडीआईएफले सामाजिक समावेशीकरण, लोकतन्त्र र संस्थागत विकास कार्यक्रमका लागि आजगैसंमलाई २०६४ सालमा रु.८७ लाख ५० हजार दिएको थियो। धारा १६८ पारित गराउनका लागि तीन वर्षअघि नै आईएलओले रु.१३ लाख सहयोग दिएको थियो। एशियन इन्डिजिनियस पिपुल्स प्याक्टले नोराडको सहयोगमा भर्खरै रु.५३ लाख दिएको छ। त्यसमाथि एक्सनएडले करीब रु.७ लाख थपिदिएको थियो।

यस संस्थाले हालै एशियाली विकास बैंकबाट करीब रु.२५ करोड सहयोग पाएको छ। जनजाति सशक्तिकरणका लागि सञ्चालन गरिने यो परियोजना महोत्तरी र सुर्खेतमा कार्यान्वयन गरिने कुरा कार्यक्रमका टीम लीडर हीरा विश्वकर्माले बताए।

आजगैसंमले जातीय पहिचानमा आधारित अधिकारको वकालत गर्दै आएको छ। यसले जिल्लाका जनजाति एनजीओ तथा जातीय संस्थाको सञ्जाल बनाएर रु.३ करोडभन्दा बढी स्रोत जुटाउने र जनजाति हित सम्बन्धी विविध कार्यक्रम सञ्चालन गर्ने योजना रहेको बताएको छ।

३५ वटा जातीय गैससहरू आबद्ध भएको भनिएको अर्को नयाँ महासंघ, राष्ट्रिय आदिवासी जनजाति महिला महासंघ (राआजमम) ले पनि विदेशी सहयोग पाउँदै आएको

## चेपाङ नाङ्गै



चेपाङ जातिको विकास र उत्थान गर्ने दाताहरूको सूची पनि लामै छ। देशमा १५ वर्षअघि खुलेको नेपाल चेपाङ संघलाई इको नेदरल्याण्ड, इसिमोड, युरोपियन युनियन, एसएनभी आदिले सहयोग गर्दै आएका छन्। तर नेपाल चेपाङ संघले आधिकारिक रूपमा रु.७ करोड जति मात्र पाएको जानकारी दिएको छ। संघका अध्यक्ष जितेन्द्र चेपाङ भन्छन्, "सहयोग कता आयो, कता गयो। तर चेपाङ त भोकै, नाङ्गै छन्।"

छ । महासंघकी अध्यक्ष तथा पूर्वसभासद् शान्ति जिरेलले बताइन्, "पुरानो रेकर्ड त छैन, तर पछिल्लो तीन वर्षमा एशियन इन्डिजियिनस पिपुल्स प्याक्टबाट रु.१ करोडभन्दा बढीको सहयोग पाएका छौं ।"

## ककस मिसाइल

पहिलो संविधानसभामा अनौपचारिक रूपमा महिला, मधेशी, दलित र आदिवासी जनजाति सभासद्का ककस बने । आधिकारिक रूपमा कतै दर्ता नभए पनि यिनले दाताको सहानुभूति र सहयोग पाए । बैंक खाता पनि नखोलेको जनजाति ककसले नेपाल आदिवासी जनजाति महासंघमा आबद्ध तोप्केगोला समाजसेवा समितिको बैंक खाता प्रयोग गरेर विदेशी सहयोग लियो । तोप्केगोलाका कार्यवाहक अध्यक्ष मिङ्मा कामी शेर्पाका अनुसार, समितिको पुतलीसडकस्थित इन्भेस्टमेन्ट बैंकको खातामा आइडिया इन्टरनेशनलले जनजाति ककसलाई रु.४५ लाख सहयोग दियो । उनले गुनासो गरे, "जनजाति ककसले हाम्रो खाता प्रयोग गरेर सबै खर्च आफैंले गऱ्यो ।"

नेपाल आदिवासी जनजाति महासंघको ३० वैशाख २०७० मा चितवनमा सम्पन्न आठौं महाधिवेशनमा तत्कालीन महासचिव आङकाजी शेर्पाले पेश गरेको प्रतिवेदनमा, जनजाति ककसलाई जनजातिको मिसाइलको संज्ञा दिएका छन् । प्रतिवेदनमा भनिएको छ, "संविधानमा आदिवासी जनजातिको अधिकार सुनिश्चित गर्न २१८ जना आदिवासी सभासद् पर्याप्त संख्या अवश्य थिएन । तर, २१८ आदिवासी सभासद् एक ढिक्का भएर उभिन सक्यो भने आदिवासी जनजातिको अधिकार सुनिश्चित नभएको संविधान रोक्ने प्याट्रियोटिक मिसाइल जस्तै प्रतिरक्षात्मक शक्ति हुन सकिन्छ भन्ने आम आदिवासी जनजातिको बुझाइ चरितार्थ गर्न संविधान निर्माणको अन्तिम चरणमा आदिवासी जनजाति सभासद् मञ्च (ककस) ले खेलेको भूमिका सफल एवं प्रशंसनीय रह्यो ।"

## सरकारी अर्ब

२०५८ सालमा स्थापना भएको आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानमार्फत सरकारले पनि जनजातिका नाममा हालसम्म करीब रु.१ अर्ब उपलब्ध गराइसकेको छ । वार्षिक डेढ करोड रुपैयाँ सहयोगबाट शुरू भएको यो लगानी चालु आर्थिक वर्षमा वार्षिक रु.१४ करोड पुगेको छ ।

सरकारबाट पाएको सहयोग राशीको अंश आदिवासी जनजातिका महासंघ, जातीय संस्था र जनजाति गैससले पनि पाउने गरेका छन् । यस्तो रकम हैसियत अनुसार डेढ लाख र सोभन्दा बढीका दरले उपलब्ध गराउँदै आएको छ । आदिवासी जनजातिका ५६ वटा जातीय संस्थाको कार्यालय सञ्चालनका लागि औसत वार्षिक रु.१ करोडभन्दा बढी खर्च हुन्छ । केहीले प्रतिष्ठानबाट भाग शान्ति पाउनकै लागि पनि नयाँ जाति बनाएर संस्था खोलेका छन् । तिनको संस्था र कार्यालय झोलामै सीमित भए पनि सरकारी सहयोग भने लिइरहेका छन् ।

प्रतिष्ठानले हरेक वर्ष विश्व आदिवासी जनजाति दिवस मनाउनका लागि आदिवासी जनजाति महासंघलाई वर्षमा रु.१२ लाख दिने गरेको छ । जिल्लामा महासंघको भवन निर्माणका लागि सरकारी बजेट खर्च हुने गरेको छ ।

शान्ति कोष सचिवालयको शान्ति निर्माण परियोजनाले पनि प्रतिष्ठानलाई रु.२ करोड ४५ लाख सहयोग दिएको थियो । सो बजेटबाट ३० जिल्लामा ६३ वटा जातीय संस्था तथा जनजाति गैसस परिचालन गरेर शान्ति निर्माण सम्बन्धी कार्यक्रम गरिएको छ ।

यसबाहेक प्रतिष्ठानले दातृ संस्थाको सहयोग पनि लिने गरेको छ । २०५८ सालमा डिफिडले संस्थागत सुदृढीकरण परियोजनामार्फत रु.३ करोड ५० लाख सहयोग दिएको थियो । युएनडीपीले 'सपोर्ट टु पार्टीसिपेटोरी कन्स्टिच्युशन विल्डिङ इन नेपाल' कार्यक्रममार्फत रु.२० लाख दिएको थियो । प्रतिष्ठानका उपाध्यक्ष रुकबहादुर थापाले भने, "पहिचानको मुद्दा र जनजातिको अधिकार सुनिश्चित गर्न दाताको सहयोग महत्त्वपूर्ण हुँदै आएको छ ।"

(२०७१ **जेठ २४ गतेको *कान्तिपुर* दैनिकमा प्रकाशित**)

ओजश्वी गौतम

१५

# संविधानका नाममा गैरसरकारी संस्था मोटाए

संविधानसभा अस्तित्वमा रहँदा धेरैको निन्द्राको तारो बनेका राजनीतिक नेताले भन्दा संविधानसभामा विभिन्न उद्देश्य लिएर छिर्ने गैरसरकारी संस्थाहरूले बढी रकम कुम्ल्याएको तथ्य एक अध्ययनले देखाएको छ ।

तथ्यहरूको तुलनात्मक अध्ययनमा नयाँ संविधान निर्माणका लागि भएको वास्तविक खर्चभन्दा गैससद्वारा समावेशी, संघीय एवं जातीय मुद्दा परिचालन गर्न भएको खर्चको राशि बढी देखिएको छ। गैससले खर्चको बलमा पृष्ठपोषण गरेको मुद्दाहरूलाई धान्न सक्ने क्षमता नभएकै कारण संविधान बन्न नसकेको विज्ञहरूको दाबी पुष्टि गर्न सहज भएको छ ।

२०६९ जेठमा विघटित संविधानसभामा समावेशी, संघीय एवं जातीय मुद्दा उठाउन अन्तर्राष्ट्रिय गैरसरकारी संस्था तथा दातृनिकायहरू (गैसस) ले आर्थिक सहयोग गर्दै आएको देखिएको छ ।

नेपालमा बन्न लागेको नयाँ संविधानमा जातीय संघ र लैंगिक अधिकारका पक्षमा समेत उनीहरूले सहयोग गर्दै आएका थिए। गैससले सभासद्लगायत सरोकारवालाहरूलाई विदेश भ्रमण सेमिनार, भोज तथा गोष्ठीका कार्यपत्रमा रकम खर्च गरेका थिए। शान्ति र संविधान शीर्षकमा सरकार र राष्ट्रिय-अन्तर्राष्ट्रिय गैरसरकारी संस्थामार्फत करीब रु.९३ अर्ब खर्च भएको जानकारी अर्थ मन्त्रालयका एक वरिष्ठ पदाधिकारीले दिएका छन् ।

नयाँ संविधान निर्माणको प्रक्रियामा रहेकै बेला विदेशी अनुदानको खर्चमा समावेशी, संघीय एवं जातीय मुद्दा समेटिएका अनेकन् 'नमूना संविधान' बनेका थिए। तिनका चाङ अझै पनि सचिवालयको पुस्तकालयमा देख्न पाइन्छ ।

नीतिगत रूपमा सरकारी निकायले अर्थ मन्त्रालयमार्फत तथा गैरसरकारी संस्थाले समाज कल्याण परिषद्मा जानकारी दिएर मात्र वैदेशिक सहयोग परिचालन गर्न पाउने

व्यवस्था छ। तर, शान्ति र संविधान, द्वन्द्व रूपान्तरण, आर्थिक समुन्नतिलगायतका शीर्षकमा विभिन्न गैससले दातालाई सोझै प्रस्ताव पेश गरेर सहायता लिएका थिए।

## जातीय अधिकारको नाममा जथाभावी

नयाँ संविधान निर्माण प्रक्रियामा रहेको बेला गैससहरूले जातीय मुद्दाको पैरवी गर्न आर्थिक सहायता दिएको प्रमाण पनि भेटिएको छ। गैससहरूले राजनीतिक, सामाजिक र आर्थिक समावेशीकरणका मुद्दालाई नयाँ संविधानमा प्रवेश गराउन विविध जातीयता र पहिचान सम्बन्धी कार्यक्रम र गतिविधि गर्न सहयोग गरेको देखिन्छ।

त्यस्तो बजेट जनजाति, दलित, मधेश तथा महिला संसदीय ककसमार्फत खर्च भएको थियो। जनजाति ककसको नेतृत्वमा संलग्न प्रमुख चार राजनीतिक शक्तिका सभासद्हरूले संविधानसभामा ठूलो शक्ति सिर्जना गरेका थिए।

नेपाली कांग्रेसका सभासद् प्रकाशशरण महतका अनुसार तत्कालीन अवस्थामा राजनीतिक दलकै हैसियत कमजोर पार्ने गरी संसद्मा छुट्टै शक्तिको दबदबा बढ्नुले दलहरूको नेतृत्व र नियन्त्रणबाट मुलुकको राजनीतिबाहिर गएको थियो। विभिन्न राजनीतिक पार्टीमा आबद्ध जनजाति, दलित, महिला तथा मधेशी सभासद्हरू बेग्ला-बेग्लै ककसमा आबद्ध भए पनि संविधानसभामा एकताबद्ध भएर उभिएका थिए। यही ककसको सक्रियतामा संविधानसभामा राज्य पुन:संरचनासम्बन्धी विशेष प्रकारको प्रस्ताव छलफलका लागि पेश हुँदा १४ प्रदेशको खाका पारित भएको थियो।

## जातीयता प्रवर्द्धन गर्न सहयोग

स्वीट्जरल्यान्ड सरकारको अन्तर्राष्ट्रिय विकास सहयोग नियोग एसडीसीले शान्ति तथा राज्य पुन:संरचनासम्बन्धी विशेष रणनीतिअन्तर्गत सन् २००९ देखि २०१२ सम्मका लागि शान्ति तथा राज्य पुन:संरचना प्रक्रियाका नाममा प्रतिवर्ष रु.२ अर्ब २५ करोड (२ करोड

- २०६५ सालयता नेपालका गैरसरकारी संस्थाहरूका १९ वटा जातीय र क्षेत्रीय सञ्जालहरूलाई क्यानेडियन अन्तर्राष्ट्रिय विकास नियोग (सीडा) द्वारा करीब रु.१२ करोड सहयोग।
- युएनडीपीको सहभागितामूलक संविधान निर्माण परियोजनाअन्तर्गत १५ वटा गैरसरकारी संस्थाका सञ्जाललाई रु.३ करोड २५ लाख ५० हजार सहयोग।
- डेनमार्कको अन्तर्राष्ट्रिय विकास नियोगले मानवअधिकार तथा सुशासन (डानिडा ह्युगो) कार्यक्रमअन्तर्गत तराई लक्षित मधेश इनिसिएटिभ कार्यक्रमका लागि रु.५४ करोड ९० लाखको सहयोग।

५१ लाख स्वीस फ्रयांक) खर्चंदै आएको थियो। मधेशी एनजीओ फेडेरेसनलाई एसडीसीले रु.१ करोड बराबर सहयोग गरेको थियो। त्यस बजेटबाट फेडेरेसनले जिल्लाबाट सुझाव संकलन गरी (मधेशी सभासद्हरूको समूह) मधेशी ककसलाई पेश गरेको थियो।

डेनिस सहयोग संस्था डानिडा ह्युगोले मधेशी सभासद् समूहका १८ सभासद्का जातीय संस्थाहरूको सञ्जाललाई रु.१ करोड बराबर एकमुष्ट सहयोग गरेको थियो। मधेशी मूलका नागरिकले नेतृत्व गरेका गैरसरकारी संस्थालाई मात्रै सहयोग र प्रवर्द्धन गरिने मधेश इनिसिएटिभ कार्यक्रमको मूल लक्ष्य मधेशमा सशक्त नागरिक समाज तयार गर्नु रहेको थियो। यसमा सामेल अन्य सात मधेशी एनजीओलाई शुरूको चरणमै कार्यक्रमबाट रु.७-७ लाख वितरण गरिएको थियो।

जर्मन सहयोग नियोग (जीआईजेड) ले सञ्चालन गरेको संघीयता सहायता कार्यक्रमअन्तर्गत पहिलो चरणमा रु.८ करोड २५ लाख (७ लाख ५१ हजार युरो) बराबर रकम खर्च गरिएको थियो। यो कार्यक्रमलाई जीआईजेडले निरन्तरता दिइरहेको छ, जसको बजेट १२ लाख युरो अर्थात् हालको विनिमय दरअनुसार रु.१२ करोड छ। कार्यक्रमको उद्देश्य संघीयतासम्बन्धी बहस प्रवर्द्धन गर्नु रहे पनि जातीय मुद्दालाई फोकस गरिएको छ।

युरोपेली संघ (ईयू) का ३४ वटा परियोजना प्रत्यक्ष र परोक्ष रूपमा जातीयतासँग जोडिएका छन्। सामाजिक, आर्थिक र सांस्कृतिक विकास गर्न भनिए पनि ती परियोजनाका लागि साझेदार छनोट, लक्षित वर्ग निर्धारण र कतिपय गतिविधिका क्रममा जातजाति हेर्ने गरिएको आरोप अन्य गैरसरकारी संस्थाहरूले लगाएका छन्। आर्थिक सामाजिक क्षेत्रमा कार्यरत काठमाडौं महानगरपालिका-८ स्थित कुमारी क्लबका अध्यक्ष रुकेस महर्जनका अनुसार स्थानीय युवालाई लक्षित गर्दै उनीहरूको आर्थिक क्षमताको विकास गर्ने उद्देश्यले प्रस्तुत कार्ययोजना क्लबको कार्यसमितिमा गैरजनजातिहरूको बाहुल्यकै कारण युरोपेली संघले अस्वीकार गरेको थियो।

## सीसीडी गतिविधि

'प्रस्तावित १४ प्रदेश जातीय कि लोकतान्त्रिक ?' जस्ता विवादास्पद विषयमा सार्वजनिक बहस चलाउँदै आएको संवैधानिक संवाद केन्द्र (सीसीडी)को गतिविधि पनि जातीयताको प्रवर्द्धन गर्नेतर्फ केन्द्रित रहेको पाइएको छ। संविधानसभाको राज्य पुनःसंरचना तथा राज्यशक्तिको बाँडफाँड समितिले जातीय आधारमा १४ प्रदेशको खाका तयार गरेपछि सीसीडीले यो बहस शुरू गरेको थियो। सीसीडीले सभासद् समूह- महिला तथा जनजाति ककसलाई विशेष रूपमा सघाउँदै समूहको बैठक, छलफल र तालीमलाई पनि सहयोग गर्दै आएको थियो। आफ्नो वार्षिक प्रगति प्रतिवेदनहरूमा सीसीडीले जनजातिका अधिकारसम्बन्धी मुद्दाको उठान गर्न र ती कुरा नयाँ संविधानमा प्रतिबिम्बित गराउन महत्त्वपूर्ण भूमिका निर्वाह गरेको उल्लेख गरेको छ। सीसीडीले सञ्चालन गरेको यस्ता परियोजनामा रु.१ अर्ब ४७ करोड लगानी गरेको देखिएको छ।

काठमाडौंको बुद्धनगरमा रहेको, हाल सानेपामा सरेको सीसीडीले १५ वटा गैरसरकारी संस्थाहरूका जातीय र क्षेत्रीय सञ्जालहरूलाई करीब साढे २ करोड रुपैयाँ सहयोग दिएको थियो ।

संघीयतालगायत लैंगिक संविधान निर्माणमा सहयोग पुगोस् भनेर विभिन्न प्रकाशनहरू नेपालका प्रमुख नेपाली, नेवारी, तामाङ, मैथिली, भोजपुरी, मगरलगायत थारू भाषामा प्रकाशित गरेको थियो । यी प्रकाशनमध्ये कतिपय जातजाति, महिलालगायत अन्य अल्पसंख्यकको अधिकारलाई संविधान निर्माण प्रक्रियामा प्रोत्साहित गर्ने उद्देश्यका छन् । सीसीडीमा दातृनिकायको सहयोग क्षमताअन्तर्गत संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रमको ३३ लाख अमेरिकी डलर, डेनिस दूतावासको २६ लाख अमेरिकी डलर, बेलायती विकास नियोग डीएफआईडीको २४ लाख अमेरिकी डलर, यूएनडीपी ब्युरो फर क्राइसिस प्रिभेन्सन एन्ड रिकोभरीको ३ लाख अमेरिकी डलर र अस्ट्रियन दूतावासको २ लाख ७० हजार अमेरिकी डलर लगानी छ ।

सीसीडीले आफ्ना कार्यक्रममा प्रायः पूर्वसभासद् विन्दा पाण्डे, सुप्रभा घिमिरे, प्रमोद गुप्ता, लोकेन्द्र विष्टमगर, रामरति रामलगायतलाई व्यापक उपयोग गरेको थियो । बीबीसी वर्ल्ड सर्भिसबाट प्रवर्द्धित साझा सवाल नामक कार्यक्रमको व्यापक परिचालन गरिएको थियो ।

## आइडियाको सक्रियता

आइडिया इन्टरनेसनलले २००४ देखि नै नेपालको संविधान निर्माण र शान्ति प्रक्रियालाई सघाउने नाममा गैरसरकारी संस्थामार्फत आर्थिक स्रोत परिचालन गरेर जातीय र लैंगिक संविधान निर्माणका लागि सहयोग गर्दै आएको थियो । यस संस्थाले संविधानसभाभित्रको जनजाति ककस, दलित ककस, महिला ककस र मधेशी ककस गठन गर्न सहयोग गरेको थियो । अर्थ मन्त्रालयका एक अधिकारीका अनुसार सन् २००४-५ देखि नेपालमा कार्यरत यो संस्थाले वार्षिक रु.१ अर्बभन्दा बढी बजेट त जातीय तथा महिला सशक्तिकरणका नाममा खर्च गर्दै आएको छ । सन् २०१२ का लागि आइडिया इन्टरनेसनलको २ करोड ६४ लाख ५१ हजार २१८ युरो आय र २ करोड ९८ लाख ७२ हजार ४१७ युरो खर्च गर्ने अनुमानित बजेट बनाएको थियो ।

## महिला सभासद् ककस

महिला सभासद् ककसले यूएन ओमेनको आर्थिक सहयोगमा रु.५० लाखको कार्यक्रम गर्ने सम्झौता गरेको थियो । गैरसरकारी संस्था ओरेकले महिला सभासद् समूह ककसको नियमावली २०६५ र अवधारणापत्र निर्माण गर्न संविधानसभालाई सहयोग पुऱ्याएको सिंहदरबारस्थित महिला ककस कार्यालयले जनाएको छ । महिला ककसलाई भीएडब्लू, ईएससीआर, पिस क्याम्पेन र डब्लूएचआरडी जस्ता अन्तर्राष्ट्रिय संस्थाबाट आर्थिक सहयोग भएको थियो । विविध प्रकारका प्रकाशन, प्रसारण, अनुसन्धान, केस स्टडी,

मासिक प्रतिवेदनको तयारीलगायत ई-बुलेटिनमार्फत नयाँ संविधान निर्माणमा महिलाहरूको सहभागिता वृद्धि एवं लैंगिक संविधान बनाउन भनेर ती संस्थाबाट स्रोत उपलब्ध भएको हो।

जर्मन प्राविधिक सहयोग नियोग (जीटीजेड) ले पनि तराई, सुदूरपश्चिम, मध्यपश्चिम र काभ्रेको धुलिखेलमा गरेको कार्यक्रममा २५ जना सभासद्लाई सात दिनको जर्मनी भ्रमणमा समेत लगेको र यस कार्यक्रमको सेवा व्यवस्थापन नियोगका होस्ट ब्यमाटमुजले गरेका थिए। जीटीजेडले राष्ट्रपति कार्यालयका पाँच जनालाई जर्मन भ्रमण गराएको र सभासद्सहितको नागरिकतासम्बन्धी बहस गोदावरी भिलेज रिसोर्टमा गराएको थियो।

(२०६९ **फागुन ४ गतेको *कारोबार* दैनिकमा प्रकाशित**)



हुलाकी सडकको मेची पुल।



हुलाकी सडकको महुली पुल।



नेपाल सरकार
वन तथा भू-संरक्षण मन्त्रालय
# वन विभाग

बबरमहल
काठमाडौं नेपाल

मिति- ०६९/०४/१५

विषय- क्रसर प्लान्ट स्थापना सम्बन्धमा।

श्री जिल्ला वन कार्यालय,
मोरङ।

उपरोक्त सम्बन्धमा वन तथा भू-संरक्षण मन्त्रालयको प.सं. [illegible] मिति २०६९/०३/१४ को पत्रसाथ [illegible] जिल्लाको [illegible] राजमार्गमा पर्ने [illegible] पुल दक्षिण करिब ३०० मीटरमा क्रसर उद्योग स्थापना [illegible] भौतिक योजना तथा निर्माण मन्त्रालयको प.सं. [illegible] मिति ०६९/३/८ को पत्र प्राप्त भई सो उपर कारवाही हुँदा क्रसर उद्योग स्थापना गर्न [illegible] यस विभागबाट मिति ०६९/०४/१२ मा निर्णय भएको हुँदा निर्णयानुसार गर्नु गराउनु हुन आदेशानुसार अनुरोध छ।

(हेमराज बिष्ट)
वन पैदावार अधिकृत

बोधार्थ-
श्री भौतिक योजना तथा निर्माण मन्त्रालय,
सिंहदरबार, काठमाण्डौं।



माटो हाल्ने काम शुरू।



हटाउनुपर्ने बिजुली पोल।

श्रीलाल साह

१६

# हुलाकी राजमार्ग !
# मधेशलाई स्वर्ग बनाउने योजना संकटमा

**सर्वाधिक चर्चामा रहेको हुलाकी सडक निर्माण कार्य अलपत्र परेको छ। पैंतीस सय करोड लागत अनुमान गरिएको मधेशको महत्त्वाकांक्षी हुलाकी सडक आयोजना हात्तीको देखाउने दाँत जस्तै भएको छ। नेपाल र भारतको संयुक्त सहयोगमा निर्माण भैरहेको उक्त सडकको कार्य कछुवाको गतिमा पनि अगाडि बढ्न सकेको छैन।**

सन् २००६ जून २७ मा नेपाल र भारत सरकारबीच हुलाकी सडक निर्माण गर्ने सम्झौता भएको थियो। उक्त सम्झौता बमोजिम पूर्व झापाको भद्रपुर, मेचीदेखि सुदूरपश्चिमको कञ्चनपुरसम्मको हुलाकी राजमार्ग र हुलाकी राजमार्गसँग पूर्व-पश्चिम राजमार्ग जोडिने लिंक रोडहरू (सहायक मार्गहरू) भारत सरकारले निर्माण गर्ने रहेको छ। यस सम्झौता बमोजिम भारतीय निर्माण कम्पनीहरूले १४ सय ४६ किलोमिटर हुलाकी सडक बनाउने जिम्मा पाएका थिए, जसमध्ये सात वर्षमा पूर्व मोरङको कानेपोखरी-रंगेली लिंक रोडमा ४ किलोमिटर खण्डमा माटो हाल्ने काम शुरू भएको छ भने पश्चिम कैलालीको केही सडक खण्डमा काम शुरू भएको छ।

सम्झौता अनुसार हुलाकी सडकमा पर्ने पुलहरू नेपाल सरकारले निर्माण गर्ने रहेको छ। यी दुवै कार्यका लागि हुलाकी सडक आयोजनाको अनुमानित लागत ३५ सय करोड छ। यस आयोजना अन्तर्गत ६४ वटा भन्दा बढी पुलहरू निर्माण हुनुपर्नेछ र ती सबैजसो पुलहरू नेपाल सरकारले निर्माण गर्नुपर्ने सम्झौतामा उल्लेख छ। नेपाल सरकारले ती पुलहरूको निर्माण कार्य प्रारम्भ गरेको भएतापनि गति लिनसकेको छैन।

हुलाकी सडक र पूर्व-पश्चिम राजमार्ग जोड्ने लिंक रोडहरूमा झापाको चारआली-चन्द्रगढी-केचना, मोरङको कानेपोखरी-रंगेली, सप्तरीको कल्याणपुर-बर्साइन, धनुषाको

वीरेन्द्र बजार-यदुकोहा, जनकपुर-यदुकोहा, जनकपुर-जटही, महोत्तरीको जनकपुर-भिट्टामोर, गौशाला-शम्शी, जलेश्वर-हर्दिखोला, सर्लाहीको नयाँरोड-बरहथवा, नवलपुर-मलंगवा, बाराको तामागढी-सिम्रौनगढ, कलैया-मटिअर्वा, पर्साको वीरगंज-ठोरी, बाँकेको नेपालगञ्ज-बघौडा, बर्दियाको गुलरिया-मुर्तिया, दाङको लमही-कोइलाबास, कैलालीको लम्की-टीकापुर र सती-धनगढी सडकहरू रहेका छन् । पर्साको वीरगंज-ठोरीमा केही कार्य भैरहेतापनि अन्य स्थानमा निर्माण कार्य प्रारम्भ हुनसकेको छैन ।

नेपाल सरकारले २०६५ सालदेखि हुलाकी सडकको पुल निर्माणमा तत्परताका साथ काम गर्न थालेकोमा २०६६/६७ को आर्थिक वर्षदेखि ती पुलहरूको बजेट विनियोजन समेत गरी पुल निर्माण कम्पनीहरूलाई ठेक्का दिएको सडक विभाग हुलाकी सडक आयोजना कार्यालय बबरमहलको रेकर्डले देखाउँछ । त्यसमध्ये कतिपय पुलहरू निर्माण कम्पनीको तीनवर्षे कार्यावधि गत पुस मसान्तमा सकिएको छ । तर पुल भने एउटा पनि निर्माण हुनसकेको छैन ।

करीब रु.३८ करोड लागत रहेको झापाको मेची पुलमा अहिलेसम्म करीब रु.८ करोड खर्च भएको छ, तर मुख्य खम्बाहरू समेत निर्माण हुनसकेको छैन। सूर्या कन्स्ट्रक्सनद्वारा निर्माणाधीन मेची पुलको सम्झौता गएको पुस मसान्तमा सकियो। ठेकेदार पक्षका अनुसार समयमा बजेट निकासा नहुनाले काम हुननसकेको हो । हुलाकी राजमार्ग आयोजना कार्यालयले पनि यो कुरा स्वीकार गरेको छ । यसमा रु.३८ करोड लागत र तीनवर्षे कार्यावधि राखिएको थियो। तर वर्षेनि रु.२/३ करोड मात्र बजेट निकासा भएको थियो। सप्तरीको मौहुली खोलामा निर्माण भैरहेको पुलमा पनि यही अवस्था छ ।

हुलाकी राजमार्ग आयोजनाका इन्जीनियर रामदेव साहले निर्माणाधीन सबै पुलमा बजेटको समस्या रहेको बताउनुभयो। वास्तवमा झापादेखि कञ्चनपुरसम्म निर्माणाधीन झण्डै तीन दर्जन पुलहरूमा यही समस्या देखिएको छ। अन्य पुलहरू निर्माण सम्झौता भएर पनि निर्माण कार्य शुरू भएको छैन ।

पुलहरू निर्माण हुन नसक्नुको अर्को कारण हो, ठूला निर्माता भनिने एउटै कम्पनीले धेरै वटा पुल निर्माण ठेक्का सकार्नु। पप्पु कन्स्ट्रक्सन कम्पनीले कन्काई, बलान, कमला र वाग्मती लगायतका ठूला पुलहरूको निर्माण ठेक्का प्राप्त गरेको हुलाकी राजमार्ग आयोजना कार्यालयको रेकर्डबाट देखिन्छ। यस अन्तर्गतको कन्काई र बलान नदीमा पुल निर्माणको लागि कतै खोस्रिएको पनि छैन।

त्यसो त नेपाल र भारत दुवै सरकारले काम गर्न सहज बनाउने हिसाबले हुलाकी राजमार्ग आयोजना क्षेत्रलाई ६ भागमा विभाजित गरेको छ र दुवै सरकारले ६/६ वटा डिभिजन कार्यालयहरू स्थापना गरेका छन् । तर नाम भने फरक रहेको छ । नेपाल सरकारले हुलाकी राजमार्ग आयोजना कार्यालय इटहरी, बर्दिबास (पूर्व र पश्चिम) गरी पूर्वमा डिभिजन कार्यालयसहित हेटौंडा, नेपालगञ्ज र महेन्द्रनगरमा डिभिजन कार्यालयहरू स्थापना गरेको छ भने भारत सरकारले तराई रोड प्रोजेक्ट कार्यालयको नाम दिएर डिभिजन कार्यालयहरू स्थापना गरेको छ ।

हुलाकी सडक निर्माणको लागि नेपाल सरकार सँगसँगै भारत सरकारले पनि जीभीआर इन्फ्रा प्रोजेक्ट लिमिटेड, विश्वा-बीभीएसआर (जेभी) र जीआर-गवार जेभी सडक निर्माता कम्पनीहरूलाई ठेक्का दिएको छ । भारतीय ठेकेदारहरू पनि मैदानमा तैनाथ छन् । तर काम भएको छैन ।

## पैसा छ प्रक्रिया छैन

भारतीय सूत्र भन्छ- भारत सरकारले हुलाकी सडक निर्माणका लागि न्यून बजेटको टेण्डर स्वीकार गरेको छ। जसले गर्दा उनीहरूलाई सडक निर्माण कार्य गर्नलाई कठिनाई भैरहेको छ। त्यसैले भारतीय ठेकेदारहरूले नेपालमा स्थानीय साना पेटी ठेकेदारहरूबाट काम गराउन खोजेका छन्। एकातिर न्यून बजेट, त्यसमा पनि काम गरेको बील फर्स्योट र भुक्तानीका लागि दिल्ली नै धाउनुपर्ने भएकोले स्थानीय ठेकेदारहरू काम गर्न चाहँदैनन्। यसरी गएको तीन वर्ष भारतीय ठेकेदारले स्थानीय ठेकेदार खोज्नमै बिताए।

सडक निर्माणका लागि निर्माण क्षेत्रमा मुआब्जा वितरण पनि ठूलै समस्या भएको छ। चालु आर्थिक वर्षसम्म पनि मुआब्जाको विवाद टुंगिएको छैन। यसले निर्माण कार्यमा अवरोध पुऱ्याएको छ । त्यसो त पूर्वी हुलाकी राजमार्ग आयोजना कार्यालय इटहरीमार्फत १८ करोड मुआब्जा बाँडिसकिएको छ । तर रंगेली, भद्रपुर जस्ता घना बसोबास क्षेत्रको मुआब्जा वितरणमा विवाद रहेको कुरा हुलाकी राजमार्ग आयोजना कार्यालय इटहरीका योजना प्रमुख मो. शफी अहमदले बताए।

अहमदका अनुसार मुआब्जाको विवाद टुङ्गिएको सडक खण्डमा पनि बिजुलीको पोल सार्ने र वन क्षेत्रको रूख कटानी गर्ने काम हुनसकेको छैन। त्यसले पनि सडक निर्माणमा अवरोध पुऱ्याएको छ। तर ती समस्याहरू नरहेको सडक खण्डमा पनि भारतीय ठेकेदारले काम गर्ने कुनै तदारुकता देखाएका छैनन्।

हुलाकी सडक निर्माण कार्यमा अन्य थुप्रै कठिनाईहरू पनि छन्। जस्तै सडक निर्माणका लागि आवश्यक गिट्टी, रोडा, बालुवा आदि बनाउनका लागि मोरङ जिल्लाको पूर्व-पश्चिम राजमार्गमा पर्ने चिसाङ पुलको दक्षिण करीब तीनसय मिटर वन क्षेत्रमा भारतीय ठेकेदारले क्रसर उद्योग राख्न स्वीकृतिका लागि प्रक्रिया थाले। तर हुलाकी सडक आयोजना कार्यालय, भौतिक योजना, निर्माण तथा यातायात व्यवस्था मन्त्रालय हुँदै लामो समयको अन्तरालमा वन मन्त्रालयवाट स्वीकृति नभएको पत्र आयो । त्यसैगरी बिजुलीको पोल हटाउने, आवास गृह हटाउने जस्ता लामो प्रावधानको बहानामा भारतीय ठेकेदारहरूले निर्माण कार्य गरिरहेका छैनन्। हुलाकी सडकको निर्माण अहिलेसम्म गफको विषय मात्र बनेको छ।

## राजमार्ग बन्ने बाटो बन्द

हुलाकी राजमार्ग आयोजनाका सम्झौतादेखि एक वर्ष अगाडिसम्म प्रमुख रहेर हालै मात्र अवकाश लिएका हरेकृष्ण भगत भन्छन्, “भारतले झापादेखि कञ्चनपुरसम्मको सबै सडक निर्माण कार्यको जिम्मा लिन हुँदैनथ्यो । न त नेपालले सबै सडक भारतको जिम्मामा

लगाउनुहुन्थ्यो । भारत सरकारले पूर्व वा पश्चिमको केही क्षेत्रमा मात्र सडक निर्माण कार्यको लागि सम्झौता गरेको भए सडक निर्माण गर्न सहज हुन्थ्यो र बाँकी भू-भागमा नेपालको लागि अन्य दातृ निकायको पनि सहयोग लिन सकिन्थ्यो । तर अहिले न त भारतले सडक निर्माण गरिरहेको छ, न त अन्य दातृ निकायले सहयोग गर्ने ठाउँ छ । राजमार्ग बन्ने बाटो नै बन्द भएको जस्तो छ । सबैभन्दा रहस्यको कुरा त के छ भने हुलाकी सडक र लिंक रोडहरूको निर्माण कार्य अन्योलमा परिरहेकै बखत नेपालले बनाउने पुलहरू पनि भारतले नै बनाउने भएको छ । त्यसले गर्दा मधेशको भविष्य अब भारतको पोल्टामा पुगेको छ ।"

सम्झौता भए अनुसार मधेशमा हुलाकी राजमार्ग र लिंक रोडहरूको निर्माण भएमा सिंचाइ एवं उन्नत कृषि प्रणालीको व्यवस्था हुन सक्नेछ र भएका उद्योगहरू निर्यातमुखी भएर पूर्णत: संचालित हुनसके मधेशबाट गरीबी, बेरोजगारी, अशिक्षा, स्वास्थ्य जस्ता मुख्य समस्याहरू हट्ने थिए र मधेश सम्पन्नतातर्फ लम्किने थियो ।

हुलाकी राजमार्गको सपना बोकेर बसिरहेका स्थानीय नेताहरू भन्छन्, "अहिले विपरीत स्थिति पैदा भएको छ । न त भारतले काम अघि बढाइदिएको छ, न त अरूलाई हात हाल्ने ठाउँ नै दिएको छ । यो त मधेशलाई ठूलो धोका दिएको जस्तो अवस्था हो । तर पनि मधेशका नाममा राजनीति गरिरहेका नेताहरू भने अधिकांशत: मौनता साधेर बसिरहेका छन् र केही मधेशवादी नेताहरूले भारतलाई भन्दा नेपाल सरकारलाई दोष दिइरहेका छन् ।"

मधेशी जनअधिकार फोरम नेपालका अध्यक्ष उपेन्द्र यादवका अनुसार, हुलाकी सडक बनाउन भारत सरकारले तदारुकताका साथ बजेट निकासा गरेर विभिन्न निर्माण कम्पनीहरूलाई जिम्मा समेत लगाइसकेको छ । तर नेपाल सरकारले मुआब्जा वितरण गरेर जग्गा अधिग्रहण गर्नुपर्ने, बिजुलीको पोल सार्नुपर्ने, वन कटानी गर्नुपर्ने आदिको लागि ढिलासुस्ती गरिरहेको छ । त्यसैगरी सरकारमा सहभागी स्वास्थ्य मन्त्री एवं सद्भावना पार्टी नेपालका अध्यक्ष राजेन्द्र महतोले भने, "नेपाली राज्यसत्तामा मधेशको विकास नचाहने मधेश विरोधी धडधडी बोकेका नेताहरू अझै पनि बाँकी छन् । त्यसैले हुलाकी सडक बनाउन भारत तम्तयार भए पनि निर्माण हुनसकिरहेको छैन ।"

सोही क्रममा भौतिक योजना, निर्माण तथा यातायात व्यवस्था मन्त्री एवं तराई मधेश लोकतान्त्रिक पार्टीका नेता हृदयेश त्रिपाठीले हुलाकी सडकको निर्माण कार्य अन्योलमा परे झैं सूचनालाई गोलमटोल गर्न अलमल्याइरहे र अन्त्यमा केही पनि बोलेनन् । नेपाल, भारत दुवै देशका सरकार र मधेशी नेताहरूको यही रवैयाका कारण मधेशको उज्यालो भविष्य बोकेको हुलाकी सडक निर्माण कार्य ओझेलमा परेको छ ।

(**२०६९ फागुन १३ गतेको *अन्नपूर्ण पोष्ट* मा प्रकाशित**)

वसन्तप्रताप सिंह



# ‘अत्तर’ को नाममा चरेसको व्यापार

सरकारले चरेसको उत्पादन, प्रशोधन, बिक्री-वितरण तथा ओसारपसारमा प्रतिबन्ध लगाएको छ। लागूऔषध नियन्त्रण तथा ओसारपसार सम्बन्धी ऐनले चरेसको कारोबार गर्नेलाई १० वर्ष कैद र रु.१० लाखसम्म जरिवाना गर्ने व्यवस्था गरेको छ।

तर, बझाङमा गाँजा खेती नै सदावहार नगदेबाली बनेको छ। जिल्लाको ४७ मध्ये ३० गाविसमा गाँजा खेती गरिन्छ। बझाङको वन क्षेत्र पनि जंगली गाँजाका बोटले ढाकिएका छन्। यहाँका किसान, युवा तथा किशोरहरूका लागि गाँजा चरेसको व्यापार गर्नु र तिनको सेवन गर्नु सामान्य व्यवहार समान भएका छन्।

बझाङका साना ठूला सबै पसल तथा होटलहरूमा अत्तरको नाममा चरेसको व्यापार हुन्छ। स्थानीय भाषामा अत्तर भनिने कालो चरेस प्रति डोज (एक पटक चुरोटमा मिसाएर खानका लागि बनाइएको पोका) रु.५ देखि रु.१० सम्ममा पाइन्छ। सदरमुकाम नजिकको लालटिन बजारमा जयपृथ्वी क्याम्पस छ। यसको केहीपर सत्यवादी उच्च माध्यमिक विद्यालय छ। यी दुई शिक्षण संस्थामा रुण्डै पाँच हजार विद्यार्थी पढ्छन्। यस बजारका चिया तथा खुद्रापसलमा चरेसको खुला व्यापार हुन्छ। यहाँका एक व्यापारीले भने, “होटल र पसलमा रु.१० मा एक डोज चरेस पाइन्छ। एउटा पसलमा दिनमा रु.४/५ हजार जति त चरेसकै व्यापार हुन्छ। विद्यार्थी जतिले चरेस लिन्छन्, बुढा पनि यसका नियमित ग्राहक हुन्।”

सदरमुकाम चैनपुर नजिकैको बजारमा चरेस तानिरहेका एक विद्यार्थीले भने, “बझाङमा गाँजा र चरेस खान कसैको रोकतोक छैन। यहाँ सबैले अम्मल लिन्छन्।”

## नशामा विद्यार्थी

जयपृथ्वी क्याम्पसमा कक्षा ११ मा अध्ययनरत नेपाली थरका चैनपुरका १६ वर्षीय किशोरले आफ्नो समूहका साथीले मात्र दैनिक रु.२०० देखि रु.५०० सम्मको अत्तर (चरेस) खाने गरेको बताए।





खेतीमा गाँजाको बोट ।

चरेसको धूलो ।





साना पोका (डोज) बनाएर चुरोटको बट्टामा प्याक गरेर बजारमा 'सप्लाइ' गर्ने ।

पक्राउ परेको चरेस ।





चरेसको मुठा ।

बालबालिकाको कामः गाँजा माड्ने, चोप निकाल्ने ।







चरेस अम्मलमा युवा ।

गाँजा अम्मलमा बुढा

उनले भने, “साथीको संगतमा परेर ८ कक्षामा हुँदा चुरोट खान सिकियो । अनि चुरोटमा गाँजा र चरेस मिसाएर खान थालियो । अहिले त खाना नखाए केही फरक पर्दैन तर अत्तर (चरेस) खान पाइनँ भने पागल जस्तो हुन्छु ।”

बझाङको सिमखेत, बसपार्क, डुङ्ग्री, भिडमनी, दम्धुर जस्ता बजारका १०० भन्दा बढी होटल र पसलमा गाँजा र चरेस सजिलै किन्न पाइन्छ ।

युवा तथा किशोर किशोरीको क्षेत्रमा काम गरिरहेको संयुक्त राष्ट्रसंघीय कार्यक्रम युएनएफपीएका जिल्ला अधिकृत धनबहादुर लम्सालले चिन्ता जताए, “यहाँका किशोर तथा युवाहरूलाई दुर्व्यसनको लहरोले गाँजेको छ । युवा तथा किशोरकिशोरीहरू चरेसको दुर्व्यसनमा फस्नु ठूलो सामाजिक खतरा हो ।” उनले चेतावनी दिँदै भने, “बझाङका युवालाई चरेस जस्ता लागूऔषधले मानसिक र सामाजिक रूपमा अपाङ्ग बनाउँदैछ । यहाँ गाँजा र चरेसको प्रयोगले एचआईभी एड्स लगायतका यौनरोगको संक्रमण बढ्ने खतरा छ ।”

## चरेसमा बालश्रम ...

बालबालिकाको काम: गाँजा माड्ने, चोप निकाल्ने, साना पोका (डोज) बनाएर चुरोटको बट्टामा प्याक गरेर बजारमा दिने । जिल्लाका बालबालिकाहरू पनि चरेस उत्पादनमा संलग्न छन् । आफ्ना खेतबारीमा बाबुआमालाई सघाउन जाने बालबालिकालाई गाँजाको बोटबाट चोप निकालेर चरेस बनाउने काममा लगाइन्छ ।

स्कूल जाने नानीहरू बिहान बेलुका, विदाको दिन र गोठालो जाँदा चरेस बनाएर बेच्छन् । र, त्यसबाट आएको पैसाले मिठाई, चक्लेट, चाउचाउ आदि किनेर खान्छन् । चरेस बनाउँदा पैसा आउने भएकोले कतिपय बालबालिकाहरूले विद्यालय छाड्ने गरेका छन् । यहाँ विद्यालय छाड्ने विद्यार्थीको संख्या बढिरहेको छ ।

कालिका प्राथमिक विद्यालयका कक्षा ५ का विद्यार्थी मनोज कठायत पढ्न भन्दा चरेस बनाउन सिपालु छन् । उनले आफ्ना उमेरका अरू तीन जना नाबालकहरूलाई पनि स्कूल छोडेर चरेस बनाउन जाने गरेको बताए । यिनीहरूले चरेस बनाइरहेको बेला (माथि तस्वीरमा) स्कूलबाट किन भागेको भनेर सोध्दा उनीहरूले भने, “अत्तर बनाउनु परेन त ?” मनोजले प्रष्ट भने, “मैले त अत्तर बनाएर दिनमा रु.२०/३० मात्र कमाउँछु । तर स्कूल नगएर दिनभरि अत्तर बनाउने साथीहरूले दिनको रु.१०० पनि कमाउँछन् ।”

स्कूले नानीहरूलाई चरेस बनाउन लगाउँदा पसलेहरूलाई पनि सस्तो पर्छ । उनीहरू मोलमोलाइ नगरी सस्तो दाममा बेच्छन् । कैलाशका सम्पत्ति सिंहले भने, “व्यापारीहरूले केटाकेटीलाई उधारोमा बिस्कुट, चाउचाउ र खेलौनाहरू दिएर चरेस बनाउन लगाउँछन् । स्कूले विद्यार्थीहरू बिग्रिसके ।”

अभिभावकहरू भने आफ्ना छोराछोरीले स्कूल छाडेर चरेस बनाउन गएकोलाई पनि गलत मान्दैनन् । कैलाश गाविसका रमेशबहादुर विष्टले भने, “यहाँका अभिभावकहरू नै छोराछोरीलाई चरेस बनाउन सिकाउँछन् । यसो गर्दा गर्दै धेरैले चरेस खान सिक्छन् ।” गाँजाबाट भन्दा चरेसबाट बढी कमाइ हुने भएकोले स्थानीय अभिभावकहरू आफ्ना

बालबालिकालाई गाँजाको बोटबाटै चरेस बनाउन सिकाउँछन् । उनीहरू आफ्ना परिवार र सातु–सामल बोकेर भदौ र असोजतिर चरेस बनाउन वन जान्छन् । रमेश विष्ट भन्छन्, "यो यहाँको सामान्य व्यवहार हो ।"

प्रहरीले गएको कात्तिकमा चैनपुरको सिमखेत बसपार्कमा सुवेडाका १३ वर्षीय बालकलाई ४०० ग्राम चरेससहित पक्राउ गरेको थियो । तर बालक भनेर तत्कालै छोडिएको थियो । जिल्ला प्रहरी कार्यालयका डीएसपी जयराज सापकोटा भन्छन्, "यहाँ गाँजा र चरेसको व्यापार हुन्छ भन्ने हल्ला धेरै सुनेको छु, तर पक्राउ नपरेसम्म केही भन्न सकिन्न ।" *(हे. अन्तर्वार्ता)*

### कालो चरेसको व्यापार

सदरमुकाम चैनपुरका व्यापारी भन्छन्, "यहाँ वर्षको अढाइसय (२५०) क्वीन्टल जति चरेस बिक्छ । जिल्लामै २० क्वीन्टल जति चरेस बिक्छ । बाँकी भारत र तिब्बतमा लगेर बेचिन्छ ।" बझाङका सामान्य व्यापारीहरू भन्छन्, "जिल्लाबाट वर्षेनि ५०० क्वीन्टल गाँजा निकासी हुन्छ । २०/३० क्वीन्टल गाँजा जिल्लामै खपत हुन्छ ।"

## लुकिछिपी गर्छन् भने के गर्नु ?



**–जयराज सापकोटा**, डीएसपी, जिप्रका–बझाङ

**चैनपुर र गाउँका पसलहरूमा चरेस बिक्री भैरहेको छ । यहाँका विद्यार्थीमा चरेसको लत बढ्दै गएको छ, नियन्त्रण गर्न प्रहरीले कुनै योजना बनाएको छ ?**

त्यस्तो छ र ? मैले त देख्या छैन । विद्यार्थीले गाँजा चरेस खाएको भेटिएको छैन । दौलिचौर, सुर्मा, सैनपसेलातिर उत्पादन हुन्छ भन्ने अपुष्ट खबर चाहिं छ ।

**चैनपुर बजार र गाउँका पसलहरूमा रु.१० को एक डोजका हिसाबले बिकिरहेको छ, तपाईं कसरी छैन भन्नुहुन्छ ?**

त्यो मेरो जानकारीमा छैन । तपाईं देखाउनोस्, म छापा मार्न थाल्छु ।

चरेस खाएपछि घटना घट्छ । समूह बन्छ । त्यो समूहले गोप्य स्थान खोज्छ । त्यता गएर सेवन गर्छन् । तिनले झै-झगडा गर्छन्, चोरी गर्छन् । त्यस्तो घटना यहाँ छैन । उनीहरू भेला हुने ठाउँ पनि हामीले थाहा पाएका छैनौं । बजारमा झै-झगडा, चोरी भएको छैन । चरेस सेवन गरेको भए शान्ति खलबलिन्छ ।

जिल्लाको सुर्मा, दौलिचौर, काँडा, मेलबिसौना, दाँतोला, रिलु, कैलाश, गडराय, बाँझ, भामचौर, दहवगर, लेकगाउँ, सैनपसेला, चैनपुर, रिठापाटा, सुनिकोटलगायतका ३० भन्दा बढी गाविसमा व्यावसायिक गाँजा खेती गरिएको छ। यहाँ प्राकृतिक रूपमा उम्रिएका वन भाँगोको उत्पादन पनि ३०० क्वीन्टल जति हुन्छ। स्थानीय भाषामा भाँगो भनिए पनि ती सबै गाँजा नै हुन्। वनको भाँगो र खेती गरिएको भाँगो दुवैबाट चरेस उत्पादन गरिन्छ।

बझाङसँग सिमाना जोडिएको बाजुराका डोगडी, मानाकोट, दहकोट लगायतका गाविसमा पनि वार्षिक २० देखि ३० क्वीन्टल जति कालो चरेस उत्पादन हुन्छ। त्यो चरेस पनि बझाङकै बाटो भएर भारत र तिब्बत निकासी हुन्छ। गडरायका एक व्यापारीले नाम उल्लेख नगर्ने शर्तमा बताए– जिल्लाबाट निकासी हुने एक मात्र वस्तु यही मात्र हो।

## गाँजा–चरेस लोकमार्ग

गडरायमा बसेर गाँजा र चरेसको व्यापार गर्ने एक किसानले भने, "बझाङको चैनपुरबाट बैतडीको डाँसे फलिण्डेहुँदै डडेल्धुराको जोगबुढा पुगेर महेन्द्रनगर झर्न १५/२० दिन लाग्छ। पहिले हिंड्नुपर्थ्यो, धेरै दुःख हुन्थ्यो। गाडी थिएन। एउटा भरियाको नै रु.१५/२०

**सुदूरपश्चिममा प्रहरीले लागूऔषध कारोबारी विरुद्ध क्लिन स्विप अपरेसन चलाएको थियो बझाङमा यसको प्रभाव कस्तो रह्यो ?**

क्लिन स्विप भनेको प्रहरीको अपरेसनलाई एउटा नाम दिएको मात्र हो। प्रहरी अपरेसन त सधैं चलिरहन्छ। त्यो अभियानमा प्रहरी अलि बढी एक्टिभ गराइएको थियो।

**गाँजा खेतीबारे तपाईंहरूसँग कुनै तथ्याङ्क छ ?**

त्यसको लागत निकालेको छैन। तर दौलिचौर, सुर्मा कफलसेरी, दहवगर, भामचौर चाहिं बढी गाँजा खेती हुने क्षेत्र हो भनेर सुनेको हो।

**अचेल चरेस निकासी नभएको कि पक्राउ गर्न नसकेको ?**

निकासी नभएको त भन्न सकिँदैन। निकासी त भयो होला। मैले बुझेसम्म बुङगल साइड (दार्चुला र बैतडीसँग सिमाना नजिक रहेका जिल्लाको दक्षिणी भेगका १३ गाविस) बाट लिएर आउने अनि दार्चुलातिर लैजाने। त्यसपछि उता बैतडी झार्ने गर्छन् अरे। हामीले चौबीसै घण्टा सडकमा चेकिङ्ग गरेका छौं। अहिलेसम्म फेला परेको छैन। दार्चुला र बैतडीको पैदल मार्ग प्रयोग हुन्छ भन्ने सुनेको हो। हामी स्याडीमा चेक गर्छौं, रायलमा चेक गर्छौं। स्पष्ट कुरा के हो भने गाडीको बाटो भन्दा पनि दार्चुला र बैतडीको बाटो प्रयोग हुन्छ भन्ने मलाई गोग्य सूचना छ। म ठोकुवा साथ भन्छु यहाँ खुल्लमखुला चाहिं छैन। हाम्रो नजरमा नपारिकन लुकिछिपी गर्छन् भने त के गर्नु ?

हजार खर्च पुग्थ्यो। तर अचेल गाडी चलेपछि सजिलो भएको छ। भरियाको खर्च घटेर नाफा बढेको छ।"

मंसीरको पहिलो साता ४५० किलो चरेस महेन्द्रनगर पुऱ्याएर फर्केका रिलुका व्यापारीले भने, "गाडी पुगेपछि १५/२० दिनमै दुई/तीन ट्रिप गर्न सकिने भयो। पहिले भरिया लगाउँदा एक किलोको रु.३०/४० भाडा पर्दथ्यो भने अहिले गाडीबाट लैजाँदा किलोको रु.५ देखि ८ पर्छ। व्यापारीले स्थानीय उत्पादकबाट भने प्रति तोला (११.६६२ ग्राम जति) रु.१२० देखि रु.१७० सम्ममा चरेस खरीद गर्ने गरेको बताए। उनले भने, ८६ तोलाको एक किलो हुन्छ। यस हिसाबमा, अत्तर (चरेस) को नमूना (गुणस्तर) हेरेर गाउँले किसानसँग किलोको रु.१२ हजारदेखि रु.१७ हजार तिरेर किन्नुपर्दछ। तर महेन्द्रनगर वा धनगढीमा पुऱ्याउन पाए किलोको भारु १५ हजारदेखि १७ हजार पाइन्छ। नेपाली पैसा तुरुन्तै भारतीय नगद बन्छ।

धनगढीका व्यापारी भन्छन्– एक किसान परिवारले बढीमा ५ देखि १० किलोसम्म चरेस ल्याउँछन्। बझाङमा भैरवनाथको लोतु र रिलुको दय अनि बाजुराको डोगडी मानाकोट र दहकोटको चरेस राम्रो हुने हुनाले मोल बढी पर्छ।

ती व्यापारीले भने– हामीले भन्दा तिब्बती भोटेहरूले बढी मोल दिन्छन्। चीनमा लागूऔषध सम्बन्धी कडा कानून भएको र ढुवानी गर्दा पनि हिमालको बाटो भएर धेरै दिन पैदल हिंडेर बजारमा पुऱ्याउनुपर्ने भएकोले मूल्य बढी पर्छ। तर कञ्चनपुर र कैलालीबाट

## सिंह परिवार ध्वस्त भयो

१२ वर्षअघि बझाङको कैलाश-३ पिमी गाउँका ललि सिंहको घरमा खुशीको साम्राज्य थियो। आमा बितिसकेकी भए पनि बुबा तेजबहादुर सिंहका तीन भाइ छोरा ललि, चखे र पब्बुको दैनिकी सामान्य थियो। आर्थिक समस्या भए पनि ललि सिंह बुबाका साथ देश, भोट गरेर घरखर्च चलाउँथे। माइलो चखे र कान्छो पब्बु स्कूल जान्थे।

समयसँगै ५ कक्षामा पढ्ने चखे सिंहलाई चरेस खाने लत लाग्यो। जेहेन्दार छात्रको रूपमा चिनिंदै आएको चखे ६ कक्षामा दुई पटक फेल भयो।

बाबु तेजबहादुरले चरेस छुटाउन आफूले मजदूरी गर्ने ठाउँ भारतको केदारनाथ लगे। तर चखेले चरेस खान छाडेन। बाबुले घर फर्काएर बिहे गरिदिए। तर उसको लत छुटेन। श्रीमती पनि घर झगडाले आजित भइन्। एक पटक त चखेले पिटेर उनको एउटा आँखो नै फुटाइदियो। आँखाको उपचार गराउन आफन्तसँग भारतको बैङ्गलोर गएकी उनी घर फर्किनन्।

चखेसँगै उसको भाइ पब्बुले पनि १२ वर्षको उमेरमै चरेस खान सिक्यो। पब्बुले पनि पढ्न छाडिदियो। पब्बुको हालत चखेको भन्दा खराब भयो। अत्यधिक चरेसका कारण उसको मानसिक सन्तुलन नै बिग्रियो। कहिले जंगलमै बास बस्ने, कहिले घरमा

भारत निकासी गर्न सजिलो र सुरक्षित हुने भएकाले ९० प्रतिशत भन्दा बढी गाँजा र चरेस यिनै नाका भएर विदेश जान्छन् ।

महेन्द्रनगर नाकाबाट मात्र ७० प्रतिशतको जति निकासी हुने गरेको कुरा केही कारोबारीहरूले बताए । उनीहरूका अनुसार, बुटवलको सुनौली भन्सार र नेपालगञ्जको रुपैडिया नाकाबाट पनि जाने गरेको छ । केहीले गाडीमा हालेर काठमाडौं लैजाने गरेका छन् ।

तर बझाङका डीएसपी जयराज सापकोटाले भने गाडीबाट गाँजा चरेस ओसारपसार भैरहेको कुरालाई अस्वीकार गर्दै भने, हामीले कडा जाँच गर्ने गरेका छौं, लुकछिपी जानेलाई के गर्नु ? *(हे. अन्तर्वार्ता)*

सापकोटाले गाडीमार्फत गाँजा चरेस ढुवानी हुने कुरालाई अस्वीकार गरे पनि २०६८ यता पक्राउ परेका गाँजा र चरेस अधिकांशतः गाडीकै बाटो भएर गएको देखिन्छ। ७ मंसीर २०६८ मा बझाङबाट डडेल्धुरा गइरहेको गाडीमा गाग्रीमा लुकाएर लैजाँदै गरेको अवस्थामा डडेल्धुराका करी टमटा, पुरन टमटा, कञ्चनपुरका सुरेन्द्र बोहरा, गणेश टमटा, यज्ञराज भण्डारी, बैतडीका राजेश बोहरा र बानी टमटालाई पक्राउ गरेको थियो। यसैगरी सोही वर्ष ४ मंसीरमा महाकाली यातायातको यात्रुवाहक बसमा महेन्द्रनगरतर्फ लुकाएर लैजाँदै गरेको अवस्थामा बझाङ कँडेलका मदन ऐडी, बैतडी सित्तडका धर्मानन्द जोशी र गणेशदत्त जोशीलाई १२१ केजी चरेससहित बझाङको स्याडीमा प्रहरीले पक्राउ गरेको थियो।

आएर जेठा दाजु र उनका परिवारसँग झगडा गर्ने त कहिले बाटोमा हिंडिरहेका मानिसहरूलाई गालीगलौज गर्ने, केटाकेटीलाई कुटपीट गर्ने जस्ता अस्वाभाविक व्यवहार देखाउन थाल्यो ।

यता जेठो दाइ ललि सिंहका चार छोराछोरी भइसकेका थिए। बाबुको मृत्युपछि परिवारको जिम्मेवारी ललि माथि आएको थियो । गरीब परिवार थियो । भाइहरू चरेसले बिग्रिएका थिए ।

यसमाथि कान्छी छोरी लाटी जन्मिएपछि दुःख मेटाउने प्रयासमा ललि पनि मदिराको मातमा झुल्न थाल्यो । अनि उनको जेठो छोरो गोपालको पढाइ छुट्यो । काका र बाबु नसामा लट्ठिएपछि परिवारको जिम्मा गोपालको काँधमा आयो। अनि गोपाल पनि श्रीमती लिएर भारतको बैङ्लोरमा चौकीदारी गर्न पलायन भयो ।

मदिराले मात्तिएको अवस्थामा भेटिएका ललिलाई भाइहरू कता छन् भनेर सोध्दा मरिसकेको र उनीहरूको बारेमा आफूसँग कुरा नगर्न आग्रह गरे । चखे सिंहको मानसिक अवस्था ठीक छैन। छिमेकीहरू भन्छन्– पागल भएर बेसुरा भैसक्यो। पब्बु सिंह कहिले जंगलमा, कहिले खेतमा बास बस्छ ।

कैलाश पिमी गाउँको सिंह परिवार चरेसकै कारणले ध्वस्त भयो ।

१७ माघ २०६८ मा बझाङ मेलविसौनाका रामबहादुर बुढा ६०० ग्राम चरेससहित बसमै पक्राउ परेका थिए। १७ साउन २०६९ मा १३ किलो २० ग्राम चरेससहित सुर्माका ऐनबहादुर बोहरालाई गाडी समेत प्रहरीले पक्राउ गरेको थियो। ९ मंसीर २०६९ मा स्याडी चौकीलाई छल्नका लागि पैदल लगेर विथ्थडबाट गाडीमा राख्ने तयारीका साथ ओडारमा लुकाइएको ६४ किलो चरेस बेवारिसे अवस्थामा प्रहरीले फेला पारेको थियो।

तर यो वर्ष संविधानसभाको चुनावको मेसो परेकोले कोही पक्राउ परेनन्। क्वीन्टलको भारी बनेर जाने गाँजा र चरेस पक्राउ पर्दा चाहिं किलोको वजन मात्र देखाइने गरिएको छ।

(२०७० **चैत १० गतेको *अन्नपूर्ण पोष्ट* दैनिकमा प्रकाशित**)

तुफान न्यौपाने

१८

# मध्यपश्चिम : महिलाका शिकारी

ग्रामीण बस्तीमा फैलिएका महिलाका शिकारीहरूले चीलले चल्ला टिपे झैं नेपाली चेलीहरू टिपेर दिल्ली, पञ्जाब र खाडी मुलुकमा लगेर शिकार गरिरहेका छन्। महिला शिकारीहरूले स्थानीय प्रहरीसँग सुमधुर सम्बन्ध राखेर प्रहरीकै सहयोगमा उन्मुक्ति पाइरहेका छन्। यिनका विरुद्ध परेका कतिपय उजुरीहरू प्रहरी चौकीबाटै गायब हुने गरेका छन् भने अदालत पुऱ्याएर मुद्दा चलाउनुपर्ने फाइल समेत बेपत्ता पारिएका छन्। यसरी उम्कने मौका पाएकाहरूले एकपछि अर्को महिलाको शिकार गरेको पाइएको छ। मध्यपश्चिमका चेलीहरू यस्तै शिकारीहरूको जालोमा पर्दै आएका छन्।

## सक्रिय छन् महिलाका शिकारी


बाँके, कोहलपुर-८ की नन्दकला भुसाल यस्तै जालोमा परेर तिघ्रा र भित्री अंगमा तातो ईस्त्रीले डामेको अग्नि छापसहित फर्किएकी छिन्। कमाउन भनेर भारत गएको पतिको दुई वर्षसम्म अत्तोपत्तो नभएपछि टाउकोमा रोग बोकेको छोरा र छोरी पाल्न कठिनाइ भोगिरहेकी नन्दकलालाई बाँके रञ्जेना-७ का चन्द्रकान्त सापकोटा र उनकी पत्नी पूर्णकला सापकोटाले विदेशमा 'राम्रो काम' लगाइदिने लोभ देखाएर मुम्बई पुऱ्याए।

उनको नागरिकता र पासपोर्ट चन्द्रकान्तले नै बनाइदिएका थिए। १२ जेठ २०६५ मा चन्द्रकान्त र उनकी पत्नी पूर्णकलासँगै नन्दकला मुम्बई पुगिन्। त्यहाँ भिसा बनाएर २२ जेठ २०६५ मा साउदी उडाइदिए।

भन्छिन्, साउदीमा उनलाई लिन एक जना पुरुष एयरपोर्टमा आयो। त्यसले आफ्नो घरमा हाउसमेड बनाएर राख्यो। अनि (यौन) दुर्व्यवहार गर्न थाल्यो। घरधनी र उसका साथीले ८ महीनासम्म ज्यादती गरे। नन्दकलाले थपिन्- म त बेचिएकी रहेछु। शारीरिक सम्पर्कका लागि राजी नहुँदा तातो ईस्त्रीले डामिदिए।



बाँके, कोहलपुर–८ की नन्दकला भुसाल तिघ्रामा तातो ईस्त्रीले डामेको अग्नि छाप देखाउँदै ।




श्री ५ को सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
नेपाली नागरिकताको प्रमाण-पत्र
नाम थर:–
जन्मस्थान ... अञ्चल ... जिल्ला
... नगर/गाउँ पञ्चायत ... नं. वडा
स्थायी बसोबास ... अञ्चल ... जिल्ला
... नगर/गाउँ पञ्चायत ... नं. वडा
जन्म मिति
बाबुको नाम, थर, वतन:–
पतिको नाम थर:–

नागरिकता ऐन २०२० (संशोधन सहित) बमोजिम यो नागरिकताको प्रमाण-पत्र दिइएको छ।

चन्द्रकान्त सापकोटाको नागरिकताको प्रतिलिपि ।



गीता शाही



निज मासकिनले मलाई [redacted]बरजस्ती एक[redacted] पुरुष मानिस रहेको कोठामा लगी
बाहिरबाट ढोका बन्द गरी दियो । त्यहा गएपछि कोठामा रहेको मधेशी पुरुषले
जबरजस्ती मेरो अस्तित्व हरण गर्‍यो, लुट्यो । म चिच्याए, रोए, कराए कोही पनि
बचाएन । त्यसपछि मैले थाहा पाएकी मलाई विवाह गर्ने बहानामा भुक्याई परिपञ्च
गरी दिल्लीमा त्यांई कोठीमा बिक्री गरी वेश्या वृत्तिमा लगाएका रहेछन । त्यस पछि
दैनिक २०।२५ जना पुरुषसँग जबरजस्ती इच्छा विपरित अस्तित्व लुटाउनु पर्‍यो ।




सेते भनिने पवन पुन मगर

कपिलवस्तु जिल्लाबाट नागरिकता लिएका चन्द्रकान्त लामो समयदेखि बाँके रझेना-७ मा बस्दै आएका थिए। उनका विरुद्ध बाँके प्रहरीमा तीन वटा उजुरी परेका छन्।

## चन्द्रकान्त–प्रहरी सम्बन्ध

साउदीमा दुःख पाएर नेपाल फर्केकी नन्दकलाले पनि २० माघ २०६५ मा इप्रका कोहलपुरमा चन्द्रकान्त सापकोटा विरुद्ध जाहेरी दिइन् । नन्दकलाले भनिन्, "पहिले त प्रहरीले उजुरी लिनै मानेन । जाहेरी बुझ्न परेपछि चन्द्रकान्तलाई नै भगाइदियो । ऊ अहिलेसम्म फरार छ ।"

यस मुद्दाको अनुसन्धान गर्दै जाँदा इप्रका कोहलपुरबाटै चन्द्रकान्त विरुद्ध नन्दकलाको फाइल गायब पारिएको पाइयो। चन्द्रकान्त विरुद्ध नन्दकला भुसालले इप्रका कोहलपुरमा दिएको जाहेरी मुद्दा नम्बर ६४ मा चन्द्रकान्तको मुद्दा छ। यी कागजात अहिले प्रहरी कार्यालयमा छैनन् ।

इप्रका कोहलपुरमा परेका उजुरीबारे रेकर्ड राख्ने १० नम्बर डायरीको ६४औं नम्बरमा चन्द्रकान्त विरुद्धको मुद्दा सरकारी वकीलको कार्यालयमा पेश भइसकेको उल्लेख गरिएको छ। जसमा चन्द्रकान्त पक्राउ परे/नपरेको विवरण र मुद्दा पेश भएको मिति आदि भर्नुपर्ने ठाउँ खाली छन् ।

बाँके जिल्ला सरकारी वकीलको कार्यालय र जिल्ला अदालतमा यस मुद्दासम्बन्धी कुनै रेकर्ड भेटिँदैन। चन्द्रकान्त विरुद्धका मिसिल इप्रका कोहलपुरका प्रहरीले पनि भेट्टाउन सकेनन् ।

२०६५ माघमा इप्रका कोहलपुरको दरबन्दीका प्रमुख थिए- प्रहरी निरीक्षक मीनबहादुर रावल। उनको ठाउँमा कमल गिरी काजमा थिए। हाल क्षेत्रीय प्रहरी कार्यालय सुर्खेतमा कार्यरत गिरीले चन्द्रकान्तको मुद्दाबारे अहिले आफूलाई कुनै सम्झना नभएको र आफ्नो पालामा मानव बेचबिखन सम्बन्धी कुनै मुद्दा नचलेको बताए। उनले टेलिफोन सम्पर्कमा बताए– प्रहरीबाट त्यस्तो कुनै गडबडी हुन सक्तैन। उनले सुझाए- त्यसबखत मुद्दा शाखामा काम गर्ने असईलाई यसबारे जानकारी हुन सक्छ, उसैसँग बुझ्नू।

त्यसबेला मुद्दा शाखामा काम गर्ने एक प्रहरीले परिचय गोप्य राख्ने शर्तमा भने, चन्द्रकान्त र उनकी श्रीमतीको विरुद्ध जाहेरी परेको थियो। चन्द्रकान्त चौकीमा आउजाउ गरेकोसम्म सम्झना छ। तर मुद्दा किन चलेन भन्ने कुरा चाहिं थाहा छैन। त्यस मुद्दाको अनुसन्धान अधिकृत असई गणेश खड्का थिए।

प्रहरीले मुद्दा तयार पारे पनि जिल्ला अदालत र सरकारी वकीलको कार्यालयसम्म पुऱ्याएन। इप्रका कोहलपुरले १० नम्बर डायरीमा चढाइसकेको मुद्दाको मिसिल आफूसँग पनि नराख्नु र सम्बन्धित निकायसम्म पनि नपुऱ्याउनुले मानव तस्करसँग प्रहरीको गोप्य सम्बन्ध देखिन आयो।

## चीलले चल्ला टिपे झैं

प्रहरीले आफू विरुद्धको नन्दकलाको उजुरीलाई गायब गरिदिएपछि चन्द्रकान्तले अन्य महिलालाई विदेश लैजान थाले।

१ साउन २०६७ मा बाँके कोहलपुर-१ की गीता शाही (३६) लाई चन्द्रकान्तले विदेश लगे। गीताकी छोरी आस्थाले भनिन्– चन्द्रकान्त हाम्रै घरमा डेरा गरेर बस्थ्यो। उसैको साथ लागेर आमा दिल्ली गएकी थिइन्। उतैबाट साउदी पुगिछन्। एकपटक सम्पर्क हुँदा उनले आफू नरकमा परेर ठूलो यातना भोग्नु परेकोले उद्धार गरिदिनुपऱ्यो भनेकी थिइन्। आमाले ९६६५०४४३३९०९ नम्बरबाट कुरा गर्नुभएको थियो, त्यसपछि सम्पर्क टुट्यो। चन्द्रकान्तले मेरो आमालाई बेपत्ता पारिदियो।

१९ असोज २०७० मा बुबा बित्दा आस्थाले आमा गीताको खोजी गरिन्। भन्छिन्- सम्पर्क हुन १२ दिन लाग्यो। त्यसबेला आमाले आफू साउदीको रियाद शहरको आल्गा भन्ने ठाउँमा रहेको, धेरै दुःख पाएकीले उद्धार गरिदेऊ भन्नुभयो। अनि प्रहरीमा गएर चन्द्रकान्तलाई पक्राउ गरी आमाको उद्धार गरिदिन निवेदन दिएँ। प्रहरीले खोजी गरेको नगरेको थाहा छैन।

२१ असोज २०६८ मा चन्द्रकान्तले बाँके वासुदेवपुर-१ की मनमाली घर्तीमगर (३८) लाई 'राम्रो काम' को लगाइदिने भनेर भारतहुँदै साउदी पुऱ्याए। मनमाली बेपत्ता छिन्। उनका श्रीमान् पलबहादुर घर्तीमगरले आफ्नी श्रीमती बेचिएको आशंकामा चन्द्रकान्त विरुद्ध प्रहरीमा उजुरी दिएका छन्। भन्छन्– प्रहरीले खोजी गरेको छैन।

## शिकारीको सञ्जाल

१८ फागुन २०६६ मा बाँके कोहलपुर-४ की १६ वर्षीय मीनतारा विक आफ्नो प्रेमी सेते भन्ने पवन मगरसँग रुपैडिहाको बाटोहुँदै दिल्ली, जीबी रोडमा राजु ठाकुर दम्पतीले चलाएको ५७ नम्बर कोठीमा पुगिन्।

भन्छिन्– तर भोलिपल्टै सेते हरायो। अनि ठाकुरका लोग्ने-स्वास्नी आएर भने, सेतेले १७ हजार (भारु) लिएर तिमीलाई यहाँ छोडेको हो। अब तिमीले 'काम' गरेर तिर्नुपर्छ। मीनतारा दिल्लीमै शरीर बन्धकमा परिन्। त्यहाँ उनले ८ महीनासम्म नारकीय जीवन भोग्नुपऱ्यो।

छिन्चु-९ सुर्खेतका २६ वर्षीय सेते भन्ने पवन पुनमगरसँग दिल्लीमै घरजम गर्न भनेर हिंडेकी मीनतारा ८ महीनापछि घर फर्कंदा उनको स्वास्थ्य गलिसकेको थियो।

मीनतारा भन्छिन्, "सेते बिरामी हुँदा मैले उपचार गराएकी थिएँ। त्यसले मलाई बेच्ला जस्तो लागेको थिएन। म त नरकमै परें नि ! बिरामी पर्दा पनि छाडेनन्। मेडिकलमा उपचार गराउँदा पनि सञ्चो नभएपछि भागें। अहिले त सम्झँदा पनि कहाली लाग्छ।"

मीनताराले नेपाल आएपछि प्रहरीलाई बयान लेखाइन्– कोठी मालिकले दिनमा २० देखि २५ जना पठाउँथ्यो। विरोध गरे मालिक्नीले गालीगलौज र कुटपीट गर्थी। म चिच्याएँ, रोएँ, कराएँ। तर कसैले सुनेनन्।

मीनताराले प्रहरीमा उजुरी दिएपछि सेते भन्ने पवन पक्राउ पऱ्यो। उसले यसअघि पनि छिन्चु-८ कै २३ वर्षकी रीता वली र जुम्लाकी २८ वर्षकी गीता रोकायालाई उही ठाकुर दम्पतीकहाँ पुऱ्याएर क्रमशः भारु १४ र १८ हजार लिएर फर्किएको बयान दियो।

मीनताराको बारेमा बयान दिंदै भन्यो, दिल्लीको राजु ठाकुरकहाँ लगेर पहिले भारु १५ हजार लिएँ, पछि थप दुई हजार पाएँ।

पवनको पक्षबाट जिल्ला अदालत र पुनरावदेन अदालतमा बहस गरिरहेका अधिवक्ता गोविन्द चवाई भन्छन्– उसले १५ जना युवतीलाई बेचिसकेको कुरा अदालतमै कबूल गरेको हुनाले जेल परेको छ। उसमा पश्चात्ताप र हीनताभाव रत्तिभर छैन।

## पन्जाब उपकारनगर घर नम्बर १३८

कक्षा ८ मा पढिरहेकी कोहलपुर-३ की सुनिता पौडेल (१६) चाहिं 'उपकारी' जयबहादुर सुनारको फन्दामा परिन्। जयबहादुरकी पत्नी शान्ता र सासू कमला सुनार मिलेर सुनितालाई पुस २०६७ मा भारत पञ्जाबको उपकारनगर पुऱ्याएर घर नम्बर १३८ की मालिक्नी सुनिता सेठलाई दिए।

सुनिता भन्छिन्- केही दिन मैनबत्ती बनाउन लगाएँ। अनि त्यही घरमा राखिएको हिना संगीत तथा नाट्य समूहमा लगेर नाच्न लगाए। त्यसपछि नराम्रो काममा लगाए। त्यो त कोठी पो रहेछ। म त बेचिइसकेकी रहिछु। रुनु बाहेक केही गर्न सकिनँ। उनले थपिन्, साँझ परेपछि शरीर बेच्नुपर्थ्यो। मलाई किन्न भारु ४० हजार लागेको भनेर ७ वर्ष काम गर्नुपर्ने भनेर 'कागजपत्र' तयार पारेर सही गराए।

सम्झौताको बुँदा नम्बर ३ मा कपडा र मेकअपका लागि मालिक्नीले खर्च बेहोर्ने उल्लेख छ भने बुँदा नम्बर ४ मा मालिक्नीले भनेबमोजिम जुनसुकै समय र स्थानमा सुनिता पुग्नुपर्ने लेखिएको छ।

सुनिता बिरामी परेपछि उपचार गराउने सिलसिलामा भागेर नेपाल आइन्। तर आफूले तिरेको पैसा नउठेको भनी सुनितालाई खोज्दै वेश्यालय सञ्चालिका सुनिता सेठ पनि नेपाल आइपुगिन्। यसैबेला उनी नेपालमै पक्राउ परिन्। सुनिताले मुद्दा हालेपछि जयबहादुर र शान्ता सुनार पनि पक्राउ परे। तीनै जना हाल जेलमा छन्।

१७ माघ २०६८ मा जिल्ला न्यायाधीश कृष्णकमल अधिकारीको इजलासले तीनै जनालाई १० वर्ष कैद र रु.५० हजार जरिवाना तथा पीडकहरूबाट पीडितलाई दामासाहीले रु.३० हजार क्षतिपूर्ति भराइदिने फैसला गरिदियो।

सुनिता अहिले नेपालगञ्जमै टेलरिङ चलाउँछिन्। भन्छिन्- यहीं काम गरेर पनि जीवन चलाउन सकिंदो रहेछ।

## महिला व्यापारमा महिला

मीठू शाहको 'मीठो' बोलीमा लट्ठिन्छन्, विदेशमा 'राम्रो काम' खोज्ने नेपाली चेलीहरू। दाङ पुरन्धारा-४ निवासी मीठूले २०६७ मा खलङ्गा-८, रावतगाउँ जाजरकोटकी वीरेन्द्रा



जयबहादुर सुनार



शान्ता सुनार



सुनिता सेठ




बन्धकपत्र





वीरेन्द्राको फोटो टाँसेको गीता बिकको नागरिकता र राहदानी।





वीरेन्द्राको राहदानी।



मिठू शाह

बिकलाई भारतको दिल्लीहुँदै साउदी पठाएकी थिइन् । वीरेन्द्रालाई उनका फुपू र फुपाजु पर्ने बाँकेको रञ्जेना-४ बस्ने भद्री कामी र पर्से कामीले नेपालगञ्ज ल्याएर मीठूसँग सम्पर्क गराइदिएका थिए ।

नेपालगञ्ज गएकी छोरी हराएपछि वीरेन्द्राका बाबु सर्वजित बिकले खोजी गर्दै जाँदा दाङ पुरन्धाराकी मीठू शाहीले विदेश पठाएको थाहा पाए । बुझ्दै जाँदा मीठूका विरुद्ध प्रहरीमा २०६७ मै उजुरी परेर उनी भारतमै लुकिरहेकी थाहा पाए । अनि उनले पनि उजुरी हालिदिए । २०६८ सालमा नेपाल आएको मौकामा प्रहरीले मीठूलाई पक्राउ गयो ।

मीठूले जाजरकोट खलङ्गा-८ की वीरेन्द्रा बिकलाई जाजरकोटकै भूर-२ की गीता बिकको नागरिकता र पासपोर्टबाट दिल्लीमै ८० दिनको "पर्यटन भिसा बनाइदिएर साउदी अरब पठाएकी थिइन् । वीरेन्द्रा भन्छिन्, "मलाई नराम्रो ठाउँमा पठाए । एउटा खुट्टा पनि भाँचिदिए । धेरै दुःख पाएँ ।"

मीठूलाई बाँके बेतहनी-१ बस्ने पुष्पा थापालाई ३ चैत २०६६ मा भारतको मुम्बई लगेर १६ चैत २०६६ साउदीमा बेचेको मुद्दा पनि लागेको छ । पुष्पा भन्छिन्– साउदीमा पुगेपछि, तँलाई १ लाख २० हजारमा किनेका हौं, हामीले जे जे भन्छौं, त्यो मान्नुपर्छ भनेर दलाए । उनले जाहेरीमा भनेकी छन्– साउदीमा यौन शोषण तथा शारीरिक र मानसिक यातना सहन पर्‍यो ।

मीठूलाई बाँके जिल्ला अदालतले पुष्पाको मुद्दामा दोषी ठहर गर्दै १० वर्ष कैद र रु.१ लाख जरिवाना गरेको छ । वीरेन्द्रा बिकको मुद्दा भने जिल्ला अदालतमा विचाराधीन छ ।

## नेपालमै कमाइ छ

**– सुनिता पौडेल**



**मैनबत्ती** उद्योगमा काम गरेर महीनाको रु.२५/३० हजार कमाउन सकिन्छ भनेर पञ्जाब लगे । मलाई त कोठीमा बिक्री गरिदिएछन् । 'नराम्रो काम गर्न नमान्दा कुटपीट गर्थे । नेपाल फर्केपछि साथी संस्थाको सेल्टरमा तीन महीना बसें । त्यहीं सिलाइ कटाइ सिकें । महिला विकासले दिएको रु.१० हजारले एउटा मेसिन किनें । अहिले गुजारा मात्र होइन बचत पनि गर्न थालेकी छु । एड्भान्स तालीम लिंदैछु । बहिनीलाई पढाएकी छु । हजुरआमालाई सघाउँछु । तर पुराना कुराले पिरोल्छ । काममा व्यस्त हुँदा बिर्सन्छु । नेपालमै कमाइ छ, कतै जानु पर्दैन ।

बाँके जिल्ला कारागारमा कैद भुक्तान गरिरहेकी मीठू भन्छिन्, “म र मेरा श्रीमान् रोजगारीका लागि बाहिर जान चाहनेहरूलाई भारतमै बसेर विदेश पठाउने काम गर्छौं। हामीले त कागजात बनाएर पठाइदिने हो। किनबेच गर्ने होइन। गरीब परिवारका महिलालाई विदेश पठाएकी हुँ। विदेशमा नराम्रो काम पऱ्यो भनेर हामीलाई मानव बेचबिखनको मुद्दा लगाउन पाइँदैन।”

**नक्कली प्रमाणपत्र बनाउने कारखाना**

कोहलपुर कुटीका भीमबहादुर बिक र माने दमाईमार्फत कुवेत उडेकी बाँकेको कोहलपुर-३ की गंगा दमाई अझै हराइरहेकी छिन्। गंगाका पति प्रेमबहादुर भन्छन्, “उसलाई बेपत्तै पारिदिए।”

गंगाका सबै कागजात घरेलु कामदारका रूपमा कुवेत जाने गरी बनाइएको छ। तर भिसा भने दुई महीनाका लागि मात्र छ। जानकारहरू भन्छन्, “घरेलु कामदार (हाउस मेड) का लागि दुई वर्षको भिसा दिइन्छ। दुई महीनाको भिसा त पर्यटकका लागि मात्र हो।”

## कारबाही होस्

**–वीरेन्द्रा बिक**



श्रीमान्ले अर्को बिहे गरेपछि माइतीमै बसेकी थिएँ। बाँकेको रक्सेना बस्ने फुपू र फुपाजु नाता पर्ने पर्से र भद्री कामी मेरा माइतीमै आएर नेपालगञ्ज जाऊँ भने। म उनीहरूसँगै आएँ। उनीहरूले– तिम्रो घरबार बिग्रेको छ। दुइटी छोरी पाल्न गाह्रो छ। हामीले चिनेको मान्छेले साउदीमा मान्छे पठाउँछ। त्यहाँ घरको काम गरेर महीनाको १६ हजार आईसी कमाइ हुन्छ, जाऊँ भन्न थाले। आफूसँग पैसा र चाहिने कागजात केही थिएन। मिठूले मै पैसा हालिदिन्छु, नागरिकता र पासपोर्ट दिल्लीमै बनाइदिन्छु भनिन्। म उनीसँगै दिल्ली गएँ। १३ जेठ २०६७ मा साउदी पुगें। साउदी ओर्लेको दिनैदेखि नै यौन शोषणमा परें। मालिकले तँलाई २० हजार रियालमा किनेको भनेर अत्याचारै गर्न थाले। फलामको डण्डाले हानेर मेरो देब्रे खुट्टा भाँचिदिए। अहिले पनि सोझो हिंड्न सक्दिनँ। तिनलाई कारबाही होस्।

उनको नेपाल लाइफ इन्स्योरेन्स र द बहराइन कुवेत इन्स्योरेन्स कर्पोरेसनबाट जीवन बीमा गर्ने रोजगारदाता कम्पनी चाहिं हाडी महसान मोक्वाइल नास्सेर अलाज्मी (HADI MASHAAN MOAIQEL NASSER ALAJMI) लेखिएको छ । कुवेतस्थित नेपाली राजदूतावासले वैदेशिक रोजगार विभाग काठमाडौंलाई श्रम स्वीकृति दिन गरेको सिफारिस पत्रमा दुई वर्ष तोकिए पनि कुवेतको अध्यागमन विभागले भने उनलाई दुई महीनाका लागि मात्रै भिसा दिएको छ ।

यिनको कागजातमा दुईथरी सूचना देखेपछि वैदेशिक रोजगारका क्रममा बेचिएका महिलाको उद्धारको क्षेत्रमा काम गर्दै आएका माइती नेपालका नेपालगञ्ज कार्यालय प्रमुख केशव कोइरालाले सबै कागज नक्कली हुनसक्ने बताए ।

कुवेतको अध्यागमन विभागको प्रवेशाज्ञा पत्रमा ७ नोभेम्बर २०१३ देखि दुई महीनाका लागि मात्र कुवेतमा रहन इजाजत दिइएको उल्लेख छ । तर १५ डिसेम्बर २०१३ मा नेपाल लाइफ इन्स्योरेन्ससँग भएको बीमा (बीमा नं १०१२४१११) सम्झौतामा सोही दिनदेखि १५ डिसेम्बर २०१५ सम्म सम्झौता लागू हुने उल्लेख गरिएको छ । जसमा हस्ताक्षर गर्ने 'अधिकारप्राप्त अधिकारी' को नाम र पद, जाँच गर्नेको नाम खाली राखिएको छ । अभिलेखमा रहेको नम्बर (१११४९६८४६) मा बीमाको रसिद नम्बर (४९७०९४) भरिएको छ । तर बीमितले इच्छाएको व्यक्तिको विवरण भरिएको छैन । बाँके कोहलपुरकी गंगा दमाईको ठेगाना सुर्खेत भरिएको छ ।

अचम्मलाग्दो त के छ भने, ७ नोभेम्बरमा भिसा आइसकेपछि, २ डिसेम्बर २०१३ मा प्रहरी हेडक्वाटर, अपराध अनुसन्धान शाखाले 'प्रहरी रिपोर्ट' दिएको छ । मित्रनगर-२९, नयाँ बसपार्क काठमाडौंको क्यापिटल मेडिकल सेन्टरले ३ डिसेम्बर २०१३ मा स्वास्थ्य परीक्षण गरी निरोगिताको प्रमाणपत्र दिएको छ । नेपाल लाइफ इन्स्योरेन्ससँगको बीमा सम्झौता बाहेकका अन्य सबै कागजातले प्रहरी रिपोर्ट प्राप्त भएको र स्वास्थ्य परीक्षण भएको मितिमा गंगा कुबेत पुगिसकेको देखाउँछ ।

यसरी नै कुवेत पुगेकी सूर्यपटुवा-९ बर्दियाकी सवोनी थारू पनि हराइरहेकी छिन् । ०५९०४५४६ नम्बरको पासपोर्टमार्फत उडेकी उनलाई पनि दुई महीनाको भिसा थियो । तर अन्य सबै कागजातहरू दुई वर्षका लागि बनाइएका छन् । सर्भिस सर्टिफिकेट, बहराइन कुवेत इन्स्योरेन्स कर्पोरेसनको जीवन बीमा पनि दुई वर्षको छ ।

यी दुई महिला नेपालमै नक्कली कागजात बनाएर पर्यटक भिसामा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाटै विदेश गए । यस्ता संगठित गिरोहले नेपाली चेलीहरूलाई लगातार संकटमा फँसाइरहेका छन् ।

(२०७० **चैत ३०–वैशाख ६ को** ***हिमाल*** **खबरपत्रिका साप्ताहिकमा प्रकाशित**)



हराइरहेका युवतीहरू दलालको साथमा बम्बईमा फोटो खिचाउँदै ।



नेपाल आइपुगेको लासको बाकस ।



शोषणमा परेर भर्खरै घर फर्किएकी देवी राया ।



अलपत्र परेका युवतीहरू अवुधावी दूतावासमा ।

■ टीकाराम नेती 

# विपन्न र निरक्षर महिला : भेडाबाख्रासरि बिक्रीमा

भारतको दिल्ली, मुम्बई र खाडीका विभिन्न देशमा अमानवीय यातना भोगेर चार युवती- लक्ष्मी लिङदेन, गायत्री कार्की, देवी राया र ज्ञानमाया प्रसाई हालै नेपाल फर्किएका छन्। तर दलालहरूले उनीहरूको नागरिकता र पासपोर्ट कब्जामा राखेर फेरि उतै लैजान कसरत गरिरहेका छन्।

दर्तावाल वैदेशिक रोजगार व्यवसायीसम्म पुग्ने हैसियत नभएका अति गरीब, अल्पसंख्यक र निरक्षर महिलाहरू यस्तै संगठित अपराधीहरूको जालोमा पर्दै आएका छन्। यस्ता युवतीले विदेशी भाषा जान्नु र कुनै सीप सिक्नु पनि पर्दैन। नागरिकता, पासपोर्ट र भिसा बनाउने झन्झट तथा बस वा हवाईजहाज अनि खानाको खर्च पनि बेहोर्नु पर्दैन। उमेर र स्वस्थ शरीर भए पुग्छ। तर दिल्ली वा बम्बई पुगेपछि भने 'दलाल ऋण' तिर्न कम्तीमा तीन महीना 'काम' गर्नुपर्छ। त्यसपछि यिनलाई खाडी वा अन्यत्र पुऱ्याइन्छ, जहाँ उनीहरूले 'आफू किनिएको ऋण' तिर्न नारकीय जीवन भोग्नुपर्छ। यस क्रममा विदेशी भूमिमा बेपत्ता हुने र मर्ने चेलीहरूको संख्या बढ्दै गएर नेपालमा लासको बाकस आउने क्रम चलिरहन्छ।

गाउँबाट उम्काइएका यस्ता चेलीहरूलाई दार्जीलिङ, जलपाईगुडीहुँदै दिल्ली र बम्बई पुऱ्याइन्छ। त्यहाँ तीन महीनाको श्रम असुली गरेपछि पर्यटक भिसामा खाडी वा अन्य देशको धन्दा चलाउन बेचिन्छन्। यस्ता युवतीहरू घर फर्किएपछि कोही पागल भएका छन् भने कोही रोगले थलिएका छन्।

## दुःख जति गरीबको थाप्लामा

२०६८ असारमा घर छाडेर दिल्लीहुँदै साउदीको जित्दाह शहर पुगेकी झापा अनारमनीकी लक्ष्मी लिङ्देन अहिले अर्धपागल भएकी छिन्। अत्यन्त गरीब र निरक्षर लक्ष्मी विदेश जाने



लक्ष्मी लिङ्देन




जमुना विकको भिसामा लक्ष्मीको फोटो ।



लक्ष्मीको अरबी पत्र ।

मौका पाउँदा ज्यादै हर्षित थिइन् । विदेशमा उनले जे भोगिन्, त्यसको पीडाका कारण अहिले उनी कहिले सुरमा, कहिले बेसुरमा हुन्छिन् । लक्ष्मीका परिवार भन्छन्, "पापीहरूले पागल बनाइदिए ।" लक्ष्मी भन्छिन्, "नागरिकता थिएन । झापा जलथल फूलबारीका भोला दाहाल आएर नागरिकता बनाइदिए । उनैसँग (भारत) गएँ । मलाई दिल्लीमा अर्कै मानिसको जिम्मा लगाएर उनी हराए । त्यहाँ 'नराम्रो काम' गर्न लगाए । त्यसपछि साउदी पठाए ।" जमुना विक, बिर्तामोडको नामको पासपोर्ट र भिसामा लक्ष्मी साउदी पुगेकी थिइन् । *(हे. तस्वीर)*

उनले भनिन्, "साउदीमा धेरै केटीहरू राखिएको घरमा लग्यो । अरू केटी कता लगे, मलाई रियाद लगेर दुःख दिए । मनपरी हुन्थ्यो, केही बोलेमा पिट्थ्यो ।" लक्ष्मीले दिएको अरू विवरण लेख्न र सुन्न सकिँदैन । उनको नाक, मुख र यौनाङ्गबाट रक्तस्राव भैरहन्छ । परिवारले जुठोपुरो खान दिएर दलानमा राखेका छन् ।

लक्ष्मी त फर्केर आइन् तर विदेश जान भनेर मुम्बई पुगेका अरू चेलीहरू (माथि दलालसँग तस्वीर खिचाउने) झापा सतासीधाम-७ की सीता सुब्बा र बोलमाया इजम, झापा सतासीधाम-४ की सुशीला सुनुवार, दिक्तेल-५ की दिलमाया गजमेर, मोरङ पथरीकी स्मृति सुब्बा र डाकमाया विश्वकर्मा, झापा खुदुनाबारीकी विमला धमला, प्रेमकुमारी बराइली, मोरङ उर्लाबारीकी इन्दिरा महरा, झापा राजगढकी बेगम मियानी र मीना मियानी अनि ठेगाना थाहा नभएका लक्ष्मी दर्नाल, गंगा दर्नाल, कल्पना दर्नाल, प्रमिला दर्नाल, कमला दनुवार, रोसनी दनुवार, बुद्धिमाया सिटौला र धनकुमारी हुमागाईं आजसम्म सम्पर्कमा छैनन् । यिनका परिवारले खोजी गरिरहेका छन्, तर कतैबाट सूचना पाउन सकेका छैनन् ।

डुलुवा दलालमार्फत दिल्ली वा मुम्बईहुँदै पर्यटक भिसामा खाडी मुलुक पुगेर अलपत्र पर्ने युवतीहरूको संख्या लगातार बढिरहेको छ । बेपत्ता हुने, आत्महत्या गर्ने र लास बनेर

फर्कनेको संख्या पनि बढिरहेको छ । तर जिल्लामा पासपोर्ट बनाउने युवतीहरूको संख्या पनि बढिरहेको छ ।

झापा जिल्ला प्रशासन कार्यालयका प्रशासकीय प्रमुख सागर मिश्र भन्छन्, "यहाँ दैनिक १०० जति पासपोर्ट बन्छ । जसमा ४० प्रतिशत महिला हुन्छन् । खासगरी आदिवासी, जनजाति, दलित र अति विपन्न परिवारका २० देखि ४० वर्ष वरिपरिका युवतीहरूले दलालमार्फत पासपोर्ट बनाइरहेका छन् ।"

## गरीबीको किनबेच

झापा गरामनी-३ कामत बस्ती सन्थाल गाउँका दुई युवती लटुमाई मुर्मु र तालामाई मुर्मु गरीबीले आजित भएका बेला, २०६८ सालको दशैंअघि झापा राजगढका कमल मुर्मु उनीहरूसँग भेट्न आए । उनले मामा-भान्जीको नाता गाँसे ।

कमलले लटुमाई र तालामाईलाई "अरू केटी तयार पार, तिमीहरूलाई विदेश जान पैसा लाग्दैन" भनेर उपाय बताए । मुर्मु दिदीबहिनीले छिमेककी देवी राया, शरणामतीकी रोसनी हासदा मर्डी, राजगढकी दुई मुस्लिम युवतीहरू वेगम मियाँ र मीना मियाँलाई तयार बनाए । यिनलाई कमल मुर्मुले झापा राजगढका खलिल अन्सारीकहाँ पुऱ्याए । खलिलले कमलको साथ लगाएर असोजको पहिलो साता रात्रिबस चढाएर काठमाडौं पठाए ।

देवी राया भन्छिन्, "कमल मामाले नक्खीपोट भन्ने ठाउँमा लगेर अर्पन (अर्पण) राईको घरमा राखे। त्यहाँ १८ दिन बसेपछि पासपोर्ट ल्याइदिए। अर्पनकी बूढी (श्रीमती) रीता राईले अब दुबईमा काम पाउँछौ, महीनाको ३० हजार कमाउँछौ भनिन् । हामी मक्ख पऱ्यौं ।"

देवी सम्झिन्छिन्– रोसनी हासदा मर्डी, मीना मियानी, वेगम मियानी र मलाई तिमीहरूको उमेर पुगेको छैन, नेपालबाट उडाउन मिल्दैन भनेर नक्खीपोटका अर्पण राईले कमल मामा र संगीता राईको साथ लगाएर काँकडभिट्टाको बस चढाइदिए । उनीहरूले बिर्तामोडमा उतारेर भद्रपुर लगे । अनि गलगलियामा बस चढाएर सिलिगुडी लगे । त्यहाँ अनिता राईको घर रहेछ। अनिताले भोलिपल्टै रेल चढाएर दिल्ली पुऱ्याई। दिल्लीमा पनि अनिताको ठूलो घर (फ्ल्याट) रहेछ । कार पनि रहेछ ।

दिल्ली पुगेपछि यिनले 'दलाल खर्च' तिर्नुपर्ने भयो । पासपोर्ट बनाएको ४० हजार, खाना, यातायात, टिकट खर्चसहितको ठूलो हिसाब निस्कियो। त्यो तिर्न तीन महीना 'काम' गर्नु पऱ्यो । यसपछि उनीहरूले स्काईलर्ड ट्राभल प्रा.लि. कनाट प्लेस, दिल्लीबाट जारी भएको टिकट र भिसा पाए। बेगम मियानी र मीना मियानीलाई एउटा गेटबाट र देवी र रोसनीलाई अर्को गेटबाट एयरपोर्ट छिराए। देवी र रोसनी कम उमेरका भएकाले प्रहरीले रोकिदियो । अनिता राई र प्रहरीबीच विवाद भयो । तर प्रहरीले देवी र रोसनी दुवैलाई फर्काइ (अफलोड) दियो ।

यिनीहरू फेरि 'काम' मा फर्के। रोसनी गुनासो गर्छिन्, हामीलाई मामाले पैसा लाग्दैन भनेर लगे तर के के हिसाब देखाएर 'काम' गर्न लगाए। बिरामी परेपछि मात्र घर आउन पायौं । ऋण बाँकी छ भनेर हाम्रो नागरिकता र पासपोर्ट खोसिदिए ।

रिपोर्टिङको क्रममा, देवी रायाको घरमा पुग्दा उनलाई लामो समयसम्म घरबाट गायव भएकी भनेर छिमेकीले जथाभावी गाली गरिरहेका थिए। छिमेकी लोकबहादुर श्रेष्ठले भने– रोसनी र देवीले दिनदिनै अपमान भोग्नुपरेको छ। देवी भन्छिन्, "कमल मामाले बर्बाद पारिदिए। खलिल त फेरि लैजान्छु भन्दैछ। हामी नगए उनीहरूको लगानी उठ्दैन रे !"

कमल–खलिलकै सञ्जालमार्फत कुवेत पुगेकी ज्ञानुमाया प्रसाई भर्खरै फर्किइन्। उनले भनिन्, "कमलले म काम मिलाइदिन्छु भनेर अर्पन राईकहाँ लगे। चाबहिलमा तालीम गराइटोपले। दिनको ५० रुपैयाँ भाडा दिन्थे। अर्पन राईले पासपोर्ट बनाएर काठमाडौंबाटै कुवेत पठाए। त्यहाँ पुग्दा त धेरै नेपाली दिदीबहिनीहरू रोइरहेको भेटें। त्यहाँ त थुनेर अत्याचार गर्दा रहेछन्। मलाई त मेडिकल्ली फिट छैन भनेर फर्काइदिए।"

तपाईंलाई उनीहरूले किन लगानी गरे होलान् भन्ने प्रश्न गर्दा उनले भनिन्, "उतैबाट पैसा आउँदो रहेछ केटी किन्नलाई। दुनियाँका छोरीचेली उता लगेर खाने-धुत्ने मेलो रहेछ।" उनले आक्रोश पोखिन्, "कुवेत जाँदा अर्पणकी बूढी रीतालाई नागरिकता राख्न दिएकी थिएँ। फर्कंदा त तेरो पासपोर्ट बनाउन अर्पणले पैसा लगाएको हो, तिर्नुपर्छ भनेर खोसिदिई। मसँग अरू ८ जना पनि लगेका थिए। तिनीहरूको त विचल्ली होला। देवी र रोसनीसँगै दिल्ली एयरपोर्ट गएका वेगम मियानी र मीना मियानीको कुनै खबर छैन।"

## कुमारी आमा, अपाङ्ग बच्चा

झापा शान्तिनगर डाँडागाउँकी रमा गुरुङ १५ वर्षको उमेरमै संगीता सुब्बाको साथ लागेर दिल्ली पुगिन्, त्यसपछि साउदी। घर फर्कंदा एक अपाङ्ग बच्चा ल्याइन्। रमाका आफन्त भन्छन्, "संगीताको खेलमा परेर रमाले दुःख पाई। साउदीमा नराम्रो ठाउँमा पारिदिइछ। उसको कमाइ त्यही बच्चा हो।" रमाकी आमा भन्छिन्, "संगीताले त धेरै छोरीबेटीलाई बिगारी। सबैले दुःख पाए।"




अलपत्र सोनु र अपाङ्ग रश्मि।

## देवी राया–खलिल अन्सारी (टेलिफोन वार्ता अडियो)

देवी राया– मामा...
खलिल– पासपोर्ट सबै पेसें ।
देवी– अनि अरूको पासपोर्ट आएन त मामा ?
खलिल– उसले दिएन कि.. हिजो तीन/चार जनाले पेसे... ।
देवी– अनि मामा आउँछु भन्नुहुन्थ्यो आउनु भएन त !
खलिल– म इन्डियातिर गएको थिएँ ... भोलि आऊँ ?
देवी– कतिखेर आउनुहुन्छ ?
खलिल– बिहानै आऊँ ?
देवी– अहिले कहाँ हुनुहुन्छ ?
खलिल– जलथलतिर छु ... अहिले भेट हुँदैन होला.. म बिहानै आउँछु ।
देवी– अहिले धान काट्दैछु, यतैतिर हुन्छु भोलि आउनु न त !
खलिल– ल ल आउँछु ।
देवी– अनि मीनाहरू गए त मामा...
खलिल– गए गए ... राम्रो काम गरिरहेका छन् ... फोन पनि गरिरहेका छन् ... दुई जना दुईवटा घरमा काम गर्दैछन्, २२ हजार रुपैयाँ खाँदैछन् ।
देवी– अनि हाम्रो पासपोर्ट नदिने मामा...
खलिल– दिएन ... ४० हजार माग्दैछ ... खर्च भएको दे अनि दिन्छु भन्छ ।
देवी– अनि रोसनीले के भनी ?
खलिल– म र कमल अस्ति गएका थियौं धान काट्दै थिई... भेटेर आयौं... अब फेरि जान्छौं... मिलाएर आउँछौं ।
देवी– अनि फोन पनि गर्नुहुन्न ... (मसँग) पैसा पनि छैन ।
खलिल– हैन उठाउँछौ कि उठाउँदैनौ ... अनि नम्बर पनि छैन तर म र कमल आउने भन्दै थियौं.. तिमीले फोन गरिहाल्यौ । हिजो चन्द्रगढीबाट तीन वटा पासपोर्ट...
देवी– उताबाट आएपछि म त पूरै बिरामी परें, सुतेको सुत्यै भएँ ।

झापा सतासीधामकी नरमाया गुरुङ पनि १५ वर्षको उमेरमै स्थानीय दलालमार्फत दिल्ली हुँदै ७ सेप्टेम्बर २००४ मा कुवेत पुगिन् । उनले पनि घर फर्कंदा १८ महीनाको बच्चा ल्याइन् । नरमायाकी दिदीले भनिन्, “बिहे नभएकी बहिनी त डेढ महीनाको नानी बोकेर आई । के गरेको यस्तो भनेर सोध्दा बहिनीले रुँदै भनी काम गर्ने ठाउँ नराम्रो परेछ । अनि बच्चा यहीं छोडिदिई । बिग्रेको मान्छेको भत्केको घर, भत्केपछि के को डर भने जस्तै ऊ त फेरि विदेश गई ।”

## ज्ञानमाया–कमल मुर्मु (टेलिफोन वार्ता अडियो)

ज्ञानमाया– हेलो कमल होइन ?
कमल- हजुर !
ज्ञानमाया- म ज्ञानमाया बोलेको... कहाँ हुनुहुन्छ ?
कमल- के गर्न घर गएको ?
ज्ञानमाया- मेरो नागरिकता बेपत्ता, खै मेरो नागरिकता ?
कमल- तपाईंले कसलाई दिनुभएको थियो ?
ज्ञानमाया- खलिललाई ।
कमल- ए त्यसोभए उसैले राखेको छ ।
ज्ञानमाया- तपाईंहरू एजेन्ट भएर मेरो नागरिकता र पासपोर्ट खोसेर राख्ने...
कमल- उनीहरू छँदैछन् केही दिनपछि दिइहाल्छन् नि !
ज्ञानमाया– मैले कमाएर पठाएको पैसा पनि रोकियो
कमल- ए १४/१५ हजार पठाउनुभएको त्यो पनि रोकियो ?
ज्ञानमाया- अँ...
कमल- अनि पासपोर्ट ?
ज्ञानमाया- पासपोर्ट त्यही रीताले राखेकी छे। अब एजेन्टहरूको काल आयो
कमल- तिनीहरू जेल परेका छन्, एक डेढ महीनामा निस्किहाल्छन् नि !
ज्ञानमाया- के कारणले जेलमा परे ?
कमल- म इन्डिया गएको थिएँ, बुझ्न पाइनँ, बुझौंला ।
ज्ञानमाया- मलाई लैजाने तपाईं हो... मैले त निवेदन हाल्दिसकेको छ ।
कमल- (हाँस्दै)... किन त्यति छिटो हाल्नुहुन्छ ...नागरिकता पाइहाल्नुहुन्छ नि !
ज्ञानमाया- नागरिकता पासपोर्ट चाहियो, मैले तपाईंमाथि कारबाही चलाइसकें, अर्पन भन्दा मैले जान्ने तपाईं हो ।
कमल- मैले त तपाईंलाई केही पैसा पनि दिएको छु, ... मैले बहिनीले गरिखाऊ भनेर पैसा दिएँ, ममाथि रिसाएर हुन्छ त ?
ज्ञानमाया- म त रिसाउँछु, मेरो पासपोर्ट र नागरिकता चाहियो !

### उही पासो

झापा शान्तिनगरकी गायत्री कार्की दिल्लीहुँदै साउदी पुगिन् । त्यहाँ अत्याचार भोगेपछि दूतावासको सहयोगमा नेपाल आइन् । भन्छिन्, “परिवार पाल्न धौ-धौ परेपछि अमृत तामाङमार्फत दिल्लीहुँदै कुवेत पुगें । कुवेतमा नराम्रो पासोमा परियो । अमृतलाई फोन गरेर घर फर्काइदेऊ भनें । उसले वास्तै गरेन । अनि गाउँकै माओवादीले घर फर्कायो ।

तर उसलाई ४० हजार तिर्न नसकेपछि बस्नै दिएन । अनि झापा खुदुनाबारीका पदम बराइलीमार्फत मसहित ११ जना केटी बम्बई गयौं । तीन महीना काम गरेपछि साउदी उडाइदियो । म त फेरि उही पासोमा परिछु । गरीबलाई जहाँ गए पनि सुख छैन ।"

**फसाउने जालो**

गायत्री कार्कीका अनुसार, बम्बईमा पदम बराइलीको ठूलो घर (फ्ल्याट) र कार छ। त्यहाँ महीनामा २०/२५ नयाँ केटीहरू ल्याइन्छ । ती केटीहरूले तीन महीना 'काम' गरेपछि पासपोर्ट र भिसा पाउँछन् । विदेश जाने बेलामा २०/३० हजार तिर्न बाँकी छ भनेर कागज गराउँछन् । गायत्रीलाई पनि कागज गराएका थिए ।

यस्ता नेपालीहरू खाडी देशमा पनि सक्रिय छन् । दुबईमा अलपत्र परेर नेपाली दूतावासको शरणमा आएका युवतीमध्ये आधाजसोले आफूहरू नेपालीबाटै पीडित भएको उजुरी दिएका छन् । दूतावासले १५१ युवतीको उद्धार गरे पनि पीडकहरूलाई कारबाही गर्न सकेको छैन ।

आबुधावीस्थित नेपाली दूतावासका उपनियोग प्रमुख दीपक अधिकारीले भने– नेपाली दलालहरूले नयाँ केटीहरूलाई कब्जामा राखेर अभरमा पार्छन् । अनि बेपत्ता पारिदिन्छन् । आबुधावीमा ट्याक्सी चलाउने नेपालीको समूहले नवलपरासी र उदयपुरका दुई युवतीलाई गर्भवती बनाएर अलपत्र बनाएपछि दूतावासले उनीहरूको खोजी गरिरहेको छ। युवतीहरूलाई नेपाल फर्काइएको छ ।

## अपराधीलाई उन्मुक्ति मिल्दैन

**–मुकुन्द आचार्य, एसपी (झापा)**



**पूर्वमा** (पूर्वी नेपालमा) मानव बेचबिखन गर्ने गिरोह सक्रिय छ । अपराधमा संलग्न समूहले उमेर नपुगेका कलिला केटीहरूलाई विभिन्न नाकाबाट लैजाने प्रयास गरेको पनि भेटिन्छ । यसलाई गम्भीर अपराधको श्रेणीमा राखिएको छ । मानव ओसारपसार तथा बेचबिखन ऐन २०६४ बमोजिम कारबाही गरिरहेका छौं । यस्ता समूहले गरेको अपराधबारे प्रहरीलाई थाहा नभएको पनि हुनसक्छ । पीडित वा सम्बन्धित व्यक्तिले उजुरी दियो भने कारबाही हुन्छ । प्रहरी आफैंले पनि जाहेरी दिन सक्छ । तर प्रहरीलाई थाहा दिनुपर्‍यो नि ! प्रहरीले अपराधीलाई उन्मुक्ति दिएको छैन । कसैले जाहेरी दिन्छ भने कारबाहीको कसूर बाँकी राख्दिनँ ।

नुवाकोट विदुर नगरपालिका–८ की डङ्गोल थरकी युवतीलाई उनकै भिनाजु लक्ष्मीप्रसाद चौहानले र उदयपुर बाँसबोटेकी राई थरकी युवतीलाई आफ्नै मामाका छोरा बलकुमार राईले अन्यत्र पठाउन खोजेको उजुरी परेको छ । पोखरा बगर-८ की परियार थरकी युवती र रूपन्देही देवदह भलवही-८ की पूजन खड्का र झापा धाइजनकी राजवंशी थरकी युवतीलाई नेपाली दलालले शारजहाबाट भगाएर अन्यत्र लैजान खोजेका थिए । यस्ता युवतीहरू अफ्रिकातिर पुग्छन् ।

दूतावास स्रोतका अनुसार, दुबईमा २० हजार नेपाली चेलीहरू घरेलु कामदार छन् । डुलुवा दलालमार्फत अवैध बाटोबाट आएका पाँच हजार जतिमध्ये १५० युवती डान्सबारमा छन् । यिनको पासपोर्ट र टिकट दलालले राखेका हुन्छन् । यिनीहरू पटक पटक बिक्रीमा पर्दछन् । ओमनको सीमा कटाएपछि नेपाली युवतीहरू अफ्रिका पुग्छन् । यहाँ ठूलो व्यापार चलेको छ ।

उपनियोग प्रमुख अधिकारी भन्छन्– ज्यूँदो फर्काउन ५०० दिराम खर्च हुन्छ । प्रक्रिया मिलाउनै १० महीना लाग्छ । लास फर्काउन त झनै गाह्रो छ । संगठित अपराधको जालो नियन्त्रण नगर्ने हो भने विदेशी मुलुकमै चिहान किन्नुपर्ने अवस्था आउन सक्छ ।

(२०७० **चैत २४ गतेको *अन्नपूर्ण पोष्ट* दैनिकमा प्रकाशित**)

शत्रुधनकुमार साह

**२०**

# महिलामाथिको हिंसा : मिथिलाको सीमाहीन पीडा


"म परिवारबाटै लैंगिक हिंसा बेहोरिरहेकी छु", जनकपुरस्थित रामस्वरूप रामसागर बहुमुखी क्याम्पसमा मैथिलीकी उप-प्राध्यापक विनिता ठाकुर भन्छिन्, "यो पुरुषप्रधान समाज हो, पुरुषको छत्रछहारीमा हामी रहेनौं भने हरेक क्षण संघर्ष गर्नुपर्छ।"

शिक्षा, चेतना र आम्दानी हरेक दृष्टिले उच्च हैसियतमा छिन् उनी। तर महिलालाई हेय ठान्ने मानसिकता र त्यसले जन्माएको महिला हिंसाका विविध रूपबाट परम्परागत तवरमै आक्रान्त मैथिली समाजमा यसको खासै अर्थ छैन। "हाम्रो समाजमा छोरीहरू आफूमाथि भएको अन्याय र अत्याचार सहेर बसेका छन्", विनिता स्पष्ट पार्छिन्, "म पनि तिनैमध्येकी एक हुँ।"

जन्मदेखि मृत्युसम्म हरेक उमेर र अवस्थामा नाना किसिमका भेदभाव, अत्याचार र हिंसाबाट उत्पीडित रहने गरेका छन् मैथिली महिलाहरू। तिनको केन्द्रमा छ दाइजो प्रथा, जो छोरीलाई उच्च शिक्षा दिलाउन नचाहनेदेखि अन्यायपूर्ण सम्बन्धविच्छेदसम्म, बाल विवाहदेखि बहुविवाहसम्म, बढ्दो आत्महत्यादेखि कुटपीट, अंगभंग र हत्यासम्मको मूल कारण बनेको छ। शास्त्रज्ञान, बौद्धिकता र उच्च संस्कारका निम्ति गर्व गर्ने मैथिली समाजमा घरघरको कथा बनेको छ- 'महिलामाथिको हिंसा'।

### ज्यानमारा दाइजो

दुई दशकअघि, २०५० सालमा विवाह भएको हो विनिता ठाकुरको। अरू कुराका अतिरिक्त भारु ४५ हजार नगद दाइजो नदिएको भए त्यो विवाह सम्भव हुने थिएन। केटा पक्षको माग बमोजिम नगद दाइजो नदिएसम्म केटीको विवाह हुने कल्पना नै गर्न सकिंदैन मैथिली समाजमा। तर, दाइजो दिए पनि तिनले चित्त बुझाउलान् भन्ने कुनै ग्यारेन्टी हुँदैन।



**धुवप्रसाद ढकाल**
सिडिओ, सिरहा



**कोशहरि निरौला**
सहायक सिडिओ, धनुषा



**पुनम चौधरी**
महिला अधिकारकर्मी, धनुषा



**राजेशलाल कर्ण**
एसपी, सिरहा



**टेकबहादुर गुरुङ**
डीएसपी, धनुषा



**योगेन्द्र यात्रव**
प्रोफेसर, त्रिवि



**रेखा झा**
अधिवक्ता, धनुषा



**रामभरोस कापडी**
वरिष्ठ पत्रकार, धनुषा

जति पटक बिहे गर्‍यो उति पटक दाइजो पाइने लिप्साले महिलामाथिको अत्याचारले सीमा नाघ्छ। शैक्षिक, न्यायिक र प्रशासनिक क्षेत्रको माथिल्लो तहमा पुगेका उच्च शिक्षित एवं सम्पन्न परिवारहरू पनि यो विकृतिबाट मुक्त हुनसकेका देखिँदैनन्, अशिक्षित, अर्धशिक्षित र विपन्न परिवारको त कुरै छाडौं।

सिरहा जिल्लाको इटारी प्रसाहीका रामवरण मण्डलको पहिलो विवाह पत्नीलाई दिइएको यातना (घरेलु हिंसा) का कारण 'बिग्रिएको' थियो। उनले असनपुरकी २४ वर्षीया ललिता मण्डलसँग दोस्रो बिहे गरे र केही दिनपछि पैसा कमाउन साउदी अरब हानिए। श्रीमान् विदेश जानासाथ परिवारले ललिताको चरित्रमाथि नानाभाँतीका आरोप लगाउन थाल्यो। रामवरण दुई वर्षपछि फर्किए। त्यसपछि ललितालाई शारीरिक एवं मानसिक यातना दिनुका साथै धनुषाधामकी युवतीसँग तेस्रो बिहे गरे। ललिता भन्छिन्, "धेरै हारगुहार लगाएँ तर रामवरणलाई समाज र कानूनले कुनै कारबाही गरेन। मैले न्याय पाइनँ।" समाजका 'भद्रभलाद्मी' हरूले २५ हजार रुपैयाँ लिएर उनको सम्बन्धविच्छेद गराइदिए। उनीहरूको 'न्याय' बमोजिम ललितालाई एक लाख रुपैयाँ दिएर रामवरण अपराध मुक्त भए। अहिले ललिता घर न घाटकी भएकी छन्।

दाइजोको लोभले निम्त्याउने हिंसा यतिमा सीमित छैन। धनुषा जिल्ला, नकटाझिजकी २३ वर्षीया पुनम कुमारीको विवाह हुँदा माइती पक्षले दुलाहा पक्षको माग बमोजिम दाइजो दिएको थियो। तर पनि विवाह पछि थप दाइजो ल्याउन दबाब दिएर पुनममाथि शारीरिक अत्याचारको श्रृङ्खला शुरू भयो। अन्ततः गत २० माघमा उनको लास गाउँ नजिकैको रूखमा झुन्डिएको भेटियो।

पुनमको हत्याको आरोपमा ससुरा बिल्टु महतो र जेठाजुहरू राजकुमार तथा शिवकुमार महतो पक्राउ परेका छन्। उनका श्रीमान् शत्रुधन महतो र सासू फरार छन्। पुनमका आमाबाबु अभियुक्तहरू पैसाको बलमा छुट्ने हुन् कि भन्ने आशंकाले थप पीडित बनेका छन्। बाबु महेश्वर सिंह भन्छन्, "यहाँका भद्रभलाद्मी भनिनेहरूले उल्टै मुद्दा छोडिदेऊ भनेर हामीलाई धम्की दिइरहेका छन्। छोरी त मारिई, न्याय पाउन पनि नसकिएला जस्तो छ।"

धनुषा र सिरहा जिल्ला मिथिलाका केन्द्रस्थान हुन्। महिला-हिंसाका केन्द्रस्थान पनि यिनै जिल्ला देखिएका छन्। पारिवारिक हिंसा र यातना खप्न नसकेर विगत तीन वर्षमा यी दुई जिल्लामा मात्र २१३ जना महिलाले ज्यान गुमाएका छन्। प्रहरीको तथ्याङ्क अनुसार यस अवधिमा १०० जनाले विष खाएर र ४३ जनाले झुन्डिएर आत्महत्या गरे।

## दुर्लभ छ न्याय पाउन

सामाजिक परिवेशका कारण महिला हिंसाका घटना सामान्यतः प्रहरी, प्रशासन वा न्यायालयको ढोकासम्म पुग्नै पाउँदैनन्। महिलालाई कुट्नु, पिट्नु, हेप्नु, शोषण गर्नु र तिनको व्यक्तित्व विकास हुन नदिनु मैथिली समाजमा सामान्य कुरा मानिन्छ। कसैले शिकायतै गर्दैन। अंगभंग, बहुविवाह, हत्या जस्ता घटनाहरूमा पनि स्थानीयस्तरमै

'भद्रभलाद्मीहरू' बसेर पैसाको भरमा कुरो टुङ्ग्याइदिन्छन् । प्राय: पीडककै पक्षमा टुङ्गिने यस्ता घटनामा पीडित महिलाले न्याय पाउन दुर्लभ हुन्छ। यो चक्रव्यूहबाट छिरेर फाट्टफुट्ट प्रहरीमा दर्ता भएका मुद्दाहरू पनि सामाजिक, राजनीतिक दबाबका कारण थन्किन्छन् । धनुषा र सिरहामा मात्र जघन्य घटनाका ४०० भन्दा बढी मुद्दाहरूले न्याय पर्खिरहेका छन् । समयमै यिनको निरूपण भएन र पीडितहरूले न्याय पाएनन् भने हिंसाका कारण मृत्युवरण गर्ने महिलाको संख्या तीव्र गतिमा बढ्दै जाने स्पष्ट छ ।

"भारतमा दाइजोका लागि छुट्टै कानून छ। विवाह गरेको सात वर्षभित्र कुनै महिला यस्ता दुर्घटनामा परिन् भने त्यस घरका पूरै सदस्यमाथि अभियोग लाग्छ। उनीहरू शंकाको घेरामा आउँछन्", धनुषा जिल्ला अदालतमा क्रियाशील अधिवक्ता रेखा झा भन्छिन्, "त्यस अवधिमा महिलाको शङ्कास्पद अवस्थामा मृत्यु भयो अथवा उनले आत्महत्या नै गरेको रहेछ भने पनि घरपरिवारलाई दोषी मानिन्छ ।" अदालतले भनिदिन्छ- 'तिमीले आत्महत्या गर्न बाध्य पारेको हुनाले तिमी अपराधी भयौ । तिमी जेल जानुपर्छ ।' हामीकहाँ चाहिं हत्या गरिएको भए पनि आत्महत्या भनिन्छ र अपराधी छुट्छ ।"

धनुषामा कार्यरत महिला अधिकारकर्मी पुनम चौधरीको विचारमा समाजको कानून र सरकारको कानून फरक भएकाले महिलाहरू बढी पीडित भएका हुन् । उनी भन्छिन्, "दाइजो सम्बन्धी कानून अझ कडा पार्नुपर्छ ।" त्यसो त, कानून त्यति फितलो होइन *(हे. बक्स),* तर भएकै कानून पनि राम्ररी कार्यान्वयन भइरहेको छैन । टाठाबाठा र शक्तिशालीहरू पीडकको पक्षमा उभिइदिएपछि कानून स्वयम् निरीह बनेको छ । धनुषाका

## कमजोर छैन कानून

धम्की, जबर्जस्ती वा स्वेच्छाचारी तरीकाले महिलालाई स्वतन्त्र हुनबाट वञ्चित गराउने कुनै पनि कार्यलाई कानूनले महिला हिंसाको परिधिमा राखेको छ । आफ्नै घरका पुरुष वा घरेलु सम्बन्ध भएका अन्य सदस्यद्वारा महिलामाथि हुने हिंसालाई घरेलु हिंसा भनिएको छ ।

घरेलु हिंसा नियन्त्रण गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको घरेलु हिंसा र कसूर ऐन २०६६ अनुसार, घरेलु हिंसा भन्नाले कुनै व्यक्तिले घरेलु सम्बन्ध भएको कुनै व्यक्तिलाई दिएको शारीरिक, मानसिक, यौनजन्य वा आर्थिक यातना भन्ने बुझिन्छ र यो शब्दले गाली गर्ने तथा भावनात्मक चोट पुऱ्याउने अन्य कुनै कार्यलाई समेत जनाउँछ। घरेलु हिंसामा महिलाहरू आफ्नै परिवारका सदस्यबाट पीडित भएका हुन्छन् भने पीडकको रूपमा पुरुष नै रहेका हुन्छन् ।

नेपालको अन्तरिम संविधानमा व्यवस्था भए अनुसार महिलालाई यौन दुर्व्यवहार गर्नेलाई एक वर्ष कैद र रु.१० हजारसम्म जरिवाना हुन्छ तथा पीडितलाई कसूरदारबाट

तत्कालीन सहायक प्रजिअ कोशहरि निरौला स्वीकार्छन्, "महिला हिंसाका घटना हाम्रासामु नआउने होइनन् तर राजनीतिक दबाबका कारण पीडितलाई न्याय दिन सकिएको छैन।"

## जति पढायो उति नोक्सान

अलिक अनौठो छ मिथिलाको समाज। नकटाझिजकी ५५ वर्षीय घानोदेवी महरालाई आफ्ना पतिबाट कुटाइ खान पटक्कै स्वाभाविक लाग्दैन। कुटाइ खप्न नसक्दा पहिले-पहिले त उनले गुहार पनि लगाइन् तर गुहार मागिएकाहरूले उल्टो आफैंलाई हप्काएर 'चूप लाग्' भनेपछि कुटाइ खानु महिलाको दिनचर्याभित्र पर्दोरहेछ भन्ने 'ज्ञान' उनलाई धेरै अघि प्राप्त भइसकेको छ। उनका श्रीमान् रामस्वरूप महरा त झन् छक्कै परे, आफ्नै श्रीमतीलाई कुट्ता पनि महिला हिंसा हुन्छ भन्ने कुरा सुन्दा जिन्दगीमा कहिल्यै नसुनेको कुरा बुढेसकालमा सुन्नुपर्दा छक्क नपरुन् पनि किन ?

अर्काको घर जाने छोरीलाई बेकारमा किन पढाउनु भन्ने मानसिकता पनि उत्तिकै जब्बर छ। निरक्षरै राख्न त भएन भनेर विद्यालय पठाउनेहरूले समेत धेरै पढाउन चाहँदैनन् किनभने छोरी जति शिक्षित भए, ज्वाईं त्योभन्दा बढी शिक्षित खोज्नुपर्ने हुन्छ र त्यही अनुपातमा दहेजको भाउ पनि आकासिँदै जान्छ। नदुखेको कपाल डोरी लगाएर कसले दुखाओस् !

धनुषा, महेन्द्रनगरकी आरती देवी महतोको आठ कक्षामा पढ्दापढ्दै १४ वर्षकै उमेरमा बिहे गरिदिए। "पढ्न चोहेकी थिएँ तर पाइनँ", २२ वर्षको उमेरमा उनी सुस्केरा हाल्छिन्, "जे भने पनि सहनुपर्छ। उच्च शिक्षा पाएकी भए मैले यस्तो हेपाइ भोग्नुपर्ने थिएन होला।"

मनासिव क्षतिपूर्तिको व्यवस्था हुन्छ।

मुलुकी ऐनको बिहेबारीको महल नं. २ अनुसार कसैले उमेर नपुगेकी बालिकाको बिहे गराएको रहेछ भने नगद तथा कैदको व्यवस्था गरिएको छ। साथै, १८ वर्ष नपुगी बिहे गराइएको रहेछ र सन्तान पनि जन्मेको छैन र १८ वर्ष पुगेपछि मञ्जुरी नगरे त्यस्तो विवाह बदर गर्न पाउँछ।

सामाजिक व्यवहार सुधार ऐन-२०३३ को दफा-३ अनुसार दाइजो लिने-दिनेलाई बिगो जफत गरी रु.१२ हजारदेखि रु.२५ हजारसम्म जरिवाना वा ३० दिनसम्म कैद वा दुवै सजाय हुने कानूनी व्यवस्था रहेको छ। यस्तै दफा-४ अनुसार विवाह हुने छोरा पक्षले यदि गहना वा नगद मागेमा बिगो जफत गरी रु.१२ हजारदेखि रु.२५ हजारसम्म जरिवाना वा एक वर्षसम्म कैद वा दुवै सजाय हुनसक्ने कानूनी प्रावधान रहेको छ। दाइजो दिनेलाई समेत यसको आधा सजाय हुने प्रावधान छ।

यस बाहेक सार्वजनिक अपराध ऐन-२०२८, गाली बेइज्जती ऐन-२०१६ र सरकारी मुद्दा सम्बन्धी ऐन-२०४९ ले पनि महिला विरुद्ध हुने हिंसालाई नियन्त्रण गर्ने कानून छन्।

सिरहा, कल्याणपुर थलहाकी पूजाकुमारी यादव ९ कक्षामा पढ्दैछिन् । १० कक्षा पास गरेर स्टाफ नर्स पढ्ने उनको इच्छा छ । "तर घरको कामको बोझले गर्दा दिनभरि किताब पल्टाउन पनि पाउँदिनँ", उनी भन्छिन्, "राति उठेर पढ्छु । नौ कक्षा पूरा गर्न पनि गाह्रो भइरहेको छ ।" उनका बाबु लोटन यादव स्पष्टीकरण दिन्छन्, "छोरीको जात हो, घरको काम पनि सिक्नुपर्छ भनेर खाना र भान्साको काममा पनि लगाएका हौं ।"

महोत्तरी, बिजलपुराकी १८ वर्षीया ललिता महतोले जसोतसो ११ कक्षाको परीक्षा त दिइन् तर '१२ कक्षा पूरा गर्न दिनुहोस्' भन्ने उनको याचना कसैले सुनेन । जति रोइकराई गरे पनि पढाइ छुटाएर उनको विवाह गरियो । उनी भन्छिन्, "मिथिलामा छोरीको कुरा कसले सुन्छ र ?"

जनकपुरकी २२ वर्षीया शीला महतो अलि जब्बर थिइन् । उनलाई पनि प्रमाणपत्र तहमा पढ्दादेखि नै विवाहका लागि दबाब आइरहेको थियो । तर उनले आमाबाबुलाई धम्क्याइन्, "जबर्जस्ती गर्नुभयो भने तपाईंहरूमाथि नै मुद्दा हालिदिन्छु ।" त्यसपछि स्नातकसम्म त पढ्न पाइन्, त्योभन्दा अगाडि पढ्न उनको पनि केही लागेन, विवाह भयो । उनकी आमा थकथकाउँदै भन्छिन्, "बिहे गर्न करीब नौ लाख रूपैयाँ खर्च भयो । ज्यादै महँगो पर्‍यो ।"

## कुरा मात्र बढी

**नेपाल** सरकारले सन् २०१० लाई लैंगिक हिंसा विरुद्धको वर्ष घोषणा गरी हिंसा पीडित महिलाहरूको उपचारका लागि प्रत्येक जिल्ला अस्पतालमा एकद्वार संकट व्यवस्थापन केन्द्र स्थापना गर्ने घोषणा गरेको थियो । चालु आर्थिक वर्षमा १५ जिल्लामा नमूना परियोजना सञ्चालन गरिसक्ने भनिए पनि अहिलेसम्म देशका ८ जिल्लामा मात्रै स्थापना गरिएको छ । तिनले पनि काम शुरू गर्न सकेका छैनन् ।

स्वास्थ्य मन्त्रालयका प्रवक्ता कविराज खनाल भन्छन्, "अर्थ मन्त्रालयसँग १५ करोड माग्यौं उसले चालु आर्थिक वर्षको लागि १ करोड ४० लाख निकासा गर्‍यो । त्यही भएर परियोजना सञ्चालनमा ल्याउन नसकेका हौं ।" राष्ट्रिय महिला आयोगकी सदस्य मोहना अन्सारी भने व्यवस्थापन केन्द्रमा खटाइएका कर्मचारीको मनोमानीका कारण केन्द्र सञ्चालन हुन नसकेको बताउँछिन् ।

यसैबीच प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले देशमा व्याप्त महिला हिंसा र लैंगिक हिंसाको लामो फेहरिस्त तयार पारेको छ । त्यसमा भनिएको छ, "नेपालमा सन्तान उत्पादन गर्न सक्ने उमेर समूहका ८५ लाख विवाहित महिलाहरूमध्ये २२ प्रतिशत अर्थात् १८ लाख महिलाहरू वर्षेनि हिंसाको शिकार हुने गरेका छन् । तीमध्ये १२ प्रतिशत अर्थात् ११ लाख महिलाहरू विभिन्न यौनजन्य हिंसाको शिकार भएका छन् ।" पीडित महिलाहरूलाई न्याय दिइएको वा अपराधीले सजाय पाएको कुनै विवरण भने त्यसमा परेको छैन ।

अनेक विघ्नबाधा पार गरेर पढे पनि जागीर खान मिथिलाका महिलाहरूलाई उत्तिकै अप्ठ्यारो छ। जनकपुर, कटैयाचौरीकी शिक्षिका रञ्जु कर्ण भन्छिन्, "नोकरी गर्न थालेपछि पुरुषहरूसँग पनि काम परिहाल्छ। तर उनीहरूसँग कुराकानी मात्र गर्दा पनि परिवारका सदस्यले अनेक शंका गरेर धुरुक्क पार्छन्।" स्थानीय एक बोर्डिङ स्कूलकी २८ वर्षीया शिक्षिका रञ्जुको भनाइ छ, "जसोतसो आई.एल. पास गरें। गरीब माइतीले चर्को व्याजमा ऋण लिएर एक लाख रुपैयाँ दाइजो दिनु पऱ्यो। यता स्कूलमा महिला भएकै कारणले मेरो सरह योग्यता भएका पुरुषहरूको भन्दा कम तलब छ।"

## महिलाको हितः हल्लाको खेती

महिलामाथिको हिंसा कम गर्न कानूनले मात्र नपुग्ने ठानेर सरकारले जिल्लामा जनचेतनामूलक कार्यक्रमहरू पनि संचालन गरेको छ। महिला विकास कार्यालय (धनुषा) की अधिकृत वीणा श्रेष्ठका अनुसार हिंसामा परेका महिलाहरूको उद्धारका लागि ७० हजार रुपैयाँको कोष स्थापना गरिएको छ र तिनले न्याय पाऊन् भनेर १६ वटा प्यारालिगल कार्यक्रम पनि शुरू गरिएको छ। तर यो सहयोग र सुविधा कार्यालयमा निवेदन लिएर पुग्नेहरूले मात्र पाउँछन्। गाउँका महिलाहरू यसबारे अनभिज्ञ छन्। ललिता महतो भन्छिन्, "हामीलाई अहिलेसम्म यसबारे थाहा छैन। सहयोग पाइएको पनि छैन।"

धनुषा र सिरहामा मात्र झण्डै ८३० भन्दा बढी गैरसरकारी संस्थाहरू खुलेका छन्। तीमध्ये अधिकांश संस्था महिलाको हित गर्ने भनेर खुलेका हुन्। घरदैलो र चेतनामूलक कार्यक्रम चलाउँछौं भन्ने संस्था पनि दर्जनौं छन्। तर महिला हिंसाका विरुद्ध न महिलामा न त समाजमै चेतना फैलन सकेको छ। गैरसरकारी संस्थाहरू सरकारलाई दोष दिएर आफ्नो कमजोरी ढाक्न तल्लीन छन्। मिथिलामा रहेको सबैभन्दा ठूलो गैसस आसमान नेपालका जनकपुर संयोजक उमेश मण्डल भन्छन्, "दाइजो सम्बन्धी अपराधका घटना मिथिलाका घरघरमा भइरहेका छन्। कुनै-कुनै मात्र बाहिर आउँछन्, बाँकी घरघरमै कुहिरहेका हुन्छन्। सासू-बुहारीबीचको झगडा, बोक्सीको आरोपमा महिलामाथि हुने हिंसा, विधवामाथि हुने हिंसा र बलात्कारका घटना पनि बढ्दै गइरहेका छन्। धनुषामा हालै दुई बालिकाको बलात्कारपछि हत्या भयो। तर सरकारले वास्ता गरेन। प्रहरी प्रशासनले घटना सामसुम गराइदियो।"

उता, प्रहरी प्रशासन भने महिला हिंसा कम गराउन छुट्टै कानून नभएकाले समस्या परेको तर्क दिएर चोखिन चाहन्छ। धनुषाका प्रहरी नायब उपरीक्षक टेकबहादुर गुरुङ भन्छन्, "आरोपित व्यक्तिलाई थुनामा राखेर कारबाही गर्न पाउने प्रावधान छैन। मेलमिलाप गरेर पठाउनुपर्छ। यही भएर पीडितलाई न्याय दिलाउन समस्या भएको छ।"

## सुन्दर, सुशील तर प्रताडित

मैथिली समाजमा महिला हिंसा व्यापक छ र त्यसमा पनि दाइजो सबैभन्दा डरलाग्दो समस्या हो भन्ने कुरा यहाँका प्रबुद्ध व्यक्तिहरूलाई राम्ररी थाहा छ। यसको व्याख्या-विश्लेषण पनि

उनीहरू बडो राम्रोसँग गर्न सक्छन्। खासगरी दाइजो जस्तो अभिशापलाई तुरुन्त हटाउनुपर्छ भन्ने कुरामा सैद्धान्तिक रूपमै सही, कसैको दुईमत देखिँदैन। लामो समय पत्रकारिता र सामाजिक कार्यमा लागेका प्राज्ञ रामभरोस कापडी 'भ्रमर' भन्छन्, "मिथिलाका महिलाहरू सुन्दर र सुशील छन् तर हिंसाका कारण प्रताडित छन्। कानून छ, अपराधीहरू पक्राउ पनि पर्छन् तर सजाय नभोगी छुट्छन्।" उनको सुझाव छ, "दाइजो जस्तो सामाजिक समस्या हटाउन नयाँ पुस्ताका युवाहरू अगाडि बढ्नुपर्छ।" प्राध्यापक तथा प्राज्ञ योगेन्द्रप्रसाद यादवको विचार पनि उस्तै छ, "दाइजो प्रथा मिथिलाको रीतिरिवाज विरुद्ध खडा भएको छ। यसका कारण महिला हिंसा बढ्दै गएको छ। दाइजोका विरुद्ध विशेष अभियान नै चलाउनुपर्छ।"

प्रश्न उठ्छ, यस्तो अभियान चलाउनुपर्ने चाहिं कसले त ? उत्तर हो, मिथिलावासी स्वयंले। दाइजो र महिलामाथिको हिंसा मैथिली समाजको विकराल समस्या हो भन्ने प्रबुद्ध मैथिलीहरूलाई साँच्चै बोध भएको हो भने यसका विरुद्ध समाजमा चेतना फैलाउन उनीहरू नै अघि सर्नुपर्छ। सर्वप्रथम त शिक्षित, प्रतिष्ठित र हुनेखाने मैथिलीहरूले दाइजो नलिने-नदिने प्रतिज्ञा गर्नुपर्छ र आफू उदाहरण बन्नुपर्छ। महिला हिंसाका अपराधीलाई जोगाउन प्रहरी-प्रशासनलाई दबाब नदिने सामाजिक वातावरण तयार गर्ने मात्र होइन, अपराधीलाई सजाय दिलाउन पनि प्रतिबद्ध हुनुपर्छ। मैथिली समाज स्वयं अघि नसरेसम्म जस्तो कानून बनाए पनि, जे-जस्ता सरकारी संयन्त्र खडा गरे पनि र जति सय गैरसरकारी संस्था थपिए पनि समाप्त हुन सक्दैन।

जहाँसम्म नयाँ, शिक्षित पुस्ताको प्रश्न छ, ऊ दाइजोमा अल्झिरहन उति उत्सुक छैन। स्नातक तह तेस्रो वर्षमा पढिरहेका धनुषा, पौडेश्वरका नवीन दास भन्छन्, "कैयौं युवाहरू दाइजोका विरुद्धमा छन् तर अभिभावकहरू दाइजो नलिएसम्म बिहे नै गराउँदैनन्। अब शिक्षित युवाहरूले विद्रोह गर्नुपर्छ।" स्नातक तह तेस्रो वर्षमा नै पढिरहेका सिरहा, मझौलियाका कृष्णा ठाकुरको विचार पनि उनीसँग मिल्दोजुल्दो छ, "विवाह युवा युवतीका बीचमा हुनुपर्छ। उनीहरूका बीचमा दाइजो आउनुहुँदैन।"

विनिता ठाकुरले भने झैं 'अन्याय र अत्याचार सहेर बस्ने' मिथिलाका छोरीहरूको परम्परा २२ वर्षीय सामाजिक कार्यकर्ता सुकु माझीलाई ठीक लागेको छैन। "आफू पनि त अघि बढ्नुपर्छ नि", उनी भन्छिन्, "नत्र त उनीहरू सामान्य मानवअधिकारबाट पनि सधैं वञ्चित भइरहने छन्।"

## अघि बढ्न तयार हुँदैछन् मिथिलाका छोरीहरू

तर उनीहरूले सोचेको 'विद्रोह' भने अलि फरक खालको छ। केही युवतीहरूले नाम गोप्य राखिदिने शर्तमा त्यसको खुलासा गरे, "दाइजोको समस्या हटाउने हो भने अन्तरजातीय विवाह र प्रेम विवाहलाई प्रोत्साहित गर्नुपर्छ।"

**(२०६९ असार ३० गतेको *नेपाल समाचारपत्र* दैनिकमा प्रकाशित)**

■ शत्रुधनकुमार साह

२१

# बलात्कार र मिलापत्र : उर्लंदो व्यवसाय

मिथिला क्षेत्रमा यौन अपराध गर्ने समूहको बिगबिगी हुन थालेको छ । यी यौन अपराधीहरूले ग्रामीण क्षेत्रका सोझासाझा युवतीहरूलाई जबर्जस्ती गरेर वा ललाई-फकाई तथा धाक-धम्की समेत दिएर यौन सम्पर्क राख्न बाध्य बनाउँछन् । र, त्यसको अश्लील भिडियो क्लिप बनाएर नयाँ व्यवसाय चलाउन थालेका छन् ।

यस वर्ष दशैं लगत्तै धेरै मिथिलावासी युवायुवतीहरूले एक युवतीको 'अश्लील भिडियो' हेरे । जनकपुरको मोडल क्याम्पसमा अध्ययनरत एक युवती र जनकपुर-१६, कपिलेश्वर निवासी २५ वर्षीय रन्जित दासबीच भएको यौन दृश्य थियो त्यो । २६ मिनेट लामो भिडियोको संक्षिप्त संस्करणका रूपमा एक मिनेट तीन सेकेन्डको यौन दृश्य मोबाइलको ब्लु-टुथमार्फत रातारात सयौं युवाहरूको मोबाइलमा पुगेको थियो ।

पीडित युवतीलाई आफ्नै अश्लील भिडियो बनाएर प्रदर्शन गरिन्छ भन्ने थाहा थिएन । उनलाई ढल्केबरकै एउटा लजमा लगेर यौनसम्पर्क गर्ने रन्जितले फुक्याएर भिडियो मात्र बनाएन, फेसबुक र यु-ट्युबमा राखिदियो । रन्जित र अन्य एकजना अहिले प्रहरी हिरासतमा छन् र प्रहरीले इन्टरनेटबाट त्यो भिडियो पनि हटाइसकेको छ । तर मोबाइलमा पुगिसकेको यौन दृश्यको भिडियो क्लिप यो पंक्ति लेख्दासम्म पनि आदान-प्रदान हुने क्रम रोकिएको छैन ।

मिथिला क्षेत्रमा यो घटना नौलो होइन, न त पहिलो नै हो । तपाईंलाई पत्यार नलाग्ला, तर सहमतिमा वा जबर्जस्ती युवती अथवा बालिकासँग यौन सम्पर्क गर्ने र त्यसको भिडियो क्लिप बनाएर बेचबिखन गर्ने धन्दा यहाँ दिनानुदिन चम्कँदो छ । यस्ता भिडियो क्लिपहरू सीमावर्ती र भारतका अन्य शहरहरूमा मात्र बेचिंदैनन्, कतार र मलेशियासम्म पुऱ्याएर तिनको कारोबार गरिन्छ । यहाँ बलात्कारले नयाँ रूप लिन थालेको छ । यो अपराध अहिले यौन आनन्द लिने मात्र होइन, आय आर्जन गर्ने नयाँ व्यवसाय बन्न पुगेको छ ।



**भगवानदास तत्मा**
औरियाकी उषादेवी साहलाई बलात्कार गरी हत्या गरेपछि थुनामा ।



**अनिता महतो**
बलात्कारपछि घाइते महतो अस्पतालमा ।



**पारोदेवी र रामआधार पासवान**



**जयनारायण यादव**
इन्स्पेक्टर, गौशाला, महोत्तरी



**खडानन्द गौतम**
सरकारी वकील, महोत्तरी




**प्रदीपराज कँडेल**
सिडिओ, महोत्तरी



**सुरज खड्का**
इन्स्पेक्टर, महोत्तरी मुद्दाफाँट



**ठूले राई**
एसपी, रौतहट



**कुरेसा खातुन काण्डको मिलापत्र ।**



**सुनिता भट्टराई**
पर्यवेक्षक, महिला विकास कार्यालय, जलेश्वर

## कतारबाट खबर आएपछि

महोत्तरी बैरगनियाँमा केही वर्षअघि १७ वर्षीया समिना खातुनसँग सोही गाउँको अहमद मियाँले जबर्जस्ती शारीरिक सम्पर्क राख्यो र साथीको सहयोगबाट त्यसको भिडियो पनि खिच्यो। भिडियो कतार र मलेशियामा बिक्री हुन थाल्यो। संयोगवश, कतारमा कार्यरत सोही गाउँका एक युवकले त्यो भिडियो हेरेपछि गाउँमा खबर गरे। अहमदको दुष्कर्म सतहमा आयो र 'भद्रभलाद्मी' हरू सक्रिय भए। प्रहरी समेतलाई साथमा लिएर उनीहरूले 'मिलापत्र' गराइदिए जसमा भनिएको थियो- जरिवाना र क्षतिपूर्ति स्वरूप पीडकले पाँच लाख रुपैयाँ तिर्नुपर्नेछ। तर पीडित पक्षलाई चित्त बुझेन।

यसपछि पीडित परिवार जिल्ला प्रशासन कार्यालय र सरोकारवाला अन्य निकायहरूमा गुहार लगाउन पुग्यो। त्यसपछि अर्को नाटक शुरू भयो। प्रहरीको रोहबरमा स्थानीय राजनीतिक नेता, भद्रभलाद्मी तथा पीडक समेतको 'सर्वपक्षीय' बैठक बस्यो, जसले पीडकलाई कानूनी दण्डसजायबाट मात्र जोगाएन, पुरस्कार पनि दियो– पीडित महिला समिना खातुनलाई उसैसँग बिहे गर्न बाध्य बनाएर। लोग्नेको अनुहार देख्यो कि बलात्कारको घटना सम्झेर झसङ्ग हुने समिना भन्छिन्, "के गर्ने, मधेशको समाज नै यस्तै छ। यहाँ महिलाले न्याय पाउँदैनन्, उल्टै जिन्दगीभरि थप दण्ड भोग्नुपर्छ।"

त्यसैले, पीडित युवतीले न्याय पाउलिन् अथवा अपराधीहरूले कानून बमोजिम सजाय पाउलान् भन्ने विश्वास छैन। मिलापत्रका नाममा केही हजार रुपैयाँ भद्रभलाद्मीका बाहुलीमा दाखिला गरेर अपराधीहरू अश्लील भिडियो बनाउन 'स्वतन्त्र' हुनेछन्। धरातलीय यथार्थ यस्तै छ।

अरू अनौठो र दु:खलाग्दो कुरा त के भने, यहाँ बलात्कार सँगसँगै मिलापत्र पनि एउटा व्यवसाय बन्न पुगेको छ। र, यो धन्दामा लागेका छन् समाजका कथित भद्रभलाद्मीहरू। बलात्कार र अन्य यौन अपराधपछि उनीहरू सकेसम्म त्यस्ता घटना प्रहरीसम्म पुग्नै दिँदैनन्, पुगिहाले पनि कानूनी कारबाही अघि बढ्न दिँदैनन् र मिलापत्रको नाटक शुरू गर्छन्। यस क्रममा अभियुक्तलाई (प्राय: पूर्व सहमतिका आधारमा) उसको गच्छे अनुरूप जरिवाना तिराइन्छ र त्यो रकम अधिकांश वा पूरै 'भद्रभलाद्मी' हरूको गोजीमा जान्छ। पीडितलाई न्यायबाट वञ्चित मात्र गराइँदैन, अधिकांश मामिलामा बलात्कारीसँगै बिहे गर्न बाध्य बनाएर जिन्दगीभरका लागि थप पीडाको भुमरीमा पारिन्छ। उदेक त के भने, कानून कार्यान्वयन गराउन बसेका प्रहरी र प्रशासन मात्र होइन स्थानीय राजनीतिक नेता, कथित समाजसेवी समेत 'गाउँको समस्या गाउँमै मिलाएको राम्रो' भन्ने बहानामा यो विकृति र बर्बरताको समर्थन गरिरहेका छन्। पीडितको न्याय पाउने चाहना र अधिकारसँग कसैको सरोकार देखिँदैन। 'मिलापत्र' पछि 'भद्रभलाद्मी' र बलात्कारीहरूको अनुहार हर्षले धपक्क बलेको हुन्छ, पीडितहरू भने रोएको आवाज पनि अरूले सुन्लान् भनेर भयभीत हुँदै आँसु खसालिरहेका हुन्छन्।

रौतहट जिल्लाको लक्ष्मीपुर-७ की गुलशन खातुनलाई सोही गाउँको सागर दर्जीले गएको चैत १३ गते बलात्कार गर्‍यो र फरार भयो। एकल महिलाको जीवन बिताइरहेकी

३४ वर्षीया गुलशन गर्भवती भइन् । जिल्ला प्रहरी कार्यालयमा जाहेरी दिएपछि सागर दर्जी काठमाडौंमा पक्राउ पऱ्यो र पाँच दिन रौतहट प्रहरीले उसलाई हिरासतमा राख्यो । यसबीच समाजका भद्रभलाद्मीहरू (सामुदायिक निगरानी समिति र महिला अधिकारसँग सम्बद्ध संघसंस्थाहरू समेत) सक्रिय भए र पीडकलाई प्रहरीको पञ्जाबाट निकालेर पीडित महिलासँग विवाह गराइदिए ।

महोत्तरीका प्रजिअ प्रदीपराज कँडेल भन्छन्, "सबै घटनामा कानूनी कारबाहीको प्रक्रिया अघि बढाएर न्याय दिन सम्भव हुँदैन, न्यायको वैकल्पिक व्यवस्था पनि अपनाउनुपर्ने हुन्छ ।" कानून लागू गराउनुपर्ने राज्यको निकायका स्थानीय मुखियाहरूले नै पीडितलाई पीडकको कृपापात्र बनाउने कामलाई 'न्यायको वैकल्पिक व्यवस्था' को मान्यता दिएपछि मुलुकको कानून लावारिस हुने नै भयो। कानूनलाई लावारिस तुल्याएपछि बलात्कार पीडित महिलाहरूले न्याय पाउन के खाएर सम्भव होस् ?

## सिङ न पुच्छर

'न्यायका नौ सिङ' भन्ने उखानै छ । तर मधेशका बलात्कार र यौन अपराध पीडित चेलीहरूले मिलापत्र व्यवसायीहरूका कारण न्यायको सिङ त के, पुच्छर फेला पर्नु पनि 'आकाशको फल आँखा तरी मर' बन्दै गएको छ। नेपालको कानूनले १६ वर्षभन्दा कम उमेरकी बालिका वा विवाहित/अविवाहित महिलालाई उनको मन्जुरी लिएर वा नलिएर गरिएको करणीलाई बलात्कार मानेको छ । १६ वर्षभन्दा माथिकी महिलाले मन्जुरी नदिएको अवस्थामा वा डर, धम्की दिई मन्जुर गराएको अवस्थामा गरिएको करणी पनि बलात्कार मानिएको छ। यस्ता घटनामा पीडितको उमेर १० वर्षभन्दा कम भए पीडकलाई १५ वर्षसम्म पीडितको उमेर १० र १६ वर्षका बीच भए पीडकलाई १० वर्षसम्म र पीडितको उमेर १६ वर्षभन्दा माथि भए पीडकलाई ७ वर्षसम्म कैदको व्यवस्था गरिएको छ। अपराधीलाई थप कडा दण्ड दिलाउने अन्य प्रावधान पनि छन् र बलात्कारको प्रयास मात्र भएको अवस्थामा पनि उल्लिखित सजायको आधा हुने प्रावधान छ । यौन दृश्यको भिडियो खिचेर सार्वजनिक गर्ने, बेच्ने दुष्कर्मका निम्ति मात्र होइन, पीडितलाई न्यायसम्म पुग्न नदिने र थप पीडा दिने दुष्कृत्यका निम्ति समेत कानूनमा विभिन्न व्यवस्था नभएका होइनन् । तर जो-जो कानूनका रक्षक हुनुपर्ने हो उनीहरू नै 'न्यायको वैकल्पिक व्यवस्था' का नाममा कानूनको घेरामा पर्न नदिन र उल्टो पुरस्कृत गर्न एकमत हुँदै गएपछि बिचरो कानून मात्रले के गरोस् ?

## बलात्कारीका पक्षमा

हरेक सामाजिक-राजनीतिक मामिलामा कुकुर-बिराला झैं झगडा गरिरहने 'गन्यमान्य' हरू बीच पीडित महिलालाई न्याय र अपराधीलाई दण्डसजाय नदिलाउने विषयमा भने 'सर्वपक्षीय स्थायी सहमति' कायम भएको देखिन्छ । महोत्तरी जिल्ला, कलुवा बगिया, इस्लामपुरकी सविना खातुनकै घटना हेरौं । स्थानीय एकडारा बजारमा फलफूल बिक्री

गरेर फर्किरहेकी ३५ वर्षीया एकल महिला सविनालाई सोही गाउँका फरमुद अन्सारी र मुरदुज अन्सारीले २०६७ पुस २७ गते बाटोछेउको उखु खेतमा लगेर बलात्कार गरे। जब स्थानीय 'भद्रभलाद्मी' हरूलाई यसबारे थाहा भयो, उनीहरूले उल्टो सविनामाथि नै 'गाउँका युवाहरूलाई बिगारेको' आरोप लगाए र उनको घरमा ताल्चा ठोकेर उनलाई गाउँबाट निकाला गरिदिए। सविना न्यायका लागि जिल्ला प्रहरी कार्यालय पुगिन् तर प्रहरीले उनको उजुरी नै लिएन। कतिपय संघसंस्थाको दबाब परेपछि बल्ल उजुरी दर्ता गऱ्यो तर कानूनी कारबाही अघि बढाउनुको सट्टा मिलापत्र गर्न दबाब दिन थाल्यो। कथित भद्रभलाद्मीहरू भेला भए र एकछिन सविनाको पक्षमा वकालत गरेजस्तो गरेर उनलाई एकजना बलात्कारीसँगै बिहे गर्न दबाब दिन थाले। सविनाले त्यसको तीव्र प्रतिवाद गरेपछि 'एक कदम पछि हटेर' उनीहरूले बलात्कारीहरूलाई ४० हजार रुपैयाँ जरिवाना गरेर जबर्जस्ती मिलापत्र गराइदिए, जसमध्ये २० हजार रुपैयाँ 'समाज सुधारका लागि खर्च गर्न' छुट्याइएको थियो *(हे. मिलापत्र)*।

'मिलापत्र' गराउने काममा सक्रिय सहभागी थिए– तराई मधेश लोकतान्त्रिक पार्टीका रामछविला साह, नेपाली कांग्रेसका रामवली साह, एकीकृत नेकपा माओवादीका सुरेश साह, नेकपा एमालेका जीवछदास तत्मा, राप्रपाका रामचन्द्र यादव, नेकपा मालेका भिखारी साह, नेकपा संयुक्तका इरशाद अन्सारी, फोरम नेपालका रामनरेश कापड, नेपाल सद्भावना पार्टीका उमाशंकर पाण्डे र राष्ट्रिय जनशक्ति पार्टीका राजकुमार मण्डलसहित ११ राजनीतिक दलका प्रतिनिधिहरू। महोत्तरी जिल्ला प्रहरी कार्यालय, महिला सेलका प्रहरी सहायक निरीक्षक जीवलाल सुवेदी र महिला मानवअधिकार रक्षक संजालकी रेखा झाले समेत उक्त निर्णयमा हस्ताक्षर गरेका थिए। कारी अन्सारी, जिब्राइल अन्सारी, नजिम अन्सारी, कलम अन्सारी, रहना खातुनसहित ८७ जना स्थानीय भद्रभलाद्मीले उनीहरूलाई साथ दिएका थिए। मिलापत्र गराउन महोत्तरीका तत्कालीन प्रहरी उपरीक्षक संजयराज शर्माले मध्यस्थकर्ताको भूमिका निर्वाह गरेको बताउँछन् स्थानीय बासिन्दाहरू। तत्कालीन प्रहरी नायव उपरीक्षक रामेश्वर यादव आफ्ना 'हाकीम' को त्यो कामको सराहना गर्छन्। भन्छन्, "पीडित महिलालाई समाजमै पुनर्स्थापना गर्नुभन्दा राम्रो विकल्प के हुन सक्छ?"

फातमा खातुनको पनि सविनाकै जस्तो गति भयो। महोत्तरी, खुट्टापिराढीकी १८ वर्षीया फातमा गत असार २८ गते पानी लिन गएको बेला बलात्कृत भएकी थिइन्। उनले तुरुन्तै समाजलाई गुहारिन् र गाउँकै चारजना हजरत कवारी, दिल मोहम्मद कवारी, दाउद कवारी र कलमुद्दीन कवारीले मुख थुनेर बलात्कार गरेको बताइन्। एक हप्तासम्म संघर्ष गरेपछि फातमाका अभिभावक बल्लतल्ल महोत्तरी जिल्ला प्रहरी कार्यालयमा जाहेरी दर्ता गराउन सफल भए। मुद्दा अदालतमा पुगेपछि फरार अपराधीहरू विरुद्ध पक्राउ पुर्जी जारी भयो। तर प्रहरीले कसैलाई पक्राउ गरेन।

बलात्कारमा संलग्न चारैजना यसअघि पनि दुई पटक यस्तै घटनामा दोषी ठहर भइसकेको गाउँलेहरूले जानकारी दिएका छन्। नाम उल्लेख नगर्ने शर्तमा एक युवकले बताए अनुसार मौका पर्नासाथ गाउँका युवतीमाथि सामूहिक बलात्कार गर्ने र त्यस दृश्यको

भिडियो क्लिप बनाएर सीमा क्षेत्र भारतका अन्य शहरमा बेच्ने धन्दा उनीहरूले केही वर्षदेखि चलाउँदै आएका छन्। "उनीहरू सधैं बलात्कारको ताकमा हुन्छन्; बदनामीको डरले धेरै घटना बाहिर नआएका मात्र हुन्", उनको भनाइ थियो। फातमाले भनिन्, "मलाई बलात्कार गर्दा पनि उनीहरूले मोबाइलबाट फोटो खिचिरहेका थिए। एउटाले बलात्कार गर्दा अरूहरू फोटो खिच्न थाल्थे।"

प्रहरीले नपक्रे पनि बलात्कारीहरू 'भद्रभलाद्मी' को पहुँचमा थिए। त्यसैले पक्राउ पुर्जी जारी भएको केही दिनपछि उनीहरूले बलात्कारीसँग फातमा परिवारको जबर्जस्ती मिलापत्र गराइदिए र अदालतमा बयान उल्ट्याउन बाध्य पारे। हाल चारै भाइ कवारीहरूलाई उन्मुक्ति दिलाएर 'भद्रभलाद्मी' हरूले आफ्नो कर्तव्य पूरा गरिसकेका छन् भने पीडित फातमा खातुन 'पापीहरूले मेरो जिन्दगी बर्बाद पारिदिए' भन्दै रुँदै हिंडेकी छन्। समाजले उनको रुवाइलाई 'सामान्य' रूपमा लिएको छ।

फातमाकी आमा मदिना भन्छिन्, "समाजका भलाद्मीहरूले हजरत कवारीहरूलाई हाम्रै घरमा ल्याएर मिलापत्र गर्न दबाब दिए। मिलापत्र नगरे पछि दुःख पाइएला भनेपछि मान्नै पऱ्यो। हामी गरीब मान्छे। त्यसबेला छोरीको बिहे खर्च भराइदिन्छौं भनी फकाए।"

"महिलाको पीडालाई समाज र प्रशासनले व्यवसायको वस्तु बनाइदिएकाले नै मधेशमा बलात्कारका घटना बढिरहेका हुन्", स्थानीय युवती सुनैना ठाकुर आक्रोश व्यक्त गर्छिन्। स्थानीय मानवअधिकारकर्मी मदन झा भन्छन्, "बलात्कार जस्तो जघन्य अपराधका घटनामा मिलापत्र गराउन जिल्ला प्रहरी कार्यालय आफैं मध्यस्थ बनिदिन्छ। त्यसैले पीडितहरू अदालतको ढोकासम्म पुग्नै पाउँदैनन्, पीडकहरूले कहिल्यै सजाय भोग्नुपर्दैन।"

## हदम्यादको तगारो

समाजमा बदनामी हुने डरले बलात्कारका घटनाहरू पीडित र तिनका परिवारले हम्मेसी बाहिर ल्याउनै चाहँदैनन्। फाट्टफुट्ट बाहिर आएका घटना पनि मिलापत्र व्यवसायीहरूका कारण प्रहरीसमक्ष पुग्दैनन्, पुगिहालेमा पनि मिलापत्रको कालो छायामा विलीन हुन्छन्। प्रहरी कार्यालयबाट अघि बढेर न्यायालयको ढोकामा पुग्नु र पीडितले न्याय पाउनु अपवादमा सीमित बन्दै गएको छ।

पछिल्लो १४ वर्षमा नेपालमा झण्डै तीन हजार बलात्कारका घटना दर्ता भएको तथ्यांक छ। अधिकांश घटना मधेशका ग्रामीण भेगमा भएका छन् र बलात्कृत हुनेहरू न्यायका लागि तड्पिरहेका छन्। अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) को वर्ष पुस्तक-२०१२ का अनुसार सन् २०११ मा देशभरि २१७ वटा बलात्कारका घटना भए जसमा २० जना महिलाको बलात्कारपछि हत्या भयो। अधिकांश मामिला भद्रभलाद्मीहरूले पीडकको पक्षमा मिलापत्र गराएर सल्ट्याएका छन्।

आ.व. २०६८/६९ मा मात्र रौतहटमा ११ वटा बलात्कारका घटना बाहिर आए, जसमध्ये नौवटा मिलापत्रमा टुंग्याइए। दुइटा घटनामा भने बलात्कारपछि हत्या समेत

भएकाले ज्यान मुद्दा चलिरहेको छ। रौतहट जिल्ला प्रहरी कार्यालयमा जबर्जस्ती करणीका १७ वटा मामिला प्रहरीको फाइलमा दबेर बसेका छन् । महोत्तरीमा १६ वटा मामिला तीन वर्षदेखि न्याय पर्खिरहेका छन् । प्रहरीमाथिको विश्वास घट्दै गएपछि महोत्तरीका पीडितहरूले मानवअधिकार संरक्षण केन्द्र (जलेश्वर) मा ३७ वटा र महिला विकास कार्यालयमा सातवटा उजुरी दर्ता गराए। महिला पुनर्स्थापना केन्द्रका अनुसार पछिल्लो चार महीनामा मात्र ७१ वटा बलात्कारका घटना दर्ता भएका छन् । यीमध्ये मधेशका सबै घटना मिलापत्रको ढोकातिर धकेलिएका छन् ।

बलात्कार भएको ३५ दिनभित्र उजुरी दिनुपर्ने कानूनी व्यवस्था पनि पीडितलाई न्यायको ढोकासम्म पुग्न असहज पार्ने तगारो बनेको बताउँछन् कानून व्यवसायीहरू । जलेश्वरका कानून व्यवसायी विकरु यादव भन्छन्, “मधेश मात्र होइन कुनै पनि रुढिग्रस्त समाजमा बलात्कारको घटना बाहिर आउन नै कम्तीमा हप्ता दिन लाग्छ । डाक्टरी जाँच, मेडिकल रिपोर्ट र प्रहरीको अनुसन्धानले एक महीनाभन्दा बढी समय लिन्छ। यति गर्दागर्दै कानूनी हदम्याद सकिन्छ। अनि कसरी न्याय पाउँछन् पीडितहरूले ?” महोत्तरीका जिल्ला न्यायाधिवक्ता खडानन्द गौतम थप्छन्, “यही हदम्यादको व्यवस्थाका कारण कथित भद्रभलाद्मीहरूले चलखेल गर्ने मौका पाउँछन् । हदम्यादले मात्र होइन मिलापत्रले पनि पीडितहरूलाई न्यायको ढोकासम्म पुग्न अवरोध खडा गरिरहेको छ । त्यसैले यी दुवै व्यवस्था अविलम्ब हटाउनुपर्छ। अन्यथा पीडितहरूले न्याय पाउन सक्दैनन् ।”

## आफ्नै घर, गाउँमा असुरक्षित

महोत्तरी, बेलगाछीकी १३ वर्षीया अन्जु महतो गत साउन २० गते आफ्नै घरमा बलात्कारको शिकार हुनुपऱ्यो। उनले रुँदै भनिन्, “छिमेकमा बस्ने समसुल नदाफले घरभित्र आएर मेरो समीज च्यातिदियो अनि घाँटीमा छुरी राखेर बोलिस् भने मारिदिन्छु भन्दै जबर्जस्ती गऱ्यो। म बेहोश भएँ।” वीभत्स अवस्थामा, बेहोश लडिरहेकी छोरीलाई हतारहतार अस्पताल पुऱ्याएर बुबा रामपरीक्षणले उनको ज्यान जोगाएका थिए । यस घटनामा अपराधीलाई पक्राउ गराउन अन्जुको परिवार मात्र होइन समाज समेत अघि सऱ्यो। तर प्रहरीले उजुरी गर्दा नै गरेन । इलाका प्रहरी कार्यालय, गौशालाका प्रहरी निरीक्षक जयनारायण यादवले यो घटना सम्बन्धमा संवाददातासँग भने, “यो त सामान्य घटना हो !” सर्वस्वसहित जन्मकैदसम्म हुनसक्ने यस्ता अपराधलाई प्रहरीले ‘सामान्य घटना’ भनिदिने गरेकाले नै मधेशमा अपराधीहरूको मनोबल बढेको हो। समाजको व्यापक दबाबपछि मात्र समसुललाई पक्राउ गरेर प्रहरीले पुर्पक्षका लागि थुनामा राखेको हो।

रौतहट, समनपुरकी १४ वर्षीया संगीता पासवान आफूलाई ट्युसन पढाउने शिक्षक रामआधार पासवानबाटै यौन दुर्व्यवहारको शिकार भइन् । लगातार चार वर्षसम्म यौन शोषणको शिकार भएपछि बल्ल घटना बाहिर आयो। प्रहरी समेतको सहयोगमा संगीताको परिवारले वीरगंजको माईस्थान मन्दिरमा बलात्कारी शिक्षकसँगै उनको बिहे गराइदियो । तर रामआधारको परिवार र गाउँका ‘भद्रभलाद्मी’ ले त्यस बिहेलाई मान्यता दिएनन् ।

त्यसपछि बल्ल संगीताका बुबाले रामआधार विरुद्ध प्रहरीमा उजुरी दर्ता गराए र हाल ऊ पुर्पक्षका लागि थुनामा छ ।

रौतहट जिल्लाकै भसेडवा-६ की आठ वर्षीया रञ्जु कर्णलाई सोही गाउँको कमोद ठाकुरले गएको जेठ ३१ गते साँझ स्थानीय बकैया नदीको किनारमा लगेर बलात्कार गऱ्यो। रञ्जु पीडाले कराएको सुनेर गाउँलेहरू नदीछेउमा पुग्दा कमोद भाग्दै थियो । उनीहरूले उसलाई समातेर प्रहरीको जिम्मा लगाए र घाइते बालिकालाई उपचारका लागि जिल्ला अस्पताल (गौर) मा भर्ना गरे । बलात्कारी पक्षको धम्कीका कारण रञ्जुको परिवारले बयान फेरेपछि हाल कमोद रिहा भइसकेको छ ।

महोत्तरी, बगडा-३ मा प्रमिला देवीको छोरा राजनले छिमेकीकी छोरी बबितासँग प्रेम गरेको आरोपमा २०६३ असार २४ गते अर्को जघन्य काण्ड भएको थियो । गाउँका सियाशरण यादव, रामबाबु यादव, रामपुकार यादव, मानबहादुर यादव, शोभित यादव र दिनेश यादवले आमा प्रमिला देवीलाई सर्वाङ्ग नाङ्गो पारेर गाउँ घुमाएका थिए। यस क्रममा नाइके सियाशरणले सबै गाउँलेका सामु उनको बलात्कार प्रयास समेत गरेका थिए । सियाशरण लगायत अधिकांश अपराधीहरू आजसम्म पक्राउ परेका छैनन् ।

### ज्यानै लिन थाले

दण्डसजायको डर हराउँदै गएकाले अपराधीहरू बलात्कारपछि हत्या गर्न समेत संकोच मान्न छोडेका छन् । गत फागुन २ गते रौतहट, बगही-८ मा महेशी माझीकी सात वर्षीया छोरी सीमाकुमारी माझीको बलात्कारपछि घाँटी थिचेर हत्या भयो । सीमाका बुबा महेशीले अपराधी प्रभु माझीलाई अदालतमा पुऱ्याएपछि ऊ अहिले जिल्ला कारागारमा बीस वर्षे जेल सजाय भोग्दैछ ।

## मधेशमा चम्केका दुई नयाँ व्यवसाय

**१. बलात्कार**

- एक्लै वा सामूहिक बलात्कार गर्ने र त्यसको भिडियो खिच्ने ।
- भारत, कतार र मलेशियामा भिडियो बेचेर कमाइ गर्ने ।
- यौन दृश्य इन्टरनेटमा राख्ने, मोबाइलबाट सार्वजनिक गर्ने ।

**२. मिलापत्र**

- बलात्कारका घटना प्रहरीसम्म पुग्न नदिने, पुगे पनि फिर्ता गर्न लगाउने।
- जरिवाना तिराएर बलात्कारीलाई उन्मुक्ति दिने ।
- जरिवानाको रकम पूरै वा अधिकांश आफ्नो गोजीमा हाल्ने ।

रौतहटकै औरिया-६ की २८ वर्षीया उषादेवी साह पनि गत भदौ १० गते बलात्कारकै कारण बलि चढिन्। सदरमुकाम गौर बजारबाट घर फर्कन लागेकी उनलाई टेम्पो ड्राइभर भगवानदास तत्माले एकान्तमा पुऱ्याई बलात्कारपछि हत्या गरेको थियो। पक्राउ परेपछि उसले भन्यो, "यौन संसर्ग गर्न नमानेपछि लडाइँ पऱ्यो, त्यसपछि जबर्जस्ती करणी गरें। अनि त्यो बाँची भने आफू पक्राउ पर्ने डरले मारेर त्यसको लास सिसौघारीमा फ्यालिदिएँ।"

भगवानदास अहिले पुर्पक्षका लागि गौर कारागारमा थुनिएको छ। मृतक उषादेवीका श्रीमान् हरिहर साह सिन्धुलीमा प्रहरी हवल्दार पदमा कार्यरत छन्। उनले बूट बजारेर सलाम ठोक्नुपर्ने, रौतहटका प्रहरी प्रमुख ठूले राईले यसलाई सामान्य घटना मानेका छन्। राई भन्छन्, "यो घटना कामवासना प्रेरित थियो, यसमा हत्या गर्ने पूर्वयोजना देखिएको छैन।"

राईको 'दृष्टिकोण' बाट भगवानदासले निकै राहत अनुभव गरेको छ। किनभने यसमा कानूनी दाउपेच लुकेको छ। 'हत्याको योजनाबद्ध नियत नरहेको' आधारमा भगवानदासले उन्मुक्ति पाएको खबर हरिहर साहले पाए भने रौतहटमा उति आश्चर्य मानिने छैन।

तर, मधेशकै संवेदनशील व्यक्तिहरू भने मधेशमा बलात्कार र मिलापत्रको व्यवसाय चम्किन थालेको देखेर मर्माहत भएका छन्। मैथिली चलचित्रमा समाज सुधारकको भूमिका खेल्दै आएका प्रसिद्ध फिल्म अभिनेता मुरलीधर भन्छन्, "बलात्कार त जघन्य अपराध हुँदै हो, मिलापत्रका नाममा यसलाई समाजमै गुपचुप बनाउन खोज्नु अर्को जघन्य अपराध हो। यो परिपाटी घिनलाग्दो छ। यसले पीडितलाई न्याय पाउनबाट वञ्चित गरेको छ र पापीहरूको संरक्षण गरेको छ।"

मधेशमा चम्केको बलात्कार र मिलापत्र व्यवसाय समाप्त पार्न मधेशी समुदाय नै संवेदनशील र सक्रिय हुनुपर्छ। 'पापीहरूको संरक्षण' गरेर समाजमा उँभो लाग्न सक्तैन भन्ने मधेशलाई थाहै नभएको पनि त होइन नि !

**(सबै पीडितहरूको नाम/थर परिवर्तन गरिएको छ।)**

(**२०६९ मंसीर २९ गतेको *अन्नपूर्ण पोष्ट* दैनिकमा प्रकाशित**)



**पटमरी दास**
दासलाई दुई वर्षअघि बोक्सीको आरोपमा मलमूत्र खुवाइएको थियो ।



**तकिना खातुन**
महोत्तरी, सुगा गाविसकी खातुनले बोक्सीको आरोपमा यातना भोगिन् ।



**बोक्सीले टुनामुना गरेका ठाउँ**
जहाँ बोक्सी नाङ्गै नाच्ने गरिन्छ, बोक्सीको गुण सिक्छ ।

■ शत्रुधनकुमार साह

**२२**

# बोक्सी आरोप :
# महिलालाई कमजोर बनाउने हतियार

नेपालको तराई-मधेश क्षेत्रमा कुनै महिलाको हुर्मत, इज्जत लिनुपर्‍यो भने बोक्सीको आरोप लगाइदिए पुग्छ। यो अन्धविश्वास हो भन्ने कुरा धेरैलाई थाहा हुँदाहुँदै पनि कुनै महिलालाई तह लगाउनुपर्‍यो भने 'बोक्सी' शब्दको तरबार चलाउने गरिएको छ।

महोत्तरी बसपिट्टीका लक्ष्मण दासका दुई भाइ छोरा लामो समयदेखि रोगग्रस्त थिए। कान्छो छोरा विजयको मानसिक सन्तुलन ठीक थिएन भने जेठो छोरा अजय छारेरोगले ग्रस्त थिए। २०६६ साल साउन ४ गते अजयको मृत्यु भयो। अजयको मृत्युपछि लक्ष्मण दासका परिवारले छिमेककी ४७ वर्षीया पटमरी दासलाई बोक्सी मन्त्र प्रयोग गरेर आफ्नो छोराको ज्यान लिएको भन्दै एक्कासी आक्रमण गरेर निर्घात कुटपीट गरे।

त्यसबेला भोग्नु परेको दुर्व्यवहार सम्झिँदै पटमरीले भनिन्, "मलाई पक्रेर फोहोर खुवाइदिए। लछारपछार गर्दै बेहोश हुने गरी कुटपीट गरे। मलाई बचाउन आउँदा मेरी जेठी बुहारी समेत कुटपीटमा परिन्।"

यसबारे जाहेरी दिन जाँदा प्रहरीले उनको उजुरी दर्ता गर्न मानेन। मानवअधिकारवादी र पत्रकारले दबाब दिएपछि मात्रै उजुरी दर्ता भयो। साढे दुई वर्ष बित्न लाग्दा पनि उनले न्याय पाएकी छैनन्।

पटमरीलाई बोक्सीको आरोप लगाएर कुटपीट गर्नेहरूमा संविधानसभा चुनावमा माओवादीको तर्फबाट उम्मेदवारी दिएका अरविन्द दास र उनका सहयोगीहरू जगदेव दास, लालधारी दास, देवधारी दास, गोविन्द दास, लक्ष्मण दास, रामपरी देवी र बसमतिया देवी थिए। तीमध्ये अरविन्द दासले धाकधम्कीका भरमा आफ्नो नाम फिर्ता लिन लगाइसकेका छन्। बाँकी सात जनालाई महोत्तरी जिल्ला अदालतले जनही तीन महीनाको कैद र रु.५ हजार जरिवाना गर्ने फैसला गर्‍यो। त्यसपछि उनीहरू पुनरावेदन अदालत गएका छन्। मुद्दा कहिले टुंगो लाग्ने हो, थाहा छैन। यसबीच सातै जनाले पटमरीलाई मुद्दा फिर्ता

लिन चर्को दबाब दिइरहेका छन् । पटमरीका श्रीमान् महेन्द्र दास भन्छन्, "न्याय पाउने विश्वास मरिसकेको छ ।"

**'बाँच्नुभन्दा मर्नु बेस'**

तराई-मधेशका प्रत्येक गाउँमा बोक्सीको आरोपमा दुर्व्यवहार खेप्नु परेका पटमरी जस्ता पाँचदेखि आठ जना महिला भेटिन्छन् । बोक्सीको आरोप लगाइसकेपछि उनीहरूलाई कुटिन्छ । कतिलाई मलमूत्र खुवाइन्छ । कतिलाई मारिन्छ । यति धेरै शारीरिक र मानसिक यातना दिइन्छ कि कैयौंले यस्तो यातना खप्न नसकी आफूले आफैंलाई मार्छन् ।

महोत्तरीकै नैन्हीकी फुलोदेवी मुखियालाई आफ्नै नन्द र जेठाजुले बोक्सी भन्दै केही महीनादेखि कुटपीट गर्दै आएका थिए । २०६७ साल असार १५ गते गाउँभर खबर फैलियो- जेठाजु जनक मुखिया र नन्द राजोदेवीले मिलेर फुलोदेवीको शरीरमा तेजाब छर्केर मारे । तर कानूनका आँखामा फुलोदेवीले आगो लगाई आत्महत्या गरेको ठहरियो ।

## मरनीदेवी काण्ड



२०५८ सालमा बोक्सीको आरोप लगाएर मानव मलमूत्र खुवाउनुका साथै निर्मम कुटपीट गरिएकी महोत्तरी, सिमरदहीकी ६५ वर्षीया मरनीदेवी साहले अहिलेसम्म पनि न्याय पाउन सकेकी छैनन् ।

छिमेकी निर्सन साहको छोराको मृत्यु भएपछि मरनीदेवीलाई तत्कालीन गाविस अध्यक्ष नवलकिशोर सहनी, रामविनय साह, पार्वती साह, मोतिदेवी साह, राजकिशोर साह, नागेन्द्र सहनी, रामबाबु साह, निर्सन साह, विन्देश्वर साह, विनोद मण्डल, विनोद पासवान, शंकर सहनीसहितले कुटपीट गरेका थिए । घटनालगत्तै प्रहरीले नवलकिशोर सहनी र उनका भाइ शंकर सहनीलाई पक्राउ गरेको थियो तर एक महीनापछि दुवैजनालाई १ लाख ५४ हजार धरौटी लिएर रिहा गरियो । जिल्ला प्रशासन कार्यालयले घटनामा संलग्न १७ जनालाई दोषी ठहर गर्दै ८२ हजार रुपैयाँ जरिवाना गरेको थियो ।

देशव्यापी चर्चा भएपछि घटनामा मुद्दा चल्यो । जिल्ला अदालत महोत्तरी र पुनरावेदन अदालत जनकपुरले मरनीदेवीकै पक्षमा फैसला गरेर न्यायको बाटो खोलेको थियो । आरोपितहरूले सर्वोच्च अदालतमा पुनरावेदन गरेपछि मरनीदेवीको मुद्दा हाल सर्वोच्चमा विचाराधीन छ ।

चौध वर्षअघि २०५५ सालमा बोक्सीको आरोप लगाइएकी महोत्तरी लोहारपट्टीकी बुचियादेवीले विष खाएर आफैंलाई मारेकी थिइन्। गाउँलेहरूले बोक्सी भन्दै चारपाटा मुडेर कुटपीट गरेपश्चात् 'नाङ्गो पारेर गाउँ घुमाउने' धम्की दिएपछि त्यो बेइज्जती सहनुपर्ला भन्ने डरले उनले आत्महत्या गरेको छिमेकीहरू बताउँछन्।

बोक्सी सम्बन्धी अन्धविश्वास समाजमा यति गाडिएको छ कि कसैले बोक्सी भनिदिएपछि आमाले छोरीलाई समेत दुर्व्यवहार गरी घरबाट निकालिदिने गर्छन्। महोत्तरीकै डाम्ही मडैकी ४५ वर्षीया रामकली देवीलाई आमा कोशिलादेवी पण्डित र दाजुभाइ समेतले बोक्सी भन्दै निकालिदिएका छन्। "जन्म दिने आमा नै बिरानो भइन्", आँसु झर्दै रामकली भन्छिन्, "त्यही भएर जिन्दगी नरक बनेको छ। बाँच्नुभन्दा मर्नु बेस जस्तो लाग्छ।"

आजभोलि समाजमा कसैलाई बिसन्चो मात्र भयो भने पनि गाउँलेले रामकलीलाई समातेर कुटपीट गर्छन्। २०६८ असारमा छठु मण्डल बिरामी भए। उनलाई बिरामी पारेको दोष रामकलीमाथि लाग्यो। रोगले छठुको मृत्यु भएपछि उनका छोरा अरुण मण्डल, उनकी श्रीमती र आमाले रामकलीलाई निर्घात कुटपीट गरे। रामकलीको उजुरी जिल्ला प्रहरी कार्यालयमा पुग्यो तर समाजका भद्रभलाद्मीहरूको दबाबको कारण मिलापत्र गरेर चित्त बुझाउनु पर्‍यो।

## बोक्सी बन्न खोज्दा जेलमा !



**रौतहट** जिल्लाको समनपुरकी महादेवी यादवले २०६८ जेठ ११ गते बोक्सी विद्यामा निपुण हुनका लागि आफ्नै तीन वर्षीय भान्जा नितेशलाई घाँटी रेटेर बलि चढाइन्। राम्रोसित माइजू समेत भन्न नजान्ने अबोध बालक नितेशलाई के थाहा, मामाको घर नै आफ्नो चिहान हुन्छ भने कुरा! घटना लगत्तै प्रहरीले गिरफ्तार गरेपछि महादेवी यादवले धामी छविलालको आदेशमा भान्जाको हत्या गरेको स्वीकार गरिन्।

"मैले मध्यरातमा नितेशलाई गाउँछेउको मन्दिरमा पुर्‍याएपछि गुरु छविलालले मन्त्र पढ्दै छुरीले नितेशको घाँटी रेटे। आधा घाँटी काटिसकेपछि उनले मलाई रेट्न लगाए। अनि मैले घाँटी छिनाएँ", पत्रकार सम्मेलनमा उनले भनिन्, "गुरुले नितेशको बलि दिएपछि उसलाई अक्षता छर्केर ब्युँताउने र त्यस्तो शक्ति मलाई पनि प्राप्त हुने बताएका थिए।" तर त्यसो भएन, बालकको मृत्यु भयो। बोक्सी बन्न चाहने जेलमा गयो।

## ‘जो होचो उसैका मुखमा घोचो’

प्राय: आर्थिक रूपले विपन्न, त्यसमा पनि विधवाहरूमाथि बोक्सीको आरोप लाग्ने गरेको छ। रौतहटकी महिला अधिकारकर्मी गीता भारती भन्छिन्, “सुन्दर, पढेलेखेका र सम्भ्रान्त परिवारका महिलालाई बोक्सीको आरोप लगाएर पीडा दिएको सुनिंदैन।”

बोक्सीको आरोप लगाउन सजिलो छ। कसैले रीसको झोंकमा भनिदिए पुग्छ। कसैलाई बोक्सी भनाउनु पर्‍यो भने त्यसो गर्न चाहने मानिसले धामी/झाँक्रीलाई गाउँ ल्याउँछन्। धामीले गाउँका महिलालाई ‘प्रसाद’ खुवाउँछन्। जसलाई बोक्सीको आरोप लगाउनुपर्ने छ, उसलाई बेहोश हुने औषधि राखिएको ‘प्रसाद’ खुवाइन्छ भने अरूलाई औषधि नहालेको। ‘प्रसाद’ खाएपछि जसको होश गुम्छ, ऊ सबैका अगाडि बोक्सी ‘प्रमाणित’ हुन्छे।

गत वैशाख पहिलो साताको कुरा हो। महोत्तरी, सुगा घर भएकी ५५ वर्षीया तकिना खातुन बाखा चराउन गएकी थिइन्। सोही ठाउँका रहुम मन्सुरले उनलाई बोलाए। छेउमा पुगेपछि कुट्न थाले। कपाल समेत लुछे र साडी पनि खोलिदिए। उनले पछि मात्र थाहा पाइन् रहुमले उनलाई बोक्सी भनेर कुटेका रहेछन्। मन्सुरले तकिनामाथि टुनामुना गरेर आफ्नी आमालाई भूत लगाइदिएको आरोप लगाएका थिए।

आफ्नो बेइज्जती होला भने डरले तकिनाले यसका विरुद्ध कतै उजुरी दिइनन्। भन्छिन्, “नहुनुपर्ने बेइज्जती भइहाल्यो। मन्सुरले गल्ती भयो भनेपछि थप बेइज्जती नहोस् भनेर परिवारकै सल्लाहमा चूप लागेर बसें।”

## ‘पीडितलाई थप दण्ड’

महोत्तरीकै लोहारपट्टीकी चन्द्रकला देवीमाथि नातामा देवर पर्ने नागेन्द्र चौधरीलाई बोक्सी विद्या प्रयोग गरेर क्यान्सर लगाइदिएको आरोपमा २०६५ साल चैत १८ गते कुटपीट गरियो। त्यही निहुँमा केही समयपछि देवनदेवीको नेतृत्वमा आएको महिलाहरूको हूलले उनको घरमा पसेर उनी र उनका पति राम एकवाल चौधरीलाई समेत कुटपीट गर्‍यो। त्यसबारे उजुरी दिन उनी प्रहरी कार्यालयमा पुगिन्। तर उजुरी दर्ता गर्नुको सट्टा प्रहरीले उनलाई कुटपीट गरेर न्यायको बाटो बन्द गरिदियो।

महोत्तरीकै बदियाबन्चौरीकी ५० वर्षीया सत्यादेवी सहनी र ५५ वर्षीया बनारसीदेवी सहनी बोक्सीको आरोपमा एकदशकअघि प्रताडित भएका महिला हुन्। वृजलाल सहनी, रामपृत सहनी र सिकिल सहनी लगायत गाउँलेले उनीहरूको कपाल काटी सार्वजनिक रूपमा बेइज्जती गरेका थिए। तर पीडकहरूको धाकधम्कीका कारण पीडित परिवारले प्रहरीमा उजुरीसम्म दिन सकेनन्। उनीहरू मिलापत्र गर्न बाध्य भए। अहिले बनारसीदेवीको मृत्यु भइसकेको छ। सत्यादेवी भन्छिन्, “अब फेरि कुनै झमेला नहोस् भनेर मुख बन्द गरेर बसेका छौं।”

महोत्तरी, रानी रतवारा घर भएकी सुमित्रादेवी राम महिलामाथि हुने हिंसा विरुद्ध चेतना जगाउने काम गर्छिन्। तर गएको वैशाखमा उनीमाथि नै गाउँलेले बोक्सीको आरोप

लगाए र कुटपीट गरे। त्यसपछि जसले कुटपिट गऱ्यो उसैले उनका विरुद्ध बलवा इलाका प्रहरी कार्यालयमा उजुरी दर्ता गरायो। "हामीहरू उजुरी गर्ने तयारी गर्दै थियौं। तर हामीभन्दा अघि उनीहरू नै पुगेर उजुरी दर्ता गराए" सुमित्रादेवीले भनिन्।

यसपछि स्थानीय 'भद्रभलाद्मी' र प्रहरी समेतको पञ्चायती बस्यो जसमा प्रहरीले उल्टो सुमित्रादेवीलाई तीन हजार रुपैयाँ जरिवाना गऱ्यो। त्यस जरिवानालाई प्रहरीले जरिवाना नभनेर 'भोजका लागि रकम लिएको' बताएको थियो। "न्याय पाउनुको साटो उल्टै हामीमाथि नै कारबाही भयो", सुमित्रादेवी भन्छिन्।

## 'मिलापत्र अर्थात् थप पीडा'

"तराईको ग्रामीण क्षेत्रमा हुने यस्ता घटनाको मिलापत्र गर्न प्रहरीले पीडित र पीडक दुवैसँग पैसा लिने गरेको छ", जलेश्वरमा क्रियाशील एक महिला अधिकारकर्मीले आफ्नो नाम उल्लेख नगर्ने शर्तमा भनिन्। उनका अनुसार "कुन घटना मिलाउन प्रहरीले कति पैसा लियो भन्ने कुरा गाउँघरको चियापसलमा सहजै सुन्न पाइन्छ।" जिल्ला प्रहरी कार्यालय, महोत्तरीका प्रहरी निरीक्षक सुरज खड्का भने सानातिना घटनामा सम्बन्धित क्षेत्रका प्रहरी कार्यालयले मिलापत्र गराउने गरेको स्वीकार गरे पनि पैसा लिने गरेको 'आफूलाई थाहा नभएको' बताउँछन्।

राष्ट्रिय महिला आयोगका अनुसार आ.व. २०६८/६९ मा ३३ जना महिलामाथि बोक्सीको आरोपमा हिंसा भएको थियो। अघिल्लो वर्ष यो संख्या ६२ थियो। महिला पुनर्स्थापना केन्द्र ओरेकले केही दिनअघि मात्र सार्वजनिक गरेको महिला हिंसामा आधारित पुस्तक 'अन्वेषी' मा भने बोक्सी आरोपमा आ.व. २०६८/६९ मा ७५ जना महिलामाथि हिंसा भएको उल्लेख छ।

## 'कानून छ, कार्यान्वयन छैन'


यो अमानवीय कुप्रथा विरुद्ध कानून नभएको होइन। मुलुकी ऐनको अदल १० को 'ख' मा बोक्सीको आरोपमा कुनै महिलामाथि दुर्व्यवहार गर्नेलाई तीन महीनादेखि दुई वर्षसम्म कैद वा रु.५ हजारदेखि रु.२५ हजारसम्म जरिवाना वा दुवै सजायको व्यवस्था गरिएको छ। यसैबीच नेपाल सरकारले बोक्सीको आरोप सम्बन्धी कसूर तथा सजाय ऐन अध्यादेशमार्फत ल्याउने निर्णय गरेको छ जसमा बोक्सीको आरोप लगाउनेलाई एक वर्षदेखि १० वर्षसम्म कैदको व्यवस्था र १० हजारदेखि १ लाख रुपैयाँसम्म जरिवानाको व्यवस्था गरिएको छ।

तर विद्यमान कानूनकै कार्यान्वयन नभइरहेको अवस्थामा कानून कडा बनाएर मात्र केही हुने सम्भावना देखिंदैन। अरु मधेशी समुदायमा बोक्सी उत्पादनको कलंकबाट मुक्त हुने चाहना र चेतना नजागेसम्म यो विकृति कदापि निर्मूल हुन सक्दैन।

(**२०६९ पुस २० गतेको *अन्नपूर्ण पोष्ट* दैनिकमा प्रकाशित**)



कजवे बनेको भनिएको स्थल बाराको भरतगञ्ज सिंगौलमा भेला भएका स्थानीय बासिन्दा ।




जयसवाल हार्डवेयर

कलैया-८, गढीमाई रोड

| विवरण | परिमाण | दर | रू० |
|---|---|---|---|


जम्मा



जयसवाल हार्डवेयर

| विवरण | परिमाण | दर | रू० |
|---|---|---|---|

जम्मा




जयसवाल हार्डवेयर

कलैया-८, गढीमाई रोड

| विवरण | परिमाण | दर | रू० |
|---|---|---|---|

जम्मा

बाराको भरतगञ्ज सिंगौलमा कजवे बनाएको प्रमाण पुऱ्याउन उपभोक्ता समितिले बनाएका नक्कली बिलहरू जसमा मिति र बिलको क्रमांक मेल खाँदैन ।



बारा जिल्लाको भरतगञ्ज सिंगौलमा बनेको भनिएको कजवेको लागि सामान ढुवानी गरेबापतको खर्च भुक्तानी लिन उपभोक्ता समितिका अध्यक्ष अनबर अन्सारीले हुँदै नभएको व्यक्तिको नाममा यस्तो भर्पाई बनाएर जिविसको कार्यालयमा बुझाएका थिए ।

■ एकल सिलवाल



# किर्ते कागज : नक्कली विकास

**स्थानीय सुशासन दिन र गरीबी न्यूनीकरण गर्न सञ्चालित 'एलजीसीडीपी' को बजेट टाठाबाठाले दुरुपयोग गरेका छन् भने त्यसको मूल्य गरीब जनताले चुकाउनु परेको छ।**

मधेशका मिथक पात्र गोनू झाका चुट्किला बारा जिल्लामा लोकप्रिय मात्र छैनन्, हिजोआज त्यही टक्करका नयाँ चुट्किला उत्पादन भइरहेका छन् । जिल्ला विकास समिति (जिविस) बाराको फाइलले भन्छ, "भरतगञ्ज सिंगौल गाविसको बगरखोलामा रु.७ लाख खर्चेर कजवे (सतही पुल) बनेको छ।" बगरखोला पुग्नोस्, त्यो भेटिंदैन।

तपाईं सोध्नुहुन्छ, "खोइ त कजवे ?"

जवाफ आउँछ, "खोलाले बगायो।"

"खोइ खोलो ?"

"सुक्यो।"

"भुक्तानी लिने मान्छे ?"

"जन्मेकै छैन !"

घटना पुरानो होइन। सिंगौलको वडा नं. ८ र ९ बीच पर्ने खहरेमा कजवे बनाउन बारा जिविसले आर्थिक वर्ष २०६७/६८ मा रु.१० लाख छुट्यायो । कानूनबमोजिम उपभोक्ता समिति गठन गरेर स्थानीय बासिन्दा वैशाख २०६८ मा सम्झौता गर्न ३५ किलोमिटर टाढा सदरमुकाम कलैया पुगे । तर, जिविस कार्यालयमा तत्कालीन स्थानीय विकास अधिकारी बिन्दु गुरागाईंले त्यो काम 'अर्कै उपभोक्ता समितिलाई दिइसकिएको' बताएपछि उनीहरू जिल्ल परे। जिल्ला प्राविधिक कार्यालयका इन्जीनियर मेघु जैसवालले

कुरा खुलस्त पारे, “योजना विजय गच्छदारको फोरम लोकतान्त्रिकको भागमा परेको छ, जे गर्छ उसैले गर्छ।” फोरम विरुद्ध उभिने सामर्थ्य उनीहरूको थिएन, चूपचाप फर्किए।

फोरमले कलैया-१० का पार्टी जिल्ला सदस्य अनवर अन्सारीको अध्यक्षतामा बगरखोला कहिल्यै तर्नु नपर्नेलाई राखेर कलैयामा उपभोक्ता समिति बनायो। जिविसले त्यसैलाई कजवे निर्माणको जिम्मा दिने गरी २४ जेठमा फाइल सदर गऱ्यो र ६ कात्तिकमा जिल्ला प्राविधिक कार्यालयले ‘स्थलगत मूल्याङ्कन’ गरी रु.७ लाख ७६ हजारमा ४३ मिटर लामो कजवे निर्माण भएको प्रमाणित गऱ्यो। उपभोक्ता समितिले रु.७७ हजार बराबरको श्रमदानको मूल्य कटाएर रु.६ लाख ९८ हजार भुक्तानी पायो।

फाइलमा कजवेको योजना, लागत, बिल, भर्पाई र जनश्रमदानको विवरण मात्र होइन कजवे निर्माण भएको, जाँचिएको र रकम भुक्तानी भएको प्रमाण दुरुस्त छ। नभएको कुरो एउटै छ– स्वयम् कजवे। २०६८ कात्तिकमा पास भएको कजवे हेर्न यो संवाददाता २७ जेठ २०६९ मा सिंगौल पुग्दा सुक्खा खोलामा कमिला हिंडिरहेका थिए, कजवे थिएन। स्थानीय गोविन्द तिमल्सिनाले कजवे होइन, त्यसको सपनाको कुरा गरे, “कजवे देख्ने हाम्रो सपना यही खोलाले बगायो।”

त्यसको तीन साताअघि कलैयाको भरतचोकमा चर्को घाममा पालमुनि पलेंटी कसेर ‘मधेश आन्दोलन’ को नेतृत्व गरिरहेका उपभोक्ता समितिका अध्यक्ष अनवर अन्सारीले निर्धक्कसँग भनेका थिए, “बगरखोलाको कजवे चालु अवस्थामा छ।” अन्सारीले कजवे निर्माण सामग्रीको खरीद र ढुवानीमा रु.६ लाख २७ हजार एवम् कामदारको ज्यालामा रु.३ लाख ३५ हजार खर्च भएको बिलभर्पाई पेश गरेका छन्। एउटै फर्मको नामबाट काटिएका तीन बिल हेर्दा पछिल्लो मितिको बिलमा अगाडिको नम्बर र अघिल्लो मितिको बिलमा पछाडिको नम्बर पाइन्छ। अझ अनौठो त अन्सारीले सिंगौल-१ का ‘सुरेन्दर श्रेष्ठ साहु’ लाई ढुङ्गा, बालुवा, गिट्टी, सिमेन्ट र छड ढुवानी गरेबापत रु.१ लाख २० हजार भुक्तानी दिएका छन्। भर्पाईको प्रतिलिपि लिएर गाउँमा खोजी गर्दा गाउँलेले पहाडी र मधेशी थर मिसिएको त्यस्तो मानिस आफ्नो गाउँमै नभएको बताए। एक जनाले मुसुमुसु हाँस्दै भने, “यस्तो नामको मान्छे त पृथ्वीमै जन्मिएको छैन।”

## पार्टीहरूको भागबण्डा

सिंगौलमा कजवे बनाउन जिविसले स्थानीय विकास मन्त्रालय अन्तर्गत सञ्चालित ‘स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम’ (एलजीसीडीपी) को अनुदान छुट्याएको थियो। कार्यक्रमले आव २०६७/६८ मा बारा जिविसलाई रु.२ करोड ७२ लाख दियो। यस अन्तर्गतको विकास निर्माणको काम प्रत्यक्ष लाभान्वित हुने स्थानीय जनताको सहभागितामा सञ्चालन हुनुपर्ने नियम छ र यसको समग्र प्रक्रियाको सञ्चालन, रेखदेख, अनुगमन तथा मूल्याङ्कन गर्ने दुई दर्जन अधिकारप्राप्त संयन्त्र छन्।

अनुदान पाएपछि जिविसको सर्वदलीय संयन्त्रले २२ वटा योजना बनाएर सम्पूर्ण रकम पार्टीहरूबीच भागबण्डा गऱ्यो। एकीकृत माओवादीले सबैभन्दा बढी रु.५५ लाखका पाँच

योजना लियो भने कांग्रेसले चार र एमालेले तीन वटा। बाँकी १० योजना स-साना पार्टीलाई मिलाएर बाँडियो। एकादुई अपवाद बाहेक, कुनै योजना सिंगौलको कजवे जस्तै नामका मात्र त अधिकांश अलपत्र, अधुरा र बेकामका छन्।

कलैयाको रामराजा बहुमुखी क्याम्पसको अर्धनिर्मित दलित छात्रावास पूरा गर्ने रु.१४ लाखको योजना राजेन्द्र महतोको सद्भावना पार्टीको भागमा परेको थियो। पार्टीले वास्तविक उपभोक्ता दलित समुदाय र क्याम्पस सञ्चालक समिति (जसमा प्रमुख जिल्ला अधिकारी पदेन सदस्य छन्) लाई पाखा लगाएर कार्यकर्ता रामरुपप्रसाद यादवको अध्यक्षतामा उपभोक्ता समिति बनायो। बजेट सकियो, छात्रावास अधुरै छ। उल्टो यादवको गुनासो थियो, "कामबाट सोचेजस्तो नाफा भएन।" "कमसेकम १० प्रतिशत मार्जिन बच्ने लोभमा हाम्रो पार्टीले पाएको काम गरेका हौं", यादव भन्छन्, "तर समयमा पैसा नपाउँदा र जिविसका कर्मचारीलाई 'पीसी' (प्राइभेट कमिशन) दिंदा घाटा लाग्यो।" पार्टीले क्याम्पसमा तीन कोठा थप्ने रु.१७ लाखको योजना पनि त्यसैगरी सल्ट्याएको छ।

माओवादीलाई परेको बारा इनर्वासिराको रु.१४ लाख ५० हजारको 'दलित कल्भर्ट' बनाउने योजनामा पनि स्थानीय बासिन्दालाई पन्छाएर अर्कै गाविस बञ्जरियाका हसनजान मियाको अध्यक्षतामा उपभोक्ता समिति बनाई बजेट जिम्मा लगाइयो। माओवादीका क्षेत्र नं.४ का इञ्चार्ज मियाको समितिमा 'दलीय सन्तुलन' देखाउन स्थानीय एमाले कार्यकर्ता रामनाथ पटेल सचिव बनाइए। बजेट सकिंदासम्म कल्भर्ट अधुरै थियो, स्थानीयले असार २०६८ मा गाविसबाट रु.६५ हजार मागेर काम पूरा गरे।

कल्भर्ट नजिकै बस्ने माओवादीकै जिल्ला सदस्य एवम् दलित वर्ग उत्थान जिल्ला समन्वय समितिका उपाध्यक्ष श्यामसुन्दर पासवान आफ्नै पार्टीको रवैयाबाट सन्तुष्ट छैनन्। "कल्भर्टमा सात लाख जति खर्च भयो होला, बाँकी पैसा कता गयो थाहा पाउन सकिएन", उनी भन्छन्। कल्भर्ट कमजोर हुन लाग्यो, बलियो बनाउनुपर्छ भनेर उनीहरूले हारगुहार नगरेका होइनन्। तर 'पैसा तैंले दिन्छस् ?' भनेर मियाले थर्काएपछि दलितहरू बोल्न सकेनन्। मिया र पटेलले कल्भर्टको पैसाबाट निजी ट्र्याक्टर किनेको बताउँछन् उनीहरू। ८२ वर्षीय स्थानीय बासिन्दा पत्थर साह कानूले आक्रोश पोखे, "तिनीहरू सबै चोर हुन्।"

कलैयाको खौराही खोलामा ६.४ मिटर लामो कल्भर्ट बनाउन रु.१६ लाखको योजना पाएको नेपाली कांग्रेसले पनि स्थानीय बासिन्दालाई बेवास्ता गर्दै अर्कै टोलका कार्यकर्ता प्रमोद कुशवाहाको अध्यक्षतामा उपभोक्ता समिति बनाएर बजेट सुम्पिदियो। महङ्गो कल्भर्ट बनाउँदा भाँचिएको खानेपानीको चापाकल (धारा) टोलवासीले चन्दा उठाएर मर्मत गर्नुपऱ्यो। जनप्रतिनिधिविहीन अवस्थामा स्थानीय सुशासन दिन र गरीबी न्यूनीकरण गर्न आएको एलजीसीडीपीको बजेट टाठाबाठाहरूबाट दुरुपयोग भएको र त्यसको मूल्य गरीब जनताले चुकाउनु परेको ज्वलन्त उदाहरण हो यो।

एलजीसीडीपीले 'राम्रो काम गर्ने' जिविस र गाविसलाई पुरस्कार स्वरुप थप अनुदान दिन्छ। आव २०६५/६६ मा ४७ जिविसलाई रु.६४ करोड त्यसरी बाँडियो। त्यसमध्ये बाराले पाएको रु.१ करोड ५० लाखमै महालेखाले रु.१ करोड १६ लाखको बेरुजु

निकाल्यो । यो गोलमाल चाहिं सर्वदलीय संयन्त्रको मिलिभगतमा नभएर जिविसले आफ्नै बलबुतामा गरेको थियो । महालेखाले कागजमा सार्वजनिक चर्पी, खानेपानी र पोखरीहरूको निर्माण गरेर सोबापत नाम-ठेगाना केही नखुलेका 'कर्मचारी' का नाममा पेश्की र भुक्तानी स्वरुप लाखौं रुपैयाँ निकालिएको फेला पार्‍यो । त्यसमध्ये रु.५२ लाखको हिसाब आ.व. समाप्त भएको नौ महीनापछि विभिन्न फाइल खडा गरेर सल्ट्याएको जिविसले बाँकी रु.६४ लाखको हिसाब अझै देखाउन सकेको छैन ।

**सचिवको लामो हात**

निर्वाचित स्थानीय निकाय नरहेको र विकास निर्माणको बजेट पार्टीहरूले भाग लाएर खाइरहेको 'अनुकूल' वातावरणमा किर्ते कागज खडा गरेर तर मार्न गाविस सचिवहरू पनि पल्केका छन् । पर्वतको तिलाहार गाविसका सचिव लीलप्रसाद श्रेष्ठले डिमुवाका अमिन खाँलाई बाख्रापालन गर्न रु.४० हजार दिएको भर्पाई आफैंले बनाएर पैसा लिए । एमाओवादीकी गाविस इञ्चार्ज देवी लामिछानेलगायत थुप्रैको नामबाट यस्ता भर्पाई बनाएर

## के हो एलजीसीडीपी ?

संयुक्त राष्ट्रसंघका सात अङ्गहरू समेत १५ वटा अन्तर्राष्ट्रिय दातृ निकायको सहयोगमा नेपाल सरकारले चलाएको अहिलेसम्मकै सबैभन्दा ठूलो कार्यक्रम हो- स्थानीय विकास तथा सामुदायिक विकास कार्यक्रम (एलजीसीडीपी) । देशभरका ४ हजार ४८ स्थानीय निकाय र ७०० भन्दा बढी गैरसरकारी संस्था कार्यक्रम कार्यान्वयनका साझेदार छन् । सबै जिविस, नगरपालिका र गाविसमा कार्यक्रम लागू छ । समावेशी, जवाफदेही र उत्तरदायी स्थानीय शासनको वकालत गर्ने एलजीसीडीपीले समुदायको नेतृत्वमा सहभागितात्मक विकासद्वारा गरीबी न्यूनीकरण गर्ने लक्ष्य राखेको छ ।

२०६५ साउनदेखि २०६९ असारसम्म चार वर्षका लागि कार्यक्रमको बजेट अमेरिकी डलरको तत्कालीन सटही दरअनुसार रु.५२ अर्ब ७८ करोड ९३ लाख थियो। नेपाल सरकारले उपलब्ध गराएको रु.४१ अर्ब ३० करोड २४ लाख नि:शर्त अनुदान छाडेर गत आ.व.सम्ममा रु.११ अर्ब ६४ करोड वैदेशिक अनुदान प्राप्त भइसकेको छ । यो रकम शुरूको अनुमान भन्दा रु.१५ करोड ३१ लाखले बढी हो। स्थानीय शासन सुदृढ गर्ने चार वर्षको लक्ष्यलाई खर्चले उछिने पनि उपलब्धि निराशाजनक रह्यो । थप रु.३ अर्ब ३२ करोड वैदेशिक सहायतासहित संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयका नियमित कार्यक्रमभित्रै समेटिने गरी दोस्रो चरणको चारवर्षे योजना तयार हुँदैछ ।

आव २०६७/६८ मा उनले रु.१ लाख ५८ हजार खल्तीमा हालेको कुरा उनीहरूले आर्थिक वर्ष सकिएको नौ महीनापछि गाविस बजेटको सार्वजनिक सुनुवाई हुँदा मात्र थाहा पाए।

सल्यानको चाँदे करेञ्जुका सचिव गोविन्द हमालले महिला र दलितका नाममा त्यस्तै किर्ते कागज बनाएर रु.३ लाख ५० हजार कुम्ल्याए। बैतडीको वासुलिङका सचिव जीतबहादुर ऐरीले कागज बनाउने झन्झट पनि नगरी महिलाका लागि लक्षित रु.७० हजार गोजीमा हालेछन्। एलजीसीडीपीद्वारा सञ्चालित विकास निर्माणका योजनाहरूको अनुगमन गर्न बनाइएको अर्धस्वायत्त निकाय 'स्थानीय शासन उत्तरदायी संयन्त्र' (एलजीएएफ) का अनुगमन तथा मूल्याङ्कन अधिकृत सतिशचन्द्र गुरुङ भन्छन्, "खोज्दै जाने हो भने यस्ता अनियमितताको तथ्याङ्क भयावह हुन सक्छ।" आशलाग्दो कुरा चाहिं बदमासी फेला परेका अधिकांश ठाउँमा जनताले गाविस सचिवलाई पैसा फिर्ता गर्न बाध्य पारेका छन्।

कपिलवस्तु, तिलौराकोटका सचिव बेचन बारी भने अरूभन्दा महसुर देखिए। ३ जेठ २०६८ मा सर्वदलीय संयन्त्रका तीन साना दल राप्रपा नेपाल, सद्भावना र तमलोपाका प्रतिनिधिलाई एउटा होटलमा बोलाएर उनले 'धार्मिक मेलाका लागि' आदिवासी-जनजातिका नाममा आएको रु.५० हजार निकासा गराए र भारतबाट नर्तकीहरू झिकाएर तिलौरीमा नौटङ्की नामको लावणी नाच देखाउन खर्च गरे। त्यसअघि उनले तिलौराकोटका अति विपन्न र कुपोषित ८२ बालबालिकालाई पोषण भत्ता बाँडेको किर्ते कागज बनाएर रु.१ लाख ४९ हजार खल्तीमा हालेका थिए। स्थानीय रेडियो 'बुद्ध वचन' बाट त्यो विवरण प्रसारित भएपछि आक्रोशित अभिभावकहरूसामु आफ्नो बदमासी स्वीकार्दै २०६८ मंसीरमा ज-जसको नामबाट खाएको हो तिनलाई पैसा बाँडेर उनी उम्किए।

तर, एम्बुलेन्स काण्डमा उम्कन सकेनन्। आव २०६६/६७ को बजेटबाट गाउँ परिषद्ले एम्बुलेन्स किन्न छुट्याएको रु.७ लाख ८४ हजार दुई वर्षसम्म हराएपछि गाउँलेहरूले त्यसको खोजी गरे। उनले रु.५ लाख तौलिहवास्थित गैरसरकारी संस्था महामाया सामाजिक विकास केन्द्रलाई कम्प्युटर तथा सिलाइकटाइ तालीम चलाउन दिएको नक्कली सम्झौतापत्र देखाए, बाँकी रु.२ लाख ८४ हजार देखाउन त त्यत्तिको बहाना पनि थिएन। एम्बुलेन्स किन्ने सपना भङ्ग भएका गाउँलेहरूले पैसा तिराउने छाँटकाँट देखेपछि बेचन राजीनामा दिएर बसेका छन्।

## केन्द्रमै अराजकता

एलजीसीडीपीले चार वर्षमा खर्च गरेको रु.११ अर्ब ६४ करोड वैदेशिक अनुदानको आधा जति रकम किर्ते कागज खडा गरेर सिध्याइएको अनुमान छ। कार्यक्रम व्यवस्थापक गोपीकृष्ण खनाल उक्त 'अनुमान' लाई सोझै त स्वीकार्दैनन्, तर भन्छन्, "बजेटमा बदमासी भएको जानकारी छ, अबदेखि सुधार गर्दै लैजान्छौं।" उनको भनाइ पत्याउन सकिने खालको छैन। कारण: एलजीसीडीपी स्वयंले महालेखा परीक्षकलाई आफ्नो मुख्यालयमा खर्च भएको हरहिसाब देखाउन इन्कार गरेर प्रचलित ऐन र दातृ निकायहरूसँग भएको

द्विपक्षीय सम्झौताको उल्लंघन गरिरहेको छ। त्यसमाथि कार्यक्रमको साविक मुख्यालय रहेको ललितपुर जिल्लामै अनुदानको गाईजात्रा भएको छ।

आव २०६७/६८ मा ललितपुर जिविसलाई त्यहाँका ४१ गाविसमा जाने गरी पठाइएको रु.१ करोड ५० लाख अनुदान उसले विभिन्न गाविसका ६८ योजनामा बाँडेको थियो। तीमध्ये ३९ योजनाले दुई किस्तामा लगेको रु.४३ लाख केमा कसरी खर्च गरे, कसैलाई थाहा छैन। १७ योजनाले काम गरेनगरेको मात्र जाँच्न भ्याएको जिविसले काम पूरा भएको प्रतिवेदन पठाएका १२ योजनाको सत्यता अझै जाँचेको छैन। रोचक कुरा- काम सकिएको दाबी गर्ने उपभोक्ता समितिहरूलाई भुक्तानी गर्नुपर्ने रु.७४ लाख ९५ हजारमध्ये कार्यक्रमले रु.२२ लाख ५० हजार अर्थात् ३० प्रतिशत मात्र पठाएपछि जिविसले त्यही रकम विभिन्न गाविसलाई दामासाहीले बाँडिदिएको छ। तत्कालीन समयमा 'राम्रो काम गर्ने' बारा र केन्द्रकै ललितपुरको त यो हालत देखियो भने अरू जिल्लाको अवस्था कस्तो होला स्वत: अनुमान गर्न सकिन्छ।

कार्यक्रमका राष्ट्रिय निर्देशक तथा स्थानीय विकास मन्त्रालयका सहसचिव बोधराज निरौलाको अभिव्यक्तिले अर्बौंको किर्ते कागजको पहाडमुनि किचिएको चिन्ता एलजीसीडीपीलाई नभएको देखाउँछ। २८ असार २०६९ मा आफ्ना कार्यक्रमहरूको अनुगमन तथा मूल्याङ्कनको नतीजा सार्वजनिक समारोहमा उनले खुलस्त पारे, "हामी विकेन्द्रीकरणको वकालत गर्ने मान्छे, भ्रष्टाचारको पनि विकेन्द्रीकरण होस् भनेर नै, दुरुपयोगको डर हुँदाहुँदै पनि, स्थानीय निकायमा जाने विकास अनुदान रोकेनौं।" भ्रष्टाचारको विकेन्द्रीकरण गर्ने एलजीसीडीपीका निर्देशक निरौलाको 'भिजन' साकार भएको छ। बधाई !

**(२०६९ असोज १६-३० को *हिमाल* खबरपत्रिका साप्ताहिकमा प्रकाशित)**

■ एकल सिलवाल **२४**

# ढाँट्नेलाई पुरस्कार

नेपालका गाविस सचिव र दलका स्थानीय प्रतिनिधिहरूमा सरकारलाई ढाँटेर पुरस्कार पकाउने अभ्यास चलेको छ। ढाँटेर बहादुरी देखाउने गाविसहरूले पुरस्कारबापत रु.३ लाखदेखि ८ लाख १७ हजारसम्म अतिरिक्त अनुदान पाउँदै आएका छन्। गएको तीन वर्षमा रु.४ अर्ब यसरी गाविसहरूमा गएको छ। यस्ता कामलाई जिविस र संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले निरन्तर अघि बढाइरहेका छन्।

स्थानीय स्वायत्त शासन ऐन २०५५ मा गाविस, नगरपालिका र जिविसहरूले गर्ने कामकारबाहीको वर्षेनि मूल्यांकन गरी त्यसैको आधारमा सरकारी अनुदान थपघट गर्न सकिने व्यवस्था छ। सरकारले त्यस्तो मूल्यांकन तथा दण्ड र पुरस्कारको सिफारिस गर्ने जिम्मा स्थानीय निकाय वित्तीय आयोगलाई दिएको छ। अहिले यस आयोगको संयोजक उपप्रधानमन्त्री समेत रहेका स्थानीय विकास मन्त्री नारायणकाजी श्रेष्ठ र उपसंयोजक राष्ट्रिय योजना आयोगका उपाध्यक्ष दीपेन्द्रबहादुर क्षेत्री छन्।

सरकारका मुख्य सचिव, अर्थ सचिव र स्थानीय विकास मन्त्रालयका सचिव समेत आयोगमा अरू आठ जना सदस्य छन्। यसै आयोगको सहयोगमा मन्त्रालयले देशभर एउटै मानक हुने गरी मूल्यांकनका सूचकहरू पनि बनाएको छ। तर ती सूचकहरूमा अनेकन् छिद्र छन्। तिनै छिद्रहरूको फाइदा उठाउँदै स्थानीय निकाय चलाउन बसेका कर्मचारी, राजनीतिक दलका स्थानीय प्रतिनिधि, लेखापरीक्षक र मूल्यांकनकर्ताहरूको समेत मिलेमतोमा हुँदै नभएका काम पनि कागजमा देखाएर बजेट हडप्ने होडबाजी चलेको छ। जिविस र नगरपालिकाहरूको कामको मूल्यांकन अयोग आफैंले खुला प्रतिस्पर्धाबाट 'स्वतन्त्र विज्ञहरू' खटाएर गर्दै आएको छ। गाविसहरूको मूल्यांकन चाहिं आयोगको निर्देशनमा सम्बन्धित जिविसहरूले करारका स्थानीय मूल्यांकनकर्ताहरूमार्फत गर्ने गरेका छन्।





**सर्लाहीको लालबन्दीमा सामाजिक परिचालन कार्यक्रम चलाउने जिम्मा पाएको ग्रामीण सेवा समाज नामको गैससले सामाजिक परिचालन कार्यक्रमको नाममा आफूहरूलाई ठगिरहेको थाहा पाएपछि आक्रोशित सर्लाही जब्दीका विपन्न मुसहर महिलाहरू ।**

**सर्लाहीको लालबन्दीमा सामाजिक परिचालन कार्यक्रम चलाउने जिम्मा पाएको नेपाल जनकल्याण समाज नामक गैससले नागरिक सचेतना केन्द्रलाई यही एउटा पाल दिएर जिविसबाट लिएको रु.३० हजार पचायो ।**



नेपाल सरकार
स्थानीय विकास मन्त्रालय
जिल्ला विकास समितिको कार्यालय
बारा, कलैया

पत्र संख्या –
चलानी नं. – ५८९१/०६८/०६९ मिति: ०६८/३/२४

विषय :– स्पष्टीकरण सम्बन्धमा ।

श्री जनहित सञ्चार,
कलैया, बारा

जिल्ला विकास समितिको कार्यालय बारा र यस गैर सरकारी संस्था जनहित सञ्चार बीच मिति आ.व.२०६७/०६८ को कार्तिक १४ सम्झौता भएको र आ.व.२०६८/०६९ चालुमा स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम अन्तर्गत पाँचवटा गा.वि.स.हरुमा सामाजिक परिचालन सम्बन्धी कार्यक्रम सञ्चालन गर्न सम्झौता नवीकरण भएको कार्यालय अभिलेखबाट देखिन्छ । यस संस्थाको कार्यक्षेत्र भित्र पर्ने गा.वि.स. ईटियाहीमा अनुगमन गर्दा स्थानीय वासी वडा नागरिक मञ्च र नागरिक सचेतना केन्द्रका सदस्यहरु संग सोध्दा बुझ्दा रिफलेक्ट कक्षा नियमित रुपमा सञ्चालन नगरेको, संस्थाले थोरै सामाग्री उपलब्ध गराएको खाजा बापतको रकम वा खाजा उपलब्ध नगराएको र सामाजिक परिचालकको उपस्थिति न्यून रहेको पाइयो त्यस्ता कुरा कलापको मौखिक जानकारी पटक पटक गरे पनि संस्थाले कुनै किसिमको पहल नगरेको । वडा नागरिक मञ्चको गठन कागजी रुपमा मात्र भएको देखियो । पालिकको समयमा Progress report उपलब्ध हुन न सकेको संस्थाको कार्यक्षेत्रमा यसरी गम्भीर प्रकृतिको लापरवाही र अनियमितता भएको ठहरिन्छ । यसकारण सामाजिक परिचालन मूल समितिको निर्णय अनुसार यस संस्थाको कार्यक्षेत्रबाट सो गा.वि.स. लाई कट्टा गरी किन नहटाउने, र त्यहाँ कार्यक्रम सञ्चालन गर्न भुक्तानी गराएको रकम असुल उपर किन नगर्ने त्यो कारवाही गर्नु नपर्ने कुनै सबुत प्रमाण वा कारण केही भए तीन दिन भित्र यस कार्यालयमा स्पष्टीकरण पेश गर्न जानकारी गराईन्छ ।

स्थानीय विकास अधिकारी

बोधार्थ
श्री जि.प्रशा.का., बारा
श्री आ.प्र.शाखा, जिविस, बारा
श्री स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम
क्लस्टर युनिट, हेटौंडा



**सर्लाहीको लालबन्दीमा सामाजिक परिचालन कार्यक्रम चलाउने जिम्मा पाएको जनहित सञ्चार नामको गैससले सामाजिक परिचालन कार्यक्रमको बजेटमा किर्ते गरेको पत्ता लागेपछि जिविस बाराले लेखेको स्पष्टीकरणको पत्र ।**

**सर्लाहीमा सामाजिक परिचालन कार्यक्रमको बजेट पाएका गैससहरूले जिविसको कार्यालयमा बुझाएका फर्जी प्रतिवेदनहरूको थुप्रो ।**

## सचिवको कामः ढाँटेर खाने, पचाउने

गाविसहरूको न्यूनतम शर्त मापन कार्यविधि २०६६ को तेस्रो सूचकले गाविसलाई पुरस्कार पाउने परीक्षामा उत्तीर्ण हुन अघिल्लो आर्थिक वर्षमा पूँजीगत अनुदानको कम्तीमा ९० प्रतिशत रकम निकासा लिएको हुनुपर्ने शर्त तोकेको छ । यो शर्त पूरा गर्न गाविस सचिवहरूमा काम नगरे पनि बढीभन्दा बढी रकम खर्च गर्न सकेको देखाउन फर्जी कागज उत्पादन गर्ने होडबाजी चलेको छ ।

पर्वत जिल्लाको दुर्लुङ गाविसमा आर्थिक वर्ष २०६७/६८ मा गाउँ परिषद्ले छानेका कुनै पनि योजनाहरू कार्यान्वयनमा आउन सकेनन् । तर यसै वर्ष सरकारले गाविसलाई रु.१८ लाख ४९ हजार पूँजीगत अनुदान पठाएको थियो। गाविसका सचिव गोकुल शर्माले गाविसमा काम नभए पनि बजेट फ्रिज हुन दिएनन् । यसो गर्न उनले आर्थिक वर्षको अन्त्यमा नक्कली बिलभर्पाई बनाई जिविसबाट पूरै बजेट निकालेर फ्रिज नहुने खातामा सारे। त्यस्तो काम गर्न उनलाई स्थानीय राजनीतिक दलका प्रतिनिधिहरूको प्रत्यक्ष समर्थन थियो । किनभने त्यसो नगरे ९० प्रतिशत बजेट निकासा लिएको प्रमाण नपुगी अर्को वर्षको मूल्यांकनमा गाविस असफल हुन सक्थ्यो। यो सूचक पूरा गर्नकै लागि पूरै बजेट निकासा लिएका सचिवले रु.८ लाख ९० हजार भने चोर खातामा लुकाउन सफल भए। आर्थिक वर्ष सकिएको ८ महीनापछि गाउँका नागरिकहरूले खोजतलास गर्दा त्यो रकम फेला परेको थियो ।

पर्वतकै तिलाहार गाविसका तत्कालीन सचिव लीलप्रसाद श्रेष्ठले विभिन्न फर्जी योजना बनाएर डिमुवा गाउँका अमिन खाँ, एकीकृत माओवादीकी गाविस इञ्चार्ज देवी लामिछाने लगायतका थुप्रैको नाममा आर्थिक वर्ष २०६७/६८ को बजेटबाट रु.१ लाख ५८ हजार आफैंले निकासा लिए । आर्थिक वर्ष सकिएको नौ महीनापछि गाउँलेले खोजतलास गर्दा उनले सुरिँदै जवाफ दिए, "यति चलाखी नगरेको भए त हाम्रो गाविस न्यूनतम शर्तमा फेल भइहाल्थ्यो नि !"

न्यूनतम शर्त मापन कार्यविधिको नवौं सूचक अर्को त्यस्तो छिद्र हो, जसले गाविसका सचिवहरूलाई सामाजिक सुरक्षा भत्तामा मनपरी गर्न उक्साउँछ । त्यसमा भनिएको छ, "गाविसले प्रत्येक आर्थिक वर्षमा सामाजिक सुरक्षाबापतको भत्ता पाउने व्यक्तिहरूको विवरण अद्यावधिक गरेको हुनुपर्छ।" संखुवासभा जिल्लाको खराङ गाविसका सचिव सुरेश गौतमले यस छिद्रको उपयोग गरेर वर्षौंअघि मृत्यु भइसकेका ज्येष्ठ नागरिकको नामबाट सामाजिक सुरक्षा भत्ता आफैंले बुझ्दै आए । एक वर्षअघि गाउँको एउटा सार्वजनिक सुनुवाइमा त्यसको खुलासा भएपछि रु.१ लाख ८० हजार ती सचिवले फिर्ता गरे। तर त्यसअघिका तीन वर्षको रकम पचाइदिए। यो सूचक प्रयोग गरेर गाविसलाई पुरस्कारबापतको अनुदान दिलाउन पनि सफलता पाए ।

जुम्ला जिविसले पछिल्ला दुई वर्षयता ६० वर्षमुनिका एकल महिलाको संख्या ३ हजार ५४३ देखाएर मन्त्रालयसँग सामाजिक सुरक्षा भत्ता लिँदै आएको थियो । चालु आर्थिक

वर्ष २०६९/७० लागेपछि मन्त्रालयले अभिलेखको सत्यता जाँच्ने बताएपछि त्यो संख्या एक्कासि १ हजार ३४९ मा झ्र्यो। ज्येष्ठ नागरिकको संख्या पनि ७ हजार ९१४ बाट ओर्लेर ७ हजार ६४ मा आयो। ६० वर्ष नाघेका एकल महिलाको संख्या २ हजार ७९५ रहेकोमा झण्डै आधा घटेर १ हजार ४१० मा सीमित हुन पुग्यो। सामाजिक सुरक्षा भत्ता पाउने नागरिकहरूको संख्या यसरी एक्कासि घट्नुले पहिले गाविसदेखि पेश हुँदै आएका अभिलेखहरू झूटा थिए भन्ने प्रमाण दिन्छ। तर विगत दुई वर्षयताको मूल्यांकनमा जुम्ला जिल्लाका सबै ३० वटा गाविस यस्ता न्यूनतम शर्तमा उत्तीर्ण हुँदै आएका छन्।

मृतकको नाममा आफैंले सही गरेर भत्ता बुझेका भर्पाईलाई यस सूचकसँग सम्बन्धित प्रमाणका रूपमा पेश गरेर आफूलाई असल र गाविसलाई सफल सावित गर्ने सचिवहरूको सूचीमा हाल सप्तरीको दिधवामा कार्यरत तथा मानराजा गाविसका तत्कालीन सचिव बलदेव यादव, हाल वैरवामा कार्यरत देवनारायण यादव लगायतका थुप्रै पर्दछन्। देशभरका जिल्लाहरूमध्ये सबैभन्दा बढी ११४ गाविस रहेको सप्तरी जिल्लाका ७० गाविस सचिवहरूमाथि सामाजिक सुरक्षा भत्तामा अनियमितता गरेको उजुरी जिल्ला प्रशासन कार्यालयमा परेको छ। आर्थिक वर्ष २०६५/६६ मा गाविसहरूको न्यूनतम शर्त मापन

## यसरी चिट चोर्छन् सचिवहरू

**गाविस** सचिवहरू आफ्नै मनोमानीका योजनामा बजेट खर्च गर्छन् तर गाउँ परिषद्बाट स्वीकृत भएको माइन्युट देखाई न्यूनतम शर्त मापनको पहिलो सूचक पास गरेर पुरस्कार पकाउँछन्। अघिल्लो वर्ष सञ्चालित कार्यक्रम तथा आयोजनाहरूको वार्षिक समीक्षा गरेको हुनुपर्ने दोस्रो सूचक पूरा गरेको देखाउन उनीहरू टेबुलमा माइन्युट लेख्छन् र केही स्थानीय बासिन्दाको घरघरै गएर सही गराई मूल्यांकनकर्तालाई दिन्छन्। पूँजीगत अनुदानको कम्तीमा ८० प्रतिशत रकम निकासा लिएको हुनुपर्ने तेस्रो सूचकले त झन् कागजमा काम देखाई बजेट हडप्न उनीहरूलाई छूट दिएको छ।

गाउँ परिषद्को निर्णय पुस्तिकामा 'कुल बजेटको ३५ प्रतिशत रकम लक्षित वर्गलाई दिने निर्णय गरियो' भनी कुनै कार्यक्रम र योजनाविना एक पंक्ति लेखिदिएर न्यूनतम रकम लक्षित वर्गलाई दिनुपर्ने चौथो सूचक पनि पूरा गरिदिन्छन्। अघिल्लो वर्षको आयव्यय विवरण सार्वजनिक गरेको हुनुपर्ने पाँचौं शर्तमा सफल देखिन एक प्रति किर्ते मुचुल्का बनाएर झारा टार्छन्। दुई वर्षअघिका आर्थिक कारोबारहरूको अन्तिम लेखा परीक्षण गराई लेखा परीक्षकबाट गाविसमा प्रतिवेदन सार्वजनिक गराएको हुनुपर्ने छैटौं सूचकमा सचिवहरूले प्रतिवेदन सार्वजनिक गरेको देखाउन फर्जी प्रमाण पेश गर्छन्।

१४ वर्षअघि नै कानूनतः विस्थापित भइसकेको मलेप फारम प्रयोग गरिरहेका गाविस सचिवहरूले आफ्नो आयव्ययको अभिलेख स्थानीय स्वायत्त शासन ऐन २०५५ ले

नै नगराएको सप्तरी जिविसले २०६६/६७ मा ८२ गाविसलाई उत्तीर्ण गराएको थियो।

अर्घाखाँचीको सिद्धारा गाविस आर्थिक वर्ष २०६५/६६ यता तीन वर्षका सबै मूल्यांकनहरूमा कार्यविधिले तोकेअनुसारका १० वटा शर्तहरू सबै पूरा गरी जिल्लाका ४२ गाविसमध्ये सबैभन्दा बढी अनुदान लिन सफल छ। मूल्यांकनमा उत्तीर्ण भएबापत मात्र यस गाविसले आर्थिक वर्ष २०६६/६७ मा रु.४ लाख ८५ हजार, २०६७/६८ मा रु.७ लाख ८५ हजार र २०६८/६९ मा रु.८ लाख १७ हजार अतिरिक्त अनुदान पुरस्कार स्वरुप पाएको छ। यो पुरस्कार जित्नका लागि गाविसले कुल बजेटको ३५ प्रतिशत अंश महिला, बालबालिका, दलित, जनजाति जस्ता लक्षित वर्गलाई विनियोजन गरेको हुनुपर्ने शर्त पनि समावेश छ। यस गाविसले यही सूचक समेत पूरा गरी तीन वर्षमा सबैभन्दा बढी थप अनुदान आर्थिक वर्ष २०६८/६९ मा पायो।

तर वास्तविकता भने अलग थियो। अति विपन्न जनजाति तथा दलित महिलाबाट माग भई आउने आयोजनाका लागि भनी छुट्याएको १ लाख ५५ हजार रुपैयाँ गाविसले प्रहरी चौकीलाई भवन बनाउन दिएको छ। आफ्नै बजेट भएका छुट्टै मन्त्रालय मातहतका कुनै पनि कार्यालयलाई स्थानीय निकायमा जाने अनुदान बाँड्न स्थानीय स्वायत्त शासन ऐन र

तोकेको ढाँचामा राखेको भनी झूटो विवरण दिएर सातौं सूचकमा पनि अंक पाइरहेका छन्। यो सूचक पूरा गर्ने गाविसहरूको संख्या अत्यन्त न्यून हुनसक्ने देखिएपछि स्थानीय निकाय वित्तीय आयोगले नै यसपालिको मूल्यांकनमा पुरानो ढाँचामा अभिलेख राख्ने गाविसहरूलाई पनि उत्तीर्ण गराउन ७५ वटै जिविसहरूलाई निर्देशन दिएपछि सचिवहरूलाई चिट चोर्ने झन्झट पन्छिएको छ।

गाविसको चल, अचल तथा जिन्सी सम्पत्तिको लगत तयार गरेको हुनुपर्ने आठौं नम्बरको सूचक मात्र धेरैजसो गाविसहरूले नढाँटिकन पूरा गरिरहेका छन्। तर मृत्यु भएको वर्षौंपछिसम्म ज्येष्ठ नागरिकहरूको नाममा आफैंले सामाजिक सुरक्षा भत्ता निकालेर खाइरहेका सचिवहरूले पुरानो अभिलेखलाई नयाँ भनी ढाँटिरहेका छन्। त्यसो गर्दा सामाजिक सुरक्षा भत्ता पाउनेहरूको विवरण वर्षेनि अद्यावधिक गरेको हुनुपर्ने तथा व्यक्तिगत घटना दर्ताको अभिलेख जिविसमा पेश गरेको हुनुपर्ने नवौं र दशौं सूचकमा जालसाजी भएको छ। आफ्नो गाविसको प्रोफाइल पुस्तिका बनाएको हुनुपर्ने एघारौं सूचकलाई चार वर्ष पुरानो भइसक्दा पनि मन्त्रालयले नै कार्यान्वयनमा ल्याउन सकेको छैन।

त्यसबाहेक न्यूनतम शर्त मापनका लागि गाउँ जानुभन्दा एक हप्ता पहिल्यै गाविस सचिवलाई जानकारी दिनुपर्ने शर्त मूल्यांकनकर्ताहरूलाई कार्यविधिले नै तोकिदिएको छ। यो शर्त फर्जी कागजपत्र जुटाई मूल्यांकनमाा सफल देखिन सिपालु गाविस सचिवहरूका लागि बाँदरलाई लिस्नो सावित भएको छ।

नियमावलीले दिँदैन । त्यसबाहेक यो गाविसले कुनै योजना नतोकी आदिवासी जनजातिको नाममा छुट्याएको रु.१ लाख विद्युतीकरणमा लगाएको छ । बालबालिकाको नाममा रु.१ लाख ४० हजार छुट्याएको देखाएर रु.४० हजार शिक्षकहरूको कार्यालय सिंगार्न खर्चेको छ भने बाँकी रु.१ लाख विद्यालयको खातामा नगदै जम्मा गरिदिएको छ ।

दाङ जिल्लाका हापुर, नारायणपुर र ढिकपुर गाविसले लगातार दुई वर्षसम्म कुल बजेटको तीनदेखि नौ प्रतिशत मात्र लक्षित वर्गका लागि छुट्याए पनि ३५ प्रतिशत छुट्याए मात्र उत्तीर्ण हुन पाउने मूल्यांकनमा सफल भई पुरस्कार थाप्दै आए । यसैगरी काठमाडौंको बूढानीलकण्ठ गाविसमा आर्थिक वर्ष २०६८/६९ अघिसम्म लक्षित वर्गका लागि कत्ति पनि बजेट छुट्याउने चलन नरहेको एक स्थलगत सर्वेक्षणले देखाएको छ । तर जिविस काठमाडौंले गरेका न्यूनतम शर्त मापनहरूमा यो गाविस कहिल्यै असफल देखिएन । आर्थिक वर्ष २०६७/६८ को मूल्यांकनमा असफल भएको टोखा सरस्वती गाविस बाहेक हालसम्म काठमाडौंका सबै ५७ वटा गाविस सफल देखिँदै र थप अनुदान थाप्दै आएका छन् ।

आर्थिक वर्ष २०६६/६७ र २०६७/६८ मा स्थानीय विकास मन्त्रालय अन्तर्गतको अर्धस्वायत्त अनुगमनकर्ता निकाय स्थानीय शासन तथा उत्तरदायी संयन्त्रले दिएको प्रतिवेदनमा देशका २२ जिविस, ९ नगरपालिका र ३४० गाविस गरी ३७१ वटा स्थानीय निकायहरूमा स्थलगत अध्ययन गर्दा तीन वटै तहमा ८५ प्रतिशत स्थानीय निकाहरूले न्यूनतम ३५ प्रतिशत रकम लक्षित वर्गलाई विनियोजन गर्नुपर्ने शर्त पूरा नगरेको उल्लेख छ । तर प्रतिवेदनले औंल्याएका सबैजसो स्थानीय निकायहरू वित्तीय आयोगबाट भएको मूल्यांकनमा

## ‘छल्छन् भन्ने थाहा छ’



**–रघुराम विष्ट,** उपसचिव-स्थानीय निकाय वित्तीय आयोगको सचिवालय

**गाविसहरूको न्यूनतम शर्त मूल्यांकन गरी जिविसहरूले दिने प्रतिवेदन कत्तिको यथार्थपरक पाउनुभएको छ ?**

गाविसहरूको मूल्यांकन गर्ने काम आयोगले सम्बन्धित जिविसलाई प्रत्यायोजन गरेको छ । उनीहरूले मूल्यांकन गरेर हामीलाई नतीजा पठाउँछन् । गाविसहरूको गत वर्षको मूल्यांकनको गुणस्तर परीक्षण गर्दा १० जिल्लाका २०८ वटा प्रतिवेदनहरू अध्ययन गऱ्यौं । त्यसमध्ये ३६ वटा प्रतिवेदनको सत्यता थलोमै गएर जाँच्दा आधाजसो गाविसहरूको नतीजामा त्रुटि देखिएको छ ।

त्यो शर्त पूरा गर्न सफल देखिएका छन् । एक दर्जनभन्दा बढी जिल्लामा काम गरेर भर्खरै मात्र क्षेत्रीय प्रशासन कार्यालय धनुषाको उपक्षेत्रीय प्रशासक पदमा सरुवा भएका पूर्व स्थानीय विकास अधिकारी उद्धवप्रसाद तिमल्सेना भन्छन्, "स्थानीय निकायहरूको मूल्यांकनमा प्रयोग भइरहेका सूचकहरू नै फर्जी कामलाई प्रोत्साहन गर्ने खालका छन्, तिनीहरूलाई कामको उपलब्धिसँग नजोडेसम्म सुधार आउँदैन ।"

गाविसहरूको न्यूनतम शर्त मूल्यांकन गरिरहेको स्थानीय निकाय वित्तीय आयोगको सचिवालयका उपसचिव रघुराम विष्ट आर्थिक वर्ष २०६४/६५ देखि मूल्यांकन शुरू गरिए पनि यसपालि थलोमै गएर हेरेपछि मात्र गाउँमा भइरहेका छलकपटहरूबारे थाहा पाएको बताउँछन् ।" *(हे. अन्तर्वार्ता)* जिविसमार्फत परिचालित मूल्यांकनकर्ताहरूले दिएको प्रतिवेदन सत्य भए/नभएको जाँच्न आयोगले गुणस्तर सुनिश्चितता परीक्षण टोली खटाउने गरेको छ । पछिल्लो पटक गत असारमा १० जिल्लाका ३६ वटा गाविसहरूमा आयोगले स्थलगत रुजु गर्दा आधा प्रतिवेदनहरू झूटा सावित भएका थिए ।

कपिलवस्तु जिल्लाका ७७ गाविसमध्येबाट छानिएका पाँच गाविसमा गरिएको परीक्षणमा पहिले उत्तीर्ण भएका दुई गाविसहरू अनुत्तीर्ण ठहरिए । ती गाविसहरू धनकौली र कोपवा थिए । उनीहरू दुवैले सातौं नम्बरको सूचकले भनेअनुसार आम्दानी र खर्चको अभिलेख नराखी फर्जी कागज देखाएर मूल्यांकनमा ढाँटेका थिए । धनकौली गाविसले वर्षभरि आम्दानी गरेको राजस्व बैंकमा दाखिला नगरी त्यसो गरेको भनेर झुक्याएको थियो । दुवै गाविसले लक्षित वर्गलाई छुट्याउनुपर्ने जति बजेट नछुट्याई चौथो सूचकमा पनि जाली प्रमाण पेश गरेका थिए ।

**यस्ता त्रुटिका लागि जिविस जिम्मेवार हुन्छन् कि आयोग ?**

यो काम आयोगकै हो । हाम्रै कमजोरीले यस्तो भएको हो ।

**सुधारका लागि के के काम भएका छन् ?**

गलत नतीजा दिने मूल्यांकनकर्तालाई अर्को वर्षको मूल्यांकन गर्न नपाउने गरी कालो सूचीमा राखेका छौं । यस वर्षदेखि उनीहरूले पाउने पारिश्रमिक रोक्का गर्नेसम्मको कारबाहीलाई कडाइका साथ लागू गर्दैछौं ।

**गाविसहरूमा फर्जी कागजलाई प्रमाण बनाएर मूल्यांकनमा उत्तीर्ण हुने अभ्यास चलेको जानकारी आयोग सचिवालयलाई छैन ?**

म पनि मूल्यांकनको गुणस्तर परीक्षणका लागि एउटा जिल्लामा जाँदा सदरमुकाममा रहेको एक गाविसले न्यूनतम शर्तको एउटा सूचक पूरा गर्न पाँच जनाको उपस्थितिमा वार्षिक कार्यक्रमहरूको समीक्षा गरेको भन्ने कागज पेश गरेको देखें । यस्ता कुरा हाम्रो नजरमा परेका छन् । अघिल्लो वर्षदेखि कागजातहरू ल्याएर हेर्न र थलोमा पनि जान थाल्यौं । त्यसपछि गाविसहरूले छल्दारहेछन् भन्ने थाहा भयो ।

## निर्दोषलाई दण्ड

तीन वर्षअघि बाँकेको होलिया गाविसका तत्कालीन सचिवहरू राजेन्द्र श्रेष्ठ, अशोककुमार श्रीवास्तव र खरिदार रामआँचल यादवले ज्येष्ठ नागरिक, असहाय, दलित र एकल महिला सहितका २२३ जनाको तीन महीनाको सामाजिक सुरक्षा भत्ताबाट ४ लाख ७५ हजार रुपैयाँ हिनामिना गरे। उनीहरूकै गलत कामका कारण लगातार दुई वर्षसम्म न्यूनतम शर्तमा गाविस असफल भयो, जसको फलस्वरुप यहाँको विकास निर्माणमा जाने अतिरिक्त अनुदान काटियो। त्यसको असर गाउँका निर्दोष नागरिकले भोगे। रकम हिनामिना गर्ने कर्मचारीहरू भने पहिले खाएको रकम तीन वर्षपछि, गत असोजमा फिर्ता गरी चोखिए। उनीहरूले गाविसलाई असफल बनाएकोमा र बजेट दुरुपयोग गरेकोमा कुनै सजाय भोग्नुपरेन। देशभरका गाविसहरूमा यस्तै भइरहेको छ।

यसैगरी आर्थिक वर्ष २०६७/६८ को मूल्यांकनमा बारा जिल्लाका भवानीपुर जीतपुर, पिपर वसतपुर, रौवाही, टेढाकट्टी, बबुआइन, पुरैनिया र मधुरीजब्दी गरी सात गाविसका सचिवहरूले बजेट त खर्च गरे तर कार्यालयमा कुनै पनि कागजात र अभिलेख नराखेका कारण ती सबै गाविसहरू न्यूनतम शर्तमा असफल भई थप अनुदान पाउन अयोग्य ठहरिए। कर्मचारीले गरेको लापरबाहीको सजायस्वरुप त्यहाँका नागरिकहरूले आफ्नो गाउँमा आउने विकास अनुदान गुमाउनुपर्‍यो। तर त्यसका जिम्मेवार गाविस सचिवहरूलाई कारबाही गर्ने व्यवस्था गाविसहरूको न्यूनतम शर्त मापन कार्यविधिमा छैन।

## जिविसको गैरजिम्मेवारी

रूपन्देही जिल्लामा आर्थिक वर्ष २०६५/६६ को मूल्यांकन हुँदा ६९ मध्ये आठ गाविस असफल भए। २०६७ फागुन १६ मा सम्पन्न १८औं जिल्ला परिषद्ले त्यसमाथि छलफल गरी आफ्नो निर्णय पुस्तिकामा लेखेको छ, "गाविसको आर्थिक वर्ष २०६५/६६ को न्यूनतम शर्त मापनको अन्तिम परिणामबारे जानकारी भयो, जसमा ८ वटा गाविसहरूले न्यूनतम शर्त पूरा गरेको पाइएन।" अर्को वर्ष असफल हुने गाविसहरूको संख्या ६ गुणाले बढेर ४९ पुग्यो। यो मूल्यांकनको नतीजा आइसकेपछि २४ फागुन २०६८ मा सम्पन्न १९औं जिल्ला परिषद्ले यति धरै गाविस असफल हुनुको कारणबारे छलफल गर्नुको साटो अघिल्लो परिषद्को १२औं नम्बरको निर्णय १२औं नम्बरमै जस्ताको तस्तै सारेर ञारा टारिदियो। ४९ गाविस असफल भएको अभिलेखसम्म जिल्ला परिषद्ले राखेको छैन। जिल्लामा अघिल्लो वर्षभर भएका कामको समीक्षा गरी आउँदो वर्षका लागि प्रस्तावित योजना तथा बजेट पारित गर्ने शक्तिशाली मञ्च नै जिल्ला परिषद् हो।

## कारबाहीको सट्टा वाह्वाही !

फट्याइँ गर्नेलाई कारबाही गरेर सुधारको बाटो देखाउनुको सट्टा आफ्नो गाविसलाई उत्तीर्ण गराइदिएकोमा सचिवको वाह्वाही गर्ने चलन छ। साविकमा स्थानीय विकास मन्त्रालय बसेकै जिल्ला ललितपुर त्यसको उदाहरण हो। आर्थिक वर्ष २०६६/६७ मा ललितपुरका


गाविसहरूले न्यूनतम शर्त पूरा गरे/नगरेको २०६७ मा मूल्यांकन गर्दा जिल्लाका ४२ मध्ये ३४ गाविस सफल देखिएका थिए। सोही मूल्यांकनका आधारमा ती गाविसहरूले आर्थिक वर्ष २०६८/६९ को बजेटमा रु.१ करोड १९ लाख विभिन्न अन्तर्राष्ट्रिय दाताहरूको संयुक्त कोषबाट पुरस्कारबापत थप अनुदान थापे। गाविसलाई सफल बनाएर प्रोत्साहन बजेट दिलाउने गाविस सचिवहरूको वाह्वाही भयो। तर त्यही पुरस्कारको बजेट खर्च भइरहेका बेला सम्पन्न आर्थिक वर्ष २०६७/६८ को मूल्यांकनले उल्टो नतीजा देखायो।

२०६८ माघमा जिविसले तयार गरेको अन्तिम मूल्यांकन प्रतिवेदन अनुसार न्यूनतम शर्तमा सफल हुने गाविसको संख्या ३४ बाट तीनमा ओर्लियो। जिल्लाका गोदामचौर, डुकुछाप र इकुडोल बाहेकका बाँकी ३८ गाविस असफल देखिए। सुशासन प्रवर्द्धन गर्न अपनाइएको न्यूनतम शर्त मापन प्रणालीले अघिल्लो वर्ष सप्रिएका गाविसहरू अर्को वर्ष बिग्रिएको देखाइदियो। तर ललितपुरका स्थानीय विकास अधिकारी राजकुमार श्रेष्ठ देख्नेहरूले बिग्रिएको देखे पनि यथार्थ त्यस्तो नभएको बताउँछन्। उनी भन्छन्, "पछिल्लो वर्षको मूल्यांकनलाई हामीले यथार्थ बनायौं, त्यसकारण धेरै गाविस असफल देखिएका हुन्।"


ढाँट्ने बानी सर्वत्र छ। स्थानीय शासन तथा उत्तरदायी संयन्त्रले धनकुटा जिल्लामा गरेको दुई वर्षको अध्ययनले त्यहाँका ३५ मध्ये २२ वटा गाविसले लेखापरीक्षण प्रतिवेदन गोप्य राख्ने गरेको देखायो। तर ती गाविसहरू लेखापरीक्षण प्रतिवेदन सार्वजनिक गरेको हुनुपर्ने सूचकमा ढाँटेर सफल देखिएका छन्। यसैगरी कपिलवस्तु जिल्लाका ७७ मध्ये ४० वटा गाविसका सचिवहरूले ८ वर्षदेखि जिल्ला सदरमुकाम तौलिहवामा सम्पर्क कार्यालय राखी सबै काम त्यहींबाट चलाउँदै आए पनि गाउँगाउँमै लेखापरीक्षक पुगेर लेखापरीक्षण गरेको र प्रतिवेदन समेत सार्वजनिक गरेको किर्ते प्रमाण तयार पारी उनीहरू यो सूचकमा उत्रिँदै आएका छन्। यस्ता गाविस सचिवहरूले ढाँटेकोमा कारबाही भोग्नुको सट्टा गाविसलाई अतिरिक्त अनुदान दिलाएकोमा वाह्वाही पाएका छन्।

(२०६९ माघ १६-२९ को *हिमाल* **खबरपत्रिका पाक्षिकमा प्रकाशित**)



खुरुहुरिया गाउँ विकास समितिको कार्यालय
पिपरी-कपिलवस्तु
Office of the Khuruhuriya Village Development Committee
Pipari, Kapilvastu



कपिलवस्तुको खुरुहुरिया गाविसका तत्कालीन सचिव कृष्णप्रसाद शर्माले आर्थिक वर्ष २०६६/६७ मा न्यूनतम शर्तको पाँचौं सूचक पूरा गरेको देखाउन तयार पारेको आयव्यय विवरण सार्वजनिक गरेको भन्ने फर्जी सूचना र छैटौं सूचक पूरा गरेको देखाउन बनाएको कामचलाउ मुचुल्का जसमा हस्ताक्षर गर्ने ६ जनामा लेखापरीक्षक र गाविसका कर्मचारी बाहेक छिमेकी गुगौली गाविसका दुई जनाको नाम छ, तर आफ्नै गाविसका नागरिक कसैको पनि उपस्थिति देखिंदैन ।



कपिलवस्तुकै कृष्णनगर गाविसको लेखा परीक्षण प्रतिवेदन सार्वजनिक भएको प्रमाण पुऱ्याउन तत्कालीन गाविस सचिव कृष्णप्रसाद शर्माले मूल्यांकनकर्तालाई बुझाएको किर्ते मुचुल्का ।



लेखा परीक्षण प्रतिवेदनले रु.८ लाखभन्दा बढी पेश्की फछ्र्योट हुन नसकेको देखाए पनि गाउँ परिषद्को बैठकले त्यसलाई कति सजिलैसँग पारित गरिदिन सक्छ भन्ने प्रमाण कपिलवस्तुको तिलौराकोट गाविसमा देखियो, जसले न्यूनतम शर्तमा गाविसलाई असफल हुनबाट जोगाइदियो ।

■ एकल सिलवाल

२५

# गैरसरकारी संस्थाको ठगी धन्धा

जिल्ला विकास समिति सर्लाहीमा कार्यरत स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (एलजीसीडीपी) का सहजकर्ता, इन्जीनियर विजयकुमार साहको कार्यालय कोठामा कागजका ठूल्ठूला ठेलीहरू यत्रतत्र छरिएका छन् । दुईवटा दराजमा नअटाएका त्यस्ता कागजातहरू उनले काम गर्ने टेबुल र भुईंमा पनि छरपस्टै छन् । कोठाको अर्को जगेडा टेबुलमा समेत मोटा किताबहरूको पहाड चुलिएको छ ।

त्यहाँ थुप्रिन आएका भद्दा किताबहरू जिल्ला विकास समितिमार्फत गैरसरकारी संस्थाहरूले चलाइरहेको सामाजिक परिचालन कार्यक्रमका प्रगति विवरण हुन् । गत १८ असोजमा त्यही थुप्रोबाट नमूनास्वरुप निकालिएका पिपरिया, लालबन्दी र जब्दी गाविसको प्रतिवेदनसहित ती गाउँका विभिन्न वडामा गरिएको अवलोकनले 'खोदा पहाड, निकली चुहिया' अर्थात् पहाड खन्दा मुसो भेटियो भन्ने हिन्दी उखानलाई चरितार्थ गरिदियो । प्लाष्टिकका चिल्ला गाताले मोडिएका प्रगति विवरणहरू ती गाउँको यथार्थ नभई एकादेशका कथा थिए ।

नेपालका गाउँगाउँमा यस्ता फर्जी कागज उत्पादन गर्ने फ्याक्ट्रीहरू अहिले फस्टाएका छन् । गैससहरूले त्यस्ता फ्याक्ट्रीबाट बस्तीबस्तीमा चेतनाको विकास भएको नक्कली प्रतिवेदन बनाई वर्षेपिच्छे सरकारलाई बेचिरहेका छन् । सरकारले विभिन्न अन्तर्राष्ट्रिय दाताहरूबाट पाएको अनुदान स्थानीय विकास मन्त्रालयमार्फत फर्जी कागज किन्नमा खर्चिइरहेको छ । गाउँगाउँका अति गरीब, दलित, सीमान्तकृत र चेतनामा पछिपरेका नागरिकहरूको सशक्तिकरणका लागि लक्षित सामाजिक परिचालन कार्यक्रम गैरसरकारी संस्थाहरूको झूटा प्रतिवेदन बेच्ने पसलको पर्याय बनेको छ ।

स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (एलजीसीडीपी) अन्तर्गत देशभर लागू भएको यस कार्यक्रमका लागि स्थानीय विकास मन्त्रालयले ७५ जिल्ला विकास

समितिमार्फत वर्षेनि झण्डै रु.१ अर्ब पठाउँछ। त्यसको धेरैजसो हिंस्सा ७०० भन्दा बढी गैरसरकारी संस्थाहरूले पाउँछन्। सामाजिक परिचालन निर्देशिका २०६६ अनुसार यो कार्यक्रमले समाजका सबैभन्दा विपन्न वर्गका नागरिकलाई सरकारी, गैरसरकारी तथा निजी क्षेत्रबाट आफूले पाउनुपर्ने स्रोत, साधन, सेवा र सुविधाबारे आवाज उठाउन र आफ्ना समुदायका समस्याको समाधान खोज्न सक्षम बनाउनुपर्छ। गैससहरूले उत्पादन गरेका किर्ते कागजलाई पत्याउने हो भने त्यस्ता काम खुरुखुरु तमाम भइरहेको देखिन्छ तर थलोमै पुगेर अवलोकन गर्दा ती सब झूटका पुलिन्दा सावित भएका छन्।

सर्लाही जिल्लामा ग्रामीण सेवा समाज नामको गैससले पिपरिया गाविसको प्रगतिबारे बनाएको मोटो प्रतिवेदनले भन्छ, "त्यहाँ प्रत्येक हप्ता नागरिक सचेतना कक्षा चलिरहेको छ। गाउँका नौ वटै वडामा डेढ वर्षअघि गठित वडा नागरिक मञ्चहरूले मासिक र त्रैमासिक बैठक बसेर वडा विकासका योजनाहरू बनाइरहेका छन्।" संस्थाले आफ्नो दाबीलाई पत्यारिलो देखाउन प्रत्येक बैठकका माइन्युटहरूको प्रतिलिपि नै प्रतिवेदनमा राखिदिएको छ। तर पिपरियाको आठ नम्बर वडामा एक वर्षअघि गठित वडा नागरिक मञ्चका संयोजक रामपुकार मण्डलले भने, "महीनामा त के, वर्ष दिनसम्म एउटै बैठक पनि बसेको छैन।" महीनैपिच्छे बसेको भनिएको बैठकको उपस्थिति र हस्ताक्षर देखाउँदा उनी आश्चर्यमा परे।

वडा नागरिक मञ्चका सदस्य भनी नाम लेखिएका अरू १५ जना पनि आफ्ना नाममा किर्ते सही गरिएको माइन्युट देखेर आक्रोशित भए। ती बनावटी विवरणहरू संस्थाका सामाजिक परिचालक अनिलकुमार झाले स्थानीय मनमोहन झाको घरमा बसेर उतार्ने गर्छन्। मञ्चका पाँच नम्बर वडा संयोजक शेख सहदुल्लाहले थपे, "काम वडामा हुँदैन, कागजमा हुन्छ।" उनले भने झैं सोही वडाको एउटा मदरसामा रहेको नागरिक सचेतना केन्द्र पनि कागजमा मात्रै चलेको भेटियो। केन्द्रका संयोजक मोफिद शेखले १८ असोजमा त्यहाँ थन्किएको एउटा ओछ्याउने पाल र एक थान साइनबोर्ड देखाउँदै भने, "सामाजिक परिचालक तीन महीनादेखि आएका छैनन्, कक्षा पनि बन्द छ।"

दुई वर्षयता ६ वटा गाविसमा कार्यक्रम चलाउने जिम्मेवारी लिएको उही गैससले अर्को गाविस जब्दीमा अरू अनौठो नौटङ्की रचेको छ। त्यहाँ यूएनडीपीद्वारा सञ्चालित 'शान्तिका लागि जीविकोपार्जन परियोजना' ले गरेका कामलाई नै हप्तैपिच्छे रिफ्लेक्ट कक्षा चलाएर ल्याएको परिवर्तन भन्दै प्रतिवेदन लेखेर उसले पैसा पचाइरहेको छ। संस्थाले जिविसमा बुझाएको प्रतिवेदनले वडा नं ६ को हरिहरपुरमा सञ्चालित नागरिक सचेतना केन्द्रमा गाविसले दिने सेवासुविधा, स्वास्थ्य चौकीबाट पाइने निःशुल्क औषधि, कम खर्चमा जीविकोपार्जन गर्ने उपाय जस्ता विषयमा पढाएको नालीबेली छ। २०६८ साउन र भदौको सचेतना कक्षामा त्यस्ता गतिविधि भएको भन्ने विवरण सुनेपछि केन्द्रकी संयोजक फूलकुमारी सदासहितका २२ महिलाहरूले आक्रोश पोख्दै भने, "हामी गरीबको नाम कति सजिलै बेचेर खाएछन्!"


नेपाल जनकल्याण समाज नामको अर्को गैरसरकारी संस्थाले लालबन्दी-५, चौकीटोलमा खोलेको सचेतना केन्द्रमा न रिफ्लेक्ट कक्षा नियमित चलेको छ न त वडा नागरिक मञ्च

नै सक्रिय छ । त्यहाँका अति विपन्न नागरिकहरूको नाममा सरकारसँग वार्षिक रु.३० हजार लिँदै आए पनि संस्थाले एउटा पालको टुक्रो बाहेक केही दिएको छैन। त्यहाँ कार्यरत सामाजिक परिचालक पूजा साहले केन्द्रका सदस्यहरूलाई 'कसैले आएर सोध्यो भने हप्तैपिच्छे तीन सय रुपैयाँ चियाखर्च पाएका छौं भन्नू है' भनेर सिकाएकी छन्। "देख्दै नदेखेको पैसा कसरी पायौं भन्नु, केन्द्रमा एक रुपैयाँ पनि आएको छैन। आजसम्म न त्यो पैसा पायौं, न कोही सोध्न आयो", केन्द्रकी सदस्य मीना विकले भनिन्। सदस्यहरूलाई आफ्नै निर्णयमा खर्च हुने गरी आउने वार्षिक रु.३० हजार संस्थाले दुई वर्षदेखि जिविसबाट निकालेर खाइरहेको अत्तोपत्तो छैन। तराईका अधिकांश नागरिक सचेतना केन्द्रहरूमा जाने वार्षिक रु.३० हजार गैससहरूले पाँच-सात सय रुपैयाँमा आउने पालको टुक्रो बाँडेर पचाएका छन्।

देशभरका सबै ३ हजार ९१५ गाविस र ५८ नगरपालिकाका आधा अर्थात् ४०३ वडामा पुग्ने लक्ष्यसहित लागू भएको सामाजिक परिचालन कार्यक्रम अहिले ३ हजार ८१७ गाविस र ४८ नगरपालिकाका ३८४ वडामा चलिरहेको छ। गाविस र नगरका वडामा गरी ४ हजार २०१ नागरिक सचेतना केन्द्रका लागि जाने रकम मात्र ३० हजारको दरले वर्षमा रु.१२ करोड ६० लाख ३० हजार हुन्छ। सामाजिक परिचालकहरूको पारिश्रमिक, गैससको प्रशासनिक खर्च, कर्मचारी भ्रमण भत्ता, नागरिक सचेतना केन्द्रलाई अध्ययन भ्रमण खर्च, वडा नागरिक मञ्चहरूलाई खर्च र तथ्याङ्क संकलन, विश्लेषण तथा मुद्रणका लागि कार्यक्रम चलेको प्रत्येक गाविसमा रु.१ लाख ४० हजार ८०० को दरले जाने रकम वर्षमा रु.५३ करोड ७४ लाख ३३ हजार हुन्छ। नगरका वडाहरूमा रु.१ लाख ३० हजारको दरले वर्षमा रु.४ करोड ९९ लाख २० हजार जान्छ। यी दुवै जोड्दा रु.५८ करोड ७३ लाख ५३ हजार पुग्छ। त्यसबाहेक ७३८ वटा सेवा प्रदायक संस्थालाई कार्यक्रम संयोजकको पारिश्रमिकबापत ६० हजारको दरले रु.४ करोड ४२ लाख ८० हजार थप अनुदान जान्छ।

तालीम र क्षमता अभिवृद्धि कार्यक्रमका नाममा जिविसमार्फत अप्रत्यक्ष रूपमा जाने बजेटलाई छाडेर यी शीर्षकहरूमा मात्र गैससहरूलाई सामाजिक परिचालन कार्यक्रम सञ्चालनका लागि स्थानीय विकास मन्त्रालयमार्फत सरकारी ढुकुटीबाट वर्षमा रु.७५ करोड ७६ लाख ६३ हजार अनुदान गइरहेको देखिन्छ। यो रकमबाट अधिकांश गैससहरूले गरीबलाई ज्ञान दिनुको सट्टा फर्जी कागज उत्पादनमा लगानी गरेका छन्। चितवनको काउले त्यस्तै एउटा प्रतिनिधि गाविस हो।

सेवा प्रदायक संस्थाका रूपमा जिविस चितवनको आफ्नै संयन्त्र स्थानीय विकास कोषले काउलेमा कार्यक्रम चलाउन दुई वर्षयता वार्षिक डेढ लाख रुपैयाँ अनुदान पाइरहेको छ। कोषले जिल्लाको एलजीसीडीपी इकाईलाई बुझाउँदै आएका विवरणहरूले त्यहाँको जनप्रिय राप्राविमा रहेको नागरिक सचेतना केन्द्रमा १३ महिलासहितका २४ जना विपन्न नागरिकले रिफ्लेक्ट नामको सचेतना कक्षा लिइरहेको देखाउँछन्। तर काउले गाविसमा जनप्रिय राप्रावि नाम गरेको स्कूल नै भेटिएन। त्यहाँका बासिन्दाले सामाजिक परिचालक दुई-तीन महीनामा एक पटक गाउँमा देखा पर्ने गरेको बताए, जबकि सामाजिक परिचालन निर्देशिकाले सचेतना केन्द्रमा प्रत्येक हप्ता रिफ्लेक्ट कक्षा चलाउनू भन्छ।



# ‘पारिश्रमिक माग्दा पुलिसकहाँ पुग्नुपर्‍यो’

**–प्रमोद साह,** गैसस पीडित सामाजिक परिचालक, पौडेश्वर, धनुषा

एलजीसीडीपीको सामाजिक परिचालन कार्यक्रम ग्रामीण समुदाय विकास केन्द्र भन्ने संस्थाबाट मेरो गाउँमा पनि गयो। बेरोजगारीको समस्याले गर्दा आवेदन दिएँ। परीक्षामा नाम पनि निकालें। तलब सात हजार रहेछ। संस्थाका अध्यक्ष रामचन्द्र साहले त्यसको २० प्रतिशत संस्थालाई दिनुपर्छ भन्नुभो। बेरोजगार बस्नुभन्दा गर्छु भनेर स्वीकारें। जिविसबाट जाने रु.७ हजारमध्ये मैले रु.५ हजार ६०० मात्र पाउँथें। बाँकी पैसा संस्थाले डेकोरेशनको लागि भनेर काट्थ्यो। त्यही रु.५ हजार ६०० पनि दुई वर्ष काम गर्दा एक वर्षको मात्र पाएँ। एक सालपछि पैसा लिने बेला भयो। म गएँ। मेरो तलबबाट १० प्रतिशत भन्दा बढी नकाट्नुस् भनें। अध्यक्ष साहले तिमीसँग पहिल्यै भनेको हो, यति मात्रै लेऊ भनेर मासिक रु.५ हजार ६०० को दरले दिनुभयो। मैले ठीकै छ भनेर स्वीकारें। त्यसपछि उहाँले ‘तिमीलाई म राख्न पनि सक्छु, नराख्न पनि सक्छु। अब घर जाऊ’ भन्नुभो। तैपनि अर्को सालभरि काम गरें। २०६८ साउनदेखि नयाँ आर्थिक वर्ष लाग्यो। संस्थाको नवीकरण भयो तर मलाई नबोलाई संस्थाले त्यसै आलटाल गरिरह्यो। पछि पो थाहा भो, मेरो ठाउँमा त चार हजार रुपैयाँमा काम गर्न मञ्जुर अर्कै मान्छे राखिसकेको रहेछ।

मेरै गाउँको रामपरीक्षण दास चार हजारमा बस्छु भनेछ। सस्तोमा मान्छे पाएपछि मलाई रु.१ हजार ६०० बढी दिएर किन राख्थ्यो र उसले ! फाइदा हुने भएपछि मलाई हटाइदियो। त्यो संस्थाले कार्यक्रम लिएका चारै गाविसबाट त्यसैगरी पुरानालाई हटाएर कम पैसामा नयाँलाई राखिएको रहेछ। मलाई निकाल्दा संस्थाले केही भनेन। चिठ्ठी पनि दिएन। जिविसलाई निवेदन लेखें। कुरा बुझ्न धेरै चोटि बोलाउँदा पनि संस्थाका अध्यक्ष साह नगएपछि जिविसले उहाँलाई चिठ्ठी काट्यो। ‘सुगामधुकरही, पचहर्वा, चक्कर र पौडेश्वर गाविसबाट हटाइएका उदयचन्द्र यादव, प्रवीणकुमार साह, रामचन्द्र पण्डित र मलाई राखेन भने तपाईंको संस्थाबाट यो कार्यक्रम रद्द हुनेछ’ भन्ने चेतावनी दियो। त्यसपछि हामीले अलि बल पायौं। अनि म र उदयचन्द्र यादव मिलेर जिल्ला प्रशासन कार्यालय र प्रहरीमा रामचन्द्रविरुद्ध उजुरी दियौं। त्यसको कसैले मूल्यांकन गरेन। मलाई एउटा सक्षम मान्छे, प्रतिस्पर्धा गरेर खाएको जागीर खोसिएर बेरोजगार बन्दा

पनि कतैबाट न्याय पाइँदो रहेनछ भन्ने महसूस भयो। अनि लडेरै न्याय लिनुपर्छ भन्ने लाग्यो। म इन्टर पास गरेर बेरोजगार बसेको मान्छेलाई फ्याँकेर मभन्दा कम पढेको, त्यो पनि मट्टीतेलको डिलर चलाइरहेको, जागीर नै नचाहिएको रामपरीक्षण दासलाई राखेकोमा धेरै तनाव भयो। उसकहाँ गएर तिमी त बेरोजगार छैनौ, म एउटा बेरोजगार मान्छेले गरिरहेको यो काम किन छिन्यौ भनें। उसले मलाई रामचन्द्र सरकहाँ जाऊ भन्यो। मलाई झन् असह्य भयो।

गाउँका मान्छेले मेरो मूल्यांकन गरिरहेका थिए। उनीहरूले पनि रामपरीक्षणलाई हटाएर मलाई नै राख्नुपर्छ भनिरहेका थिए। ममाथि अन्याय गर्ने रामचन्द्रसँग गाउँले पनि रिसाइरहेका थिए। असार महीनाको शुरूतिर मेरै गाउँमा पुगेका रामचन्द्र साहलाई समातेर स्थानीय बासिन्दाले मलाई खबर गरे। मैले उहाँलाई सर, यो राम्रो भएन भनें। मेरा गाउँलेले समेत उहाँसँग 'यो राम्रो मान्छे छ, यसलाई राख्नुपर्छ। किन निकालेको ? काम उसलाई गराउने, एक सालको पैसा तिमी खाने, उसको पैसा खोइ त ? तलब पनि दिनुपऱ्यो। उसलाई नियुक्ति दिएको चिट्ठी पनि थमाउनुपऱ्यो' भनेर मेरो पक्षमा बोले। त्यहाँ त्यत्ति विवाद भएको थियो। त्यही वहानामा रामचन्द्रले जिल्ला प्रहरी कार्यालयमा हामीविरुद्ध सार्वजनिक अपराधको उजुरी दिनुभएछ। हामी आफैं प्रहरी कार्यालयमा गयौं। गाउँलेहरू पनि साथ दिन गए। रामचन्द्रलाई झिकाएपछि गाउँलेहरूले मलाई नाम, काम र दाम तीनवटै दिनुपर्छ भनेर अडान लिए। प्रहरीको मध्यस्थतामा सहमति गर्दा रामपरीक्षण दास र मलाई आधा-आधा तलब बाँड्ने गरी दुवैलाई राख्ने निर्णय भयो।

प्रहरी कार्यालयमा दुवै जनालाई राख्ने निर्णय गर्दा म, रामपरीक्षण दाससँगै प्रहरी, गाउँले, रामचन्द्र साह, जिल्ला गैरसरकारी संस्था महासंघका अध्यक्ष धीरेन्द्रबहादुर सिंह, एकीकृत नेकपा (माओवादी) का अध्यक्ष रामचन्द्र मण्डल, तराई मधेश लोकतान्त्रिक पार्टीका अध्यक्ष परमेश्वर साह, फोरम लोकतान्त्रिकका नेता महाशंकर ठाकुर लगायतका मान्छेहरू थिए। संस्थाले मलाई काम गर्न पनि बोलाएको छैन, रामपरीक्षणले पनि केही गरेको छैन। गत सालको काम त मैले सबै गरेको हुँ। यो साल रु.७ हजारको आधासम्म पाएँ भने काम गर्छु, तर संस्थाले त्यही रु.५ हजार ६०० को आधा दिने कुरा गरिरहेको छ। त्यसो गऱ्यो भने म काम गर्दिनँ। बरु घरैमा बसेर कुनै काम गर्छु। नभए बीए पढ्न जान्छु।

म अहेब पास गरेको मान्छे हुँ। तैपनि योग्यता अनुसारको जागीर पाइनँ। गाउँमै सामाजिक परिचालकको जागीर पाउँदा मलाई कम्तीमा तीन-चार वर्षसम्म केही तनाव हुँदैन भन्ने लागेको थियो। राम्रो काम गरेर स्यावासी पाउँछु, मेरो प्रशंसा पनि हुन्छ भन्ने ठानेको थिएँ। तर के दुर्भाग्य हो कुन्नि यो धनुषा जिल्लामा, लुटी लेऊ भुटी खाऊ भने जस्तो भ्रष्टाचारी र शोषणवादी बढी छन् यहाँ। काम गरेको पारिश्रमिक माग्दा पुलिसकहाँ पुग्नुपऱ्यो। सरकारको पैसाबाट गरीब र बेरोजगार जनतामाथि यस्तो दुर्व्यवहार अन्यत्र पनि भइरहेको होला। यो सम्झँदा मलाई धेरै दुःख लाग्छ।

यो काउलेको मात्र कथा होइन, सामाजिक परिचालन कार्यक्रम पाएका संस्थाहरूको आम प्रवृत्ति नै यस्तै छ। चितवनकै बीपी मेमोरियल हेल्थ फाउण्डेशन र जनसेवा अभियान नामका गैससहरूले दुई वर्षदेखि कार्यक्रम पाएका क्रमशः भण्डारा र अयोध्यापुरी गाविसका रिफ्लेक्ट कक्षाहरू पनि कागजमा मात्रै चलेका छन्। केन्द्र सञ्चालनका लागि जाने वार्षिक रु.३० हजारबारे नागरिकलाई अत्तोपत्तो छैन। नागरिक सचेतना केन्द्र भण्डाराकी संयोजक शान्ति उप्रेतीले भनिन्, “यहाँ अहिलेसम्म सुको पैसा आएको छैन। कार्यक्रमको बजेटबाट एक कप चिया पनि खाएको छैन।” त्यहाँ न साप्ताहिक रिफ्लेक्ट कक्षा चल्छ, न त कुनै सामग्री नै पुगेको छ। सेवा दिनुपर्ने गैससले भने केन्द्रमा रु.३० हजार बराबरको कार्यालय टेबुल र कुर्सी किनेको भनी झूटो विवरण दिएको छ।

जिविस रूपन्देहीमा प्रकोप व्यवस्थापन केन्द्र नामको संस्थाले त्यहाँ २०६८ कात्तिकदेखि हप्तैपिच्छे सचेतना कक्षा चलिरहेको विवरण जिविसमा बुझाएको छ। यस संवाददाताले १२ चैत २०६८ र २३ असोज २०६९ मा स्थलगत अवलोकन गर्दा असुरैना-६ पर्सहवाको नागरिक सचेतना केन्द्र स्थापना भएयताको दुई वर्षसम्म त्यहाँ त्यस्तो कक्षा चलेको पाइएन। “हामीलाई उल्लू बनाएर गाउँमा आएको पैसा सबै चट् पारेछन्। अब यहाँको सामाजिक परिचालकसँग एक-एक रुपैयाँको हिसाबकिताब माग्नुपर्ने भयो”, आफ्नो गाविसमा आएको पैसा बीचैमा गायब भएको थाहा पाएपछि केन्द्रका संयोजक तिलक कोइरी आक्रोश पोख्दै थिए। सोही संस्थाले गोनाह गाविसको सचेतना केन्द्रमा गाविसबाट उपलब्ध सेवाबारे गाविस सचिवसँग समन्वय गरेर दुई वर्षदेखि जानकारी दिइरहेको दाबी गरेको छ तर २३ असोज २०६९ मा कार्यालयमै भेटिएका गाविस सचिव मीनप्रसाद भट्टराईले नागरिक सचेतना केन्द्रले के काम गर्छ भन्ने त्यस दिनसम्म थाहा नपाएको बताए।

यसै जिल्लाको हाटीवनगाई गाविसका सबै वडामा एक वर्षअघि नै वडा नागरिक मञ्चहरू गठन भएर तिनले धमाधम विकास योजनाहरू बनाइरहेको विवरण सम्बन्धित गैसस तराई दलित सरोकार केन्द्रले जिविसलाई दिएको छ। उसको आर्थिक वर्ष २०६८/६९ को वार्षिक प्रतिवेदनले भन्छ, “हाटीवनगाई-८ मा २० सदस्यीय वडा नागरिक मञ्च बनेको छ। यसले २०६८ सालमा रु.३ लाख १० हजार बजेटका तीन योजना बनाएर गाउँ विकास समितिको कार्यालयसँग बजेट माग गऱ्यो तर गाउँ परिषद्बाट एउटै पनि स्वीकृत भएन।” तर मञ्चका सदस्य भनिएका स्थानीय जवाहिर हरिजनले भने, “सदस्यमा नाम लेखिएको मात्र हो, हामीले काम केही पनि गरेनौं।”

## अर्थविनाको अनुगमन

स्थानीय विकास मन्त्रालयबाट २०६६ सालमा जारी निर्देशिका र २०६८ मा जारी दिग्दर्शनले सामाजिक परिचालन कार्यक्रमको कार्यान्वयन र अनुगमन गर्ने जिम्मा जिविसमा स्थानीय विकास अधिकारी र नगरपालिकामा कार्यकारी अधिकृतले अध्यक्षता गर्ने सामाजिक परिचालन समितिलाई दिएको छ। त्यस्तो समितिको अनुगमनबाट बारा जिल्लाको इनर्वाशिरा

गाविसमा युथ फेडरेशन नेपाल कलैयाले आर्थिक वर्ष २०६७/६८ मा गठन गरेका वडा नागरिक मञ्चहरू एक वर्षपछि खोज्दा कागजमा मात्रै फेला परे । जिविसले संस्थालाई त्यो वर्ष कार्यक्रम चलाउन भुक्तानी दिएको रु.१ लाख ५० हजार पूरै असूल उपर गर्ने चेतावनीसहित स्पष्टीकरणका लागि पत्र पठाए पनि रकम फिर्ता भएन । संस्थाले अहिले पनि पाँच गाविसमा कार्यक्रम चलाइरहेकै छ ।

कलैयाकै शिक्षा विकास विस्तार केन्द्र नामको संस्थाले बञ्जरिया गाविसको सचेतना केन्द्रमा बजेट बराबरको सामग्री उपलब्ध नगराएको, रिफ्लेक्ट कक्षाका सहभागीहरूलाई खाजाबापत गएको रकम बीचैमा गायब पारेको र सामाजिक परिचालकको तलबबाट मासिक दुई हजार कमिसन खाइरहेको सूचना सामाजिक परिचालन समितिले जुटायो । २०६८ साउनमा समितिबाट खटिएको अनुगमन टोलीले त्यो थाहा पाएपछि सूचना दिएको आरोपमा संस्थाले सामाजिक परिचालक विशारद यादवलाई जागीरबाटै हटाइदियो। नवप्रभात युवा क्लब नामको गैससले बिसुनपुर्वा गाविसमा झूटा विवरण बुझाएर बजेट थापिरहेको, सचेतना केन्द्रमा चाहिनेजति सामग्री नदिएको र रिफ्लेक्ट कक्षामा जानुपर्ने खाजाखर्च आफैंले खाइरहेको तथ्य समितिले २०६८ भदौमा अनुगमन गरी पत्ता लगाए पनि यस्ता कसूरमा उसले ती दुवै गैससलाई कारबाहीको भागी बनाउन सकेन ।

बारामा यस्तो रोग निको हुनुको सट्टा आर्थिक वर्ष २०६८/६९ मा अरू तीन संस्थामा सऱ्यो । त्यस वर्ष नयाँ एकीकृत विकास समाज, जनहित सञ्चार नेपाल र विकास दर्पण नामका गैससहरू अनियमित काम गर्ने सूचीमा परे । वडा नागरिक मञ्च कागजमा मात्र बनाएको, रिफ्लेक्ट कक्षा नचलाएको, सरसामान तथा खाजाखर्च जिविसबाट लिई केन्द्रमा नपठाएको र सामाजिक परिचालकलाई कम पारिश्रमिक दिएको पत्ता लागेपछि ती संस्थासँग जिविसले स्पष्टीकरण माग्यो । जनहित सञ्चार नामको संस्थाले त आफ्नो स्पष्टीकरणमा आफू लगायत जिल्लामा सामाजिक परिचालन कार्यक्रम चलाउने १९ वटै संस्था भ्रष्टाचारी भएको स्वीकार्दै सबैलाई कालोसूचीमा राखेर नयाँ संस्था छनोट गर्न जिविसलाई चुनौती दिएको छ । तैपनि उसमाथि कारबाहीको कुरै उठेको छैन ।

जिविस चितवनद्वारा गठित अनुगमन टोलीले पनि २०६८ पुसमा १३ वटा गाविसको स्थलगत अनुगमन गरी तीमध्येका पाँच गाविसमा रिफ्लेक्ट कक्षाको सुरुआत नै नभएको प्रतिवेदन दिएको छ, जसमा तीन वटा गाविस बीपी मेमोरियल हेल्थ फाउण्डेशन नामक गैरसरकारी संस्थाको कार्यक्षेत्रमा मात्रै पर्दथ्यो । अरू ६ गाविसमा कक्षा शुरू गरिए पनि नियमित नभएको र उपलब्धि नदेखिएको विवरण प्रतिवेदनमा छ । १३ मध्ये ११ गाविसको कार्यक्रम असफल देखिनु भनेको ८५ प्रतिशत उपलब्धि खेर जानु हो । प्रतिवेदन त्यस्तो आउँदा पनि जिल्ला सामाजिक परिचालन समितिको बैठकले काम नगर्ने पुरानै गैससहरूलाई नयाँ गाविसहरू थपेर पुरस्कृत मात्र गरेन, ती सबैको काम सन्तोषजनक रहेको भन्दै चालु आर्थिक वर्षका लागि पनि उनीहरूको म्याद थपिदियो ।

धनुषामा आर्थिक वर्ष २०६७/६८ को शुरूदेखि नै कार्यक्रम सञ्चालनका लागि जिविससँग सम्झौता गरेका गैससहरू ११ वटा थिए । एक वर्षपछि सामाजिक परिचालन समितिले गरेको

अनुगमनमा नौ वटा संस्थाले कामै नगरी प्रतिवेदन बुझाइरहेको पत्ता लाग्यो । अनुगमन टोलीको प्रतिवेदनमा गैससहरूले वडा नागरिक मञ्च र नागरिक सचेतना केन्द्रका बैठक नै नबसाली नक्कली हस्ताक्षर गरेर माइन्युट तयार गरेको, रिफ्लेक्ट कक्षा नचलाएको, सामाजिक परिचालकले तलब खाएको भर्पाई समेत किर्ते बनाएको जस्ता विवरणहरू उल्लेख छन्। त्यस्तो पारामा चलेका गैससहरूलाई उन्मुक्ति दिँदै तत्कालीन स्थानीय विकास अधिकारी सूर्यकान्त ओझाको अध्यक्षतामा २३ पुस २०६८ मा बसेको जिल्ला सामाजिक परिचालन समितिको बैठकले उनीहरूको 'काम सन्तोषजनक नदेखिए पनि अर्को एक वर्षका लागि नवीकरण गर्ने' निर्णय

## धनुषामा साह र सिंहको शक्ति

जिल्ला सामाजिक परिचालन समिति धनुषामा परमेश्वर साह र धीरेन्द्रबहादुर सिंह नामका दुई सदस्यहरू छन् । उनीहरू जिल्लामा सामाजिक परिचालन कार्यक्रम सञ्चालनका लागि तत्कालीन स्थानीय विकास अधिकारी विन्दु गुरागाईंको अध्यक्षतामा २७ वैशाख २०६७ मा बसेको पहिलो बैठकदेखि नै लगातार सहभागी छन्। साह गाविस राष्ट्रिय महासंघ र सिंह गैरसरकारी संस्था महासंघको अध्यक्ष हुन्। सामाजिक परिचालन समितिमा गाविस महासंघको प्रतिनिधि सदस्य रहने व्यवस्था भए पनि गैरसरकारी संस्था महासंघको प्रतिनिधिलाई पर्यवेक्षकका रूपमा मात्र बोलाउन सकिन्छ। साहले समितिमा नीतिगत रूपमै प्रवेश पाए तर सिंहले बाल क्लब सञ्जालको प्रतिनिधि पनि सदस्य रहने प्रावधानलाई प्रयोग गर्दै समितिका बैठकहरूमा 'बाल विकास प्रतिनिधि' को रूपमा उपस्थिति जनाउँदै आए।

पहिले समितिको गठनविना नै बैठकहरू बस्दै आएको थियो। १४ भदौ २०६७ मा तत्कालीन स्थानीय विकास अधिकारी टेकराज निरौलाको अध्यक्षतामा बसेको बैठकको माइन्युटमा पहिलो पटक 'जिल्ला सामाजिक परिचालन समिति' उल्लेख छ तर गठनको औपचारिक निर्णय कतै भएको छैन । त्यसयताका बैठकहरूमा पनि साह र सिंह छुटेनन्। तराई मधेश लोकतान्त्रिक पार्टीका क्रमश: जिल्ला सहसंयोजक र सचिव समेत रहेका उनीहरू यतिसम्म शक्तिशाली छन् कि २२ जेठ २०६९ मा जनकपुर नागरिक समाजका प्रतिनिधि मुरलीमनोहर मिश्रले समितिमा सिंह र साह तथा जिविसका सूचना अधिकृत रामभजन यादव समेतको उपस्थितिप्रति प्रश्न उठाउँदै जिल्ला प्रशासन कार्यालय धनुषामा उजुरी दिएपछि उनीहरूको अनुपस्थितिमा तीन महीनासम्म समितिको बैठक नै बस्न सकेन। उजुरीमा ३६ वर्षका सिंहले बालकको नाममा, साहले नीतिको आडमा र यादवले विधि विपरीत समितिमा बसेर आफ्ना बोलीलाई कानून बनाई जंगे प्रवृत्ति देखाएकाले उनीहरूलाई नहटाएसम्म सामाजिक परिचालनमा फर्जी कामले निरन्तरता पाइरहने दाबी गरिएको थियो।

गऱ्यो । त्यसरी म्याद थपिएकामा ठीक १३ महीनाअघि २३ मंसीर २०६७ को बैठकबाट 'सामाजिक परिचालन निर्देशिका नमानेकाले आइन्दा जिविसबाट सञ्चालन हुने कुनै पनि कार्यक्रम नदिने' भनी निर्णय गरिएका ६ वटा संस्था पनि थिए ।

यस्ता नजीरहरूले सामाजिक परिचालन कार्यक्रममा काम गरिरहनु नपर्ने रहेछ भन्ने बुझेपछि गएको आर्थिक वर्षभर हात बाँधेरै बिताएका गैससहरूलाई यो वर्ष त अनुगमनको झन्झटै बेहोर्नुपरेन । निमित्त स्थानीय विकास अधिकारी विनोदकुमार ठाकुरको अध्यक्षतामा गत २८ भदौमा बसेको सामाजिक परिचालन समितिको बैठकले 'अनुगमनबाट सबै संस्थाको

मिश्रको उजुरीबारे बुझ्न प्रशासनले जिविसलाई पत्राचार गऱ्यो । जिविसले जवाफ लेख्दै सामाजिक परिचालन कार्यक्रमका समिति/उपसमितिहरूमा राजनीतिक दलको प्रतिनिधि रहने व्यवस्था नरहेकोमा जिल्ला सामाजिक परिचालन समिति र कार्यक्रमका लागि गैससहरू छनोट गर्ने समितिमा बसेर एउटै राजनीतिक दलका नेताहरू साह र सिंहले काम गरिरहेको जानकारी ३२ जेठ २०६८ मा प्रशासनलाई गरायो । उजुरीमाथि कारबाहीको श्रृंखला त्यहीं रोकियो । गत ३ जेठपछि झन्डै चार महीनाको अन्तरमा २७ भदौमा बसेको बैठकमा साह पुरानै परिचयमा र सिंह बाल क्लब प्रतिनिधिबाट पहिचान बदलेर गैरसरकारी संस्था महासंघको अध्यक्षका रूपमा देखा परे । उनीहरूलाई गलत काममा साथ दिएको भनी विवादमा आएका अर्का सदस्य रामभजन यादव समितिबाट निकालिए । सिंहले आफू जसरी पनि सदस्य भएर बसिरहने खेल अनुरुप समितिलाई चाहिने नागरिक समाजको प्रतिनिधि आफ्नै संस्थाबाट पठाइदिन अनुरोध गर्ने निर्णय त्यसै बैठकमा गराए । त्यसपछि उनी असोजयताका बैठकहरूमा नागरिक समाजको प्रतिनिधि भई समितिको अरू शक्तिशाली सदस्यमा रूपान्तरित भएका छन् ।

जिल्लाका २० गाविसमा बाँकी रहेको सामाजिक परिचालन कार्यक्रम सञ्चालन गर्ने गैससहरू छान्न गठित पाँच सदस्यीय उपसमितिमा साह संयोजक तथा सिंह र यादव सदस्य छन् । यो समूहले यसअघि पनि त्यसरी नै बहुमत पुऱ्याएर एकपक्षीय रूपले गैससहरू छान्दा सामाजिक परिचालन कार्यक्रम विफल भएको र अब पनि उनीहरूबाट मनोमानी हुनसक्ने सम्भावना रहेको भन्दै जनकपुर नागरिक समाजका प्रतिनिधि मुरलीमनोहर मिश्रले चिन्ता प्रकट गरेका छन् । एक सामाजिक परिचालकका अनुसार पहिले साह, सिंह र उनीहरूकै इशारामा काम गर्ने यादवले गैरसरकारी संस्थाहरूलाई जिविसबाट उनीहरूको अनुगमन हुनुअघि सूचना दिन्थे । कामै नगरेका गैससहरूको बक्यौता रकम जसरी पनि समितिबाट निर्णय गराएर भुक्तानी दिलाइछाड्ने कसरतमा पनि डटेर लागिरहेको आरोप उनीहरूमाथि छ । "यिनीहरू दलीय स्वार्थ र व्यक्तिगत लालच पूरा गर्न जिल्ला सामाजिक परिचालन समितिमा घुसेर पदको दुरुपयोग गरिरहेका छन्", जनकपुरका एक युवाले भने ।

कार्यक्षेत्रमा काम भइरहेको देखिएको' भन्दै जिल्लाका ८१ गाविसमा काम लिएका २० वटै संस्थालाई विना अनुगमन १ साउनदेखि लागू हुने गरी पुन: नवीकरण गरिदियो । ती संस्थाहरूको गत वर्षको पैसा भुक्तानी दिन बाँकी रहेको निहुँमा समितिले उनीहरूलाई अनुगमनबाट समेत उन्मुक्ति दिएको हो ।

रूपन्देही जिल्लाको हालत पनि उस्तै छ । त्यहाँको जिल्ला सामाजिक परिचालन समितिले अघिल्लो वर्षको मंसीरमा कार्यक्रम लागू भएका सात गाविसहरूको स्थलगत अनुगमन गरेको थियो । तीमध्ये तीन वटामा नागरिक सचेतना कक्षा नचलेको, एउटामा अनुगमन टोली गएको दिन मात्र पहिलो कक्षा चलेको, दुई गाविसका वडा नागरिक मञ्चहरूलाई आफ्नो भूमिकाकै बारेमा थाहा नभएको, दुई गाविसमा गरीब र बञ्चित समूहहरूको सट्टा हुनेखानेहरूको बोलवाला रहेको जस्ता टिप्पणीहरू लेखे पनि समितिले कुनै सुधारविना आर्थिक वर्ष सकिनासाथ जिल्लाका ६८ गाविसमा कार्यक्रम चलाइरहेका ११ वटै संस्थाको म्याद थप्ने निर्णय गर्‍यो । अघिल्लो वर्ष जस्तै काम भए/नभएको अनुगमन गर्ने औपचारिकता यो वर्ष पनि पूरा भयो तर समितिले काम नगर्ने गैससहरूको कार्यशैली सुधार्न सकेन । यस जिल्लामा पनि समितिको भूमिका कामचोर गैससहरूको निगरानी गर्ने भन्दा उनीहरूको बचाउमै सीमित देखिएको छ ।

## के हो सामाजिक परिचालन ?

**बस्तीबस्तीका** विपन्न नागरिकहरूलाई विकास निर्माणका योजनामा सहभागी बनाउने र स्रोत परिचालनबारे सम्पूर्ण सूचनाहरू दिने कार्यक्रम हो सामाजिक परिचालन । यसअन्तर्गत गठन हुने २५ सदस्यीय वडा नागरिक मञ्चले गाविस वा नगरपालिकाको वडाभित्र बसोबास गर्ने सबै वर्गका नागरिकहरूको आवश्यकता र प्राथमिकताहरू पहिचान गरी स्थानीय निकायको एकीकृत योजना तर्जुमा समितिमा पठाउने काम गर्नुपर्छ । आफ्ना मागहरू गाविस वा नगरपालिकाका परिषद्बाट स्वीकृत गराउन चाहिने दबाब र प्रभावका लागि पैरवी गर्नु पनि यसको काम हो । स्वीकृत योजना कार्यान्वयनका बेला उपभोक्ता समिति गठन, अनुगमन, रेखदेख तथा सामाजिक परीक्षणमा वडा नागरिक मञ्च सक्रिय हुनुपर्छ । वडामा कुनै पनि सरकारी, गैरसरकारी वा निजी निकायबाट आएका विभिन्न सेवासुविधा र कार्यक्रमहरूबारे चासो राख्दै तिनलाई लक्षित वर्गसँग जोड्नुपर्ने दायित्व पनि मञ्चलाई छ ।

१५ वर्षदेखि निर्वाचन नहुँदा जनप्रतिनिधिविहीन बनेका स्थानीय निकायहरूमा सशक्त नागरिक निकाय स्थापना गरी त्यसलाई सबै खालका सेवा प्रवाहको प्रवेश विन्दु बनाउने उद्देश्यले वडा नागरिक मञ्चको अवधारणा आएको हो । यस संयन्त्रले स्थानीय

यी सबै जिल्लाहरूमा कामै नगरी झूटा प्रतिवेदन बुझाउँदै आएका गैरसरकारी संस्थाहरू जिल्ला सामाजिक परिचालन समितिको सहानुभूति पाएर नै फर्जी काम गर्नबाट पछि नहटेका हुन् । त्यस्ता संस्थाहरूको अधीनमा प्रत्येक गाविसमा कार्यरत सामाजिक परिचालकहरूले तोकिएको काम पूरा नगरी पारिश्रमिक थापिरहेका छन् । कार्यक्रम कार्यान्वयनमा संलग्न गाविस, जिविस, नगरपालिका र जिल्ला विकास समितिदेखि स्थानीय विकास मन्त्रालयसम्मले फर्जी कामलाई वैधानिकता दिइरहेका छन् । कार्यक्रम सञ्चालन खर्चबापत सम्झौता मितिदेखि नै सेवा प्रदायकहरूले प्रति गाविस वार्षिक रु.१ लाख ५० हजार तीन किस्तामा भुक्तानी पाउँछन् । उनीहरूले काम नगरेमा सम्झौता रद्द गरी त्यो रकम असूल उपर गर्न सक्ने हैसियतप्राप्त सामाजिक परिचालन समितिहरूले काम नगर्ने संस्थाको नाम अनुगमन प्रतिवेदनमा लेखेर कर्मकाण्ड पूरा गरिरहेका छन् ।

स्थानीय विकास मन्त्रालयभित्र रहेको स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम (एलजीसीडीपी) को मुख्यालयमा उपलब्ध तथ्याङ्कले २०६९ असार मसान्तसम्ममा देशका ३ हजार ९१५ मध्ये ३ हजार ८१७ गाविस र ५८ नगरपालिकाका ३८४ वडामा नागरिक सचेतना केन्द्रहरू खुलेको देखाउँछ । ती सबै केन्द्रहरूमा सातामा एक दिन नियमित रूपले रिफ्लेक्ट कक्षा चलिरहेको र ३३ हजार १६६ वडा नागरिक मञ्चहरूमा

विकासको मुटुका रूपमा पूँजी र प्रयत्नहरूको परिचालन गर्न नसके स्रोत र अवसरहरू दुरुपयोग भई विकासका लागि गरिएको लगानी खेर जान्छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोग, अदालत, राष्ट्रिय सतर्कता केन्द्र जस्ता निगरानीकर्ता निकायहरू कमजोर भएका बेला स्थानीय निकायहरूमा जाने आर्थिक स्रोतमाथिको अनियमिततालाई रोक्ने औजारका रूपमा पनि वडा नागरिक मञ्च र नागरिक सचेतना केन्द्रहरूले काम गर्छन् भन्ने विश्वास अन्तर्राष्ट्रिय विकास साझेदारहरूले राखेका छन् ।

त्यसै अनुरुप सरकारले केअर नेपाल, ग्रामीण पुनर्निर्माण नेपाल र स्वीस विकास सहयोग जस्ता विकास साझेदार निकायहरूसँग वडा नागरिक मञ्चलाई सबै खाले विकास कार्यक्रमहरूको केन्द्रविन्दु बनाउने समझदारी पत्रमा हस्ताक्षर गरेको छ । सामाजिक परिचालन कार्यक्रमभित्र नागरिक सचेतना केन्द्रहरू पनि हुन्छन् । यस्ता केन्दहरू अति गरीब तथा विपन्न नागरिकहरूमा गरीबीको कारण पहिचान गरी अधिकारका लागि आवाज उठाउने, समाधान खोज्ने र जीवनस्तरमा सुधार ल्याउने क्षमता विकास गर्न खोलिएका जीवनोपयोगी पाठशालाहरू हुन् । तर गैससहरूले कागजमा गठन गरेका अधिकांश वडा नागरिक मञ्च र सचेतना केन्द्रहरू आफ्नो कामबारे अनभिज्ञ छन् । गाउँगाउँका विपन्न नागरिकहरूले थाहा नपाएका सूचनाहरू दिने जिम्मा लिएका गैससहरूले त्यसो गर्नुको सट्टा आफ्नै कार्यक्रमबारे नागरिकले पाउनुपर्ने सूचना पनि लुकाएर गरीबको गाँस खोसिरहेका छन् ।

संगठित ७ लाख ७३ हजार ३२ जना नागरिकहरू योजना निर्माणमा सहभागी भएको कार्यक्रमका राष्ट्रिय प्रगति विवरणहरूले बताउँछन्। यथार्थमा यो कार्यक्रमको नतीजा भने रूपन्देही जिल्लाको प्रकोप व्यवस्थापन केन्द्र नामक गैससले आफ्नो प्रगति प्रतिवेदनमा लेखेभन्दा फरक छैन, 'भौतिक निर्माणको उपलब्धि ६ महीनामा पाउन सकिन्छ, सीपको प्रभाव एक वर्षमा पाउन सकिन्छ, तर सामाजिक परिचालनको प्रभाव देखिन वर्षौं लाग्न सक्छ।' गैससहरूको पारा नफेरिए परिवर्तन देखिन दशकौं पो लाग्ला कि !

## शोषण र कमिसनमा सरकारी अनुदान

गरीब जनतालाई लाभ पुग्ने गरी सामाजिक परिचालन कार्यक्रम चलाउन भनी गैससहरूलाई दिइएको सरकारी अनुदान उल्टै गरीब तथा बेरोजगार नागरिकहरूमाथि शोषण गर्न र उनीहरूबाट कमिसन असुल्नमा प्रयोग भइरहेको प्रमाण मध्यतराईको धनुषा जिल्ला हो। यहाँका चार गाविसमा कार्यक्रम चलाइरहेको ग्रामीण सामुदायिक विकास केन्द्रले २०६८ जेठमा सबै सामाजिक परिचालकहरूलाई हटाइदियो। परिचालकहरूको पारिश्रमिकबाट चाहेजति अंश छिनेर खान नपाएको झोंकमा संस्थाले त्यसो गरेको पीडितमध्येका प्रमोद साहले बताए। विनाकारण आफूहरूलाई हटाइएको भन्दै उनीसहितका दुई जनाले संस्थाविरुद्ध जिल्ला प्रशासन कार्यालयमा उजुरी दिए। प्रशासनले जिविसलाई पत्र पठाएर जानकारी मागे पनि थप सुनुवाइ नगरेपछि उनीहरू निराश भए।

पीडितहरूले संस्थाका अध्यक्ष रामचन्द्र साहलाई गाउँमा गएका बेला रोकेर आफूहरू हटाइनुको कारण सोधे। त्यसको बदलामा साहले आफूमाथि हातपात भएको भन्दै जिल्ला प्रहरी कार्यालय धनुषामा उनीहरूविरुद्ध सार्वजनिक अपराधको उजुरी दिए। प्रहरीले दुवै पक्षलाई बोलाएर घटनाको वास्तविकता बुझेपछि पीडित परिचालकहरूमध्येका प्रमोदलाई पुनर्वहाली गर्ने शर्तमा मिलापत्र गराई पठायो। संस्थाले पीडितलाई काममा फर्काए पनि भर्खरै नियुक्त गरिएका अर्का परिचालकलाई पनि यथावत् राखी मासिक रु.५ हजार ६०० दुवैले आधा-आधा बाँडेर लिनुपर्ने शर्त राखिदिएपछि उनलाई जागीर निल्नु न ओकल्नुभएको छ। सरकारले भने परिचालकको पारिश्रमिक मासिक रु.७ हजारका दरले पठाउँछ।

जनताको ग्रामीण विकास तथा जनजागृति कार्यक्रम सेवा नामक गैससबाट लखौरी गाविसमा नियुक्त विमलाकुमारी साहलाई संस्थाले १५ महीना काम गरेपछि ६ महीनाको भर्पाई गराएर चार महीनाको मात्र तलब दियो। बाँकी पैसा माग्दा काम गर्न लायक नरहेको आरोप र जागीरबाट हटाउने धम्की खानुपर्‍यो। त्यहाँ नागरिक सचेतना केन्द्रमा जानुपर्ने खर्च पनि गैससले नै खाइदिएपछि रिफ्लेक्ट कक्षा चल्न सकेको छैन। "केन्द्र गठन भएको १५ महीना भयो, अहिलेसम्म एउटा कक्षा पनि चलेको छैन", केन्द्रका सदस्य जयनाथ साहले २२ असोजमा भने। यस्तो चालामाला देखाएर सरकारी कोषमा आएको अनुदान असुल्ने संस्थाका अध्यक्ष शेषनारायण यादव मधेशी जनअधिकार फोरम नेपालका धनुषा जिल्ला अध्यक्ष पनि हुन्।

ग्रामीण विकास परियोजना नामको अर्को गैससले पाएको बलाहा सघारा गाविसमा कार्यरत परिचालक हबिब कवारीले २७ महीना काम गरेर ११ महीनाको भन्दा तलब पाएनन् । २०६८ साउनयताको १७ महीनामा त उनलाई संस्थाले न काम अह्राएको छ, न त प्रगति प्रतिवेदन नै मागेको छ । “मैले नपठाए पनि संस्था मालिक आफैंले यहाँ काम भइरहेको छ भन्ने प्रतिवेदन लेखेर जिविसमा बुझाउँदारहेछन् । मैले पैसा माग्छ भनेर सबै काम आफैं गरेको होला”, कवारीले भने । संस्थाका अध्यक्ष अवधेश पाठक चाहिं त्यस गाविसको वडा नम्बर ८ मा प्रत्येक शुक्रबार रिफ्लेक्ट कक्षा चलिरहेको र वडा नागरिक मञ्चका बैठकहरू बसिरहेको माइन्युट परिचालक कवारीले महीनामहीनामा पठाइरहेको बताउन पछिपरेनन् ।

धनुषाकै माचीझिट्कैया गाविसमा सामाजिक परिचालक भएर काम गरेका विजय यादवलाई केअर सोसाइटी अफ नेपाल भन्ने संस्थाले एक वर्षको पारिश्रमिक रु.५ हजार ५०० दिएर विदा गऱ्यो । संस्थाका अध्यक्ष दीपक दुबेले खाली कागजमा सही गराई त्यो पैसा दिएका थिए । प्रतिस्पर्धाबाट छानिएका यादवलाई संस्थाले मासिक पारिश्रमिक रु.४ हजार मात्र पाइने शर्तमा फुक्याएर राखेको थियो । त्यही पनि नपाएपछि दिलाइदिन माग गर्दै पीडितले जिविस कार्यालयमा निवेदन त दिए तर न्याय पाएनन् । धनुषाका गाउँहरूमा गठित नागरिक सचेतना केन्द्रमा जाने बजेट संस्थाहरूले आफैं कुम्ल्याउँदा कार्यक्रम शुरू भएको साढे दुई वर्षसम्म रिफ्लेक्ट कक्षा चल्न सकेको छैन । केन्द्रको खर्च बचाएर खाने लोभमा गैससहरूले अनुगमन टोली जाने दिन मात्र पढाएको अभिनय गर्न परिचालकलाई निर्देशन दिने गर्छन् ।

जिल्लाका गैससहरूको ठगी प्रवृत्तिको मूल्यांकन गर्दै एक सामाजिक परिचालक भन्छन्, “सात हजारको भर्पाई गरेर तीन हजार लिन मञ्जुर कर्मचारी मात्र संस्थाको नजरमा राम्रा हुन्छन् । पूरा तलब माग्नेले जागीर खाने आशै नगरे हुन्छ ।” गैससको शोषणमा परेका धनुषाका सामाजिक परिचालकहरू केही प्रतिनिधि पात्र मात्रै हुन् । सरकारी अनुदानमा सामाजिक परिचालकहरूमाथि शोषण गर्ने अभ्यास तराईमा मात्र छैन । काठमाडौंपूर्वको काभ्रेपलाञ्चोक जिल्लामा यस्तै प्रवृत्ति बढेपछि यो वर्षदेखि सामाजिक परिचालकहरूको पारिश्रमिक उनीहरूकै बैंक खातामा पठाई त्यसको प्रमाण पेश गर्नुपर्ने र त्यसो नगर्ने गैससहरूको सम्झौता स्वतः भङ्ग हुने प्रचलन बसालिएको छ । शोषण रोकथामको यस्तो उपाय पछ्याउन अरू जिल्लाका सामाजिक परिचालन समितिहरू तत्पर देखिएका छैनन् ।

(२०६९ **फागुन १३ को** ***हिमाल*** **खबरपत्रिकामा प्रकाशित**)



दुधौली, सिन्धुलीस्थित माओवादी लडाकूको दोस्रो डिभिजन ।

■ दिनेश सुनार

२८

# माओवादी लडाकूका नाममा लूटैलूट

**नेपालको पहिलो राष्ट्रपति तथा विश्व राजनीतिमा शान्तिदूत बन्ने अभिलाषा राखेका गिरिजाप्रसाद कोइरालाले नै माओवादीलाई लडाकूका नाममा लूट मच्चाउने लाइसेन्स दिएका हुन् ।**

सशस्त्र द्वन्द्व त्यागेर शान्तिपूर्ण राजनीतिमा आएको नेकपा माओवादी र नेपाल सरकारबीच विस्तृत शान्ति सम्झौतामा हस्ताक्षर भएकै दिन ५ मंसीर २०६३ मा सरकारले माओवादी नेता कृष्णबहादुर महरालाई रु.७ करोड दियो । सूचना तथा सञ्चार मन्त्रीको हैसियतमा सरकारमै रहेका महरालाई त्यसको ६ दिनपछि ११ मंसीरमा थप रु.१० करोड दिइयो । त्यसपछि १० पुस, ३ माघ, १४ फागुन र ८ चैतमा समेत गरेर सरकारबाट उनले कुल रु.४६ करोड १० लाख ६७ हजार प्राप्त गरे । महराले यो पैसा माओवादी लडाकूहरूको व्यवस्थापनका लागि 'पेश्की' लिएका हुन् ।

आर्थिक नियमानुसार सामान्यतया अघिल्लो पटक लिएको पेश्की फछ्र्योट नगरी त्यही कामको लागि अर्को पेश्की दिइन्न । ६ वर्षदेखि महराले पेश्की फछ्र्योट गरेका छैनन् । उनी भन्छन्, "यो रकमको खर्च फछ्र्योट गर्ने काम सरकारको हो ।" उनलाई रकम उपलब्ध गराउने तत्कालीन अर्थसचिव रामेश्वर खनालको विचार भने बेग्लै छ । हाल प्रधानमन्त्री बाबुराम भट्टराईका आर्थिक सल्लाहकार रहेका खनाल भन्छन्, "खर्चको बिल भर्पाई बुझाउने काम पेश्की लिनेको हो ।"

खनालले नियम कानूनका कुरा गरे, तर महरा आफूलाई त्यसभन्दा माथि सम्झन्छन् । नसम्झुन् पनि किन, माओवादीलाई खुशी पार्न तत्कालीन सरकारले नै प्रचलित नियम कानूनलाई तिलाञ्जली दिएको थियो । महरालाई पेश्की दिनुअघि २३ कात्तिक २०६३ मा

प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको अध्यक्षतामा बसेको मन्त्रिपरिषद् बैठकले माओवादी लडाकूका अस्थायी शिविर व्यवस्थित गर्न तीन महीनाका लागि आर्थिक प्रशासन सम्बन्धी नियमावली २०५६ का विभिन्न नियम र एउटा परिच्छेद निलम्बन गरेकोले माओवादीलाई शिविरका लागि सरसामान खरीददेखि रासन ठेक्कामा कुनै नियम र प्रक्रिया पालना गर्नु परेन। त्यतिले नपुगेर बैठकले स्थानीय कार्यान्वयन समितिहरूलाई पनि सरकारी कार्यविधि पूरा गर्नु नपर्ने अधिकार दिएको थियो।

नियमावलीको निलम्बन तीन महीनाका लागि भए पनि मन्त्री महराले पाँच महीनासम्म पेश्की लिइरहे। हिसाब फछ्र्योट गर्नु नपर्ने निर्णय मन्त्रिपरिषद्ले गरेको थिएन, तर उनले फछ्र्योट त परको कुरा आफूले लिएको रकम के केमा खर्च भयो भन्नेसम्म बताएका छैनन्। उनी भन्छन्, “मन्त्रिपरिषद्को निर्णय अनुसार गिरिजाप्रसाद कोइरालाले नै उपलब्ध गराइदिनुभएकोले रकम लिएको र सात वटा डिभिजनका कमाण्डरहरूलाई दिएको हुँ। खर्च गर्ने शीर्षक पनि छुट्याइएको थियो, तर साथीहरूले जथाभावी खर्च गरिदिए।” कमाण्डरहरू भने आफूले त्यस्तो रकम नपाएको बताउँछन्। तत्कालीन नवलपरासीस्थित चौथो डिभिजनका कमान्डर यमबहादुर अधिकारी ‘प्रतीक्षा’ भन्छन्, “हामीले त सरकारबाट बजेट आउन थालेपछि २०६४ वैशाखदेखि मात्र पैसा पाएका हौं।”

सरकारले शिविर व्यवस्थापनको ठेक्का महरालाई दिने निर्णय गरेको थिएन। प्रश्न उठ्छ, त्यसो भए मन्त्रिपरिषद्ले केको आधारमा उनलाई थैली बुझाउँदै गयो? तत्कालीन अर्थमन्त्री डा. रामशरण महत स्पष्ट पार्छन्, “गिरिजाबाबुले दिनुपर्छ भन्नुभएपछि मैले मन्त्रिपरिषद्को निर्णय गराएर दिएको हुँ। केही छानबीन नगरी व्यक्तिविशेषलाई दिइएको हो, विधिपूर्वक दिइएको होइन।”

## रसदपानीका नाममा लूट

माओवादी लडाकूहरू ५ मंसीर २०६३ देखि नै शिविरमा आउन थाले पनि सबै शिविर एकैदिनमा भरिएका थिएनन्। तर माओवादीले शुरूदेखि नै करीब ३१ हजार लडाकू रहेको दाबी गर्दै महरामार्फत त्यति जनाकै लागि पैसा लियो। २०६३ मंसीरदेखि चैतसम्म पाँच महीनामा महरालाई रु.४६ करोड बुझाइसकेपछि ७ वैशाख २०६४ देखि शान्तिकोषले ३० हजार ८५२ लडाकूको रसदपानीका निम्ति पैसा पठाउन थालेको थियो, जुन शिविरमा रहेका लडाकूहरूले बुझ्थे। यस शीर्षक अन्तर्गत प्रति लडाकू दैनिक रु.६२ का दरले नौ महीनामा रु.५२ करोड शिविरमा गएको थियो।

लडाकूको गन्ती कसैले गरेको थिएन, माओवादी नेताले जे भने त्यसैलाई सदर गरिएको थियो। त्यसबेला शिविर व्यवस्थापन समन्वयकर्ताको कार्यालयका एक वरिष्ठ अधिकारी नाम उल्लेख नगर्ने शर्तमा भन्छन्, “गन्ती गर्ने कुरा उठायो कि माओवादी नेताहरू शान्ति प्रक्रिया भाँडिन्छ, संख्यामा प्रश्न नउठाऔं भन्थे। उनीहरूले शिविरमा रोलकल (हाजिर) गर्न मानेनन्, सुरक्षा संवेदनशीलता भन्दै कसैलाई पस्न दिएनन् र सरकारले लडाकू गणना गर्न पाएन।”

ती अधिकारीका अनुसार, पुस २०६४ मा नेपालका लागि संयुक्त राष्ट्रसंघीय मिसन (अनमिन) ले प्रमाणीकरण गर्न लागेपछि माओवादीले शिविरहरूमा एक्कासि धेरै मान्छे जुटायो। त्यति गर्दा पनि अनमिनले २१ हजार ९९६ जना फेला पारेको र तीमध्ये २ हजार ३९४ जना 'अयोग्य लडाकू' लाई कटाएर १९ हजार ६०२ जनालाई लडाकू प्रमाणित गरेको थियो। यो संख्यालाई आधार मान्दा माओवादीले २०६४ वैशाखदेखि पुससम्म नौ महीनामा हुँदै नभएका ८ हजार ८५६ जना लडाकूको नामबाट रु.१४ करोड ८२ लाख लिएको देखिन्छ।

अनमिनद्वारा प्रमाणित लडाकूलाई सरकारले २०६४ माघदेखि २०६८ माघसम्म ४९ महीना प्रतिव्यक्ति दैनिक रु.७५ का दरले रसदपानी खर्च उपलब्ध गरायो। अनमिन फर्केपछि माओवादीइतर राजनीतिक पार्टीहरूको दबाबमा विशेष समितिले १६ मंसीर २०६८ मा पुन: प्रमाणीकरण गर्दा अनमिनद्वारा प्रमाणित १९ हजार ६०२ मध्ये पनि २ हजार ४३२ लडाकू फेला परेनन्, तर तिनका नामबाट पनि माओवादीले रु.२६ करोड २१ लाख लियो। ती अधिकारी भन्छन्, "अनमिनले प्रमाणीकरण गर्नुअघि शिविरमा ८ हजार भन्दा बढी लडाकू थिएनन्, संख्या बढाउन रातारात ल्याइएका अधिकांश प्रमाणीकरणपछि बसेनन्। विशेष समितिले पुन: प्रमाणीकरण गर्दा पनि त्यही कथा दोहोरियो।" उनले भनेको लडाकू संख्या बहुचर्चित 'शक्तिखोर भिडियो' मा माओवादी अध्यक्ष पुष्पकमल दाहालले स्वीकार गरेको संख्यासँग मिल्छ।

## भत्ताका नाममा लूट

सरकारले शिविरका लडाकूहरूलाई माओवादीले दाबी गरेको संख्याकै आधारमा, २०६३ मंसीरदेखि मासिक रु.३ हजारका दरले भत्ता पनि उपलब्ध गराएको थियो। १४ महीनापछि अनमिनले प्रमाणीकरण शुरू गर्दा हुँदै नभएका ८ हजार ८५६ जनाका नाममा माओवादीले रु.३७ करोड आफ्नो पोल्टामा पारिसकेको थियो।

भत्ताबापत अनमिनले प्रमाणित गरेका तर फेला नपरेका २ हजार ४३२ जनाको नाममा पनि २०६४ माघदेखि २०६५ असोजसम्ममा रु.६ करोड ५७ लाख र २०६५ कात्तिकदेखि २०६८ माघसम्ममा रु.४८ करोड ६४ लाख माओवादीले हात पाऱ्यो। पुष्पकमल दाहाल 'प्रचण्ड' प्रधानमन्त्री र बाबुराम भट्टराई अर्थमन्त्री भएका बेला २०६५ कात्तिकदेखि लडाकूको भत्ता मासिक रु.५ हजार पुऱ्याइएको थियो। माओवादी नेता तथा तत्कालीन स्थायी समिति सदस्य देवप्रसाद गुरुङ भन्छन्, "शिविरमा १०-१२ हजार लडाकू मात्र बस्दथे। शिविरमा नरहेका लडाकूको भत्ता किर्ते हस्ताक्षर गरेर कमान्डरहरूले बुझ्थे।"

## लेवीको नाममा लूट

सरकारले लडाकूलाई दिएको भत्ताबाट माओवादीले प्रति व्यक्ति प्रति महीना रु.१ हजारका दरले लेबी उठाउँथ्यो। अनमिनले प्रमाणित गर्नुअघिका ३० हजार ८५२ र प्रमाणीकरणपछिका १९ हजार ६०२ लडाकूबाट लेवीका रूपमा माओवादीले रु.१ अर्ब ३ करोड उठाएको देखिन्छ। सिन्धुलीको दुधौलीस्थित दोस्रो डिभिजनका कमान्डर सुकबहादुर

रोक्काका अनुसार, उठेको लेवीमध्ये ६० प्रतिशत दाहालको नियन्त्रणमा रहेका पार्टी हेडक्वाटर र सैन्य हेडक्वाटरमा पठाइन्थ्यो ।

रसदपानीको खर्च, नभएका लडाकूको भत्ता र लडाकूको लेवीको रकम शिविरका कमान्डरको हातबाट 'हेडक्वाटर' जान्थ्यो । यसबाहेक, कमान्डरको आदेश नमानेर कारबाहीमा पर्ने लडाकूहरूको भत्ताको मोटो अंश पनि कमान्डरकै हातमा हुन्थ्यो । अहिले लडाकूहरूले यो सबैको हिसाब माग्न थालेका छन् र पार्टीभित्र चर्को विवाद शुरू भएको छ; तर कमान्डरहरू र पार्टी हेडक्वाटर भने मौन छन् ।

माओवादीका अर्का नेता तथा तत्कालीन सचिव सीपी गजुरेल भन्छन्, "बालाजु बैठकमा पनि यो कुरा उठेको हो, तर हिसाब-किताब माग्दा प्रचण्डजी रुर्कनुभयो । पार्टीको पैसा र हिसाब-किताब प्रचण्डले नै राख्नुभएको हो । उहाँको योजना र जानकारीविना रकमसम्बन्धी कुनै काम भएको छैन । जथाभावी रकम सोहोरेर अपारदर्शी ढंगले खर्च गरिएको छ । कतै न कतै लगानी पनि गरिएको होला ।"

शान्ति प्रक्रियालाई नजिकबाट हेरेका कांग्रेस नेता डा. रामशरण महत माओवादीले आफ्ना लडाकूलाई दुधालु गाई बनाएको बताउँछन् । उनी भन्छन्, "त्यसैले उसका नेताहरू लडाकू संख्या प्रमाणीकरण गर्न र लडाकूसम्बन्धी काम अगाडि बढाउन चाहँदैनथे । लडाकूको नाम लिएर राजनीतिक सौदाबाजी गर्नु र तिनको नाममा आउने मोटो रकम पार्टीका नाममा राख्नु उनीहरूको मनसाय रहेछ ।"

## घरटहराका नाममा लूट

माओवादी लडाकूका सात प्रमुख र २१ सहायक शिविरमा १ हजार ३ घर तथा टहरा बनाउन सरकारले रु.१० करोड ६० लाख छुट्याएको थियो । माओवादी कमान्डरहरूकै हातमा पुगेको त्यो बजेटमा पनि निर्माण खर्च बढ्दै-बढ्दै सरकारले रु.२६ करोड २७ लाख भुक्तानी गर्नुपर्‍यो । हुन त घरटहरा बनाउने जिम्मा सरकारले शहरी विकास तथा भवन निर्माण डिभिजनलाई दिएको थियो, तर कमान्डरहरूले सरकारी कर्मचारीलाई शिविरमा ढिम्किन पनि दिएनन् । डिभिजनका तत्कालीन विराटनगर प्रमुख चतुरराज प्रसाई भन्छन्, "हामीलाई शिविर क्षेत्रमा छिर्नै दिइएन, अनि उनीहरूलाई जिम्मा नदिएर के गर्ने ?"

टहरा निर्माणको नाममा काठको अवैध व्यापार पनि भयो । एउटा पक्की घर बनाउन ८० देखि १२० क्युफीट काठ लाग्छ । तर वन विभागको तथ्यांक अनुसार सरकारले माओवादीलाई शिविरमा एउटा अस्थायी टहरा बनाउन २५४ क्युफीटको हिसाबले २ लाख ५५ हजार क्युफीट काठ नि:शुल्क उपलब्ध गरायो । टहरा बनाउने लडाकूहरूले रातारात सामुदायिक वनका असंख्य रूख काटेर हजारौं क्युफीट काठ व्यापारीको हातमा पुर्‍याएको कंकाली सामुदायिक वन उपभोक्ता समूह चितवनका अध्यक्ष रामहरि न्यौपानेको कथन छ । चितवनकै अमृत धारापानी सामुदायिक वनका उपभोक्ताले प्रतिरोध गर्न खोजे पनि सकेनन् । समूहकी अध्यक्ष मीनाकुमारी अधिकारी भन्छिन्, "रूख कति काटे कति हिसाबै भएन, हाम्रो वनको त पूरै विनाश गरिदिए । मध्यरातमा ट्रकमा काठ ओसार्थे । कसले रोक्न सक्ने ?"

एमाले नेता तथा पूर्व राज्यमन्त्री डिल्लीबहादुर महत भन्छन्, "बजेट पार्टीले नै लिएको र टहरा र आवास लडाकूले बनाएका हुन्। के भाउ र कति परिश्रम पर्न गयो थाहा छैन।"

शिविर व्यवस्थापन केन्द्रीय समन्वयकर्ताको कार्यालयका अनुसार मंसीर २०६३ देखि असार २०६८ सम्म माओवादी लडाकूका नाममा रु.८ अर्ब ५३ करोड खर्च भएको छ। त्यसमध्ये लडाकूको भरणपोषणमा रु.३ अर्ब २० करोड, मासिक भत्तामा रु.५ अर्ब ८३ करोड र अन्य शीर्षकमा रु.५० करोड खर्च भएको छ।

## ठाउँठाउँमा लगानी

सीपी गजुरेलले भने झैं, शिविर र लडाकूका नाममा जम्मा भएको पैसा विभिन्न क्षेत्रमा लगानी भएको छ। शिविर कमान्डर सुकबहादुर रोक्काका अनुसार त्यसबेला स्रोत परिचालन गर्ने भनेर यार्सागुम्बा व्यापारमा समेत लगानी गरिएको थियो। उनी भन्छन्, "हामीले जनमैत्री अस्पताल किन्न प्रत्येक डिभिजनबाट रु.५० लाख गरी रु.४ करोड ५० लाख जति लगानी गरेका छौं। शिविरबाट उठेको पैसा बैंक तथा सहकारीमा पनि लगानी गरिएको छ।"

लगानी पनि थरीथरीका छन्। डेपुटी कमान्डर जनार्दन शर्मा 'प्रभाकर' ले पाँचौं डिभिजनका लागि गाडी किनिदिएका थिए। पूर्व सचिव रामेश्वर खनालका अनुसार, "त्यो गाडी लडाकूबाट उठाएको पैसाले किनिएको भन्ने जानकारी विश्व बैंकको कार्यालयसम्म पुगेको थियो।"

बहिर्गमनमा परेका पूर्व लडाकू लेनिन विष्ट भन्छन्, "हामी हुँदा पुस २०६४ सम्म तेस्रो डिभिजनमा लेवी समेत रु.२२ करोड थियो। अहिले घटेर रु.७-८ करोडमा आएको छ।" तेस्रो डिभिजनकै कमान्डर धनबहादुर मास्कीले पोखरामा मास्के कन्स्ट्रक्सनमा रु.३ करोड ५० लाख लगानी गरेका छन्। सबैको सम्पत्ति छानबीन गरे लहरो तान्दा पहरो भने झैं पुष्पकमल दाहालसम्मै पुग्छ।

## जसको शक्ति उसको भक्ति

तत्कालीन मन्त्रिपरिषद्ले नियम कानून निलम्बन गरेर माओवादीको पोल्टामा राज्यकोष खत्याउन थालेपछि उत्पन्न आर्थिक अराजकताको एउटा श्रृंखला हो, लडाकू र शिविर व्यवस्थापनका नाममा भएको भ्रष्टाचार र जालसाजी। यसले शक्ति र प्रभाव भए कानूनको वास्ता नगरी मनपरी गर्न सकिन्छ र त्यसबापत लज्जित वा दण्डित हुनुपर्दैन भन्ने सन्देश प्रवाह गरेको छ।

विडम्बना त तीन महीनाका निम्ति गरिएको मन्त्रिपरिषद्को एउटा निर्णयका आडमा पछि त्यसैलाई समेत उल्लंघन गर्दै शिविरहरूमा पाँच वर्षभन्दा बढी चलाइएको आर्थिक अराजकतालाई अरू त अरू त्यसका निर्णयकर्ता र तिनका उत्तराधिकारी समेतले मौन समर्थन गर्दै आएका छन्।

**(२०६८ भदौ १६-३१ को *हिमाल* खबरपत्रिका पाक्षिकमा प्रकाशित)**



गुल्मीको सदरमुकाम तम्घासमा बनेको मालपोत कार्यालय। यस कार्यालयमा द्वन्द्वको बेलामा कुनै पनि प्रकारको क्षति भएको थिएन। पुरानो मात्र भएको थियो।

दुवै जीर्ण भवन स्याङ्जाको सेतीदोभान गाविसस्थित द्वन्द्वको बेला आक्रमणमा क्षतिग्रस्त प्रहरी चौकी। (तल)








दिनेश सुनार

२७

# पुनर्निर्माणमा २९ अर्बको खेल

नेपाललाई भ्रष्टाचारी मुलुकहरूको सूचीमा चढाउनका लागि विशेष योगदान गर्ने नेपाली राजनीतिकर्मी तथा प्रशासकहरूले अर्को एउटा कीर्तिमान बनाएका छन्। सशस्त्र द्वन्द्वका बेला भत्काइएका भौतिक संरचनाहरूको सङ्ख्या सशस्त्र द्वन्द्व समाप्त भएको निकै वर्ष बितिसक्दा पनि बढिरहनु नै यो कीर्तिमान हो। स्रोत दुरुपयोगमा संलग्न व्यक्ति प्राय: एकै स्वरमा भन्छन्- हामीले अहिले खर्च नगरे विदेशीको रकम विदेशमै फिर्ता भएर जान्छ। तर परियोजना अधिकारीहरू भन्छन्, "यो रकम विदेशीको अनुदान होइन, राजश्वको रकम हो। त्यसभन्दा पनि महत्त्वपूर्ण कुरा रकमको स्रोत होइन खर्च गर्ने विधि हेर्नुपर्दछ।"

पूर्वसचिव श्रीकान्त रेग्मी नेपाल सरकारले २०६४ मा द्वन्द्व प्रभावित व्यक्ति, परिवार तथा भौतिक संरचनाको लगत संकलन गर्न बनाएको 'द्वन्द्व प्रभावित व्यक्ति परिवार तथा भौतिक संरचनाको लगत संकलन' कार्यदलका पहिला संयोजक हुन्। त्यस कार्यदलले द्वन्द्वकालको आक्रमणमा परी देशभर ३ हजार ६४७ वटा भौतिक संरचनामा क्षति पुगेको भनेर सिफारिस गरेको थियो। रेग्मी भन्छन्, "माओवादीले पहिरोले लगेको, पुरानो भएर भत्किएको तथा अन्य कारणले बिग्रे भत्केका संरचनालाई पनि हामीले भत्काएका हौं भनेर सिफारिस गरिदिन दबाब दिन थालेपछि मैले राजीनामा दिएँ।"

द्वन्द्वोत्तर शान्ति तथा पुनर्निर्माण परियोजनाको पछिल्लो तथ्यांक अनुसार द्वन्द्वका क्रममा भत्किएका क्षति भएका भौतिक संरचनाको सङ्ख्या ८ हजार ९१६ देखाइएको छ। २०६३ मंसीरमा बृहत् शान्ति सम्झौता भएपछि कुनै पनि भौतिक संरचनामाथि आक्रमण भएको छैन। तर शान्ति मन्त्रालयका कागजपत्रहरू हेर्दा त्यसपछिको कालमा पनि भौतिक संरचनाहरूमाथि आक्रमण भइरहेको र क्षति भइरहेको भान हुन्छ। द्वन्द्वोत्तर शान्ति तथा पुनर्निर्माण परियोजनाका सिनियर डिभिजन इन्जीनियर (सीडीई) ध्रुवप्रसाद पौडेल भन्छन्, "पहिलो कार्यदलले राम्रोसँग कामै नगरेको हुनाले यो संख्या थपिँदै गयो, अहिले तेब्बर हुन

पुग्यो।" उनले थपे, "पहिलो कार्यदलको आकलन अनुसार रु.८ अर्ब खर्च हुनेथियो, तर पछिका कार्यदलले संख्या बढाउँदै जाँदा रु.३७ अर्ब खर्च हुने भएको छ।"

क्षति पुगेका भनिएका मध्ये २ हजार ८९० वटा भौतिक संरचना पुनर्निर्माण भइसकेका छन्। अझै ६ हजार २६ वटाको पुनर्निर्माण हुन बाँकी छ।

## कागजमा भत्किएका गाविस भवन

पहिलो कार्यदलको प्रतिवेदन अनुसार द्वन्द्वकालमा ३ हजार ९१५ वटा गाविसमध्ये १ हजार २६० गाविस भवनमा क्षति भएको थियो। तर द्वन्द्वोत्तर शान्ति तथा पुनर्निर्माण परियोजनाले २०६९ असारमा प्रकाशित गरेको तथ्याङ्क अनुसार यो संख्या बढेर २ हजार ७२ वटा पुगेको छ। यसरी जिल्ला पुनर्निर्माण समिति, स्थानीय शान्ति समिति र कार्यदलको सिफारिसमा भौतिक संरचनाको संख्या बढेको हो।

धनकुटा जिल्लाका एमाले नेता राजेन्द्र राईले बताए अनुसार, उनका जिल्लामा द्वन्द्वका क्रममा ७५ वटा मात्र भौतिक संरचनामा माओवादीले क्षति पुऱ्याएका थिए। उनले थपे, "हामीले २७३ वटा भौतिक संरचनामा क्षति भएको भनेर शान्ति मन्त्रालयमा सिफारिस गऱ्यौं। हाम्रै जिल्लाका नेता रकम चेम्जोङ शान्ति तथा पुनर्निर्माण मन्त्री हुँदा यस जिल्लामा पुनर्निर्माणका लागि ८२ वटा योजनाको लागि जम्मा रु.१३ करोड आयो।"

धनकुटा जिल्ला विकास समितिका कार्यक्रम अधिकृत सीताराम गौतमका अनुसार द्वन्द्वका क्रममा धनकुटामा सात गाविस भवनमा मात्र आक्रमण भएको थियो। तर द्वन्द्वोत्तर शान्ति तथा पुनर्निर्माण परियोजनाले यहाँ ३० वटा गाविस भवन बनाइसकेको छ। धनकुटाकी माओवादी जिल्ला नेतृ धनमाया विक भन्छिन्, "धनकुटामा दुई-चार वटाभन्दा धेरै गाविस भवनमा आक्रमण गरिएको थिएन। तर गाउँको विकासका लागि किन बाधक बन्ने भनेर नभत्किएको गाविस भवन बनाउन सिफारिस हुँदा हामीले विरोध गरेनौं।"

गुल्मी जिल्ला विकास समिति र जिल्ला प्राविधिक कार्यालयले जिल्लाका सबै ७९ गाविस भवनमा क्षति पुगेको प्रतिवेदन शान्ति मन्त्रालयमा बुझाएका छन्। तर जिल्ला प्रशासनको प्रतिवेदनमा भने ४४ वटा मात्र गाविस भवन क्षति पुगेको भेटिन्छ। नयाँ प्रतिवेदनमा नौ वटामा आंशिक र ७० वटामा संरचना पूर्ण क्षति भएको भनिएको छ। आंशिक क्षति भएकाका लागि रु.७ लाख र पूर्ण क्षति भएकाका लागि रु.१० लाख माग गरिएको छ। माग गरिएको रकमबाट नै यो माग यथार्थ क्षतिको निरीक्षण र लगत इस्टिमेटका आधारमा भएको होइन भन्ने स्पष्ट हुन्छ।

धनकुटा जिल्ला प्राविधिक कार्यालयका प्रमुख जिल्ला इन्जीनियर दीपकुमार दास भन्छन्, "आफ्नो जिल्ला तथा क्षेत्रमा नयाँ संरचना बनाउनको लागि सभासद् तथा राजनीतिक दलले सिफारिस गर्दा नै सङ्ख्या बढेको हो। द्वन्द्वग्रस्त भनिएका सरकारी भवन तथा स्थानीय निकायका भवन, विद्यालय, बालमन्दिर, झोलुङ्गे पुल, खानेपानी, विमानस्थल, ग्रामीण नमूना बस्ती लगायतका भौतिक संरचनाको पुनर्निर्माण गर्ने भनिए तापनि मन्त्रालयले अतिथि गृह तथा कलेज डेकोरेसनमा समेत लाखौं खर्च गरेको छ।"

२०५८ सालमा आक्रमणमा परेको गुल्मी सदरमुकाम रहेको तम्घास गाविस भवन अझै बन्न सकेको छैन। तर शान्ति तथा पुनर्निर्माण मन्त्रालयले माओवादीले आक्रमण नै नगरेको जिल्ला मालपोत कार्यालयको भवन भने रु.२ करोड खर्च गरेर बनाइदिएको छ।

त्यस्तै गुल्मीको छापहिले गाविस भवन माओवादी आक्रमणमा परेको थियो। उक्त गाविस भवन भत्काएर छापहिले मावि बनाइएको छ। तर गाविस भवन बनाउने कुनै अत्तोपत्तो छैन। गुल्मी जिल्लाका माओवादी नेता युवराज केसी भन्छन्, "हामीले गाविस भवनभन्दा स्कूल बनाउनमा नै जोड दियौं। गाविस भवनभन्दा स्कूल नै धेरै मानिसको संवेदनशीलतासँग जोडिएको छ।"

जिल्ला पुनर्निर्माण समितिले पूर्ण क्षति भनेर सिफारिस गरेको ह्वाङदी गाविसका लागि पुराना दुइटा भवनहरू अझै प्रयोगमा छन्। त्यसमध्ये एउटा भवन कार्यालयले प्रयोग गरेको छ भने अर्को भवन मासिक रु.३०० मा भाडामा दिइएको छ। ह्वाङदी-१ का चन्द्रबहादुर थापाले भने यो गाविस भवनको कागजपत्र मात्र माओवादीले बाहिर ल्याएर जलाएका हुन्, भवनमा केही गरेका थिएनन्। गुल्मीको दर्लिङ गाविस भवनमा कसैले आक्रमण गरेको थिएन, कुनै क्षति पुगेको थिएन। तर उक्त भवन जिल्ला पुनर्निर्माण समितिले पूर्ण क्षति भएको भनी सिफारिस गरिदिएको छ।

पाल्पाका ६१ वटा गाविस भवनको पुनर्निर्माण गर्नुपर्ने सूचीमा परेका छन्। जसमध्ये १३ वटा गाविस भवन बनिसकेका छन्। तर माओवादीका जिल्ला नेता नेत्रप्रसाद पाण्डेय भन्छन्, "द्वन्द्वकालमा बकामराङ गाविस भवनमा मात्र आक्रमण गरिएको थियो। अरू गाविस भवनमा कुनै क्षति पुगेको थिएन।" उनी पनि अरूले जसरी नै भन्छन्, "हामीले सिफारिस पठाउँदा पैसा आउँछ भने किन नपठाउने भनेर कागजी घोडा दौडाइदिएका हौं।"

स्याङ्जाका ५० मध्ये २५ वटा गाविस भवनको पुनर्निर्माण गर्नुपर्ने भनी शान्ति मन्त्रालयमा सिफारिस गरिएको छ। जसमध्ये ६ वटा मात्र गाविस भवन पुनर्निर्माण गरिएको छ। सेतीदोभान-८ का दिलबहादुर क्षेत्री भन्छन्, "सेतीदोभान गाविस भवनमा माओवादीले आक्रमण गरेका होइनन्। गाविसको पुरानो भवन भत्काएर नयाँ बनाएका हुन्। शान्ति मन्त्रालयले नै भत्काउने र बनाउने दुवै बजेट दियो।"

## विद्यालय : प्राथमिकतामा

पहिलो कार्यदलको प्रतिवेदनमा देशभर ९० वटा मात्र विद्यालयमा आक्रमण भएर क्षति पुगेको उल्लेख छ। शान्ति मन्त्रालयको आर्थिक वर्ष २०६६/६७ को प्रतिवेदन अनुसार विद्यालयको संख्या ९३९ वटा पुग्यो। त्यसपछिको दुई वर्षमा पुनर्निर्माण गर्नुपर्ने विद्यालयको सङ्ख्या २ हजार १४९ वटा पुग्यो। यीमध्ये २०६९ असारसम्म ४९५ वटा स्कूल पुनर्निर्माण भइसकेको शान्ति मन्त्रालयको तथ्याङ्कले देखाउँछ।

तर स्थानीय माओवादीका नेताहरूले भने आफूहरूले द्वन्द्वका बेलामा विद्यालयमा आक्रमण नगरेको बताउँछन्। सरकारले विद्यालयको पुनर्निर्माणको लागि अधिकतम रु.१५ लाख र उच्च माविको पुनर्निर्माणको लागि रु.१७ लाखसम्म सीमा तोकेको छ।

परियोजनाका सीडीई ध्रुव पौडेल भन्छन्, "यहाँ राजनीतिकर्मीले विद्यालय बनाइदिन जोड दिएकाले हामीले क्षतिको सूचीमा राखेर बनाउन दिएका हौं। धनकुटामा हिले उच्च मावि, पाख्रिवास क्याम्पस र पुण्य उच्च मावि यसै परियोजनाबाट बनेका छन् । यी उच्च माविमा माओवादीले आक्रमण गरेका थिएनन्, तैपनि रकम चेम्जोङ शान्तिमन्त्री हुँदा प्रत्येक क्याम्पसले रु.५० लाखसम्म पाए । धनकुटा राजारानीस्थित पुण्य उच्च माविले त १०+२ मा होटल म्यानेजमेन्ट विषयको प्रयोगात्मक कक्षाका लागि अतिथि आवास तथा रेस्टुरेन्ट बनाउन पनि त्यही रकम खर्च गरेको थियो । पुण्य उच्च माविका प्रिन्सिपल लोकबहादुर राई भन्छन्, "अतिथि, आवास तथा रेस्टुरेन्ट डेकोरेसन तथा फर्निसिङका लागि शान्ति मन्त्रालयले रु.५ लाख दिएको थियो।" धनकुटाका प्रमुख जिल्ला इन्जीनियर दीपककुमार दास भन्छन्, "स्कूलमा क्षति भएको थिएन, जीर्ण भवन मर्मत गरिदिएको मात्र हो।"

जिल्लामा हुने गलत काम रोक्ने जिम्मेवारी पाएका धनकुटाका प्रमुख जिल्ला अधिकारी खड्कबहादुर चापागाईं भन्छन्, "यो विदेशी दाताबाट सहयोग आएको हो। रकम गलत ठाउँमा प्रयोग भए पनि खर्च त भएको छ, नत्र त त्यो पैसा फर्किएर जान्छ। म यो जिल्लाको विकास त रोक्न चाहन्न।" तर शान्ति मन्त्रालयका सहप्रवक्ता प्रेमप्रसाद सञ्जेल भन्छन्, "यो रकम नेपालीले तिरेको राजस्व हो।"

गुल्मीमा २०६६ साउनमा बसेको भौतिक पूर्वाधारहरूको पुनर्निर्माण तथा पुनर्स्थापना जिल्ला पुनर्निर्माण समितिको बैठकले २८ वटा मात्र विद्यालय क्षति भई पुनर्निर्माणको लागि माग भइआएको विवरण दिएको थियो। तर शान्ति मन्त्रालयको द्वन्द्वोत्तर शान्ति तथा पुनर्निर्माण परियोजनाको २०६८ असारसम्मको प्रतिवेदनमा भने गुल्मीका १५३ वटा विद्यालयमा क्षति पुगेको भनेर सिफारिस गरेको छ।

जिल्ला प्राविधिक कार्यालय गुल्मीको प्रतिवेदन २०६८ असार मसान्तसम्ममा ३० वटा विद्यालय पुनर्निर्माण सम्पन्न भएको उल्लेख छ। गुल्मीको अर्जे उच्च माविको चारतले भवनमध्ये एकतला पनि सम्पन्न भएको छैन। तर प्राविधिक कार्यालय र शान्ति मन्त्रालयले सम्पन्न भयो भनेका छन्। उच्च माविका प्रिन्सिपल शिवलाल भट्टराई भन्छन्, "यस क्षेत्रका तत्कालीन सभासद् चन्द्रबहादुर थापाले हामीलाई रु.९२ लाख आउने आश्वासन दिएका थिए, तर स्कूलमा रु.२८ लाख मात्र आयो, त्यसैले अधुरै रह्यो।" गुल्मीकै म्वाङदी मेहाल माविका प्रधानाध्यापक धनश्याम शर्मा अर्याल भन्छन्, "शान्ति मन्त्रालयबाट २२ लाख आएको थियो, स्कूलले झ्याल ढोकासमेत राखेको छैन, स्कूलको हालत यस्तो छ। तर जिल्ला प्राविधिक कार्यालयले सम्पन्न भनेर लेखिदियो।"

गुल्मीकै दर्लिङ माविको भवनमा २०५८ सालमा असन्तुष्ट विद्यार्थीले आगो लगाउँदा क्षति भएको थियो। यो विद्यालय पनि द्वन्द्वका क्रममा आक्रमण भएको सूचीमा पऱ्यो र यसले पनि पुनर्निर्माण अन्तर्गत रु.४१ लाख पायो। स्कूलका सह-प्रधानाध्यापक यमलाल अर्याल भन्छन्, "यो भवन चार ठाउँमा चुहिने भयो, भत्काएर टाल्ने प्रयास पनि सफल हुनसकेन। ढलान गर्नेले बिगारिदिए।" दर्लिङ माविकै पूर्वशिक्षक प्रेमबहादुर श्रीस

## क्षति र खर्चको विवरण

| **क्षति भएका संरचना** | **पहिलो कार्यदलको प्रतिवेदन** | **शान्ति मन्त्रालयको आ.व. २०६६/६७** | **परियोजनाको २०६९ असोजसम्मको तथ्याङ्क** |
|---|---|---|---|
| विद्यालय | ९० | ९३९ | २१४९ |
| गाविस भवन | १२६० | ११८६ | २०७२ |
| सदरमुकामस्थित सरकारी कार्यालय | ५८७ | १०८४ | १००० |
| इलाकास्तरीय सरकारी कार्यालय | ३९९ | ९९५ | ९८६ |
| प्रहरी इकाई तथा कार्यालय | ८९९ | ७६८ | ९४१ |
| जिविस तथा नपा भवन | ६८ | १०२ | १३० |
| झोलुङ्गे पुल | १० | ६८ | १०१ |
| अन्य | ३३४ | ४१८ | १२८२ |
| पार्क तथा नमूना वस्ती कार्यक्रम | - | - | २०८ |
| जम्मा | ३६४७ | ५५६० | ८९१६ |
| अनुमानित लागत | रु.७.९१ अर्ब | रु.२०.३१ अर्ब | रु.३७.०१ अर्ब |

**स्रोत : शान्ति मन्त्रालय**

भन्छन्, "स्कूलमा खर्च गरिएको रकमबारे हामीलाई केही थाहा नै भएन। स्कूल व्यवस्थापन समितिका मान्छे आफैं बसेर खर्च गरे। पैसा सकियो, तर काम सकिएन अनि मात्र हामीले थाहा पायौं। यो स्कूल बनाउँदा माओवादीका स्थानीय नेता चित्रबहादुर श्रीस उपभोक्ता तथा निर्माण समितिका हर्ताकर्ता थिए।"

## क्षति बेहोर्नेले केही पाएनन्

द्वन्द्वकालमा माओवादीद्वारा सबैभन्दा बढी तारो बनाइएका र दोहोर भिडन्तमा परेका संरचना प्रहरी चौकी हुन्। माओवादीले सरकारी सुरक्षा अंगमाथि आक्रमण गर्ने, भौतिक संरचनामा आगो लगाउने जस्ता काम गर्ने गरेका थिए। तर क्षति पुगेकामध्ये ६६८ वटा प्रहरी इकाइ तथा कार्यालय बन्न सकेका छैनन्। ती स्थानमा पुनर्स्थापना भएका प्रहरी चौकीहरू अझै भाडामा बस्न बाध्य छन्।

स्याङ्जा जिल्ला प्रशासनमा आक्रमण हुँदा क्षति पुगेका जिल्ला सरकारी वकीलको कार्यालय र जिल्ला कृषि विकास भवनमा क्षति भए पनि कुनै मर्मतसमेत गरिएको छैन।

गुल्मी जिल्लाको तम्घास गाविस भवन पनि आक्रमणबाट क्षतिग्रस्त भएको छ । तर हालसम्म बनाउने कुनै पहल भएको छैन ।

द्वन्द्वका क्रममा देशभर ७६८ वटा प्रहरी चौकीमा माओवादीले आक्रमण गरे पनि २०६९ असार मसान्तसम्म १०० वटा मात्र प्रहरी चौकी पुनर्निर्माण भएका छन्। अहिलेकै अनुपातमा अर्थात् ६ वर्षमा १०० का दरले प्रहरी चौकी बन्दै जाने हो भने शान्ति मन्त्रालयलाई सबै प्रहरी चौकी पुनर्निर्माण गर्न अझै ५० वर्ष लाग्छ ।

आक्रमण भएर पनि निर्माण हुन नसकेको मध्येको एक हो, २०५८ साल मंसीरमा आक्रमणमा परेको स्याङ्जा सेतीदोभान प्रहरी चौकी। हाल यहाँ खटिएका प्रहरी अधिकारीहरू आक्रमणबाट क्षतिग्रस्त प्रहरी चौकीको भग्नावशेषसँगैको घर भाडामा लिएर जनतालाई शान्ति सुरक्षा दिइरहेका छन् ।

प्रहरी चौकीको लागि भर्खर टेन्डर भइरहँदा सेतीदोभान प्रहरी चौकीबाट केही किलोमिटरको वरपर रहेको फापरथुम र सेतीदोभान गाविसका नभत्किएका दुइटा गाविसका भवन भने बनिसकेका छन्। गुल्मीको अर्जे गाविस भवन माओवादीले आगो लगाएर ध्वस्त बनाएका थिए। तर आक्रमणमा नपरेको स्कूल बनाइरहँदा गाविस भवन बनाउने भने कुनै अत्तोपत्तो छैन ।

## मौकामा चौका

स्याङ्जाको जिविस भवनमा कुनै क्षति नभए पनि पुरानो भवन भत्काएर नयाँ बनाइएको छ । स्याङ्जाको पुतलीबजार-७ मा अवस्थित भालुपहाड शहीद उद्यान पार्क निर्माण गर्न पुतलीबजार नगरपालिकाले रु.९ लाख १२ हजार खर्च गरी २०६८ मा काम सम्पन्न गरेको छ। शान्ति मन्त्रालयले भने त्यही शहीद पार्क निर्माण गर्न रु.१० लाख विनियोजन गरेको छ। शान्ति मन्त्रालयको पुनर्निर्माण बजेटबाट धनकुटाको राजारानीमा रु.१ करोड को लागतमा अतिथिगृह बनाइरहेको छ। यहाँ रहेको पुरानो अतिथिगृहमा द्वन्द्वकालमा कुनै प्रकारको आक्रमण भएको थिएन। स्थानीय बासिन्दा काजीमान लिम्बू भन्छन्, "अतिथिगृह जीर्ण भएको थियो, शान्ति मन्त्रालयका लागि अतिथिगृह पुनर्निर्माण गर्ने लाइसेन्स प्राप्त भयो । त्यसैले शान्ति तथा पुनर्निर्माण मन्त्रालयलाई धेरैले नवनिर्माण मन्त्रालयको नामले समेत सम्बोधन गर्न थालेका छन् ।"

(**२०६९ फागुन १२ गतेको *कान्तिपुर* दैनिकमा प्रकाशित**)

# सरकारी रकम : करोडौंको महाभोज

तत्कालीन अर्थमन्त्री बाबुराम भट्टराईले आर्थिक वर्ष २०६५/६६ को बजेटमार्फत 'युवा तथा साना व्यवसायी स्वरोजगार कोष' स्थापना गरेर बेरोजगार युवा तथा तिनका अभिभावकबाट वाह्वाही लुटेका थिए। एकीकृत माओवादीका उपाध्यक्ष उनै भट्टराई प्रधानमन्त्री भएपछि कोष माओवादी कार्यकर्ताको पोल्टामा पुगेको छ। गत वर्ष मंसीरदेखि फागुनसम्म चार महीनामा मात्रै उनीहरूले कोषबाट रु.१३ करोड लगिसकेका छन्।

'परम्परागत सीप भएका कामी, सार्की, दमाई, धिमाल, राजवंशीलगायतका समुदायको जीवनस्तर उकास्न सहुलियत रूपमा ऋण दिई स्वरोजगार गराउनू' कोषको घोषित उद्देश्य हो। यसले उनीहरूलाई सोझै ऋण नदिई बैंक तथा सहकारीमार्फत दिने प्रावधान राखिएको छ। यसै अन्तर्गत माओवादी नेता र कार्यकर्ताद्वारा संचालित तीन वटा सहकारीलाई रु.१३ करोड दिइएको हो। त्यो रकम विभिन्न कामको बहानामा उनीहरूबीच बाँडचुँड भएको छ। भनिएको वास्तविक काम कसैले गरेका छैनन्।

केही नयाँ बैंक र सहकारीहरू गरी कोषले हालसम्म २८ वटा वित्तीय संस्थाहरूसँग कारोबार गरिरहेको छ। तिनले कोषबाट ७ प्रतिशत व्याजदरमा रकम लिएर १४ देखि १६ प्रतिशतसम्ममा लगानी गरिरहेका छन्। अरू कतिले त २४ प्रतिशत व्याजसमेत लिने गरेको स्वीकार्छन्, भट्टराई सरकारले नियुक्त गरेका कोषका उपाध्यक्ष पुण्यप्रसाद रेग्मी। कोषबाट दिइएको रकम बैंक वा सहकारीले १२ प्रतिशतभन्दा बढी ब्याजदरमा लगाउन नपाउने नियम उनलाई कण्ठ छ। तर, उनी नियम पालन गराउन उत्सुक देखिंदैनन्, न त दिइएको रकम सदुपयोग भए-नभएको अनुगमन गर्न नै उनलाई चासो छ।

माओवादीको अखिल नेपाल ट्रेड युनियन महासंघले संचालन गरेको 'मजदूर शहीद स्मृति उपभोक्ता सहकारी संस्था' (शहीद स्मृति) लाई कोषले १ मंसीर २०६८ मा रु.५ करोड उपलब्ध गरायो। यो सहकारी, महासंघका महासचिव गणेशप्रसाद रेग्मीको

अध्यक्षतामा २५ मंसीर २०६६ मा काठमाडौंमा दर्ता भएको थियो। यसैगरी 'हिमशिखर बचत तथा ऋण सहकारी संस्था' (हिमशिखर) लाई ५ मंसीर २०६८ मा रु.२ करोड र ३० फागुन २०६८ मा रु.३ करोड गरी रु.५ करोड दिइयो। यो सहकारी पनि माओवादीकै राष्ट्रिय उद्योग व्यापार महासंघका अध्यक्ष शिवप्रसाद कट्टेलको नेतृत्वमा २ चैत २०६५ मा ललितपुरमा दर्ता गरिएको थियो। यसैबीच गुल्मीमा माओवादी नेता तथा कार्यकर्ताले चलाएको 'मधुवन बचत तथा ऋण सहकारी संस्था' लाई ७ मंसीर २०६८ मा कोषले रु.३ करोड प्रदान गऱ्यो।

## रकम पुग्यो नेताको खल्तीमा

शहीद स्मृतिले पैसा हात पारेपछि यसका पदाधिकारीहरू हतार-हतार ऋण लिन तम्सिए। उपाध्यक्ष धनबहादुर विकले (जो अखिल नेपाल औद्योगिक मजदूर संघका अध्यक्ष हुन्) खाद्यान्न सामग्रीको थोक तथा खुद्रा व्यवसाय गर्ने भनेर रु.१ लाख २० हजार लिए। सचिव प्रकाश श्रेष्ठले (जो अखिल नेपाल होटल तथा रेस्टुराँ मजदूर संघका उपाध्यक्ष हुन्) रु.८० हजार हात पारे। कोषाध्यक्ष सोमबहादुर तामाङले (जो अखिल नेपाल यातायात मजदूर संघका पनि कोषाध्यक्ष हुन्) रु.८० हजार प्राप्त गरे। यसैगरी संचालक समितिकी सदस्य उषा देवकोटाले (जो अखिल नेपाल स्वास्थ्य श्रमिक संघकी अध्यक्ष हुन्) व्यावसायिक बंगुर पालन गर्ने भनेर रु.१ लाख ५० हजार लिइन्।

यसै क्रममा अखिल नेपाल ट्रेड युनियन महासंघका उपमहासचिव जगतबहादुर सिंखडाले खाद्य सामग्रीको थोक तथा खुद्रा बिक्री-वितरण गर्ने भनेर शहीद स्मृतिबाट रु.८० हजार प्राप्त गरे। महासंघकै अर्का उपमहासचिव राजन तिमिल्सिनाले गाईपालन गर्न भनेर रु.१ लाख २० हजार र 'मजदूर शहीद स्मृति क्लब' का अध्यक्ष बाबुराम गौतमले खेलकूद सामग्रीको थोक तथा खुद्रा बिक्री गर्न भनेर रु.१ लाख ६५ हजार हात पारे। यी सातै जना माओवादीको नेवा राज्य समिति/सचिवालयका सदस्य हुन् *(हे.बक्स-१)*। यीमध्ये कोही बेरोजगार होइन जबकि कोषको नियमावली अनुसार बेरोजगार व्यक्तिलाई मात्रै ऋण उपलब्ध गराउनुपर्छ।

## सहकारीको लर्को

१२ मंसीर २०६८ मा एकै दिन शहीद स्मृतिले माओवादी नेता/कार्यकर्ताका दुई समूहलाई मोटो रकम उपलब्ध गरायो। बाबुराम गौतम अगुवा रहेको १२ जनाको समूहलाई काठमाडौं, खिचापोखरीमा 'खेलकूद सामग्रीको थोक तथा खुद्रा बिक्री गर्ने' नाममा प्रतिव्यक्ति रु.१ लाख ६५ हजारका दरले रु.१९ लाख ८० हजार दिइएको थियो *(हे. बक्स-२)*। तर उनीहरूले २०६९ जेठ मसान्तसम्म त्यस्तो पसल खोलेका थिएनन्। बाबुरामको भनाइ थियो, "चिनियाँ सप्लायरले ढिलाइ गरेकाले पसल खोल्न सकिएन।" त्यो सप्लायरको नाम भने उनले बताउन सकेनन्। यसैबीच यो समूहले (३ फागुन २०६८ मा) रु.२० लाख शेयर पूँजी भएको 'सक्रिय मजदूर उपभोक्ता सहकारी संस्था' खोलिसकेको थियो।

त्यस दिन शहीद स्मृतिबाट रकम पाउने अर्को समूह २५ सदस्यीय थियो जसका अगुवा थिए जगतबहादुर सिम्खडा । काठमाडौं, गोंगबु बसपार्क नजिक खाद्य सामग्रीको थोक तथा खुद्रा बिक्री गर्ने नाममा प्रतिव्यक्ति रु.८० हजारका दरले यस समूहलाई रु.२० लाख दिइएको थियो *(हे. बक्स-३)*। शहीद स्मृतिका कोषाध्यक्ष सोमबहादुर तामाङले यसै समूह मार्फत रु.८० हजार प्राप्त गरेका थिए। यस समूहले पनि हालसम्म त्यस्तो पसल खोलेको छैन । समूहका वरिष्ठ सदस्य राजेन्द्र शर्माको भनाइ थियो, “हामीले बसपार्क भित्रैको पेट्रोल पम्पमा लगानी गरेका छौं।” यो समूहले पनि (८ पुस २०६८ मा) रु.४ लाख शेयर पूँजी देखाएर ‘मजदूर शहीद स्मृति श्रम सहकारी संस्था’ खोलिसकेको थियो।

कोषको पैसा लिएर उस्तै उस्तै नामका सहकारी खोल्नेहरूको लर्को लामै छ। ‘खाद्य सामग्रीको थोक तथा खुद्रा बिक्री गर्ने’ भन्दै शहीद स्मृतिबाट प्रतिव्यक्ति रु.८० हजारका दरले रु.२० लाख पाउने कुमारप्रसाद पन्तको अगुवाइमा रहेको २५ जनाको समूहले पनि निर्धारित काम गरेन। बरु १२ माघ २०६८ मा ‘मजदूर उपभोक्ता सहकारी संस्था’ दर्ता गर्‍यो जसको शेयर पूँजी रु.१६ लाख ५० हजार देखाइएको छ।

ललितपुरको विशंखुनारायणमा बंगुरपालन गर्ने भनेर उषा देवकोटाको २५ सदस्यीय समूहले पनि शहीद स्मृतिबाटै जनही रु.१ लाख ५० हजारको दरले रु.३७ लाख ५० हजार लगेको थियो *(हे. बक्स-४)*। यसले पनि बंगुर पाल्ने काम गरेन। त्यसको सट्टा (९ फागुन २०६८ मा) ‘अखिल नेपाल ट्रेड युनियन महासंघ कृषि सहकारी संस्था’ दर्ता गर्‍यो जसका अध्यक्ष थिए माओवादी ट्रेड युनियन महासंघका अध्यक्ष शालिकराम जम्मकट्टेल।

यसैगरी ललितपुर उपमहानगरपालिका-१४ मा गाईपालन गर्ने नाममा राजन तिमिल्सिनाको नेतृत्वमा रहेको १७ जनाको समूहले प्रतिव्यक्ति रु.१ लाख २० हजारको दरले रु.२० लाख ४० हजार प्राप्त गर्‍यो *(हे. बक्स-५)*। शहीद स्मृतिबाटै रकम लिएको यो समूहले पनि गाई पालेन, रु.४ लाख शेयर पूँजी रहेको ‘शहीद स्मृति उपभोक्ता सहकारी संस्था’ १४ पुस २०६८ मा दर्ता गर्‍यो।

## जसले हान्यो उसले जान्यो

सहकारी विभागले जारी गरेको मापदण्ड अनुसार, कुनै पनि सहकारीले आफू दर्ता भएको जिल्लाभन्दा बाहिर कारोबार गर्न पाउँदैन। तर माओवादी कार्यकर्तालाई कोषको रकम बाँड्ने क्रममा शहीद स्मृति र हिमशिखर दुवै सहकारीले यसको मतलब राखेका छैनन्। काठमाडौंमा दर्ता भएको शहीद स्मृतिले ललितपुरमा काम गर्ने भनेर शालिकराम जम्मकट्टेल र राजन तिमिल्सिनाको समूहलाई मात्र होइन, कास्की जिल्लामा समेत एउटा अर्को समूहलाई रकम दिएको छ। पोखरा-९ मा होटल तथा पर्यटन व्यवसाय गर्ने नाममा यसले १७ जनालाई प्रतिव्यक्ति रु.९० हजारको दरले रु.१५ लाख ३० हजार उनीहरूको खल्तीमा हालिदिएको छ।

ललितपुरमा दर्ता भएको हिमशिखर यस मामिलामा झन् अगाडि छ। यसले नुवाकोटको थानापति गाविसमा बंगुरपालन गर्न भनेर (१८ र २६ मंसीर २०६८ मा) गणेश उप्रेतीसहित

२० जनाको समूहलाई जनही रु.१ लाख ५० हजारको दरले रु.३० लाख दिएको छ *(हे. बक्स-६)*। यस्तै, भक्तपुरको छालिङमा फोहोर रि-साइक्लिन गर्ने नाममा राजकुमार बस्नेत लगायत चार जनाको समूहलाई (२२ मंसीर २०६८ मा) रु.१-१ लाखको दरले रु.४ लाख रुपैयाँ उपलब्ध गराएको छ *(हे. बक्स-७)*। दुवै समूहले आफ्नो काम शुरू गरेका छैनन् । काठमाडौं, मैतीदेवीमा सामूहिक फोटो व्यवसाय गर्ने भनेर (२५ मंसीर २०६८ मा) हिमशिखरबाटै नारायण खरेल लगायत सात जनाको समूहले प्रतिव्यक्ति रु.१ लाखको दरले रु.७ लाख लगेको थियो *(हे. बक्स-८)*। यसले पनि आफ्नो काम गरेको छैन । माओवादीको राष्ट्रिय फोटो व्यवसायी संघका अध्यक्ष खरेल भन्छन्, "जम्मा सात लाखले नयाँ व्यवसाय थाल्न सकिएन । त्यसैले (तीन वर्ष अघिदेखि चलिरहेको) पिक्सल डिजिटल ल्याबमा लगानी गरेका छौं ।"

भक्तपुर, सूर्यविनायकका बिनु श्रेष्ठ र प्रीति खड्काले काठमाडौं, बांगेमुढामा फेशन व्यवसाय गर्न भनेर (२९ मंसीर २०६८ मा) हिमशिखरबाट रु.३ लाख लगेका थिए। तिनले बांगेमुढामा कुनै व्यवसाय गरेका छैनन्। बिनु भन्छिन्, "हामीले पसल सूर्यविनायक लगेका छौं।" अझ रमाइलो त के भने हिमशिखरले बजारमा कतै नदेखिने 'डेरी सन्देश' पत्रिकाको नाममा पनि बाबुराम अधिकारी नामक व्यक्तिलाई रु.१ लाख दिएको छ।

शहीद स्मृति र हिमशिखर दुवैले बाँडेको रकम माओवादी कार्यकर्ता र तिनका समर्थक बाहेक अरूको भागमा परेको देखिंदैन। यसरी रकम लिनेहरूले निर्धारित काम नगरी रकम पचाउने अथवा त्यसबाट बेग्लै सहकारी खोल्ने लगायतका गतिविधि गरेका छन् जो कोषको नियम अनुसार दण्डनीय कार्य हो। तर 'राजनीति पनि जोडिएकाले' यसरी गएको रकमको अनुगमन नगरिएको बताउँछन् ललितपुर डिभिजन सहकारी कार्यालयका अधिकृत शशिकुमार लम्साल। काठमाडौं डिभिजनका हाकीमहरूले भनाइ छ- कोषले सहकारीलाई रकम दिएको हो। त्यसलाई ठीकसँग लगानी गर्ने जिम्मेवारी पनि उसैको हो।

## बैंकहरूको बेग्लै मोज

ठूला, पुराना र प्रतिष्ठित बैंकहरूसँग कोषले कारोबार गरेको छैन। नयाँ र सानातिना थुप्रै बैंकहरू कोषबाट सात प्रतिशत ब्याजमा रकम लिने र त्यसलाई १४ देखि १८ प्रतिशत ब्याजदरमा ऋण लगानी गरेर सातदेखि ११ प्रतिशतसम्म चोखो नाफा खाने धन्दामा लागेका छन्। कोषको उद्देश्य अनुसार पिछडिएका युवाहरूमा स्वरोजगार बढाउने काममा लगानी गर्नु उनीहरूको प्राथमिकतामा परेको छैन। सबैजसो बैंकको प्रतिक्रिया एकै खालको छ- पहिलेदेखि चलाउँदै आएको बैंकको कार्यक्रममा असर पर्ने भएकाले कोषको उद्देश्य अनुरुप लगानी गर्न नसकिएको हो। मानौं, कोषबाट करोडौंको रकम लिंदा बैंकहरूलाई आफ्नो कार्यक्रमबारे थाहै हुँदैन, वर्षौंसम्म मोटो ब्याज कमाइसकेपछि बल्ल बुद्धि खुल्छ !

किष्ट बैंकले कोषबाट ५ वैशाख २०६६ मा रु.१० करोड लिएको थियो। त्यसमध्ये रु.३० लाख कोषको उद्देश्य अनुरुप लगानी गर्‍यो र बाँकी रु.९ करोड ७० लाख दुई

वर्षसम्म होल्ड गरेर (ब्याज खाएर) बस्यो। २०६८ जेठमा त्यसमध्ये रु.५ करोड कोषलाई फिर्ता गरेको छ भने बाँकी रु.४ करोड ७० लाख आजसम्म पनि 'होल्ड' गरिरहेको छ।

३ असार २०६८ मा कोषबाट रु.१ करोड लिने सम्झौता गरेको थियो राइजिङ डेभलपमेन्ट बैंकले। उसले वर्षको अन्त्यसम्ममा त्यसमध्ये रु.९० लाख 'मात्र' १८ प्रतिशत ब्याजदरमा लगानी गरेको तथ्याङ्क दिएको छ। २० असारमा कोषबाट रु.६० लाख लगेको टुरिज्म डेभलपमेन्ट बैंकले पनि १६ प्रतिशतसम्मको ब्याजदरमा रु.२९ लाख मात्र ऋण लगानी गरेको देखाएको छ। ३० असारमा कोषबाट रु.९० लाख लिएको फर्स्ट माइक्रो फाइनान्स डेभलपमेन्ट बैंकले भने पाँच महीनासम्म रकम 'होल्ड' गरेर फिर्ता दिएको छ।

कोषबाट रकम लिएर 'होल्ड' गर्ने र ब्याज खाने धन्दा साँच्चै फस्टाएको छ। ३ असार २०६८ मा कोषबाट रु.६० लाख रुपैयाँ हात पारेको मध्यपश्चिमाञ्चल ग्रामीण विकास बैंकले चैत मसान्तसम्म रकम 'होल्ड' गरिरहेकै थियो। ११ साउन रु.५ करोडका लागि सम्झौता गरेर तत्काल रु.९० लाख रुपैयाँ लिएको पश्चिमाञ्चल ग्रामीण विकास बैंकले पनि त्यही बाटो समायो। १७ असारमा रु.१ करोडको सम्झौता गरेर रु.३० लाख प्राप्त गरेको हाम्रो विकास बैंकले त्यसमध्ये रु.१७ लाख वर्षभरि 'होल्ड' गरिरह्यो। २८ असारमा रु.२ करोडको सम्झौता गरेर रु.१ करोड २० लाख हात पारेको राष्ट्रिय सहकारी बैंकले रु.६० लाख चैत मसान्तसम्मै होल्ड गरिरहेको थियो। १३ साउनमा रु.९० लाख प्राप्त गरेको जनउत्थान सामुदायिक लघुवित्त बैंक पनि त्यो रकम कोषको उद्देश्य बमोजिम लगानी नगरी ढुक्कसँग 'होल्ड' गरेर बसेको छ।

२०६८ को अन्त्यसम्ममा कोषबाट तीनवटा सहकारी र १८ वटा बैंकले गरी कुल रु.४५ करोड ९९ लाख लगिसकेका छन्। त्यसमध्ये नगण्य मात्र रकम उद्देश्य अनुरुप लगानी भएको छ। अधिकांश रकम कि माओवादीको पोल्टामा पुगेको छ, कि बैंकहरूका निम्ति महँगो ब्याजदरमा लगानी गरेर सुतीसुती करोडौं ब्याज कमाउने माध्यम बनेको छ। काठमाडौं, ललितपुर र गुल्मीका तीन सहकारीमार्फत प्राप्त भएको रु.१३ करोड माओवादी नेता-कार्यकर्ताको महाभोजमा परिणत भएको छ।

## डरलाग्दो यक्षप्रश्न

युवा तथा साना व्यवसायी स्वरोजगार कोषलाई सरकारले चार आर्थिक वर्षमा बजेटमार्फत रु.१ अर्ब ३६ करोड उपलब्ध गराइसकेको छ। यसका साथै बैंक तथा वित्तीय संस्थाले विपन्न वर्गमा प्रवाह गर्नुपर्ने तीन प्रतिशत रकम कोषको नाममा जम्मा गर्नुपर्ने प्रावधान अनुसार थप रु.३ अर्ब ५७ करोड जम्मा भइसकेको कोषले उपलब्ध गराएको विवरणमा उल्लेख छ। यसरी कोषको खातामा आइसकेको रु.४ अर्ब ९३ करोडमध्ये करीब रु.४६ करोड मात्र उसले बैंक र सहकारीमार्फत 'छरेको' देखिन्छ। प्रश्न उठ्छ, कोषसँग रहेको बाँकी अर्बौंको रकम कहाँ छ ?

हुन त आर्थिक वर्ष २०६५/६६ देखि नै कोषमा आन्तरिक लेखा परीक्षक (अडिटर) नियुक्त गरिँदै आएका छन्, तर तिनलाई पनि यसबारे थाहा दिइएको छैन। निकै घोर-

घमासानपछि त्यो रकम १०० भन्दा बढी निजी वित्तीय संस्था (सहकारी र साना बैंक) हरूमा गोप्य रूपमा राखिएको थाहा भएको छ। सरकारी कोषको रकम सरकारी बैंकहरूमा खाता खोलेर राख्नुपर्ने प्रावधानलाई बेवास्ता गर्ने कोषका उपाध्यक्ष पुण्यप्रसाद रेग्मीले अरू त अरू, अडिटरलाई समेत तिनको नामावली उपलब्ध गराएका छैनन्। ती कस्ता वित्तीय संस्था हुन् र तिनबाट प्राप्त हुने करोडौंको ब्याज कसको पोल्टामा पुगिरहेको छ अनि तिनमा राखिएको रकम सुरक्षित रहने के ग्यारेन्टी छ जस्ता डरलाग्दा यक्षप्रश्नहरूले अब कोषको पिछा गर्न थालेका छन्।

भट्टराई सरकारका अर्थमन्त्री वर्षमान पुन कोषको रकम 'व्यापक दुरुपयोग भएको' स्वीकार्छन्। तर त्यसो गर्ने पदाधिकारी र संस्थालाई कारबाही गर्न उनले चासो देखाएका छैनन्। नयाँ बजेट आउने बेला भएको छ। बरु उनी कोषलाई थप रकम दिने चाँजोपाँजो मिलाउँदै होलान्। पैसा नपाए कार्यकर्ताले खेमा बदल्न सक्छन् भन्ने उनलाई जति कसलाई थाहा होला ?

**बक्स–१**

| **ऋण पाउने** | **पार्टीमा संलग्नता** | **रकम रु.** |
|---|---|---|
| प्रकाश श्रेष्ठ | नेवा: राज्य समिति सदस्य | ८० हजार |
| उषा देवकोटा | नेवा: राज्य सचिवालय सदस्य | १ लाख ५० हजार |
| राजन तिमल्सिना | नेवा: राज्य समिति सदस्य | १ लाख २० हजार |
| बाबुराम गौतम | नेवा: राज्य सचिवालय सदस्य | १ लाख ६५ हजार |
| जगतबहादुर सिंखडा | नेवा: राज्य सचिवालय सदस्य | ८० हजार |
| सोमबहादुर तामाङ | नेवा: राज्य समिति सदस्य | ८० हजार |
| धनबहादुर विक | नेवा: राज्य सचिवालय सदस्य | १ लाख २० हजार |

**बक्स–२**

| **रकम लैजानेहरू** | **व्यवसायको ठेगाना** | **रकम रु.** |
|---|---|---|
| बाबुराम गौतम | खिचापोखरी-२३, काठमाडौं | १ लाख ६५ हजार |
| ओजकुमार शिवा | खिचापोखरी-२३, काठमाडौं | १ लाख ६५ हजार |
| माधव पाण्डे | खिचापोखरी-२३, काठमाडौं | १ लाख ६५ हजार |
| राजेश जोशी | खिचापोखरी-२३, काठमाडौं | १ लाख ६५ हजार |

| रकम लैजानेहरू | व्यवसायको ठेगाना | रकम रु. |
|---|---|---|
| जनकप्रसाद बर्तौला | खिचापोखरी-२३, काठमाडौं | १ लाख ६५ हजार |
| उद्धवराज त्रिपाठी | खिचापोखरी-२३, काठमाडौं | १ लाख ६५ हजार |
| विनोद खतिवडा | खिचापोखरी-२३, काठमाडौं | १ लाख ६५ हजार |
| तिलेन्द्र थापामगर | खिचापोखरी-२३, काठमाडौं | १ लाख ६५ हजार |
| रमेश श्रेष्ठ | खिचापोखरी-२३, काठमाडौं | १ लाख ६५ हजार |
| झलक श्रेष्ठ | खिचापोखरी-२३, काठमाडौं | १ लाख ६५ हजार |
| अमिन तामाङ | खिचापोखरी-२३, काठमाडौं | १ लाख ६५ हजार |
| केशव थापा | खिचापोखरी-२३, काठमाडौं | १ लाख ६५ हजार |

**बक्स ३**

| रकम लैजानेहरू | व्यवसायको ठेगाना | रकम रु. |
|---|---|---|
| जगतबहादुर सिंखडा | नयाँ बसपार्क-२९, काठमाडौं | ८० हजार |
| घनश्याम ठकुरी | नयाँ बसपार्क-२९, काठमाडौं | ८० हजार |
| गीता खरेल | नयाँ बसपार्क-२९, काठमाडौं | ८० हजार |
| शरदबाबु सुवेदी | नयाँ बसपार्क-२९, काठमाडौं | ८० हजार |
| कृष्णबहादुर पाण्डे | नयाँ बसपार्क-२९, काठमाडौं | ८० हजार |
| इन्दिरा शर्मा | नयाँ बसपार्क-२९, काठमाडौं | ८० हजार |
| शिवप्रसाद पोखेल | नयाँ बसपार्क-२९, काठमाडौं | ८० हजार |
| छत्रबहादुर बस्नेत | नयाँ बसपार्क-२९, काठमाडौं | ८० हजार |
| भक्तबहादुर मगर | नयाँ बसपार्क-२९, काठमाडौं | ८० हजार |
| दुर्गा अधिकारी | नयाँ बसपार्क-२९, काठमाडौं | ८० हजार |
| जोगमान लामा | नयाँ बसपार्क-२९, काठमाडौं | ८० हजार |
| झलकबहादुर कार्की | नयाँ बसपार्क-२९, काठमाडौं | ८० हजार |
| तेजप्रसाद ढुंगना | नयाँ बसपार्क-२९, काठमाडौं | ८० हजार |

| रकम लैजानेहरू | व्यवसायको ठेगाना | रकम रु. |
|---|---|---|
| विष्णु गुरुङ | नयाँ बसपार्क-२९, काठमाडौं | ८० हजार |
| श्रीप्रसाद गुरुङ | नयाँ बसपार्क-२९, काठमाडौं | ८० हजार |
| पुरुषोत्तम सिंखडा | नयाँ बसपार्क-२९, काठमाडौं | ८० हजार |
| भागवतप्रसाद दाहाल | नयाँ बसपार्क-२९, काठमाडौं | ८० हजार |
| कृष्णप्रसाद पाण्डे | नयाँ बसपार्क-२९, काठमाडौं | ८० हजार |
| गणेश सिंखडा | नयाँ बसपार्क-२९, काठमाडौं | ८० हजार |
| डम्बरसिंह ठकुरी | नयाँ बसपार्क-२९, काठमाडौं | ८० हजार |
| तेजनारायण घताने | नयाँ बसपार्क-२९, काठमाडौं | ८० हजार |
| बमबहादुर कार्की | नयाँ बसपार्क-२९, काठमाडौं | ८० हजार |
| रामचन्द्र कार्की | नयाँ बसपार्क-२९, काठमाडौं | ८० हजार |
| राजेन्द्र शर्मा | नयाँ बसपार्क-२९, काठमाडौं | ८० हजार |
| सोमबहादुर तामाङ | नयाँ बसपार्क-२९, काठमाडौं | ८० हजार |

**बक्स ४**

| रकम दिने सहकारी | रकम लैजानेहरू | व्यवसायको ठेगाना | रकम रु. |
|---|---|---|---|
| मजदूर शहीद स्मृति उपभोक्ता सहकारी, काठमाडौं | उषा देवकोटा | विशंखुनारायण-५, ललितपुर | १ लाख ५० हजार |
| मजदूर शहीद स्मृति उपभोक्ता सहकारी, काठमाडौं | युवराज लुइँटेल | विशंखुनारायण-५, ललितपुर | १ लाख ५० हजार |
| मजदूर शहीद स्मृति उपभोक्ता सहकारी, काठमाडौं | देवबहादुर तामाङ | विशंखुनारायण-५, ललितपुर | १ लाख ५० हजार |
| मजदूर शहीद स्मृति उपभोक्ता सहकारी, काठमाडौं | हर्कबहादुर माझी | विशंखुनारायण-५, ललितपुर | १ लाख ५० हजार |
| मजदूर शहीद स्मृति उपभोक्ता सहकारी, काठमाडौं | नगेन्द्र दाहाल | विशंखुनारायण-५, ललितपुर | १ लाख ५० हजार |
| मजदूर शहीद स्मृति उपभोक्ता सहकारी, काठमाडौं | रामचन्द्र रिजाल | विशंखुनारायण-५, ललितपुर | १ लाख ५० हजार |

| **रकम दिने सहकारी** | **रकम लैजानेहरू** | **व्यवसायको ठेगाना** | **रकम रु.** |
|---|---|---|---|
| मजदूर शहीद स्मृति उपभोक्ता सहकारी, काठमाडौं | लोकबहादुर गुरुङ | विशंखुनारायण-५, ललितपुर | १ लाख ५० हजार |
| मजदूर शहीद स्मृति उपभोक्ता सहकारी, काठमाडौं | हस्तकला चलाउने | विशंखुनारायण-५, ललितपुर | १ लाख ५० हजार |
| मजदूर शहीद स्मृति उपभोक्ता सहकारी, काठमाडौं | विष्णुप्रसाद न्यौपाने | विशंखुनारायण-५, ललितपुर | १ लाख ५० हजार |
| मजदूर शहीद स्मृति उपभोक्ता सहकारी, काठमाडौं | यादवबहादुर मगर | विशंखुनारायण-५, ललितपुर | १ लाख ५० हजार |
| मजदूर शहीद स्मृति उपभोक्ता सहकारी, काठमाडौं | भुवन खत्री | विशंखुनारायण-५, ललितपुर | १ लाख ५० हजार |
| मजदूर शहीद स्मृति उपभोक्ता सहकारी, काठमाडौं | शलिकराम महर | विशंखुनारायण-५, ललितपुर | १ लाख ५० हजार |
| मजदूर शहीद स्मृति उपभोक्ता सहकारी, काठमाडौं | सुरज नेपाली | विशंखुनारायण-५, ललितपुर | १ लाख ५० हजार |
| मजदूर शहीद स्मृति उपभोक्ता सहकारी, काठमाडौं | उत्तमकुमार लामा | विशंखुनारायण-५, ललितपुर | १ लाख ५० हजार |
| मजदूर शहीद स्मृति उपभोक्ता सहकारी, काठमाडौं | कमलबहादुर धिमाल | विशंखुनारायण-५, ललितपुर | १ लाख ५० हजार |
| मजदूर शहीद स्मृति उपभोक्ता सहकारी, काठमाडौं | शर्मिला गौतम | विशंखुनारायण-५, ललितपुर | १ लाख ५० हजार |
| मजदूर शहीद स्मृति उपभोक्ता सहकारी, काठमाडौं | राजेश तामाङ | विशंखुनारायण-५, ललितपुर | १ लाख ५० हजार |
| मजदूर शहीद स्मृति उपभोक्ता सहकारी, काठमाडौं | लालमाया सितान | विशंखुनारायण-५, ललितपुर | १ लाख ५० हजार |
| मजदूर शहीद स्मृति उपभोक्ता सहकारी, काठमाडौं | सावित्री परियार | विशंखुनारायण-५, ललितपुर | १ लाख ५० हजार |
| मजदूर शहीद स्मृति उपभोक्ता सहकारी, काठमाडौं | चीनाकुमारी राना | विशंखुनारायण-५, ललितपुर | १ लाख ५० हजार |
| मजदूर शहीद स्मृति उपभोक्ता सहकारी, काठमाडौं | गजुरमान राई | विशंखुनारायण-५, ललितपुर | १ लाख ५० हजार |

| **रकम दिने सहकारी** | **रकम लैजानेहरू** | **व्यवसायको ठेगाना** | **रकम रु.** |
|---|---|---|---|
| मजदूर शहीद स्मृति उपभोक्ता सहकारी, काठमाडौं | नवीन दोङ लामा | विशंखुनारायण-५, ललितपुर | १ लाख ५० हजार |
| मजदूर शहीद स्मृति उपभोक्ता सहकारी, काठमाडौं | मीरा कुमारी फुँयाल | विशंखुनारायण-५, ललितपुर | १ लाख ५० हजार |
| मजदूर शहीद स्मृति उपभोक्ता सहकारी, काठमाडौं | कमलबहादुर भण्डारी | विशंखुनारायण-५, ललितपुर | १ लाख ५० हजार |
| मजदूर शहीद स्मृति उपभोक्ता सहकारी, काठमाडौं | श्रीराम अधिकारी | विशंखुनारायण-५, ललितपुर | १ लाख ५० हजार |

**बक्स–५**

| **रकम लैजानेहरू** | **व्यवसायको ठेगाना** | **रकम रु.** |
|---|---|---|
| राजन तिमल्सिना | ललितपुर-१४ | १ लाख २० हजार |
| प्रदीपलाल तामाङ | ललितपुर-१४ | १ लाख २० हजार |
| पासाङ लामा | ललितपुर-१४ | १ लाख २० हजार |
| सूर्यबहादुर सिंजाली | ललितपुर-१४ | १ लाख २० हजार |
| दिनेशराज खरेल | ललितपुर-१४ | १ लाख २० हजार |
| तिलकबहादुर कार्की | ललितपुर-१४ | १ लाख २० हजार |
| मदनकुमार राई | ललितपुर-१४ | १ लाख २० हजार |
| तुलकबहादुर मगर | ललितपुर-१४ | १ लाख २० हजार |
| मानकुमार तामाङ | ललितपुर-१४ | १ लाख २० हजार |
| देवीप्रसाद खनाल | ललितपुर-१४ | १ लाख २० हजार |
| गणेशबहादुर घिसिङ | ललितपुर-१४ | १ लाख २० हजार |
| उमानाथ चौलागाई | ललितपुर-१४ | १ लाख २० हजार |
| सरिता थिङ | ललितपुर-१४ | १ लाख २० हजार |
| पुरन्दर गुरुङ | ललितपुर-१४ | १ लाख २० हजार |
| रोशन घिमिरे | ललितपुर-१४ | १ लाख २० हजार |

| | | |
|---|---|---|
| शेरबहादुर तामाङ | ललितपुर-१४ | १ लाख २० हजार |
| हेमबहादुर राई | ललितपुर-१४ | १ लाख २० हजार |

**बक्स–६**

| **रकम लैजानेहरू** | **व्यवसायको ठेगाना** | **रकम रु.** |
|---|---|---|
| गणेश उप्रेती | थानापती-७, नुवाकोट | १ लाख ५० हजार |
| कृष्णबहादुर तिमिल्सिना | थानापती-७, नुवाकोट | १ लाख ५० हजार |
| भवनाथ बञ्जारा | थानापती-७, नुवाकोट | १ लाख ५० हजार |
| भीमबहादुर ढुंगाना | थानापती-७, नुवाकोट | १ लाख ५० हजार |
| बमबहादुर डाँगी | थानापती-७, नुवाकोट | १ लाख ५० हजार |
| प्रेम उप्रेती | थानापती-७, नुवाकोट | १ लाख ५० हजार |
| मुक्तिनाथ चौलागाई | थानापती-७, नुवाकोट | १ लाख ५० हजार |
| गंगा कट्टेल | थानापती-७, नुवाकोट | १ लाख ५० हजार |
| मंगलबहादुर तामाङ | थानापती-७, नुवाकोट | १ लाख ५० हजार |
| बुद्धचिता लामा | थानापती-७, नुवाकोट | १ लाख ५० हजार |
| सरस्वती बञ्जारा | थानापती-७, नुवाकोट | १ लाख ५० हजार |
| सुस्मिता कट्टेल | थानापती-७, नुवाकोट | १ लाख ५० हजार |
| शकुन्तला डाँगी | थानापती-७, नुवाकोट | १ लाख ५० हजार |
| धनमाया खड्का | थानापती-७, नुवाकोट | १ लाख ५० हजार |
| मीना तिमिल्सिना | थानापती-७, नुवाकोट | १ लाख ५० हजार |
| अनिता श्रेष्ठ | थानापती-७, नुवाकोट | १ लाख ५० हजार |
| आकृति घोरासैनी | थानापती-७, नुवाकोट | १ लाख ५० हजार |
| भगवती अधिकारी | थानापती-७, नुवाकोट | १ लाख ५० हजार |
| शर्मिला तिमिल्सिना | थानापती-७, नुवाकोट | १ लाख ५० हजार |
| सुनिता घिमिरे | थानापती-७, नुवाकोट | १ लाख ५० हजार |

**बक्स–७**

| **रकम लैजानेहरू** | **व्यवसाय** | **रकम रु.** |
|---|---|---|
| राजकुमार बस्नेत | उन्नत रिसाइक्लिन | १ लाख |
| सुरेन्द्र राई | उन्नत रिसाइक्लिन | १ लाख |
| सन्तोषदेवी राई | उन्नत रिसाइक्लिन | १ लाख |
| भूमिकला विष्ट | उन्नत रिसाइक्लिन | १ लाख |

**बक्स–८**

| **रकम लैजानेहरू** | **व्यवसाय** | **रकम रु.** |
|---|---|---|
| नारायण खरेल | सामूहिक फोटो | १ लाख |
| बसन्ती भुसाल | सामूहिक फोटो | १ लाख |
| बालमुकुन्द अधिकारी | सामूहिक फोटो | १ लाख |
| उद्धव बोगटी | सामूहिक फोटो | १ लाख |
| रविनराज देवकोटा | सामूहिक फोटो | १ लाख |
| उपेन्द्र दाहाल | सामूहिक फोटो | १ लाख |
| रामकृष्ण खड्गी | सामूहिक फोटो | १ लाख |

(२०६९ **साउन १० र ११ गतेको** ***कारोबार*** **दैनिकमा प्रकाशित**)

■ जनक अर्याल
मोहन मानन्धर

२९

# धाउने गरीब : पाउने धनी

विपन्न, निमुखा तथा बेरोजगार युवाहरूलाई आत्मनिर्भर बनाउने नाराका साथ स्थापना गरिएको 'युवा तथा साना व्यवसायी स्वरोजगार कोष' हुनेखानेलाई पोस्ने भाँडो बन्न पुगेको छ। बेरोजगार युवाहरूलाई विना धितो निकै सस्तो ब्याजदरमा रु.२ लाखसम्म ऋण दिने घोषणा गरेको थियो माओवादी नेतृत्वको सरकारले। कोषले भने त्यस्तो ऋण लिन चाहने विपन्न र बेरोजगार युवाहरूलाई लोप्पा ख्वाउँदै हुनेखाने, सुकिलामुकिला सानाठूला साहूजीहरूलाई पोस्ने काम गरिरहेको छ। यस पुनीत कार्यको माध्यम बैंक र सहकारीहरूलाई बनाइएको छ। र, कोषको पैसा माओवादी नेता र बैंकले पत्याएका हुनेखानेहरू र स्वयं बैंकहरूको पोल्टामा पुगेर विलीन भइरहेको छ।

देशभरिबाट सात लाख विपन्न, बेरोजगारहरूले फर्म भरेका थिए, कोषबाट ऋण पाइन्छ कि भन्ने आशामा। फर्मको शुल्क र फर्म बुझाउन जाँदाको खर्चसमेत एकजनाको औसत रु.५०० खर्च भएको थियो। यसरी बेरोजगार युवाहरूको गोजीबाट खर्च भएको रु.३५ करोड खोलामा बग्यो। तिनले ऋण पाएनन्। बरु फर्मको शुल्कबापत कोषले नै रु.७ करोड कमायो। कोषको पैसा लगानी गरिदिने भनेर बैंकहरूले कमाए। आफ्नै घरमा व्यापार व्यवसाय गरेर बसिरहेका साना-ठूला हजारौं साहूजीहरूलाई तिनकै घरमा पुगेर सहुलियतपूर्ण ऋण टक्र्याइएपछि तिनीहरूले पनि सहर्ष कमाए। ठगिने, दुत्कारिने र नोक्सानमा पर्ने चाहिं तिनीहरू मात्र भए जसका नाममा कोष खडा गरिएको थियो। साँच्चिकै विपन्न र बेरोजगारहरूका लागि माओवादी सरकारले खडा गरेको र सञ्चालन गरिरहेको कोष 'कागलाई बेल पाक्यो हर्ष न विस्मात्' हुन पुगेको छ।

नवलपरासी जिल्ला मुकुन्दपुर गाविस वडा नं. ४, हर्कपुरका दिनेश ठकुरी कोषबाट ऋण पाउने भाग्यमानी युवाहरूमध्ये एक हुन्। तर उनी न विपन्न हुन् न त बेरोजगार नै। उनको पूर्व-पश्चिम राजमार्गमा पर्ने हर्कपुर बजारमा आफ्नै दुईतले घर छ। घरको

छतमा एनसेलको टावरलाई भाडामा दिएका उनले भुईंतलामा किराना पसल थापेका छन् । आफ्नै लगानीमा खोलेको पसलमा सामान थप्न उनलाई पैसाको कमी थियो । नारायणगढको राइजिङ्ग डेभलपमेण्ट बैंक लिमिटेड ऋणी खोज्दै हर्कपुर पुगेपछि दिनेशले सहुलियत ब्याजदरमा ऋण पाए ।

"पैसा चाहिं बेरोजगारलाई दिने भन्ने थाहा थियो, बेरोजगारले केही गर्छन् भनेर दिएका होलान्" दिनेशले भने "फर्म भर्ने बेलामा हामीले पनि त्यसरी नै भरियो, पैसा चाहिएको थियो के गर्ने त ?" दिनेशले उक्त ऋण पसलमा सामान थप्न प्रयोग गरेको बताए । उनले अढाइ लाख लगानी गरेर राखेको किराना पसलमा बैंकबाट लिएको ऋण रकमले सामान थपेका छन् ।

हर्कपुरका दिनेश ठकुरीजस्तै भाग्यमानी युवाहरूमा हर्कपुरकै सुरेश कोइराला र मुकुन्दपुरकी श्रीमाया सापकोटा पनि रहेका छन् । यी दुवैजना यहाँका धनीमानीमध्येमा पर्दछन् । सुरेशको आफ्नै पक्की घरमा भाँडा पसल र जग्गाजमीन प्रशस्त छ । श्रीमायाका श्रीमान् हार्डवेयर व्यवसायी हुन्, उनको पनि खान लगाउन पुग्ने जग्गाजमीन छ ।

"उहाँहरू यहाँ आउनुभयो, मुकुन्दपुरमा गुड परफरमेन्स भएकाले लगानी गर्ने कुरा भएको रहेछ" कोइरालाले भने "ट्रेनिङ लिएसी फर्म भरें अनि बल्ल प्रोसेसिङ भयो, तीन चार लाख लगानी गरिसकेको थिएँ, एक लाख रुपैयाँ पाएको छु, थोरै ब्याजदर र जमानत पनि राख्नु नपर्ने भएकाले ऋण लिएको हुँ ।"

यस्तै मुकुन्दपुरकी श्रीमाया सापकोटाले पनि बैंकले घरमै ऋण पुर्‍याउन आएपछि लिन्न भनिनन् । "ब्याज सस्तो छ, यो यो सुविधा छ भनेपछि हामीले चासो देखायौं । डेढ लाख रुपैयाँ लिएका छौं" उनले भनिन्, "पहिल्यैदेखि गाईपालन गरिरहेका थियौं, त्यसैमा लगानी बढाएँ ।"

दिनेश, सुरेश र श्रीमाया जस्ता हुनेखाने युवाहरूले स्वरोजगारको रकम चलाइरहेको बेला सुनसरी हाँसपोसाका लालबहादुर विश्वकर्मा र चितवन भण्डाराका चन्द्र सुनार भने आफ्नै व्यवसाय गर्ने रकम नपाएर परिवार पाल्न नसक्ने स्थितिमा पुगेका छन् ।

सरकारले युवा स्वरोजगार कार्यक्रम ल्याएपछि लालबहादुर विश्वकर्माको परिवारका चार जनाले फर्म भरेका थिए । उनलाई धेरै ऋण पनि चाहिएको होइन, बाख्रापालन वा सुँगुरपालनका लागि केही रकम भैदिए पुग्थ्यो । लालबहादुरले पाएसम्म गाउँमै मिस्त्री काम र नपाए लेवर काम पनि गर्छन् । गाउँमा सधैं काम पाइँदैन, त्यसैले उनको धेरै समय घरमा बसेरै बित्छ । "यसो केही उन्नति गरौं, बाख्रा बंगुर पालौं भने लगानी छैन । हप्ता दिन काम गर्‍यो घरमै ठिक्क हुन्छ", लालबहादुरले भने, "पैसा आ'को थियो होला, खोइ के के गरे भगवान् नै जानुन् । पाइएको भए त राम्रो भनिन्थ्यो । पाइएन के गर्नु !"

गाउँघरमा नै बसेर स्वरोजगार हुने आशामा फर्म भरेका लालबहादुरका भाइ दुर्गाबहादुर भने युवा स्वरोजगार कार्यक्रमबाट ऋण नपाएपछि गाउँमा चर्को ऋण काढेर अहिले विदेशमा काम गर्न गएका छन् । चितवन भण्डाराका चन्द्र सुनारले शुरू गर्न

लागेको भाँडा बनाउने उद्योगका लागि ऋण खोजिरहेका छन् । उनले उद्योग वाणिज्य संघ नारायणगढ धाएको पनि पाँच पटक भयो । तर अझै ऋण दिने भेटिएको छैन । "साहूकोमा काम गर्दागर्दै उँभो लाग्न सकिएन, आफैं लगानी गर्दा दुई चार पैसा नाफा हुन्छ कि भनेर कुरा बुझ्न आ'को", उद्योग वाणिज्य संघ चितवनको कार्यालयमा भेटिएका उनले भने "अरूले पाइराखेका छन् भन्ने सुनेर धाएको ।"

तपाईं बेरोजगार हुनुहुन्छ ? सीप भएको तथा केही पौरख गरी स्वरोजगार हुने इच्छा छ तर तपाईंसँग रकम अभाव छ ? धितो राख्नुपरेको कारणले व्यवसाय सञ्चालन गर्न सक्नुभएको छैन ? छैन भने १ चैतदेखि सञ्चालन हुने अभिमुखीकरण तालीम वा सीप नहुनेलाई सीपमूलक तालीमका लागि १ फागुन २०६५ सालदेखि अनलाइन निवेदन भरी उद्योग वाणिज्य महासंघको जिल्लास्थित सदस्य संघका कार्यालयहरूमा बुझाउनु हुन हार्दिक आह्वान गरिन्छ । यस्तै यस्तै प्रचार गरिएको थियो त्यसबेला ।

युवा स्वरोजगार कार्यक्रम मुख्यतः उत्पीडित जाति, जनजाति, महिला, द्वन्द्वपीडित र परम्परागत सीप भएका व्यक्तिहरूलाई सहुलियत ऋण दिएर उनीहरूलाई स्वरोजगार बनाउँदै आत्मनिर्भर बनाउन ल्याइएको कार्यक्रम थियो । तर, उद्देश्य विपरीत यो कार्यक्रम बैंक तथा वित्तीय सस्थाहरूको लगानी प्रवर्द्धन गर्ने कार्यक्रम बन्न पुग्यो । कोषले अहिलेसम्म चार हजार २०६ जना युवाहरूलाई विभिन्न बैंक तथा वित्तीय संस्थामार्फत लगानी गरेको बताएको छ । तर यसरी कोषबाट ऋण पाउनेहरू चाहिं अधिकांश हुनेखाने र पहुँचवाला युवाहरू रहेका छन् ।

युवा स्वरोजगार कोषबाट रकम लिएका बैंकहरूले पकेट क्षेत्रमा मात्र ऋण दिने नीति लिएका कारण केही गर्छु भन्ने बेरोजगारहरूले भन्दा पनि बैंकले तोकेको व्यक्तिहरूले मात्र ऋण पाउने अवस्था आएको हो ।

राइजिङ्ग डेभेलपमेण्ट बैंक नारायणगढले लगानी गरेको रु.१ करोड नवलपरासीका ७३ जनालाई वितरण गरिएको छ। पशुपालन र सेवा क्षेत्रमा लगानी गरिएको रकम बेरोजगारले भन्दा पनि पसल र पशुपालन गरेर रोजगार गर्दै आएकाहरूले पाएका छन् । ३ असार २०६८ मा युवा स्वरोजगार कोषबाट रु.१ करोड रकम ल्याएको यो बैंकले नवलपरासीमा ११ भदौ २०६८ देखि मात्र ऋण लगानी गरेको थियो ।

"हामीले पकेट एरिया मात्र छानेको हो, उद्योग वाणिज्य संघबाट तालीम लिएकोलाई छानेको भए गाह्रो हुनेथियो, हामीले पकेट क्षेत्र मात्र लिएको हो" बैंकका ऋण अधिकृत ऋषिराम ढकालले भने "युवा स्वरोजगार कोषको निर्देशिकामा तीन दिनकै तालीम कार्यक्रम छ, कन्सेप्ट बुझाउने मात्र हो, सिकाउने भन्दा धेरै दिन लाग्छ, परम्परागत कृषि व्यवसाय र सेवा क्षेत्र भएकाले कोषकै निर्देशनमा एक दिन मात्र राखिएको हो ।"

भरतपुरको त्रिवेणी विकास बैंकले आफ्नो पकेट क्षेत्रका १५ जना किसानहरूलाई जनही दुई-दुई लाख रुपैयाँ ऋण लगानी गरेको छ। उसले युवा स्वरोजगार कोषबाट पाएको ३० लाख रुपैयाँ एउटै गाउँमा वितरण गरेको बैंकका प्रमुख कार्यकारी अधिकृत सागर घिमिरेले

बताए। "हामीले हाम्रै पकेट एरियाका मान्छे छानेका हौं, तरकारी सहकारी छ, उनीहरूलाई नै छानेका हौं" घिमिरेले भने, "पहिला कतिले ट्रेनिङ लिएका रहेछन्, ओरियन्टेशन लिनुपर्छ भनेपछि बोलाएर त्यहीं गएर ओरियन्टेशन लिएर दिएका हौं।"

किष्ट बैंकले युवा स्वरोजगार कोषबाट ५ वैशाख २०६६ मा रु.१० करोड लिएको थियो। कोषको उद्देश्य अनुरूप बेरोजगार युवाहरूलाई ऋण लगानी गर्नुपर्नेमा एक वर्षसम्म ब्याज खाएर बस्यो। ६ वैशाख २०६७ सालदेखि मात्र उसले धनगढीबाट रिक्सा कर्जा शुरू गऱ्यो। धनगढीमा रु.१० लाख वितरण गरेपछि अर्को वर्ष अर्थात् जेठ २०६८ सालमा मात्र नेपालगञ्जमा रु.१२ लाख बराबरको रिक्सा कर्जा वितरण गऱ्यो। जेठ महीनामा नै पाँच करोड रुपैयाँ कोषलाई नै फिर्ता गऱ्यो। अहिलेसम्म किष्ट बैंकले रु.४० लाख बराबरको २३० वटा रिक्सा वितरण गरेर बाँकी पैसा रु.४ करोड ६० लाख उच्च ब्याजदरमा लगानी गरेर नाफा खाएर बसिरहेको छ।

किष्ट बैंकले सुनसरीको इटहरी क्षेत्रमा ७० वटा रिक्सा वितरण गरेको छ। युवा स्वरोजगार कोषबाट लिएको रकम लक्षित समूहसम्म नपुगेको गुनासो आएपछि उसले हतार हतारमा रिक्सा ऋण लगानी शुरू गरेको थियो। हतारमा ऋण लगानी गर्दा युवा तथा साना व्यवसायी स्वरोजगार निर्देशिका विपरीत अभिमुखीकरण तालीम नै नलिएका युवाहरूलाई रिक्सा ऋण दिएको छ।

किष्ट बैंकले इटहरीमा एकीकृत माओवादी निकट अखिल नेपाल रिक्सा मजदूर संघमार्फत रिक्सामा लगानी गरेको छ। तर यसरी रिक्सा ऋण लिएकाहरूमध्ये केहीले भाडामा रिक्सा दिएर नाफा खाइरहेका छन्। बैंकलाई दैनिक रु.३५ किस्ता तिर्न पनि उनीहरूले दैनिक रु.६० का दरले रिक्सा भाडामा लगाउने गरेका छन्।

सुनसरी खनार-३ का इन्द्रदेव राम, विनोद चौधरीलाई किष्ट बैंकले दिएको रिक्सा चलाउँछन्। किष्ट बैंकबाट लिएको रिक्सा चौधरीले दैनिक रु.६० भाडामा इन्द्रदेवलाई चलाउन दिएका हुन्। "ऊ मिस्त्री काम गर्छ, रिक्साचाहिं भाडामा लगाएको छ", उनले भने "बैंकलाई पैसा तिर्न पनि सजिलो भयो उसलाई, गरिखान पैसा पनि आयो।"

किष्ट बैंकको बिर्तामोड शाखाले पनि आठ जना रिक्सा चालकहरूलाई जनही रु.२० हजारका दरले रिक्सा ऋण उपलब्ध गराएको बैंकका रिलेशन अफिसर राजु निरौलाले बताए। "हाम्रो रिक्साको मजदूर संघले पाउँछ भन्यो अनि रिक्सा लिएका हौं। फर्म भर्नेहरूले छोडिसक्यो अनि हामीले लियौं" झापा अनारमनीका चन्द्रलाल राजवंशीले भने "दुई वर्षसम्म कर्जा चुक्ता भयो भने रिक्सा पाउनुहुन्छ अनि १५/१६ हजार पाउनुहुन्छ भनेर आश देखाएको छ।"

राइजिङ्ग डेभलपमेण्ट बैंक नारायणगढले राम्रो र आफ्नो ऋणी खोजी खोजी मुकुन्दपुरमा ऋण वितरण गरिरहेको बेला यही गाविस वडा नं. ८ की माया पौडेलले भने ऋण पाइनन्। उनले सहुलियत ब्याजदरमा ऋण पाइने आशमा युवा स्वरोजगार कार्यक्रममा सहभागी भएकी थिइन्। उनको तालीम लिन मात्र रु.१२०० खर्च भएको थियो। पहुँच

नपुगेकै कारण अहिले उनले महँगो ब्याजदरमा कृषि विकास बैंकबाट ऋण लिएर पसल चलाउनु परिरहेको छ ।

“६ प्रतिशत ब्याजमा दुई लाखसम्म पैसा पाइन्छ, त्यही पैसा ल्याएर व्यापार गर्नु पऱ्यो भनेर तालीम लिन गएको हो” मायाले भनिन्, “लगभग १२०० सम्म खर्च भयो, तीन-चार पटक आउने जाने भयो, एउटा प्रमाणपत्र पाइयो, आइयो, थन्कियो ।” उनले पसल गर्न कृषि विकास बैंकबाट १६ प्रतिशत ब्याजदरमा ऋण लिएको बताइन् ।

तालीम लिएकाहरूसँग परियोजना छ । तर युवा स्वरोजगार कोषबाट पैसा लगेका बैंक तथा वित्तीय संस्थाहरूले निर्देशित कार्यक्रम सञ्चालन गरेकाले तालीम लिएकाहरू पनि बाध्यतावश उनीहरूको कार्यक्रममा समाविष्ट भएका छन् । मोरङ, दुलारी-२ का धनबहादुर बस्नेतलाई यस्तै बाध्यता पऱ्यो । उनले नियम अनुसार फर्म भरेका थिए, उद्योग वाणिज्य संघले स्थानीय जनता माविमा दिएको तालीममा सहभागी पनि बनेका थिए । “त्यतिबेला मेरो चार सय रुपैयाँ खर्च भयो, सरकारले दुई लाखसम्म दिन्छ भन्थे” बस्नेतले भने “फर्म भरियो, तालीम लिइयो, प्रमाणपत्र दियो, घरमा लगेर राखें, तर पैसा दिएनन् बाध्यतावश मैले पनि रिक्सा लिएँ ।”

एकातिर बैंक तथा वित्तीय संस्थाहरूले कोषको रकम दुरुपयोग गरेर ब्याज खाइरहेका छन् भने अर्कोतिर बेरोजगारको सट्टा रोजगार भएकालाई नै ऋण उपलब्ध गराएर युवा तथा साना व्यवसायी स्वरोजगार कोष नियमावली २०६५ को उल्लङ्घन गरेका छन् । कुनै पनि बैंक तथा वित्तीय संस्थाले कोषबाट पैसा लगेको तीन महीनाभित्रमा ऋण लगानी गरिसक्नुपर्ने नियम छ । तर, कतिपय बैंक तथा वित्तीय संस्थाले कोषबाट पैसा लिएको एक वर्षसम्म पनि कतै लगानी नगरेको भेटिएको छ ।

पश्चिमाञ्चल ग्रामीण विकास बैंकले कोषबाट रकम लगेर लामो समयसम्म पनि लगानी नगरेपछि कारबाही गर्नुपरेको कोषका उपाध्यक्ष डा. पुण्यप्रसाद रेग्मीले बताए । रकम लगेर लामो समयसम्म पनि लगानी नगरेपछि उसलाई स्पष्टीकरण मागेर रकम फिर्ता लिएको रेग्मीले बताए । “हामीसँग सात प्रतिशत ब्याजदरमा ऋण लगेर १२ प्रतिशतमा जनतालाई दिने भनेकोमा उसले वर्ष दिनसम्म २२ प्रतिशत ब्याज खाएर बस्यो” उपाध्यक्ष रेग्मीले भने “पछि पुलिस लगाउँछु भनेर सात प्रतिशत ब्याजसहित फिर्ता लिनुपऱ्यो ।”

राइजिङ्ग डेभलपमेण्ट बैंक, नारायणगढका कर्जा विभाग प्रमुख ऋषिराम ढकाल भने आफूले कोषको निर्देशिका अनुसारै लगानी गरेको बताउँछन् । “यसमा गरीब र विपन्नभन्दा पनि बेरोजगार भनेकाले दिएको हो, धनीले नपाउने गरीबले पाउने भन्ने छैन, जो बेरोजगार छ उसले पाएको छ, निर्देशिका अनुसार भएको छ” उनले भने “केही पेशामा संलग्न छन्, रोजगारमा संलग्न छ, तिर्न सक्छ भन्नेलाई नै दिने हो हामीले पनि तिर्न सक्ने मान्छे हेर्नैं पर्छ ।”

नारायणगढको त्रिवेणी विकास बैंकले चाहिं स्वीकृत भएको रकम पनि लिएन । कोषले पहिलो किस्तामा दिएको रु.३० लाख जगतपुरको कृषक समूहमा लगानी गरेपछि उसले दोस्रो

किस्ताको लागि रकम मागसमेत गरेको छैन। "थरीथरीका मान्छेहरू आउँछन्, थरीथरीका कुरा गर्छन्, कसका कुरा पत्याउने कसको नपत्याउने ?" बैंकका कार्यकारी प्रमुख सागर घिमिरेले भने "कार्यक्रम राम्रो भएर रकम माग गऱ्यौं र केहीलाई लगानी पनि गऱ्यौं तर अब भने रकम नलिने टुङ्गोमा पुगेका छौं।"

युवा स्वरोजगार कार्यक्रमबाट बेरोजगार युवाहरू ठगिएको भए पनि ऋण लगानी गर्ने बैंक तथा वित्तीय संस्थाहरू र तालीम दिने उद्योग वाणिज्य संघहरूले राम्रो नाफा कमाएका छन्। मेची उद्योग वाणिज्य संघले युवा स्वरोजगार कार्यक्रम चलाएपछि करीब रु.१२ लाख नाफा गऱ्यो। उसले केही रकम थपेर मेचीनगर नगरपालिका वडा नं. १ मा चार कट्ठा जग्गा जोडेको छ।

"हामीले म्यानेजमेन्ट राम्रो गऱ्यौं, उद्योग वाणिज्य सघंको ट्रेनिङ हल प्रयोग गऱ्यौं, सचिवालयका पदाधिकारीहरू आफैं खट्यौं र संस्थामा हामीले १२/१५ लाख जोगायौं" मेची उद्योग वाणिज्य संघका कार्यकारी निर्देशक गोपाल बस्नेतले भने "त्यो पैसामा केही पैसा थपेर चार कट्ठा जग्गा किन्यौं, स्वरोजगारको सम्पत्ति भनेर त्यसलाई सम्झन्छौं। मेचीनगर वडा नं. १ मा २० लाखमा जग्गा किन्यौं।"

उद्योग वाणिज्य संघ चितवनले त्यतिबेला बचेको पैसाले चेम्बर पार्क र कार्यालय परिसरमा क्याटरिङ हल छाउन खर्च गरेको छ। "तालीम चलाउन निकै मिहिनेत पनि गर्नुपऱ्यो", उद्योग वाणिज्य संघ चितवनका वरिष्ठ उपाध्यक्ष कल्याण जोशीले भने "त्यसबाट बचेको रकमले केही उपयोगी काममा खर्च गर्न पायौं।"

सरकारले बेरोजगारलाई तालीम र पैसा दिने हल्ला सुनेर पनि सुनसरी हाँसपोसा-४, महुलियाका देवीप्रसाद अधिकारीले त्यसलाई पत्याएनन्। "हल्ला चाहिं सुनेको हो तर नेतामै सीमित हुने कुरा हो, कार्यान्वयन गराउँदैन भनेर फर्म चाहिं भरिएन" अधिकारीले भने "थाहा नै भएर त होइन, नेपालका नेताहरूले बोलेको सबै लागू भएको त छैन, त्यसैले हो।"

आफू बेरोजगारै भएर पनि भरतपुर ११ कि शान्ति कुमालले पनि फर्म भर्न गइनन्। "फर्म भर्दा पैसा लाग्ने, तालीम लिएर पनि तत्काल पैसा नपाइने र पटकपटक धाइरहनुपर्ने बुझेर साथीहरूले फर्म भरौं भन्दा पनि मानिनँ" शान्तिले भनिन्, "सरकारले दिने भनेको पैसा सजिलै त कहाँ पाइन्छ र? अहिले त नभरेकै ठीक भएछ।" सुनसरी हाँसपोसाका देवीप्रसाद र भरतपुरकी शान्तिले जस्तै सरकारको कार्यक्रम नपत्याउनेहरूको संख्या धेरै छ। त्यसैले त फर्म भरेर पनि धेरै युवाहरू तालीममा सहभागी हुनै आएनन्। तालीम लिएर पनि ऋणका लागि धाउँदाधाउँदै दिक्क भएकाहरू पनि अहिले आफू ठगिएको महसूस गरिरहेका छन्।

"यतिबेला चाहिं हामीलाई ठगेकै हो भन्यौं हामीले, त्यसरी तालीम दियो त्यति गरायो, जनतालाई ठगेको रहेछ भन्ने लागेको छ" नवलपरासी मुकुन्दपुरकी माया पौडेल भन्छिन्, "दुई तीनचोटि फोन गर्दा पनि केही उत्तर नदिएपछि त फाल्टु गर्न बोलाएको रहेछ।"

मायालाई जस्तै झापा धुलाबारीका धनबहादुर खड्कालाई पनि ठगिएको लागेको छ। "कम ब्याजमा विना धितो ऋण पाइन्छ भनेर गएको। धितो राखेर त अरू बैंकले पनि

दिइहाल्छन् नि !" खड्काले भने बैंकमा चर्को ब्याज तिर्नुपर्छ, सरकारलाई भए चर्को ब्याज तिर्नुपर्दैन भनेर भरेको हो ।

यो कार्यक्रमलाई असफल भैसकेको बताउनेहरूको पनि अहिले कमी छैन । मोरङ व्यापार संघका अध्यक्ष अविनाश बोहराले पनि यस्तै बुझेका छन् । "नेपाल उद्योग वाणिज्य महासंघले ल्याएको हुनाले हामीले सञ्चालन गरेका हौं", उनले भने "सरकारले डिजाइन विना नै ल्याएको हुनाले पूर्ण रूपमा फ्लप भएको प्रोग्राम हो ।"

यो कार्यक्रम राम्रो हो पनि भन्ने तर यसलाई लागू हुन नदिने दोहोरो भूमिका कतिपय व्यक्ति र संघसंस्थाले खेलिरहेको कोषका उपाध्यक्ष रेग्मी बताउँछन् । उनले जनताको तलब रकमबाट कट्टा गरेर गरीब र विपन्नलाई सहयोग गर्न सङ्कलन गरिएको रकम दुरुपयोग हुन नदिने बताए । उनले कोषले सरकारी बैंक र केही सहकारीमार्फत लक्षित वर्गमा लगानी गर्ने योजना बनाएको जानकारी दिए ।

(२०६९ **कात्तिक २ गतेको** ***पारदर्शी*** **दैनिकमा प्रकाशित**)



डा. बाबुराम भट्टराई कर्णबहादुर बिष्टका साथ मोटरसाइकलमा सवार हुँदै ।





तस्करले काटेको वन ।



जंगलभित्र राजमार्ग ।

तृष्णा कुँवर



# तस्करका साथमा प्रधानमन्त्री

डा. बाबुराम भट्टराई महाकाली नदीको लामो झोलुङ्गे पुलमा सयर गर्दैछन् *(हे. फोटो)*। उनलाई आफ्नो मोटरसाइकलका पछाडि राखेर यात्रा गराउने 'सवारी मन्त्री' हुन्- एमाओवादीका स्थानीय नेता कर्णबहादुर बिष्ट। भीमदत्त नगरपालिका-३ का यी बिष्ट कन्चनपुरको शहीद स्मृति सामुदायिक वन उपभोक्ता समितिका अध्यक्ष पनि हुन्।

वन फँडानी गरी काठ तस्करी गर्न वन क्षेत्रभित्र अवैध रूपमा बाटो खनेको अभियोगमा जेलको हावा खाइसकेका छन् कर्णबहादुर बिष्टले। कन्चनपुर जिल्लाका वन अधिकृत रमेशबहादुर चन्दले 'अवैध काठ ओसार्ने उद्देश्यले डडेल्धुराको चुरे क्षेत्रसम्म बाटो खनेबापत' यी बिष्टसहित दुई जनालाई १९ पुस २०६८ मा पक्राउ गरी थुनामा राखेका थिए। हरिया रूखको सवारी चलाउन अवैध बाटो खन्ने अर्का व्यक्ति थिए गणेश सामुदायिक वनका अध्यक्ष, सुडा गाविस-७ का चन्द्रकान्त भट्ट। तर प्रमका दाहिना भएकाले यी दुवै जनाले धेरै दिन जेलमा बस्नु परेन। पक्राउ परेको चौथो दिन २२ पुसमा नै धरौटीमा छुटकारा पाइहाले।

### काठ तस्करीका लागि सडकको जालो

कतिपय जिल्लाका सदरमुकामले आजसम्म सडकको मुख देख्न पाएका छैनन्। तर सुदूरपश्चिमको चुरे क्षेत्रका वनमा चाहिं काठ ओसार्न अनेकौं फराकिला सडक बनेका छन्। सबै सडकहरूले चुरे क्षेत्रका सामुदायिक वनहरूलाई पूर्व-पश्चिम राजमार्गसँग जोडेका छन्। डडेल्धुराको जोगबुडा गाविसको वडा नं. ४, ५, ६ र ९ बाट चारवटा, डडेल्धुराकै आलिताल गाविसको ५ र ६ नं. वडाबाट दुइटा, कन्चनपुरको सुडा र दैजी गाविसबाट

दुइटा अनि भीमदत्त नगरपालिका अन्तर्गतको ब्रह्मदेवबाट एउटा गरी यस्ता नौवटा सडक निर्माण गरिएका छन् ।

२०६८ कात्तिक-मंसीरमा काठ तस्कर र तिनका मतियारहरूले करोडौं रुपैयाँ खर्च गरेर बनाएका यी सडकको कुल लम्बाइ ५० किलोमिटरभन्दा बढी छ । यसका निम्ति झण्डै दुई महीनासम्मै नौवटा डोजर रातदिन प्रयोग गरिएको स्थानीय बासिन्दाहरू बताउँछन् । एमाओवादीका केन्द्रीय सदस्य जगतबहादुर पार्की लगायतको नेतृत्वमा खनिएका यी सडक निर्माण गर्ने क्रममा धाकधम्की दिएर जोगबुडा गाविसका बासिन्दालाई समेत काम लगाइएको थियो । कसैले विरोध गरेमा 'कारबाही' गरिने चर्को धम्कीका कारण गाउँलेहरू त्यसबेला चूपचाप काम गर्न बाध्य भएका मात्र थिएनन्, आज पनि आफ्नो नाम उल्लेख गरेर तस्कर र तिनका मतियारहरूबारे बोल्न हिम्मत गर्दैनन् ।

रमाइलो त के भने, दुई-दुई महीनासम्म ठूलो तामझामका साथ जोडतोडले यी सडकको 'निर्माण कार्य' चलिरहँदा पनि स्थानीय प्रशासन र वन कार्यालयका पदाधिकारीहरूले 'केही पनि थाहा पाएनन् ।' बीचबीचमा ड्यूटी पूरा गर्न गस्ती टोलीहरू नहिंड्ने होइनन् तर न तिनीहरू काठ तस्करहरूका अगाडि केही बोल्न सक्थे, न त तिनले ढालेका विशाल रूखहरू नै देख्न सक्थे । २०६८ मंसीर ९ गते ब्रह्मदेव रेन्ज पोस्टबाट गएको गस्ती टोली शहीद स्मृति सामुदायिक वनको पाटनी ढुंगा वन क्षेत्रमा पुग्दा त्यहाँ दर्जनौं मजदूर र डोजर प्रयोग गरी धमाधम अवैध बाटो खनिंदै थियो । तर टोलीले त्यो काम रोक्न सकेन । बरु बाटो खनाउने नाइके, उक्त सामुदायिक वनका अध्यक्ष कर्णबहादुर बिष्टलाई नै 'बाटो निर्माण कार्य बन्द गराइदिन अनुरोध' गरेर फर्कियो । त्यसको १७ दिनपछि, मंसीर २६ गते कन्चनपुर जिल्ला वन कार्यालय फिल्ड निरीक्षणका लागि त्यहाँ पुग्दा पनि दृश्य लगभग उस्तै थियो; बाटो बनिसक्न लागेको थियो । तर वन कार्यालयले पनि काम रोकाएन बरु 'डोजर लगाई बाटो निर्माण गर्दा के-कति रूख-बिरुवा नोक्सान भए, सोको विवरण खुलाई पठाउन' सहायक वन अधिकृत गोपालदत्त जोशीले उनै कर्णबहादुरलाई अनुरोध (चलानी नं १०२०, मिति २०६८/६/२६) पठाए ।

## ...उसकै ठूलो स्वर !

'सवारी मन्त्री' कर्णबहादुर यस्ता पत्रबाट के डराउँथे ? उनले वन कार्यालयलाई तुरुन्तै लिखित जवाफ पठाए– "शहीद स्मृति सामुदायिक वन उपभोक्ता समितिको निर्णय र कार्ययोजना बमोजिम मैले उक्त समितिको अध्यक्षको हैसियतले डोजरबाट प्रति घण्टा १५ सय रुपैयाँ भाडा दिने गरी फायरलाइन मर्मत गराएको हुँ । यसमा अरू कसैको संलग्नता छैन ।"

वनको कुनै पाटोमा अकस्मात् आगलागी भयो भने अर्को पाटोमा आगो नपुगोस् भनेर बीचमा केही रूखहरू काटी एउटा लाइन निर्माण गरिन्छ जसलाई फायरलाइन भनिन्छ । फायरलाइन बनाउन जिल्ला वन कार्यालयको स्वीकृति चाहिन्छ र वनका कर्मचारीहरूकै उपस्थितिमा यो काम सम्पन्न हुनुपर्छ । सामुदायिक वनले आफ्नो तजबीजमा फायरलाइन

बनाउन पाउँदैन । कर्णबहादुरले बाटो बनाएको क्षेत्रमा न फायरलाइन पर्दथ्यो, न त उनले यसका लागि अनुमति नै लिएका थिए। फायरलाइनको कुरा दिउँसै रात पार्ने झूट मात्र थियो । गणेश सामुदायिक वनका अध्यक्ष चन्द्रकान्त भट्टले पनि वन कार्यालयलाई फायरलाइन निर्माण लगायतका गोलमटोल कुरा गरेर अल्झाउन खोजेका थिए।

यसबीचमा ब्रह्मदेव रेन्ज पोष्ट र बेतकोट रेन्ज पोष्टले क्रमश: शहीद स्मृति सामुदायिक वनमा साढे दुई किलोमिटर र गणेश सामुदायिक वनमा तीन किलोमिटर अवैध बाटो खनिएको प्रतिवेदन दिए। यी दुई सामुदायिक वनका अध्यक्षहरूले वन क्षेत्रभित्र विना इजाजत बाटो खनेको पुष्टि भएपछि उनीहरूलाई वन ऐन २०४९ को दफा ५० (क) बमोजिम एक वर्ष कैद र दश हजार रुपैयाँ जरिवानाको दाबीसहित मुद्दा चलाइयो।

२०६८ पुस २२ गते कन्चनपुर जिल्ला वन कार्यालयले उनीहरूको बयान लियो। जिल्ला वन अधिकृत रमेश चन्दको इजलासमा कर्णबहादुरले भने– '२०६८ मंसीर ७, १४ र १५ गते शहीद स्मृति सामुदायिक वनको नर्सरीदेखि पाटनी ढुंगा क्षेत्रसम्म डोजर लगाई बाटो निर्माण गराएको हुँ। डोजर नं. बा १ क ७२८२ हो। डोजर धनी मालिका निर्माण सेवाका संचालक, भीमदत्त नगरपालिका-१८ बस्ने रघुवीर साउद हो । निर्माण गरिएको बाटोको लम्बाइ तीन किलोमिटर र चौडाइ दुईमिटर जति छ । पाँचदेखि ६ किलोमिटर बाटो खन्ने लक्ष्य थियो।' त्यहाँ पनि उनले वन उपभोक्ता समितिको निर्णय बमोजिम बाटो खनिएको बताए । बयानमा उनले स्पष्ट शब्दमा भनेका थिए– 'यहाँ बाटो खन्ने स्वीकृति मैले कुनै निकायबाट लिएको छैन।' कर्णबहादुरकै सहयोगी, भीमदत्त नगरपालिकाका रामबहादुर जप्रेल समेतका मानिसले त्यसभन्दा दुई दिनअघि, पुस २० गते गरिएको सरजमिन मुचुल्कामा उनको कर्तुत खोलेर बयान दिएका थिए।

पुस २२ गते कर्णबहादुरसँगै बयान दिने चन्द्रकान्त भट्टले पनि वन उपभोक्ता समितिको निर्णय अनुसार नै आफूले वनमा बाटो बनाएको बताएका छन्। यसका लागि प्रतिघण्टा १८०० रुपैयाँको दरले डोजर प्रयोग गरेको बताउँदै डोजर धनी र चालकलाई आफूले नचिनेको र डोजर नम्बर बिर्सेको उनले बयान दिए।

चन्द्रकान्तले २०६८ कात्तिक ११ गते आफ्नै अध्यक्षतामा बैठक राखी गणेश सामुदायिक वनभित्र बाटो बनाउने मात्र होइन ढलापडा 'काठदाउरा' संकलन गर्ने समेत प्रस्ताव पारित गराएका थिए । त्यसमा साल, खयर लगायतका काठ कटानी-ढुवानी गर्ने मजदूरलाई प्रतिक्युफिट ३० रुपैयाँ ज्याला तोकिएको थियो। वनबाट १६ लाख मूल्य बराबरका दाउरा र ३० लाख मूल्य बराबरका काठ झिक्ने योजनामा वन अधिकृतबाट स्वीकृति लिएका थिए। त्यसरी संकलन गरिने १८ हजार ७४० क्युफिट काठ र २७५ चट्टा दाउरा घाटगद्दीमा राख्ने समेत निर्णय भएको थियो। सडक बन्यो, योजना मुताबिक काठ र दाउरा वनबाट झिकियो तर साराका सारा काठ-दाउरा बीचमै हरायो, घाटगद्दीमा पुगेन। उनीमाथि वनमा तीन किलोमिटरको एउटा बाटो खनेको मात्र मुद्दा चलाइएको छ।

## तनहूँबाट उफ्रेर डडेल्धुरा

कर्णबहादुर र चन्द्रकान्तमाथि त जे-जस्तो भए पनि वनले कारबाही गर्‍यो। तर जल्दोबल्दो पार्टीका सभासद् र केन्द्रीय नेताहरू नै काठ तस्करीका निम्ति वनमार्ग बनाउने धन्दामा लागेपछि तिनीहरूलाई कारबाही गर्ने आँट वनका कर्मचारीमा कसरी आओस् ?

आकर्षण पनि कति चर्को ? तनहूँ जिल्लाबाट संविधानसभामा पुगेका एमाओवादीका तत्कालीन सभासद् भीमप्रसाद गौतमले आफ्नो जिल्ला र निर्वाचन क्षेत्रलाई लोप्पा खुवाउँदै निर्वाचन क्षेत्र विकास कार्यक्रम अन्तर्गत आफूले पाएको रु.१० लाख डडेल्धुरामा वनमार्ग निर्माणका लागि 'लगानी' गर्न पुगे । उनले दिएको पैसाबाट चुरे क्षेत्रका विभिन्न सामुदायिक वनलाई राजमार्गसम्म जोड्न (आलिताल गाविसको घरेलुदेखि जोगबुडा गाविसको गाईबाधेसम्म) सडक खनिएको छ। २०६८ पुसमा निर्माण शुरू गरेर चैतमा सम्पन्न भएको यस सडकले काठ तस्करीमा उल्लेखनीय योगदान पुर्‍याएको छ ।

सभासद् गौतमले यस कामका लागि आलिताल-६ का किसनबहादुर धामीलाई आफ्नो प्रतिनिधि बनाई अख्तियारी दिएका थिए भने एमाओवादीका केन्द्रीय सदस्य जगतबहादुर पार्कीले यस कार्यमा संरक्षकको भूमिका खेलेका थिए। धामी र पार्की समेतको सक्रियतामा २०६८ मंसीर २५ गते बसेको 'आम भेला' ले यो सडक बनाउने निर्णय मात्र गरेन, 'यस कार्यमा अवरोध पुर्‍याउने जो कसैलाई पनि कारबाही गरिने' समेत निर्णय गरेको थियो । निर्णय सार्वजनिक गरिएपछि कतैबाट अवरोध पनि आएन ।

यसबाहेक, जगतबहादुर पार्कीले आफ्नै एकल नेतृत्वमा समेत चुरेको वनलाई राजमार्गसँग जोड्ने बाटो निर्माण गरेका छन् । सडक आसपासका करीब दुई दर्जन सामुदायिक वनहरूमा पार्कीले रूख कटानी गर्दै आएको बताउँछन् गाउँलेहरू । यसैगरी, डडेल्धुराकै तत्कालीन माओवादी सभासद् हरिलाल थापाले पनि 'वनमार्ग' बनाउन रकम लगानी गर्दै आएका छन् ।

काठ तस्करका समूहले डडेल्धुराको सामुदायिक वनमा तीनवटा सडक बनाएको छ जसको कुल लम्बाइ करीब ३० किलोमिटर छ। समूहमा एमाओवादीका डडेल्धुरा जिल्ला कमिटी सदस्य धनबहादुर धामी (विवेक), वाईसीएल जिल्ला इन्चार्ज एके धामी (अथक), मिलन धानुकसहित स्थानीय माओवादी कार्यकर्ताहरू, नेपाली कांग्रेस-जोगबुडाका कमल सिंह साउद, बुद्धि धामीलगायत रहेका छन्। कन्चनपुरको सुडामा काठ मील चलाउँदै आएका ठेकेदार पवन सिंहले यसका निम्ति तीन वटा डोजरको जोरजाम गरेका थिए।

## काठ तस्करको रजाइँ

वनको नियम अनुसार, सामुदायिक वनमा कसैले पनि रकम लगानी गरेर काठ लैजान पाउँदैन । तर यहाँ सामुदायिक वन दर्ता गराउने काम नै कन्चनपुरका काठ व्यापारी र काठ तस्करको संलग्नतामा शुरू भएको थियो। वन दर्ता गर्नेदेखि अन्य विभिन्न खर्च समेत तिनले बेहोरेका थिए। वन कटानी गर्नुभन्दा केही महीना अगाडिदेखि नै उनीहरू स्थानीय

क्याम्पस, विद्यालय र अन्य संस्थामा 'सहयोग गर्ने' आश्वासन बाँड्छन् । 'अवरोध' गरे ठीक नहुने धम्की दिन्छन् । फलत: वन मासिंदा, तस्करीका लागि सडक बन्दा र काठ तस्करी हुँदा समेत स्थानीय जनता मौन बस्ने गरेका छन् ।

डडेल्धुरा जिल्लामा काठ काट्ने ठेकेदारका रूपमा भीमबहादुर साउदको नाम बहुचर्चित छ । उनले विभिन्न वनबाट हरेक वर्ष लाखौं क्युफिट काठ लैजाने गरेको स्वयं वनका कर्मचारीहरू नै बताउँछन् । जगतबहादुर पार्की, पवन सिंह, लालबहादुर बोहरा आदिको समेत सहयोगमा चुरे क्षेत्रका एक दर्जन सामुदायिक वनमा दह्रो पकड बनाएका साउद विद्यालय भवन अथवा सानातिना निर्माण कार्य गरिदिएर गाउँलेहरूलाई हातमा लिन माहिर छन्। रूख कटानी र काठ तस्करीको विरोध गरेमा 'गाउँमा नबसे पनि हुन्छ' भन्ने धम्की उनको टोलीले दिने गरेको छ ।

## हेर्दाहेर्दै गायब

रूख काटेर लडाइएका गिण्डा (करीब ६ फीट लामा मूढा) वन कर्मचारीहरूले जताततै भेट्छन् यहाँका सामुदायिक वनमा। त्यसपछि वन कार्यालयले त्यसको रेखदेख शुरू गर्छ। अनि रेखदेखकै बीचमा साराका सारा गिण्डा अचानक गायब हुने गर्छन् । अघिल्लो दिन लडिरहेका गिण्डा दोस्रो दिन हुँदैनन् र वन कार्यालय 'काठ हराएको' रिपोर्ट बनाएर आफ्नो कर्तव्य पूरा भएको ठान्छ ।

२०६८ कात्तिक र मंसीर महीनामा वैजनाथ सामुदायिक वन (साव) मा ५५ वटा रूख काटिएका र तिनका २४४ थान गिण्डा भेटिएका थिए। एडिवन सावले त्यही साल पुसमा २८ रूख काटेर १०३ गिण्डा बनाएको थियो । २०६९ जेठमा वन कर्मचारीहरूले त्यहाँ अवैध कटान गरिएका ४७० गिण्डा फेला पारे । जगदम्बा सावमा ५२, नवदुर्गामा ६४३, ग्वाँसी समैजीमा ७३९, रंगुनीभीरमा २००, दुर्गाभगवतीमा १०२३ र वसन्त हरियाली सावमा ५२१ गिण्डा भेटिएका थिए । तर यी सम्पूर्ण गिण्डा रेखदेखका बीचमै हराएका छन्। जिल्ला वन कार्यालयको रेकर्ड अनुसार कुल ३७११ गिण्डा (करीब १५ हजार क्युफिट काठ) यसरी हराएको छ। यस क्रममा वसन्त हरियाली सावमा १० हजार क्युफीटभन्दा बढी काठ अवैध कटानी भएको छ। खोटो संकलनका लागि टेपिङ गरिएको एउटा पनि रूख बाँकी छैन।

काठ तस्करीले पूरै क्षेत्र ज्यादै बदनाम भयो भनेर चौतर्फी दबाब परेपछि कन्चनपुरका जिल्ला वन अधिकृत लालनारायण सिंहले २०६८ चैत २३ गते पर्चा खडा गरेर जिल्लाका २४ वटा काठ मीललाई एक-एक हजार रुपैयाँ जरिवाना गर्दै सातबुँदे निर्देशन थमाए । अवैध काठको डंगुर थुपारेर रातदिन चिरानीमा व्यस्त रहेका कन्चनपुरका जयफेदा समील, गोविन्द समील, घनश्याम समीललगायतका काठ मीलहरू कडा कानूनी कारबाहीको दायरामा आएनन् ।

**मन्त्रालयको संलग्नता**

२०६६ साल दशैंताका २४ जिल्लामा व्यापक वन कटानी शुरू भएको थियो। कैलाली, कन्चनपुर, डडेल्धुरा, सर्खेत, बाँके, बर्दिया, नवलपरासी, कपिलवस्तु, दाङ, अर्घाखाँची, रूपन्देही, पाँचथर, इलाम, झापा, मोरङ, सुनसरी, उदयपुर, मकवानपुर, बारब, सर्लाही, रौतहट, सिन्धुली र महोत्तरीका जंगलहरू वैध, अवैध कटानीको चपेटामा परे। त्यसबेला देशका प्रधानमन्त्री माधवकुमार नेपाल, वनमन्त्री दीपक बोहरा र वन विभागका महानिर्देशक माधव आचार्य थिए। वनबाट 'लाभ' उठाउने बारेमा उनीहरू एकमत भएका थिए।

स्थिति निकै चर्केपछि २०६७ जेठ १८ गते व्यवस्थापिका-संसद्को प्राकृतिक स्रोत र साधन समितिले सभासद् रामकुमार शर्माको संयोजकत्वमा 'वन संरक्षण समस्या अध्ययन उपसमिति' गठन गऱ्यो। समितिले सात वटा टोली गठन गरेर २७ जिल्लाका वनको स्थिति अध्ययन गरी प्रतिवेदन दियो जसमा मेचीदेखि महाकालीसम्म व्यापक रूपमा वन फँडानी एवं कटानी भएको र त्यसमा वनका जिम्मेवार पदाधिकारीहरू संलग्न रहेको उल्लेख गरिएको थियो। काठ ठेकेदारहरूले सामुदायिक वनबाट प्रति क्युफीट काठ २५० देखि ३०० रुपैयाँमा खरीद गरेर तीन हजार रुपैयाँसम्ममा बेच्ने गरेको पनि प्रतिवेदनले बताएको थियो। त्यसपछि संसद्ले सबैखाले वनमा काठ, दाउरा कटानी रोक्न कटानी भइसकेकाको ओसारपसार र बिक्री-वितरण पूर्ण रूपमा बन्द गराउन वन तथा भूसंरक्षण मन्त्रालयलाई निर्देशन दियो। मन्त्रालयले वन विभाग तथा क्षेत्रीय वन निर्देशनालयहरूलाई सोही अनुसारको निर्देशन दिने औपचारिकता पूरा गऱ्यो। तर न वन कटानी र काठ तस्करीको गति कम भयो न त मन्त्रालय वा वनमन्त्रीले नै यसप्रति कुनै उत्सुकता देखाए।

यसै क्रममा सरकारले पूर्व मुख्य न्यायाधीश गोविन्दप्रसाद पराजुलीको अध्यक्षतामा २०६७ साउन २८ गते 'वन अतिक्रमण, वन विनाश तथा सामुदायिक वन सम्बन्धी उच्चस्तरीय जाँचबुझ आयोग' गठन गऱ्यो। आयोगले काम शुरू गरेको तीन हप्ता बित्न नपाउँदै वन सचिव युवराज भुसाल छटपटिन थाले। उनले भदौ ३० गते आफ्नै अध्यक्षतामा बैठक बसालेर असारसम्ममा चिरान भइसकेका काठको ओसारपसार फुकुवा गरिदिन आयोगमा सिफारिस पठाए। यसको लगत्तै सम्बन्धित महाशाखा प्रमुखले पनि त्यस्तै बैठक बसालेर लगभग उही बेहोराको सिफारिस आयोगमा पठाए। त्यतिले काम नबन्ने देखेपछि वन सचिव भुसालले मंसीर १६ गते आफ्नो अध्यक्षतामा अर्को बैठक बसालेर 'संयन्त्र गठन गरी काठ तथा दाउरा ओसारपसार फुकुवा गर्ने' निर्णय गराए र त्यो निर्णय प्रस्तावका रूपमा वनमन्त्रीमार्फत मन्त्रिपरिषद्मा पेश गराए। वनमन्त्रीको जोडका बाबजूद मन्त्रिपरिषद्ले प्रस्ताव पारित गरेन। यसबीच, पराजुली आयोगले माघमा बुझाएको प्रतिवेदनलाई मन्त्रालयले फासफुस बनाइसकेको थियो। त्यसपछि चैत २ गते वन विभागका महानिर्देशकको अध्यक्षतामा बैठक बसालेर विभिन्न कामका लागि काठको बिक्री-वितरण र ओसारपसार फुकुवा गर्न वनमन्त्रीलाई अनुरोधपत्र पठाए। यस क्रममा

तत्कालीन वनमन्त्री दीपक बोहरा, वन सचिव युवराज भुसाल र वन विभागका महानिर्देशक गोपालकुमार श्रेष्ठले यस्तो बाधा फुकुवा नगरेमा 'राजस्वमा प्रतिकूल असर पर्न जाने' तर्क दिएका थिए– व्यवस्थापिका संसद् र मन्त्रिपरिषद्मा ।

यसैबीच यो 'तिकडी' लाई सहयोग पुऱ्याउन काठ व्यवसायी संघका अध्यक्ष कपिल अधिकारीले 'लिलाम स्वीकृत भइसकेका काठ-दाउराको ओसारपसार फुकुवा गरिपाउन' सर्वोच्च अदालतमा रीट हालेका थिए। २०६८ जेठ आइपुग्दा नपुग्दै यिनीहरूको मोर्चाले विजय पायो । जेठ ९ गते तत्कालीन वनमन्त्री भानुभक्त जोशीको अध्यक्षतामा बसेको बैठकले मोर्चाको 'ड्राफ्ट' बमोजिम मन्त्रीस्तरीय निर्णय गरिदियो । यसरी बाटो खुलेपछि नै वनको विनाश द्रुतगतिमा, निर्वाध रूपले हुन थाल्यो । काठ तस्करहरूलाई दशैं आयो र सामुदायिक वनका पदाधिकारीहरू पनि मौकामा चौका हान्ने होडबाजीमा लागे । त्यसपछि आजसम्म कति वन विनाश भयो र कति काठ तस्करी भयो त्यसको पूर्ण विवरण कसैसँग छैन ।

## अख्तियारको ढोंग

यस क्रममा सुदूरपश्चिमका १०८ सामुदायिक वनका ५०० भन्दा बढी क्षेत्रमा सरपट (रूख जति सिनित्तै पारेर) वन फँडानी भएको छ। यसैबीच, तीन महीनाअघि, अख्तियार दुरुपयोग अनुसन्धान आयोगले एक पाटोको मात्र अध्ययन गरेर करीब साढे सात लाख क्युफीट काठ (पाँच लाख क्युफीट साल र ऋन्डै सवा लाख क्युफीट सल्लो समेत) काटिएको दाबी गरेको छ । स-साना कर्मचारी र सामान्य मानिसहरूलाई कारबाहीको दायरामा पारे पनि अख्तियारले वन विनाशका मूल दोषी ठूला ठेकेदार, तस्कर, सचिव, मन्त्री, पूर्वसभासद् र नेताहरूतर्फ औंलो ठड्याउन सकेको छैन ।

सन् २०११ लाई संयुक्त राष्ट्रसंघले विश्वभर 'रूख नकाट्ने वर्ष' का रूपमा मनाएको थियो । तर नेपालमा चाहिं वन मन्त्रालयको तत्परतामा काठ तस्करहरूले 'काठ काट्ने वर्ष' का रूपमा मनाए। हिन्दीमा उखान छ, 'जब सैयाँ भए कोतवाल, तब डर काहेका !' प्रधानमन्त्रीको 'हात' मात्र होइन 'साथ' नै पाएपछि काठ तस्करहरूलाई छुने कसका बाबुको के पिताम ?

(**२०६९ फागुन ५ गतेको *पश्चिम नेपाल* दैनिकमा प्रकाशित**)



निरन्तरको वन फडानीका कारण बाढी र पहिरोले बगरमा परिणत डडेलधुरा जोगबुढाको रंगुन उपत्यका ।



डोटीको बुडर नजिक चुरे वन क्षेत्रमा फडानी गरी अलपत्र परेका सल्लाका गोलियाहरू ।



अवैध रूपमा वन क्षेत्र फडानी गरी जोगबुढा क्षेत्रमा बनाइएका घर टहराहरू ।



चुरे क्षेत्रमा भएको व्यापक वन फडानीको स्थलगत निरीक्षणमा आएको वन मन्त्रालयको उच्चस्तरीय छानविन टोली जोगबुढामा ।

# वन माफियाको धन्धा

२०५८ सालमा आफ्नो गाउँ रङ्गुनबाट खाडी मुलुक ओमानको टलेक्स कम्पनीमा काम गर्न गएका जोगबुढाका खडक भाट पाँच वर्षपछि २०६४ असोजमा घर फर्कंदा उनले आफ्नो गाउँ पत्ता लगाउनै सकेनन्। गाउँ भेट्टाएपछि पनि घर भेट्टाउन सकेनन्। उनले भने– मेरो १७ रोपनी जमीन र घर त बगर पो भइसकेको रहेछ।"

२०६२ असोज २ मा आएको बाढीले यहाँको १२२ परिवारको घरखेत बगायो। बाढीमा परी एकै रातमा ३२ जनाको ज्यान गयो। बगेकाहरू अधिकांश बेपत्ता छन्। बाँचेकामध्ये केही परिवार सामुदायिक वन माथिको रामपुर डाँडामा बसेका छन् भने केही बाटोछेउको जमीनमा बसेका छन्। अरूको जमीनमा शरण लिएर बस्नेहरू धेरै छन्।

भाटले भने, "मैले पढेको विद्यालय र सामुदायिक भवन भएको ठाउँमा बाढीको मुख्य भँगालो बगिरहेको छ। हाम्रो गाउँ नै ढुंगेबगर भयो। प्रकृतिदेवीले नराम्ररी दण्ड दिइन्।"

रोजगारी गर्न मलेशियामा तीन वर्ष बसेर फर्कंदा दलबहादुर मगरले पनि आफ्नो गाउँ भेटेनन्। उनले दुःख पोखे, "२०६२ को ठूलो बाढीले आधा गाउँ लग्दा मेरो सबै गयो। बाँकी गाउँ चाहिं चुरेबाट आउने ७ वटा भन्दा बढी खहरेले बगर बनाइदियो। तातोपानीको मूल र गाउँमाथिको खैरेपानीको धारो पनि बगर भयो। अनि यस वर्ष, साउन ३ गतेको बाढीले पट्रयानी गाउँ पनि बगाएपछि जोगबुढा गाविसको वडा नं २ नै सकियो।"

यहाँ ७०० रोपनीमा आवादी बसेको थियो, अहिले ५० रोपनी जति बाँकी छ। गाविसका सबै वडाका बासिन्दाहरू पाँच वर्षदेखि लगातार बसाइँ सर्दैछन्। पीडितहरू भन्छन्, "ठूलाले वन खाए, बाढीले गाउँ खायो। वनमाराले पैसा कमाए, गरीबहरूले सास्ती पाए।"

## बोलाइएको विपत्ति

२०६१ देखि २०६७ सालसम्म चुरे जंगलको सबैभन्दा माथिल्लो भेक मलाश र मध्यभेक जोगबुढाका जंगल भित्र दर्जनौं सडक बने। दलका ठूला नेता र वन प्रशासनका उच्च अधिकारीहरूको संरक्षणमा सक्रिय रहेका संगठित वन तस्करहरूले सुदूरपश्चिमको पहाडी र मैदानी भागमा रहेका राष्ट्रिय तथा सामुदायिक वनहरूको विनाश गर्न यसै बाटोलाई प्रयोग गरे। वन मासिएपछि चुरेको कमजोर भूबनोटमा खलल आयो। अनि यहाँ बाढीको प्रकोप चल्न थाल्यो। फलत: बस्तीहरू बगरमा परिणत भए, गाउँहरू मरुभूमि बने।

चुरे प्राविका प्रधानाध्यापक पदम विष्टले भने, "वन खाए नेताले, गाउँ खायो बाढीले। हामी खतरामा पर्‍यौं। कैलाली र कञ्चनपुरका धेरै बस्तीहरू कुनै पनि बेला बगर हुने अवस्थामा छन्। चुरेको वन विनाश गर्नेहरूले बुडर, धनगढी, महेन्द्रनगर र काठमाडौंमा महल ठड्याए। उनीहरूले दिएको चन्दाले नेताहरूले चुनाव जिते। तर जोगबुढा उपत्यका भने मरुभूमि बन्यो।" चुरे संरक्षण अभियान (चुसंअ) का संयोजक नरबहादुर बिष्ट भन्छन्, "कैलाली र कन्चनपुरका ७२ हजार मानिसको जीविकाको आधार यही १० वर्षभित्रमा सखाप भो।"

## डोजर लागेको वन

डडेलधुराका शीर्ष, आलिताल र जोगबुढा समेत तीन गाविसलाई रङ्गुन उपत्यका भनेर चिनिन्छ। यहाँ भने डोजर लगाएरै वन मासियो। यहाँको सुन्दरी, डसेरा र सिद्धनाथ सामुदायिक वनमा तस्करहरूको रजाईं चल्यो। यो क्षेत्र अहिले वनविहीन भैसकेको छ। चुरेको यसै क्षेत्रबाट आउने खहरेको बाढीले कन्चनपुर र कैलालीको घाडीघाँच क्षेत्र तहसनहस हुँदैछ। यहाँबाट विस्थापित भएका मानिसहरू विभिन्न ठाउँको जंगल काटेर बसोबास गर्न गएकाले अन्य जंगल पनि मासिँदैछन्।

चुरेको कन्चनपुरतर्फको पानीढला क्षेत्रबाट वन कटानी शुरू गरेर तस्करहरूले घाडीघाँचको भावरक्षेत्र र त्यहाँभन्दा केही माथिदेखि डडेलधुराको मलाशसम्मको वन सखाप पारे। स्थानीय शिक्षक चन्द्रबहादुर डाँगी भन्छन्, "यहाँ वन पनि रहेन, बस्ती पनि रहेन। खहरेले रङ्गुन उपत्यका र पुन्तुरा गाउँ नै सखाप पारिदियो।"

घरखेत बगेपछि रङ्गुन पारिको परीगाउँ सरेका, रङ्गुन गाउँका पूर्व बासिन्दा चन्द्र डाँगीले भने, "यहाँ अब कसैको पनि जीविकाको आधार बाँकी छैन।" अर्का पीडित कृष्ण भाटले भने, "गाउँमा विद्यालय, खानेपानी, सहकारी भवन, बिजुली बाल्ने सोलार र मोटर बाटो ल्याउने लोभ देखाएर स्थानीय नेता र तस्करहरूले रङ्गुन गाउँ माथिको सिद्धनाथ सामुदायिक वन फाँडेपछि यहाँ उग्र बाढी आयो। गाउँ बगर बने। अहिले वन पनि छैन, बस्ती पनि छैन।"

## सरकारी अभियान

२०५१ सालमा सरकारले नयाँ आवादीका रूख काट्न पाउने अनुमति दिएपछि जोगबुढामा वन तस्करहरू सक्रिय भए। यिनले वन काट्न थालेपछि, जंगल पातलिँदै गए, बस्ती बढ्दै गए।

२०५२ अघि राष्ट्रिय वनलाई समुदायमा हस्तान्तरण गर्ने नीति शुरू भएपछि वनमा व्यावसायिक तस्करहरू पनि पसे। दैजी-जोगबुढा सडक निर्माण गर्ने क्रममा तिनले वन फँडानी गरे। अनि सामुदायिक वन भित्रै पसेर वन मासे।

वन प्राविधिक संघका केन्द्रीय अध्यक्ष रहिसकेका जिल्ला वन प्रमुख देवेशमणि त्रिपाठीको पालामा यहाँ जथाभावी सामुदायिक वन बनाइए। तिनले वन व्यवस्थापनका नाममा व्यापक फडानी गरे। अनि वन हस्तान्तरण र फँडानी सँगसँगै चल्न थाल्यो।

कांग्रेस र एमालेका स्थानीय नेताहरूको पहलमा यस क्षेत्रमा समुदायलाई वन हस्तान्तरण गर्ने प्रक्रिया शुरू भएको थियो। तर संकटकालको समयमा माओवादीले सबै वन नियन्त्रणमा लिए। संकटकालका पाँच वर्ष यहाँका तीनवटै गाविसमा, माओवादीका तत्कालीन कमान्डर शेरसिंह माल 'डायमण्ड' को नेतृत्वमा वन दर्ता हुने, कटानी हुने र तस्करी हुने क्रम चल्यो। यसपछि एमाओवादी केन्द्रीय सदस्य जगत पार्की, नेता तथा पूर्व मन्त्री लेखराज भट्टका भाइ गोकर्ण भट्ट, माओवादी नेता शेरसिंह माल, कांग्रेस नेता भीमबहादुर साउद, तारीसिंह बोहरा, एमाले नेता बहादुर महता जस्ता बलिया स्थानीय र केन्द्रीय नेताहरूको संरक्षण र संलग्नतामा वन फँडानी भयो।

२०५८ साल चैतमा तत्कालीन मन्त्रिपरिषद्ले वन व्यवस्थापन गर्ने नीति ल्याएर काठ व्यवसायीहरूलाई समेत एक पक्ष बनाइदिएपछि यहाँ वनका काठ ओसार्न स-मील र व्यापारीका ट्रकहरू छिरे।

२०६१ सालमा वन विनाश तीव्र भयो। त्यसै बेलादेखि वनमा बस्ती र बस्तीमा बाढी पस्न थाल्यो। अहिले भजनथलाको संरक्षित घना वनमा ४०० बढी परिवारको बस्ती बसेको छ भने रङ्गुन उपत्यका बगर बनेको छ।

## सामुदायिक वनको खोलमा

जोगबुढा क्षेत्रको चुरेदेखि कैलाली, कन्चनपुरको भावर क्षेत्रसम्मका संरक्षित वनमा तस्करहरूको प्रवेश सामुदायिक वनमार्फत नै भएको थियो। यहाँ २०४६ देखि नै तस्करहरू सक्रिय भए तापनि २०५१ यता भने संगठित रूपमा, व्यावसायिक तरीकाले वन फँडानी भयो।

२०४६–२०५६ बीचको १० वर्षमा देशमा १० वटा सरकार बने। एमालेको १० महीने समयमा सामुदायिक वनका पदाधिकारीहरूले वन व्यवस्थापनका नाममा सामुदायिक वनबाट उपभोक्ताको आवश्यकता पूर्ति गर्न काठ दाउरा झिक्न पाउने निर्णय गराए। यसबेला सामुदायिक वनमा एमालेका कार्यकर्ताहरूको कब्जा थियो। हाल बझाङमा कार्यरत जिल्ला वन अधिकृत रमेश चन्द भन्छन्, "सरकारको त्यो निर्णय नै उचित थिएन।"

सन् ७० को दशकको मध्यकालदेखि सरकारले वन संरक्षणका लागि सामुदायिक वन कार्यक्रम अन्तर्गत समुदायलाई संरक्षणका लागि वन हस्तान्तरण गर्दा तस्करहरूले वन समिति कब्जा गर्ने मौका पाए। रमेश चन्दले खुलासा गरे, "यस क्षेत्रको चुरेबाट काठ चोरीनिकासी हुन थालेको १५ वर्ष भयो। त्यसबेलाको सरकारले सामुदायिक वनमा पनि रूख काट्न दिने निर्णय दिएको थियो।"

सन् ९० को दशकमा वनमा अतिक्रमण शुरू भयो। यतिबेलासम्म सामुदायिक वनमा तस्करहरूले पूर्णत: कब्जा जमाइसकेका थिए। स्थानीय नेताले वन मन्त्रालयका उच्च अधिकारी र मन्त्रीलाई समेत प्रभावमा लिइसकेका थिए।

सामुदायिक वन उपभोक्ता समितिकै दबाबमा सरकारले सन् १९९३ मा वन गुरुयोजना र १९९४ मा वन ऐन र नियमावलीहरू ल्यायो। जसमा उपभोक्तालाई राष्ट्रिय तथा सामुदायिक वनको व्यवस्थापन गर्न सहभागी बनाइएको थियो। उपभोक्ताहरूले राष्ट्रिय तथा सामुदायिक वनबाट काठ, दाउरा, घाँस तथा अन्य स्रोत निकाल्न, बेच्न र स्रोत उपभोग गर्न समेत पाउने भएपछि तस्करहरूलाई सजिलो भयो।

सन् १९९५ मा गठन भएको सामुदायिक वन उपभोक्ता महासंघ (फेकोफन) ले विदेशी सहयोगमा वन मन्त्रालयको समानान्तर हैसियत बनायो। यसले सामुदायिक वन समूह दर्ता गर्ने, वन हस्तान्तरण गराउने र वनको सम्पूर्ण जिम्मेवारी उपभोक्तालाई दिलाउने काम आफैं गर्न थाल्यो। वन अधिकारी रमेश चन्द भन्छन्, "सामुदायिक वन उपभोक्ता महासंघको गठन भएपछि वनको सुरक्षा कमजोर भयो। वन नोक्सानी भैरहेको अवस्थामा पनि महासंघले सामुदायिक वनका पदाधिकारीहरूकै पक्षमा आन्दोलन चलाएर तिनलाई संरक्षण दिए। वन व्यवस्थापन गर्ने नाममा तस्करहरू पसेर सामुदायिक वन समितिहरू गठन गर्न थाले।"

## संरक्षण नीतिको उल्लंघन

सामुदायिक वनबाट एकपटक काठ दाउरा निकालेपछि तीन वर्षसम्म निकाल्न नपाउने कानूनी व्यवस्था छ। तर फेकोफनको गठनपछि दर्ता भएका सामुदायिक वन समितिले भने कानून उल्लंघन गर्दै प्रत्येक वर्ष काठ दाउरा निकाल्न थाले। यतिले नपुगेर एकपटक दर्ता भएको सामुदायिक वनलाई टुक्र्याएर दर्ता गर्न थाले। सामुदायिक वन टुक्र्याउनुको खास उद्देश्य चाहिं वन फँडानी गर्न पाउने अधिकार प्राप्त गर्नुथियो।

२०५४ सालमा दिलबहादुर समै थापा अध्यक्ष बनेर दर्ता भएको डडेलधुराको सिद्धनाथ सामुदायिक वन सग्लो ७५० हेक्टर क्षेत्रफलको थियो। यहाँ अहिले वन छैन। यहाँको रूख काटेर नसकिंदासम्म ६ जना अध्यक्ष भए। धर्मबहादुर थापाले बताए, "दिलबहादुरको पालामा वन टुक्रियो। त्यसपछि पनि तीन पटक टुक्रिएको नयाँ सामुदायिक वन जति फाँडेर सिध्याए।" उनले थपे, "प्रख्यात परशुरामधामसँग जोडेर नयाँ बनाइएको बांगघाट परशुराम सामुदायिक वन र जानकी भाट अध्यक्ष रहेको महिला सामुदायिक वन पूरै उजाडियो।

स्थानीय कृष्ण भाट भन्छन्, "वनमा रूख हुँदासम्म अध्यक्ष हुन जिल्ला तहका नेताले हानाथाप गर्थे। अहिले वन सकियो, अध्यक्ष हुन कोही मान्दैनन्।"

## जिल्ला वनको कर्तुत

जिल्ला वन कार्यालय डडेलधुराको तथ्याङ्क अनुसार, पछिल्लो आठ वर्षमा आलिताल, शीर्ष र जोगबुढामा ३०० भन्दा बढी सामुदायिक वन हस्तान्तरण भए। कुनै वडामा ४

वटासम्म सामुदायिक वन बनाइए। डीएफओहरू धनी चन्द ठकुरी र देवेशमणि त्रिपाठीको पालामा ती वनहरू दर्ता भएका थिए।

२०६७ यता डडेलधुरा र कन्चनपुर जिल्लामा तीन जना वन प्रमुख भए। धनीचन्द ठकुरी दुईपटकसम्म डडेलधुरामा बसे। रमेश चन्द कन्चनपुर र डडेलधुरामा छुट्टाछुट्टै समयमा वन प्रमुख भए। यसबीच छोटो समयका लागि पञ्चलाल साह, मुरारी शर्मा र बुद्धि रिजाल डडेलधुराको वन प्रमुख भए। यही समयमा वन फँडानी र जंगलमा सडक निर्माण गर्ने कार्य व्यापक भए।

२०६२ मै यहाँ १०८ सामुदायिक वन बनेका थिए। यिनै वनमा सामुदायिक वन समितिकै निर्णयमा वन फँडानी भए। स्थानीयहरू भन्छन्, "सबै सामुदायिक वनका अधिकांश पदाधिकारीहरू औंठाछाप थिए। दिलबहादुर समैदेखि लक्ष्मी धामीसम्मका अध्यक्ष निरक्षर थिए।"

अख्तियारले मुद्दा लगाएको १०८ वनमध्ये ३७ वटा वनका पदाधिकारी औंठाछाप थिए। निर्णय लिने काम जति वनकर्मी र तस्करहरूले गर्दथे, हस्ताक्षर चाहिं उनीहरूले गर्थे। तर दिलबहादुर समै थापा पश्चात्ताप गर्दैनन्। उनी भन्छन्, "वनै सकियो, बस्ती बग्यो। हामी विस्थापित भयौं, अब दोष देखाएर के हुन्छ?" डीएफओ रमेश चन्द भन्छन्, "ठूला नेताहरूको संरक्षणमा वन विनाश गर्नेहरू किन हच्कन्थे!"

## वनमारा लगानी

अख्तियार र वन मन्त्रालयले वन फँडानीको अनुसन्धान गरेर सामान्य मानिसमाथि मुद्दा चलायो। तर वन विनाशमा लगानी गर्ने तस्कर र तिनलाई संरक्षण दिने नेतालाई कुनै कानूनले छुन सकेन। वन फँडानी गर्न लगानी गरेको आरोप लागेकाहरू भन्छन्, "राज्यलाई कर तिरेर वनको काम गर्ने मान्छे कसरी तस्कर हुन्छन्? हामीलाई तस्कर भन्न मिल्छ?"

यस भेगमा बाटो निर्माण गर्न जिल्ला विकास समिति डडेलधुराले ठूलै लगानी गरेको थियो। जनसहभागितामा आधारित कार्यक्रम अन्तर्गत जिविसले घनाजंगल चिरेर सडक बनाउन सरकारी कोष नै खन्यायो। कन्चनपुरको ब्रह्मदेवदेखि जोगबुढाको सांदनी, जफतीदेखि शीर्ष गाविसको सलुन हुँदै जंगलै जंगल लगिएको ब्रह्मदेव-सांदनी-जफती-कुर्मुले-सलुन–शीर्ष सडक यसैको उदाहरण हो। यसमा डडेलधुरा जिविसले करोडौं लगानी गरेको छ। सडक डिभिजन कुलपाते अन्तर्गत मात्रै रु.१ करोड ५० लाख भन्दा बढी लगानी भएको छ।

आलिताल गाविसको चुरे रेञ्जको सामुदायिक वन भित्र निर्माण भएका सडकका लागि डा. बाबुराम सरकारका मन्त्री भीमप्रसाद गौतमले सांसद् विकास कोषबाटै रु.१० लाख लगानी गरे। लमजुङका बासिन्दा भए पनि उनी सांसद् कोषको रकम खर्च गर्न डडेलधुराको वन क्षेत्रमा पुगे। यस्ता रकमबाट चुरेको सामुदायिक वनबाट रूख ओसार्नका लागि डोजर नै लगाइयो।

जोगबुढावासी भन्छन्, "त्यसबेला वन प्रशासन झोलामा चल्थ्यो। वन कर्मचारीहरू झोलामै टाँचा र कागजपत्र बोकेर वन डुल्थे। तस्करहरू चाहिं विद्यालय, युवा क्लब, खेलकुद विकास, बाटो, पुलेसो आदिलाई चन्दा दिंदै हिंड्थे। कसैले विरोध गरेनन्।"

शीर्ष गाविसको भागेश्वर उमाविलाई चन्दा दिने भनेर देशकै सबैभन्दा उम्दा सालको जंगल मानिने भजनथला वनमा, राज्यले प्रतिबन्ध लगाएको बेला तस्करहरूले फँडानी गरे। यहाँबाट ३५०० क्यूफीट काठ झिक्ने कटानी आदेश भए पनि ७२ हजार क्यूफीट काठ झिकियो। वन मन्त्रालयका तत्कालीन सहसचिव कृष्णचन्द्र पौडेल यस वनको निरीक्षण गर्न आए। तर वन सचिव हुने वित्तिकै यहाँ काटिएको काठ निकासी गराउन उनी आफैं आए।

२०६७ असार ३ गते मन्त्रिपरिषद्ले देशका २४ जिल्लामा वन सम्बन्धी कुनै पनि काम गर्न प्रतिबन्ध लगाउने निर्णय गरेको एक हप्तापछि तत्कालीन क्षेत्रीय वन निर्देशक अशोक ढुंगानाले भजनथलाको जंगल काट्न स्वीकृति दिए। २०६७ सम्म घना जंगल रहेको भजनथलामा यसै स्वीकृतिले वन काटिएपछि अहिले त्यहाँ ४०० बढी परिवारले छाप्रो हालेका छन्। शीर्ष गाविसको भागेश्वर उमाविलाई सहयोग गर्ने नाममा भजनथलाको घना वन काटिएपछि शीर्ष, आलिताल र जोगबुढाका अधिकांश विद्यालयमा चुरे फँडानीको लगानी गयो। कतै शिक्षक राख्ने निहुँमा त कतै विद्यालय भवन, शौचालय, खेल मैदान बनाउने नाममा वन फँडानी गर्ने वातावरण बनाइयो।

## अख्तियारको ठट्टा

यस भेगमा एकै वर्षमा १० लाख क्यूफीट काठ दिने हरिया रूख कटानी भएको बताएर अख्तियारले १०८ वटा सामुदायिक वनका पदाधिकारीमाथि विशेष अदालतमा मुद्दा चलायो। तर उनीहरू पनि ५/५ हजार रुपैयाँ धरौटी राखेर छुटिसके।

स्थानीयहरू भन्छन्, “अख्तियारले ठट्टा गर्दो रहेछ।” संरक्षण संयोजक नरबहादुर बिष्टले भने, “१० लाख क्यूफीट हरिया काठ तस्करी गर्नेहरू भनेर शीर्ष र जोगबुढाका राउटे, निरक्षर मजदूर, वन समितिका अध्यक्ष र सचिवलाई मुद्दा लगाए। तिनको हैसियत न त डोजर लगाउने थियो, न वनमा राजमार्ग खोल्ने नै।”

जोगबुढाका उपभोक्ताहरू भन्छन्, “हामीले त वन कर्मचारी, काठ व्यवसायी र स-मीलवाला मिलेर काम गरेको देखेका हौं।” तर काठ व्यवसायीहरू भने आफूहरूले सरकारी राजस्व बुझाएर काठ लगेको दाबी गर्छन्। पीडित जोगबुढावासी भन्छन्, “कसले कति काठ नियमपूर्वक र कति काठ वन प्रशासनको मिलेमतोमा फँडानी गरे भन्ने कुरा यकिन गर्न उच्चस्तरीय छानबीन आयोग गठन भए मात्र आफूहरूलाई काठ व्यवसायीको श्रेणीमा राख्नेहरूको कर्तुत उदाङ्गिने थियो।”

तथ्य बोल्छ, धनीचन्द ठकुरीको समयमा मात्र यहाँका सामुदायिक वनबाट २३ हजार भन्दा बढी क्यूफीट काठ काटिएको थियो। अख्तियारले पनि कार्ययोजना भन्दा सयौं गुणा बढी काठ काटिएको उल्लेख गरेको छ।

चुरे संरक्षण संयोजक नरबहादुर बिष्ट भन्छन्, “यहाँ त लेखिए भन्दा २० गुणा बढी रूख काटिएको छ। स्वतन्त्र आयोग गठन गरेर छानबीन नहुँदासम्म वन विनाशको वास्तविक परिमाण, तस्कर र तिनका संरक्षकको पहिचान हुन सक्तैन।”

**(२०७१ साउन ३१ गतेको *कान्तिपुर* दैनिकमा प्रकाशित)**

कृष्णमुरारी भण्डारी

३२

# यसरी हुँदोरहेछ वनमा भ्रष्टाचार

**क्षेत्रफलको हिसाबले लगभग एकचौथाइ वन समुदायको संरक्षणमा पुगेको छ भने बाँकी तीनचौथाइ सरकारी कर्मचारीको नियन्त्रणमा छ। कति सरकारी वन संरक्षण र विनाश भैरहेछ ? एक करोडभन्दा बढी जनताको संलग्नतामा सञ्चालन भैरहेको करीब पच्चीस प्रतिशत वन कस्तो अवस्थामा छ ? तलब खाएर कर्मचारीले नियन्त्रण गरेको पचहत्तर प्रतिशत वनमा के भैरहेको छ ? पत्रकार, नागरिक समाज, वनविद् र सरोकारवालाको ध्यान जानुपर्ने विषय यो हो ।**

डडेल्धुराका सामुदायिक वनभित्रका बहुचर्चित भ्रष्टाचारबारे लेखेपछि वनविद्, सामुदायिक वनविद्, सामुदायिक वन महासंघ, काठ व्यापारी, वन प्रशासक, दाता संस्थाका कर्मचारी र सामुदायिक वन अधिकारवादीसँग जमेर छलफल भए । छलफलले नेपालको वन व्यवस्थापन, सरकारी, सामुदायिक र अन्य वन कार्यक्रमभित्र लुकेका कुरा उजागर भए। यसले वनभित्र कसरीसम्म भ्रष्टाचार हुने रहेछ, जानकारी पाइयो। तर वनका प्राय: जिम्मेवारको विशेषता नाम बताउन आनाकानी गर्ने हुँदोरहेछ । पत्रकारिताको धर्म पनि बताउन नचाहनेको नाम लेखिदिन नहुने !

समुदायले नेपालमा वन जोगाउन थालेपछि भएको चमत्कार जगजाहेर छ । कुनै बेलाका नांगा डाँडापाखा र चौर तथा खोलाका बगर समुदायको संरक्षणमा आएपछि ती हरिया जंगलमा परिणत भए। खोलाका बगरमा हुर्किएका रूखबिरुवाले हरियाली र काठ दाउरा मात्र दिंदैनन्, बाढीपहिरोलाई प्राकृतिक रूपमा नियन्त्रण पनि गरेका छन् । बीस-पच्चीस वर्षदेखि जनस्तरमा भैरहेको यो कार्य देशव्यापी छ । सामुदायिक वनको रूपमा हस्तान्तरण भएको वनको कुल क्षेत्रफलको २३-२४ प्रतिशत पुगेको सरकारी तथ्यांक छ ।

क्षेत्रफलको हिसाबले लगभग एकचौथाइ वन समुदायको संरक्षणमा पुगेको छ भने बाँकी तीन चौथाइ वन सरकारी कर्मचारीको नियन्त्रणमा छ। कति सरकारी वन संरक्षण र विनाश भैरहेछ ? एक करोडभन्दा बढी जनताको संलग्नतामा सञ्चालन भैरहेको करीब पच्चीस प्रतिशत वन कस्तो अवस्थामा छ ? तलब खाएर कर्मचारीले नियन्त्रण गरेको पचहत्तर प्रतिशत वनमा के भैरहेको छ ? पत्रकार, नागरिक समाज, वनविद् र सरोकारवालाको ध्यान जानुपर्ने विषय यो हो।

वन विभाग सामुदायिक वन शाखाका डा. अनुज शर्माले भने नेपालमा सामुदायिक र राष्ट्रिय वन कसको कस्तो हैसियत छ भन्ने थाहा पाउन अब धेरै कुर्नुपर्दैन। फिनल्यान्डले गरिरहेको नेपालको वन इन्भेन्ट्रीको परिणाम अब एक वर्षजतिमा बाहिर आउँछ। त्यसले कुन वन कति क्षति भयो र कुन वन बढ्यो वा क्षति भयो सत्यतथ्य वैज्ञानिक आधारमा बाहिर ल्याउँछ।

वन विज्ञानको विशिष्टता बताउँदै डा. शर्माले भने, रूख काट्ने कि नकाट्ने भन्ने सवालमा बहस भैरहेछ। रूख काट्नै हुन्न भन्ने सोच हावी भैरहेको देखिदैछ। रूख काटियो, ल अब वन सकियो भनेर होहल्ला हुन्छ तर वैज्ञानिक व्यवस्थापन गरेर अधिकतम लाभ लिने हो भने रूख काट्नै पर्छ। रूख नकाटेर वा जथाभावी काटेर नै नेपालमा वनको विकास रोकिएको हो। काठको मूल्य बढेको बढ्यै छ। यसले भ्रष्टाचार र चोरी चकारीलाई प्रोत्साहित गरिरहेछ। वनमा रुख बूढा भएर काम नलाग्ने धोद्रा बनिरहेछन्। नयाँ बिरुवा आउन, हुर्कन सकेका छैनन्। यो हाम्रो वनको दुर्भाग्य हो।

छाया वा ओस सहन नसक्ने बिरुवा नासिंदैछन्। उदाहरणका लागि, साल ओस सहने बिरुवा होइन। नयाँ साल बढ्न पुराना रूख काटेर जंगल पातल्याउनुपर्छ। उनले भने, वन उत्पादनको दुरुपयोग जसले गर्छ उसमाथि सम्बन्धित निकायले कारबाही गर्नुपर्छ।

“सबै विसंगतिको दोष सामुदायिक वनमाथि थोपर्ने हो भने त्यसले मात्र यो भार थाम्न सक्दैन”, वनविद् डा. केशव कँडेल भन्छन्। सामुदायिक वन समुदायलाई दिनुभन्दा अगाडिको वनको बेहाल नबुझी समुदायलाई हस्तान्तरण गरिएको वनको महत्त्व थाहा पाउन सकिंदैन। धादिङ जिल्लामा सामुदायिक वनको सूत्रपातकर्ता मानिने भूमिरमण नेपाल भन्छन्, “समूहका रूख ठूला र वन यति घना भैसकेको छ, काटौं रूख काटे भन्ने होहल्ला हुन्छ नकाटौं साना रूख बढ्न ठूलाले रोकेका छन्।” उनले गुनासो गर्दै थपे, “वन त वास्तवमा संयुक्त परिवार जस्तो सबै उमेर समूहका हजुरबा, आमा, छोरा-छोरी, नातिनातिना भएको जस्तो हुनुपर्छ। एकैथरी र एकै नासका रूख बिरुवा भए त ती काटेपछि वन नै रहन्न। त्यसैले सबै उमेरका बिरुवा भएको र जैविक विविधता हुने वन चाहिन्छ।”

डा. शर्माले भने, “सामुदायिक वनले राम्रो गरेन भन्ने हो भने दुई वर्ष (२०६६-६७ साल) मा मात्र सामुदायिक वनले सरकारलाई ५७ करोड रुपैयाँ त राजस्व मात्रै बुझाएको रहेछ।” बिर्सन नहुने के भने समुदायले कारोबार गरेको रकमको १५ प्रतिशत मात्र हो यो रकम। समुदायमा बाँकी ८५ प्रतिशत रकम रहँदा कति रुपैयाँ परिचालन भयो होला ? पाँच अर्ब यसरी राष्ट्रिय अर्थतन्त्रमा सामुदायिक वनले प्रत्यक्ष योगदान पुऱ्याएको छ। स्कूल,

कलेज, सिंचाइ, बाटो, स्वास्थ्य लगायत अन्य सामुदायिक विकासका अनगिन्ती काम भएको छ, वन वातावरण क्षेत्रको संरक्षण बाहेक पनि ।

सामुदायिक वनको सिद्धान्त, प्रयोग र आलोचनात्मक रूपले त्यसको मूल्यांकन गर्ने हो भने मूर्धन्य वनविद्द्वारा व्यक्त विचार मननयोग्य छन् । तर सामुदायिक वन गरीब जनताको पहलमा संरक्षण भएपछि ती वनमा धेरैको आँखा लागेको छ । बीस पच्चीस वर्ष जनताले रगतपसिना बगाएर मात्र यी वन संरक्षण भएका हुन् । रूख हुर्काएर ठूला त बनाए, तर अहिले सामुदायिक वनमा थुप्रिएको त्यही बहुमूल्य काठदाउरा उनीहरूको शोषण गर्ने आधार बनाउन खोज्दैछन् जालीफटाहा र वनमारा । यसलाई तिनै जनताको हितमा कसरी प्रयोग गर्ने ? जो कानूनसम्मत पनि होस्, वैज्ञानिक र वन व्यवस्थापन पनि होस् । संरक्षणकर्ताको जीवनस्तर आर्थिक रूपमा ह्वात्तै माथि पनि उठोस् र आम नेपालीले आफ्नै देशको काठ उचित मूल्यमा पनि पाउन् !

सामुदायिक वन सबैले जित्ने सिद्धान्त हो । यसमा कसैले हार्नुपर्दैन तर यही विशेषतालाई भुत्ते बनाउन र बद्नाम पार्न परम्परागत उपनिवेशवादी सोचका वनविद्, राष्ट्रिय काठ दाउराको पञ्चायतकालदेखि बहुदलीयकालहुँदै गणतन्त्रकालसम्म एकोहोरो दोहन गरिरहेका तस्कर, दोषी काठ व्यापारी र तिनीहरूसँग साँठगाँठ गर्ने भ्रष्टाचार मण्डलीमा रहेका कर्मचारी र राजनीतिक नेताहरूको चलखेल जारी छ । अनेक तिकडम गरेर उनीहरू जनताको सम्पत्ति अपहरण गर्न साम, दाम, दण्ड, भेदको नीति अपनाइरहेछन् ।

सामुदायिक वन कार्यक्रमलाई जनताको पक्षबाट नियालिरहेका एक सरकारी वनविद् भन्छन्, "सामुदायिक वनलाई समुदायले संरक्षण गरेको वन मात्र भनेर बुझियो भने अब त्यो सही हुँदैन । यो पद्धतिमा यति घूसपैठ भैसकेको छ, यसको अर्थ अब सरल रहेन ।"

तपाईंले कुन सामुदायिक वनको कुरा गर्नुभएको ? उनी सोध्छन् । सामुदायिक वन एउटै कानूनद्वारा सञ्चालनमा छ तर उनी मज्जाले हाँस्दै भन्न थाले, "ऐन एउटै भएर के गर्नु ? व्यवहारमा तीन चार किसिमले सामुदायिक वन हस्तान्तरण हुन थालेपछि !"

यसपछि त सामुदायिक वन किसिम नसोधी धर पाइएन । अनि उनले भने, अहिले चल्तीमा चार किसिमका सामुदायिक वन बनेका छन् । पहिलो, समुदाय जागेर सबै विधि चरण पुऱ्याएर बनाइएका वन । दोस्रो, वन कर्मचारीले आफ्नो स्वार्थ पूरा गर्न बनाएका वन । तेस्रो वन तस्कर र ठेकेदारले काठ हात पार्न बनाएका सामुदायिक वन । चौथो, स्कूल, प्लस टू क्याम्पस, स्वास्थ्यचौकी, सिंचाइ कुला निम्ति बनाइएका सामुदायिक वन । फिस्स हाँस्दै उनले सांकेतिक रूपमा सोधे, तपाईंले खोजी गरिरहेको कुन सामुदायिक वनभित्रको कथाव्यथा हो ? उनले अझै सोधे, तपाईंले फेकोफनका सदस्य नबनेका समूहहरूको विश्लेषण गर्नुभएको छ ? हस्तान्तरण भएका र नभएका वनको खोजी गर्नुभएको छ ? समूहलाई हस्तान्तरण भएका १८ हजार सामुदायिक वनमध्ये कतिवटा फेकोफनका सदस्य छन् र सदस्य नबनेका कतिवटा समूह छन् ? फेकोफन किन मेरा सदस्य यति नभनेर हस्तान्तरण भएका सबै समूहको प्रतिनिधि आफू हो भन्ने गर्छ ? र किन फेकोफनका सदस्य नभएका समूह म फेकोफनमा छैन भन्दैनन् ? यसको कारण खोज्नुभएको छ ? नखोजेको कुरा कसरी

खोजेको छु भन्ने ? यति भन्न पाएको छैन उनले अर्को सवाल तेर्स्याए- जुन जोगबुढा जानुभयो, अख्तियारले मुद्दा चलाएका त्यहाँका १०८ समूहमध्ये कतिवटा फेकोफनका सदस्य रहेछन् ? बुझ्नुभयो ? कति वन कर्मचारीका र कतिवटा काठ तस्कर र व्यापारीका सामुदायिक वनसमूह रहेछन् ? थाहा पाउनुभयो ?

डा. कँडेल स्रोत व्यवस्थापनमा चनाखो नबन्ने हो भने वरदानका रूपमा प्राप्त प्राकृतिक स्रोत अभिशाप बन्न वेर नलाग्ने बताउँछन्। उनले अफ्रिकी मुलुक नाइजेरियाको उदाहरण दिँदै भने पेट्रोलमा धनी त्यो मुलुक त्यसैको द्वन्द्वमा भासिन सक्छ। नाइजेरिया र हामीमा के मात्र भिन्नता छ भने उसकहाँ तेल छ हामीकहाँ वन जंगल र पानी ! यसकै लागि हिंसा हुने हो भने अभिशाप भोग्न हामीले पनि अन्यत्रको उदाहरण खोजिरहन पर्दैन।

(२०६८ **पुस ११ गतेको *अन्नपूर्ण पोष्ट* दैनिकमा प्रकाशित**)

■ गणेश चौधरी

३३

# कैलाली : वनमाथि वक्रदृष्टि

मालाखेती, दमौराका हरि भाटले गत वैशाखमा सोही ठाउँ बस्ने नन्दादेवी कुँवरका दुवै हात खुकुरीले छप्काउने कोशिश गरे। नन्दादेवी जसोतसो हात जोगाउन त सफल भइन् तर उनका दुइटै हातमा गम्भीर चोट लाग्यो। भाटलाई केही दिनअघि सामुदायिक वनको जग्गा अतिक्रमण गरेको आरोपमा वन कार्यालयले पक्राउ गरेको थियो। आफूलाई नन्दादेवीले नै पोलेर पक्राएको भन्दै भाटले उनीमाथि आक्रमण गरेका थिए। यद्यपि, वन संरक्षणमा संलग्न नन्दादेवीकै आग्रहमा भाट थुनामुक्त भएका थिए।

केही वर्षयता मुलुकमा सबैभन्दा बढी वन अतिक्रमण भएको जिल्ला मानिने कैलालीमा वन अतिक्रमण, वन विनाश र काठ तस्करीका सिलसिलामा सानातिना आक्रमण र प्रत्याक्रमण असामान्य घटना मानिन छाडेका छन्। त्यसैले यस्ता घटनाको खासै चर्चा हुँदैन। कैलालीमा वन विनाशलाई सरकारले समेत गम्भीरतासाथ लिन छाडेको कुरा ६ वर्षयता यहाँको वन सम्बन्धी तथ्यांकसम्म पनि नवीकरण नगरिएकोबाट स्पष्ट हुन्छ। कैलाली जिल्ला वन कार्यालयले तयार पारेको तथ्यांक अनुसार २०६२ सालमा यहाँ २ लाख १६ हजार ४३७ हेक्टर वन थियो भने २०६३ सालमा अर्थात् एकवर्षभित्रै साढे १० हजार हेक्टर वन मासिएर २ लाख ५ हजार ९३९ हेक्टर मात्र बाँकी रहेको थियो। त्यसपछि आजका मितिसम्म 'अपडेटेड' तथ्यांक प्रकाशित भएको छैन, यद्यपि यस अवधिमा विभिन्न कारणले वन अतिक्रमण निकै तीव्र भएको छ। कैलाली जिल्ला वन कार्यालयका प्रमुख राजेन्द्रमान सिंह भण्डारी भन्छन्, "माओवादी सैन्य शिविर, मुक्त कमैया र सुकुम्बासीको बसोबास तथा धार्मिक, शैक्षिक प्रयोजन आदिका नाममा यस अवधिमा कैलालीको करीब २१ हजार हेक्टर वन अतिक्रमण भएको छ।"

माओवादी शान्ति प्रक्रियामा आएपछि साडेपानी गाविसको जरै भन्ने ठाउँमा स्थानीय माओवादी नेता खडक तिरुवाको अगुवाइमा जंगल फाँडेर ४७५ घरधुरीले बसोबास



कैलालीको बलचौरस्थित वन अतिक्रमण गरी बनाइएको मुक्त कमैया बस्ती ।



बसन्ता कोरिडोर क्षेत्रको वनमा घर बनाउँदै ।



वन कर्मचारीले पक्राउ गरी इलाका वन कार्यालय लम्कीमा राखिएको चिरान काठ ।



कैलालीको चुरे क्षेत्रमा काठ चिरान हुँदै ।



कैलालीको खैलाड गाविसको भुरुवामा अवैध रूपमा काटिएका काठ ।



कैलालीको बलिया गाविसमा वन अतिक्रमण गरी बनाइएको लम्की बहुमुखी क्याम्पस ।





काठ तस्करबाट बरामद गरिएका काठ ।

गरिरहेका छन् । डडेल्धुरा, कालीकोट, बझाङ, सुर्खेत, दैलेख, डोटी र कैलालीका मानिसहरू माओवादीको आडमा सुकुम्बासीका नाममा यहाँ बस्न थालेका हुन् । रेन्जर चन्द्रकान्त मिश्रका अनुसार करीब १४० हेक्टर जंगल फाँडेर यो बस्ती बसेको छ ।

यस्तै, रतनपुर गाविस अन्तर्गत ३६५ परिवार रहेको सिङ्गो भुइयाफाटा गाउँ २०६४ सालपछि बसन्ता जंगलमा सरेको छ । यस क्रममा २० हेक्टर भन्दा बढी वन सखाप पारिएको छ । यसैबीच, बसन्ताको केन्द्र मानिने रामपुर क्षेत्रमा करीब ६०० घरधुरी वन अतिक्रमण गरेर बस्न थालेका छन् ।

लालबोझी गाविस अन्तर्गतको हिक्मतपुर गाउँ पनि क्रमशः बसन्ता वन क्षेत्र भित्रै सरेको छ । १०३ घर भएको यस बस्तीका प्रत्येक परिवारले ५ कट्ठादेखि १ बिघासम्म जग्गा आफ्नो बनाएका छन् । यिनीहरूलाई वनले उठाउने कोशिश नगरेको होइन । तर वनको केही लागेन । गाउँका सहायक बडघर अन्तराम चौधरी भन्छन्, “नेपाली कांग्रेसका नेता टेकबहादुर चोख्यालले सहयोग गरेकाले मात्र हामी यहाँ बस्न सकेका हौं ।”

कैलालीका सहजपुर, बडैपुर, लालबन्द र गोरारे गरी चार ठाउँमा २०६४ सालमा माओवादी शिविर स्थापना भए । सहजपुर शिविर करीब ३ बिघामा र अन्य ३ वटा शिविर करीब १०-१० बिघामा फैलिएका छन् । शिविरका नाममा वन क्षेत्र अतिक्रमण गर्नुका साथै त्यहाँका हजारौं रूख काटिएको छ ।

संविधानसभा निर्वाचनका बेला पीरु वन नामका व्यक्तिले पहाडतिरबाट करीब डेढसय घरधुरी ल्याएर मालाखेतीको वनमा बसाए । जो जहाँ बसेको छ त्यो जग्गा निर्वाचनपछि उसैको नाममा दर्ता गराइदिने आश्वासन उनले दिएका थिए । यस्तो आश्वासनका कारण आफूलाई बाढीपीडित दाबी गर्ने थुप्रैले पनि वन अतिक्रमण गरेर स-साना बस्ती बसाएका छन् । वन कार्यालयले खोजी गर्न थालेपछि पीरु वन स्वयं भने फरार भएका छन् ।

यही मेसोमा विद्यालय, क्याम्पस, खेलमैदान, मठमन्दिर आदिका नाममा पनि पछिल्लो चरणमा वन अतिक्रमण बढेको बताउँछन्- जिल्ला वन प्रमुख भण्डारी । हुन पनि लम्कीमा रहेको लम्की बहुमुखी क्याम्पसले जंगलमै आफ्नो भव्य भवन निर्माण गर्न लागेको छ भने भजनीस्थित महुन्याल बहुमुखी क्याम्पसले पनि महुन्याल सामुदायिक वनमै क्याम्पस भवन बनाउन थालेको छ ।

वन अतिक्रमणका साथै अवैध रूख काट्ने र काठ तस्करी गर्ने धन्दा पनि कैलालीमा निकै फस्टाएको छ । खैलाड गाविसमा पर्ने तीनवटा प्रस्तावित सामुदायिक वनहरू सोनपाल, सिर्जनशील र सिद्धबाबामा गत पुसमा हजारौं क्युफीट काठका गोलिया चोरी निकासी भए । यसै क्रममा पुस १३ गते स्थानीय बासिन्दाले तस्करहरूबाट ३८७ क्युफीट गोलिया बरामद गरे । त्यसको लगत्तै तीनैवटा सामुदायिक वनका अध्यक्षहरू क्रमशः छेदु राजी, भक्ला राजी र भुन्टे राजी फरार भए । यसैबीच तीनवटा मोटरसाइकलमा आएका तराई भू-परिधि कार्यक्रम (ताल) का रेन्जर नारायण झा, वनपाले कालीचरण चौधरी आदिले ‘घटना नचर्काउन’ स्थानीय बासिन्दालाई दबाब दिएका थिए । उनीहरूले नमानेपछि वन कार्यालय कारबाही अघि बढाउन बाध्य भयो तर भुन्टे राजी पक्राउ पर्नु बाहेक हालसम्म कुनै

उपलब्धि हासिल भएको छैन। रेन्जर नारायण झा भन्छन्, "वन कार्यालयका कर्मचारीले मेरो मोटरसाइकल मागेपछि म पनि उनीहरूसँगै गएको हुँ, हामीले त्यहाँ काठ तस्कर देखेनौं र फर्कियौं।"

चुरे भावर क्षेत्र पनि वन फँडानीको व्यापक चपेटामा परेको छ। खासगरी गोठ राख्ने बहानामा मानिसहरू जंगलमा बस्न थाल्ने र काठ तस्करीमा संलग्न हुने वनका अधिकारीहरू बताउँछन्। एक हजारभन्दा बढी अवैध घरटहरा चुरे भावर क्षेत्रमा ठडिइसकेको उनीहरूको प्रारम्भिक आकलन छ। चुरे भावरमा भएको वन फँडानीले त्यहाँ बाढी र पहिरोको तीव्रता बढाउँदै लगेको छ भने बगेर आएको गेग्यानले मोहना लगायतका नदीहरूको सतह पुरिँदै गएर गाउँमा पानी पस्ने समस्या थपिएको छ। गाउँमा पानी पस्न थालेपछि नै भुइयाफाटा लगायतका गाउँहरू वन क्षेत्रभित्र प्रतिस्थापित हुँदै गएका हुन्।

वन अतिक्रमणको क्रम कैलालीमा नयाँ होइन। डोटीका बाढीपीडित करीब पाँचसय परिवारलाई पी.एच. भट्टले श्रीपुर गाविस अन्तर्गतका तीनवटा सामुदायिक वनमा २०४३ सालमै बसाएका थिए। उनी प्रत्येक परिवारसँग पाँच हजार रुपैयाँसम्म शुल्क लिएर आफ्नो धन्दा चलाउँथे। विभिन्न ठाउँमा वन अतिक्रमण गराएकाले पटकपटक पक्राउ पनि परे तर उनको धन्दा रोकिएन। वन अतिक्रमण गराउने अर्का व्यक्ति थिए चन्द्रबहादुर मडै जसले नेकपा मार्क्सवादीको भ्रातृ संगठनका रूपमा 'सर्वहारा सुकुम्बासी मोर्चा' खोलेरै काम गरे। प्रति कट्ठा पाँच सय रुपैयाँका दरले 'शुल्क' उठाएर उनले झण्डै १० हजार कथित सुकुम्बासीलाई आफ्नो मोर्चाको सदस्य बनाएका थिए र बसन्ता तथा भजनीको वन क्षेत्रमा बसाएका थिए। कर्णाली पीडित समूह र आन्तरिक शरणार्थी समूहका नाममा हजारौं मानिसले बलचौर, साढेपानी, दोदोधराको वनमा बस्न गरेको प्रयास असफल भएपछि उनले तिनलाई पनि समेटेका थिए। मडैले सुकुम्बासीका नाममा अकूत दौलत कमाएको देखेर चन्द्रबहादुर सावदले पनि 'सुकुम्बासी उत्थान समाज' खोलेर त्यस्तै काम शुरू गरेका थिए तर २०५८ भदौमा कैलालीको हरैयामा उनी पक्राउ परे।

अतिक्रमणकारीको दुस्साहस २०५७ सालमा उत्कर्षमा थियो। त्यसवेला उनीहरूले आफूलाई वनबाट हटाउन खोज्ने वन कार्यालयको विरोधमा जुलूस, धर्ना र चक्काजाम गरे। दुवै पक्षबीच भएको भिडन्तमा १३ जना अतिक्रमणकारी घाइते भए। पी.एच. भट्ट लगायतका नाइके पक्राउ परे र बसन्ताको वनमा बनाइएका नौ हजार अवैध घर भत्काइए। माओवादी शान्ति प्रक्रियामा आएपछि बलिया गाविसको डुडेझरीमा पनि वन अतिक्रमणकारी र प्रहरीबीच भिडन्त भयो, जसमा एक प्रहरीसहित चार जनाको ज्यान गयो। सर्वपक्षीय बैठकले सुकुम्बासीका नाममा भएको उक्त वन अतिक्रमण हटाउने निर्णय गरेको भोलिपल्ट माओवादीले 'अर्को व्यवस्था नभएसम्म' त्यसो गर्न नमिल्ने वक्तव्य निकालेपछि सबैको मुख बन्द भयो।

२०६८ सालमा सरकारले 'वन अतिक्रमण तथा व्यवस्थापन रणनीति' पारित गरेपछि कैलालीमा पनि प्रजिअको संयोजकत्वमा कार्यदल गठन भएको थियो। कार्यदलले बैठक र छलफल त गऱ्यो तर कुनै काम गर्न सकेन।

वन अतिक्रमण गरेर बस्नेहरूलाई राजनीतिक दलहरूको संरक्षण मात्र होइन विभिन्न गैससको समेत समर्थन र सहयोग प्राप्त हुने गरेको छ, जसले उनीहरूको मनोबल बढाएको छ । बसन्ता वन क्षेत्रका कर्मचारी सुरेश के.सी. भन्छन्, "ब्याकवार्ड एजुकेसन सोसाइटी (बेस), फाया नेपाल, मुक्त कमैया समाज, आरआरएन, कमैया प्रथा उन्मूलन समाज लगायतका गैससले वन अतिक्रमण गरी बसेका मुक्त कमैयाका लागि अतिक्रमित क्षेत्रमै विद्यालय निर्माण र खानेपानी योजना संचालनका लागि सहयोग गरेका छन् ।" उता, बसन्ता वन क्षेत्र अतिक्रमण गरी बसेका हिम्मतपुर गाउँका बासिन्दाले वन क्षेत्रमै २०६२ सालदेखि मनमोहन प्रावि संचालन मात्र गरेका छैनन्, अतिक्रमित बस्तीमा विद्युत् प्राधिकरणले बिजुलीको लाइन पनि विस्तार गरिदिएको छ ।

वन अतिक्रमण गरेबापत जिल्ला वन कार्यलयले कसैलाई पक्राउ गर्‍यो भने उसलाई छुटाउन विभिन्न पार्टीका नेता सक्रिय हुने गरेका छन् । जिल्ला वन अधिकृत भण्डारीका अनुसार, एमाले, माओवादी युवा संगठनका नेताहरू मदन रेग्मी, रणबहादुर चन्द लगायतले त उर्माको मोयाफाटाका वन अतिक्रमणकारीहरूलाई छुटाउन वन कार्यालयमा ताला नै लगाइदिएका थिए । त्यसवेला वन कार्यालयले एमालेका भीमबहादुर शाही र लालबहादुर रावत तथा माओवादीका बलबहादुर विक, रामबहादुर विक, शालिमान विक, डम्बर विक लगायतलाई पक्राउ गरेको थियो । राजनीतिक दबाबकै कारण, पक्राउ परेकामध्ये ९८ प्रतिशत माथि कानूनी कारबाही हुँदैन । ८० प्रतिशत भन्दा बढीलाई त स्थानीय नेताहरू आफैंले जमानत दिएर छुटाउने गरेका छन् । आव २०६७/६८ मा दर्ता भएका ९८ मुद्दामा समातिएका १६० अभियुक्तमध्ये एकजना मात्रै थुनामा परेका थिए । आव २०६८/६९ मा दर्ता भएका १८८ मुद्दामा समातिएका २९३ अभियुक्तमध्ये पनि पाँच जना मात्र थुनामा परेको जिल्ला वन कार्यालयले जानकारी दिएको छ ।

वन क्षेत्रभित्रै अवैध रूपमा काठ मील पनि संचालन हुने गरेका छन्, जसको मुख्य काम काठ तस्करी गर्नु र तस्करलाई सघाउनु हो । चुहा गाविस अन्तर्गत पर्ने दुर्गालक्ष्मी स-मीलबाट केही समयअघि ६०० क्युफीट काठ बरामद गरिएको थियो । गत वर्ष मात्र जिल्ला वन कार्यालयले यस्ता २१ वटा मीललाई कारबाही गर्‍यो । कतिपय स-मील भत्काइए । मील संचालक भने कोही पक्राउ परेनन्, एकजना खेमराज चौधरी मात्र फेला परे । यस बाहेक, वन क्षेत्र नजिकै इँटा भट्टा राखेर वनको काठ दाउरा चोरी गरी त्यसबाट भट्टा चलाउने चलन पनि देखिएको छ ।

राजनीतिक सम्पर्क र पहुँच हुनासाथ कारबाहीको भय न्यूनतम बिन्दुमा पुग्ने भएकाले कैलालीमा वन अतिक्रमण, वन विनाश र काठ तस्करी उच्चतम बिन्दुमा पुगेको हो । वनका अपराधीहरूलाई संरक्षण दिने धन्दा राजनीतिक नेताहरूले बन्द नगरेसम्म र तिनलाई कडाइका साथ दण्डसजाय गर्ने प्रचलन शुरू नभएसम्म यो क्रम रोकिन सक्दैन । त्यसो नभएसम्म नन्दादेवी जस्ताको हात काटिने क्रम पनि सम्भवत: जारी नै रहनेछ ।

(**२०६९ पुस १५ को *नेपाल* साप्ताहिकमा प्रकाशित**)





सालक

नगेन्द्र राई
एमडी कुलुङ

## ३४

# सुन्दर सालकको तस्करी

वि. सं. २०६७ जेठ ८ गते इलाका प्रहरी कार्यालय, बाह्रबिसे, सिन्धुपाल्चोकले दुई भारतीय, दुई चिनियाँ र कार चालक एक नेपालीलाई करीब ४६ किलो सालकको खपटासहित पक्राउ गऱ्यो। तीमध्ये २०६८ असोज ३ गते जिल्ला वन कार्यालयको एकल इजलासले चार जनालाई सफाइ दियो भने चिनियाँ नागरिक जुजी याङ्बालाई एक लाख जरिवाना र १५ वर्ष जेल सजाय तोक्यो। जुजी याङ्बालाई केन्द्रीय कारागारमा राखिएको छ। यी चिनियाँ नागरिक पक्राउ परेपछि नेपालबाट चीनतिर तस्करी हुँदै आएको सालकको छालाका व्यापारीहरू धमाधम पक्राउ पर्न थाले। सिन्धुपाल्चोकमा ८९ किलो, संखुवासभामा ६३ किलो, इलाममा ४ किलो र भक्तपुरको जगातेमा दुई किलो ६८५ ग्राम खपटा बरामद गरेको छ। वन विभागका अनुसार मकवानपुर र काठमाडौंमा १/१ वटा जिउँदो सालक सहित तस्कर पक्राउ परे। यो क्रम अझै जारी छ।

सालक नेपालको संरक्षित २७ प्रजातिका स्तनधारी जीवमध्ये एक हो। राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका संरक्षण शिक्षा अधिकृत कमलजङ कुँवर भन्छन्, “विश्व वन्यजन्तु संरक्षणको सूचीमा सालक १७०औं स्थानमा रहेको छ।” नेपालमा मध्यपहाडी, चुरे तथा भित्री मधेश क्षेत्र यसका लागि उपयुक्त स्थान हो। यो जनावर नेपालको पूर्वदेखि पश्चिमसम्मकै भूभागमा पाइन्छ। चिनियाँ सालक कालो र भारतीय सालक तामाको रङको हुन्छ। नेपालमा भने चिनियाँ नाम दिइएको सालक नै बढी सङ्ख्यामा पाइन्छन्।

### कहाँबाट आउँछ सालक ?

नेपालको पूर्वी भेगमा भारतका विभिन्न क्षेत्रबाट सङ्कलन गरी ल्याइएको सालकको खपटा काँकडभिट्टा नाकाहुँदै नेपाल प्रवेश गर्ने र संखुवासभाको किमाथान्का नाकाबाट तिब्बत/चीन प्रवेश हुने गरेको बताइन्छ।

वन्यजन्तु संरक्षणमा संलग्न संरक्षणविद्हरू भन्छन्, "चीनतिर तस्करी हुने सालकहरू नेपालकै हुन् ।" हिमालय प्रकृति संरक्षण अधिकृत प्रतिभा कसपाल भन्छिन्, "यहाँका सालकहरू बढी मात्रामा काभ्रेपलाञ्चोक र मकवानपुर क्षेत्रबाट चीन पुग्ने गरेका छन् ।" कसपालका अनुसार मकवानपुर र काभ्रेपलाञ्चोकको बनेपा र बल्थली क्षेत्र तस्करी हुने क्षेत्र हो। धनकुटा, भोजपुर, इलाम, संखुवासभालगायतका जिल्लाबाट पनि सालकको तस्करी हुने गरेको छ ।

# नेताको संरक्षणमा तस्करी

– **मुरारीप्रसाद पोखरेल,** तत्कालीन जिल्ला वन अधिकृत, जिल्ला वन कार्यालय, सिन्धुपाल्चोक

२०६७ जेठ ८ गते इलाका प्रहरी कार्यालय, बाह्रबिसेले तातोपानीतर्फ गइरहेको एउटा निजी कारको खानतलासी गर्दा सालकको खपटासहित दुई भारतीय, दुई चिनियाँ र नेपाली चालक पक्राउ परे। चिनियाँ नागरिक जुजी याङ्बबाहेक अरूको संलग्नता देखिएन र उनीहरू रिहा भए। तर जुजी याङ्बाको हकमा भने नेपालस्थित चिनियाँ राजदूतावासका प्रथम सचिवले सीधै सम्पर्क गरी अविलम्ब छुटाउन दबाब दिएका थिए।

प्रथमतः मुद्दा दर्ता गर्न नै नदिने वातावरण सिर्जना गर्न खोजिएको थियो। मुद्दा दायर भएकै दिन मुद्दा मिलाउनका लागि ठूलो दबाब आएको थियो। यसलाई थुन्ने कम नगरौं भनेर सात लाखबाट शुरू भएको 'अफर' २५ लाख रुपैयाँसम्म पुगेको थियो।

अभियुक्त चिनियाँ नागरिकले प्रयोग गर्ने मोबाइलको सीमकार्ड अष्ट्रेलियन नागरिकको नाममा दर्ता भएको जानकारी पाएको थिएँ। तर, तहकिकातको सन्दर्भमा यस काण्डसँग सम्बन्धित भएर प्रयोग भएका मोबाइल सीमकार्ड र टेलिफोनको पूर्ण विवरण पाउन जिल्ला प्रहरी कार्यालय, सिन्धुपाल्चोकले सहयोगै गरेन र सम्बन्धित सेवा प्रदायक संस्थाले पनि दिएन। जिल्ला प्रशासन कार्यालयले समेत यस काममा सहयोग गरेन बरु असहयोगको काम भने प्रशस्त गऱ्यो। नेपाल टेलिकमको सीमकार्डबाट कुरा मिलाऊँ भनेर 'कार्की' नाम गरेका व्यक्तिले बारम्बार सम्पर्क गऱ्यो, त्यसको पनि सीमकार्ड र कल डिटेल पाउन सकिएन। सामान्य प्रकृतिको घटनामा सजिलै पाइने सीमकार्ड विवरण र कल डिटेल यस्ता गम्भीर प्रकृतिको अपराधमा पाउन नसक्नुको पछाडि अवश्य पनि गम्भीर रहस्य छ।

त्यसै समयमा एक जना नेपाली र एकजना चिनियाँ नागरिक समातिए, सुनाखरी र समुद्री घोडाका साथमा। पुर्पक्षका लागि तिनीहरूलाई थुन्नुपर्ने भयो तर जिल्ला प्रशासन कार्यालयले सहयोग गरेन र जिल्ला प्रहरी कार्यालयले थुनामा राख्न मानेन। रातको साढे

**कसले गर्छ, सालकको तस्करी ?**

सालकको खपटा तस्कर गर्ने क्रममा पहिलो पटक पक्राउ र कारबाहीमा परेका व्यक्ति चिनियाँ नागरिक जुजी याङ्बा हुन् । जिल्ला वन कार्यालय, सिन्धुपाल्चोकले उनलाई दोषी ठहर गर्दै एक लाख रुपैयाँ जरिवाना र १५ वर्षे जेल सजाय तोकेको छ । २०६८ असोज ३ गते गरेको फैसलाबमोजिम उनलाई राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु ऐन, २०२९ को दफा १० ले इजाजत नलिई संरक्षित वन्यजन्तुको ओखेटोपहारको व्यवसाय गरेको र सोही

नौ बजे थुन्न सक्दिनँ भनेर जिल्ला प्रहरी कार्यालयले जिल्ला वन कार्यालयलाई लिखित पत्र नै दियो । त्यसपछि कार्यालयकै दुई जना पालेको भरमा जिल्ला वन कार्यालयमा नै राखें र कारबाही चलाएँ ।

तत्कालीन वन मन्त्रीले त्यस कामको उच्च मूल्याङ्कन गर्ने भनेर उक्त मुद्दा मिलाइदिन दबाब दिएका थिए । दुई देशको सम्बन्धमा असर पर्दछ भन्ने तर्क गरेर ती चिनियाँ अभियुक्तलाई मुक्त गर्न दबाब दिएका थिए । मुद्दा दायर भएको करीब चार महीनापछि अन्तर्राष्ट्रिय सम्बन्धको नाममा होटल याक एण्ड यतीमा रात्रिभोजको आयोजना गरिएको थियो । यस बीचमा छोराका लागि चीनमा छात्रवृत्तिको प्रस्ताव पनि आएको थियो ।

उक्त रात्रिभोज तत्कालीन वन सचिव युवराज भुसालमार्फत बोलाइएको थियो । “ल है, पोखरेलजी, आफैं आएको अवसर चिन्नोस्, विचार गर्नोस्”, बारम्बार भनिरहेकै थिए । उक्त भोजमा सिन्धुपाल्चोकका प्रमुख जिल्ला अधिकारी, वकीलका साथै चिनियाँ दूतावासका प्रथम र द्वितीय श्रेणीका सचिवहरू उपस्थित थिए । भोज भव्य नै थियो । अन्तिममा चीनको तर्फबाट केही उपहार दिन चाहन्छु भन्दै दुई बण्डल सामान मेरासामु ल्याए । त्यसको आकृति हेर्दा त्यसमा पैसा नै हुनुपर्छ तर कति थियो, थाहा भएन । यस बेला मेरो छोरो पनि साथमै थियो ।

सिन्धुपाल्चोकमै हुँदा पनि सरकारी वकीलमार्फत मलाई काठमाडौं बोलाएका थिए, वन सचिवले । मलाई सीधै सम्पर्क नगरी अरूमार्फत खबर पठाएकोले म सचिवलाई भेट्न काठमाडौं गइनँ । त्यतिखेर मेरो व्यक्तिगत र कार्यालयको गरी दुईवटा मोबाइल र कार्यालयमै पनि टेलिफोन थियो । वन सचिवलाई नभेटेको निहुँमा प्रम कार्यालयका सचिवले पनि आफ्नो सचिवलाई पनि नटेर्ने ? भन्दै हप्काएका थिए ।

भोज खाएको भोलिपल्ट तत्कालीन प्रधानमन्त्री माधवकुमार नेपालका सचिव लीलामणि पौडेलले रात्रिभोजमा गएको विषयलाई लिएर टेलिफोनमा हप्काए । सचिवले मलाई बेरीतसँग चाइनिजलाई थुनेका छौ, तिम्रो पैसा खाने दाउ हो भनेर उल्टै आरोप लगाए । अनि सचिवले अह्राएको काम पनि नटेर्ने भनेर हप्काए ।

ऐनको दफा १९ (१) को कसूर अपराध गरेको अभियोगमा अभियुक्त जुजी याङ्बालाई उक्त कारबाही गरेको हो ।

जिल्ला वन कार्यालय, सिन्धुपाल्चोकका नायव सुब्बा वृषबहादुर राना मगर भन्छन्, "सालक तस्करहरूलाई कारबाही नगर्न र कम मात्रामा कारबाही गर्न चारैतिरबाट दबाब आउने गर्छ ।" चिनियाँ नागरिक जुजी याङ्बालाई कारबाही गर्ने क्रममा जिल्ला वन कार्यालय, सिन्धुपाल्चोकका तत्कालीन जिल्ला वन अधिकृत मुरारीप्रसाद पोखरेललाई तत्कालीन वनमन्त्री दीपक बोहरा, वनसचिव युवराज भुसाल, तत्कालीन प्रधानमन्त्रीका सचिव लीलामणि पौडेल, सिन्धुपाल्चोकका तत्कालीन प्रमुख जिल्ला अधिकारी हरिकृष्ण उपाध्याय र जिल्ला प्रहरी कार्यालयले समेत आवश्यक कारबाहीका लागि असहयोग गर्दै कारबाही नगर्न दबाब दिएका थिए । यसमा नेपालस्थित चिनियाँ राजदूतावासले पनि याङ्बालाई छोड्न दबाब दिएको थियो। सिन्धुपाल्चोकका तत्कालीन जिल्ला वन अधिकृत पोखरेल भन्छन्, "जुजी याङ्बालाई कारबाही नगर्नका लागि तत्कालीन वन सचिवको समन्वयमा दरबारमार्गस्थित याक एण्ड यती होटलमा रात्रिभोजको आयोजना गरिएको थियो। रात्रिभोजमा गएको निहुँमा तत्कालीन प्रधानमन्त्रीका सचिव पौडेलले घूस खोजेको आरोप लगाएका थिए।"

जुजी याङ्बाको साथबाट बरामद भएको खपटा २०६८ साउनमा वन कार्यालयकै स्टोरबाट चोरी भयो। लोडसेडिङको समय पारी झ्याल फोडेर चोरी भएको सूचना पाएको बताउँदै तत्कालीन वन अधिकृत पोखरेल भन्छन्, "तर फोडिएको झ्यालमा १२ वर्षदेखि दराज राखिएको थियो।" उनी भन्छन्, "हराएको सामानको मुचुल्का उठाउन समयमा प्रहरी पनि पुगेन।" चोरीको समयमा पोखरेल चारदिने कार्यशाला गोष्ठीमा हेटौंडामा थिए। हराएको खपटा चोरी भएकै हो भनेर सदर गरियो, जिम्मा दिएको मान्छेलाई सामान्य विभागीय कारबाही बाहेक केही भएन। उनी भन्छन्, "दिउँसै सरकारी गाडीमा त्यो सामान लगिएको कुरा स्थानीयवासीले अनौपचारिक रूपमा सुनाएका थिए।"

यस काण्डपछि पोखरेललाई क्षेत्रीय वन कार्यालय, सुर्खेतमा सरुवा गरियो । "यो सरुवालाई मैले कारबाहीको रूपमा लिएको छु", पोखरेल भन्छन् ।

तस्करीका वस्तुहरू एक ठाउँबाट अर्को ठाउँमा पुऱ्याउनका लागि दोस्रो व्यक्ति प्रयोग गर्ने गरेको पाइएको छ। सालकको खपटासहित पक्राउ परेकाहरू आफू भरिया मात्र भएको जिल्ला वन कार्यालयलाई बताउने गरेका छन् । २०६८ असार २४ गते संखुवासभाको खाँदबारीमा पक्राउ परेका हटिया-२ का लाक्पादोर्जे भोटे र सोही वर्षको साउन २५ गते खाँदबारीमै पक्राउ परेका चेपुवा-१ का साम्बेन भोटे दुवैले आफूलाई भरिया मात्र भएको बयान जिल्ला वन कार्यालयलाई दिएका छन् । यसको अर्को उदाहरण हो, धरानस्थित एक बिस्कुट उद्योगका मजदूर चिसापानी-१, खोटाङका रूपककुमार खड्कालाई सात किलो सालकको खपटासहित हटिया-६, संखुवासभामा मकालु-बरुण राष्ट्रिय निकुञ्जका कर्मचारीहरूले २०६८ जेठ २२ गते पक्राउ गरेका थिए। त्यसैगरी जिल्ला वन कार्यालय, सिन्धुपाल्चोकका नायव सुब्बा वृषबहादुर राना मगरका अनुसार सालककै खपटासहित

पक्राउ परेका र हाल पुर्पक्षका लागि जिल्ला प्रहरी कार्यालय, चौतारामा रहेका दिनेश रोका र ङासान्बु शेर्पाले पनि आफू भरिया मात्र भएको बयान दिएका छन् ।

२०६८ जेठ र भदौमा गरी ७८ किलोग्राम सालकको खपटा संखुवासभाको खाँदबारी हुँदै किमाथान्का नाकाबाट तिब्बत निकासी भएको थियो । यसका लागि हिलेबाट संखुवासभाको सभाखोलासम्म र त्यहाँबाट नुमसम्म दुई वटा ट्र्याक्टर प्रयोग भएका थिए ।

पूर्वी भेगबाट चीनतिर लैजाने खपटाहरू प्रथमतः हिले बजारमा र दोस्रोमा खाँदबारीमा सङ्कलन हुन्छ । गएको साउन ३१ गते मोटरसाइकलको प्रयोग गरी धरानबाट सात किलोग्राम खपटा हिले पुऱ्याइएको थियो । त्यसैगरी धनकुटाकै खोकु, डाँडागाउँ, बेलहारा र धनकुटा नगरपालिकाबाटै विभिन्न समयमा सङ्कलन गरी हिलेका स्थानीय व्यापारीलाई बुझाएका थिए । भदौ १७ गते भोजपुरको टक्सार गाउँ विकास समितिमा सङ्कलन भएको १३ किलो खपटा खाँदबारी पुऱ्याएको थियो । प्राप्त सूचनाअनुसार गएको कात्तिक महीनाको तेस्रो हप्तासम्ममा हिलेमा एक सय किलोग्राम खपटा सङ्कलन भइसकेको थियो । सो सामान निकासीका लागि हिलेबजारस्थित टुरिज्म होटलमा कात्तिक १८ गते दिउँसो १ बजे दुईवटा कोठा भाडामा लिई छलफल भएको थियो ।

तस्करका लागि सिन्धुपाल्चोकको तातोपानी-कोदारी नाका चल्दै आएकोमा हाल संखुवासभाको किमाथान्का नाका प्रयोग गर्न थालिएको छ । मकालु-बरुण राष्ट्रिय निकुञ्जका पूर्व प्रमुख नीलाम्बर मिश्रका अनुसार हिलेबाट लेगुवा हुँदै खाँदबारी जाने र नुम पुगी किमाथान्काको नाका भएर चीनतिर सालकको खपटा तस्करी हुन्छ । हिमाली क्षेत्रका सबै ठाउँका सुरक्षा निकायको उपस्थिति नहुनु र भए पनि एकदम पातलो हुनु तथा वन कार्यालयको उपस्थिति नहुनुको फाइदा तस्करहरूले उठाउँदै आएका छन्, पूर्व प्रमुख मिश्र भन्छन् ।

सालकको तस्करी रोक्न वन विभागको प्राथमिकतामा नपरेको स्वीकार गर्दै वन विभागका महानिर्देशक ब्रजकिशोर यादव भन्छन्, “जति मात्रामा सालकका खपटाहरू पक्राउ परेका छन्, ती सबै सुरक्षा निकायकै सक्रियतामा मात्र सम्भव भएको हो ।”

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका संरक्षण शिक्षा अधिकृत कमलजङ्ग कुँवर भन्छन्, “समातिएपछि समातिनेहरू सामान्य दलाल मात्रै हो भन्ने लाग्छ ।” उनीहरू सङ्गठित अपराधको सदस्य हुन् । जिल्ला वन कार्यालय, सिन्धुपाल्चोकका नायब सुब्बा राना मगर पनि सङ्गठित रूपमा नै तस्करी भइरहेको बताउँछन् । उनी भन्छन्, “चीनतर्फ रक्तचन्दनलगायतका अवैध वस्तु र सालकको तस्करी गर्ने गिरोह एकै हुन् ।”

## **किन हुन्छ तस्करी ?**

सन् २००७ मा ख्वप कलेज, भक्तपुरको स्नातकोत्तर तहको शोधको क्रममा वीर अस्पतालको अगाडिको एक जडीबुटी पसलमा एक खपटा ५० रुपैयाँमा बिक्री हुने गरेको तथ्य शोधकर्ता प्रतिभा कसपालले फेला पारेकी थिइन् । त्यतिखेर उनको मूल ग्राहक तिब्बतीहरू नै थिए । तर गाउँघरतिर भने त्यतिबेला नै एउटा सालक एक लाख रुपैयाँसम्ममा खरीदबिक्री हुने जानकारी पाएकी थिइन् । तत्कालीन जिल्ला वन कार्यालयका अधिकृत मुरारीप्रसाद पोखरेलले

भने, "जुजी याङ्बाको साथमा बरामद भएको र पछि कार्यालयको भण्डारबाट चोरी भएको सालकको खपटा प्रतिकिलो ९० हजार रुपैयाँमा बिक्री भएको अपुष्ट सूचना पाएको थिएँ।" तर नेपालको पूर्वी भेगमा भने स्थानीय सङ्कलनकर्ताहरूले मार्ने व्यक्तिबाट प्रतिसालक १० हजारदेखि १५ हजार रुपैयाँसम्ममा खरीद गर्छन् भने उनीहरूले २० हजार रुपैयाँसम्ममा अन्यलाई बिक्री गर्छन्। स्रोतका अनुसार तिब्बतीहरूको हातमा भने प्रतिसालक ३५ हजार रुपैयाँसम्ममा बिक्री हुन्छ।

मकालु-बरुण राष्ट्रिय निकुञ्जका पूर्व प्रमुख मिश्रको कथन छ, "वर्षभरिमा ३०० देखि ४०० किलोग्रामसम्म सालकको तिब्बत/चीनतर्फ तस्करी हुन्छ।"

## केका लागि सालक उपयोगी ?

विज्ञहरूले सालकलाई 'मेडिसिन डक्टर' को रूपमा चित्रण गरेको बताउँदै सालककै विषयमा स्नातकोत्तर तहको शोध गरेकी संरक्षण अधिकृत कसपाल भन्छिन्, "खासगरी आदिवासी जनजाति समाजमा यसको प्रयोग युगौंदेखि हुँदै आएको पाइन्छ।" रैथाने ज्ञानका आधारमा आयुर्वेदिक प्रयोग, ज्योतिषीय तथा धामी-झाँक्री क्षेत्रमा नजरदोष निवारणका लागि प्रचलनमा रहेका छन्।

सालकका सबै अङ्गहरू उपयोगी हुन्छन्, संरक्षण अधिकृत कसपाल भन्छिन्। नेपालका ग्रामीण क्षेत्रमा यसको प्रयोग पुरानो नै हो र वैद्यीय औषधिको रूपमा यसको प्रयोग हुँदै आएको पाइन्छ। सालकको मासु प्रोटिनयुक्त हुन्छ। गर्भवती महिलाले यसको मासु खाएमा गर्भपतन हुँदैन भन्ने ग्रामीण सामाजिक मान्यता रहेको बताउँदै अधिकृत कसपाल भन्छिन्, "गर्भवती महिलाका लागि पोथी सालकको गर्भेलो अत्युत्तम हुने सामाजिक धारणा छ।" यसका साथै दम तथा श्वास-प्रश्वासको समस्या, हाड-जोर्नी दुख्ने, बाथरोग तथा अल्काइको समस्यामा पनि यो उपयोगी हुन्छ। उनका अनुसार शोधको क्रममा ८० प्रतिशत उत्तरदाताले दमको समस्यामा सालक बढी मात्रामा उपयोगी हुने र प्रयोग हुने जवाफ दिएका थिए।

चीनमा यसको प्रयोग आयुर्वेदिक औषधिको रूपमा हुन्छ। पाङ्गोलियन बचाऊ अभियानले जनाएअनुसार सालकको खपटाको धूलोलाई यौनउत्तेजक औषधि बनाउन, महिलाको महीनावारी बिग्रिएमा नियमित बनाउन, सुरक्षित रूपमा बच्चा जन्माउन साथै महिलाको यौनेच्छा जागृत गराउन पनि यसको प्रयोग हुने गरेको छ। यसैगरी मानसिक असन्तुलनका बिरामी र पेटका रोगीहरू विशेषगरी अल्सरका बिरामीका लागि औषधिका रूपमा यसको प्रयोग हुने गरेको उक्त अभियानले जनाएको छ। विश्वमा चीन र भियतनाम सालक बढी खपत हुने देश हुन्।

(**२०६९ फागुन १ गतेको** ***अन्नपूर्ण पोष्ट*** **दैनिकमा प्रकाशित**)

सौरभ ढकाल



# नेपाल जलवायु परिवर्तन : हिमालमा खतरा, बजेट जति अलपत्र

**जलवायु परिवर्तनबाट नेपालमा पर्न सक्ने प्राकृतिक विपत्ति र संकटबाट बच्न, बचाउन र वातावरण अनुकूलन हुनका लागि दिइने सूचना र जनतामा सचेतना जागृत गराउन भनेर विभिन्न दातृ निकायले सरकारलाई करीब रु.१४ अर्ब (१४ करोड ४७ लाख अमेरिकी डलर) बजेट दिएका छन् । यसबाट विभिन्न नामका परियोजना सञ्चालित छन् । तर यो बजेटको सानो अंश पनि सगरमाथा क्षेत्रमा निगरानी राख्नका लागि लगाइएको पाइएन । त्यसैले सगरमाथामा हालै गएको विनाशकारी हिमपहिरोबारे कसैले पूर्वानुमानसम्म लगाउन सकेनन् । सगरमाथा क्षेत्रमा समय छँदै चेतावनी दिने व्यवस्था गरिएको भए, सम्भवतः देशले त्यति ठूलो क्षति भोग्नुपर्ने थिएन ।**

१८ अप्रिल, २०१४ को बिहान, विभिन्न टोलीको आरोहण यात्राका लागि तयारी सामग्री लिएर गएको सहयोगी समूहले सगरमाथाको क्याम्प–१ (६,०६५ मी.) तर्फ आरोहण उपकरणहरू लैजाँदै थियो । दुर्भाग्य, त्यसैदिन बिहान ६:३० बजेतिर सगरमाथा आधार शिविर भन्दा केही माथि, ५,८०० मिटरको उँचाइमा एकाएक हिमपहिरो फुट्यो । जसले यात्रामा रहेका १६ जनालाई बेपत्ता बनायो । तीमध्ये १३ जनाको शव भेटियो, तीन जना अझै बेपत्ता छन् ।

यसपालि मे महीनाको पहिलो सातामै विभिन्न आहोरण टोली सगरमाथाको आधार शिविर पुगिसकेका थिए । यस सिजनका लागि ३३४ आरोहण टोलीले अनुमति पाएका थिए । यिनलाई सहयोग गर्न करीब ४०० शेर्पा आरोहण तयारीका लागि खटिएका थिए । हिमपहिरो आउने दिन, १८ अप्रिल, २०१४ को बिहानसम्म कुनै पनि विदेशी टोलीले



खतराको संकेत, इम्जा हिमताल ।



हिमपहिरोमा परेपछिको थामे ।



ढुंग्यान बनेको थामे गाउँको आलुबारी ।



थामेको जलविद्युत् केन्द्र ।





ग्याल्जेन (बायाँ) र आप्पा शेर्पा : सगरमाथाका मौसमविद् ।

आरोहण शुरू गरेका थिएनन् । तर यिनका लागि शेर्पाहरूले आरोहणको पूर्व तयारी गर्दै थिए । यो १६ जना शेर्पा एक टोली सहयोगी समूहमध्येको थियो ।

सदा झैं यसपालि पनि, सगरमाथामा आएको हिमपहिरो र त्यसले पुर्‍याएको क्षतिबारे विश्वभर चर्चा चल्यो । संसारभरका पदयात्री, आरोही, प्रकृतिविद्, जलवायुविद् तथा नेपाल एवं सगरमाथाका प्रेमीहरूले असीम चिन्ता प्रकट गरे ।

हिमालय क्षेत्रमा हिमपहिरो आउनु नौलो घटना होइन । तर यसपालि सगरमाथामा आएको हिमपहिरो अहिलेसम्मकै सबैभन्दा ठूलो हो । यसले क्षति पनि ठूलै गर्‍यो । मौसमविद्हरू भन्छन्– यो सामान्य घटना थिएन । तर सामान्य रूपमा लिइयो ।

झण्डै ४५ वर्षअघि, ५ अप्रिल १९७० मा सगरमाथा आरोहणकै क्रममा हिमपहिरोमा परेर ६ जना शेर्पा आरोहीको मृत्यु भएको थियो । त्यसबेला पनि यसलाई सामान्य घटना मानिएको थियो । त्यसलगत्तै, ९ सेप्टेम्बर १९७४ मा आएको अर्को हिमपहिरोले पनि एक जना फ्रेन्च र पाँच जना शेर्पा आरोहीको ज्यान लिएको थियो ।

१८ वर्षअघि, १०–११ मे १९९६ मा सगरमाथा क्षेत्रमा खराब मौसमका कारण ८ आरोहीको ज्यान गएको थियो । त्यसबेला सबै विदेशी आरोहीहरू परेकाले घटनाले ठूलो चर्चा पाएको थियो । यस घटनालाई ध्यानमा राखेर, त्यसै वर्षदेखि हिमालय र विशेषतः सगरमाथा क्षेत्रमा जलवायु परिवर्तनको दृष्टिले विशेष निगरानी राखिने चर्चा शुरू भएको थियो ।

तर सगरमाथा क्षेत्रलाई जलवायु परिवर्तनको दृष्टिले विशेष निगरानीमा राखिने भनिएको, १८औं वर्षमा सबैभन्दा ठूलो हिमपहिरो आएर १३ जनाको ज्यान लियो, तीन जना बेपत्ता भए । कसैले कुनै पनि किसिमको अग्रिम सूचना पाएनन् । किनभने, निगरानीको विषय कुरैमा मात्र सीमित थियो ।

## बेखबर आरोही, आकाशे सूचना

सगरमाथा क्षेत्र, नेपालको पर्यटकीय आयको मुख्य केन्द्र पनि हो । सरकारले एक विदेशी आरोहीबाट १० हजार अमेरिकी डलर बराबरको अनुमति शुल्क लिन्छ । यसबाहेक दुई जना सम्पर्क अधिकृतलाई आधार शिविरसम्म ल्याउने, लैजाने र तिनको बसाइको सम्पूर्ण खर्च पनि आरोहीले नै बेहोर्नुपर्छ । सम्पर्क अधिकृतको काम भने आरोहणपछि सकुशल फर्केर आएका आरोहीहरूलाई प्रमाणपत्र दिने बाहेक केही हुँदैन ।

सगरमाथाको मौसमबारे जानकारी दिने काम अझै पनि स्थानीय शेर्पाहरूले नै थेगेका छन् । उनीहरू बादल हेरेर मौसम अनुमान लगाउने प्रविधिमा सीमित छन् । आप्पा शेर्पा, सगरमाथाको मौसम ठीकसँग अनुमान गर्न सक्ने स्थानीयको रूपमा चिनिन्छन् । उनी भन्छन्, “पहिले त हामी अनुमानको भरमा माथि जान्थ्यौं । अचेल अनलाइन सेवा थपिएको हुनाले आफैंले अनलाइन हेरेर मौसमको सूचना किन्छौं ।” सगरमाथाको दुई पटक सफल आरोहण गरिसकेका ग्याल्जेन शेर्पा गुनासो गर्छन्, “सरकारले मौसमबारे कुनै सूचना दिँदैन। अनलाइनको सूचना भरपर्दो हुँदैन, पुरानो हुन्छ । आकाश हेरेरै काम चलाउँछौं ।”

## बेवारिसे हिमाल

हिमालय क्षेत्रको जलवायु छिटो प्रभावित हुन्छ। यस क्षेत्रमा अत्याधुनिक र विशेष प्रविधिबाट मौसमको जानकारी दिने व्यवस्था हुनुपर्ने हो। तर सरकारले हिमालय क्षेत्रलाई लगभग बेवारिसे अवस्थामा छोडेको छ।

खुम्बु संस्कृति संरक्षण समाजका अध्यक्ष, तेन्जी टासी शेर्पा भन्छन्, "सगरमाथा र खुम्बु क्षेत्र त हिमालै हिमालले घेरिएको ठाउँ हो। सरकारले एकपछि अर्को हिमाल खोल्दै हिमालसँग हचुवा खेल खेलिरहेको छ। स्थानीय शेर्पाहरूलाई कुन हिमाल कस्तो भनेर पुछनी समेत गरेको छैन।" उनी गुनासो गर्छन्, "सरकारले हिमालमा होइन, पर्यटक र पैसामा आँखा लगाएको छ। हिमालको संरक्षणतिर ध्यानै दिएको छैन।"

सगरमाथामा हालै गएको हिमपहिरोलाई हिमाली क्षेत्रमा तापक्रम बढ्दै गएको प्रमाणको रूपमा लिन थालिएको छ। अर्थात् हिमाली क्षेत्र झन् बढी खतरनाक भएको छ। तर सरकारले पर्यटनमा मात्र जोड दिएको छ। पर्यटनको भर परेर स्थानीयले खेतीपाती, पशुपालन जस्ता पुराना पेशा छोडिसके।

तेन्जी टासी चेतावनी दिन्छन्, "जलवायु परिवर्तनका कारण खतरनाक बन्दै गएको हिमाली क्षेत्रमा पर्यटक आउन छोडे भने यहाँका शेर्पाहरूको हालत के हुने ? डलरमा आँखा राख्नेले यस क्षेत्रको सुरक्षामा ध्यान दिनु पर्दैन ? हिमालसँग डलर लिने अनि सानो सूचना पनि दिन नसक्ने ?"

अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड) ले हिमालय क्षेत्रमा तापक्रम बढेको र हिउँ पग्लने क्रम तीव्र रहेको तथ्य सार्वजनिक गरेको छ। इसिमोडले यसै वर्षको प्रतिवेदनमा भनेको छ, नेपालको हिमश्रृंखलामा प्रत्येक वर्ष ३८ वर्गकिलोमिटरका दरले हिउँ पग्लिरहेको छ। हिउँ पग्लने क्रम बढेका कारण हिमाली क्षेत्रहरूमा नयाँ हिमतालहरू बनिरहेका छन्। र, ती हिमतालहरूमा विस्फोटनको खतरा पनि बढिरहेकै छ।

सगरमाथा क्षेत्रका मुख्य पदमार्गसँग नजोडिएका हिमाली गाउँहरूमा हिमताल विस्फोटको खतरा बढेको छ। यहाँ साना हिमताल बन्दै, फुट्दै गरेका हुनाले अनिष्टको सङ्केत बढिरहेको छ। तर सरकारले यस क्षेत्रलाई सुरक्षित राख्न ठोस पहल गरेको छैन। नेपालको कुनै एउटा हिमाल मात्र होइन, सिंगै हिमाली क्षेत्र नै बेवारिसे अवस्थामा छ।

## हिमाली जनजीवन संकटमा

२१ पटक सगरमाथाको चुचुरोमा पुगेका आप्पा शेर्पाको जीवन हिमताल विस्फोटका कारण अस्तव्यस्त बनेको छ। २२ वर्षको उमेरदेखि हिमाल चढ्दै आएका आप्पा अहिले ५६ वर्ष पुगे। सन् १९९० मा पहिलो पल्ट सगरमाथा चढेका आप्पाको अनुभवमा, पहिले सगरमाथा प्राविधिक रूपमा चढ्न गाह्रो थियो। कपडा र औजार कम थिए। अहिले कपडा र प्रविधि राम्रा आए, तर मौसमको खतरा बढेर गयो। हिमालको धेरै क्षेत्र ढुंग्यान बनिसके। बाटोमा हिमतालमा भासिने डर, माथिबाट ढुंगा खस्ने डर। आप्पा भन्छन्, "अब त हिमालमा

मात्र होइन, बस्ती पनि खतरामा परिसके। मेरो घर र बस्ती नै हिउँपहिरो र बाढीको चपेटमा परिसकेको छ।"

सन् १९८५ को अगष्टमा थामे गाउँमा हिमपहिरो आयो। थामे गाउँभन्दा माथि करीब ४००० मी. उँचाइमा रहेको डिक्चो हिमताल फुटेर १८ घर र गोठ बगाएको थियो। यसैमा आप्पाको घरबास पनि परेको थियो। आप्पा शेर्पालाई नयाँ घर थामेमा भेट्दा उनले भने, म विस्थापित भएँ। डिक्चोको बाढीले थामे गाउँको सबैभन्दा उर्वर आलुबारी पनि बगायो। यहाँ अहिले गोठ मात्र छन्। त्यसबेला दूधकोशी किनारमा बन्न लागेको जलविद्युत् आयोजना, खुम्बु पावर कम्पनीको पावरहाउस पनि बगायो। त्यसलाई अहिले थामे खोलाको नजिकै, अर्को ठाउँमा सारिएको छ।

डिक्चो हिमताल फूटेपछि आएको बाढीले भोटेकोशी किनाराका बस्तीहरूमा पहिरो जाने क्रम बढाइदियो। अहिले पनि थामे आउने-जाने बाटो बगिरहेको छ। पहिले तल्लो बाटोबाट थामे आउन जान सकिन्थ्यो। अहिले केही माथि बाटो सार्नु परेको छ। यहाँ सुक्खा पहिरो लागेर वर्षामा भन्दा हिउँदमा बढी माटो बग्छ।

सोलुखुम्बुको उत्तरपूर्वतिरका गाउँहरू बेदिङ, नाजिङदिग्मा र गाईखर्कमा रैथाने हिमाली आलु उत्पादन गरेर स्थानीय शेर्पाहरूको जीविका चल्थ्यो। स्थानीय किसान पासा दोर्जे भन्छन्, "अहिले त आलु फल्नै छाड्यो। मीठो पनि छैन। खल्लो छ।" उनी भन्छन्, "मीठो आलु खान त बोटमै हिउँले ढाक्नुपर्छ। अनि चिस्यान पुग्छ। अचेल हिउँ छैन, आलुलाई चिस्यानै पुग्दैन। अनि कसरी आलु फलोस्!"

आलु प्रजनन् विज्ञ कमल खडका भन्छन्, "हिमाली आलुको बीउको संरक्षण गर्न पनि चिस्यान चाहिन्छ।" किसानहरू भन्छन्, "फलेका आलु पनि बचाउन गाह्रो छ, चिस्यानै पुग्दैन। यहाँ हिउँ घट्न थालेको १० वर्ष जति भयो। समस्याहरू बढ्दैछन्।"

हिमाली क्षेत्रमा हिउँ नै कम पर्न थालेर समस्या बढ्न थालेको डेढ दशक जति भयो। जलवायु परिवर्तनका विषयमा विश्वव्यापी चर्चा हुन थालेको र नेपालमा गोष्ठी, सेमिनार आदि हुन थालेको पनि डेढ दशक जति नै भयो। सोलुखुम्बु जिल्लामा पनि जलवायु परिवर्तनका विषयमा विभिन्न गैरसरकारी संस्थाले कार्यक्रम सञ्चालन गरेका छन्। उनीहरू भन्छन्, "हाम्रो कार्यक्रम अध्ययन अनुसन्धानमै सीमित छ। ठोस काम गर्न सकिएको छैन।"

जलवायु विज्ञहरू अहिले इम्जा हिमताल केन्द्रित भएर हिमाली जलवायु परिवर्तनको विषयमा अध्ययन गरिरहेका छन्। इम्जा, सोलुखुम्बु जिल्लाको उत्तर मध्यमा रहेको काली हिमालको फेदीमा बनेको सानो हिमताल हो। यसको पानी दूधकोशी हुँदै सप्तकोशीमा मिसिएर गंगामा पुग्छ। सन् १९६० मा सानो पोखरीको रूपमा रहेको यो हिमताल बढेर एक वर्ग किलोमिटर क्षेत्रफलमा फैलिइसकेको छ। र, हरेक वर्ष बढ्दैछ। यसको अध्ययन गरिरहेका प्रविण मास्के दावी गर्छन्, इम्जाक्षेत्रमा जलवायु परिवर्तनको असर प्रष्ट देखिन थालेको छ। साना–साना तालहरू जोडिएर ठूला हुँदैछन्।

**इम्जाको नमूना काम**

सगरमाथा आधार शिविर भन्दा करीब ६ किलोमिटर दक्षिणपूर्वमा रहेको इम्जा हिमतालको पानी घटाएर जोखिम न्यूनीकरण गर्न विद्युत् उत्पादन र अन्य आयोजना सञ्चालन गर्ने योजना छ। संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (युएनडीपी) ले पनि हिमताल विस्फोटबाट पर्न जाने जोखिम कम गराउन भनेर समुदायमा आधारित आयोजना चलाइरहेको छ। यस आयोजनाका प्रमुख टोपबहादुर खत्री भन्छन्, "इम्जा तालको पानी कम्तीमा तीन मिटरले घटाएर जोखिम घटाउने काम गरिंदैछ। सगरमाथा राष्ट्रिय निकुञ्जमा मौसम सूचना केन्द्र पनि राखिनेछ। इम्जा हिमताल वरपरका चार वटा गाविसमा मात्र केन्द्रित यो काम भर्खरै शुरू भएको हो। तर इम्जामा गरिने सानो कामले हिमालमा हुने जलवायु परिवर्तनका असरलाई कम गर्न सक्तैन।

**कार्यक्रम र बजेट**

नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रमअन्तर्गत मध्य तथा सुदूरपश्चिम विकास क्षेत्रको १४ जिल्लाका ६९ गाविस र १ नगरपालिका गरी ७० वटा स्थानीय अनुकूलन कार्ययोजना कार्यान्वयन शुरू भएको छ भने थप ३० जिल्लामा पनि यो कार्यक्रम लागू गर्ने तयारी

## थरीथरीका दाता : समन्वयको अभाव

**सन्** २००१ मा मोरक्कोको माराकेशमा सम्पन्न पक्ष राष्ट्रहरूको सातौं सम्मेलनले स्थापना गरेको यस कोषमार्फत ग्लोबल इन्भायरोन्मेन्ट फेसिलिटीले सञ्चालक निकायको जिम्मा पाएको छ। यस कोषमा उपलब्ध आर्थिक स्रोत अतिकम विकसित राष्ट्रहरूलाई समान रूपले वितरण गरिन्छ। यस कोषबाट नेपालले तीन वटा परियोजनाका लागि १ करोड ५६ लाख अमेरिकी डलर बराबर सहयोग पाउनेछ। यो बजेट महासन्धि भित्रका संरचना अन्तर्गत अतिकम विकसित राष्ट्रहरूको कोषमार्फत आउनेछ।

महासन्धि बाहिरका संरचनामार्फत पनि जलवायु परिवर्तन सम्बन्धी उल्लेख्य आर्थिक सहयोग आइरहेका छन्। विकसित राष्ट्रहरूले सहयोगका लागि महासन्धि भित्रका संरचना भन्दा बाहिरकै संरचनाहरूमार्फत सहयोग गर्न रुचि देखाएका छन्।

बहुपक्षीय संरचनाहरू, विश्व बैंक, एसियाली विकास बैंक, जलवायु लगानी कोष, संयुक्त राष्ट्रसंघीय कार्यक्रम जस्ता निकायले पनि नेपालमा जलवायु परिवर्तनका क्षेत्रमा सहयोग दिइरहेका छन्। जलवायु लगानी कोषले ४८ वटा विकासोन्मुख राष्ट्रमा सञ्चालन हुने गरी चार वटा मुख्य कार्यक्रमहरू राखेको छ। नेपालमा सञ्चालनमा

हुँदैछ। पहिलो चरणको परियोजना कार्यान्वयनका लागि डिफिड र युरोपेली युनियन (ईयू) ले २ करोड १५ लाख अमेरिकी डलर आर्थिक सहयोग गरेका छन्। यसमा युएनडीपीले प्राविधिक सहयोग गरिरहेको छ।

जलवायु अनुकूलनका लागि नमूना परियोजना राष्ट्रिय स्तरबाट कार्यान्वयन हुने चरणमा छ। जलवायु लगानी कोषले ८ करोड ६० लाख अमेरिकी डलर (५ करोड अनुदान र ३ करोड ६० लाख सहुलियत ऋण) सहायता दिने प्रतिबद्धता जनाइसकेको छ।

पारिस्थितिक प्रणालीमा आधारित अनुकूलन कार्यक्रम कास्की, स्याङ्जा र पर्वत जिल्लाको पञ्चासे क्षेत्रमा सञ्चालनमा रहेको छ। यसका लागि करीब ३ करोड ३७ लाख अमेरिकी डलर सहयोग आएको छ।

समुदायमा आधारित बाढी तथा हिमताल जोखिम न्यूनीकरण कार्यक्रम सोलुखुम्बु जिल्लामा लागू भएको छ। अतिकम विकसित राष्ट्रहरूको कोषबाट प्राप्त ७२ लाख अमेरिकी डलरमध्येबाट ३५ लाख डलर चाहिं यस कार्यक्रममार्फत इम्जामा खर्च भैरहेको छ।

हरियो वन कार्यक्रम प्रारम्भमा तराई भू-परिधि क्षेत्र अन्तर्गतको कन्चनपुर, बाँके, कैलाली, बर्दिया, रौतहट, बारा, पर्सा, चितवन र नवलपरासी जिल्लामा लागू भए। अन्नपूर्ण क्षेत्र अन्तर्गतको १८ जिल्लामध्ये प्रथम वर्षमा काली, सेती र मर्स्याङ्दी जलाधार क्षेत्रमा पर्ने

रहेका पीपीसीआर/एसआरईपी यही कोष अन्तर्गत पर्दछ। यसले करीब ८ करोड ६० लाख र ४ करोड अमेरिकी डलर विनियोजन गरिसकेको छ। दुईपक्षीय संरचना अन्तर्गत पनि विकसित र विकासशील राष्ट्रहरूबीच दुईपक्षीय सम्झौताका आधारमा सहयोग भइरहेको छ। अमेरिकी सहयोग नियोग, बेलायती सहयोग नियोग, विभिन्न राजदूतावासहरू आदि मार्फत भैरहेका सहयोगहरू यसै सरंचना अन्तर्गत पर्दछन्। विकसित राष्ट्हरूले आफ्नो राष्ट्रिय आयबाट अति कम विकसित राष्ट्रहरूको सामाजिक र आर्थिक विकासका लागि सहयोग दिने नीति अन्तर्गत उनीहरूले कृषि, शिक्षा, स्वास्थ्य तथा भौतिक पूर्वाधार जस्ता क्षेत्रमा सहयोग दिंदै आएका छन्। सन् १९९२ को जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धिले विकासोन्मुख राष्ट्रहरूलाई जलवायु परिवर्तनसँग जुध्नका लागि विकसित राष्ट्रहरूले थप आर्थिक तथा प्राविधिक सहयोग गर्नुपर्ने प्रावधान पारित गरेको थियो। सन् २०१० मा मेक्सिकोमा भएको पक्षराष्ट्रहरूको १६औं सम्मेलनमा विकसित राष्ट्रहरूले विकासशील राष्ट्रहरूलाई सहयोग गर्न तयार भएका थिए। सन् २०२० सम्ममा एक खर्ब अमेरिकी डलर बराबरको सहयोग जुटाउने विकसित राष्ट्रहरूको प्रतिबद्धता छ। यसरी जलवायु परिवर्तनका सम्बन्धमा नेपाललाई सहयोग गर्ने थरीथरीका दाताहरू भएतापनि नेपाल सरकारले भने समन्वय गर्ने राष्ट्रिय निकाय समेत निर्माण गर्न सकेको छैन।

मुस्ताङ, चितवन, तनहुँ, कास्की, लमजुङ र गोरखा जिल्लामा यो कार्यक्रम लागू हुनेछ । अमेरिकी सहयोग नियोग (युएसएड) को ३ करोड अमेरिकी डलर सहयोगमा यो कार्यक्रमको अवधि २०११ देखि २०१६ सम्म चल्नेछ ।

यसरी नेपालको जलवायु परिवर्तनको क्षेत्रमा १४ करोड ४७ लाख अमेरिकी डलर बराबरको बजेटको कार्यक्रम चलिरहेको छ । तर ठूलो समस्या भोगिरहेको हिमाली क्षेत्रमा भने न्यून लगानी र अन्यत्र चाहिं बजेट विस्तार भैरहेको छ ।

## बजेट र चुहिने प्वाल

नेपालमा जलवायु परिवर्तन सम्बन्धी विषयमा कति र कसरी रकम आइरहेको छ भन्ने विषयमा अक्सफामले गरेको अध्ययन अनुसार, महासन्धि भित्र र बाहिर गरी दुई किसिमका संरचनाहरूमार्फत नेपालमा जलवायु परिवर्तनका क्षेत्रमा आर्थिक सहायताहरू आइरहेका छन् । जलवायु परिवर्तनका नाममा नेपालले करीब २५ करोड अमेरिकी डलर बरावरको सहयोग पाइसकेको छ । तर यस सम्बन्धी काम गर्न भनेर जिल्लामा पठाइएको सबै खालका बजेट भने योजना आयोगको रातो किताबमा राखिएको छैन ।

हिमताल विस्फोटनको जोखिम न्यूनीकरण आयोजनाका लागि नेपालले पाएको बजेट अति कम विकसित मुलुकका लागि खोलिएको सहयोग कोष (एलडीसीएफ) मार्फत प्राप्त हुने रकमको सानो अंश मात्र हो ।

विज्ञान प्रविधि तथा वातावरण मन्त्रालय अन्तर्गत जलवायु तथा मौसम विज्ञान विभाग र संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रमबीच १५ जुलाई २०१३ मा हस्ताक्षर भएको परियोजना अन्तर्गत सोलुखम्बु र अन्य चार जिल्लामा कार्यक्रम गर्न करीब ७२ लाख अमेरिकी डलर छुट्याइएको थियो । सोलुखुम्बु जिल्लाको भागमा करीब ३५ लाख अमेरिकी डलर परेको छ ।

विचौलिया शुल्क कटाएर नेपाल भित्रिएको बजेटमध्ये आधा रकम इम्जालाई र बाँकी जति रकम अन्य चार जिल्ला महोत्तरी, सिरहा, सप्तरी र उदयपुरका केही गाविसहरूलाई विनियोजन गरिएको छ । यस्तो रकम पनि करीब ७२ लाख अमेरिकी डलर आइसकेको छ । तर यसमा युएनडीपीले करीब ६ लाख अमेरिकी डलर कट्टा गरेर मात्र नेपाल सरकारलाई दिन्छ । त्यस बजेटमा पनि सरकारले व्यवस्थापन खर्च, भत्ता छुट्याएर बाँकी रकम जिल्लालाई पठाउँछ ।

यसैगरी नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम अन्तर्गत मध्य तथा सुदूरपश्चिमका १४ जिल्लाका ६८ गाविस र एक नगरपालिकामा कार्यक्रम गर्न भनी छुट्याइएको २ करोड १५ लाख अमेरिकी डलर बराबरको रकममा पनि संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रमले सेवा शुल्क भनेर ७ प्रतिशत लिएको छ । बाँकी रहेको रकममा पनि प्राविधिक सहयोग भनेर केही शुल्क लिने गरेको छ ।

यता सरकारको तर्फबाट जिल्लास्तरमा कार्यालय स्थापना गर्न र स्थानीय सरोकारवालाहरूसँग समन्वय गर्ने काममा पनि यही बजेट खर्च हुन्छ । बजेटबारे अध्ययन

गरिरहेका जलवायु नीतिविज्ञ राजु पण्डित क्षेत्री भन्छन्, "एक त नेपालमा पैसा भित्र्याउनै गाह्रो छ, अर्कोतिर भित्रिएको बजेटको पनि रक्षा गर्न सकिएको छैन ।"

जलवायु परिवर्तन सम्बन्धी अनेकन विषयमा दातासँग समन्वय गर्ने दक्षता नेपाल सरकारसँग नभएको परिकल्पना गरेर दातृराष्ट्रहरूले नेपाल पठाउने सहयोग रकमको च्यानेलिङ गर्न भनी संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (युएनडीपी), विश्व बैंक, एशियाली विकास बैंक जस्तालाई प्राविधिक सहयोगीको भूमिका दिएका छन् । संकटापन्न स्थानमा पुगेर खतरा न्यूनीकरणको काममा लाग्नुपर्ने ३५ देखि ५० प्रतिशत बजेट चारदेखि पाँच तहसम्मको प्रबन्धकीय एकाइ र कर्मचारीमै खर्च हुने अवस्था छ। यति ठूलो बजेट चुहिनु भनेको अर्बौं रकम खेर जानु हो ।

नेपालमा सन् २००८ देखि नै जलवायु परिवर्तनसँग सम्बन्धित बजेट आइरहेको छ । तर कति रकम आयो भन्ने हिसाब भने सरकारसँग पनि छैन। सरकारले सोझै पाउनुपर्ने बजेट पनि दातृ निकायमार्फत आएकाले यो समस्या आएको हो । दातृनिकायले आफ्नो सेवाशुल्क र प्रशासनिक खर्च कटाएर बाँकी रकम नेपालमा खर्च गरेका छन्। यसरी हुने खर्चमा पनि सरकारसँग समन्वय गरिएको छैन ।

नेपालको जलवायु नीति अनुसार, बजेटको ८० प्रतिशत रकम जिल्लामा र २० प्रतिशत व्यवस्थापन खर्चमा लगाइने भनिएको छ । तर सरकारसँग समन्वय गर्ने राष्ट्रिय निकाय र खर्च गर्ने प्रक्रिया प्रष्ट नभएकोले लगातार आइरहेको ठूलो धनराशीको हिसाब समेत पाउन सकिँदैन । यस्तो अवस्थामा ८० प्रतिशत बजेट गाउँसम्म पुग्न पाउँदैन । नीतिगत तहमा यस्तो समस्या रहेसम्म जलवायु परिवर्तनसँग सम्बन्धित बजेट हिमालय क्षेत्रका थामे जस्ता पीडित गाउँसम्म पुग्नै पाउँदैन ।

(**२०७१ साउन २५ गतेको *नेपाल* साप्ताहिकमा प्रकाशित**)








साइपरमेथ्रिनः
छाला डढाउने र बेहोश पार्न सक्ने रसायन।

हाइफरः
आत्महत्याका लागि समेत प्रयोग हुने रसायन।

हाइपरहिटः
मुसा मार्ने विषालु औषधिको नयाँ प्याक।





काउली र अदुवामा विषादीको प्रयोग।



बाटामा विषादीका सिसी र पोकाहरू।



विषादी छर्ने भाँडा।



खतराको चिन्ह राखेर व्यापार।




इलाम कृषि भण्डार।

तोयानाथ भट्टराई ३६

# विषादीमा विषालु खेल

चिया, तरकारी, अलैंची, अदुवा तथा दुग्धजन्य उद्योगमा नाम कमाएको इलाम विषादीको अत्यधिक प्रयोगले पीडित हुन थालेको छ। इलाममा १३०० बढी विषादी प्रयोगमा छन् । यीमध्ये 'कार्सिनोजेनिक' असर उत्पन्न गर्ने १५ थरीका विषादीहरू चाहिं अत्यधिक प्रयोगमा छन् । यिनै विषादीका कारण इलाममा क्यान्सरबाट मर्ने र आत्महत्या गर्नेको संख्या बढ्दै गएको छ ।

इलामका गाउँ गाउँमा खुलेका एग्रोभेट पसलमा क्लोरडेन, अल्ड्रिन, डाई अल्ड्रिन, मनोक्रोटोफस, बीएचसी, लिन्डेन, इण्डो सल्फाइन, मालाथियन, एसिफेन, पामिथ्रिन, साइपरमेथ्रिन, कार्बोराइल, २-४ डी, सिमाजिन र एट्राजिन, क्याप्टाफोल आदि विषादी बेचिन्छन् । कीटनाशक औषधिका नाममा बेचिनेमध्ये सबैभन्दा खतरनाक विषादी चाहिं 'मोनोक्रोटोफस' हो। यसलाई विश्व स्वास्थ्य संघले 'मानव स्वास्थ्यका लागि अत्यन्त हानिकारक' ठहर गरी संसारभरि प्रतिबन्ध लगाएको छ । तर, निगरानी र नियमन गर्ने निकायका पदाधिकारीहरू भने 'यस विषादीबारे हामीलाई केही थाहा छैन' भनेर पन्छिने गरेका छन् ।

भन्सार कार्यालय पशुपतिनगरका निमित्त प्रमुख चिरञ्जीवी कोइरालाले भने, "भन्सारको बाटो भएर त एक थोपो विषादी पनि इलाम भित्रिएको छैन । लुकिछिपी आउँदो होला । हामीसँग जनशक्ति छैन, कसरी चेक गर्नु ।" कोइराला भन्छन्, "विषादी नियन्त्रण गर्ने दायित्व भन्सारकै हो । तर नाकामा बसेका प्रहरीले सहयोग नगरे हाम्रो केही लाग्दैन ।"

इलामको विषादी भित्रिने मुख्य मार्गमा नेपाल प्रहरी र फिक्कलमा सशस्त्र प्रहरीका चौकी छन्। तर, प्रहरीले अहिलेसम्म विषादी ओसारपसारमा संलग्नलाई पक्राउ गरेको छैन्।

मेची भन्सार कार्यालय झापाबाट चाहिं विषादीहरू निर्वाध भित्रिएको देखिन्छ । भन्सार प्रमुख मुक्तिप्रसाद पाण्डे भन्छन्, "प्रतिबन्धित सूची बाहिरका विषादी भित्र्याउन दिइन्छ ।" झापा भन्सारले सबै विषादीलाई 'कीटनाशक' भनेर भित्र्याउने गरेको छ ।

यस भन्सारबाट गत वर्ष १९ हजार ९१ किलो विषादी भित्रिएको रेकर्ड छ । नियम अनुसार, विषादी भित्र्याउँदा विशेषज्ञको राय लिनुपर्छ । भन्सार प्रमुख पाण्डेले प्रष्ट भने– विशेषज्ञको राय लिने गरिएको छैन ।

इलाम भित्रिने विषादीहरू चिया, तरकारी, अलैंची र अदुवा जस्ता नगदेबालीमा प्रयोग हुन्छन् । इलामको तरकारी, चिया, अदुवा र अलैंची स्वदेश र विदेशमा समेत निर्यात हुन्छन् ।

पशुपति भन्सार कार्यालयको रेकर्डले इलामलाई विषादी मुक्त जिल्ला देखाउँछ। भन्सारमार्फत एक थोपो विषादी पनि भित्रिएको छैन । अर्को सरकारी निकाय जिल्ला कृषि विकास कार्यालय इलामले गत वर्ष कीटनाशक झोल विषादी ८८६ लिटर, धूलो विषादी १०० किलो तथा ढुसीनाशक विषादी ४८१ किलो प्रयोग भएको देखाउँछ । तर इलामका खेतबारी, गल्ली, गल्छेंडामा समेत विषादीका प्याकेट र सिसीहरू भेटिन्छन् ।

## विषादीको कारोबार

विषादी व्यवस्थापन विभागले ५५ वटा कम्पनीलाई विषादी आयात गर्न स्वीकृति दिएको छ । यिनले वार्षिक ६ देखि ८ लाख किलोग्राम विषादी आयात गर्छन् । जसको कारोबार वार्षिक रु.२ अर्बभन्दा बढीको छ। यस व्यापारमा ३० देखि ५० प्रतिशतसम्म नाफा हुन्छ।

नेपालमा मिथेन, पाराथिएन, मोनोक्रोटोफस, सुफोक्स, क्लोराइड, डीडीटी, एनड्रीन, हेक्टाक्लोर, मिरेक्स, टेक्साफेन, बीएचसी, लिन्डेन र अर्गानोमर्करी फन्जीसाइड्सहरू प्रतिबन्धित भए पनि स्थानीय बजारमा चलिरहेका छन् । इलामका किसानहरू भन्छन्– ती ‘दवाइहरू’ त प्रशस्तै पाइन्छन् । भन्सार छलेर आउँछन् ।

विषादी वितरणका लागि सरकारले एग्रोभेट खोल्न अनुमति दिएको छ । तर अनुगमन हुँदैन । यसैकारण एग्रोभेट सञ्चालकहरूले प्रतिबन्धित विषादीको व्यापार पनि गरिरहेका छन् । यिनको कारोबार झन् ठूलो छ ।

इलाम जिल्लामा ६० वटा एग्रोभेट दर्ता छन् । फिक्कलमा ११ वटा, इलाम नपामा ८ वटा, दानाबारीमा ५ वटा, माइपोखरी, पशुपतिनगर, साँखेजुङ र चुलाचुलीमा ४/४ वटा, लक्ष्मीपुर, जीतपुर र कन्याममा ३/३ वटा छन् । दुर्गम क्षेत्रहरू शान्तिडाँडा, नयाँबजार, चमैता, पंचकन्या, लुम्दे, इरौटार, राँके, कोल्बुङ, श्रीअन्तु, एकतप्पा र मंगलबारेमा पनि १/१ वटा एग्रोभेट छन् । यिनले गाउँको भित्री तहसम्म विषादी पुर्‍याउँछन् ।

जिल्ला कृषि विकास कार्यालय इलामका बाली संरक्षण अधिकृत तथा विषादी निरीक्षक बुद्धिराम भट्टराई भन्छन्, “जिल्लामा विषादीको प्रयोग बढेकै छ ।” फिक्कलका एक किसानले आक्रोश पोखे, “यहाँ त गाडी भरेर विषादी ल्याइन्छ । लौ ! खतरनाक विषादी आयो, पक्रनु पर्‍यो भनेर विन्ती गर्दा फिक्कलको कृषि सेवा केन्द्रका कर्मचारी सुनेको नसुन्यै गर्छन् । विषादीले गाउँ नै छोपिसक्यो ।”

## कर छली

इलामका ६० मध्ये ३० वटा एग्रोभेटले विषादीको कारोबार 'ठूलो स्तरमा' गर्ने गरेको जिल्ला कृषि विकास कार्यालयका बाली संरक्षण इकाइका प्राविधिक सहायक शत्रुघ्न यादव बताउँछन् । उनका अनुसार फिक्कलको शाह एग्रोभेट, यमुना एग्रोभेट, कन्यामको बराल एग्रोभेट, सदरमुकामको न्यू कृषि बीज भण्डारले सबैभन्दा बढी कारोबार गर्छन् । यादवले दर्ता भएका मध्ये ३० वटाले वार्षिक २० लाखसम्म कारोबार गर्ने गरेको अनुमान गरे । विषादीको कारोबार गर्ने पसलहरूले कारोबारको विवरणको लेखा परीक्षण कतै बुझाउनु नपर्ने भएकाले यो वास्तविक विवरणमा दिन सकिने अवस्था नरहेको यादवले बताए । करदाता सेवा कार्यालय इलामका प्रमुख खगेन्द्र दाहाल निजी उद्यमीले लेखा परीक्षण प्रतिवेदन बुझाउनु नपर्ने हुनाले कर छलीको आकलन गर्न नसकिने बताए ।

## विषको भण्डार

कृषि मन्त्रालय, बाली संरक्षण निर्देशनालयका कार्यक्रम निर्देशक डिल्लीराम शर्माले २०७० मंसीर १८ मा एक विज्ञप्ति जारी गरेर नेपालमा १५ वटा प्रतिबन्धित विषादी प्रयोग भएकोमा चिन्ता प्रकट गरेका छन् ।

विज्ञप्ति अनुसार, नेपालमा मोनोक्रोटोफस, मिथायल पाराथियन, इन्डोसल्फाइन, मेटासीड लगायतका १५ वटा प्रतिबन्धित छन् तर प्रयोगमा देखिएका छन् । शर्मा भन्छन्– यो खतरनाक विषादी ठूलो मात्रामा रहेकोले दुई वर्षभित्र भण्डार खाली गर्न व्यापारीलाई समय दिइएको छ । देशभर आयातीतमध्ये ८५ प्रतिशत बढी विषादी तरकारी बालीमा मात्र प्रयोग भएको छ ।

निर्देशक शर्माका अनुसार, गत वर्ष ३४५ टन विषादी नेपाल भित्रियो । जसमा कीटनाशक, रोगनाशक, झारनाशक र अन्य विषादी पर्छन् ।

## 'रेडलेवल' मोह

फिक्कलका एक व्यापारीले भने– "चियाको सिजन आएपछि इलामका कपडा पसलमा पनि विषादी पाइन्छ । इलाम, फिक्कल र हर्कटेमा मोनोक्रोटोफस पनि बेचिन्छ ।" स्थानीय किसान भन्छन्– "धेरै खेती हुनेलाई 'रेडलेवल' नै चाहिन्छ । त्यो चाहिं ठूला व्यापारीहरूले ल्याउँछन् ।"

किसानहरू 'प्रतिबन्धित विषादी' चिन्दैनन् । उनीहरू 'कडा दवाई' भनेर अति खतरनाक 'रेडलेवल' विषादी चलाउँछन् । कन्याम-३ का किसान पदम गिरीले भने– "चियामा रोग बढेपछि के गर्ने ? मोनोक्रोटोफस नल्याई सुखै भएन । त्यो कडा छ ।"

उनले जानकारी दिए– "कडा दवाई घोडा र गाडी चढेर इलाम आउँछन् । ठूला व्यापारीले ल्याउँछन् । त्यसमा नाफा पनि धेरै छ । साना व्यापारीले हातै हाल्न सक्तैनन् ।"

भारतको पानीट्याङ्की र सिलगुडीको बाटो भएर इलामको सीमासम्म भारतीयहरूले नै विषादी ल्याइदिन्छन् । नेपालको सीमा क्षेत्रसम्म नेपाली व्यापारीको घोडा र साना गाडी

पुग्छन् । त्यही घोडा र गाडीमा चढेर विषादी इलाम आइपुग्छ । तर कसैले चेकजाँच गर्दैनन् ।

किसानहरू भन्छन्– "वेमौसमी तरकारी र चियालाई थोरै विषादीले पुग्दैन। गोलभेंडाको लागि ढुसीनाशक पनि चाहिन्छ।" व्यापारीहरू पनि टमाटरलाई 'रेडलेवल' चाहिने भएकोले यसको माग बढ्दै गएको अनुभव सुनाउँछन् ।

जिल्ला कृषि विकास कार्यालय इलामका बाली संरक्षण अधिकृत बुद्धि भट्टराई भन्छन्– "नेपालमा क्लोरोडेन, डीडीटी, डाइअल्ड्रिन, इन्डिन, अल्ड्रिन, हेप्टाक्लोर, मिरेक्स, टोक्साफेन, बीएचसी, लिन्डेन, फस्मामिडन, मिथायल पाराथाइन, अर्गेनोमर्करी क्लोराइड, मोनोक्रोटोफस, इन्डोसल्फाइन आदि प्रयोगमा छन् ।"

## मर्दैछन् इलामेहरू



स्व.लावण्य सुब्बा (लाप्चा)

**पञ्चकन्या–२** का लावण्य सुब्बा (लाप्चा) लाई ४५ वर्षको उमेरमा 'लिभर क्यान्सर' भयो। वैशाख २०६९ मा काठमाडौंको ओम अस्पतालले रोगको पहिचान गरेको ६ महीनामै उनको मृत्यु भयो। सुब्बाका परिवार भन्छन्– उनलाई खान मन नलाग्ने, हातखुट्टा गल्ने समस्या थियो । त्यो विषादीबाट हुने लक्षण रहेछ । रोगको पहिचान हुँदासम्म अवस्था गम्भीर भैसकेको थियो । २५ लाख खर्च भयो । बचाउन सकिएन ।

कन्याम–८ का केशव पौड्याल, कन्याम–९ की होमकुमारी कटुवाल पनि क्यान्सर रोगले बिते । पौडेललाई बोनम्यारो क्यान्सर र कटुवाललाई स्तन क्यान्सर भएको थियो । आइतबारेका मदनदास, क्यान्सर रोग लागेको पहिचान भएको दुई महीना पनि बाँच्न पाएनन्। लुगा सिउने पेशा गर्ने दासले उपचार गराउन सकेनन्। पञ्चकन्या–१ की कुमारी राई, पञ्चकन्या ३ की दिलमाया राई र पञ्चकन्या तीनघरे बजारका व्यापारी विष्णु प्रधान पनि क्यान्सरकै कारणले यसै वर्ष मरे ।


जिल्ला जनस्वाथ्य कार्यालय इलामका अनुसार, २०६९/७० मा इलामका २६ जनालाई क्यान्सर रोग देखियो । यो वर्षको साउनदेखि पुस २२ गतेसम्म थप १८ जनामा क्यान्सर देखिएको छ ।

पञ्चकन्या–४ की विष्णु भण्डारी क्यान्सरको उपचार गराइरहेकी छन् । पञ्चकन्या–४ का धनबहादुर आचार्य तीन वर्षदेखि मुखको क्यान्सरले थलिएका छन्। आचार्यले दु:खेसो गरे- "भरतपुर क्यान्सर अस्पतालमा ६ महीना उपचार गराउँदा पाँच लाख सकियो । वर्षको पचास हजारको ओखती लाग्छ । अब त झिटी पनि सकियो, जीवन पनि सकिन लाग्यो ।"

इलाममा मोनोक्रोटोफस र यसकै ट्रेडमार्क अन्तर्गतको सुफोक्स र लुफोक्स पनि बेचिन्छ । जिल्ला कृषि विकास कार्यालयले गत वर्ष एग्रोभेट अनुगमन गर्दा कन्याम र हर्कटेको पसलमा यस्ता विषादी भेटेको थियो। तर कसैलाई केही कारबाही भएन। त्यसपछि अनुगमन नै गरेको छैन ।

एक एग्रोभेट सञ्चालक भन्छन्, "बिहानै झोलामा विषादी हालेर गाउँ छिऱ्यो, साँझ नोट बोक्यो, फर्कियो। चियाको सिजन शुरू भएपछि, वैशाख–जेठमा त मोनोको व्यापार

## मोनोक्रोटोफस




**Dimethyl *(E)*-1-methyl-2-(methylcarbamoyl)vinyl phosphate**

**मोनोक्रोटोफस**, अर्गानोफोस्फट जस्तो खतरनाक तत्वले बनेको कीटनाशक विषादी हो। सन् १९६५ मा नेपालमा दर्ता पाएको यो विषादी आलु र गोलभेंडामा बढी प्रयोग हुन्छ । सस्तो हुनाले आत्महत्या गर्नेले पनि यसै विषादीको प्रयोग गरेको पाइएको छ। बिहारको सारण जिल्लामा दिउँसोको खाजा कार्यक्रम अन्तर्गत स्कूलमा दिइएको खाजा खाँदा २३ विद्यार्थीको एकैसाथ मृत्यु भएको थियो । परीक्षणपछि खाजाको लागि ल्याइएको अन्नमा मोनोक्रोटोफसको मात्रा अत्यधिक पाइएको थियो। यस विषादीले रगत र मुटुमा सोझै असर गर्दछ। त्यसैले यस विषादीलाई जीवका लागि अत्यधिक हानिकारक मानिएको छ। यो क्यान्सरको कारक पनि हो।

यस विषादीमाथि प्रतिबन्ध लगाउन संयुक्त राष्ट्रसंघको स्वास्थ्य एकाइले सन् २००९ मा विश्वभरिका देशहरूलाई सचेत गराएको थियो। नेपाललगायत ४६ देशले प्रतिबन्ध लगाइसकेका छन्। तर भारतले प्रतिबन्ध लगाएको छैन। विश्व स्वास्थ्य संगठनले सन् २००९ को रिपोर्टमा भनेको छ– भारतमा मानव स्वास्थ्यको लागि सबैभन्दा ठूलो चुनौती मोनोक्रोटोफसले ल्याएको छ। मोनोक्रोटोफसले दैहिक मृत्यु गराउँछ।

चिया तथा कफी विकास बोर्डका पूर्व प्रमुख इशुशंकर श्रेष्ठ भन्छन्, "नेपालमा यसको प्रयोग करीब २० वर्षअघिदेखि चिया खेतीमा हुन थालेको हो। अहिले पनि चियामा यसको प्रयोग उच्च छ।" उनले चिन्ता देखाए, "नियमनकारी निकायले कामै नगरेकाले समस्या आएको हो।"

सुफोक्स, लुफोक्स, एजोड्रिन, मनोक्रोन, क्रोटोस, बिलोब्रिन, क्रिसोड्रिन, ग्लोरफोस ३६, मोनोसिल, मोर–फोस, प्लाण्टड्रिन, सुसभिन, मोनोक्रोटोफस ६० डब्ल्यूएस, हारक्रोस नुवाक्रोन ६०० एससीडब्ल्यू, रेड स्टार मोनोक्रोटोफस, मोनोक्रोन आदि नाममा बेचिन्छ ।

चम्कन्छ । चियामा रोग लागेपछि किसानहरू मोनो, सुफोक्स र लुफोक्स माग्न आफैं आउँछन् ।"

सरकारी तथ्याङ्कमा भने इलाममा तीन वर्षदेखि कीटनाशक धूलो विषादीको खपत 'अत्यन्त न्यून' देखाइएको छ ।

| **विषादीको नाम** | २०६७/६८ | २०६८/६९ | २०६९/७० |
|---|---|---|---|
| कीटनाशक झोल | ८२१ लीटर | ९८१ लीटर | ८८६ लीटर |
| कीटनाशक धूलो | १०० केजी | १०० केजी | १०० केजी |
| ढुसीनाशक | ८५५ केजी | ८०५ केजी | ४८१ केजी |

**इलाममा विषादी खपत : जिल्ला कृषि विकास कार्यालय, इलाम**

## मोनोक्रोटोफसको जगजगी

इलाममा चल्तीको विषादी हो- नेपालसहित विश्वका ४६ देशले प्रतिबन्ध लगाएको मोनोक्रोटोफस। किसानहरू भन्छन्, "मोनो धेरै राम्रो छ।" व्यापारीहरू पनि मोनोको माग धेरै छ भन्छन्। तर, मोनोको घातक प्रभावका बारेमा भने व्यापारी र किसान बेखबर छन्।

पञ्चकन्या जनहित कृषि सहकारी संस्थाका अध्यक्ष गोपाल भट्टराईले भने– "इलामका साना ठूला सबै चियाबारीमा सुफोक्स प्रयोग हुन्छ।" सुफोक्स नामक विषादी मोनोक्रोटोफसकै व्यापारिक नाम हो। चियामा लाग्ने कीरा नियन्त्रण गर्न यसको प्रयोग गरिन्छ ।

फिक्कल-३ का किसान कृष्णप्रसाद ढुङ्गाना भन्छन्, "सुफोक्स हालेपछि चियाको मुना बढ्छ । यो विषादी होइन, 'दवाई' हो ।" उनले थपे, "यो दवाई गोप्य गरेर लिनुपर्छ । सुफोक्स धेरै चाहिन्छ। यसको व्यापार ठूलो छ ।"

## खतराको विस्तार

इलाममा कार्यरत कृषि विज्ञ योगेन्द्रमान श्रेष्ठ भन्छन्, "अति खतरनाक भनी रातो लेवल लागेका विषादी इलाममा प्रयोगमा छन् । कृषि प्राविधिकहरूले नै रातो लेवल लागेका विषादीहरू प्रयोग गर्न सिफारिस गर्छन् । यस्ता विषादीहरू तरकारी र खाद्यान्न बालीमा प्रयोग गरिएमा मानिस र पशुपक्षीहरूको स्वास्थ्य ठूलो जोखिममा पर्छ ।"

झापाका विषादी निरीक्षक राजेन्द्र खरेलले भने, "विषादीको व्यापक दुरुपयोग छ।" नेपाल आएर ठेक्कामा खेती गर्ने भारतीयहरूले खतरनाक भनिएका 'रेडलेबल' विषादी प्रयोग गर्छन्। यस्ता विषादी हालेपछि ९० दिनसम्म तरकारी खानुहुँदैन, तर तिनले तुरुन्तै बजारमा पुऱ्याउँछन् । खरेलले भने, "कन्यामका पाँच जना क्यान्सर रोग लागेर मरे । किनभने कन्याममा सबैभन्दा बढी खतरनाक विषादी प्रयोग भैरहेको छ ।"

वातावरणको क्षेत्रमा कार्यरत सिमएन आयोजनाले तीन वर्षअघि गरेको एक अध्ययनमा कन्यामको पानी, माटो र चियामा हानिकारक विषादीको मात्रा 'खतरनाक स्तरमा' फेला

परेको रिपोर्ट दिएको थियो । कन्यामका ३० स्थानबाट चिया, माटो र पानीको नमूना सङ्कलन गरेर गरिएको त्यस अनुसन्धानमा मोनोक्रोटोफस, साइपरमेथ्रिन, डीडीटी, २-४ डी, फेनभेलारेट, हेप्टक्लोर, पाराथियन जस्ता 'कार्सिनोजेनिक' विषादीको मात्रा फेला परेको थियो । सिमएनको प्रतिवेदन अनुसार, कन्याममा अर्गानोक्लोरिन, अर्गानोफोस्फरस, कार्बोमेट र कीटनाशक, ढुसीनाशकदेखि मुसानाशक विषादीसम्मको प्रयोग छ । प्रतिवेदनमा प्रष्ट भनिएको छ- 'इन्डोसल्फाइन, मोनोक्रोटोफस, साइपरमेथ्रिन र कार्बोराइल समूहका विषादीको प्रयोग व्यापक हुनाले क्यान्सरको खतरा बढ्दै गएको छ ।'

## आत्महत्या पनि...

२०७० भदौ ७ गते इलामको चिसापानी–७ का पुष्पलाल दर्नाल (२७ वर्ष) ले चियाको बोटमा छर्कने सुपरकिलर विषादी सेवन गरेर आत्महत्या गरे । यस वर्ष इलाममा विषादी सेवन गरेर आत्महत्या गर्नेको संख्या ८ पुगिसकेको छ ।

आत्महत्या गर्नेका लागि तरकारी र चियामा प्रयोग हुने विषादी सजिलो उपाय बनेको जिल्ला प्रहरी कार्यालयको विश्लेषण छ । भदौ १५ गते महमाई–५ की पवित्रा मगर (३३ वर्ष) ले इन्डोसील पिएर आत्महत्या गरिन् । चुलाचुली–१ का चन्द्रबहादुर राईले रोफोरिन विषादी खाएर आत्महत्या गरे ।

पोहोरको वर्ष, विषादी सेवन गरेर आत्महत्या गर्ने ८ जना थिए । त्यसअघि ७ जना । प्रहरीको रेकर्डमा, आत्महत्या गर्नेले प्रतिबन्धित मेटासीड, थायोडिन र अन्य विषादी सेवन गरेको उल्लेख छ ।

### **धनबहादुर आचार्य,** पञ्चकन्या-४



**इलामको** कन्याम, पञ्चकन्या, फिक्कल र वरपरका गाउँमा क्यान्सरका रोगी बढ्ने क्रम रहेको इलाम जनस्वास्थ्य केन्द्रको तथ्याङ्कले देखाएको छ ।

विषादीको कारण बोनम्यारोमा क्यान्सर, स्तन क्यान्सर, ब्रेन ट्यूमर, छालाको क्यान्सर, ओठको क्यान्सर, श्वास नलीको क्यान्सर, पेटको क्यान्सर, मूत्रनलीको क्यान्सर आदि हुन्छ । विषादीको प्रभावले मिर्गौला र मुटुमा पनि खतरनाक रोग लाग्छ । गत वर्ष इलाममा मिर्गौलाका २१, मुटुका २३ र बोन म्यारोका १ रोगी थिए । यस वर्षको ६ महीना भित्रै मिर्गौलाका ६, मुटुका ७ र ब्रेन ट्युमरका १ थपिएका छन् ।

खासगरी डीडीटी, मेन्कोजेव, क्याप्टान, पाइरेथ्रिन, फर्मलडिहाइड, ट्राइक्लोरफान लगायतका विषादीलाई विज्ञहरूले क्यान्सरको कारक मानेका छन् ।

# चियाबारीमा मनपरी

**त्रिवेणी** ग्रुप अफ कम्पनीले इलाम चिया विकास निगम अन्तर्गतका चिलिमकोट, कन्याम र इलाममा रहेका तीन वटा बगानहरू सञ्चालन गरेको छ । यी चियाबगानहरू शक्तिशाली व्यापारिक घराना सांघाई परिवारले चलाएको हो ।

चिलिमकोट चिया बगानका प्रबन्धक कमल सेखावत भन्छन्– चियाबारीमा झार मार्ने विषादीको प्रयोग गरिन्छ । स्थानीयले बगानको मुहानबाट खानेपानी लगेको हुनाले त्यसको असर देखिएको गुनासो आएको छ । अहिले पानीको मुहान नजिक विषादी छरिएको छैन ।

यस बगानमा '२-४ डी' नामक झार मार्ने विषादीको प्रयोग हुने गरेको छ । इलामका निजी चिया बगानमा पनि यही विषादी प्रयोग गर्ने गरेको पाइन्छ । फिक्कल-६ का लक्ष्मण प्रधानका अनुसार चिया किसानले वर्षमा एकपटक झार मार्ने विषादीको प्रयोग गर्ने गरेका छन् । यी विषादी प्रतिबन्धित हैनन्, तर क्यान्सर रोगको कारक हुन् ।

दानाबारीको चिलिमकोट चिया कमानमा अत्यधिक विषादी प्रयोग गरेका कारण स्थानीय बासिन्दालाई हातखुट्टामा खटिरा आउने र छाला चिलाउने रोगले ग्रस्त पारेको छ । दानाबारी क्षेत्रको पानी उपभोक्ता र खासगरी दानाबारीको १, २, ५ र ७ नम्बर वडामा यो समस्या व्यापक छ । स्थानीय शिक्षक गोपाल घिमिरेका अनुसार, दानाबारीको पानीमा विषादीको रासायनिक गन्ध आउँछ ।

झार मार्ने विषादीले छाला चिलाउने रोग र विभिन्न प्रकारको खटिरा र क्यान्सर समेत उत्पन्न गराउँछ । अमेरिकाको मिसौरी विश्वविद्यालयको अध्ययन अनुसार–झार मार्ने विषादीले प्रोस्टेट क्यान्सर, घाँटीको क्यान्सर, स्नायु प्रणालीमा घाउ हुने र बालबालिकाको रगतमा नराम्रा असर उत्पन्न गर्दछ ।

शिक्षक गोपाल घिमिरेले भने, "हाम्रा विद्यार्थी संकटमा छन् । पटक पटक अनुरोध गर्दा पनि उद्योगले टेरेन । सिडिओ र एलडिओलाई गुहार लगायौं, तर सुनिदिएनन् ।"


कन्याममा विषादीको प्रयोग हुँदै ।



फिक्कलमा चियाको औषधि भनेर विषादी बेच्ने पसल।

## तमासे सरकारी निकाय

नेपालमा विषादीको दुरुपयोग नियन्त्रणका लागि जिल्ला प्रशासन, प्रहरी र कृषि कार्यालय, विषादी व्यवस्थापन समिति आदि क्रियाशील छन्। तर औपचारिकतामा सीमित छन्। यिनले विषादीबारे बैठक र छलफल पनि गर्दैनन्।

विषादी नियन्त्रणको अधिकार र जिम्मेवारी लिएको बाली संरक्षण निर्देशनालयले प्रभावकारी काम नगरेकै कारण हानिकारक विषादीको प्रयोग बढेको कुरा चिया सहकारी केन्द्रीय संघका अध्यक्ष गोविन्द दाहालको गुनासो छ। तर निर्देशनालयका निर्देशक शर्मा चाहिं सबै दोष खुल्ला सिमानामाथि थोपर्छन्। भन्छन्– खुला सिमाना रहेसम्म समस्या रहन्छ।

झापाका किसान महेश तिम्सिना भन्छन्– "विषादी त कडा कडा आउँछन्। कसैले खोधखोज, चेक जाँच गर्दैन।" विषादी व्यवस्था विभागका विषादी निरीक्षक वासुदेव शर्मा

## नियन्त्रण गर्न गाह्रो छ



**–बुद्धिराम भट्टराई,** विषादी निरीक्षक, इलाम

बाली संरक्षण अधिकृत तथा विषादी निरीक्षक बुद्धिराम भट्टराई जीवनाशक विषादी ऐन, २०४८ र नियमावली २०५० लाई विषादी र तस्कर नियन्त्रण गर्न नसक्ने 'दाह्रा नङ्ग्राविनाको बाघ' भन्छन्।

**इलाममा कस्ता विषादी प्रयोगमा छन् ?**

चियामा प्रतिबन्धित विषादीमध्ये घातक मोनोक्रोटोफस पाइएको थियो। अन्य घातक विषादीको अवशेष पानीका स्रोत र माटोमा समेत पाइएको छ। पूर्वी क्षेत्रमा अत्यधिक विषादी प्रयोग हुने गर्छ। यहाँ विषादीको प्रयोग गर्ने कृषकहरू धेरै छन्। तर एग्रोभेटहरूमा प्रतिबन्धित विषादी भेटिएको छैन।

**नियमनकारी निकाय किन फितलो ?**

जिल्लामा विषादी निरीक्षकको सुरक्षाको ग्यारेण्टी छैन। निरीक्षणको क्रममा फेला परेका प्रतिबन्धित विषादी वा समय गुज्रेका विषादीको डिस्पोजल गर्ने वैज्ञानिक यन्त्र नेपालमा छैन।

**लाइसेन्सवाला एग्रोभेटलाई त नियन्त्रण गर्न सकिन्छ होला नि ?**

राजनीतिक दलका आड पाएका ठूला तस्करहरूले यो काम गरेका छन्। त्यसैले नियन्त्रण गर्न कठिन भएको छ। उपयोग गर्ने कृषकमा चेतनाको अभाव छ।

**छापा मार्न सकिंदैन ?**

ऐन र नियमावली कमजोर र निरीह छ।

## विषादीबाट हुने असर

**रासायनिक** विषादीले शत्रुजीवलाई मात्र होइन, प्राकृतिक सन्तुलन ल्याउने मित्रजीवहरू, परागसेचन गर्ने मौरी, पुतली, रेशम कीरा, खपटेकीरा, कुमालकोटी, माकुरा, चराचरुङ्गी, गड्यौला, माछा, भ्यागुता, सर्प, छेपारोलगायतका परजीवी कीराहरू, शिकारी कीराहरू र शिकारी सुलसुले आदिको पनि विनाश गर्दछ।

यसले मानिस र पशुपक्षीको स्वास्थ्यमा हानि गर्छ। जैविक स्रोतको क्षय गरी अनुवांशिक ह्रास गराउँछ। नदी-नाला, भूमिगत जल भण्डार, वायु र माटो प्रदूषण गर्छ। शत्रुजीवहरूमा प्रतिरोधात्मक शक्तिको विकास गरेर फैलन मद्दत गर्छ। लाई कीराका प्राकृतिक शत्रुहरू जस्तै: थोप्ले खपटेकीरा (Lady bird beetles), सिर्फिड झिंगाका लाभ्रेहरू (Syrphidfly larvae) को संख्या घटाइदिन्छ। फलत: हानिकारक जीवको संख्या बढ्छ। प्रयोग भएका विषादी अन्तत: माटो र पानीमा नै जाने हुँदा प्राङ्गारिक पदार्थहरूलाई सडाउने माटोमा उपलब्ध मित्रजीवलाई नष्ट गरिदिन्छ। माटो खुकुलो पार्ने आदि जीवाणुको काम निष्क्रिय हुन गई माटोको उर्वराशक्ति घटाइदिन्छ।

सन् २००७ मा विश्व स्वास्थ्य संघले गरेको एक सर्वेक्षण प्रतिवेदनमा भनिएको छ– विषादीको प्रभावबाट भारतमा ७६ हजार मानिसको मृत्यु भइसकेको छ।

बाली संरक्षण निर्देशनालयले जनाए अनुसार, नेपालमा १२१ प्रकारका विषादी दर्ता भई प्रयोगमा आएका छन्। तिनमा व्यापारिक नाममा १३३१ विषादी बेचिन्छन्। नेपालमा आउने विषादीमध्ये ८० प्रतिशत अंश भारतबाट आयात गरिन्छ।

भन्छन्– 'झोले व्यापारी'हरू समस्या भएका छन्। शर्माले गत वर्ष इलाम र झापाका एग्रोभेटको अनुगमन गरेका थिए। तर विषादी 'फेला पार्न सकिएन' भनेर पन्छिए।

जीवनाशक विषादी ऐन, २०४८ मा 'नेपाल सरकारले सूचीकृत गरेको विषादी बाहेक अन्य विषादी आयात, निर्यात, उत्पादन, प्रयोग वा किनबेच गर्न पाइने छैन' भनिएको छ। तर प्रहरीहरू यस ऐनबारे 'केही थाहा छैन' भन्छन्।

इलामका डीएसपी भीमबहादुर दाहालले "विषादीबारे मलाई केही थाहा छैन। अब बुझ्नुपर्ला" भने। नेपालमा जीवनाशक विषादी ऐन, २०४८ छ भन्ने जानकारी गराउँदा उनले भने– "अब पढ्छु।"

सशस्त्र प्रहरी बलका डीएसपी किरण बस्नेतले भने- "विषादीको बारेमा भन्सारले हामीलाई कुनै जानकारी दिएको छैन। सहयोग पनि मागेको छैन।"

प्रचलित ऐनले स्थानीयस्तरमा विषादी नियन्त्रण गर्ने जिम्मा जिल्ला कृषि विकास कार्यालयलाई दिएको छ। तर यसले अनुगमन गरेको छैन। विषादी व्यवस्थापन समन्वय

समितिका अध्यक्ष तथा वरिष्ठ कृषि विकास अधिकृत प्रकाश डाँगी, 'किसानलाई धेरै विषादी प्रयोग नगर्नु भनेर सम्झाउँछु, तर कोही टेर्दैनन्' भनेर टार्छन् ।

जिल्ला कृषि विकास कार्यालयका वरिष्ठ कृषि विकास अधिकृत चाहिं 'सचेतना जगाउने काम गरिरहेको' बताउँछन् । विषादी निरीक्षकलाई ऐन विपरीत काम गर्ने उपर मुद्दा चलाउने र रु.५ हजारसम्म जरिवाना गर्ने अधिकार छ । तरकारी र चियाबारीमा खुलेआम विषादी प्रयोग भैरहेको दुनियाँले देख्छन्, तर विषादी निरीक्षकहरूले कुनै 'सबूत फेला पार्न' सकेका छैनन् ।

बाली संरक्षण निर्देशनालयका निर्देशक डिल्लीराम शर्मा भने कानून परिमार्जन नगरेसम्म विषादी नियन्त्रण नहुने बताउँछन् । सरकारको निर्णय पालना गरे पुग्नेमा उनी थप नियम-कानूनको खोजी गर्दैछन् । अहिले कानून होइन, विषालु खेल रोक्ने समय आइसकेको छ ।

(२०७० **चैत ३, ११ र १७ गतेको *कारोबार* दैनिकमा प्रकाशित**)

**खोज पत्रकारिता केन्द्र**

पो.ब.नं. २४८४६, जावलाखेल, ललितपुर, नेपाल
फोनः ५५३१४३४
इमेलः mail@cijnepal.org
www.cijnepal.org.np

9 789937 290975